# यातायात क्षेत्रसँग सम्बन्धित कानून तथा परिपत्रहरूको सँगालो

## २०८३

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**यातायात व्यवस्था विभाग**
मीनभवन, काठमाडौं।

**सम्पादक**

सँगालो संकलन, तयारी तथा प्रकाशन समिति

**प्रकाशन मिति**

२०८३ आषाढ

**प्रकाशक**

यातायात व्यवस्था विभाग

मीनभवन, काठमाडौं

इमेल info@dotm.gov.np

वेबसाइट : www.dotm.gov.np

फोन नं.: ०१-४५७४९२१, ०४-४५७४९२२

## प्राक्कथन

नेपालको यातायात क्षेत्रलाई व्यवस्थित, सुरक्षित, भरपर्दो र प्रविधिमैत्री बनाउने दायित्व बोकेको यातायात व्यवस्था विभागले विभिन्न नीति, ऐन, नियम, कार्यविधि तथा समय-समयमा जारी गरिएका परिपत्रहरूलाई दैनिक कार्यसम्पादनको प्रमुख आधारको रुपमा प्रयोग गर्दै आएको छ। हालसम्म यी महत्त्वपूर्ण दस्तावेजहरू विभिन्न स्थानमा छरिएर रहँदा सेवाप्रवाह गर्न, कार्यसम्पादनलाई छरितो तुल्याउन, नीतिगत निर्णय लिन र कार्यान्वयनमा एकरूपता कायम गर्न केही हदसम्म कठिनाई भएको छ । साथै २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा कायम रहेका कार्यविधि, निर्देशिका, मापदण्ड एवं विभागबाट जारी गरिएका परिपत्रहरू जली नष्ट भएका कारण कार्यसम्पादनमा थप जटिलता उत्पन्न भएको अवस्था विद्यमान छ।

यही आवश्यकतालाई मध्यनजर गर्दै, विभागले आफ्नो कार्यसम्पादनलाई थप चुस्त, पारदर्शी र प्रभावकारी बनाउने र मातहतका सवारी परीक्षण कार्यालय र प्रदेशमातहतका यातायात व्यवस्था कार्यालयहरुलाई पनि कार्यसम्पादनमा थप सहजता ल्याउने उद्देश्यले सवारी तथा यातायात क्षेत्रसँग सम्बन्धित नीतिगत व्यवस्था, कानून र परिपत्रहरूलाई एकै पुस्तकमा समेटी यस 'सवारी तथा यातायात क्षेत्रसँग सम्बन्धित कानून तथा परिपत्रको सङ्गालो २०८३' प्रकाशनमा ल्याइएको छ। यस सङ्गालोको मुख्य उद्देश्य विभागका कर्मचारीहरू, सरोकारवाला निकायहरू तथा सेवाग्राहीहरूलाई आवश्यक पर्ने कानूनी आधार र मार्गदर्शनहरू एकै थलोबाट सहज रूपमा उपलब्ध गराउनु रहेको छ।

कानूनी दस्तावेजहरू समयसापेक्ष रूपमा परिमार्जन हुँदै जाने र थप निर्देशनहरू जारी हुने क्रम निरन्तर रहने हुनाले, यस सङ्गालोमा समेटिएका कतिपय विषयवस्तुहरूमा भविष्यमा थप सुधार वा अद्यावधिक गर्नुपर्ने आवश्यकता हुन सक्छ। यस प्रकाशनमा

कुनै त्रुटि वा अस्पष्टता देखिएको खण्डमा प्राप्त सुझाव र प्रतिक्रियाहरूको आधारमा आगामी दिनहरूमा यसलाई थप परिमार्जित, त्रुटिरहित र अद्यावधिक गर्दै लगिनेछ।

यस एकीकृत सङ्गालोले नीतिगत अस्पष्टतालाई चिर्दै यातायात व्यवस्थापनको क्षेत्रमा एकरूपता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास विभागले लिएको छ। यस दस्तावेजको अध्ययन तथा प्रयोगबाट विभाग र सम्बन्धित निकायहरूको कार्यक्षमतामा अभिवृद्धि हुने र सेवा प्रवाहमा थप सहजता आउने कुरामा हामी विश्वस्त छौं।

अन्त्यमा, यो सङ्गालो तयार पार्न खटिनुहुने सम्पूर्ण शाखा तथा कर्मचारी मित्रहरूलाई धन्यवाद व्यक्त गर्दछु।

राजिव पोखरेल

महानिर्देशक

२०८२ आषाढ

## सम्पादकीय

सवारी तथा यातायात क्षेत्रसँग सम्बन्धित छरिएर रहेका मौजुदा नीति, कानून तथा परिपत्रहरु एकीकृत गरी संगालोका रुपमा यस 'सवारी तथा यातायात क्षेत्रसँग सम्बन्धित कानून तथा परिपत्रको सङ्गालो २०८३ प्रकाशन गरिएको छ ।प्रस्तुत सँगालोलाई दुई खण्डमा विभाजन गरिएको छ। पहिलो खण्ड अन्तर्गत सवारी तथा यातायात क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड समावेश गरिएको छ।दोस्रो खण्डमा विभागद्वारा विभिन्न समयमा जारी गरिएका परिपत्रहरू समावेश गरिएको छ।

यस सँगालोमा मौजुदा नीति तथा कानूनको डिजिटलाइज कपी उतार गरी संग्रहण गरिएको छ। मौजुदा नीति तथा कानूनको मुल प्रतिलाई यथारुपमा उतार गरी संग्रहण तथा प्रकाशन गरिएको छ। साथै विभागबाट विभिन्न समयमा जारी गरिएका परिपत्रहरुको स्क्यान कपीलाई यस सँगालोमा समावेश गरिएको छ। यस सँगालोद्वारा सेवाप्रवाह गर्न, कार्यसम्पादनलाई छरितो तुल्याउन, नीतिगत निर्णय लिन र कार्यान्वयनमा एकरूपता कायम गर्न सघाउ पुऱ्याउने अपेक्षा लिइएको छ

अन्त्यमा, यस सँगालो तयारी तथा प्रकाशन कार्य मार्गदर्शन प्रदान गर्नुहुने महानिर्देशकज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं। साथै यस सङ्गालो तयार पार्न खटिनुहुने सम्पूर्ण शाखा तथा कर्मचारी मित्रहरूलाई धन्यवाद व्यक्त गर्दछौं। । नीति तथा कानूनलाई सफ्टकपीमा उतारगरी संकलन गर्दा त्रुटि हुनसक्ने, ती त्रुटि कमजोरीहरूलाई कायम रहेका सक्कल प्रतिबाट परिमार्जन गर्दै लगिनेछ ।र, यहाँहरुबाट प्राप्त हुने सुझाव एवं पृष्ठपोक्षणका आधार मानी सँगालोलाई थप परिमार्जित, त्रुटिरहित र अद्यावधिक गर्दै लगिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं।

**सँगालो संकलन, तयारी तथा प्रकाशन समिति**

<u>विषय सूची</u>

खण्ड एक - ........ 1

नीति तथा कानून ........ 1

राष्ट्रिय यातायात नीति, २०५८ ........ 2

वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ ........ 21

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ........ 59

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ ........ 172

नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०८१ ........ 401

बाटो निर्धारण निर्देशिका, २०७४ ........ 427

कारखाना वर्कशप संचालन निर्देशिका, २०७४ ........ 438

ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१ ........ 455

मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन सहित) ........ 473

सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ ........ 484

बस बडी विल्डिंग मापदण्ड, २०७४ ........ 504

स्कूल बस निर्देशिका, २०७४ ........ 548

सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७० ........ 554

सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षास्थलमा जडित सिसिटिभी क्यामरा सञ्चालन कार्यविधि, २०६८ ........ 559

मझौला तथा साना सवारी निरीक्षण मापदण्ड, २०७४ ........ 570

मझौला तथा साना सवारी परीक्षण सम्बन्धी मापदण्ड, २०७४ ........ 597

सवारी प्रदूषण परीक्षण निर्देशिका, २०७४ ........ 606

खण्ड दुई-परिपत्र ........ 786

# खण्ड एक -
# नीति तथा कानून

# राष्ट्रिय यातायात नीति, २०५८

## पृष्ठभूमि

नेपालमा विगत चार दशकमा १५३०८ कि.मि. सडक निर्माण भएको छ । यस मध्ये कालोपत्रे ४५२२ कि.मि., ग्राभेल ३६४६ कि.मि. र माटे ७१४१ कि.मि. सडक रहेको छ । सोही अवधिमा ४४ वटा विमानस्थलहरु पनि निर्माण भएका छन् । अधिराज्यका ७५ मध्ये ६० जिल्ला सदरमुकाम वा जिल्लालाई सडकले जोडेको छ । रेल मार्ग, जल मार्ग तथा रज्जु मार्गको विकास नगन्य मात्रामा भएको र यस क्षेत्रमा उल्लेखनीय विस्तार हुने संभावना पनि हालसम्म नगन्य देखिएको हुँदा नेपालको सामाजिक तथा आर्थिक उन्नतिको लागि सडक र हवाई यातायातमा नै मुख्य रुपमा भर पर्नु पर्ने देखिन्छ । प्रजातन्त्रको पुनर्स्थापना पश्चात सडक र अन्य यातायातको लागि जनताको माग र सक्रियता बढ्दो छ । यस दशकमा मात्र सबै प्रकारका गरी ६००० कि.मी. सडक बनेका छन् ।

नेपालमा हाल सडक घनत्व सरदर १०.८ कि.मि. प्रति १०० वर्ग कि.मि. छ भने भौगोलिक क्षेत्रको आधारमा क्रमशः तराईमा २७, पहाडमा ८ र हिमाली क्षेत्रमा २ कि.मि. प्रति १०० वर्ग कि.मि. भएको देखिन्छ । जनसंख्याको आधारमा सडक घनत्व सरदर १२०८ व्यक्ति प्रति कि.मि. पुगेको भएता पनि साधारणतया तराई र पहाडी क्षेत्रका प्रत्येक कि.मि. सडकले ६०० देखि १५०० व्यक्तिलाई सेवा पुर्याउँदै आएको छ । अन्य देशको दाँजोमा यो घनत्व निकै न्यून छ । विद्यमान अवस्थामा सडक यातायात संरचना विस्तार गर्दै सडक संजाल तथा सडक घनत्व वृद्धि गर्ने; सडक संजालको उपयुक्त स्तरोन्नती र मर्मत संभार गर्ने, निर्माणाधीन सडकहरुलाई पुरा गर्ने र ७५ वटै जिल्ला सदरमुकाममा सडक पुर्याउनु पर्ने जस्ता चुनौतीहरु टड्कारो रुपमा देखा परेका छन् ।

यसले गर्दा सडक संजालको विकास र विस्तारमा उदार एवं लचकपूर्ण नीति अपनाउनु पर्ने अवस्था एकातिर विद्यमान रहेको छ भने अर्कोतिर हाम्रो आर्थिक अवस्था, प्राविधिक

क्षमता र भूभौगोलिक बनौटले त्यो संभव हुन सकिरहेको छैन । सडकको स्तरको कुरा गर्दा पक्की तथा स्तरीय सडक जनसंख्या, भौगोलिक तथा भौगर्भिक अनुकुलताको साथै आर्थिक संभाव्यताको आधारमा मात्र विचार गर्नु पर्ने हुन्छ भने ग्रामीण स्तरमा गरिवी निवारण र कृषि उत्पादन वृद्धि गर्ने जस्ता आर्थिक एवं सामाजिक कार्यक्रमलाई सघाउ पुर्याउन स्थानीय सहभागीतामा कम खर्चिला कार्यक्रमहरु संचालन गर्न आवश्यक हुन्छ । दूरगम एवं विकट क्षेत्रहरुमा मौजुदा हवाइ यातायातलाई प्रभावकारी बनाई पर्यटकीय कृयाकलाप बढाउँदै लगी स्थानीय स्तरमा आर्थिक गतिविधि बढाउन ती क्षेत्र वा जिल्लामा हवाइ यातायातको जालो बढाई राहत पुर्याउन व्यावहारिक हुने देखिन्छ । अर्थतन्त्रमा दूरगामी प्रभाव पार्ने सडक तथा विमानस्थलमा वैदेशिक एवं गैर सरकारी लगानीलाई आकर्षण गरी सरकारी, वैदेशिक तथा निजी क्षेत्रको सहभागीताबाट अगाडी बढाउनु पर्ने आवश्यकता महसुस गरिन थालेको छ ।

शहरी क्षेत्रहरुमा वातावरण अनुकूल हुने गरी यातायात संरचना तथा साधन व्यवस्थापन गर्नु पर्ने हुन्छ । सडक उपभोगकर्ताबाट उठ्ने आय सोही क्षेत्रको सडक सुधारमा लगानी गरी आत्मनिर्भरताको विकास गर्न पनि जरुरी हुन्छ । नेपालको उत्तर तथा दक्षिणका छिमेकी मुलुकहरुको सिमा क्षेत्र वा आसपासमा भएको यातायातको विकास तथा व्यापारलाई समेत ध्यानमा राखी यातायात संरचना तथा साधनको व्यवस्था गर्नु पर्ने हुन्छ ।

**प्रस्तावना**

नेपालको गत चार दशकको प्रयास पछि न्यूनतम यातायात संरचनाको विकास गर्ने प्रथम चरणको काम करिब पूरा भै सकेको मान्न सकिन्छ । अब दोश्रो चरणमा प्रवेश गर्दा कतिपय नयाँ पक्षलाई ध्यान दिनु पर्ने देखिन्छ ।

मुलुकको भूभौगोलिक बनौट एवं प्राकृतिक अवस्था सुहाउँदो र बढ्दो शहरीकरणको प्रकृयालाई धान्न सक्ने २१ औं सताब्दीको गतिशील एवं समृद्ध मुलुकको रुपमा स्थापित गर्न सक्ने यातायात प्रणालीको विकास गर्नु हाम्रो आकांक्षा हो । न्यूनतम श्रोतबाट शीघ्रातिशीघ्र दूरगम एवं पिछडिएको क्षेत्रमा यातायात सुविधा पुर्याउनु, विद्यमान यातायात

संरचनाहरुलाई व्यवस्थित एवं भरपर्दो तुल्याउन र वाह्य मुलुकहरुसंग अन्तराष्ट्रिय स्तरको यातायात प्रणाली विकास गरी शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रमा वातावरणको दृष्टिले अनुकुल यातायात प्रणाली विकास गर्न आवश्यक भएकोले यो नीति ल्याइएको छ ।

पूर्ण विकसित अवस्थामा देशको राष्ट्रिय यातायात प्रणाली अन्तर्गत हालको पूर्व पश्चिम राजमार्ग वाहेक अन्य दूई पूर्व पश्चिम जोड्ने राजमार्गहरु मध्य पहाडी र तराईका हुलाकी बन्नेछन् । उत्तर-दक्षिण जोड्ने मुख्य सडकहरु र सबै जिल्ला सदरमुकाम जोड्ने सडकहरु पुरा हुनेछन् । यी सडकहरुको दायित्व केन्द्रीय निकायले लिने छ । जिल्ला, नगर र गाउँ भित्र शहरी र ग्रामिण सडकहरु विस्तार हुनेछन् र तिनको दायित्व सम्बन्धित स्थानीय निकायहरुले लिनेछन् ।

## उद्देश्य

दीगो, भरपर्दो, कम खर्चिलो, सुरक्षित, सुविधायुक्त एवं आत्मनिर्भर यातायात प्रणालीको विकास गरी नेपाल अधिराज्यको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय आदि क्षेत्रको विकासमा योगदान पुर्याउनु नै राष्ट्रिय यातायात नीतिको मूल उद्देश्य रहेको छ ।

## रणनीतिहरु

उपरोक्त सोच र उद्देश्य पूर्तिका लागि निम्न रणनीति अख्तियार गरिने छः

१. राज्यले केन्द्रीय स्तरबाट गर्ने कामको प्रष्ट सीमा र क्षेत्र तोकी केन्द्रीय स्तरबाट निर्माण हुने यातायात संरचना र तीनको दायित्व राज्यले लिने छ ।
२. विकेन्द्रित शासन प्रणालीलाई सुदृढ गर्दै स्थानीय स्तरको श्रोत र साधनको अधिकतम उपयोगद्वारा यातायात प्रणालीको विकास र सम्बर्द्धन स्थानीय तहबाटै गरिने छ ।
३. निजी क्षेत्रलाई अधिकतम रुपमा आकर्षित गरि यातायातको विस्तार गरिने छ ।

**नीति**

उक्त उद्देश्यहरु पूर्ति गर्नका लागि देहायबमोजिमको नीति अख्तियार गरिनेछः

१. केन्द्रीय एवं स्थानीयस्तरमा यातायात संरचनाहरुको निर्माण एवं विकासका लागि निम्न अनुसार गरिने छः

क) केन्द्रिय स्तरमा निर्माण हुने यातायात संरचनाहरुको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन गुरु योजना तयार गरी सोही अनुरुप निर्माण गर्ने ।

ख) स्थानीय स्तरका यातायात संरचनाको विकास जिल्ला स्तरिय गुरु योजना तयार गरी सोही अनुरुप निर्माण गर्ने ।

ग) शहरी क्षेत्रमा शहरी विकासको गुरु योजना अनुरूप यातायात संरचना विकास गर्ने । स्थानीय तहबाट हुने काममा केन्द्रीय स्तरबाट सहयोगीको भूमिका निर्वाह गर्ने ।

घ) यातायात संरचनाहरुको निर्माण, मर्मत सम्भार तथा सुदृढीकरणमा लगानीको स्रोत जुटाउने तथा उपयुक्त सेवा प्रदान गरी संचालन गर्ने क्षमता तथा आत्म निर्भरताको विकास हुने गरी संगठनात्मक संरचनाहरुको व्यवस्था गर्ने ।

२. देशका ७५ वटै जिल्लाका सदरमुकामहरु जोड्ने सडक निर्माण गर्न विशेष प्राथमिकता दिने ।

३. मध्य पहाडी क्षेत्रबाट पूर्व-पश्चिम राजमार्गको क्रमिक विकास र विस्तार हुने गरी पूर्व-पश्चिम सहायक मार्ग तथा जिल्लामार्गहरुको चरणवद्ध निर्माण तथा स्तरोन्नती गर्दै जाने । (अनुसूची-१)

४. उत्तर तर्फ चीनको स्वशाशित क्षेत्र तिब्बतसंगको सिमाना पारिको बजार वा केन्द्रसंग सजिलै सम्पर्क हुन सक्ने स्थानहरुमा नेपालको हिमाली जिल्लाको क्षेत्रहरुबाट उत्तर सिमानासंग जोड्ने सडक बनाउने।

५. स्थापित भइसकेका संरचनाको निमित्त आवश्यक पर्ने मर्मत संभारमा विशेष ध्यान दिने ।

६. केन्द्रिय स्तरका यातायात संरचनाहरु तथा सामरिक महत्वको संजाल (Strategic Network) वाहेक स्थानीय स्तरका यातायात संरचनाको निर्माण एवं मर्मत संभार स्थानीय निकायहरुबाटै गराउने व्यवस्था गर्ने ।

७. ट्राफिक घनत्वको तथा आर्थिक प्रतिफलको आधारमा केन्द्रिय स्तरका यातायात संरचनाको मर्मत संभार एवं स्तरोन्नतीको प्राथमिकता कायम गर्ने ।

८. ट्राफिक सुरक्षा र वातावरणीय प्रभाव अनुकूल हुने गरी यातायात संरचनाको निर्माण सुधार र यातायातका साधनहरु व्यवस्थित गर्ने ।

९. यातायात सेवा सुविधालाई प्रभावकारी रुपमा संचालन गर्ने गरी सम्बन्धित श्रमशक्तिको दक्षता र कार्यक्षमतालाई वृद्धि गर्ने ।

१०. सौर्य तथा विद्युतीय यातायातको साधनहरुको उपयोग अधिराज्यभर विस्तार गर्ने ।

११. उप क्षेत्रीय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय यातायात तथा पारवहन सुविधा विकास तथा विस्तार गर्ने ।

१२. सार्वजनिक यातायातलाई आम जनताको आर्थिक क्षमता भित्र रहने गरी सुरक्षित, भरपर्दो, सुविधाजनक, प्रदूषणमुक्त र सर्वसुलभ बनाउने ।

१३. यातायात संरचना विकास तथा सेवा विस्तारमा निजी क्षेत्रलाई बढी से बढी संलग्न गराउने ।

१४. ट्राफिक घनत्व तथा आर्थिक प्रतिफल कम हुने दूरगम क्षेत्रहरुमा सामाजिक सेवाको दृष्टिकोणले न्यूनतम यातायात संरचना तथा सेवा प्रदान गर्न आवश्यक अनुदानको व्यवस्था गर्ने ।

१५. आर्थिक संभाव्यता नभएका यातायात सेवाहरुमा वैदेशिक ऋण लगानी नगर्ने ।

१६. विभिन्न यातायातका साधन तथा संरचनाहरुलाइ समन्वयात्मक रुपमा विकास गर्ने ।

**कार्यनीतिहरु**

**६.१. यातायात संरचनाः**

- मौजुदा यातायातका संरचनाहरुबाट उपयुक्त सेवा स्तर प्रदान गर्न आवश्यक मर्मत संभार संरक्षण तथा सम्वर्धन गर्ने ।
- मध्य पहाडी पूर्व-पश्चिम मार्गहरुको क्रमिक निर्माण सुधार गर्दै दूरगामी मध्य पहाडी पूर्व-पश्चिम राजमार्गको विकास गर्ने ।
- पूर्व-पश्चिम हुलाकी सडकका पूल तथा सडक खण्डहरुको निर्माणमा स्थानीय सहयोग समेत लिई क्रमिक रुपमा पूर्व-पश्चिम जोड्ने राजमार्गको रुपमा विकास गर्दै जाने ।
- यातायात सुविधा नपुगेका नगर र गाउँ क्षेत्रलाई उपयुक्त यातायात प्रणालीसंग जोड्ने गरी एकिकृत रुपमा अल्पकालीन तथा दीर्घकालीन केन्द्रीय यातायात प्रणालीको अवधारणा विकास गरी लागु गर्ने ।
- यातायात नपुगेका क्षेत्रमा ठूलठूला परियोजनासंग सम्बद्ध यातायात संरचनाहरु सकभर सोही परियोजनाको लाभ र लागतसंग समावेश गरी दूरगम क्षेत्रको यातायात संरचना विस्तारमा टेवा पुर्याउने ।
- तराई तथा मध्य पहाडी क्षेत्रमा अवस्थित ठूला उपत्यकाहरुको कृषि उत्पादनमा वृद्धि गर्न वर्षेभरी चल्ने कृषि सडकहरुको घनत्वमा उल्लेखनीय वृद्धि गर्ने तथा जालो (network) विकास गर्ने ।
- मौजुदा यातायातका संरचनाहरुको अधिकतम उपयोग हुने गरी जिल्ला र ग्रामीणस्तरका यातायात संरचनाहरु स्थानीय स्तरबाट नै निर्माण, मर्मत सम्भार तथा विस्तार गर्ने ।
- शहरी क्षेत्रमा प्रत्येक शहरको भूउपयोग र भार वहन क्षमता (carrying capacity) को आधारमा ट्राफिक घनत्व र आवागमन एक निश्चित सीमा भित्र राखे ।
- शहरी क्षेत्रमा नयाँ सडक निर्माण गर्दा ढल, खानेपानी, टेलिफोन, विद्युत जस्ता अत्यावश्यकिय वस्तुहरुको वितरण प्रकृया सकभर सडक र फुटपाथ भन्दा वाहिर हुने गरी अलग्गै व्यवस्था गर्ने । साइकल लेनको छुट्टै व्यवस्था गर्ने ।

- तीर्थस्थल तथा पर्यटनसंग सम्बद्ध सानो दूरीका यातायात संरचनाको रुपमा तार सडक (Wire road), केवलकार (cable car) र वातावरण नखल्बल्याउने हरितमार्ग (Green road) को निर्माणमा निजी क्षेत्रको सहभागिता गराउन प्रोत्साहन गर्ने ।
- श्री ५ को सरकारबाट सरकारी अनुदान (Subsidy) मा चलाउन पर्ने गरी यातायात संरचना निर्माण तथा यातायात सेवा संचालन नगर्ने ।
- पूर्व पश्चिम राजमार्गलाई एसियाली राजमार्ग (Asian Highway) तथा क्षेत्रिय व्यापार मार्ग (Regional Trade Corridor) को रुपमा विकास गर्ने ।
- सडक यातायात, टनेल, रेलवे ट्राम, जलमार्ग, रोपवे, केवलकार, विमानस्थल, र मल्टिमोडल यातायातलाई समेट्ने गरी यातायात ऐन, नियम तर्जुमा गरी लागू गर्ने ।
- हवाई यातायात विस्तार सम्बन्धमा प्रेसिजन ल्यान्डिङ्ग (precision landing) हुने, पुरै अवतरण (descend) आफ्नै आकास भित्र हुन सक्ने, र समानान्तर (parallel) रनवे विस्तार गर्न सक्ने तथा पर्यटन विकास र हवाइ मार्गबाट सामान ढुवानी गरी वाह्य व्यापारको मूल आधार हुन सक्ने अन्तरराष्ट्रिय हव (International Hub) को रुपमा नयाँ अन्तरराष्ट्रिय विमानस्थल निर्माण गर्ने ।

### ६.२. सवारी साधनः

- यातायातका साधनहरुलाई पूर्ण प्रतिस्पर्धाको आधारमा मात्र संचालन गर्न अनुमति दिने ।
- दूर्गम क्षेत्रका पहाडी सडकमा ससाना सवारी साधनहरु तथा छोटो चेसिसका ट्रक तथा वसहरु मात्र चलाउन पाउने व्यवस्था गर्ने ।
- सडकमा भार कम गर्ने गरी उपयुक्त Axle Load System को सवारी चलाउने ।
- नयाँ सवारी साधनको हकमा पहिलो पटक पाँच वर्षमा र त्यसपछि प्रत्येक दुई वर्षमा सडकमा चल्न सक्ने साधनको सक्षमता (Road worthiness) जाँच गर्ने/गराउने ।
- पाँच वर्ष भन्दा पुराना सवारीका साधनहरुको आयात गर्न वन्देज लगाउने ।

- पुराना गाडी तथा गाडीका काम नलाग्ने सामानहरु बैट्री, मोविल, ग्रिज तथा अन्य तैल्य पदार्थ निश्चित ठाउँ तथा तरिका बाहेक जथाभावी फाल्न नपाइने व्यवस्था गर्ने ।
- यातायातका साधनहरु भरपर्दो, सुविधाजनक, प्रदूषणमुक्त, सुरक्षित तथा कम खर्चिलो र सेवा स्तर तथा प्रकृति सुहाउँदो हुनु पर्ने, यसको लागि स्टान्डर्ड तोक्ने, मर्मत सम्भार गर्ने/गराउने तथा रुट इजाजत दिने आधारहरु तयार गर्ने ।
- जुन उद्देश्यको लागी निर्माण भएको यातायातको साधन हो सोही उद्देश्य भित्र प्रयोगमा ल्याउन पाउने व्यवस्था गर्ने ।
- वैदेशिक व्यापारतर्फ मल्टिमोडल कन्टेनराइज्ड यातायात प्रणालीको विकास गर्ने ।

- **शहरी क्षेत्रको हकमाः**
  - तोकिएको भित्री भाग (core areas) मा मोटराईज्ड सवारीका साधन निषेध गर्ने ।
  - सौर्य, विजुली एवं ग्यासबाट चल्ने बस, ट्राम तथा मोटर चलाउने ।
  - सवारी साधनहरु निश्चित घनत्व भन्दा बढी हुन नदिने । यसको लागि गाडीको स्वामित्व (vehicle ownership) नियन्त्रण तथा शहरी पार्किङ दस्तुरको माध्यम अपनाउने ।
  - निश्चित स्थान वाहेक अन्यत्र गाडी पार्किङ्ग गर्न नपाउने व्यवस्था गर्ने ।
  - ध्वनि तथा वायू प्रदूषण गर्ने सवारी साधन चलाउन निषेध गर्ने ।
  - शहरी क्षेत्रमा संचालन हुने सवारीका साधनको लागि छुट्टै मापदण्डको व्यवस्था गर्ने ।
  - काठमाण्डौ उपत्यकाको दिर्घकालीन योजना अनुरुप यातायात संरचना तथा सेवाको विकास तथा विस्तार गर्ने ।

## ६.३. सेवा स्तरः

- द्रुत गति मार्ग (High Speed Roads/ Fast Track / Express way) मा डिजाइन स्पिड कायम गर्न र गतिरोध उत्पन्न हुन नदिन पुराना तथा खास रोड योग्यता (Road worthiness) नपाएका सवारी साधनहरुलाई चल्न नदिने ।
- राजमार्गहरुमा डिजाइन स्पिड कायम गर्न बाधा पुर्याउने गरी सडक अतिक्रमण गर्न, अनियन्त्रित प्रवेश मार्ग तथा अस्थाई वा स्थाई घर टहरा निर्माण गर्न नदिने, भएकालाई हटाउने ।
- पहाडी सडकहरु तथा सहायक मार्गहरुमा २० देखि ४० कि.मि. प्रति घण्टा को गति सिमा कायम गर्ने ।
- ग्रामीण पहाडी सडकहरुमा साधारणतया २० कि.मि. प्रति घण्टाको गति सिमा कायम गर्ने ।
- सवारी साधनको क्षमता तथा सिट संख्या नाघ्ने गरी सामान तथा यात्रु राख्न नपाइने व्यवस्था गर्ने ।
- सडकको डिजाइन अनुसार गति (Speed) निर्धारण गराउने ।
- यात्रुहरुलाई उच्च स्तरको सेवा तथा सुरक्षा प्रदान गर्ने गरी हवाई लगायत सबै प्रकारका यातायातका साधन चलाउन दिने ।
- तोकिएको सेवास्तर, गुणस्तर तथा मापदण्ड बमोजिम यातायातका साधन संचालन गरे नगरेको अनुगमन नियमित रुपमा गर्ने र उल्लंघन गर्नेलाई कडा कारवाही गर्ने ।
- सबै यातायात सेवाहरुलाई अत्यावश्यक सेवा (Essential Service) मानिने ।
- प्रतिस्पर्धात्मक सेवाबाट सुपथ र सुविधाजनक यातायात सेवा पुर्याउन बाधा पुर्याउने संस्था तथा व्यक्ति माथी कडा कानूनी कारवाही गर्ने ।
- यात्रुहरुको जीवन बीमा र यातायातका साधनको वीमा अनिवार्य गर्ने व्यवस्था मिलाउने।
- यातायात साधनहरुलाई पूर्ण सुरक्षा प्रदान गरिनेछ ।

## ६.४. संस्थागत संरचनाः

- सडक यातायात र यातायात व्यवस्थापनलाई स्वायत्त र आत्मनिर्भर बनाउन सडक विभाग र यातायात व्यवस्था विभागलाई मिलाई सडक यातायात प्राधिकरण खडा गर्ने ।
- नागरीक उडड्यन लगायत यातायात सम्बन्धी सबै प्राधिकरणहरुलाई संयोजन समेत गर्ने गरी राष्ट्रिय यातायात वोर्डको गठन गर्ने ।
- कृषि सडक र जिल्ला तथा ग्रामिण क्षेत्रमा हाल संचालनमा रहेका न्यून ट्राफिक हुने सडकको नयाँ निर्माण संचालन एवं संभार स्थानीय विकास कार्यक्रम अन्तरर्गत गर्ने/गराउने ।
- स्थानीय निकायहरुबाट परिचालित आयोजनाहरुमा ट्राफिक घनत्व, सेवाको स्तर र आत्म निर्भरताको दृष्टिकोणबाट सम्भाव्य भएपछि यस्ता सडकहरुलाई केन्द्रीय प्रणालीमा समावेश गर्न सकिने र क्रमिक रुपमा सम्बन्धित प्राधीकरणहरुमा समाहित गर्दै जाने ।
- गरिवी निवारण तथा आपतकालिन उद्धार सेवा (disaster relief) संग सम्बद्ध यातायात संरचना तथा सेवामा श्री ५ को सरकारले स्पष्टरुपले बजेट व्यबस्था गरी तोकेको अवस्था वा आयोजनामा बाहेक यातायात क्षेत्रमा सरकारी अनुदान (subsidy) तथा क्रस सवसिडि (Cross subsidy) बन्द गर्ने ।
- आत्मनिर्भर हुन नसकेका सार्वजनिक यातायात सम्बन्धी सरकारी संस्थानहरु खारेज गर्ने । सरकारी स्वामित्वमा रहेका यातायात सेवासंग सम्बद्ध संस्थानहरुमा लगानी र डिप्रिसिएसनको उपयुक्त लेखा जोखा हुने गरी पुरै व्यापारिक सिद्धान्तमा व्यवस्थापन तथा सुचारु रुपमा संचालन गर्ने व्यवस्था गर्ने र सरकारी अनुदानमा भरपर्ने प्रवृत्तिमा रोक लगाउने ।
- निर्माण व्यवसायीहरुमा पेशागत दक्षता, गुणस्तर, व्यवस्थापन क्षमता, उपकरण औजार तथा तालिमको प्रभावकारी उपयोग र स्वस्थ प्रतिस्पर्धा जस्ता कुराको विकास गर्ने ।

- निजी क्षेत्रमा संस्थागत विकास गराउन सरकारले ठूला ठूला मेसिनरी औजारहरु भाडामा नदिने । यसको लागि आवश्यक Transitional व्यवस्था गर्ने ।
- निजी क्षेत्रका परामर्शदातृ संस्था तथा व्यक्तिबाट गलत परामर्श भएको अवस्थामा सोबाट भएको हानी नोक्सानी भराउने व्यवस्था गर्ने ।
- स्थानीय यातायात प्रणालीमा पर्ने सबै संरचनाहरु ३ वर्ष भित्र पूर्ण रुपले स्थानीय निकायमा हस्तान्तरण गरी सडक घनत्वको आधारमा मौजुदा जनशक्ति तथा मेसिन औजार, कार्यालय, आवास भवन समेत अस्थायी वा स्थायी रुपले सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने ।

## ६.५. निजी क्षेत्रको सहभागीताः

यातायात संरचनाहरु जस्तै एयरपोर्ट, सडक, रेलमार्ग जलमार्ग र रोपवेको निर्माण संचालन हस्तान्तरण (BOT), संचालन र हस्तान्तरण (OT), निर्माण स्वामित्व कायम तथा संचालन (BOOT) जस्ता प्रकृयाहरु मार्फत स्वदेशी तथा विदेशी निजी क्षेत्रहरुको लगानीलाई आकर्षित एवं प्रोत्साहन दिने । यसरी निजी क्षेत्रको लगानी आव्हान गर्दा सम्बन्धित यातायात संरचनाको साथै योजनाको प्रभाव क्षेत्रमा रोजगारी, आर्थिक कृयाकलापमा समेत वृद्धि हुने गरी सहुलियतहरु प्रदान गर्ने । सरकारी प्रकृयाहरु पारदर्शी, छोटो, सरल, आकर्षक बनाउने । सार्वजनिक पूर्वाधार निर्माण हस्तान्तरण नीति २०५७ र यस नीतिलाई समग्रमा कार्यान्वयन गराउने ।

### ६.५.१ विदेशी मुद्राः

वैदेशिक मुद्राको आय तथा खर्चमा अनुकुल तालमेल मिल्ने गरी विदेशी मुद्रा विनिमय सम्बन्धी सुविधाहरु प्रदान गराउँदै निजी क्षेत्रलाई यातायात संरचनामा लगानी गर्न प्रोत्साहित गर्ने ।

### ६.५.२ भंसार, कर, रोयल्टीः

यातायात संरचना निर्माण तथा मर्मत संभारमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न र प्रदूषण रहित सवारी साधनलाई प्रोत्साहन दिन सम्बन्धित

निर्माण सामग्री उपकरण, औजारहरु र सवारी साधनमा निश्चित अवधिसम्म भंसार तथा कर सहुलियत प्रदान गर्ने ।

### ६.६ जग्गा उपलव्धीः

देशको दूरगामी विकास प्रक्रियाहरुमा समयमै ध्यान पुर्याई भविष्यको बाटो खुल्ला राख्ने दृष्टिकोणले संभावित Express way/Fast Track Road, By-pass, Electric Railway र Dedicated Utility Lanes in Urban Areas, New International Airports जस्ता आयोजनाहरुको लागि समयमै उपयुक्त जग्गाको पहिचान गरी छुट्ट्याउने एवं प्राप्ती गर्ने काम अग्रिम रुपमा गर्ने ।

## क्षेत्रगत यातायात नीति

### ७.१ सडक यातायात

७.१.१ वर्गिकरणः देशको राष्ट्रिय यातायात प्रणालीमा सडक यातायात लाई नेटवर्क प्रणालीको रुपमा संगठित, सुव्यवस्थित तथा दीगो रुपमा विकास गरिनेछ । यसको लागि सडकलाई प्रशासकीय दृष्टिकोणले निम्नानुसार वर्गीकरण गरिनेछः

I. केन्द्रिय सडक प्रणालीः

-राष्ट्रिय राजमार्ग

-सहायक मार्ग

-विशेष उद्देश्यका सडकहरु

II. स्थानीय सडक प्रणालीः * जिल्ला सडक

-गाउँ सडक

-कृषि सडक

-प्रमुख घोडेटो, गोरेटो

-गाउँ घोडेटो, गोरेटो

III.शहरी सडक प्रणालीः

-नगरपालिका भित्रका सडक

-नगर विकास समिति भित्रका सडक

७.१.२ केन्द्रीय सडक प्रणालीः राष्ट्रिय राजमार्ग र सहायक मार्ग (Strategic Road Network) दैनिक ट्राफिक घनत्व अत्यधिक भएका सडकहरू, जलविद्युत, पर्यटन, उद्योग जस्ता आयोजनाको लागत तथा सम्भाव्यतासँग गाँसिएका सडकहरू, शहरी क्षेत्रमा विशेष महत्त्वका सवारीहरू सम्बन्धीत सडकहरू र केन्द्रीय स्तरमा संचालन गर्न आवश्यक भएका जिल्ला भित्रका सडक वा जिल्ला सदरमुकाम जोड्ने सहायक राजमार्गहरू र एक भन्दा बढी जिल्ला जोड्ने महत्त्वपूर्ण सडकहरूलाई केन्द्रीय सडक प्रणालीमा वर्गीकरण गरिनेछ । सडकहरूको वर्गीकरण एवं नामाकरण समय समयमा राजपत्रमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले तोक्ने छ । यस्ता सडकहरू केन्द्रीय निकायहरूबाट संचालन गरिनेछन् ।

केन्द्रीय सडक प्रणालीमा अन्तर्गत पर्ने सडकहरूको मूल्याङ्कन प्रत्येक ३ वर्षमा नियमित रूपमा गरिने छ । केन्द्रीय सडक प्रणालीमा नपरेका सबै सडक स्थानीय सडक प्रणालीमा अन्तर्गत पर्ने छन् ।

७.१.३ स्थानीय सडक प्रणालीः

केन्द्रीय सडक प्रणालीमा नपर्ने तथा स्थानीय निकाय मार्फत योजना तर्जुमा, निर्माण, संचालन एवं मर्मत तथा संभार गरिने अन्य सडकहरू स्थानीय सडक प्रणालीमा वर्गीकरण गरिनेछ । स्थानीय सडक प्रणाली अन्तर्गत जिल्ला भित्रका सडक, गाउँ भित्रका सडक, प्रमुख घोडेटो र गोरेटो एवं गाउँ घोडेटो गोरेटो बाटोहरू संचालन गरिनेछ । एक वा एकभन्दा बढी प्रमुख विकास केन्द्रहरू लाई अथवा गाविसहरूलाई त्यही जिल्लाको अथवा छिमेकी जिल्लाको सदरमुकामसँग सोझै अथवा महत्त्वपूर्ण सडक प्रणालीमा मार्फत जोड्ने सडकहरूलाई जिल्ला सडकमा वर्गीकरण गरिनेछ । जिल्ला भित्रका मुख्य मुख्य कृषि उत्पादन केन्द्रहरू जोड्ने सडकलाई "कृषि सडकमा" वर्गीकरण गरिने छ ।

स्थानीय सडक प्रणाली अन्तर्गतका सडकहरू स्थानीय निकायहरूबाट नै योजना तर्जुमा गरी निर्माण संचालन एवं मर्मत संभार गरिने छ । स्थानीय विकास मन्त्रालय वा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट स्थानीय निकायहरूलाई योजना तर्जुमा, वैदेशिक श्रोत व्यवस्था सम्बन्धी समन्वय, प्राविधिक सहयोग तथा केन्द्रीय स्तरमा गर्नु पर्ने समन्वय जस्ता कामहरूमा सहयोग पुर्याइने छ ।

७.१.४ शहरी सडकः

नगर क्षेत्रका तोकिएका राष्ट्रिय सडक बाहेक अन्य सडकहरू शहरी सडक प्रणालीमा पर्दछन् । यस्ता सडकहरूको निर्माण, मर्मत एवं संभार आदि कार्य नगरपालिकाबाट गरिने छ । यस्ता कार्यहरू जन सहभागिता जुटाई संचालन गरिने छन् । साथै शहरी क्षेत्रमा सडक किनारा लगायत स्थायी पार्किङ गृहहरू निर्माण गरी संचालन गर्ने दायित्व पनि नगरपालिकाहरूको हुनेछ । फुटपाथको निर्माण, मर्मत संभार एवं संचालन नगरपालिकाको कार्यक्षेत्रभित्र पर्दछ । साथै शहरी क्षेत्रमा हरीयाली क्षेत्र (Green Belt) तोक्ने, सम्वर्द्धन गर्ने जस्ता कार्यहरू

पनि नगरपालिका कै दायित्व हुनेछ । यसरी नगरपालिकाहरूले आफूले गर्नु पर्ने कार्य श्री ५ को सरकारका विभिन्न निकायहरूसँग समन्वय गरी गर्नु पर्ने छ ।

७.१.५ यातायात खर्च र मर्मत सम्बन्धी व्यवस्थाः

सडक निर्माण तथा संभार कार्यमा वातावरणीय प्रभावको मूल्याङ्कन गरी यसको प्रतिकूल प्रभावलाई न्यूनतम राखी सडक डिजाइन, निर्माण तथा संभार कार्यको व्यवस्थापन गरिनेछ ।

पहाडी क्षेत्रमा सडक निर्माण गर्दा सवारीको न्यूनतम चापको अवस्था, बसाई सराईको बढ्दो प्रवृत्ति तथा वातावरणीय जोखिम आदिका कारणबाट लगानीमा पर्न सक्ने प्रत्यक्ष असरको सम्भावनालाई समेत दृष्टिगत गरी सडक निर्माण गर्दा सामान्यतया १० वर्षे आर्थिक विश्लेषण अवधिको आधारमा निर्माण खर्च तथा निर्माण पश्चातको अनुमानित खर्चलाई न्यूनतम राखी सोही अनुरूप सडकको स्तर तथा मापदण्ड तोकी निर्माण गरिनेछ ।

- महत्त्वपूर्ण सडक प्रणालीको निर्माण, सुधार, तथा मर्मत सम्भार गर्ने स्वायत्त एवं आत्मनिर्भर संस्थाको व्यवस्था गरिने छ ।
- सडक स्तरोन्नति तथा पुनर्स्थापना कार्यहरूको प्राथमिकता निर्धारण दैनिक सवारी सङ्ख्याका आधारमा तथा आर्थिक प्रतिफलका सम्भाव्यताका आधारमा गरिनेछ ।
- सडक संभार कार्यहरूलाई साधारण संभार (नियमित तथा पटके), आवधिक संभार, आकस्मिक संभार तथा रोकथाममूलक संभार कार्य अन्तर्गत वर्गीकरण गरी संचालन गरिनेछ ।
- साधारण संभार कार्य तथा आवधिक संभार कार्यलाई निश्चित चक्रको आधारमा संचालन गरिनेछ । आवधिक संभार कार्य सामान्यतः कालोपत्रे सडकलाई प्रत्येक ६ वर्ष र ग्राभेल सडकलाई प्रत्येक ३ वर्षको अन्तरालमा गरिनेछ ।

- सडक संभार कार्यमा तोकिएको जीवन चक्र (Life Cycle) भित्र कुल यातायात खर्चलाई न्यूनतम राख्ने उद्देश्य अनुरूप यसको प्रभावकारितामा वृद्धि गरी सडक उपयोगकर्तालाई प्रत्यक्ष रूपमा यसबाट प्राप्त हुन सक्ने न्यूनतम सेवास्तरको आधारमा सेवा शुल्क तोकी यसबाट उठेको रकमबाट सडक संभार गर्ने गरी सडक संभार कार्यको संस्थागत विकास गरिनेछ ।
- सडक संभारमा नियमितता एवं मितव्ययिताको नीति अपनाइने छ ।
- मुख्य सडकहरूमा कङ्क्रिट पेभमेन्ट (Rigid Pavement) बनाउने तर्फ ध्यान दिइने छ ।

## ७.२ हवाई यातायातः

- तत्कालिन रुपमा सडक यातायातले सेवा पुर्याउन नसक्ने क्षेत्रहरूको पहिचान गरी यातायातको सुविधा विस्तारका लागि यी क्षेत्रहरूमा हवाई सेवा संचालनमा जोड दिइनेछ ।
- दूर्गम क्षेत्रहरूमा यातायातको विस्तार गर्दा हवाई यातायात तथा अन्य यातायात बीच तुलनात्मक अध्ययन गरी यसको आधारमा हवाई सेवा विस्तार गरिनेछ ।
- व्यापारिक दृष्टिकोणबाट सम्भाव्य हुन नसक्ने तर यातायात विस्तारका लागि आवश्यक भनी क्रिटिकल क्षेत्रहरूमा हवाई सेवा विस्तार गर्दा श्री ५ को सरकारले आवश्यकता देखेमा अनुदान प्रणाली अन्तर्गत संचालन गर्ने दिइनेछ । अनुदान प्रणालीको समयावधि सुरुमै किटिने छ ।
- हवाई नीति अन्तर्गतका नीतिहरूलाई राष्ट्रिय यातायात नीतिकै अङ्गको रुपमा लिइनेछ।
- अन्तर्राष्ट्रिय हव (International Hub) को रुपमा विकसित हुन सक्ने स्थानमा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने छ ।

## ७.३ जल यातायातः

- सडक यातायात कठिन भएका विकट स्थानहरूमा निकटतम सडक प्रणालीसँग एकीकृत गर्ने गरी सम्भाव्य क्षेत्रहरूको पहिचान गरी आन्तरिक जल यातायात प्रणालीको विकास गरिनेछ ।
- आन्तरिक जल यातायात संरचना विकासमा आवश्यक कानूनी प्रावधानको व्यवस्था समेत गरिनेछ ।
- जल यातायात विकासका निमित्त सम्भाव्य क्षेत्रहरूको पहिचान गरी निजी क्षेत्रको संलग्नतामा विकास गर्ने तर्फ प्राथमिकता दिइनेछ ।
- जलमार्ग विकास तथा संचालनको लागि श्री ५ को सरकारले सेवा विस्तार तथा सुरक्षाको दृष्टिकोणलाई समेत ध्यानमा राखी मापदण्ड तोकी आवश्यक ऐन, नियम एवं निर्देशिका अनुरूप संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सम्भाव्य आन्तरिक जल यातायात संरचनालाई छिमेकी राष्ट्रको जल यातायात प्रणालीसँग आबद्ध गर्न आवश्यक समन्वय गरी विकास गरिनेछ।
- जल यातायात सम्बन्धी अध्ययन, अन्वेषण र डाटा बैंक सम्बन्धमा जलश्रोत मन्त्रालय एवं जलशक्ति आयोगसँग समेत समन्वय गरिनेछ ।

**७.४ रेल यातायातः**

- रेल यातायात संचालनको लागि मार्गको आधारमा सम्भाव्य क्षेत्रहरूको पहिचान गरी यसलाई राष्ट्रिय यातायात प्रणालीभित्र समन्वयात्मक रुपमा विकास गर्न दीर्घकालीन योजनाको तर्जुमा गरिनेछ ।
- तत्कालै सम्भाव्य भएका वा हुन सक्ने क्षेत्रहरूमा सडक यातायातसँगको तुलनात्मक लाभको आधारमा निजी क्षेत्रको संलग्नतामा रेल यातायात विकास गरिनेछ ।
- रेल यातायातको विकास तथा संचालन संस्थागत रुपमा विकसित गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- मौजुदा रेल यातायात संरचनालाई भारतीय रेल सेवासँग समन्वय गरी विस्तार तथा विकास गरिनेछ ।

- जलविद्युत उत्पादनको समुचित उपयोगलाई ध्यानमा राखी विद्युतीय रेल सेवाको विकास गरिनेछ ।

**७.५ केवलकारः**

- सडक यातायातको सुविधा नपुगेका वा सडक यातायातको वैकल्पिक साधनको आवश्यकता समेत महसुस भइरहेका पर्यटकीय तथा अन्य आर्थिक क्रियाकलापका दृष्टिले महत्त्वपूर्ण योगदान पुर्याउन सक्ने ठाउँहरूमा केवलकारको निर्माण तथा संचालनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

**७.६ रोपवेः**

- वातावरणीय एवं भौगोलिक दृष्टिकोणले सडक निर्माण गर्न जोखिम हुने तथा तुलनात्मक रुपमा सडक यातायात संचालन गर्न खर्चिलो हुने क्षेत्रहरूमा रोपवे निर्माण तथा संचालनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

**७.७ घोडेटो, गोरेटोः**

- घोडेटो गोरेटो बाटोको निर्माण तथा संभार कार्य जनसहभागिता परिचालनको माध्यमबाट स्थानीय सीप, साधन तथा श्रमको अधिकतम उपयोग हुने गरी स्थानीय निकाय मार्फत गरिनेछ ।

**७.८ झोलुंगे पुलः**

- मुख्य मार्गमा पर्ने झोलुङ्गे पुलहरूको निर्माण एवं ती पुलहरूको मर्मत संभारमा स्थानीय निकाय समेतलाई संलग्न गराइने छ ।
- स्थानीय झोलुङ्गे पुलहरूको निर्माण तथा संभार कार्यमा जनसहभागिता परिचालन गरी स्थानीय सीप, साधन तथा श्रमको अधिकतम उपयोग गरिनेछ ।

# वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१

## १ पृष्ठभूमि :

जलविद्युतको दृष्टिकोणले नेपाल महत्वपुर्ण देशको रुपमा विश्वभर चिनिन्छ । जहाँ हिमाल, पहाड हुँदै तराई तर्फ बगिरहने ६,००० भन्दा वढी नदी नालाहरु बाट ४३,००० मेघावाट भन्दा बढी विद्युत फाइदाजनक रुपमा उत्पादन गर्न सकिने सम्भावना रहेको अनुमान गरिएको छ । यसो हुदाहुदै पनि पर्याप्त मात्रामा जलविद्युत र विद्युतीय सवारी साधनको विकास र विस्तार हुन सकेको छैन । जल विद्युत र विद्युतीय सवारी साधनको विकास भएमा यसले राष्ट्रको आर्थिक, सामाजिक, समृद्धि हासिल गर्न सकिने प्रचुर सम्भावना देखिन्छ । तर खनिज इन्धनमा नेपाल परनिर्भर भैरहेको विद्यमान अवस्थामा यसको अन्वेषण भै रहेपनि भरपर्दो परिणाम प्राप्त भई नसकेको अवस्था र विगतमा जलविद्युतमा प्रर्याप्त विकास हुन नसकेको कारणले लोडसेडिङ्ग लगायत खनिजजन्य इन्धनको समस्या भोग्नु परेको छ । अर्को तर्फ बढ्दो शहरीकरण र दिन प्रति दिन यातायातको साधनको वृद्धिले गर्दा खनिज इन्धनको माग तीब्र रुपमा बढिरहेको छ ।

खनिज इन्धनको विश्वव्यापी बढ्दो उपभोग र आकासिदै गएको मूल्य एवं यसको सिमितताको कारणले गर्दा नेपालको कुल निर्यातवाट प्राप्त गर्ने वैदेशिक मुद्रा बराबरको रकम वर्षेनि यसको लागि खर्च गर्दा पनि नधान्ने अवस्था सिर्जना भै सकेकोले यसको विकल्पको लागि विद्युत र विद्युतीय सवारीको विकासमा शिघ्र जोड दिनु पर्ने आवश्यकता रहेको छ । विगतमा ट्रली बस र ६०० वटा भन्दा बढी सफा टेम्पो संचालनमा ल्याइएको भएता पनि यसको सही रुपमा व्यवस्थापन हुन नसकेको कारणले ट्रली बस बन्द हुन पुग्यो भने सफा टेम्पो लगायत अन्य विद्युतीय सवारी तथा यातायातको साधनको पनि पर्याप्त विकास हुन सकेन ।

विगतमा खनिज इन्धनवाट सञ्चालन हुने सवारी साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधनको रुपमा रुपान्तरण गर्ने निजी क्षेत्रको प्रयासलाई समयानुकुल प्रोत्साहन तथा प्राथमिकता पुर्याउन नसक्नु, सरकारी क्षेत्रबाट पनि पर्याप्त ध्यान पुग्न नसक्नु सम्बद्ध पक्षहरु बीच पनि साझेदारीको कमी रहनु विद्युतीय लगायत कम इन्धन खपत र कम प्रदुषण गर्ने वैकल्पिक वा नविकरणीय उर्जावाट सञ्चालन हुने वातावरणमैत्री सवारी तथा यातायात नीति लगायत कानूनी पक्षको कमी रहनुले वातावरणमैत्री तथा विद्युतीय यातायातको व्यवस्था (Electricity Based Transport System) को यथोचित विकास हुन नसकेको पाइन्छ । छिमेकि लगायत अन्य देशले वैकल्पिक उर्जाको विकासमा जोड दिई प्रचुर मात्रामा वातावरण मैत्री विद्युतीय सवारी तथा यातायातको सफल विकास गरिरहेको अवस्थालाई मध्यनजर राख्दा नेपालमा पनि वैकल्पिक का नवीकरणीय उर्जाको पर्याप्त उपलब्धताको सम्भावना रहेकोले प्राथमिकताका साथ यसको विकासमा ध्यान दिनु पर्ने अवस्था रहेको छ ।

यातायात क्षेत्रमा प्रयोग हुने खनिज इन्धनबाट हुने मुद्रा वर्हिगमन, वैदेशिक निर्भरता, वातावरण प्रदुषण, विश्वमा भएको जलवायु परिवर्तनको सन्दर्भमा, विश्व उष्णीकरण, हरित ग्याँसहरु तथा हानिकारक कणजन्य तत्वको उत्सर्जन गर्ने विषयहरु जस्ता कार्यमा यातायात क्षेत्रवाट वातावरणमा उत्पन्न हुने नकारात्मक असरहरुलाई न्यूनिकरण गर्दै हरित विकास गर्नुपर्ने आवश्यकता भएको छ । स्वदेशी सीप र प्रविधिको प्रयोगबाट देशमा उपलब्ध हुने उत्पादनका साधन र स्रोतको समुचित व्यवस्थापन तथा उपयोगद्धारा संरक्षण एवं प्रर्वद्धन गर्दै नीजि, सार्वजनिक, साझेदारी, सहकारी, सरकारी र स्वदेशी तथा विदेशी लगानीलाई परिचालन गरी व्यवस्थित रुपमा औद्योगिकरणको प्रक्रियालाई तीव्र बनाई आवश्यक पूर्वाधारको निर्माण तथा विकास गरी सफा शहर कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन एवं व्यवस्थित गर्दै उत्पादन तथा रोजगारीको अवसर वृद्धि गरी आर्थिक समृद्धि हासिल गरी राष्ट्रिय अर्थतन्त्रमा सबल, गतिशील तथा प्रतिस्पर्धी, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु आजको आवश्यकता रहेको

छ।  संविधानले परिकल्पना गरे बमोजिम समावेशी समाजको लागि समेत दिगो यातायातको प्रर्वद्धनले कोशेढुंगाको कार्य गर्दछ । नेपालको त्रि-वर्षीय योजना (२०६७/०६८ तथा २०६९/०७०) ले सार्वजनिक यातायातलाई भरपर्दो, सुरक्षित, वातावरणमैत्री तथा सर्वसाधारणको पहुँचमा पुचाई रोजगारीको सृजना गर्नुका साथै आर्थिक विकासमा टेवा पुयाउने गरी विकास लक्ष्य लिएको छ ।  खनिजजन्य इन्धनको प्रयोगमा कमी गर्दै परनिर्भरता कम गर्ने खालको वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकास र राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गर्न तत्काल, अल्पकालीन र दीर्घकालिन लक्ष्य र उद्देश्य सहित नीतिगत तथा कानूनी व्यवस्थाको आवश्यकता महशुस गरिएकोले यो नीति तर्जुमा गरिएको छ ।

**२ परिभाषा तथा व्याख्या :**

२.१ विषय वां प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा "वातावरणमैत्री सवारी तथा यातायातका साधन" भन्नाले यातायात क्षेत्रमा प्रयोग / उपयोग, उत्पादन एवं सञ्चालनबाट वातावरणमा हुने प्रदुर्षणले मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुहरु माथि हुने प्रतिकुल प्रभावलाई कमगरी वायुमण्डलमा हुने धुवा तथा अन्य हानिकारक कणजन्य तत्व रहित वा न्यूनहुने अथवा नेपाल सरकारले तोकेको प्रदुर्षण मापदण्ड भन्दा न्युन प्रदुर्षण गर्ने वैकल्पिक वा नवीकरर्णीय उर्जावाट संञ्चालन हुने यात्रीवाहक तथा मालवाहक सवारी तथा यातायातका साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधन बुझनु पर्दछ ।

जस्तै : विद्युत संचित गरी वा उत्पादित विद्युत प्रयोग गरी संचालन हुने विद्युतिय सवारी तथा यातायातका साधनहरु (विद्युतिय साइकल, मोटर साइकल, स्कूटर, रिक्सा, टेम्पो, ट्राइसाइकल, कार, बस, ट्राम, ट्रलीबस, रज्जुमार्ग (केवलकार), विद्युतिय रेल लगायत सौर्य उर्जा, वायुउर्जा, जैविक उर्जा,

बायोमास उर्जा, फ्युलसेल, ग्याँस आदि) जस्ता वैकल्पिक वा नवीकरणीय उर्जावाट संचालन हुने तथा विद्युत, इन्धन वा ग्याँस वा अन्य दुवै वाट संञ्चालन हुने भई कम इन्धन र कभ प्रदुर्षण गर्ने हाइब्रीड तथा यस्तै प्रकारका सवारी साधन र नेपाल सरकारले वातावरणमैत्री सवारी तथा यातायातका साधन भनी तोकिएका समेतलाई बुझ्नुपर्दछ ।

२.२ व्याख्या :- कुनै विषय वा शब्द अस्पष्ट र यस नीतिसँग सम्बन्धित भएमा तर नीलि ऐन, नियम, कार्यबीधि निर्देशिका आदिमा परिभाषित नभएमा त्यसलाई बातावरणमैत्री सवारी तथा यातायात कार्य समितिले परिभाषित वा व्याख्या गरी केन्द्रिय बातावरणमैत्री सवारी तथा यातायात संचालन समितिवाट निर्णय भई स्वीकृति भएको परिभाषा वाव्याख्यालाई बुझ्नुपर्छ ।

**३ विगतका प्रयास :**

नेपालमा विद्युतीय यातायातको शुरुवात गर्ने पहिलो प्रयासको रुपमा धोर्सिङ मातातिर्थ मालवाहक रज्जुमार्गको स्थापना भएको थियो । तत्पश्चात बारपाक लगायत विभिन्न स्थानमा मालवा रज्जुमार्गको स्थापना भएता पनि यात्रुवाहक रज्जुमार्ग भने पहिलो पटक २०५५ सालमा कुरिनटार देखि मनकामना सम्म मनकामना केवलकार को रुपमा आरम्भ भएको देखिन्छ । तर विद्युतीय मालवाहक रज्जुमार्ग संचालनमा विभिन्न व्यवधान आई सुचारु रुपमा संचालन हुन सकेको छैन ।

विगतमा काठमाडौ उपत्यकामा विद्युतीय ट्रलीबस र सफा टेम्पो जस्ता वातावरणमैत्री सवारी तथा यातायातको साधनको विकासमा नेपाल सरकारले जोड दिएको देखिन्छ । मित्र राष्ट्र चीनको सहयोगमा वि.सं. २०३२ सालमा २२ वटा ट्रली बस र त्यसका लागि आवश्यक पूर्वाधारहरुको निर्माण भएपछि नेपालमा विद्युतीय सवारी साधनको शुरुवात भएको पाइन्छ । सो ट्रली बसको

सेवा काठमाडौंको त्रिपुरेश्वरदेखि भक्तपुरको सुर्यबिनायक सम्म १३ कि. मि. को रुटमा चलेको थियो । यसले सस्तो र सर्वसुलभ सेवा प्रदान गर्दै आएको भएता पनि व्यवस्थापनमा देखिएका विविध कमजोरीको कारणले गर्दा सो सेवाले निरन्तरता पाउन सकेन ।

नेपाल सरकार र राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न संस्थाहरुको सहयोगबाट वि.सं. २०५६ सालमा विद्युतीय सवारीसाधनको रुपमा सफा टेम्पो संचालनमा आएता पनि यसले वृहत व्यवसायिक रुप लिन पूर्णरुपमा सफल हुन सकेको छैन । सफा टेम्पो चल्ने रुटमा खनिजजन्य इन्धनवाट संचालन हुने सवारी साधनको चाप तथा वढ्दो लोडसेडिङका कारणले सफा टेम्पोको पर्याप्त संख्यामा विकास हुन सकिरहेको छैन । साथै, विद्युतीय सवारीसाधन आयात गर्दा व्याट्रीवाट संचालित सवारीलाई विद्युतीय साधनको रुपमा मान्यता दिने स्पष्ट नीति नभएकोले समस्या देखा परेको थियो । यसरी स्पष्ट विद्युतीय सवारी साधन तथा रुपान्तरण सम्बन्धी नीति एवं कानुनी व्यवस्थाको अभावमा पेट्रोल, डिजेलका सवारी साधनलाई ग्याँसमा वा पेट्रोल, डिजेल र ग्याँसका सवारी साधनलाई विद्युतिय, हाइब्रिड वा अन्य नवीकरणीय वा बैकल्पिक उर्जामा रुपान्तरण गर्ने नीजि क्षेत्रको प्रयास पनि नीति, ऐन, कानुन र प्रोत्साहनको अभावमा अगाडि वढ्न सकिरहेको छैन । तैपनि वातावरण प्रतिको जनचेतनाको कारणले यसको लोकप्रियतामा केही बृद्धि भएको आभास हुन्छ ।

राष्ट्रिय नीति तथा कानूनी व्यवस्थामा विद्युतीय यातायातको विकास, प्रवर्द्धन तथा सम्वर्द्धन गर्ने कुराहरु उल्लेख गरेको भएता पनि स्पष्ट रुपमा व्यबस्था भएको पाइदैन। हुनत छैठौ, सातौ र आठौ पञ्च वर्षीय योजनामा ट्रली बस र बिद्युतीय रेलको विकासमा जोड दिएको छ। साथै नवौ योजनामा बीस वर्षे

यातायात बिकास दुरदृष्टीको कार्यक्रम लिएको छ । यस्तै गरी काठमाडौं उपत्यकाको वातावरण प्रदुषण कम गर्न ट्रली बस विस्तार गर्न र व्याट्रीबाट संचालित सवारी साधनलाई प्रयोग गर्न प्रोत्साहन गर्ने उल्लेख हुनुको अलवा दशौ योजनामा विद्युतीय सवारी साधन र अन्य स्वच्छ उर्जाबाट संचालित सवारीसाधनलाई व्यापक रुपमा विस्तार गर्ने नीति समेत रहेको छ। यसै सन्दभमा राष्ट्रिय यातायात नीति, २०५८ ले देशभर विद्युतीय यातायात सेवा विस्तार गर्न, प्रदुर्षणमुक्त सवारी साधनलाई कर तथा बिभिन्न शुल्कहरुमा निश्चित अबधिका लागि छुट दिने व्यवस्था समेत गरेकोछ ।

आर्थिक ऐन, २०५३ मा सफा टेम्पोको चेसिस वा चेसिस सहितको इन्जिन र टेम्पोको पार्टपुर्जा आयात गर्दा १ प्रतिशत भन्सार दस्तुर लिने र बिक्री कर (टेम्पो उत्पादन र निर्यात गर्ने उद्योगमा) छुटको व्यवस्था भएको थियो । सोहि ऐनले टेम्पो बाहेकका सवारी साधनमा ५ प्रतिशत भन्सार दस्तुर र चेसिस र चेसिस सहित इन्जिन, मोटर, एकुमुलेटर व्याट्री, व्याट्री चार्जर र अन्य पार्टपुर्जामा बिक्री कर छुटको व्यवस्था पनि गरेको थियो । साथै अन्य सम्पूर्ण विद्युतीय, व्याट्री र ग्याँसजन्य सवारी साधनमा १० प्रतिशत भन्सार दस्तुरमा छुट र विक्री करमा पूर्ण छुट दिने व्यवस्था समेत गरेको देखिन्छ । यातायात व्यवस्था कार्यालयमा दर्ता गरिएका पेट्रोल र डिजेलबाट संचालन हुने टेम्पोहरु विद्युतीय सफा टेम्पोमा रुपान्तरण गर्न चाहने सवारीसाधन धनीहरुलाई पार्टपुर्जा आयातमा १ प्रतिशतको भन्सार दस्तुर र बिक्री कर छुट मिनाहा दिने व्यवस्था गरिएको थियो । यसै गरी आ.व. २०६६/६७ देखि विद्युतीय सवारी साधनको अन्तशुल्क र सवारी कर पुर्ण छुट दिइएको छ । सोहि ऐनले बिक्री हुने प्रति लिटर पेट्रोल र डिजेलमा ५० पैसा बराबरको प्रदुर्षण करको व्यवस्था समेत भएको पाइन्छ ।

वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावलीको व्यवस्थाले प्रदुर्षण मुक्त उद्योग र प्रविधिलाई अतिरिक्त सुविधा र सहुलियत दिने व्यवस्था गरेको छ, भने सरकारले प्रदुषण मुक्त सवारीसाधनलाई छुट्टै रुटको व्यवस्था गरि प्रश्रय दिइएको पाइन्छ । साथै पेट्रोल तथा डिजेलका सवारी साधनलाई पनि एल.पि. ग्यासमा रुपान्तरण गर्दा तुलनात्मक रुपले वातावरण मैत्री हुनुको अतिरिक्त इन्धन किफायती हुने हुँदा यस्तो कार्यलाई विभिन्न समयमा ग्यासमा रुपान्तरण गर्न स्वीकृति दिइएको पनि देखिन्छ ।

तत्कालिन संविधान सभा व्यवस्थापिका संसदको अर्थ र श्रम सम्वन्ध समितिले विद्युतीय सवारीको विकास गरी राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक नीति र कार्यनीति बनाई लागू गर्ने सन्दर्भमा नेपाल सरकार सम्बन्धित निकायलाई निर्देशन गरेको थियो। साथै सोहि समितिले सरकारी कार्यालयबाट लिलाम गर्ने गाडीहरुलाई मापदण्ड तयार गरी विद्युतीय सवारी साधनमा रुपान्तरण गर्ने तथा हाइब्रिड सवारी साधनको सन्दर्भमा पनि आवश्यक नीति तथा कानून बनाई लागू गर्न निर्देशन समेत गरेको थियो ।

**४) वर्तमान स्थिति :**

नेपालमा विद्युतीय यातायातको शुरुवात दशकको पहिले भए पनि छसय भन्दा वढि सफा टेम्पो, पन्ध्रसय भन्दा वढि दुई पाङग्रे सवारी साधन, एक सय भन्दा बढि कार र केही माइक्रो बस तथा हाइब्रिड कार एवं एक यात्रुवाहक रज्जुमार्ग र केही मालवाहक रज्जुमार्ग मात्र संचालनमा रहेका छन । तर विगतमा स्पष्ट नीति र कानुनको अभावले गर्दा विद्युतीय सवारी साधनसंग सम्बन्धित पक्षहरुलाई न्यूनतम रुपमा पनि प्रर्वद्धन गरी विकास गर्न नसकिएको अवस्था छ । स्वदेशी उद्योगहरु दुईवटा वाहेक अन्य वन्द हुन पुगे, साथै

वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने कार्यहरु पनि अलपत्र अवस्थामा रहेका छन ।

अर्को तर्फ खनिज इन्धनका सवारी साधन उत्पादन गर्ने विभिन्न देशका कम्पनीहरुले विद्युतीय सवारी साधनको परिक्षण गरी व्यवसायिक उत्पादन गर्न थालिसकेको अवस्था छ । यस कुरालाई विचार गर्दा नेपालको सन्रदभमा बदलिदो परिस्थिति, खुला आर्थिक अवस्था, खनिज इन्धनको वढ्दो मुल्य, खस्कदो वातावरणको स्तर, जलविद्युतको प्रचुर सम्भावना र यसको स्वदेश मै खपत हुने अवस्था रहेकाले वातावरणमैत्री सवारी तथा यातायातका साधन सम्बन्धी कार्यलाई यथाशिघ्र प्रर्वत गर्नु पर्ने जरुरी भएकोछ ।

**५) समस्या र चुनौति :**

वातावरणमैत्री सवारी तथा यातायातको संख्या र बजार अपेक्षित रुपमा विस्तार हुन नसक्नु नियमित रुपमा हुने लोडसेडिङले गर्दा विद्युतीय सवारी साधनको ब्याट्री चार्ज गर्न नसक्नु, ठुला तथा साना विद्युतीय सवारी साधनसंचालन हुन सक्ने स्थानहरुमा चाजिङ्ग स्टेशनको लागि उपयुक्त स्थान तथा विद्युत आपूर्तिको उचित व्यवस्था हुन नसक्नु, टेम्पोको चार्जिङ्ग स्टेशन वाहेक हाल अन्य विद्युतीय सवारी साधनको लागि चार्जिङ्ग स्टेशनको पनि अभाव रहनु सम्बद्ध निकायवाट यस सम्बन्धी प्रशिक्षणको व्यवस्था पनि हुन नसकेको र यी कुराहरुलाई उचित प्रर्वद्धन गर्नको लागि स्पष्ट नीतिको समेत अभाव रहेकोले यी समस्याको रुपमा देखिएका छन् । साथै रज्जुमार्ग निर्माणको लागि आवश्यक पर्ने एकद्धार नीतिको अभाव, भौतिक पुर्वाधार लगायत जग्गा प्रासिमा समेत समस्या रहेको छ । यसले गर्दा वातावरणमैत्री सवारी तथा यातायातका साधनको सेवा र उद्योग एवंम व्यवसायमा नै प्रत्यक्ष रुपमा असर पारेको छ । यसको प्रोत्साहनको लागि पर्याप्त नीति तर्जुमा गर्न नसकिएको

कारणले वातावरण मैत्रीसवारी तथा यातायातको विकास, प्रोत्साहन र प्रवर्द्धन हुन सकेको छैन ।

विद्यमान अवस्थामा हालको प्रविधिले वातावरणमैत्री सवारी तथा यातायात अत्याधिक महंगो, व्यादि, चार्जर, सवारी साधन/पार्टपूर्जा आयत गर्न अस्वस्थ प्रतिस्पर्धा हुने अवस्था, व्याट्रि र इन्धन वा व्याट्रि र ग्यासलाई सम्मिश्रण गरि इन्धन कम गरि सस्तो बनाउने प्रविधि पनि पुर्ण विकास हुननसकेको, विद्युत उत्पादनको अवस्था कमजोर रहेकोले विद्युत संकट व्यापक भएकोले संचालित विद्युतीय यातायातको गुणस्तरमा वृद्धि, उत्पादनमा उद्यमीलाई आकर्षण तथा आम जनमानसमा विद्युतीय सवारी साधन प्रतिको सकारात्मक दृष्टिकोणमा वृद्धि गर्नु चुनौतीको रुपमा रहेको छ । समय समयमा विद्युतीय सवारी साधनलाई दिइदै आएको सुविधाहरु निरन्तरता नहुनु, दिइएको सुविधा पनि सहज रुपमा उपलब्ध हुन नसक्नु, दुई तथा तीन पाङग्रे लगायत विद्युतीय सवारी साधनको हकमा छुटै वर्गिकरण, मापदण्ड निर्धारण गर्ने परिक्षण संयन्त्र नहुनु, दर्ता प्रकृयामा उपयुक्त व्यवस्था हुन नसक्नु, वातावरणमैत्री सवारी तथा यातायातका साधनको संचालनका लागि छुट्टै रुटको व्यवस्था गर्न नसक्नु, भएकालाई पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु, यातायात क्षेत्रमा अदृश्य रुपमा सिन्डीकेड प्रणालीको निर्मुल हुन नसेको, अस्वच्छ ढंगवाट बोलबालाको मात्र रुट एकाधिकार हुनु, सडकको प्रकृति तथा सवारीको गति र भार क्षमता अनुसारको सडकको वर्गिकरण र सो अनुसारको सवारी साधनको रुट नछुटियाउनु, सडकको क्षमता र जनधनत्व अनुसारको आवश्यक पर्ने सवारी साधनको संख्या एकिन गरी वैज्ञानिक ढंगवाट रुट दिने व्यवस्था नहुनु । प्रदुर्षण तथा जाँच पास, फिटनेस् प्रभावकारी नहुनु । सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली समयअनुकुल सुधार तथा परिमार्जन हुन नसक्नु। सवारी साधन आयत तर्फ मात्र ध्यान दिनु, र त्यसमा

पनि भौगोलिक अवस्थितिको आधारमा उपयूक्त हुने खालको नहुनु । स्वदेशमा उत्पादन तथा सञ्चालन तर्फ कुनै ध्यान नदिनु तथा व्याट्री लगायत अन्य पार्टपुर्जा यन्त्र वा उपकरण आदीको आपूर्ति र व्यवस्थापनको लागि राष्ट्रियस्तरबाट प्रयास नहुनु चुनौतीको रुपमै रहेको छ ।

**६) नयाँ नीतिको आवश्यकता :**

वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन, आयात, दर्ता तथा संचालनमा रहेका विभिन्न समस्या तथा चुनौतिको सामना गर्न हाल चालिएका प्रयासहरूलाई सफल पार्न, राष्ट्रिय स्रोत र साधनको यथोचित उपयोग गरी राष्ट्रलाई आत्मनिर्भर बनाउन र राष्ट्रिय यातायात नीति २०५८ ले नसमेटेका विषयहरुलाई समेत समेटी उपयुक्त वातावरणमैत्री सवारी तथा यातायातका साधनको विविध पक्षहरुलाई सम्बोधन गर्नको लागि देहाय बमोजिम नीतिको आवश्यक रहेकोछ ।

क) संस्थागत व्यवस्थाबाट वातावरणमैत्री सवारी तथा यातायातका साधनको क्षमता अभिवृद्धि, प्रविधि विकास र प्रर्वद्धनमा जोड दिन,

ख) देशको आवश्यकता र अर्थतन्त्रको गतिशिलताको लागि उपयुक्त हुने खालका वातावरणमैत्री विद्युतिय, लगायत सौर्य उर्जा, वायुउर्जा, जैबिक उर्जा, वायोमास उर्जा, फ्युलसेल, ग्याँस आदि कम इन्धन खपत तथा कम प्रदुर्षण हुने ग्याँस हाइविड, जस्ता वैकल्पिक वा नवीकरणीय उर्जालाई यातायात क्षेत्रमा उपयोग तथा देशको भौगोलिक अवस्थितिको आधारमा उपयूक्त हुने वातावरणमैत्री सवारी तथा यातायातका साधनको सञ्चालन, विकास र विस्तार एवं राष्ट्रिय उत्पादनलाई प्राथमिकता प्रोत्साहन, प्रवर्द्धन र संरक्षण गर्न,

ग) वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकासको लागि आवश्यक भौतिक तथा प्राविधिक पूर्वाधार एवं कानुनी व्यवस्था को निर्माण गर्न,

घ) खनिज ईन्धनवाट सञ्चालित सवारी साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधनमा रुपान्तरणको लागि यसलाई आवश्यक पर्ने कानूनी, प्राविधिक तथा भौतिक पूर्वाधारको व्यवस्था गरी वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकास एवं विस्तारको लागि प्रोत्साहन गरी उत्पादन र संचालनमा जोड दिन,

ङ) जलवायु परिवर्तनको सन्दर्भमा विश्व उष्णीकरण (विश्वव्यापी तापक्रममा वृद्धि), हरितगृह ग्याँसहरु तथा हानिकारक कणजन्य तत्व (Particulate Matter) उत्सर्जन गरिएको कार्यमा यातायात क्षेत्रवाट वातावरणमा हुने नकारात्मक असरलाई न्युनिकरण गर्न वातावरणमैत्री सवारी तथा यातायातका साधनहरुवाट कार्बन उत्सर्जनमा न्युनिकरण गराउन र कार्बन व्यापारलाई बढावा दिई उपलब्ध चुनौति र अवसरको उपयोग गरी गरिबी न्युनिकरण तथा दिगो आर्थिक विकास लक्ष्य पुरा गर्दै हरित विकासमा योगदान गर्न,

च) वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकास र यसको राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गरी अल्पकालीन, मध्यकालिन र दीर्घकालिन लक्ष्य र उद्देश्य सहित नीतिगत तथा कानूनी व्यवस्था गर्न ।

## ७) वातावरणमैत्री सवारी तथा यातायात नीतिको दूरदृष्टि, परिदृष्टि, लक्ष्य तथा उद्देश्य

### ७.१ दूरदृष्टि (Vision)

सबैको आवतजावत गर्न पाउने मौलिक अधिकारको संरक्षण र अर्थतन्त्रको गतिशिलताको लागि नेपाल राज्यभरि सुरक्षित, सुविधायुक्त, सुलभ र भरपर्दो वातावरणमैत्री सवारी तथा यातायात सेवाको उच्चतम उपयोग गरि देशको दिगो आर्थिक सामाजिक तथा वातावरर्णीय विकास हासिल गर्ने ।

### ७.२ परिदृष्टि (Mission)

राष्ट्रको दीगो सामाजिक, आर्थिक तथा वातावरणीय विकासको लागि यातायात क्षेत्रमा विद्युतिय लगायत नविकरणीय वा वैकल्पिक उर्जाको अधिकतमा उपयोग गरी वातावरणमैत्री सवारी तथा यातायातका साधनको तीव्र विकास र विस्तार, उपयोग, नियमन र व्यवस्थापन सुनिश्चित गर्ने ।

### ७.३ लक्ष्य (Goal)

७.३.१ राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गरी विद्युतीय लगायत नविकरणीय वा वैकल्पिकउर्जाबार संचालन हुने वातावरणमैत्री सवारी तथा यातायातको साधनको विकास र विस्तारमा जोड दिने,

७.३.२ स्वच्छ तथा सफा बातावरण बनाई हरित शहरको विकासको लागि बिद्युतीय लगायल नविकरणीय वा वैकल्पिकउर्जावाट संचालन हुने वातावरणमैत्री सवारी तथा यातायातका साधनको पूर्वाधार विकासलाई प्राथमिकता दिने,

७.३.३ वातावरणमैत्री सवारी तथा यातायातका साधनको उद्योग व्यवसाय तथा प्रविधिलाई प्रवर्द्धन गरी अर्थतन्त्रमा राष्ट्रिय विकासका आधारहरु निर्माण गर्ने,

७.३.४ देशमा उपलब्ध स्रोत साधन र प्रविधिको समुचित उपयोग गरी खनिज इन्धनवाट सञ्चालित सवारी साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधनमा रुपान्तरण गरिवातावरणमैत्री सवारी तथा यातायातका रुपमा संचालनमा ल्याउने,

७.३.५ देशको दिगो, आर्थिक तथा सामाजिक विकासमा योगदान पुई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न।

७.३.६ वातावरणमैत्री सवारी तथा यातायातका साधनको अधिकतम प्रयोग मार्फत खनिजजन इन्धनको प्रयोग एवं सवारी उत्सर्जन (Vehicle Emission) बाट हुने विश्व उष्णीकरण, हरितगृह ग्याँसहरु तथा हानीकारक कणजन्य तत्व कार्बन उत्सर्जनमा कमी ल्याई वायु प्रदुर्षणलाई न्यूनीकरण गरी वातावरण संरक्षणमा योगदान पुयाउने ।

७.३.७ वि.स. २०७७ (सन् २०२०) सम्ममा समग्र सवारी तथा यातायातको साधनको कम्तीमा २० प्रतिशत वातावरणमैत्री सवारी तथा यातायातका साधनहरुलाई संचालनमा ल्याईने व्यवस्था गर्ने ।

७.४ उद्देश्य (Objectives)

७.४.१ वातावरणमैत्री सवारी तथा यातायातका साधनको सुरक्षित, सुविधायुक्त, सुलभ, भरपदों, संचालन, विकास, विस्तार, राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिई प्रोत्साहन एवं प्रवर्द्धन गर्ने,

७.४.२ देशको आवश्यकता र अर्थतन्त्रको गतिशिलताको लागि उपयुक्त हुने खालका वातावरणमैत्री विद्युतिय, कम इन्धन खपत हुने हाइब्रिड, कम प्रदुर्षण हुने ग्याँस लगायत, वैकल्पिक वा नवीकरणीय उर्जालाई उपयोग तथा देशको भौगोलिक अवस्थितिको आधारमा उपयूक्तहुनें वातावरणमैत्री विद्युतिय लगायत

वैकल्पिक वा नवीकरणीय उर्जावाट सञ्चालन हुने यातायातको साधनहरुमा रुपान्तरण, उत्पादन तथा सञ्चालनमा प्रोत्साहन तथा प्रवर्द्धन गरी, विकास र विस्तारगर्न आवश्यक भौतिक पूर्वाधार निर्माण र आवश्यक कानुनी व्यवस्था गर्न ।

७.४.३ खनिजजन्य इन्धनको प्रयोग हुने यातायातका साधनमा कमी ल्याई वातावरणमैत्री यातायातका साधनहरुको उपयोग बढाई वायु प्रदुषणलाई न्यूनिकरण गर्दै दिगो वातावरण संरक्षरणमा योगदान पुयाउने ।

७.४.४ वातावरणमैत्री सवारी तथा यातायातसंग सम्बन्धित उद्योग व्यवसायको विकास र प्रवर्द्धन गरी स्वदेशमै प्रविधि विकास तथा रोजगारीको अवसरहरु अभिवृद्धि गर्ने ।

**८) नीति (Policy) :**

८.१ वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकासका लागि आवश्यक कानूनी तथा भौतिक एवं प्राविधिक पूर्वाधारको निर्माण गरिनेछ,

८.२ वातावरणमैत्री सवारी तथा यातायातका साधनको साधनको संचालन, विकास र विस्तार गरी राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिई यस क्षेत्रको समग्र विकासलाई प्रोत्साहन तथा संरक्षण गरिनेछ,

८.३ सरकारी तथा गैर सरकारी संघ सस्था, कुटनैतिक नियोग, व्यक्ति विशेषद्धारा प्रयोग भईरहेका, संचालनमा रहेका तर मर्मत खर्च वढी लाग्ने खालका, विभिन्न कारणले संचालनमा नरहेका वा लिलाम गर्नुपर्ने वा अन्य कुनै कारणले विक्रि वितरण हुने सवारी साधानलाई प्राविधिक रुपले संभव भएसम्म विद्युतिय सवारी साधनमा रुपान्तरण गरी संचालनमा ल्याउन प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ । साथै सरकारी तथा गैर सरकारी संघ सस्था, कुटनैतिक नियोग आदीमा सवारी

साधनहरु खरिद गर्दा स्वदेशमा उत्पादित तथा रुपान्तरित वातावरणमैत्री सवारी तथा यातायातको साधनलाई पहिलो प्राथमिकतामा राखि वातावरणमैत्री सवारी तथा यातायातका साधनका खरिद गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाई क्रमश तिव्र रुपमा वृद्धि गर्दै लगिनेछ ।

८.४ वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन, संचालन तथा स्वदेशी उद्योग व्यवसायको संरक्षण प्रवर्द्धन एवं विकासको लागि केन्द्रीयस्तरमा एउटा "केन्द्रीय वातावावरणमैत्री सवारी तथा यातायात संचालन समिति", एउटा "वातावरणमैत्री सवारी तथा यातायात कार्य समिति" तथा स्थानिय स्तरमा आवश्यकता अनुसार "वातावरणमैत्री सवारी तथा यातायात व्यवस्थापन समिति"गठन गरिने छ ।

८.५ वातावरणमैत्री सवारी तथा यातायातका साधनको दर्ता, अभिलेख, नियन्त्रण, नियमन कार्यको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय वा अन्रतगत स्थायी संगठनका रुपमा कार्यलय स्थापना गरिनेछ ।

८.६ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय वा अन्रतगत वातावरणमैत्री सवारी तथा यातायात साधनको विकासका लागि अध्ययन, अनुसन्धान, परिक्षण र यस प्रकारका साधन तथा स्वदेशि उद्योग व्यवसायको स्तर उन्नति, संरक्षण तथा प्रवर्दन, विस्तार एवं दक्ष जनशक्ति विकास परिचालन योजना र पूर्वाधार विकास आदिको लागि वातावरणमैत्री सवारी तथा यातायात विकास कोष स्थापना गरिने छ ।

८.७ वातावरणमैत्री सवारी तथा यातायात प्रणालीको विकासका लागि स्वदेशमा रुपान्तरित तथा उत्पादित सवारी साधनलाई प्राथमिकता राखि यस प्रकारका सवारी साधनहरुलाई मात्र विशेष स्थान तोकि वैज्ञानिक रुट व्यवस्थापन गरि सार्वजनिक यातायातको रुपमा सञ्चालनमा ल्याइने छ । हाल भएका

प्रदुर्षणयुक्त र प्रदुर्षण रहित तथा गति अनुसारको यातायातका साधनहरुलाई छुट्टा छुट्टै वैज्ञानिक रुटहरुको व्यवस्थापन गरि सञ्चालनमा ल्याईनेछ ।

८.८ नेपाल सरकारले तोके अनुसारका प्रदुर्षणयुक्त र प्रदुर्षणरहित वस्तुहरु छुट्याई कुनै पनि हानिकारक र प्रदुर्षणयुक्त वस्तुहरुको उचित वातावरणमैत्री व्यवस्थापन गरिने छ ।

८.९ सौर्य उर्जा, फ्युल सेल (Fuel Cell) जस्ता नविकरणीय वा बैकल्पिक उर्जावाट संचालन हुने सवारी साधन प्रवर्द्धन, विकास, विस्तार र परिक्षणको लागि उपयुक्त वातावरणको सिर्जना गरिनेछ । त्यस्ता नवीकरर्णीय उर्जा (Hydrogen Fuel Cell) जस्ता वातावरणमैत्री सवारी तथा यातायातका साधनको अनुसन्धान तथा विकास गर्न निजि, सहकारी, सार्वजनिक र साझेदारी संस्थालाई सुविधा सहुलियत दिने व्यवस्था गरिने छ ।

**९) रणनीति र कार्यनीति :**

यस नीतिलाई कार्यान्वयन गर्नको लागि देहाय बमोजिमको रणनीति र कार्यनीति अवलम्वन गरिनेछ

९.१ वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकास र उत्पादनलाई प्राथमिकता :

वातावरणमैत्री सवारी तता यातायातका साधनको तथा यातायातका साधनका संचालन विकास र विस्तार गरी राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिई यस क्षेत्रको समग्र विकासलाई प्रोत्साहन, संरक्षण तथा प्रवर्दन गर्ने नीति कार्यान्वयन गर्ने देहाय अनुसारको रणनीति र कार्यनीति अवलम्वन गरिनेछ ।

९.१.१ वातावरणमैत्री सवारी तथा यातायातका साधनको राष्ट्रिय उत्पादनलाई प्राथमिकता दिई यस क्षेत्रको समग्र विकासलाई प्रोत्साहन, संरक्षण तथा प्रवर्द्धन गरिनेछ,

९.१.२ नेपाल सरकार तथा सरकारी स्वामित्वका निकाय, संघ संस्थाहरुले सवारी साधन खरिद गर्दा स्वदेशमा उत्पादितलाई प्राथमिकता राखि वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई तीव्र वृद्धि गर्दै वि स. २०७७ (सन् २०२०) सम्ममा समग्र सवारीसाधनहरुको संख्यामा २० प्रतिशत भन्दा बढि संख्यामा वातावरणमैत्री सवारी तथा यातायातका साधनहरुको संचालन हुने व्यवस्था गरिनेछ ।

९.१.३ प्रचलित अर्थसंग सम्बन्धित कानूनहरु (आयकर ऐन २०५८, भन्सार ऐन २०६४, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्त शुल्क ऐन २०५८, आर्थिक ऐन आदी) मा नै छुट तथा थप व्यवस्था गरि स्वदेशमा उत्पादित, रुपान्तरित तथा सञ्चालित वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन, रुपान्तरण तथा सञ्चालन गर्ने उद्योग वा व्यवसायलाई प्रोत्साहन, सरक्षण, प्रवर्द्धनगरी वातावरण मैत्री सवारी तथा यातायात सञ्चालन प्रर्णालीको विकास गर्ने र वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई थप प्रतिस्पर्धी वनाई अधिकतम प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

९.१.४ वातावरणमैत्री विद्युतीय दुई पाङग्रे सवारी साधनलाई साइकल र मोटरसाइकलमा, ३ पाङग्रे विद्युतीय सवारी साधनलाई रिक्सा र टेम्पो वा ट्राईसाईकलमा वर्गिकरण गर्ने र शारीरीक रुपले भिन्न क्षमता राख्ने व्यक्तिले चलाउने तीन पांग्रे सवारी साधनहरु समेतको वर्गिकरण गरि

नियमन गरिने र यस्ता सवारी साधनलाई प्रवर्द्धन र संरक्षणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

९.१.५ स्वदेशमा उत्पादित वातावरणमैत्री विद्युतिय (साइकल, मोटर साइकल, रिक्सा, ट्राईसाईकल, टेम्पो, ट्याक्सी, कार, माइक्रो बस) आदिलाई प्राथमिकता दिदै वातावरणमैत्री सवारी तथा यातायातका साधनको साधनको लागि छुट्टै परिक्षण गरी दर्ता तथा संचालन सहित नियमन प्रकृया सहज गरि रोजगारी अभिवृद्धिको वातावरण सिर्जना गरिनेछ ।

९.१.६ वातावरणमैत्री सवारी तथा यातायातका साधनमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुको साथै सरकारी, साझेदारी, सार्वजनिक, सहकारी र निजी एंव संयुक्त लगानीका उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण निर्माण गरिनेछ ।

९.१.७ वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकासका लागि उत्पादन, सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी, उद्योग वा व्यवसायलाई प्राथमिकता प्राप्त क्षेत्रमा राखी बैंक एवं वित्तिय संस्थाहरुबाट आवश्यक ऋण सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

९.१.८ वातावरणमैत्री सवारी तथा यातायातका साधनमा दिएको सुविधाको उपयोगको अवस्थाको अनुगमन, नियमन, निरीक्षण प्रक्रियालाई व्यवस्थित, व्यवहारिक र प्रभावकारी वनाइनेछ ।

९.१.९ पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्बर्द्धनको लागि वातावरणमैत्री सवारी तथा यातायात

साधनहरुलाई सार्वजनिक यातायातमा संचालन गर्न जोड दिइ पर्यटन विकासलाई वढावा दिइनेछ ।

९.१.१० विद्युतिय सोलार, ग्याँस, हाईब्रिड आदि स्वच्छ उर्जावाट संचालन हुने बाताबरणमैत्री सवारी तथा यातायातका साधनको स्वदेशमै उत्पादन गर्न एसेम्बल उद्योगहरुलाई प्रोत्साहन गरी विद्युत/व्याट्री, सोलर, ग्याँस लगायतवाट ग्यास/विद्युत वा इन्धन/विद्युत सम्मिलित हाइब्रिड सवारी वातावरणमैत्री सवारी तथा यातायातका साधनको एसेम्बलीङ मार्फत एसेम्बलीङ उद्योग दर्ता गरी स्वदेशमै नयाँ प्रकृतिको बाताबरणमैत्री सवारी साधनलाई प्रोत्साहन तथा प्रर्वद्वन गरिने व्यवस्था मिलाइने छ । यस्ता प्रकारवाट संचालनमा आउने सवारी वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई प्रोत्साहन गर्न सहज एवं सरल तरिकाबाट दर्ता एवं रुट परमीट प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

९.१.११ स्वदेशमा जडित वा रुपान्तरित वा उत्पादित वातावरणमैत्री सार्वजनिक यातायातका साधनहरुको सञ्चालनमा आउने सवारी तथा यातायातका साधनलाई प्रोत्साहन गर्न एवं सरल तरिकावाट रुट परमिट तथा रुट व्यवस्थापन लगायतका नियमनका सरल उपायहरु गरिने छ । यस्ता सवारी साधनको सञ्चालन नीजि साझेदारी, सहकारी र सरकारी क्षेत्र सबैको लागि प्रोत्साहन गरिने छ । काठमाडौ उपत्यका भित्र सुरुमा केहि स्थानहरुमा नमुनाको रुपमा नेपालमा वनेका वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई मात्र रुट नम्बरहरु वैज्ञानिक तवरवाट तोकि यस्ता सवारी साधनहरुलाई मात्र सञ्चालनको व्यवस्था मिलाइने छ र यस्तो कार्यलाई क्रमश वृद्धि गर्दै काठमाडौ वाहिर पनि विस्तार गरिने छ ।

९.१.१२ सडकको प्रकृति तथा सवारीको गति र भार क्षमता अनुसार सडकको वर्गिकरण र सो अनुसारको सवारी निर्धारण गरी सवारी संख्या र समय एकिन गरि प्रत्येक वर्ष कुन अनुपातमा वृद्धि गर्ने हो सो व्यवस्था गरि, स्थानिय, छोटो, मध्यम र लामो दुरीमा सानो तथा मझौला सवारी साधनहरु तीन पाङग्रे, रिक्सा, टेम्पो, चार पाङग्रे (ट्याक्सी, माइक्रो बस, मिनिबस लगायत मालवाहक समेत आदी एवं ठुला बस तथा ट्रलीबस लगायत सघन यातायात (Mass Transport) समेतका वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई प्राथमिकतामा राखी सार्वजनिक यातायात संचालन गर्न जोड दिइनेछ ।

९.१.१३ प्रचलित कानूनको प्रतिकूल हुने गरी यातायात सेवा संचालक, व्यवसायी, संघ संस्था तथा सोसंग सम्बन्धित व्यक्ति समेतलाई कारवाही गरीनेछ र स्वच्छ प्रतिस्पर्धी रुपमा उत्कृष्ट सेवा सञ्चालन गर्नेलाई पुरस्कृत र प्रोत्साहन गरिने छ । साथै वातावरणमैत्री सवारी तथा यातायातका साधन लगायत सघन यातायात (Mass Transport) लाई नीजि, सहकारी, सार्वजनिक वा साझेदारी वा वैदेशिक लगानीमा निर्माण-संचालन-हस्तान्तरण (BOT), निर्माण स्वामित्व-संचालन हस्तान्तरण (BOOT) प्रणालीमा सञ्चालन गर्नेलाई प्रोत्साहन, कर छुटको व्यवस्था गरिनेछ ।

## ९.२ आवश्यक पूर्वाधार निर्माण :

वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकासका लागि आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकताका साथ यस क्षेत्रको समग्र विकासलाई प्रोत्साहन तथा प्रवर्द्धम गर्ने नीति कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति र कार्यनीति अवलम्वन गरिनछ ।

९.२.१ सरकारी, निजी तथा साझेदारी, सहकारी आदिको लगानीमा सरकारले उपयुक्त स्थानहरुमा रज्जुमार्ग र चार्जिङ्ग स्टेशनको प्रायोजनको लागि आवश्यक पर्ने जग्गा लगायतका भौतिक पूर्वाधारको व्यवस्था गरि रज्जुमार्ग तथा चार्जिङ्ग स्टेशनको सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

९.२.२ वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन तथा रुपान्तरण र सञ्चालन गर्ने उद्योग, रज्जुमार्ग, चार्जिङ स्टेशनमा नियमित विद्युत उपलब्ध गराउन सम्भव भएको क्षेत्रमा दोहोरो फिडरको व्यवस्था मिलाई विद्युत पिकलोडको समय वाहेक राती खेरजाने विजुलिको उपयोग वढने हुदाँ यस्ता उद्योग तथा चार्जिङ स्टेशनहरुलाई सहुलियत दरमा विद्युत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९.२.३ विद्युतीय सवारी साधनको पार्किङ्ग तथा मर्मत सम्भार केन्द्रको उचित व्यवस्थापनको लागि निजी लगानी आकर्षित गर्न प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ । साथै सौर्य उर्जा समेतबाट चाजिङ्गको पूर्वाधार सहित पार्किङ्ग स्थानको निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

९.२.४ काठमाडौ उपत्यकामा रिङरोड वरपरि नमुना योजना (पाइलट प्रोजेक्ट) को रुपमा कम्तिमा १० वटा स्थानमा नेपाल सरकारले उपयुक्त क्षेत्र सहुलियतहरुमा लिजमा उपलब्ध गराई चार्जिङ स्टेशनको अवधारणालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ । शपिङ सेन्टर, शपिङ मल, होटल तथा ठुला पार्किङ क्षेत्रमा पार्किङ शुल्कमा सहुलियत एवं चार्जिङ गर्न पाउने व्यवस्था मिलाइने छ। चार्जिङ स्टेशनको विद्युत खपतको मिटर जाँचलाई व्यवहारिक र प्रभावकारी वनाई सवारी साधन चार्ज गर्दा लागेको विद्युत शुल्क र सेवा शुल्क सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

९.२.५ वातावरणमैत्री सवारी साधनमा प्रयोग हुने व्याट्री, व्याट्री चार्जर, मोटर, कन्टोलर, च्यासिस लगायत अन्य पार्टपुर्जा उपकरणको उचित आपूर्ति र व्यवस्थापन तथा पहुँच सरल र सहज बनाइने छ । व्याट्रीलाई प्रदुर्षणयुक्त र प्रदुर्षणरहित छुट्याई वातावरण मैत्री व्यवस्थापनको लागि अल्पकालिन, दिर्घकालिन योजना तथा कार्यक्रम वनाई भविष्यमा नीजि, साझेदारी, सहकारी, सरकारी तवरबाट राष्ट्रियस्तरको व्याट्री पुनः चक्रण (रिसाइकल) केन्द्र वा उद्योग स्थापना गरी व्यवस्थित बनाइनेछ । प्रदुषण कम गर्न प्रयोग पश्चात रिसाइकल गर्ने व्यवस्था मिलाईने छ, सो व्यवस्था नहुनजेल सम्मलाई अल्पकालिन उपायहरु गरिनेछ । रिसाइक्लिङ केन्द्र वा उद्योगलाई अन्य वातावरणमैत्री उद्योग सरह सहुलियत दिने र प्रत्येक रिसाइक्लिङ गर्दा यसबाट पर्ने राष्ट्रिय पूर्जीमा पर्ने सकारात्मक असरलाई विचार गरि व्याट्रीमा लाग्ने करवाट प्रदुर्षण कर छुट्याई वा 'Polluter Pays Principle' का आधारमा प्रदुषकले तिर्ने रकम संकलन गरी वातावरणमैत्री सवारी तथा यातायात विकास कोषमा जम्मा गरिनेछ र त्यसबाट अनुदान दिने व्यवस्था मिलाइने छ।

९.२.६ वातावरणमैत्री सवारी तथा यातायातका साधन र सोमा प्रयोग हुने पार्टपुर्जा उत्पादन गर्ने स्वदेशी उद्योगलाई प्रोत्साहन, संरक्षण र प्रवर्द्धन गरी विकास गरिनेछ ।

९.२.७ देशको आवश्यकता र अर्थतन्त्रको गतिशीलताको लागि नीति, साझेदारी, सहकारी, सार्वजनिक, सरकार क्षेत्रको निजी वा संयुक्त लगानीमा काठमाडौ उपत्यका लगायत देशका अन्य क्षेत्रमा सम्भाव्यता हेरी विद्युतीय, सोलर, ग्याँस, फ्यूल सेल, हाइब्रिड आदी

कम इन्धन खपत र कम प्रदुषण गर्ने साइकल, मोटर साइकल, स्कूटर, रिक्सा, ट्राईसाइकल, टेम्पो, ट्याक्सी, माइक्रो बस, मिनिवस, बस, ट्राम, ट्रलीबस, रज्जुमार्ग, विद्युतीय रेल लगायत मालवाहक सवारी साधन आदिको पूर्वाधार विकास गरी संचालन गर्न जोड दिइनेछ ।

९.२.८ दिगो यातायात विकास र वातावरण मैत्री अवधारणालाई अंगिकार गर्न काठमाडौ उपत्यका लगायत अन्य शहरका सडकहरुमा समेत साइकल र विद्युतीय साइकलका लागि छुट्टै लेन बनाई साइकल मैत्री वातावरणीय नमुना शहर निर्माणलाई प्राथमिकता दिइनेछ ।

९.२.९ नेपाल सरकारले उपयुक्त ठानेका निश्चित क्षेत्रहरु छुट्टयाई वातावरण मैत्री सार्वजनिक यातायात सेवाको लागि मात्र रुटहरु व्यवस्थापन गरि क्रमश वृद्धि गरी तथा संचालनमा ल्याउने व्यवस्था मिलाइनेछ, यस्तो व्यवस्था देशका सबै ठाउँमा क्रमश वृद्धि गरिनेछ ।

९.२.१० वातावरणमैत्री यातायातसँग सम्बन्धित उद्योग तथा व्यवसायको लागि आवश्यक पर्ने जनशक्ति (इलेक्ट्रिसियन, मिस्ट्रि, चालक, परिचालक, इलेक्ट्रिकल र मेकानिकल इन्जिनियर आदी) प्रशस्त भए पनि वृत्ति विकास, दक्षता अभिवृद्धि, विशेष तालिम, सीप, प्रशिक्षण आदीको व्यवस्था मिलाई गुणस्तर विकास गरि उद्योग तथा व्यवसायलाई उकास्नको लागि सहयोग पुर्याउन नीजि साझेदारी, सहकारी, सरकारी तवरबाट समय समयमा व्यवस्था मिलाइने छ ।

**९.३ वातावरणमैत्री सवारी साधनमा रुपान्तरण :**

खनिज इन्धनबाट सञ्चालित सवारी साधनलाई विद्युतबाट तथा नविकरणीय वा बैकल्पिक उर्जाबाट चल्ने सवारी साधनमा रुपान्तरण गर्न प्रोत्साहन एवं आवश्यक कानुनी तथा प्राविधिक व्यवस्था गरी वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन, संचालन, विकास र विस्तार एवं प्रवर्द्धनमा जोड दिन देहाय अनुसारको रणनीति र कार्यनीति अवलम्बन गरिनेछ :

९.३.१ प्रचलित कानुन बमोजिम दर्ता भएका प्रदुषण बढि हुने मर्मत खर्च बढि लाग्ने यातायातका सवारी साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधनमा रुपान्तरण गरी प्रोत्साहन, प्रवर्द्धन, संरक्षण र विकास गरि अनावश्यक ढंगबाट आयात हुने यातायातका साधनलाई निरुत्साहित गरिने छ ।

९.३.२ सरकारी कार्यालयबाट लिलाम हुने सवारीलाई लिलाम नगरी विद्युतीय सवारीमा रुपान्तरण गरी संचालनमा ल्याउन प्रोत्साहन गरिने छ । यसका लागि सरकारी कार्यालयमा लामो समय चालु नरहेको सवारीलाई विद्युतीय सवारीमा रुपान्तरण गर्ने व्यवस्था मिलाइने छ । प्राविधिक रुपले विद्युतीय सवारीमा रुपान्तरण हुन नसक्ने भएमा मात्र लिलाम गर्नु पर्ने गरी व्यवस्था मिलाइनेछ ।

९.३.३ पुराना सवारी साधनहरूलाई विस्थापन गर्नु पर्दा वातावरणमैत्री सवारीमा रुपान्तरण गर्न प्राविधिक रुपले सम्भव भएसम्म विद्युतीय लगायत वातावरण मैत्री सवारीमा रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

९.३.४ विभिन्न कारणले संचालन गर्न कठिनाई भएका सवारी साधनहरू, मोडेल परिवर्तनका कारण बन्द हुने अवस्थाका सवारी साधनहरू, उत्पादक कम्पनी बन्द हुनाले समस्यामा परेका सवारी साधनहरू

र अन्य कारणबाट इन्जिन लगायतका पार्टस अभाव भई बन्द गर्नु पर्ने सवारी साधनहरूलाई विद्युतीय सवारी साधनमा रुपान्तरण गरी संचालन गर्न प्रोत्साहन गरिनेछ ।

९.३.५ प्रचलित कानून बमोजिम दर्ता भै सकेका सवारी तथा यातायातका साधनलाई वातावरणमैत्री सवारी तथा यातायातका साधनमा रुपान्तरण गर्न उपयुक्तताका आधारमा प्रक्रिया पुरा गरी स्वीकृती दिने व्यवस्था गरिनेछ ।

९.३.६ उपत्यकाबाट विस्थापित डिजेल वा पेट्रोलबाट संचालन हुने ३ पाङ्ग्रे टेम्पो लगायतका सवारी साधनलाई नगरपालिका तथा गाँउ क्षेत्रबाट आवश्यक भएमा सहुलियत दिएर विस्थापित वा रुपान्तरण गरि त्यस स्थानमा विद्युतीय, हाइब्रिड तथा ग्यासका सवारी साधन संचालन गर्ने व्यवस्था गरिनेछ । प्रदुषणयुक्त यस प्रकारका अन्य सवारी साधनलाई समेत आवश्यक भएमा सहुलियत दिएर विस्थापित वा रुपान्तरण गरि वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई प्रोत्साहन गरी सफा स्वच्छ, हरित शहरको विकासमा जोड दिइनेछ ।

९.४ काठमाण्डौ उपत्यका तथा रिङरोड भित्र चल्ने सार्वजनिक यातायातको साधनको निश्चित दुरी तथा रुटमा भएका अस्वस्थ, अवस्था, असुविधा युक्त, प्रदुषण बढि गर्ने, सवारी तथा यातायातका साधनलाई क्रमशः विस्थापन वा रुपान्तरण गरि रुपान्तरित वा नयाँ वातावरणमैत्री सवारी तथा यातायातका साधनलाई प्राथमिकता राखी निश्चित न्यूनतमस्तरको सेवाको मापदण्ड पुरा गर्ने सवारी तथा यातायातका साधनलाई सडकको प्रकृति अनुसार संचालनमा साना, मझौला, ठूला सार्वजनिक यातायात

(टेम्पो, ट्याक्सी, वस आदी) को साधनलाई प्रोत्साहन गरि शहरभित्र एकरुपता कायम गर्न एकै किसिमको रंग लगाउने र वातावरणमैत्री सवारी तथा यातायातको छुट्टै रुट र पहिचानसहितको रुट नम्बर वैज्ञानिक तवरले राखि प्रदुषणमुक्त स्वच्छ, सफा हरित शहरको विकासमा जोड दिइनेछ र यस्तो कार्यलाई क्रमशः उपत्यका बाहिर पनि विस्तार गरिनेछ ।

९.५ नियमन निकायको व्यवस्था :

वातावरणमैत्री सवारी तथा यातायातका साधनको दर्ता, अभिलेख, नियन्त्रण, नियमन कार्य लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत स्थायी संगठनका रुपमा कार्यालय स्थापना गरिनेछ । यस कार्यलयलाई वातावरणमैत्री सवारी तथा यातायातको साधनको लागि दक्ष जनशक्ति परिचालन कार्य योजना र पूर्वाधारले व्यवस्थित गरिनेछ ।

९.६ जलवायु परिवर्तनको सन्दर्भमा विश्व उष्णीकरण (विश्वव्यापी तापक्रममा वृद्धि) हरितगृह ग्याँसहरू तथा हानिकारक कणजन्य तत्व (Particulate Matter) उत्सर्जन गरिएको कार्यमा यातायात क्षेत्रबाट वातावरणमा हुने नकारात्मक असरलाई न्यूनिकरण गर्न वातावरणमैत्री सवारी तथा यातायात साधनहरूबाट कार्बन उत्सर्जनमा न्यूनिकरण गराई कार्बन व्यापारलाई बढावा दिई आर्थिक विकास गर्न योगदान पुर्याउन सम्बन्धित निकायबाट आवश्यक तादम्यता र समन्वय गरी न्यून कार्बन आर्थिक विकास रणनीति (Low Carbon Economic Development Strategy) बनाइने छ ।

**१०) संस्थागत संरचना**

१०.१ वातावरणमैत्री सवारी tgtथा यातायातका साधनको विकास गरी राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गर्न, स्वदेशी सीप र प्रविधिको प्रयोगबाट देशमा उपलब्ध हुने उत्पादनका साधन र स्रोतको समुचित व्यवस्थापन तथा उपयोगद्वारा संरक्षण एवं प्रवर्द्धन गर्दै निजी, सार्वजनिक, साझेदारी, सहकारी, सरकारी र स्वदेशी तथा विदेशी लगानीलाई परिचालन गरी व्यवस्थित रुपमा औद्योगिकरणको प्रक्रियालाई तीव्र बनाई, आवश्यक पूर्वाधार संरचनाको निर्माण तथा विकास गरी सफा शहर कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन एवं व्यवस्थित गर्दै उत्पादन तथा रोजगारीको अवसर वृद्धि गरी आर्थिक समृद्धि हासिल गरी राष्ट्रिय अर्थतन्त्रमा सबल, गतिशील तथा प्रतिस्पर्धी, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, राष्ट्रको दिगो विकास गर्न, वातावरणमैत्री सवारी तथा यातायातका साधनको उत्पादन गर्ने स्वदेशी उद्योग, सीप र प्रविधिको दिगो विकास गर्न, मुद्राको बहिर्गमन, वैदेशिक निर्भरता, वातावरण प्रदुषण जलवायु परिवर्तनको सन्दर्भमा विश्व उष्णिकरण (विश्वव्यापी तापक्रममा वृद्धि) हरितगृह ग्याँसहरु तथा हानिकारक कणजन्य तत्व (Particulate Matter) उत्सर्जन गरिएको कार्यमा यातायात क्षेत्रबाट वातावरणमा हुने नकारात्मक असरलाई न्यूनिकरण गर्न वातावरणमैत्री सवारी तथा यातायातका साधनहरुबाट कार्बन उत्सर्जनमा न्यूनिकरण गराई कार्बन व्यापारलाई बढवा दिई आर्थिक विकासमा जोड दिई हरित विकासमा योगदान दिन, भौतिक पूर्वाधार विकास तथा कानुनी व्यवस्था गर्न लगायत यस नीतिमा उल्लेखित लक्ष्य तथा उद्देश्य पुरा गर्न,

नीतिलाई कार्यान्वयन गराउन सम्बन्धित निकाय बीच नीतिगत समन्वय र सामन्जस्यता, अनुगमन र मूल्यांङ्कन र नेपाल सरकारलाई समय समयमा सुझाव दिन एवं नीतिलाई थप क्रियाशिल बनाउनको लागि देहाय बमोजिमको एउटा केन्द्रीय वातावरणमैत्री सवारी तथा यातायात संचालन समिति गठन गरिनेछ :-

| **क.सं.** | **पद तथा मन्त्रालय/निकाय** | **समितिमा पद** |
|---|---|---|
| १) | मन्त्री वा राज्यमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - संयोजक |
| २) | सदस्य, राष्ट्रिय योजना आयोग | - सदस्य |
| ३) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ४) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| ५) | सचिव, शहरी विकास मन्त्रालय | - सदस्य |
| ६) | सचिव, उद्योग मन्त्रालय | - सदस्य |

| क.सं. | पद तथा मन्त्रालय/निकाय | समितिमा पद |
|---|---|---|
| ७) | सचिव, ऊर्जा मन्त्रालय | - सदस्य |
| ८) | सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | - सदस्य |
| ९) | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| १०) | प्रमुख, काठमाडौं उपत्यका विकास प्राधिकरण | - सदस्य |
| ११) | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | - सदस्य |
| १२) | वातावरण मैत्री सवारी तथा यातायात साधनसँग सम्बन्धित उत्पादक तथा व्यवसायी संस्थाहरु मध्येबाट एक जना र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मनोनित विशेषज्ञ गरी जम्मा दुई जना | - सदस्य |
| १३) | अध्यक्ष, यातायात व्यवसायी महासंघहरु मध्येबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मनोनित गर्ने एक जना | - सदस्य |

| क्र.सं. | पद तथा मन्त्रालय/निकाय | समितिमा पद |
|---|---|---|
| १४) | सह सचिव (यातायात हेर्ने),भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य सचिव |

उक्त समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ र बैठकमा आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

१०.२ केन्द्रीय वातावरणमैत्री सवारी तथा यातायात संचालन समितिको निर्णय, निर्देशन तथा नीतिगत लगायतको अन्य तोकिएका कार्य विवरणहरुको प्रभावकारी कार्यान्वयन गर्न र कार्यान्वयनको स्तरमा देखिएको समस्याको समाधान गर्न वातावरणमैत्री सवारी तथा यातायातका साधनको विकास, विस्तार र राष्ट्रिय उत्पादनलाई प्रोत्साहन, प्रवर्द्धन, संरक्षण गर्नुका साथै नियामक निकायको रुपमा कार्य गरि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत वातावरणमैत्री सवारी तथा यातायात कार्य समिति स्थापना गरिनेछ । यस कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन् ।

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | संयोजक |

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| २) | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ३) | सचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| ४) | सह-सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५) | सह-सचिव, उर्जा मन्त्रालय | सदस्य |
| ६) | सह-सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| ७) | सह-सचिव, संघिय मामिला तथा स्थानीय मन्त्रालय | सदस्य |
| ८) | महानिर्देशक, सडक विभाग | - |
| ९) | महानिर्देशक, रेल विभाग | सदस्य |
| १०) | निर्देशक, नेपाल विद्युत प्राधिकरण | सदस्य |
| ११) | सि.डि.ई. (मेकानिकल), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १२) | प्रहरी उपरिक्षक, महानगरीय ट्राफिक प्रहरी महाशाखा | सदस्य |
| १३) | प्रतिनिधि, काठमाडौं उपत्यका विकास प्राधिकरण | सदस्य |
| १४) | नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट विज्ञ एक जना | सदस्य |
| १५) | वातावरणमैत्री सवारी तथा यातायातका साधनसँग सम्बन्धित उत्पादक व्यवसायी र मजदुर संगठन मध्येबाट दुई जना र नीति निर्माण वा परामर्शमा संलग्न संस्थाबाट एक जना विज्ञ गरि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मनोनित जम्मा ३ (तीन) जना | सदस्यहरु |
| १६) | यातायात व्यवसायी महासंघहरु मध्येबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मनोनित गर्ने एक जना | सदस्य |
| १७) | महानिर्देशक, यातायात व्यवस्था विभाग | सदस्य सचिव |

यस समितिको कार्यदेशम (कार्यदेश) तोकिएको बमोजिम हुनेछ र आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी संघ संस्था वा निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्ने छ ।

१०.३ वातावरणमैत्री सवारी तथा यातायात कार्य समितिले वातावरणमैत्री सवारी तथा यातायातको विकासको लागि सम्बन्धित गाँउ, नगरपालिका, उपमहानगरपालिका, जिल्लामा यातायात व्यवस्थापन समिति वा आवश्यकता बमोजिम स्थानीयस्तरमा वातावरणमैत्री सवारी तथा यातायात व्यवस्थापन समिति गठन गरि आवश्यक कार्य गर्न सक्नेछ तथा काठमाडौं उपत्यकाका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणमा छुट्टै कार्यकारी समिति मार्फत काम गर्न सक्ने छ । वातावरणमैत्री सवारी तथा यातायात प्रणालीको विकास गरि प्रदुषण मुक्त, स्वच्छ, सफा शहर कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित गर्न, यातायात सम्बन्धि व्यवस्थापकिय र समन्वयकारी निकायको रुपमा वातावरणमैत्री यातायातको पूर्वाधार र संचालनमा प्राथमिकता तथा नीति कार्यान्वयन गर्न देहाय बमोजिमको काठमाडौं उपत्यका वातावरणमैत्री सवारी तथा यातायात व्यवस्थापन समितिको गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १) | प्रमुख काठमाडौं उपत्यका विकास प्राधिकरण | - संयोजक |
| २) | कार्यकारी अधिकृतहरू काठमाडौं उपत्यकाका तोकिएका नगरपालिकाहरू | - सदस्य |
| ३) | सि.डि.ई. (मे), भौतिक तथा यातायात मन्त्रालय | - सदस्य |

| | | |
|---|---|---|
| ४) | प्राविधिक निर्देशक, यातायात व्यवस्था विभाग | - सदस्य |
| ५) | प्राविधिक निर्देशक, रेल विभाग | - सदस्य |
| ६) | सि.डि.ई., सडक तथा ट्राफिक शाखा, सडक विभाग | - सदस्य |
| ७) | प्रहरी उपरीक्षक, महानगरीय ट्राफिक प्रहरी महाशाखा | - सदस्य |
| ८) | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण | - सदस्य |
| ९) | प्रतिनिधि, नगरपालिकाहरू मध्येबाट नगरपालिका स्तरीय वातावरणमैत्री यातायात संग सम्बन्धित संगठन म)नोनित) | - सदस्य |
| १०) | प्रतिनिधि, नगरपालिकाहरू मध्येबाट नगरपालिका स्तरीय यातायात संगठन (मनोनित) | - सदस्य |
| ११) | प्रतिनिधि, नगरपालिका स्तरीय वातावरणमैत्री यातायातसंग सम्बन्धित मजदुर संगठन (मनोनित) | - सदस्य |
| १२) | मनोनित, यातायात विशेषज्ञ | - सदस्य |

| | | |
|---|---|---|
| १३) | वातावरणमैत्री सवारी तथा यातायात सम्बन्धि नियमक कार्यालयको प्रमुख, बाग्मति अञ्चल | -सदस्य सचिव |

यस समितिको कार्यदिशामा तोकिएको बमोजिम हुनेछ र आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी संघ संस्था वा निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्ने छ।

१०.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत वातावरणमैत्री सवारी तथा यातायात प्रणालीको विकासका लागि अध्ययन, अनुसन्धान, परिक्षण र यस प्रकारका सवारी साधन तथा स्वदेशी उद्योग व्यवसायको स्तर उन्नति, संरक्षण तथा प्रबर्द्धन, विस्तार एवं दक्ष जनशक्ति विकास, तालिम, सीप, प्रशिक्षण, जनचेतना आदिको परिचालन, योजना र पूर्वाधार विकासको लागि वातावरणमैत्री सवारी तथा यातायात विकास कोष स्थापना गरिने छ। सो कोषमा खनिज इन्धन विक्रि वापत तथा अन्य वस्तुहरूमा वातावरण प्रदुषण कर वापत लिइदै आएको रकमको एक तिहाई र वातावरणमैत्री सवारी साधनले प्रदुषण कम गरि वायुमण्डलमा कार्बन न्युनिकरण गरी सहयोग भई कार्बन व्यापार/हरित विकासको लागि प्राप्त रकमको कम्तिमा ५० प्रतिशत र नीजि क्षेत्र, गैरसरकारी संघ, संस्था, वैदेशिक सहयोग साथै नेपाल सरकार बाट उपलब्ध हुने साधन स्रोत सो कोषमा जम्मा गरिने छ। वातावरणमैत्री सवारी तथा यातायात विकास कोष सञ्चालन तथा व्यवस्थापनको लागि केन्द्रिय वातावरणमैत्री सवारी तथा यातायात सञ्चालन समितिले तोकेको समिति वा निकायबाट सञ्चालन तथा व्यवस्थापन गरिने छ, यसको लागि कार्यदेश वा कार्यविधि निर्देशिकामा तोकिएका बमोजिम हुनेछ।

## ११) आर्थिक पक्ष

नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई तद् अनुसार वार्षिक कार्यक्रमहरूको तर्जुमा गरी आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ। यस्ता कार्यक्रमहरू सरकारी क्षेत्रको स्रोत, वातावरणमैत्री सवारी तथा यातायात विकास कोष लगायत गैर सरकारी संघ-संस्था र निजी क्षेत्र समेतको स्रोत साधन परिचालन हुने व्यवस्था गरिनेछ।

## १२) कानुनी व्यवस्था

### १२.१ कानुनी सुधार

१२.१.१ यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरूको परिमार्जन तथा संशोधन गर्नुको साथै आवश्यकता अनुसार नयाँ ऐन, नियम तथा निर्देशिकाहरू निर्माण गरिनेछ ।

१२.१.२ वातावरणमैत्री सवारी तथा यातायातको विकास तथा राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गर्नसम्बन्धित तथा सरोकारवाला संघ संस्थाहरूको परिचालन गर्न आवश्यक कानुनी सुधार गरिनेछ ।

१२.२ नीतिगत सुधार, परिमार्जन एवं संशोधन

यस किसिमको नीतिलाई हरेक पाँच पाँच वर्षमा पुनरावलोकन गरी आवश्यकता अनुसार सुधार गर्दै लगिनेछ ।

१२.३ नीतिको कार्यान्वयन व्यवस्थाः

नीति कार्यान्वयनका लागि सबै पक्षसित समन्वय र सामन्जस्यता कायम गरी आवश्यक विषयगत तथा क्षेत्रगत रणनीति तयार गरिने छ । यी रणनीतिहरूको कार्यान्वयनको लागि कार्ययोजना तयार गरिनेछ।

**१३) अनुगमन तथा मूल्याङ्कन**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सम्बन्धित निकायहरूसँग समन्वय गरी आवधिक मूल्याङ्कन तथा अनुगमन गरि सोको प्रतिवेदन केन्द्रीय वातावरणमैत्री सवारी तथा यातायात सञ्चालन समितिमा पेश गर्ने छ ।

**१४) जोखिम**

यस नीतिको कार्यान्वयन गर्दा देहाय बमोजिम जोखिम रहन सक्ने पूर्वानुमान गरिएकोछ ।

१४.१ यो नीति कार्यान्वयन गर्नको लागि उपयुक्त कानुनी व्यवस्था, संस्थागत संरचना, दक्ष जनशक्तिको उपलब्धता र सक्षम व्यवस्थापकीय क्षमताको आवश्यकता पर्दछ । हालको कानुनी व्यवस्था, संस्थागत स्वरूप र व्यवस्थापकीयक्षमता तद अनुरूप नभएकाले नीति कार्यान्वयन गर्न केही चुनौती हुन सक्ने देखिन्छ ।

१४.२ नीति कार्यान्वयनका लागि प्रक्षेपण गरिएको योजना अनुसार स्रोत साधन उपलब्ध हुन आवश्यकछ ।

१४.३ नीतिले परिकल्पना गरे अनुसार अन्तरनिकाय समन्वय प्रभावकारी हुनु पर्ने र यसको लागि सम्बद्ध सरोकार निकायहरूबाट आवश्यक सहयोग अपेक्षा गरिएकोछ ।

**१५) बाधा अड्काउ फुकाउने**

१५.१ प्रचलित कानुनले नसमेटिएको तर नीतिमा उल्लेखित कुनै कार्य गर्नु परेमा केन्द्रीय वातावरणमैत्री सवारी तथा यातायात सञ्चालन समिति आवश्यक कार्यनीति या कार्यविधि बनाई कार्यान्वयन गर्नेछ ।

१५.२ वातावरणमैत्री सवारी तथा यातायातका साधनको विषय समेट्ने यो प्रमुख नीति हो । यस नीति अनुकुल नभएका ऐन, नियम तथा नीतिहरू यो नीति लागू भएको एक वर्ष भित्र सम्बन्धित निकायले संशोधन र परिमार्जन गर्नु पर्नेछ ।

# सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०४९।०९।२२

<u>संशोधन गर्ने ऐन</u>

१. सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) ऐन, २०५०
२०५०।०५।०९

२. सार्वजनिक खरिद ऐन, २०६३
२०६३।०९।३०

३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६◆
२०६६।१०।०७

४. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२
२०७२।०६।१४

५. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२
२०७२।११।१३

६. सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) ऐन, २०७३
२०७३।०६।१८

७. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको।

र खारेज गर्ने ऐन, २०७४[□]
२०७४।०६।३०

८. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५
२०७५।११।१९

९. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५
२०७५।११।१९

१०. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७६
२०७६।०१।०२

११. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२
२०८२।०४।१४

## २०४९ सालको ऐन नं. ४५

✂.........

## सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा—व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलव्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

---

□ यो ऐन संवत् २०७५ साल भाद्र १ गते देखि लागू भएको।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन सम्झनु पर्छ।

(ख) "सवारीको वजन" भन्नाले सवारीको कूल वजन सम्झनु पर्छ।

स्पष्टीकरणः "कूल वजन" भन्नाले सवारीको इन्जीन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सो सवारीको कूल भार वहन क्षमता समेतलाई जनाउँछ।

(ग) "ठूलो सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(घ) "मझौला सवारी" भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(ङ) “सानो सवारी” भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(च) “सार्वजनिक सवारी” भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(छ) “यातायात सेवा” भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(ज) “भाडा” भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(झ) “पर्यटक सवारी” भन्नाले दफा ७ बमोजिमको सवारी सम्झनु पर्छ।

(ञ) “निजी सवारी” भन्नाले दफा ८ बमोजिमको सवारी सम्झनु पर्छ।

(ट) “सरकारी सवारी” भन्नाले दफा ९ बमोजिमको सवारी सम्झनु पर्छ।

(ठ) “संस्थानको सवारी” भन्नाले दफा १० बमोजिमको सवारी सम्झनु पर्छ।

(ड) “कूटनीतिक सुविधा प्राप्त सवारी” भन्नाले दफा ११ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) “यात्री” भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(ण) “मालसामान” भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(त) “यात्रीबाहक सवारी” भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(थ) “मालबाहक सवारी” भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(द) “दर्ताको प्रमाणपत्र” भन्नाले दफा १६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ध) “चालक” भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(न) “चालक अनुमतिपत्र” भन्नाले दफा ५० बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(प) “परिचालक” भन्नाले दफा ६७ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ।

(फ) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ।

(ब) "सार्वजनिक स्थान" भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँलाई समेत जनाउँछ।

(भ) "पार्किङ्गस्थल" भन्नाले सवारी अड्याउन निर्धारित ठाउँ सम्झनु पर्छ।

(म) "बस बिसौनी" भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँ सम्झनु पर्छ।

(य) "बाटो" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित बाटो सम्झनु पर्छ।

(र) "लामोबाटो (लङ्ग रूट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(ल) "मध्यम बाटो (मिडियम रूट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी तर दुईसय पचास किलोमिटरभन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(व) “छोटो बाटो” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरदेखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(श) “स्थानीय बाटो” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ।

(ष) “बाटो इजाजतपत्र” भन्नाले स्वीकृत बाटोमा सवारी चलाउन दफा ७७ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

(स) “जाँचपास” भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ह) “बीमा” भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बीमालाई समेत जनाउँछ।

(क्ष) “सवारी धनी” भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै सङ्गठित संस्था सम्झनु पर्छ।

(त्र) “व्यवस्थापक” भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) “यात्री गुण्टा” भन्नाले यात्रीले आफनो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(ज्ञ१) “ट्राफिक सङ्केत” भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ज्ञ२) “प्रदूषण” भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनु पर्छ।

(ज्ञ३) “विभाग” भन्नाले नेपाल सरकार, √भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग सम्झनु पर्छ।

(ज्ञ४) “अधिकार प्राप्त अधिकारी” भन्नाले यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ।

---

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

(ज्ञ५) “व्यवस्थापन समिति” भन्नाले दफा १५४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज्ञ६) “परीक्षा समिति” भन्नाले दफा १५६ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(ज्ञ७) “यातायात निरीक्षक” भन्नाले दफा १५७ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ८) “प्रशिक्षण केन्द्र” भन्नाले दफा १५९ बमोजिम विभागबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ज्ञ९) “क्षेत्र” भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ज्ञ१०)“तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद–२
## सवारीको वर्गीकरण

३. **ठूलो सवारीः** दश टनभन्दा बढी वजन भएको अनुसूची–१ को खण्ड (क) मा लिखित सवारीलाई ठूलो सवारी भनिनेछ।

४. **मझौला सवारीः** चार टनदेखि दश टनसम्म वजन भएको अनुसूची–१ को खण्ड (ख) मा लिखित सवारीलाई मझौला सवारी भनिनेछ।

५. **<u>सानो सवारीः</u>** चार टनभन्दा कम्ती वजन भएको अनुसूची–१ को खण्ड (ग) मा लिखित सवारीलाई सानो सवारी भनिनेछ।

६. **<u>सार्वजनिक सवारीः</u>** (१) यातायात सेवा सञ्चालन गर्न दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी जम्मा दुई किसिममा विभाजन गरिनेछ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः—

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रूत (एक्सप्रेस) सेवा र

(ग) साधारण (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची—२ को खण्ड (क) मा लेखिएबमोजिम नम्बर प्लेट राख्नु पर्छ।

७. **<u>पर्यटक सवारीः</u>** (१) विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची—२ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

८. **निजी सवारीः** (१) निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिनेछ।

(२) निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची—२ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

९. **सरकारी सवारीः** (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त √नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची—२ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

१०. **संस्थानको सवारीः** (१) नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ।

---

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची —२ को खण्ड (ङ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

११. **<u>कूटनीतिक सुविधा प्राप्त सवारीः</u>** (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची —२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

१२. **<u>अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः</u>** (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन।

## परिच्छेद—३

## <u>सवारी दर्ता सम्बन्धी व्यवस्था</u>

१३. **<u>प्रवेश दर्ता गराउनु पर्नेः</u>** (१) विदेशबाट सवारी पैठारी गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी नेपाल ✂............. भित्र प्रवेश गर्ने स्थानमा

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनको लागि दरखास्त परेमा प्रहरी कार्यालयले त्यस्तो सवारी खरीद गरेको निस्सा र सम्बन्धित कागजातहरूको जाँचबुझ गरी त्यस्तो सवारीलाई पन्ध्र दिनको निम्ति प्रवेश दर्ता गरी त्यस्तो सवारी पैठारी गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको निस्सा दिनु पर्छ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायत व्यवस्था कार्यालयमा पठाउनु पर्छ।

१४. **<u>सवारी दर्ता गराउनु पर्नेः</u>** (१) कुनै पनि सवारी खरीद गर्ने वा विदेशबाट पैठारी गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी बिक्री वितरण गर्ने एजेण्टले सवारी खरीद गरेको वा पैठारी गरी नेपाल ✂............ भित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्रदिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष दर्ता गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

१५. **<u>सवारी दर्ता गराउन दरखास्त दिनु पर्नेः</u>** (१) दफा १४ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपाल ✂......... भित्र खरीद गरेको भए खरीद गर्ने व्यक्ति, फर्म वा कम्पनी वा एजेण्टले सो खरीद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता गर्न दर्ता दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्छ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गरेको हुनु पर्छ। कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता हुने भएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गरेको हुनु पर्छ।

(४) नेपाल ✂.........भित्र कुनै व्यवसाय तथा काम कारोवार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको निम्ति कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा लेखिएका कुराहरूका अतिरिक्त सम्बन्धित कूटनीतिक नियोगको सिफारिसपत्र समेत संलग्न गरेको हुनु पर्छ।

(५) नाबालकको नाममा कुनै सवारी दर्ता गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी दरखास्त दिनु पर्छ।

१६. **<u>सवारी दर्ताको प्रमाणपत्रः</u>** (१) दफा १५ बमोजिम कुनै सवारी दर्ता गराउनको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा त्यस्तो सवारी दर्ता गरी अनुसूची–३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्छ।

[σ]तर सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्थाहरू एवं प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्थाहरूको नाउँमा बाहेक चौध भन्दा बढी सीट संख्या तथा चार टन वा सो भन्दा बढी कूल वजन भएका सवारीहरूलाई निजीसवारीको रूपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ताको प्रमाणपत्रमा उल्लेख गरी दर्ताको प्रमाणपत्रमा निजको समेत सही गराउनु पर्छ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरीद गर्दा सवारीको निर्माताले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कूल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्छ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भार रहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्छ।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

(४) दर्ताको प्रमाणपत्र दिइएको मितिले एक वर्षसम्म बहाल रहनेछ।

१७. **<u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेः</u>** (१) दफा १६ बमोजिम कुनै सवारी दर्ता गर्नु भन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ वा छैन भन्ने कुराको दफा २३ बमोजिम तोकिएको मापदण्डका अधीनमा रही जाँचबुझ गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनु पर्छ। त्यसरी दर्ताको प्रमाणपत्र दिँदा त्यस्तो सवारीको धनीलाई त्यस्तो सवारी सडकमा चल्न सक्ने सक्षमता (रोड ओर्दीनेस) को प्रमाणपत्र समेत दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दिइएको सक्षमताको प्रमाणपत्र सवारीमा टाँसी राख्नु पर्छ।

१८. **<u>संयुक्त दर्ताः</u>** कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुई भन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा १५ बमोजिम दरखास्त दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई ती व्यक्तिहरूको नाममा संयुक्त रूपमा दर्ता गरी निजहरूलाई दफा १६ मा लेखिए बमोजिमको दर्ता प्रमाणपत्र दिनु पर्छ।

१९. **<u>अस्थायी दर्ताः</u>** देहायको अवस्थामा कुनै सवारी अस्थायी रूपमा दर्ता गर्न सकिनेछः–

(क) सवारी पैठारी गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा।

(ख) पैठारी गरिएको सवारीको इन्जीन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा तुरून्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा।

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति बीमासम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा।

२०. **अस्थायी दर्ताको लागि दरखास्तः** (१) दफा १९ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी पैठारी गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी पैठारी गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसूल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजातसहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा दरखास्तवालाले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र जसको नाममा अस्थायी दर्ता गरिने हो सो व्यक्तिको हालसालै खिचिएको तीन प्रति फोटो समेत संलग्न गरेको हुनु पर्छ।

२१. **अस्थायी दर्ताको प्रमाणपत्रः** (१) दफा २० बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले सो सवारी दफा १९ बमोजिम अस्थायी दर्ता गर्न सकिने अवस्था छ छैन भन्ने कुराको जाँचबुझ गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची –४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनु पर्छ।

(२) अस्थायी दर्ताको प्रमाणपत्रमा सो सवारीमा राख्नु पर्ने नम्बर प्लेटमा अस्थायी समेत लेख्नु पर्ने कुरा जनाउनु पर्छ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र एकै पटक वा पटक पटक गरी बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

σ२२. **सवारी ल्याउनु पर्ने:** दफा १३, १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न दफा ३७ बमोजिम सवारी नामसारी गर्न र दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिँदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत साथै ल्याउनु पर्छ।

२३. **सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिने:** (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरूका सम्बन्धमा नेपाल सरकारले आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछः–

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा।

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा।

(ग) सवारीबाट हुन सक्ने प्रदूषणको सम्बन्धमा।

(घ) सवारी चलाउन सकिने अवधिको सम्बन्धमा।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिँदा वा जाँचपास गर्दा

---

σ पहिलो संशोधनद्वारा संशोधित।

अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिम तोकिएको मापदण्डका अधीनमा रही जाँचबुझ गर्नु पर्छ।

२४. **सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः** (१) कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा २३ मा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरिएमा अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई दरखास्तवालालाई सूचना दिनु पर्छ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणको प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १४ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा विभागले कुनै वा सबै यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्ने आदेश दिन सक्नेछ।

२५. **दर्ताको मान्यताः** (१) यस ऐन बमोजिम कुनै एक क्षेत्रमा दर्ता भएको सवारी अर्को क्षेत्रमा पनि चलाउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक क्षेत्रमा दर्ता भएको सवारी लगातार वा पटक पटक गरी एक वर्ष भन्दा बढी कुनै अर्को क्षेत्रमा चलाउन पाईने छैन।

तर सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधाप्राप्त सवारी र बाटोको इजाजतपत्र प्राप्त सवारीको हकमा यो बन्देज लागू हुने छैन।

२६. **<u>जानकारी दिनु पर्नेः</u>** (१) एक क्षेत्रमा दर्ता भएको सवारी अर्को क्षेत्रमा प्रवेश गरेमा प्रवेश गरेको चौबीस घण्टाभित्र सो सवारीको धनी वा चालकले नजीकको प्रहरी कार्यालयमा त्यसको जानकारी दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रवेश गरेको सवारी तीस दिन भन्दा बढी त्यस क्षेत्रमा चलाउन परेमा त्यस्तो सवारी सो क्षेत्रमा प्रवेश गरेको सात दिनभित्र सवारी धनी वा चालकले अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिनु पर्छ।

२७. **<u>सरूवा दर्ताः</u>** (१) दफा २५ को उपदफा (२) मा लेखिएको भन्दा बढी अवधिको लागि एक क्षेत्रमा दर्ता भएको सवारी अर्को क्षेत्रमा चलाउन परेमा सवारी धनीले दर्ताको प्रमाणपत्रसाथ आफ्नो हालसालै खिचेको तीन प्रति पासपोर्ट साइजको फोटो र तोकिएको दस्तुर समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष सरूवा दर्ताको लागि दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले दफा २३ बमोजिम निर्धारित मापदण्डका अधीनमा रही त्यस्तो सवारीको जाँचबुझ गरी सरूवा दर्ता गर्न उपयुक्त देखेमा त्यस्तो सवारीको सरूवा दर्ता गरी सवारी धनीलाई दर्ताको प्रमाणपत्र दिनु पर्छ।

२८. **सवारीको लगत राख्नु पर्नेः** अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जीन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादि समेत स्पष्ट रूपमा खुल्ने गरी दर्ता किताबमा लेख्न लगाई सवारीको लगत अद्यावधिक राख्नु पर्छ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारी धनीको फोटो समेत टाँसिएको हुनु पर्छ।

२९. **अनुमति नलिई विदेशी सवारी चलाउन नहुनेः** विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपाल ✂.......... भित्र चलाउन हुँदैन।

३०. **विदेशी सवारी चलाउन अनुमति दिनेः** विदेशमा दर्ता भएको सवारी नेपाल ✂........ भित्र चलाउने अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी चलाउने अनुमति दिन सक्नेछ।

तर त्यस्तो सवारीलाई नेपाल ✂........ भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइने छैन।

३१. **दर्ताको प्रमाणपत्र नवीकरणः** (१) दफा १६ को उपदफा (४) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्छ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्छ।

तर कूटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्का एक वर्षको लागि नवीकरण गर्नु पर्छ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्छ।

३२. **अधिकार प्राप्त अधिकारीले सूचना गर्न सक्नेः** दफा ३१ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण गर्न नल्याएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ।

३३. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u>** दफा ३१ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

३४. **<u>दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेः</u>** (१) दफा ३१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताबबाट कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भईसकेका दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन।

३५. **<u>पुनः दर्ता हुन सक्नेः</u>** दफा ३४ बमोजिम दर्ताको प्रमाणपत्र रद्द भई लगत कट्टा भएको सवारी पुनः दर्ताको लागि ल्याएमा दफा ३१ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३१ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना समेत लिई त्यस्तो सवारी दफा १६ बमोजिम दर्ता गरी सवारी धनीलाई अर्को दर्ताको प्रमाणपत्र दिनु पर्छ।

३६. **सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई दर्ता किताबमा समेत सच्याउनेछ।

३७. **सवारीको नामसारीः** (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले पैंतीस दिनभित्र सवारी धनीको मृत्यु भएको प्रमाण, दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा तथा आफू सबै भन्दा नजीकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको

दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको ब्यहोरा जनाई नामसारी गर्नु पर्छ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको दरखास्त परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्तरूपमा दर्ता गरी नामसारी गर्नु पर्छ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको ब्यहोरा दर्ता किताबमा जनाउनु पर्छ।

(५) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

३८. **दर्ता परिवर्तन गर्न नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीबाहक सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

३९. **स्वीकृति नलिई हेरफेर गर्न नहुने:** (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, [σ]सीट संख्या, स्वरूप, इन्जीन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्न हुँदैन।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

तर यस उपदफाले सवारीमा सामान्य पार्ट–पूर्जा परिवर्तन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु परी स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो हेरफेर गर्न उपयुक्त हुने देखेमा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

*****तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन।

*****(२क) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिँदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।

४०. **<u>दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्नेः</u>** (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछः—

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रदरूपमा मरम्मत नगरेसम्मको अवधिको लागि, र

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त

---

* पहिलो संशोधनद्वारा थप।

अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मको लागि।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिँदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत स्पष्टरूपमा खुलाएको हुनु पर्छ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्छ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्छ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्छ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिँदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउनु पर्छ।

४१. **दर्ताको प्रमाणपत्र खारेज गर्ने:** (१) यस ऐनबमोजिम दर्ता भएको कुनै सवारी कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको

लागि नेपाल ✂.......... बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्छ।

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल ✂......... बाहिर लग्न परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सो को ब्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नु पर्छ।

४२. **नवीकरण दस्तुर मिन्हा दिने:** यस ऐनबमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो ब्यहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ सो कुराको प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि σसो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिन सक्नेछ।

४३. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने:** (१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

σ पहिलो संशोधनद्वारा संशोधित।

सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम दर्ताको प्रमाणपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

४४. **विवरण पेश गर्नु पर्ने:** (१) विदेशबाट सवारी पैठारी गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्तो सवारीहरू मध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफूले पैठारी गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई प्रत्येक महिना अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्छ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी पैठारी गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरूको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरून्त उपलव्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद–४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४५. **सवारी चलाउन नहुनेः** कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन।

४६. **सवारी चलाउन दिन नहुनेः** कसैले आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिन हुँदैन।

४७. **चालकको लागि अयोग्यताः** देहायका व्यक्तिहरू चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छन्ः–

(क) ठूलो सवारीको निमित्त २१ वर्ष उमेर नपुगेको व्यक्ति।

(ख) मझौला र सानो सवारीको निमित्त अठार वर्ष उमेर नपुगेको व्यक्ति।

तर मोटरसाइकल तथा त्यस्तै अन्य सानो दुईपाङ्ग्रे सवारीको निमित्त सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ।

(ग) छारे रोग भएको वा बौलाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग भएको व्यक्ति।

(घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति।

(ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति।

©तर त्यस्ता व्यक्तिको चालक क्षमता सम्बन्धमा परीषण गराई तोकिएको बमोजिमको मापदण्ड पूरा भएका सडकमा मात्र सवारी चलाउन पाउने गरी निजलाई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ।

(च) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुटयाउन नसक्ने दृष्टिदोष भएको व्यक्ति।

(छ) रतन्धो भएको व्यक्ति, वा

(ज) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति।

तर अपाङ्गको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

४८. **चालक अनुमतिपत्रको लागि दरखास्तः** (१) दफा ४७ बमोजिमको अयोग्यता नभएको व्यक्तिले कुनै सवारी चलाउन चालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो, नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको

---

© दोस्रो संशोधनद्वारा थप।

स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाणपत्र ®........समेत संलग्न गर्नु पर्छ।

४९. **दरखास्तवालाको परीक्षणः** (१) दफा ४८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ छैन भन्ने कुराको यकिन गर्न परीक्षा लिनु पर्छ। त्यसरी लिइने परीक्षाको विषय र परीक्षा प्रणाली विभागले तोकिदिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले सो परीक्षा सम्पन्न भएको मितिले तीन महिना पूरा नभएसम्म दफा ४८ बमोजिम पुनः दरखास्त दिन पाउने छैन।

५०. **चालक अनुमतिपत्र दिनेः** (१) दफा ४९ बमोजिम ρ.............. परीक्षा लिई सफल भएका दरखास्तवालालाई सो समितिको सिफारिशमा अधिकार प्राप्त अधिकारीले अनुसूची—५ बमोजिमको ढाँचामा चालक अनुमतिपत्र दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा ठूलो, मझौला, सानो वा ती मध्ये कुनै वा सबै सवारी चलाउन दिइएको हो भन्ने कुरा स्पष्ट रूपमा जनाउनु पर्छ।

---

® केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको।

ρ पहिलो संशोधनद्वारा झिकिएको।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **परीक्षणकालमा रहने:** (१) दफा ५० बमोजिम दिइने चालक अनुमतिपत्र शुरूमा एक वर्षको लागि परीक्षणकालमा रहने गरी दिइनेछ।

(२) परीक्षणकालभित्र चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम पालन गर्नु पर्ने शर्तको उल्लङ्घन पाँच पटकभन्दा बढी नगरेमा निजको अनुरोधमा अधिकार प्राप्त अधिकारीले निजको चालक अनुमतिपत्र स्थायीमा परिणत गरी दिनु पर्छ।

५२. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता:** कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा ४८ बमोजिम दरखास्त दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ।

तर त्यस्तो व्यक्तिले चालक अनुमतिपत्र लिन कुनै परीक्षा दिनु पर्ने छैन।

५३. **अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने:** अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारीहरू नेपाल ✂............ भर चलाउन पाउनेछ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

५४. **चालक अनुमतिपत्रको वैधता:** (१) दफा ५० बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा लेखिएका सवारीहरू मात्र चलाउन पाउनेछ।

(२) उपदफा (१) का अधीनमा रही चालकले त्यस्तो सवारी नेपाल ✂....... भर चलाउन पाउनेछ।

(३) चालक अनुमतिपत्र दिइएको मितिले ⇔दश वर्षसम्म बहाल रहनेछ।

५५. **चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्ने:** (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकिन गर्न दफा ४९ बमोजिम निजको परीक्षा लिनु पर्छ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

⇔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

σ पहिलो संशोधनद्वारा संशोधित।

(३) उपदफा (२) बमोजिम परीक्षा लिंदा सफल भएको चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकार प्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनु पर्छ।

(४) ०उपदफा (३) बमोजिम चालक अनुमतिपत्र दिँदा दफा ५१ बमोजिम परीक्षणकालमा रहने गरी दिइनेछ।

५६. **चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५४ को उपदफा (३) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्छ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र *चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्छ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को ⇔दश वर्षसम्मको लागि नवीकरण गर्नु पर्छ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच

---

* पहिलो संशोधनद्वारा थप।

⇔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो चालक अनुमतिपत्र नवीकरण गर्नु  पर्छ।

५७. **<u>चालक अनुमतिपत्र स्वतः रद्द हुने:</u>** (१) दफा ५६ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भईसकेको चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

५८. **<u>नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने:</u>** सार्वजनिक सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्छ।

५९. **<u>चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने:</u>** (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले चालकको नयाँ ठेगाना समेत दर्ता किताबमा जनाउन लगाउनु पर्छ।

६०. **<u>चालक अनुमतिपत्र निलम्बन गर्न सकिने:</u>** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम चालकले पालन गर्नु पर्ने शर्तहरू पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो

चालकको चालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

६१. **<u>चालक अनुमतिपत्र खारेज गर्न सकिनेः</u>** (१) कुनै चालकमा दफा ४७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारीसमक्ष फिर्ता बुझाउनु पर्छ।

६२. **<u>चालक अनुमतिपत्रको प्रतिलिपि दिनेः</u>** (१) चालक अनुमतिपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिनभित्र चालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा *****<u>तोकिएको</u> दस्तुर समेत राखी दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबीन गरी ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम चालक अनुमतिपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

---

* पहिलो संशोधनद्वारा थप।

## परिच्छेद–५

## परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६३. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने:** कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन।

६४. **परिचालकको काममा लगाउन नहुने:** परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

६५. **परिचालकको लागि अयोग्यता:** देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य हुनेछः–

(क) अठार वर्ष उमेर नपुगेको,

(ख) साधारण लेखपढ गर्न नजान्ने,

(ग) निरोगिताको प्रमाणपत्र पेश गर्न नसक्ने।

६६. **परिचालक अनुमतिपत्रको लागि दरखास्त दिने:** (१) दफा ६५ बमोजिमको अयोग्यता नभएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको आफ्नो तीनप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको

प्रमाणित प्रतिलिपि र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्छ।

६७. **<u>परिचालक अनुमतिपत्र दिनेः</u>** (१) दफा ६६ बमोजिम परिचालक अनुमतिपत्रको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तसाथ संलग्न ब्यहोरा साँचो देखिएमा दरखास्तवालालाई अनुसूची—६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्छ। यसरी परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने जिम्मेवारी वहन गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँचवर्ष सम्म बहाल रहनेछ।

६८. **<u>परिचालक अनुमतिपत्रको नवीकरणः</u>** (१) दफा ६७ को उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रमा लिखित म्याद नाघेको तीन महिनाभित्र त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्छ।

(२) परिचालकले उपदफा (१) बमोजिमको म्यादभित्र परिचालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्छ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि परिचालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्छ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी परिचालक अनुमतिपत्र नवीकरण गराउन आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त

सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर लिई त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्छ।

६९. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ६८ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भईसकेको परिचालक अनुमतिपत्र नवीकरण गरिने छैन।

७०. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्नेः** (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना समेत दर्ता किताबमा जनाउन लगाउनु पर्छ।

७१. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम परिचालकले पालन गर्नु पर्ने शर्तहरू पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७२. **<u>परिचालक अनुमतिपत्र खारेज गर्न सकिनेः</u>** (१) दफा ६५ मा लेखिएको कुनै अयोग्यता परिचालकमा भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन परिचालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्छ।

७३. **<u>परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेः</u>** (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा सात दिनभित्र परिचालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा ***<u>तोकिएक</u>**ो दस्तुर समेत राखी दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर आवश्यक छानबिन गरी ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले परिचालकलाई परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

## परिच्छेद–६

## <u>यातायात व्यवस्थापन</u>

---

* पहिलो संशोधनद्वारा थप।

७४. **<u>बाटो निर्धारण गर्ने:</u>** विभागले उपयुक्त देखेको ठाउँमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्छ।

७५. **<u>बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने:</u>** दफा ७४ बमोजिम निर्धारित बाटोमा बाटो इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न पाउने छैन।

७६. **<u>बाटो ईजाजतपत्रको लागि दरखास्त:</u>** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष बाटो इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनु पर्छ।

७७. **<u>बाटो इजाजतपत्र दिनु पर्ने:</u>** (१) दफा ७६ बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले दफा ७८ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा प्रयोग गर्न अनुसूची –७ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दिइएको बाटो इजाजतपत्र सो दिइएको मितिले चार महिनासम्म बहाल रहनेछ।

७८. **<u>बाटो इजाजतपत्र दिंदा जाँचनु पर्ने कुराहरू:</u>** दफा ७७ बमोजिम कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिंदा त्यस्तो [σ]<u>सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले</u> देहायका कुराहरू पूरा गरे नगरेको

---

σ पहिलो संशोधनद्वारा संशोधित।

अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिनुपर्छः–

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी तथा सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको बीमा,

(ख) सवारीको जाँचपास र

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

७९. **<u>बाटो परिवर्तन गर्नु परेमाः</u>** (१) बाटो इजाजतपत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ७६ बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त दिई बाटो इजाजतपत्र लिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजतपत्र खारेज गरी नयाँ बाटो इजाजतपत्र दिनु पर्छ।

८०. **<u>बहु बाटो इजाजतपत्र दिन सकिनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याई रहेको बाटोमा कुनै असर नपर्ने गरी सो बाटोसँग सम्बन्धित हुन आउने अन्य बाटोमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले बाटो इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एक भन्दा बढी बाटोमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहु बाटो इजाजतपत्र दिंदा त्यस्तो प्रत्येक

बाटोको लागि लाग्ने बाटो दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्छ।

८१. **<u>पटके बाटो इजाजतपत्रः</u>** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके बाटो इजाजतपत्र दिन सक्नेछ।

८२. **<u>बाटो इजाजतपत्र दिन इन्कार गर्न सकिनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्न बाटो इजाजतपत्र प्रदान गर्दा त्यस्तो बाटोमा यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको सङ्ख्यालाई हेर्दा फेरि अर्को सवारीको निमित्त सोही बाटोमा बाटो इजाजतपत्र प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदूषणको कारण वा अन्य कुनै कारणबाट कुनै सार्वजनिक सवारीको निमित्त बाटो इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले *<u>व्यवस्थापन समितिसँग परामर्श गरी</u> बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा थप।

(२) मध्यम बाटो र लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवं काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। अधिकार प्राप्त अधिकारीले तोकिएको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा यातायात सेवा सञ्चालन गर्ने बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

८३. **बाटो इजाजतपत्र नवीकरणः** (१) दफा ७७ को उपदफा (२) बमोजिम बाटो इजाजतपत्रमा लेखिएको म्याद नाघेको [σ]पन्ध्र दिनभित्र त्यस्तो बाटो इजाजतपत्र नवीकरण गराई सक्नु पर्छ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम बाटो इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो बाटो इजाजतपत्र अर्को चार महिनाको लागि नवीकरण गर्नु पर्छ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी बाटो इजाजतपत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नवीकरण गर्नु पर्छ।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

८४. **बाटो इजाजतपत्र स्वतः रद्द हुने:** (१) दफा ८३ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो बाटो इजाजतपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भईसकेको बाटो इजाजतपत्र नवीकरण गरिने छैन।

८५. **पुनः बाटो इजाजतपत्र दिन सकिने:** दफा ८४ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः बाटो इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ८३ बमोजिम लिनु पर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई दुई हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा ७७ बमोजिम अर्को बाटो इजाजतपत्र दिनु पर्छ।

८६. **बाटो इजाजतपत्र स्थगित गर्न सकिने:** (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री चार महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो ब्यहोरा खुलाई बाटो इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो बाटो इजाजतपत्र स्थगित गर्नका लागि दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक

सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

*(२क) बाटो इजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा नेपाल सरकारले त्यस्ता सवारीहरूको बाटो इजाजतपत्र बढीमा एक महिना सम्मको लागि स्थगित गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजतपत्र स्थगित अवधिको नवीकरण दस्तुर मिनाहा हुनेछ।

८७. **बाटो इजाजतपत्र रद्द गर्न सकिनेः** यस ऐनबमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी बाटो इजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

८८. **बाटो इजाजतपत्रको प्रतिलिपि दिनेः** (१) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

---

* पहिलो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

८९. **जाँचपास गराउनु पर्नेः** (१) कुनै पनि सार्वजनिक सवारीको बाटो इजाजतपत्र लिन यस ऐन बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनु पर्छ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि बाटो इजाजतपत्र दिइने छैन।

९०. **जाँचपासको लागि दरखास्तः** जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

९१. **जाँचपासको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा ९० बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्छ।

⇔(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्य अवधि देहाय बमोजिम हुनेछः-

---

⇔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

(क) नयाँ सवारी दर्ता भएको मितिले पाँच वर्षसम्मको लागि एक वर्षसम्म, र

(ख) खण्ड (क) बाहेकका सवारीको हकमा छ महिनासम्म।

९२. **<u>पुनः जाँचपास गराउनु पर्ने:</u>** (१) दफा ९१ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि दरखास्त दिई जाँचपास गराउनु पर्छ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको मितिले पैंतीस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्छ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार रुपैयाँसम्म जरिवाना लिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्छ।

९३. **<u>यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्ने:</u>** (१) यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।

(२) यातायात सेवाको नाम विभागमा पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको

ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी विभाग समक्ष दरखास्त दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न दरखास्तवालालाई अनुसूची–८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा विभागको पूर्व स्वीकृति लिनु पर्छ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९४. **<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण:</u>** (१) दफा ९३ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्छ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित विभाग समक्ष दरखास्त दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा विभागले त्यस्तो अनुमतिपत्र अर्का पाँचवर्षको लागि नवीकरण गर्नु पर्छ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

९५. **<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुने:</u>** (१) दफा ९४ को उपदफा (४) बमोजिम निर्धारित अवधि भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको लगत कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भईसकेको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन।

९६. **<u>भाडा निर्धारण गर्ने:</u>** (१) कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफाबमोजिम तोकिएको भाडा दर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

९७. **<u>परिचयपत्र नझुण्डयाएको व्यक्तिले यात्री टिकट बेच्न नहुने:</u>** सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सार्वजनिक

सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन।

९८. **<u>यात्री टिकटको ढाँचाः</u>** (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्छ।

९९. **<u>माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बील दिनु पर्नेः</u>** मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बील दिनु पर्छ। त्यसरी दिइने बीलको ढाँचा तोकिए बमोजिम हुनेछ।

१००. **<u>यात्री–सूची तयार गर्नु पर्नेः</u>** विभागले तोके बमोजिमको मध्यम बाटो वा लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री—सूची तयार गर्नु पर्छ। त्यसरी तयार गरिएको यात्री सूचीको एक प्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा निजले तोकेको व्यक्ति समक्ष सो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु अगावै पेश गर्नु पर्छ।

१०१. **<u>यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्नेः</u>** (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा

लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा दैवी परी सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारीको अनिवार्य दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ।

१०२. **सीटभन्दा बढी यात्री राख्न नहुनेः** यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन।

१०३. **यात्रा विश्राम गर्नु पर्नेः** चार घण्टा भन्दा बढीको दूरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक आधाघण्टा विश्राम गर्नु पर्छ।

१०४. **चालकको पालो फेर्नु पर्नेः** लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक [σ]छ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने

σ पहिलो संशोधनद्वारा संशोधित।

कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

१०५. **<u>टिकट नलिई यात्रा गर्नमा प्रतिबन्धः</u>** कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन।

१०६. **<u>बाटोको नक्सा र समय तालिकाको जानकारी गराउनेः</u>** (१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको बाटोको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको बाटो, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तुरून्त यात्रीहरूलाई दिने व्यवस्था गर्नु पर्छ।

१०७. **<u>सीट सुरक्षित राख्नु पर्नेः</u>** (१) स्थानीय बाटोमा चल्ने यात्रीबाहक सार्वजनिक ठूलो सवारीमा चारवटा सीट अशक्त व्यक्तिका लागि र दुईवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

(२) लामो बाटोमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीमा दुईवटा सीट संसद सदस्यका लागि र दुईवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

तर त्यस्तो सीट त्यस्तो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्ने चारघण्टा अघिसम्म मात्र सुरक्षित राखिनेछ।

(३) उपदफा (२) बमोजिम ➔व्यवस्थापिका—संसद↔सदस्यले खरिद गरेको टिकट अन्य कुनै यात्रीको नाममा हस्तान्तरण हुन सक्ने छैन।

१०८. **सुरक्षाकर्मी राख्न सकिनेः** मध्यम बाटो र लामो बाटोमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलव्ध गराई दिन नेपाल सरकारसँग अनुरोध गरेमा वा नेपाल सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नु पर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलव्ध गराउन सक्नेछ।

१०९. **अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

११०. **सार्वजनिक सवारीमा धूम्रपान गर्न नहुनेः** सार्वजनिक सवारीमा धूम्रपान गर्न हुँदैन।

१११. **चालकसँग कुरा गर्न नहुनेः** सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

---

➔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

↔ हाल संघीय संसद कायम रहेको।

११२. **फेला परेको मालसामान बुझाउनु पर्नेः** सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्छ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबीस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी सङ्घको कार्यालयमा बुझाउनु पर्छ।

११३. **यात्री लिन इन्कार गर्न नहुनेः** मध्यम वा लामो बाटोमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खालीरहेको अवस्थामा यात्री लिन इन्कार गर्न पाउने छैन।

११४. **नेपाल सरकारको विशेष अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई नेपाल सरकारले आदेश दिन सक्नेछ।

## परिच्छेद–७

## आवागमन नियन्त्रण

११५. **सवारीको गति निर्धारणः** (१) विभागले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी वेगले सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत विभागले टाँस्न वा जडान गर्न लगाउनु पर्छ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनि तथा बत्तीको प्रयोग गर्नु पर्छ।

११६. **सवारीको वजनः** विभागले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

११७. **सवारीमा राखिने मानिस र मालसामानको हद तोक्नेः** (१) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालसामानको वजन विभागले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

११८. **सवारी चलाउन प्रतिबन्ध लगाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा

प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा विभागले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

११९. **<u>ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्ने</u>:** (१) विभागले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रङ्ग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू विभाग वा विभागले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

१२०. **<u>ट्राफिक सङ्केतको पालन गर्नु पर्ने</u>:** (१) चालकले सवारी चलाउँदा ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्छ।

(२) चालकले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

१२१. **<u>पार्किङ्ग स्थान तथा बस बिसौनी निर्धारण गर्ने</u>:** अधिकार प्राप्त अधिकारीले गाउँ, नगर तथा जिल्लाका स्थानीय निकायका पदाधिकारीहरूसँग परामर्श गरी मूल सडकको आवागमनमा प्रतिकूल असर नपर्ने गरी पार्किङ्गस्थल तथा बस बिसौनीहरू निर्धारण गर्नु पर्छ।

१२२. **<u>सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने</u>:** (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्छ।

१२३. **<u>सवारीको अन्य भागमा मानिस राख्न नहुनेः</u>** कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले लामो एवं मध्यम बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा मानिस राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

१२४. **<u>चालकलाई बाधा पुग्ने काम गर्न नहुनेः</u>** कसैले चालकको क्षेत्र (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभीई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

१२५. **<u>आवागमनमा बाधा पार्न नहुनेः</u>** कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्न हुँदैन।

तर कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयको लागि कुनै मालसामान राख्नुपर्ने भएमा नजीकको प्रहरी कार्यालयलाई सोको जानकारी दिई त्यस्तो कार्यालयको स्वीकृति लिनु पर्छ।

१२६. **सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्ने:** (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनु पर्छ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिँदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्छ।

१२७. **सवारीमा साङ्केतिक चिन्ह राख्नु पर्ने:** कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि साङ्केतिक चिन्ह देखिने गरी राख्नु पर्छ।

१२८. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने:** (१)चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

१२९. **दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने:** कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१३०. **<u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्नेः</u>** (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्छ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्छ।

१३१. **<u>खोजेको बेला देखाउनु पर्नेः</u>** (१) कुनै पनि चालकले चालक अनुमतिपत्र प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा हेर्न खोजेमा देखाउनु पर्छ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको बाटो इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र देखाउनु पर्छ।

१३२. **<u>सवारी रोक्नु पर्नेः</u>** चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नु पर्छः—

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा।

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा।

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा।

(घ) जेब्रा क्रसिङमा मानिस ओहर दोहर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

१३३. **दुर्घटना भएमा चालकको कर्तव्यः** (१)कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनु पर्छ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्छ।

१३४. **दुर्घटना परेको सवारीको निरीक्षणः** दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

१३५. **सवारी बायाँतिरबाट चलाउनु पर्नेः** (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा वायाँ किनारा च्यापी चलाउनु पर्छ।

(२) अगाडि गईरहेको सवारीलाई उछिनी जानु परेमा संकेत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्छ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्छ।

१३६. **पेटीबाट हिंड्नु पर्नेः** मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरू सो पेटीबाट नै हिंड्नु पर्छ। पेटी नभएको सडकमा हिंड्दा सो सडकको किनारा च्यापी हिड्ने गर्नु पर्छ।

१३७. **निर्धारित ठाउँबाट बाटो काट्नु पर्नेः** पैदल हिंड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब–वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्छ।

१३८. **पाल्तु पशुपन्छी छाड्न नहुनेः** सवारी चलाउन वा मानिस हिंड्नलाई बाधा पर्ने गरी कुनै पनि घर पालुवा पशुपन्छी सार्वजनिक स्थानमा छाड्न हुँदैन।

१३९. **जानकारी दिनुपर्नेः** (१) अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारीको धनीले निजहरूलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्छ।

१४०. **<u>घुम्ती निरीक्षकः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १६४ मा उल्लेख भए बमोजिमको काम कारवाही भएको देखेमा त्यस्तो गर्ने व्यक्तिलाई तत्काल सो दफामा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

१४१. **<u>चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुनेः</u>** कुनै पनि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमतिपत्र दिन हुँदैन।

१४२. **<u>मादक तथा अन्य लागू पदार्थ सेवन गर्न नहुनेः</u>** सवारी चलाउँदा चालकले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्न हुँदैन।

१४३. **<u>राती सवारी चलाउँदा बत्ती बाल्नु पर्नेः</u>** कुनै पनि सवारी अँध्यारोमा वा कुहिरो लागेको बेलामा चलाउँदा सो सवारीको बत्ती बाल्नु पर्छ।

१४४. **<u>अवस्था ठीक नभएको सवारी चलाउन नहुनेः</u>** सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन।

१४५. **<u>आवश्यक सहयोग पुऱ्याउनेः</u>** कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीहरूलाई आवश्यक सहयोग पुऱ्याउनु पर्छ।

१४६. **<u>प्रचार प्रसार गर्ने गराउनेः</u>** सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा विभागले विभिन्न सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नु पर्छ।

१४७. **लापरवाहीसाथ सवारी चलाउन नहुनेः** कुनै चालकले सवारी चलाउँदा लापरवाहीसाथ सवारी चलाउन हुँदैन।

## परिच्छेद–८

## बीमा सम्बन्धी व्यवस्था

१४८. **सवारीको बीमा गराउनु पर्नेः** (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम प्रत्येक सवारीको बीमा गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न पञ्जीकृत गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन।

१४९. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमाः** (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्छ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजीकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरू वा

निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ।

१५०. **यात्रीको बीमाः** (१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्छ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ।

१५१. **यात्रीगुण्टाको बीमाः** (१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको यात्रीगुण्टाको तोकिएको रकमको बीमा गराउनु पर्छ।

(२) यात्रीगुण्टाको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो यात्रीगुण्टा कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी दावी गरिएको क्षतिपूर्तिको रकम प्रति सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्रीगुण्टाको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ।

१५२. **<u>तेस्रो पक्षको बीमाः</u>** (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्छ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सीभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ।

## परिच्छेद–९

## <u>काम, कर्तव्य र अधिकार</u>

१५३. **<u>विभागको काम, कर्तव्य र अधिकारः</u>** विभागको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) सङ्गठित एवं प्रभावकारी ढङ्गबाट यातायात सेवा सञ्चालन गराउन त्यसको आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धी आवश्यक नीति निर्धारण गर्ने।

(ख) यातायातको सुव्यवस्था र विकासको लागि यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक निर्देशन दिने।

(ग) आवश्यकता अनुसार मालसामान ढुवानीको प्राथमिकता तोकी सो प्राथमिकता अनुरूप मालसामान ढुवानी गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने।

(घ) यातायात सेवा सञ्चालन गर्न यात्रीको चापलाई दृष्टिगत गरी आवश्यकता अनुसार बाटोको निर्धारण गरी सो बाटोमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्ने।

(ङ) अन्तर्राष्ट्रिय प्रचलन अनुरूप ट्राफिक संकेतहरू सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्ने।

(च) सवारीको गति, वजन र सवारीमा राखिने यात्री सङ्ख्या निर्धारण गर्ने।

(छ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको जाँचबुझको सम्बन्धमा आवश्यक मापदण्ड तयार र निर्धारण गर्ने।

(ज) चालकहरूसँग लिइने परीक्षाको विषय र परीक्षा प्रणाली तोक्ने।

(झ) यातायात सेवाको सुदृढीकरणको निम्ति आवश्यक अन्य काम कारवाही गर्ने।

१५४. **<u>यातायात व्यवस्थापन समितिः</u>** प्रत्येक क्षेत्रमा चल्ने सार्वजनिक सवारीहरूलाई व्यवस्थितरूपमा सञ्चालन गर्न देहायका सदस्यहरू भएको यातायात व्यवस्थापन समिति गठन गरिनेछः–

(क) प्रमुख जिल्ला अधिकारी (यातायात व्यवस्था कार्यालय रहेको जिल्ला) – अध्यक्ष

(ख) प्रमुख, जिल्ला प्रहरी कार्यालय – सदस्य

(ग) यातायात व्यवसायीहरूको प्रतिनिधि एकजना – सदस्य

(घ) यातायात मजदूरहरूको प्रतिनिधि एकजना – सदस्य

(ङ) प्रमुख, यातायात व्यवस्था कार्यालय – सदस्य–सचिव

१५५. **<u>यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाधरूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने।

(ख) आफ्नो क्षेत्रभित्र बाटो कायम नभएको ठाउँमा केही समयको लागि बाटो कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी बाटो कायम गरी सो बाटोमा चल्ने

सार्वजनिक सवारीको भाडा निर्धारण गर्न विभागमा सिफारिस गर्ने।

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूले बाटोको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने।

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने।

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षेत्रमा बाटो निर्धारण हुन विभाग समक्ष सिफारिश गर्ने।

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थितरूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारवाही गर्ने।

१५६. **परीक्षा समितिः** (१) सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्ति त्यस्तो सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ४९ बमोजिम परीक्षा लिन देहायका सदस्यहरू भएको एक परीक्षा समिति रहनेछः–

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय – अध्यक्ष

(ख) नेपाल सरकारले तोकिदिएको प्रहरी अधिकृत– सदस्य

(ग) नेपाल सरकारले तोकेको विशेषज्ञ – सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्तिहरूको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नु पर्छ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिले निर्धारण गरे बमोजिम बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकहरूका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली विभागले तोके बमोजिम हुनेछ।

१५७. **यातायात निरीक्षकको नियुक्तिः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरूले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न नेपाल सरकारले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ।

१५८. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले बाटोको इजाजतपत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने।

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने।

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने।

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने।

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

१५९. **प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै पनि किसिमको सवारी चलाउने प्रशिक्षण कार्य सञ्चालन गर्न वा चालक प्रशिक्षण केन्द्र वा बस, ट्रकको बडी निर्माण गर्ने कारखाना वा

अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विभागको अनुमति लिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी विभागमा दरखास्त दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न सक्छ सक्तैन भन्ने कुराको जाँचबुझ गरी विभागले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

## परिच्छेद–१०

## सजाय सम्बन्धी व्यवस्था

१६०. **दण्ड सजायः** (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकार प्राप्त अधिकारीले छ महिनासम्म कैद वा पाँचहजारदेखि पन्ध्रहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी जफत गर्नु पर्छ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कारवाही गर्ने गराउनेलाई देहाय बमोजिम जरिवाना गर्न सक्नेछः—

(क) दफा १२, ४५ वा ११७ को विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँचसय देखि दुई हजार रुपैयाँसम्म।

(ख) दफा १४, २९, ३९, ७५, ९३, ९६, १२५ वा १२९ को विपरीत काम कारवाही गर्ने गराउनेलाई एकहजार देखि पाँचहजार रुपैयाँसम्म।

(ग) दफा १५९ को विपरीत काम कारवाही गर्ने गराउनेलाई दुईहजारदेखि दशहजार रुपैयाँसम्म।

(३) उपदफा (१) वा (२) मा उल्लेख भए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारवाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुईसयदेखि एकहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा १२८ विपरीत हुने गरी काम कारवाही गर्ने गराउने व्यक्तिलाई पच्चीसहजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम दिलाउन सक्नेछ।

(५) दफा १६५ विपरीत हुने गरी काम कारवाही गर्ने गराउने व्यक्तिलाई एकहजार रुपैयाँ जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम दिलाउन सक्नेछ।

[σ]१६१.**ज्यान मरेमा हुने सजायः** (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो

---

σ पहिलो संशोधनद्वारा संशोधित।

दुर्घटनाको कारणबाट तत्कालै ✍वा सोही चोटको परिणाम स्वरुप एक्काईस दिनभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई ✍जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।

✍(२) कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिंदा देखिँदै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरुप एक्काईस दिनभित्र मरेमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको

---

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दुई हजार रुपैयाँ समेत जरिवाना हुनेछ।

तर ✍जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।

σ१६२.**अङ्गभङ्ग भएमा हुने सजायः** ✍(१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अ.भ. भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिबाना हुनेछ। सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिबाना हुनेछ।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँचहजार रुपैयाँ थप जरिवाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानसिलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई ✍मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

१६३. **घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिनेः** (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छः—

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत ◈पचास हजार रुपैयाँसम्म र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बीमाको रकम।

---

◈ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

✍ पहिलो संशोधनद्वारा संशोधित।

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत ◈पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम ∇प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्च बापत ∇प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट ◈पच्चीस हजार रुपैयाँ दिलाई दिनु पर्छ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतिपूर्तिको कूल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराइने छैन।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असूल उपर हुन सकेन भने सो उपर नभए जति रुपैयाँ निजबाट असूल उपर भएको जरिवाना मध्येबाट भराई दिनु पर्छ।

*(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति बापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ।

१६४. **यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई ◈पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई ◈एक हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई ◈एक हजार पाँच सय रुपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछः–

(क) ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको।

---

* पहिलो संशोधनद्वारा थप।

◈ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(ख) सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको।

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनि सङ्केत दिएको।

(घ) सडकमा गलत साइड तर्फबाट सवारी चलाएको।

(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको।

(च) अवस्था ठीक नभएको सवारी चलाएको।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको।

(ज) राती बत्ती नबाली सवारी चलाएको।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएको।

(ञ) अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको।

(ट) सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको।

(ठ) नम्बर प्लेट नराखी सवारी चलाएको।

(ड) सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको।

(ढ) पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको।

(ण) सवारीमा बस्ने वा राख्ने मानिस वा मालसामानको हद निर्धारित गरिएकोमा सो हद भन्दा बढी राखी सवारी चलाएको।

(त) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको।

(थ) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको।

(द) लापरवाही साथ सवारी चलाएको।

(ध) बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको।

(न) चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको।

(२) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पुर्जी दिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई

हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको पुर्जी दिँदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्छ।

(५) उपदफा (२) वा (३) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र [σ]बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

*(६) उपदफा (५) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नुबझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा थप।

# परिच्छेद–११

## विविध

१६५. **हानि नोक्सानी पुऱ्याउन नहुनेः** कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन।

१६६. **सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेः** कुनै चालकले लापरवाही गरी वा बदनियत पूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरी दिनु पर्छ।

१६७. **सजाय नहुनेः** दफा १६१ र १६२ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन।

१६८. **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन। [µ].........................

---

µ सार्वजनिक खरिद ऐन, २०६३ द्वारा खारेज।

Σ१६८क.**<u>सवारी जाँचपास तथा प्रदूषण सम्बन्धी विशेष व्यवस्था</u>:** विभागले प्रचलित कानून बमोजिम स्थापना भई तोकिएको मापदण्ड पूरा गरेको निजी क्षेत्रको सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा प्रदूषणको परीक्षण गरी प्रमाणपत्र जारी गर्न अनुमति दिन सक्नेछ।

Σ१६८ख.**<u>विद्युतीय अभिलेख प्रणालीमा प्रविष्टि गर्नु पर्ने</u>:** (१) यस ऐन र प्रदेश कानून बमोजिम दर्ता हुने सवारीको विवरण, चालक अनुमतिपत्रको विवरण, सवारी चालक अनुमतिपत्र सम्बन्धित राजस्व कार्यालयमा भएका विवरण लगायतका अन्य वैयक्तिक तथा जैविक (बायोमेट्रिक्स) सहितको एकीकृत विवरण प्राप्त हुने गरी विभागले सूचना प्रविधिमा आधारित यातायात सेवाको विद्युतीय अभिलेख प्रणाली निर्माण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय अभिलेख प्रणालीमा विभागले तोकेको ढाँचामा त्यस्तो निकायले विवरण प्रविष्टि गर्नु पर्नेछ।

१६९. **<u>निर्देशन दिन सक्ने</u>:** नेपाल सरकार, विभाग वा अधिकार प्राप्त अधिकारीले यातायात व्यवसायीहरूलाई यातायात व्यवसायलाई प्रभावकारी बनाउन तथा यातायात सेवालाई सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ।

१७०. **<u>अधिकार प्रत्यायोजन</u>:** यस ऐन बमोजिम विभाग वा अधिकार प्राप्त अधिकारीलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार विभाग वा अधिकार प्राप्त अधिकारीले कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

---

Σ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा थप।

१७१. **<u>पुनरावेदनः</u>** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर विभाग समक्ष पुनरावेदन लाग्नेछ।

(२) यस ऐन बमोजिम विभागले गरेको निर्णय वा आदेश उपर उच्च अदालत समक्ष पुनरावेदन लाग्नेछ।

σ१७२.**<u>उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्यादः</u>** ✍(१) दफा १६१ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग–२ को ※<u>परिच्छेद–१२ मा</u> उल्लिखित म्यादभित्र, दफा १६२ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग–२, परिच्छेद–१४ मा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

(२) दफा १६१ र १६२ अन्तरगतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तरगतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ।

१७३. **<u>सहयोग पुऱ्याउनु पर्नेः</u>** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा

---

σ पहिलो संशोधनद्वारा संशोधित ।

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

※ मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन ,२०७५ द्वारा संशोधित।

निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

१७४. **अन्य सवारी साधनको चालकले यस ऐनको पालन गर्नु पर्नेः** यस ऐन बमोजिम दर्ता गर्न नपर्ने सवारी साधन वा कुनै सवारी साधन चलाउन यस ऐन बमोजिम चालक अनुमतिपत्र लिन नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक सङ्केतको पालना गर्नु पर्छ।

१७५. **असल नियतले गरेको कामको बचाउः** अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन।

१७६. **विशेष अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी नेपाल सरकारले छुट दिन सक्नेछ।

*१७६क. **नेपाल सरकार वादी हुनेः** दफा १६१ र १६२ अन्तरगतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिने छ।

---

* पहिलो संशोधनद्वारा थप।

१७७. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ।

१७८. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१७९. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

१८०. **<u>खारेजी र बचाउः</u>** (१) देहायका ऐनहरू खारेज गरिएका छन् :-

(क) सवारी ऐन, २०२०।

(ख) राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६।

(२) उपदफा (१) मा लेखिएका ऐनहरू अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै ऐन अन्तर्गत भए गरेका मानिनेछन्।

## अनुसूची-१

(दफा ३, ४ र ५ सँग सम्बन्धित)

## सवारीको वर्गीकरण

खण्ड (क)

ठूलो सवारी (दफा ३ सँग सम्बन्धित):-

बस, ट्रक, ट्र्याक्टर, दमकल, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि।

खण्ड (ख)

मझौला सवारी ( दफा ४ सँग सम्बन्धित):-

मिनिबस, मिनिट्रक, जीप, पीकअप, भ्यान, क्रेन, ट्र्याक्टर, रोलर आदि।

खण्ड (ग)

सानो सवारी (दफा ५ सँग सम्बन्धित):-

कार, जीप, भ्यान, पिकअप, मोटर साइकल, स्कूटर, टेम्पो, पावर टिलर आदि।

## ⊠अनुसूची-२

(दफा ६,७,८,९,१० र ११ सँग सम्बन्धित)

### सवारीको नम्बर प्लेट

भाग—१ साधारण सवारी नम्बर प्लेट

खण्ड (क)

सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित):-

कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

तर अब उप्रान्त बागमती अञ्चलभित्र दर्ता गरी काठमाडौं उपत्यकाको चक्रपथ र चक्रपथ बाहिर भाडामा चलाइने टेम्पो र माइक्रोबसको नम्बर प्लेट सेतो प्लेटमा कालो अक्षर र अङ्कमा राख्नु पर्नेछ।

खण्ड (ख)

पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित):-

हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ग)

निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित):-

रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

---

⊠ मिति २०७४।४।२५ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर।

खण्ड (घ)

सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित) :-

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ङ)

सङ्गठित संस्था वा संस्थानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित) :-

पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (च)

कूटनीतिक सवारी (दफा ११ को उपदफा (२) सँग सम्बन्धित) :-

नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

द्रष्टव्यः

१. राष्ट्रपति चढ्ने सवारी साधनको नम्बर प्लेट नेपाल सरकारले तोके बमोजिम हुनेछ।

२. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, ↔व्यवस्थापिका-संसदका सभामुख तथा उपसभामुख र मन्त्रिपरिषद्का सदस्यहरू चढ्ने सरकारी सवारी साधनको नम्बर प्लेटको माथिल्लो आधा भाग र तल्लो आधा भाग क्रमशः रातो र नीलो रङ्गको पृष्ठभूमिमा सेतो रङ्गको अक्षर र अङ्क हुनु पर्नेछ।

↔ हाल संघीय संसद कायम भएको।

❐२क. प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाका अध्यक्ष, उपाध्यक्ष र प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु चढ्ने सरकारी सवारी साधनको नम्बर प्लेटको माथिल्लो आधा भागमा रातो र तल्लो आधा भागमा सेतो रङ्गको पृष्ठभूमि भई सो पृष्ठभूमिमा क्रमशः सेतो र रातो रङ्गको अक्षर र अङ्क हुनु पर्नेछ।

३. सबै किसिमका ठूला तथा मझौला सवारीहरूको नम्बर प्लेटको साईज १४" × ८" साना सवारी मध्ये चारपाङग्रेको नम्बरप्लेटको साइज १२" × ७" तीनपाङग्रे टेम्पो आदिको नम्वरप्लेटको साइज १०" × ७" र दुई पाङग्रे मोटर साइकल, स्कुटर आदिको नम्वरप्लेटको साइज ८" × ५" हुनु पर्नेछ।

४. नम्बरप्लेटमा लेखिने अक्षर र अङ्क ठूला तथा मझौला सवारीहरूको प्लेटमा कम्तिमा ३ इन्च अग्लो र १/२" मोटो, सानो सवारीमा चारपाङग्रे तथा तीनपाङग्रे टेम्पो आदिको २" अग्लो र १/२" मोटो र मोटरसाइकल, स्कुटर आदिको २" अग्लो र ३/८" मोटो हुनु पर्नेछ।

५. नम्बरप्लेटको चारैतिर १/२" (मोटर साइकल, स्कुटर आदिको प्लेटमा १/४" छाडेर अङ्क र अक्षर लेख्नु पर्नेछ। अङ्क र अक्षरको बीचको दूरी कम्तीमा पनि १/४" तथा तल्लो र माथिल्लो लाइनको दूरी कम्तिमा १/२ इन्च पनि हुनु पर्नेछ।

भाग—२ **इम्बोस्ड सवारी नम्बर प्लेट**

खण्ड (क)

सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

❐ मिति २०७६।४।२० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वरा थप।

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनुपर्नेछ।

खण्ड (ख)

पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ग)

निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

सेतो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (घ)

सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ङ)

सङ्गठित संस्था वा संस्थानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (च)

कूटनीतिक सवारी (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

द्रष्टव्यः

१. राष्ट्रपति चढ्ने सवारी साधनमा प्रयोग हुने प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपली झण्डा, झण्डाभुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्र्याडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रेजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षरमुनि लालीगुँरासको आकृति उल्लेखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्राममा सात (डिजिट) अङ्कको सिरियल नम्बर, रङ्गिन नेपालको निशाना छाप, प्लेटको दायाँ तलपट्टी लेस इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर, प्लेटको दायाँपट्टि नेपाली झण्डा, सेक्यूरिटि फिचर्स (श्याम्—श्वेत अंग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्—श्वेत सानो आकारको निशाना छाप), प्लेटको पडाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इनपुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ) संलग्न हुनु पर्नेछ।

२. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, ↔व्यवस्थापिका-संसदका सभामुख तथा उपसभामुख र मन्त्रिपरिषद्का सदस्यहरु चढ्ने सरकारी सवारी साधनको इम्बोस्ड नम्बर प्लेट सेतो प्लेटमा रातो रङ्गको अक्षर र अङ्कमा हुनु पर्नेछ।

३. खण्ड (क) देखि खण्ड (ङ) सम्मका सवारी साधनहरुमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ) बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्र्याडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रेजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षरमुनि

↔ हाल संघीय संसद कायम भएको।

लालीगुँरासको आकृति उल्लेखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्रामको बीचमा सात (डिजिट) अङ्कको सिरियल नम्बर, प्लेटको दायाँ तलपट्टी लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर, सेक्यूरिटि फिचर्स (श्याम्—श्वेत अंग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्—श्वेत सानो आकारको निशाना छाप), प्लेटको पडाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इनपुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ) संलग्न हुनु पर्नेछ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडिपट्टि प्रयोग हुने नम्बर प्लेटको भने दायाँपट्टि माथि कुनामा लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर उल्लेख हुनु पर्नेछ।

४. खण्ड (च) मा उल्लेखित कूटनीतिक सवारी साधनहरुमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटमा हुनु पर्ने अक्षर, अङ्क, सेक्यूरिटि फिचर्स लगायतका अन्य विवरणहरु विभागले तोके बमोजिम हुनेछ।

५. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछ।

| सि.नं | सवारीको वर्गीकरण | नम्बर प्लेटको साईज (अगाडि) | नम्बर प्लेटको साईज (पछाडि) |
|---|---|---|---|
| १. | ठूलो सवारी | ५२०×११० मिलीमिटर | ३४०×२०० मिलीमिटर |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | ४३०×११० मिलीमिटर | २८०×१८० मिलीमिटर |

| | | | |
|---|---|---|---|
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २४०×१३० मिलीमिटर | २४०×१३० मिलीमिटर |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | ३००×८० मिलीमिटर | २४०×१३० मिलीमिटर |

६. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने अक्षर र अङ्कको उचाई, चौडाई र तिनीहरु बीचको दूरी मिलीमिटर (मी.मी.) मा देहाय बमोजिम हुनेछः—

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाई र चौडाई (अगाडि) | अङ्कको उचाई र चौडाई (अगाडि) | अक्षरको उचाई र चौडाई (पछाडि) | अङ्कको उचाई र चौडाई (पछाडि) | अक्षर र अक्षर बीचको दूरी (अगाडि) | अङ्क र अङ्क बीचको दूरी (पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूलो सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ६५ र चौडाई ४१.५ | उचाई ६५ र चौडाई ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | २२ उचाई ३४ र चौडाई २२ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

७. ठूलो सवारी, मझौला तथा सानो (चार पाङग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनहरुको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको चारैतिर १५ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

८. इम्बोस्ड सवारी नम्बर प्लेटको धातु न्यूनतम ९९% आल्मुनियम सब्सट्रेट, प्लेटको कडापना एच ४१ व एच ४२, प्लेटको मोटाइ ०.९८ ± ०.०३ मिलीमिटर, सो प्लेटमा रेट्रोरिफ्लेक्टिभ शिट ल्यामिनेट एवं इउन ४८५ र इउन ५७३—३ बमोजिमको तथा अन्तर्राष्ट्रिय मापदण्ड आइएसओ ७५९१:१९८२ बमोजिमको हुनु पर्नेछ।

९. बिहानीको सूर्यको किरण परेको लालिम सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) एन्टेना ८ देखि १० मीटरको दूरीबाटै रेडियो फ्रिक्वेन्सी आइटेन्टिफिकेशन डिभाइस (आरएफआइडी) रिडरले रिड गर्न सक्ने १०५ मिलीमिटर

लम्बाई, ७० मिलीमिटर चौडाई र पोलिस्टर फिल्म कमतीमा ५० माइक्रोनको ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनहरुको अगाडिको विन्ड स्क्रिनमा जडान भएको हुनु पर्नेछ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनहरुको हकमा भने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) सिट ट्याग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नु पर्नेछ।

१०. इम्बोस्ड भएको अक्षर र अङ्कमा हट स्टयाम्पिङ्ग फ्वाइललाई हट स्टयाम्पिङ्ग गर्दा ४५ डिग्रीको कोणमा ढकल्ने गरी NEPAL DOTM शब्दावली एरियल बोल्ड फन्टमा उल्लेख हुनु पर्नेछ।

Π११. स्टिल (क्लास ४.८) को गोलो टाउको भएको अन-हार्डेन्ड, मेसिन वन वे स्क्रु एउटा सवारी साधनको लागि आठवटा सम्म हुनु पर्नेछ।

Π१२. इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अङ्क नेपाल सरकारले निर्णय गरे बमोजिम देवनागरी लिपि वा अङ्ग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनु पर्नेछ।

♥१३. सवारी साधनहरुमा प्रयोग गरिने इम्बोस्ड सवारी नम्बर प्लेटमा प्रदेशको नामाङ्कन नभएसम्म प्रदेश नम्बर उल्लेख गर्नु पर्नेछ तर प्रदेशको नामाङ्कन पश्चात विभागले तोके बमोजिम प्रदेश नम्बरको सट्टा प्रदेशको नाम उल्लेख गर्नु पर्नेछ।

---

Π मिति २०८०/०१/१४ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा हेरफेर।

♥ मिति २०७४/७/१३ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर।

१४. विभागको सिफारिसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति र स्थानमा इम्बोस्ड सवारी नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू गर्नेछ।

अनुसूची-३

(दफा १६ सँग सम्बन्धित)

<u>सवारी दर्ता प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार

√ <u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय</u>

यातायात व्यवस्था विभाग

........ यातायात व्यवस्था कार्यालय

सवारी दर्ता नं.:-

सवारीको किसिम :-

दर्ता मिति :-

सवारी धनीको नाम, थर :-

वतन :-

सवारी धनीको हस्ताक्षर :- ... अधिकृतको सही :- ...

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

सवारी
धनीको
फोटो

दर्ता गर्ने अधिकारीको

हस्ताक्षर :-

मिति :-

नामसारी भएको मिति ...
...

सवारी
धनीको
फोटो

सवारी धनीको नाम, थर, वतन :- ... ... ...... ... .... .... .... ... ... ... ... ... ...

नामसारी
गर्ने
अधिकारी
को

हस्ताक्षरः—

<u>प्रमाणपत्रको नवीकरण</u>

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारीको विस्तृत विवरण :-

१. कम्पनीको नाम :-

२. सवारीको मोडेल (साल) :-

३. सिलिण्डर संख्या :-

४. हर्ष पावररसि.सि. :-

५. चेसिस नम्बर :-

६. इन्जिन नम्बर :-

७. सवारीको रङ्ग :-

८. सीट क्षमता (चालक सहित) :-

९. वजन :-

१०. पेट्रोल। डिजेल :-

११. रेडियो, क्यासेट प्लयर, टेलिफोन आदि छ छैन :-

१२. कुन कम्पनी वा मानिसबाट खरीद गरेको हो सो कम्पनी वा मानिसको नाम :-

१३. प्रयोगः—

१४. चलाउने क्षेत्र :-

१५. भन्सारको निस्सा :-

<u>सवारी जाँचेको</u>

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |

कैफियत

अनुसूची-४

(दफा २१ सँग सम्बन्धित)

√ <u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय</u>

यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय

पत्रसंख्याः— मितिः—

... ... ...

चलानी नं. :-... ... ... शाखा... ... ...

प्राप्त पत्र संख्या र मितिः—

विषय :-अस्थायी नम्बर।

श्री ... ... ...

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति २० । । मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरूको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारी धनीको नाम, थर, वतन :-

२. दिइएको अस्थायी नम्बर :-

---

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

३. अस्थायी नम्बरको अवधि :-

४. भन्सारको निस्सा :-

५. सवारी निर्माता :-

६. सवारीको किसिम :-

७. सिलिण्डर संख्या :-

८. हर्ष पावर सि.सि. :-

९. चेसिस नम्बर :-

१०. इन्जिन नम्बर :-

११. सवारीको रङ्ग :-

१२. सीट क्षमता (चालक सहित) :-

१३. वजन :-

१४. पेट्रोल/डिजेल :-

१५. सवारीको पुरानो प्लेट नम्बर :-

[ℵ]अनुसूची-५

(दफा ५० सँग सम्बन्धित)

नेपाल सरकार

HMG of Nepal

सवारी चालक अनुमतिपत्र

Driving Licence

| | |
|---|---|
| नम्बरः<br>Number<br>नामः<br>Name | फोटो<br>Photograph |

| | |
|---|---|
| जारी मितिः<br>Date of Issue | म्याद समाप्त मितिः<br>Expiry Date |
| ना.प्र.नं.:<br>Ctz. No. | रक्त समूहः<br>Blood Group |

पिता/पतिको नामः

Father/Husband

---

ℵ मिति २०५४/६/६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा अनुसूची हेरफेर।

ठेगानाः

Address

तपाईलाई निम्न बमोजिमको सवारीहरूको चालक अनुमतिपत्र दिइएको छः

The Holder of this Licence is authorised to drive the following vehicles.

| | | | |
|---|---|---|---|
| क.<br>A | मोटर साइकल, स्कुटर, मोपेड<br>Motorcycle, Scooter, Moped | च.<br>F | मिनिबस, मिनिट्रक<br>Minibus, Minitruck |
| ख.<br>B | ख. कार, जिप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | छ.<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry |
| ग.<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoricksha | ज.<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer |
| घ.<br>D | पावर टिलर<br>Powertillar | झ.<br>I | क्रेन, दमकल, लोडर<br>Crane, Fire brigade, Loader |
| ङ.<br>E | ट्र्याक्टर<br>Tractor | ञ.<br>J | अन्य<br>Other |

जारी गर्ने अधिकारी

Issued by

सवारी चालकको दस्तखत

Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offences

अनुसूची-६

(दफा ६७ सँग सम्बन्धित)

<u>सवारी परिचालक अनुमतिपत्र</u>

अ. पत्र. नं.

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

फोटो

नामः—

ना.प्र.प.नं.:-

पिता/पतिको नामः—

ठेगानाः—

| | |
|---|---|
| तपाईलाई निम्न बमोजिमको सवारीहरूको<br>परिचालक अनुमतिपत्र दिइएको छ।<br><br>(क) बस<br>(ख) मिनिबस<br>(ग) ट्रक | नेपाल सरकार<br>√ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>यातायात व्यवस्था विभाग<br>... ...यातायात व्यवस्था कार्यालय |

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्धारा संशोधित।

| | |
|---|---|
| | पासपोर्ट नं.:-<br>रगत समूहः—<br><br>सवारी परिचालकको सहीः— |

अनुसूची-७

(दफा ७७ सँग सम्बन्धित)

(बाटो इजाजतपत्रको ढाँचा)

नेपाल सरकार

√ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

.....यातायात व्यवस्था कार्यालय

इजाजत दिने अधिकारीको, -

नामः—

दर्जाः—

दस्तखतः—

मितिः—

चेसिसको लम्बाईः—

इन्जिन नम्बरः—

मोडेलः—

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्धारा संशोधित।

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगानाः—

बडी तयार गर्ने कारखानाको नाम ठेगानाः—

इजाजत पत्र नंः—

सवारीको किसिमः—

सवारी धनी वा व्यवस्थापकको नामः—

ठेगानाः—

सवारी धनी वा व्यवस्थापकको दस्तखतः—

सवारीको किसिमः—

क्षमता ........................ सवारी नम्बरः—

चेसिस नम्बरः—

नामसारी

२०४/ / को निवेदन र मिति २०४/ / को दर्ताको प्रमाणपत्र अनुसार श्री ...................................................... को नामबाट ........................................ बस्ने श्री .......................................... को नाउँमा नामसारी गरिएको छ।

अधिकारको

दस्तखतः—

मितिः—

| इजाजतपत्र पाएको क्षेत्र (बाटो) | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
| --- | --- | --- |
| | | |

अनुसूची-८

(दफा ९३ सँग सम्बन्धित)

(<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा)</u>

नेपाल सरकार

√<u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय</u>

यातायात व्यवस्था विभाग

| |
|---|
| फोटो |

दर्ता नं.:-

दर्ता मितिः-

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नामः-

(२) ठेगानाः-

(३) कारोबारको मुख्य स्थानः-

(४) सञ्चालन गर्ने सेवाको किसिमः-

---

√ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्धारा संशोधित।

(५) धनी/साझेदार/सञ्चालन (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः-

(६) ठेगानाः-

.......................... ...........................

(मुख्य व्यक्तिको सही) (महानिर्देशकको सही)

# सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५४।०३।१२

संशोधन

१. सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०६१
२०६१।०६।०७

२. सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०६६
२०६६।०५।१७

☺३. सवारी तथा यातायात व्यवस्था (तेस्रो संशोधन) नियमावली, २०६७
२०६७।०१।२७

☺४. सवारी तथा यातायात व्यवस्था (चोथौ संशोधन) नियमावली, २०६८
२०६८।०३।२०

५. सवारी तथा यातायात व्यवस्था (पाँचौं संशोधन) नियमावली, २०७०
२०७०।०१।३०

६. सवारी तथा यातायात व्यवस्था (छैठौं संशोधन) नियमावली, २०७३
२०७३।०६।११

☺ यो नियमावली २०६७ साल श्रावण १ गतेबाट प्रारम्भ भएको।

७. सवारी तथा यातायात व्यवस्था (सातौं संशोधन) नियमावली, २०७४
२०७४।०५।०४

८. सवारी तथा यातायात व्यवस्था (आठौं संशोधन) नियमावली, २०७४
२०७४।११।१४

९. सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०८०
२०८०।०३।२५

१०. सवारी तथा यातायात व्यवस्था (दशौं संशोधन) नियमावली, २०८१
२०८१।१०।१०

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ।

## परिच्छेद — २

## सवारी दर्ता सम्बन्धी व्यवस्था

३. सवारीको प्रवेश दर्ताः (१) विदेशबाट पैठारी गरेको प्रत्येक सवारी नेपाल ➔......... मा प्रवेश गरेपछि सवारी धनीले प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा ऐनको दफा १३ बमोजिम प्रवेश दर्ताको लागि अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही त्यस्तो सवारीको प्रवेश दर्ता गरी सम्बन्धित सवारी धनीलाई अनुसूची-२ बमोजिमको ढाँचामा सवारी प्रवेश दर्ताको निस्सा दिनुपर्नेछ।

४. सवारी दर्ताः (१) ऐनको दफा १४ बमोजिम दर्ता गराउनु पर्ने सवारी दर्ता गराउँदा ऐनको दफा १५ मा उल्लिखित कागजातको अतिरिक्त देहाय बमोजिमको कागजात तथा अनुसूची-३ बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची–४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः–

(क) विदेशमा दर्ता भएको सवारी पैठारी गरेको भए उक्त दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) नियम ३ बमोजिमको प्रवेश दर्ता सक्कल निस्सा,

(ग) सवारी धनी आफैं उपस्थित नभई अरू कसैलाई पठाएको भए सोको अख्तियारनामा।

---

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची-५ बमोजिमको सवारी दर्ता किताबमा सवारी दर्ता गरी दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको सवारीको धनीलाई कार्यालयले अनुसूची-६ मा उल्लेख भए बमोजिम ✡<u>अक्षर र अङ्क सहितको नम्बर प्लेट सङ्केत</u> दिनेछ। सवारी धनीले यस्तो नम्बर प्लेट, सङ्केत सम्बन्धित सवारीमा प्रष्ट रूपमा देख्न सकिने गरी राख्नु पर्नेछ।

✚(४) उपनियम (३) बमोजिमको नम्बर प्लेट इम्बोस्ड गरिएको हुनु पर्नेछ।

<u>स्पष्टीकरण:</u> उपनियम (४) को प्रयोजनको लागि “इम्बोस्ड” भन्नाले “धातुको प्लेटमा विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अङ्क उठ्ने गरी लेखिने काम” सम्झनु पर्छ।

∇(४क) सवारी साधनमा उपनियम (४) बमोजिम इम्बोस्ड गरिएको नम्बर प्लेट जडान गर्दा लाग्ने दस्तुर अनुसूची-६क. मा उल्लेख भए बमोजिम हुनेछ।

❖(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेट इम्बोस्ड गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको व्यवस्था नहुञ्जेलसम्मको लागि नेपाल सरकारले ताके बमोजिमको नम्बर प्लेट सङ्केत प्रदान गरिनेछ।

---

✡ तेस्रो संशोधनद्वारा संशोधित ।

✚ तेस्रो संशोधनद्वारा थप ।

∇ सातौं संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

५. सवारीको अस्थायी दर्ता: ऐनको दफा १९ मा उल्लिखित अवस्था परी कुनै सवारीको अस्थायी दर्ता गर्नु परेमा सम्बन्धित सवारी धनीले अनुसूची-३ बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

६. सवारीको सरुवा दर्ता: (१) एक क्षेत्रमा दर्ता भएको सवारी अर्को क्षेत्रमा चलाउनु परेमा सवारीको धनीले साविकमा दर्ता भइरहेको कार्यालयबाट सरुवा दर्ताको सहमतिपत्र प्राप्त गरी त्यस्तो सहमति प्राप्त गरेको मितिले पैंतीस दिनभित्र हाल दर्ता गराउन चाहेको कार्यालयमा ऐनको दफा २७ बमोजिम अनुसूची-३ बमोजिमको दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा २३ बमोजिम निर्धारित मापदण्डको अधीनमा रही आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारीको सरुवा दर्ता गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही सरुवा दर्ता गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम सवारीको सरुवा दर्ता गरेकोमा कार्यालयले त्यसको जानकारी साविकमा सवारी दर्ता भइरहेको कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि साविक दर्ताको लगत कट्टा गर्नुपर्नेछ।

™(४) उपनियम (३) बमोजिम साविक दर्ताको लगत कट्टा गर्ने कार्यालयले त्यसरी लगत कट्टा गरिएका सवारीको अभिलेख प्रत्येक तीन महिनामा अद्यावधिक गर्नु पर्नेछ।

---

™ नवौं संशोधनद्धारा थप।

७. <u>विदेशमा दर्ता भएको सवारी चलाउने अनुमतिपत्र सम्बन्धमाः</u> (१) विदेशमा दर्ता भएको सवारी ऐनको दफा ३० बमोजिम नेपाल ➔......... मा चलाउने अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुसूची-३ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम अनुमतिपत्र दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची-१० बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ।

८. <u>दर्ताको प्रमाणपत्र नवीकरणः</u> (१) ऐनको दफा ३१ बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउन चाहेमा अनुसूची-३ बमोजिमको दस्तुर सहित कुनै कार्यालयमा अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले आवश्यक प्राविधिक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्र नवीकरण गर्न सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका सवारीको दर्ता प्रमाणपत्रको नवीकरण शुरु दर्ता गर्ने कार्यालयले मात्र नवीकरण गर्नेछः—

(क) कुटनैतिक सवारीको रूपमा दर्ता भएका,

---

➔ पाँचौ संशोधनद्वारा झिकिएको ।

(ख) कुटनैतिक सुविधा प्राप्त व्यक्तिहरूको नाममा दर्ता भएका,

(ग) अस्थायी दर्ता भएका।

(४) एउटा कार्यालयबाट दिइएको दर्ताको प्रमाणपत्र अर्को कार्यालयबाट नवीकरण गरिएकोमा त्यसरी नवीकरण गर्ने कार्यालयले यथासक्य छिटो सो कुराको जानकारी त्यस्तो सवारी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सवारी दर्ता भएको कार्यालयले पनि त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण भएको व्यहोरा अनुसूची-५ बमोजिमको सवारी दर्ता किताबमा जनाउनु पर्नेछ।

९. <u>सवारीको नामसारीः</u> (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी धनीले त्यस्तो सवारी दर्ता भएको कार्यालयमा ऐनको दफा ३७ को उपदफा (१) मा उल्लेख भए बमोजिमका कागजात तथा अनुसूची-३ बमोजिमको दस्तुर सहित अनुसूची-१२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारीको नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही सवारीको नामसारी गरी दिनेछ।

१०. <u>सवारी धनीको मृत्यु भएको सवारीको नामसारीः</u> (१) दर्ता भएको कुनै सवारीको धनीको मृत्यु भई त्यस्तो सवारी धनीको प्रचलित कानून बमोजिमको हकवालाले सो सवारी आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ३७ को उपदफा (२) मा उल्लेख भए बमोजिमका कागजात तथा अनुसूची-३ बमोजिमको

दस्तुर सहित त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१३ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारीको नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही नामसारी गरी दिनेछ।

११. <u>सवारी नामसारी नगरिने:</u> नियम ९ र १० मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी दुर्घटना वा अन्य कुनै कारणबाट क्षतीग्रस्त भई त्यस्तो सवारीको इन्जिन र चेसिस दुबै बिग्रिइ काम नलाग्ने अवस्थाको रहेछ भने त्यस्तो सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गरिने छैन।

१२. <u>सवारी उपकरणको परिवर्तन:</u> (१) सवारी धनीले ऐनको दफा ३९ बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गराउन चाहेमा त्यसरी परिवर्तन गर्न स्वीकृतिको लागि त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले सम्बन्धित प्राविधिकबाट आवश्यक जाँचबुझ गराइ दरखास्तवालाको माग बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

✤१२क. <u>दर्ताको प्रमाणपत्र निलम्बनः</u> देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको दर्ताको प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः—

(क) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०२ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रीवाहक सार्वजनिक सवारीले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) सार्वजनिक सवारीले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिई सवारी चलाएमा,

(घ) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०४ विपरीत यातायात सञ्चालन गरेमा,

(ङ) पर्यटक सवारीले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(च) निजी सवारीले ऐनको दफा ८ को उपदफा (२) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा।

१३. <u>दर्ताको प्रमाणपत्र खारेजीः</u> (१) ऐनको दफा ४१ मा उल्लिखित कारण परी कुनै सवारीको धनीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खारेज गराउन चाहेमा त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको

---

✤ छैठौं संशोधनद्वारा थप ।

प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ।

१४. <u>दर्ताको प्रमाणपत्रको प्रतिलिपिः</u> (१) ऐनको दफा ४३ मा उल्लिखित अवस्था परी कुनै सवारीको दर्ताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनीले अनुसूची-३ बमोजिमको दस्तुर सहित त्यस्तो सवारी दर्ताको प्रमाणपत्र दिने कार्यालयमा अनुसूची-१६ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ र त्यसको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ।

## परिच्छेद — ३

## <u>सार्वजनिक सवारीको वर्गीकरण, स्तर तथा क्षमता</u>

१५. <u>यात्रीवाहक सवारीको वर्गीकरण, स्तर तथा क्षमताः</u> यात्रीवाहक सवारीको स्तर तथा क्षमता देहाय बमोजिमको हुनेछः—

(क) <u>बसः</u> चालक सहित २६ देखि ५६ जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ख) <u>मिनिबसः</u> चालक सहित १५ देखि २५ जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ग) <u>जीप, भ्यान, पिकअप र माईक्रो बसः</u> चालक सहित बढीमा १४ जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(घ) <u>कार र ट्याक्सीः</u> चालक सहित बढीमा ५ जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ङ) <u>टेम्पोः</u> चालक सहित बढीमा ४ जनासम्म यात्रु राख्न सक्ने सिट सङ्ख्या भएको मिटर जडित टेम्पो र सो बाहेक मिटर जडान नभएको बढीमा १३ सिट सङ्ख्या भएको अन्य टेम्पो,

(च) <u>मोटर साईकल, स्कूटर र सन साईनः</u> चालक सहित बढीमा २ जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको।

१६. <u>मालवाहक सवारीको वर्गीकरण, तथा क्षमताः</u> मालवाहक सवारीको वर्गीकरण तथा त्यसको क्षमता देहाय बमोजिमको हुनेछः—

(क) <u>ट्रक तथा टैंकरः</u> अघिल्लो तर्फ चालक सहितको तीन सिट र पछाडि तर्फ प्रति एक्शल १०.२ टन सम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी ५ जनासम्म लोडर बस्न सक्ने,

(ख) <u>मिनि ट्रकः</u> अगाडि तर्फ चालक सहितको तीन सिट र पछाडि तर्फ ५ टनसम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी ४ जनासम्म लोडर बस्न सक्ने,

(ग) <u>पावर टिलरः</u> चालक सहित बढीमा एक सिट र एक टन सम्मको भारवहन गर्न सक्ने क्षमता भएको,

(घ) <u>पिकअपः</u> चालक सहित पाँच सिट र एक टनसम्मको भारवहन गर्न सक्ने।

१७. <u>अन्य सवारीको वर्गीकरण तथा क्षमताः</u> नियम १५ र १६ मा उल्लिखित सवारीहरू बाहेक डोजर, लोडर, डम्फर, क्रेन, दमकल, रोडरोलर, स्काभेटर जस्ता अन्य सवारीहरूको वर्गीकरण र भारवहन क्षमता त्यस्तो सवारी निर्माता कम्पनीले जारी गरेको क्याटलग, स्पेशिफिकेशन वा मापदण्डको अधीनमा रही प्रज्ञापनपत्रमा उल्लिखित विवरण, सवारीको स्वरूप तथा आकृतिलाई समेत विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

१८. <u>यात्री वाहक सवारीको स्तर, सञ्चालन अवधि तथा गतिः</u> (१) ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनको लागि देहाय बमोजिमका यात्रीवाहक सवारीको स्तर देहाय बमोजिम निर्धारण गरिएको छः—

(क) <u>सिधै (डाईरेक्ट) बस सेवाः</u>

(१) चालक सहित बढीमा ®४५ सिट सङ्ख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई १६ देखि १९ इन्च, ३० देखि ४५ डिग्री सम्मको फोल्डिङ्ग सिटको पिठ्यूँको उचाई २२ देखि २६ इन्च,

(३) २/२ पंक्तिको सिट एक पंक्तिबाट अर्को पंक्तिको बीचको बाटो कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी कम्तीमा १३ इन्च,

®(४) बसको भित्री उचाई ६६ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई,

σ(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

---

® नवौं संशोधनद्धारा संशोधित।

σ पहिलो संशोधनद्वारा थप ।

®(७) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको संकटकालीन निकासको व्यवस्था,

σ(८) बसमा आवश्यक औषधि तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

σ(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

σ(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

(ख) <u>द्रुत (एक्सप्रेस) बस सेवाः</u>

(१) चालक सहित बढीमा ५० सिट सङ्ख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५. १५ र १५ इन्च र सिटको पिठ्यूँको उचाई कम्तीमा १८ इन्च,

(३) २/३ पंक्तिको सिट एक पंक्तिबाट अर्को पंक्तिको बीचको बाटो १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी कम्तीमा ११ इन्च,

(४) बसको भित्री उचाई कम्तीमा ६६ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई,

σ(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

®(७) बसमा उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको संकटकालिन निकासको व्यवस्था,

---

® नवौं संशोधनद्धारा संशोधित।

σ(८) बसमा आवश्यक औषधि तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

σ(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

σ(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

(ग) <u>साधारण (लोकल) बस सेवाः</u>

(१) चालक सहित बढीमा ५६ सिट सङ्ख्या,

(२) सिटको लम्बाई, चौडाई कम्तीमा १५ इन्च र १५ इन्च उचाई १५ इन्च, पिठ्यूँको उचाई कम्तीमा १८ इन्च,

(३) सिटको एक पंक्तिबाट अर्को पंक्तिको बीचको बाटो कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी ११ इन्च,

(४) बसको भित्री उचाई कम्तीमा ६६ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई।

™(६) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था।

(घ) <u>मिनि बसः</u>

(१) चालक सहित बढीमा २५ सिट सङ्ख्या,

™ नवौं संशोधनद्धारा थप।

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा १५ इन्च पिठ्यूँको उचाई कम्तीमा २२ इन्च र पंक्ति बढीमा २/२,

(३) सिटको एक पंक्तिबाट अर्को पंक्तिको बीचको बाटो कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी १३ इन्च,

(४) मिनी बसको भित्री उचाई ६४ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई।

™ (६) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था।

σ (ङ) <u>माईक्रो बसः</u>—

(१) चालक सहित १२ देखि १४ सिट सङ्ख्या,

(२) सिटको लम्बाई कम्तीमा १५ इन्च, चौडाई कम्तीमा १६ इन्च, उचाई कम्तीमा १५ इन्च, पिठ्यूँको उचाई कम्तीमा २२ इन्च र लेग प्लेसको दूरी ११ इन्च भई सबै सिटहरू अगाडि फर्केको,

(३) माईक्रो बसको भित्री उचाई कम्तीमा १३४५ एम.एम,

(४) माईक्रो बसको प्रवेशद्वारको पहिलो सिढी जमिनको सतहदेखि बढीमा एक फुट उचाई, र

(५) माईक्रो बसका झ्यालको लकको अवस्था दुरुस्त।

---

σ पहिलो संशोधनद्वारा थप ।

™(१क) यो उपनियम प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका उपनियम (१) को खण्ड (क) को उपखण्ड (७), खण्ड (ख) को उपखण्ड (७), खण्ड (ग) को उपखण्ड (६) र खण्ड (घ) को उपखण्ड (६) बमोजिमको स्तर कायम नगरेका यात्रीवाहक सवारीको हकमा यो उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्तो स्तर कायम गर्नु पर्नेछ।

(२) सिधै (डाईरेक्ट) सेवा अन्तर्गत सञ्चालन हुने बसलाई शुरु सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

(३) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने बसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप चार वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिने सकिनेछ।

(४) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने मिनिबसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप सात वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

---

™ नवौं संशोधनद्धारा थप।

σ(४क) लामो बाटो तथा मध्यम बाटोमा द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने माइक्रो बसलाई शुरु सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि अनुमति दिइनेछ।

σ(४ख) लामो बाटो, मध्यम बाटो र छोटो बाटोमा सञ्चालन हुने साधारण (लोकल) बस सेवा, मिनिबस र माइक्रोबसमा यस नियममा उल्लिखित अन्य कुराका अतिरिक्त आवश्यक औषधि तथा उपकरण सहितको प्राथमिक उपचार र आगो निभाउने यन्त्र समेतको व्यवस्था हुनु पर्नेछ।

σ(४ग) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सिधै (डाइरेक्ट) बस सेवा रात्री तथा दिवा सेवामा र द्रुत (एक्सप्रेस) बस सेवा, साधारण (लोकल) बस सेवा, मिनिबस, माइक्रोबस दिवा सेवामा मात्र सञ्चालन गर्ने अनुमति दिइनेछ। तर माईक्रोबसको हकमा बढीमा ३०० किलोमिटर सम्मको दूरीका लागि मात्र बाटो इजाजत दिइनेछ।

(५) ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनका लागि देहाय बमोजिमका सवारीको गति देहाय बमोजिम निर्धारण गरिएकोछः—

(क) कार, जीप, भ्यान र पिकअप बढीमा ८० कि.मि. प्रतिघण्टा,

(ख) टेम्पो, स्कूटर, पावर टिलर तथा ट्र्याक्टर बढीमा ४० कि.मि. प्रति घण्टा,

(ग) मोटर साइकल बढीमा ५० कि.मि. प्रति घण्टा,

---

σ पहिलो संशोधनद्वारा थप ।

(घ) बस, मिनीबस, ट्रक, मिनी ट्रक पहाडी बाटोमा बढीमा ५० कि.मि. प्रति घण्टा र समतल बाटोमा बढीमा ७० कि.मि. प्रति घण्टा।

तर बाक्लो बस्ती भएको ईलाकामा प्रतिघण्टा ४० कि.मि. भन्दा बढी गतिमा कुनै पनि सवारी चलाउन हुँदैन।

(६) विभागले उपनियम (५) बमोजिमका सवारी बाहेक अन्य सवारीको गति निर्धारण गर्न र गति निर्धारण गरिएको सवारीको हकमा भौगोलिक अवस्था र सडकको स्थिति समेत बिचार गरी सवारीको गतिमा फेरबदल गर्न सक्नेछ।

(७) उपनियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ११५ बमोजिम कुनै स्थानमा सवारीको गति सम्बन्धी सूचना वा सङ्केत उल्लेख गरिएको रहेछ भने त्यस्तो स्थानमा सोही सूचना वा सङ्केतमा उल्लेख भए बमोजिम सवारी चलाउनु पर्नेछ।

(८) यात्री वाहक सवारी चलाउने चालकले बाटो इजाजतपत्र दिने कार्यालयले निर्धारण गरेको समय शारणी अनुसारको समयमा सवारी छुटाउनु र गन्तव्य स्थानमा पुऱ्याउनु पर्नेछ।

(९) काबू बाहिरको अवस्था परेकोमा बाहेक उपनियम (८) बमोजिमको समय भन्दा ढिलो हुने गरी वा यात्रुलाई असुविधा हुने गरी वा अलपत्र पार्ने गरी सवारी गन्तव्य स्थानमा पुऱ्याउनु हुँदैन।

१९. <u>पर्यटक सवारीः</u> (१) देहाय बमोजिमको सवारीलाई ऐनको दफा ७ बमोजिम पर्यटक सवारीको रूपमा दर्ता गरिनेछः—

(क) प्रचलित कानून बमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायीको नाममा दर्ता भएको,

(ख) कुनै वित्तिय संस्थाद्वारा प्रदान गरिएको ऋणबाट खरिद भएको सवारी सम्बन्धित वित्तीय संस्थाको नाममा दर्ता भएको भएतापनि त्यस्तो सवारी प्रचलित कानून बमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायीले पर्यटन व्यवसायको लागि प्रयोग गरेको भए।

(२) पर्यटक सवारीले अन्य सार्वजनिक सवारी सरह यात्री तथा मालसामान ओसार पसार गर्न पाउने छैन।

परिच्छेद — ४

चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. चालक अनुमतिपत्रको लागि दरखास्तः (१) ऐनको दफा ४८ बमोजिम चालक अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुसूची-३ बमोजिमको दस्तुर सहित कुनै कार्यालयमा अनुसूची-१७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा दरखास्त साथ दरखास्तवालाको निरोगीताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले अनुसूची—१८ बमोजिमको ढाँचामा प्रमाणित गरेको निरोगीताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिहरूमध्ये ऐनको दफा ४९ बमोजिम चालक अनुमतिपत्रको लागि लिइएको परीक्षणमा सफल भएका व्यक्तिहरूलाई मात्र चालक अनुमतिपत्र दिईनेछ।

(४) उपनियम (३) बमोजिम चालक अनुमतिपत्र दिंदा निजी सवारी र सार्वजनिक सवारीको लागि चालक अनुमतिपत्र छुट्टाछुट्टै रूपमा दिन सकिनेछ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ भएपछि 🕮<u>साठी वर्ष</u> उमेर पूरा भएका कुनै व्यक्तिलाई ठूलो र मझौला सार्वजनिक सवारी चलाउन अनुमतिपत्र दिइने छैन।

θ(६) सानो सवारी चलाएको दुई वर्ष पूरा नभएसम्म अनुसूची-१८क. मा उल्लिखित सवारी बाहेक अन्य मझौला र ठूलो सवारी चलाउन चालक अनुमतिपत्र दिइने छैन।

♥२०क.<u>विद्युतीय परिचयपत्रको रूपमा दिनु पर्ने:</u> नियम २० बमोजिम दिइने चालक अनुमतिपत्र विद्युतीय परिचयपत्र (इलेक्ट्रोनिक स्मार्ट कार्ड वा क्यूआर कोड सहितको कार्ड) को रूपमा दिनु पर्नेछ।

❖तर चालक अनुमतिपत्र विद्युतीय परिचयपत्र (इलेक्ट्रोनिक स्मार्ट कार्ड) को रुपमा दिने सम्बन्धमा आवश्यक पूर्वाधारको व्यवस्था नहुञ्जेलसम्मका लागि नेपाल सरकारले तोके बमोजिमको चालक अनुमतिपत्र दिईनेछ।

✞२०ख.<u>परीक्षाको किसिम:</u> (१) विभागले ऐनको दफा ४९ बमोजिम चालक अनुमतिपत्रको लागि दरखास्तवालाको परीक्षण गर्दा देहाय बमोजिमको परीक्षा प्रणाली अपनाउनेछः—

(क) लिखित परीक्षा

(ख) प्रयोगात्मक परीक्षा

---

🕮 पहिलो संशोधनद्वारा संशोधित ।

θ आठौं संशोधनद्वारा संशोधित ।

♥ दशौं संशोधनद्धारा संशोधित।

❖ चौथो संशोधनद्वारा थप ।

✞ छैठौं संशोधनद्वारा थप ।

(ग) अन्य कुनै परीक्षा

(२) उपनियम (१) को खण्ड (क) बमोजिम लिखित परीक्षामा उत्तीर्ण हुने दरखास्तवालाले लिखित परीक्षा उत्तीर्ण भएपछि नब्बे दिनभित्र तीन पटकसम्म प्रयोगात्मक परीक्षा दिन सक्नेछ।

२१. <u>चालक अनुमतिपत्र दर्ता किताबः</u> नियम २० बमोजिम दिइएको चालक अनुमतिपत्रको लगत अद्यावधिक रूपमा राख्न कार्यालयले अनुसूची-१९ बमोजिमको ढाँचामा चालक अनुमतिपत्र दर्ता किताब तयार गरी राख्नु पर्नेछ।

२२. <u>चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्नेः</u> (१) नियम २० बमोजिम दिइएको चालक अनुमतिपत्रमा उल्लिखित सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा चालकले ऐनको दफा ५५ बमोजिम समावेश गराउन चाहेको सवारीको किसिम खुलाई अनुसूची-३ बमोजिमको दस्तुर सहित त्यस्तो अनुमतिपत्र दिने कार्यालयमा 🕮<u>अनुसूची-१७</u> बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा ५५ बमोजिमको कार्यविधि अपनाई दरखास्तवालालाई पहिले दिएको अनुमतिपत्रमा उल्लिखित सवारीको अतिरिक्त निजले समावेश गराउन चाहेको सवारी समावेश गरी नयाँ चालक अनुमतिपत्र दिनेछ।

२३. <u>चालक अनुमतिपत्रको नवीकरणः</u> (१) चालकले ऐनको दफा ५६ बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित त्यस्तो अनुमतिपत्र दिने कार्यालयमा अनुसूची-२१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

---

🕮 पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि दरखास्त दिंदा अनुसूची-१८ बमोजिमको ढाँचाको निरोगीताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो चालक अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही चालक अनुमतिपत्र नवीकरण गरी सो को व्यहोरा 📖अनुसूची—१९ बमोजिमको चालक अनुमतिपत्र दर्ता किताब तयार गरी राख्नु पर्नेछ।

(४) एउटा कार्यालयबाट दिइएको चालक अनुमतिपत्र उपनियम (३) बमोजिम अर्को कार्यालयबाट नवीकरण गरिएकोमा नवीकरण गर्ने कार्यालयले यथासक्य छिटो सो कुराको जानकारी त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा चालक अनुमतिपत्र दिने कार्यालयले पनि त्यस्तो चालक अनुमतिपत्र नवीकरण भएको व्यहोरा अनुसूची-२३ बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ।

✞२३क.चालक अनुमतिपत्रको निलम्बन: देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको अनुमतिपत्र ऐनको दफा ६० बमोजिम निलम्बन गर्न सक्नेछः—

(क) यात्रीवाहक सार्वजनिक सवारीको चालकले ऐनको दफा १०२ विपरीत यातायात सञ्चालन गरेमा,

---

✞ छैठौं संशोधनद्वारा थप ।

(ख) यात्रीवाहक सवारीको चालकले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) पर्यटक सवारीको चालकले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(घ) निजी सवारीले ऐनको दफा ८ को उपदफा (२) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा,

(ङ) सार्वजनिक सवारीको चालकले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिएको बाटोमा सवारी चलाएमा,

(च) सवारी चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा,

(छ) चालकले मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाएमा।

२४. चालक अनुमतिपत्रको प्रतिलिपिः (१) ऐनको दफा ६२ बमोजिमको अवस्था परी चालक अनुमतिपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित चालकले त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयमा अनुसूची-३ बमोजिमको दस्तुर सहित अनुसूची-२४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम चालक अनुमतिपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही चालक अनुमतिपत्रको प्रतिलिपि दिई अनुसूची-१९ बमोजिमको चालक अनुमतिपत्र दर्ता किताबमा सो व्यहोरा जनाउनु पर्नेछ।

२५. <u>चालकको मृत्युको सूचना दिनुपर्नेः</u> (१) ऐन तथा यस नियमावली बमोजिम चालक अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा मृत्यु भएको मितिले पैंतीस दिनभित्र त्यस्तो मृतकको नजिकको नातेदारले निजको मृत्युको सम्बन्धमा प्रचलित कानून बमोजिमको मृत्यु दर्ता प्रमाणपत्र लिई त्यस्को प्रतिलिपि त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मृत्युको बारेमा जानकारी दिंदा मृतकको चालक अनुमतिपत्र उपलब्ध भएमा सो समेत बुझाइदिनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि अनुसूची-१९ बमोजिमको चालक अनुमतिपत्र दर्ता किताबबाट निजको लगत कट्टा गरिदिनु पर्नेछ।

परिच्छेद — ५

<u>परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

२६. <u>परिचालक अनुमतिपत्रको लागि दरखास्तः</u> (१) ऐनको दफा ६६ बमोजिम परिचालक अनुमतिपत्र लिन चाहने व्यक्तिले परिचालक अनुमतिपत्रको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित कुनै कार्यालयमा अनुसूची-२५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा दरखास्त साथ दरखास्तवालाको निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले अनुसूची-२६ बमोजिमको ढाँचामा प्रमाणित गरिदिएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम परिचालक अनुमतिपत्रको लागि दरखास्त पर्न आएमा कार्यालयले ऐनको दफा ६७ बमोजिमको कार्यविधि अपनाइ परिचालक अनुमतिपत्र दिनु पर्नेछ।

२७. परिचालक अनुमतिपत्र दर्ता किताबः नियम २६ बमोजिम दिइएको परिचालक अनुमतिपत्रको लगत अद्यावधिक रूपमा राख्न परिचालक अनुमतिपत्र जारी गर्ने कार्यालयले अनुसूची-२७ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दर्ता किताब तयार गरी राख्नु पर्नेछ।

२८. परिचालक अनुमतिपत्रको नवीकरणः (१) परिचालकले ऐनको दफा ६८ बमोजिम अनुमतिपत्रको नवीकरणको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित कुनै कार्यालयमा अनुसूची-२८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा अनुसूची-२६ बमोजिमको ढाँचामा दरखास्तवालाको निरोगीताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी परिचालक अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही परिचालक अनुमतिपत्र नवीकरण गरी सोको व्यहोरा अनुसूची-२९ बमोजिमको परिचालक अनुमतिपत्र नवीकरण किताबमा जनाउनु पर्नेछ।

(४) एउटा कार्यालयबाट दिएको परिचालक अनुमतिपत्र उपनियम (३) बमोजिम अर्को कार्यालयबाट नवीकरण गरिएकोमा नवीकरण गर्ने कार्यालयले यथासक्य छिटो सो कुराको जानकारी त्यस्तो परिचालक अनुमतिपत्र दिने कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा परिचालक अनुमतिपत्र जारी गर्ने कार्यालयले पनि त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण भएको व्यहोरा अनुसूची-३० बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ।

२९. परिचालक अनुमतिपत्रको प्रतिलिपिः (१) परिचालकले परिचालक अनुमतिपत्रको प्रतिलिपि आवश्यक परेमा अनुसूची-३ बमोजिमको दस्तुर सहित

त्यस्तो परिचालक अनुमतिपत्र दिने कार्यालयमा अनुसूची-३१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही परिचालक अनुमतिपत्रको प्रतिलिपि दिई अनुसूची-२७ बमोजिमको परिचालक अनुमतिपत्र दर्ता किताबमा सो व्यहोरा जनाउनु पर्नेछ।

## परिच्छेद — ६

## यातायात व्यवस्थापन

३०. बाटो इजाजतपत्रको लागि दरखास्त दिने: (१) ऐनको दफा ७६ बमोजिम बाटो इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रका लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त दिंदा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले चालक तथा परिचालकहरूलाई अनुसूची-६२ बमोजिम दिएको नियुक्तिपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ।

(३) एउटा बाटो इजाजतपत्र प्रयोग गरिरहेको सवारीको धनी वा व्यवस्थापकले सो बाटोमा सवारी नचलाई अर्को बाटोमा सवारी चलाउने भएमा त्यसरी सवारी चलाउने बाटो इजाजतपत्र लिनको लागि साविकको बाटो इजाजतपत्र दिने कार्यालयले दिएको सहमतिपत्र समेत संलग्न गर्नुपर्नेछ।

३१. बाटो परिवर्तनः (१) ऐनको दफा ७७ बमोजिम दिइएको बाटो इजाजतपत्रमा उल्लिखित बाटो बाहेक अन्य बाटो प्रयोग गर्न चाहेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले ऐनको दफा ७९ बमोजिम अन्य बाटो प्रयोग गर्नको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा अनुसूची-३३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेमा कार्यालयले ऐनको दफा ७९ बमोजिम नयाँ बाटो इजाजतपत्र दिनु पर्नेछ।

३२. पटके बाटो इजाजतपत्रः (१) ऐनको दफा ८१ बमोजिम पटके बाटो इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले अनुसूची-३ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा कार्यालयले जाँचवुझ गरी ऐनको दफा ८१ बमोजिमको अवधिका लागि अनुसूची—३५ बमोजिमको ढाँचामा पटके बाटो इजाजतपत्र दिनु पर्नेछ।

✞३२क.यात्रीवाहक सवारीको आकार र स्तर तोक्न सक्नेः ऐनको दफा ७४ बमोजिम निर्धारण गरेको बाटोमध्ये बाटो इजाजतपत्रको लागि यात्रीवाहक सवारीको आकार र स्तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

३३. मध्यम र लामो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तरः ऐनको दफा ८२ बमोजिम मध्यम र लामो बाटोमा यातायात सेवा सञ्चालन

---

✞ छैठौं संशोधनद्वारा थप ।

गर्ने सार्वजनिक सवारीको स्तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

३४. <u>बाटो इजाजतपत्रको नवीकरण:</u> (१) ऐनको दफा ८३ बमोजिम बाटो इजाजतपत्रको नवीकरणको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा अनुसूची-३६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी बाटो इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही बाटो इजाजतपत्र नविकरण गरी दिनु पर्नेछ।

३५. <u>बाटो इजाजतपत्र स्थगित:</u> (१) ऐनको दफा ७७, ७९, ८० र ८३ बमोजिम दिइएको बाटो इजाजतपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै बाटो इजाजतपत्र प्राप्त सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण देखाई बाटो इजाजतपत्र स्थगित गर्नको लागि ऐनको दफा ८६ बमोजिम त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा अनुसूची-३७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी ऐनको दफा ८६ बमोजिम बाटो इजाजतपत्र स्थगित गरी दिनेछ।

(३) उपनियम (२) मा लेखिएदेखि बाहेक कुनै सवारीको सम्बन्धमा ऐन तथा यस नियमावली बमोजिम सवारी धनी वा व्यवस्थापकले कार्यालयबाट माग भए बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ। त्यसरी माग भएका कागजात पेश

गर्न नसकेमा वा पेश गरेता पनि त्यस्तो कागजात शंकास्पद देखिएमा त्यस्तो सवारीको सम्बन्धमा ऐन तथा यस नियमावली बमोजिम दिइएको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

✥३५क. <u>बाटो इजाजतपत्र निलम्बनः</u> देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको बाटो इजाजतपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः—

(क) ऐनको दफा १०२ विपरीत हुनेगरी यात्रीवाहक सार्वजनिक सवारी चलाएमा,

(ख) यात्रीवाहक सवारीले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारी साधनले यात्रु बोकेमा,

(ग) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०४ विपरीत यातयात सेवा सञ्चालन गरेमा,

(घ) सार्वजनिक सवारीले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा,

(ङ) यात्रीवाहक सवारीले यो नियम लागू भएको तीस दिनभित्र सवारीको छतमा सामान राख्ने क्यारियर नहटाएमा।

३६. <u>बाटो इजाजतपत्रको नामसारीः</u> ऐन तथा यस नियमावली बमोजिम बाटो इजाजतपत्र प्राप्त गरेको कुनै सवारीको धनी वा व्यवस्थापकले सवारी बिक्री वा अन्य कुनै व्यहोराबाट सो सवारीको नामसारी गराएमा त्यस्तो बाटो इजाजतपत्र प्राप्त सवारीको नयाँ धनी वा व्यवस्थापकले उक्त बाटो इजाजतपत्र प्रयोग गर्न

---

✥ छैठौं संशोधनद्वारा थप ।

चाहेमा बाटो इजाजतपत्रको नामसारीको लागि निवेदन दिएमा सम्बन्धित कार्यालयले त्यस्तो बाटो इजाजतपत्र नामसारी गरिदिनु पर्नेछ।

३७. <u>बाटो इजाजतपत्र दर्ता किताबः</u> ऐन तथा यस नियमावली बमोजिम दिइएको बाटो इजाजतपत्र बाटो परिवर्तन गरिएको इजाजतपत्र, पटके बाटो इजाजतपत्र, बाटो इजाजत नवीकरण, बाटो इजाजतपत्र स्थगित तथा बाटो इजाजतपत्र नामसारीको लगत अनुसूची-३८ बमोजिमको बाटो इजाजत दर्ता किताबमा अद्यावधिक रूपमा राख्नु पर्नेछ।

३८. <u>बाटो इजाजतपत्रको प्रतिलिपि दिनेः</u> (१) ऐनको दफा ८८ बमोजिमको कारण परी बाटो इजाजतपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले अनुसूची-३ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची—३९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा ८८ बमोजिम आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिई त्यस्को सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

३९. <u>जाँचपास प्रमाणपत्रको लागि दरखास्तः</u> (१) ऐनको दफा ९० बमोजिम सवारी जाँचपास प्रमाणपत्र लिन चाहने व्यवस्थापक वा सवारी धनीले सवारी सञ्चालन गर्नु अगाडी ऐनको दफा ९० बमोजिम जाँचपासको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-४० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले सम्बन्धित प्राविधिक मार्फत अनुसूची-४१ बमोजिमको ढाँचाको जाँचपास विवरण फाराम

बमोजिम सम्बन्धित सवारीको आवश्यक जाँचबुझ गर्न लगाइ जाँचपास विवरण फाराम बमोजिमको व्यहोरा ठीक देखिन आएमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची-४२ बमोजिमको ढाँचामा जाँचपास प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम दिइएको जाँचपास प्रमाणपत्रको म्याद बहाल रहेकै अवस्थामा कुनै सवारी अधिकार प्राप्त अधिकारी, यातायत निरीक्षक वा सम्बन्धित ट्राफिक प्रहरीले जाँच गर्दा ठीक अवस्थामा रहेको नदेखिएमा उक्त सवारीको आवश्यक मर्मत संभारको लागि पन्ध्र दिनको म्याद दिन सक्नेछ र सो म्याद भित्र सवारीको मर्मत संभार गर्न नभ्याएमा थप पन्ध्र दिनको म्याद दिन सक्नेछ र सो म्याद भित्र मर्मत संभार गराउनु सम्बन्धित सवारीको धनी र व्यवस्थापकको कर्तव्य हुनेछ।

(४) उपनियम (३) बमोजिम दिइएको म्याद भित्र आवश्यक मर्मत संभार नगरी त्यस्तो सवारी चलाउन हुँदैन।

४०. <u>पुनः जाँचपास गर्नुपर्नेः</u> (१) ऐनको दफा ९१ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएपछि पुनः जाँचपासको लागि सवारी धनी वा व्यवस्थापकले ऐनको दफा ९२ बमोजिम त्यस्तो जाँचपास प्रमाणपत्र दिने कार्यालयमा अनुसूची-४३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनः जाँचपासको लागि दरखास्त पर्न आएमा कार्यालयले नियम ३९ को उपनियम (२) बमोजिम आवश्यक जाँचबुझ गर्न लगाइ ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही पुनः जाँचपास प्रमाणपत्र दिनु पर्नेछ।

४१. <u>जाँचपास प्रमाणपत्र स्थगितः</u> (१) ऐनको दफा ९१ र ९२ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै सम्बन्धित सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण देखाई जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि सम्बन्धित कार्यालयमा अनुसूची-४४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी जाँचपास प्रमाणपत्र स्थगित गर्न उपयुक्त देखेमा स्थगित गरिदिनेछ।

४२. <u>जाँचपास प्रमाणपत्रको प्रतिलिपिः</u> (१) जाँचपास प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-४५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनेछ।

४३. <u>जाँचपास किताबः</u> ऐनको दफा ९१ र ९२ तथा नियम ३९, ४० र ४१ बमोजिम जाँचपास प्रमाणपत्र दिइएको, पुनः जाँचपास गरिएको र जाँचपास स्थगित गरिएको व्यहोरा अद्यावधिक रूपमा राख्न कार्यालयले अनुसूची-४६ बमोजिमको ढाँचामा जाँचपास किताब तयार गरी राख्नु पर्नेछ।

४४. <u>यातायात सेवाको नाम पञ्जिकृत गर्नेः</u> (१) ऐनको दफा ९३ बमोजिम यातायात सेवाको नाम पञ्जिकृत गरी यातायात सेवा सञ्चालन गर्न चाहने सवारी

धनी वा व्यवस्थापकले देहाय बमोजिमको कागजात तथा अनुसूची-३ बमोजिमको दस्तुर सहित विभाग समक्ष अनुसूची-४७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः—

(क) प्रोपाईटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र,

(ख) सञ्चालन गर्न खोजेको यातायत सेवा अन्तर्गत रहेका सवारीको दर्ताको प्रमाणपत्र,

(ग) सञ्चालन गर्न खोजेको यातायात सेवा यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फछ्र्यौट प्रमाणपत्र,

(घ) सञ्चालन गर्न खोजेको यातायात सेवाको प्रबन्धपत्र र नियमावली,

(ङ) सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत काम गर्ने चालक, परिचालकलाई दिइएको अनुसूची-६२ बमोजिमको नियुक्तिको प्रतिलिपि र अन्य कर्मचारीहरूको विवरण।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गर्दा त्यस्तो यातायात सेवाको नाम पञ्जिकृत गरी यातायात सेवा सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची-४८ बमोजिमको ढाँचामा यातायात सेवा पञ्जिकृत किताबमा पञ्जिकृत गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिनेछ।

४५. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः</u> (१) यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो अनुमतिपत्र नवीकरणको लागि सवारी धनी वा व्यवस्थापकले अनुसूची-३

बमोजिमको दस्तुर सहित विभाग समक्ष अनुसूची-४९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको नवीकरणको लागि पर्न आएको दरखास्तको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गरी दिनेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र नवीकरण गरिएको व्यहोरा अनुसूची-४८ बमोजिमको यातायात सेवा पञ्जिकृत किताबमा समेत जनाउनु पर्नेछ।

४६. <u>यातायात सेवा सञ्चालन अनुमतिपत्र स्थगित गर्ने:</u> (१) यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त सवारीको धनी वा व्यवस्थापकले यातायात सेवा सञ्चालन गर्न नसक्ने भएमा सो को कारण सहित यातायात सेवा स्थगित गर्ने स्वीकृतिको लागि अनुसूची-५० बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्थगित गर्न उपयुक्त देखेमा अनुसूची-५१ बमोजिमको ढाँचामा यातायात सेवा सञ्चालन स्थगित गर्ने अनुमति दिनेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा स्थगित गर्न अनुमतिपत्र दिइएको व्यहोरा अनुसूची-४८ बमोजिमको यातायात सेवा पञ्जिकृत किताबमा समेत जनाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम स्थगित भएको यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रमा उल्लिखित अवधि भित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकले स्थगित भएको यातायात सेवा पुनः सञ्चालन गर्ने अनुमतिको लागि नियम ४५ मा उल्लिखित कागजातहरू संलग्न गरी विभागमा अनुसूची-५२ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम यातायात सेवा पुनः सञ्चालन गर्नको लागि पर्न आएको दरखास्तको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवा पुनः सञ्चालन गर्न उपयुक्त देखिएमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची-४८ बमोजिमको यातायात सेवा पञ्जिकृत किताबमा सोही व्यहोरा जनाई अनुसूची-५३ बमोजिमको ढाँचामा यातायात सेवा पुनः सञ्चालन अनुमतिपत्र दिनेछ।

४७. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नामसारीः</u> यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गरेको कुनै सवारीको धनी वा व्यवस्थापकले आफ्नो सवारी अरू कसैलाई बिक्री गरी वा अन्य कुनै व्यहोराबाट नामसारी गरि दिएमा सवारीको नयाँ धनी वा व्यवस्थापकले साविकको सवारी धनी वा व्यवस्थापकले प्रयोग गरी आएको यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र आफ्नो नाममा नामसारी गर्नको लागि नियम ४५ को उपनियम (१) बमोजिमको कागजात संलग्न गरी अनुसूची-५४ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिएमा विभागले त्यस्तो अनुमतिपत्रको नामसारी गरिदिनेछ।

४८. <u>यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचयपत्रः</u> सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जिकृत यातायात सेवाको यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचयपत्रको ढाँचा अनुसूची-५५ बमोजिम हुनेछ।

४९. <u>यात्री टिकटको ढाँचाः</u> सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जिकृत यातायात सेवाको यात्री टिकटको ढाँचा अनुसूची-५६ बमोजिम हुनेछ।

५०. <u>मालसामान ढुवानीको बिलः</u> मालबाहक सवारी सञ्चालन गर्ने पञ्जिकृत यातायात सेवाको कर्मचारीले मालवस्तुको ओसार पसार गरे बापत सम्बन्धित मालधनीबाट भाडा बुझिलिई अनुसूची-५७ बमोजिमको ढाँचामा बिल दिनु पर्नेछ।

५१. <u>यात्री सूचीः</u> (१) लामो र मध्यम दूरीमा सञ्चालन गरिने पञ्जिकृत यातायात सेवाको व्यवस्थापक वा सवारी धनीले ऐनको दफा १०० बमोजिम तयार गर्नु पर्ने यात्री सूचीको ढाँचा अनुसूची-५८ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको ढाँचामा तयार गरिने यात्री सूचीमा सवारी प्रस्थान गर्दा सवारीमा रहेका यात्रीको अतिरिक्त बीचमा सवारीमा चढ्ने नयाँ यात्रीको नाम समेत समावेश गरी त्यस्तो यात्री सूचीको एक प्रति बीच बाटोमा रहेका प्रहरी कार्यालय तथा चेक पोष्टलाई समेत दिनु पर्नेछ।

## परिच्छेद — ७

## <u>बीमा सम्बन्धी व्यवस्था</u>

✐५२. <u>यातायात सेवामा काम गर्ने कर्मचारीको बीमाः</u> (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १४९ बमोजिम दुर्घटना बीमा गराउँदा सो यातायात सेवामा संलग्न सवारी चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु, अङ्गभङ्ग तथा उपचार वापत यस नियममा उल्लेख भए बमोजिमको रकमको बीमा गराउनु पर्नेछ।

---

✐ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा मृत्युको लागि पाँच लाख रुपैयाँको बीमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई उपनियम (१) मा उल्लिखित कुनै व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | पाँच लाख रुपैयाँ |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | पाँच लाख रुपैयाँ |
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | पाँच लाख रुपैयाँ |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | पाँच लाख रुपैयाँ |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | दुई लाख पचास हजार रुपैयाँ |

| | | |
|---|---|---|
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | दुई लाख पचास हजार रुपैयाँ |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम |

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

✐५३. <u>यात्री बीमाः</u> (१) यातायात्र सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १५० बमोजिम यात्रीको दुर्घटना बीमा गराउँदा यात्रुवाहक सवारी साधनको हकमा सो सवारी साधनको सीट सङ्ख्या बराबर र मालवाहक सवारी साधनको हकमा सो सवारी साधनको ब्ल्यू बुकमा उल्लेख भए बमोजिमको सीट सङ्ख्या बराबरको सङ्ख्यामा यात्रीको मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च वापत बीमा गराउनु पर्नेछ।

---

✐ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा सवारी दुर्घटनाबाट हुने मृत्युको लागि पाँच वर्षभन्दा बढी उमेर भएका प्रत्येक यात्रीको लागि एकलाख रुपैयाँ, एक वर्षदेखि पाँच वर्षसम्मको प्रत्येक यात्रीको लागि पचास हजार रुपैयाँ र एक वर्षभन्दा कम उमेरको यात्रीको लागि पच्चीस हजार रुपैयाँको बीमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई यात्रीको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्पार अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको शतप्रतिशत |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको शतप्रतिशत |
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको शतप्रतिशत |

| | | |
|---|---|---|
| | माथिको भाग बेकम्मा भएमा | |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको शतप्रतिशत |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको पचास प्रतिशत |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको पचास प्रतिशत |

| | | |
|---|---|---|
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम |

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सवारी साधनमा रहेको सीट सङ्ख्याभन्दा बढी सङ्ख्यामा यात्री सवार गराउने कुनै सवारी साधन दुर्घटना भई सीट बिना यात्रा गर्ने यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा त्यस्ता यात्री घाइते भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखत बीमा रकम बराबरको रकम मृतकको हकवाला वा अङ्गभङ्ग भएको व्यक्ति वा घाइतेलाई क्षतिपूर्ति वापत दिनु पर्नेछ।

५४. <u>यात्री गुण्टाको बीमाः</u> यात्री गुण्टाको बीमा रकम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

✐५५. <u>तेस्रो पक्षको बीमाः</u> (१) सवारी दुर्घटनाबाट हुने तेस्रो पक्षको मृत्यु, अङ्गभङ्ग, घाउचोट वा सम्पत्तिको नोक्सानी वापत क्षतिपूर्ति दिने प्रयोजनको लाग

✐ दोस्रो संशोधनद्वारा संशोधित ।

सवारी धनी वा व्यवस्थापकले मृत्यु, अङ्गभङ्ग, घाउचोटको लागि न्यूनतम पचास लाख रुपैयाँ र सम्पत्ति हानी नोक्सानीको लागि न्यूनतम पचास लाख रुपैयाँ रकमको बीमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा प्रत्येक तेस्रो पक्षको मृत्युको लागि सो उपनियममा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ उपलब्ध हुने गरी बीमा गराउनु पर्नेछ।

(३) कुनै सवारी साधन दुर्घटना भई तेस्रो पक्षको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही पाँच लार रुपैयाँ |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही पाँच लार रुपैयाँ |

| | | |
|---|---|---|
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही पाँच ला रुपैयाँ |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही पाँच ला रुपैयाँ |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरूपले गुमेमा | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही दुई ला रुपैयाँ |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी | उपनियम (१) म उल्लिखत रकमक अधीनमा रही दुई ला रुपैयाँ |

| | | |
|---|---|---|
| | वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम |

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः—

(क) दुई लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

✓५५क. <u>बीमाको प्रमाणपत्र र बीमालेखः</u> सवारी साधनको धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बीमाको प्रमाणपत्र र बीमालेख सम्बन्धित सवारी साधनमा अनिवार्य रूपमा राख्न लगाउनु पर्नेछ।

✓५५ख. <u>बीमाको प्रमाणपत्र र बीमालेखको दाखिलाः</u> कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ।

---

✓ दोस्रो संशोधनद्वारा थप ।

✓५५ग.<u>बीमा रकम उपलब्ध गराउने अधिकारी र अवधिः</u> नियम ५५ख. बमोजिम बीमाको प्रमाणपत्र र बीमालेख प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काइस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराइदिनु पर्नेछ।

✓५५घ.<u>बीमा सम्बन्धमा सवारी धनी वा व्यवस्थापकको दायित्वः</u> (१) यातायात सेवा सञ्चालन गर्ने कुनै सवारी धनी वा व्यवस्थापकले यस नियम बमोजिम बीमा गराएकोमा त्यस्तो बीमामा उल्लिखित रकमको दायित्वभन्दा बढी रकमको दायित्व निजले वहन गर्नुपर्ने छैन।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बीमा रकमभन्दा बढी बिमाङ्क रकम कायम गरी बीमा गर्न यो नियमले बाधा पुऱ्याएको मानिने छैन।

✓५५ङ.<u>यातायात संस्था मार्फत बीमा गराउन सकिनेः</u> यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिमको बीमा गर्दा यातायात व्यवसायसँग सम्बन्धित संस्था मार्फत बीमा गराउन सक्नेछ।

## परिच्छेद — ८

## <u>प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप सञ्चालन</u>

५६. <u>प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति लिनु पर्नेः</u> (१) सवारी चालक प्रशिक्षण केन्द्र, बस ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोवाईल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमति लिन चाहेमा ऐनको दफा १५९ बमोजिम

देहाय बमोजिमको कागजात तथा अनुसूची-३ बमोजिमको दस्तुर सहित विभाग समक्ष अनुसूची-५९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः—

(क) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने प्रोपाईटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र,

(ख) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फछ्र्यौट प्रमाणपत्र,

(ग) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको प्रबन्धपत्र र नियमावली,

(घ) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप अन्तर्गत काम गर्ने कर्मचारी, परिचालक तथा अन्य कामदारहरूको विवरण।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा विभागले आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची-६० बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-६१ बमोजिमको ढाँचामा प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने अनुमतिपत्र दिनेछ।

५७. <u>सेवाको वर्गीकरणः</u> (१) नियम ५६ बमोजिम दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई पूँजी, प्रविधि, गुणस्तर जनशक्ति तथा अन्य कुराको आधारमा विभागले वर्गीकरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत फर्म, कम्पनी वा संस्थाले पालना गर्नु पर्ने शर्त तथा कायम गर्नु पर्ने गुणस्तर कायम गरे नगरेको सम्बन्धमा विभागले आवश्यकता अनुसार समय समयमा निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद — ९

## <u>यातायात सेवाको कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा</u>

५८. <u>चालक तथा परिचालकको काम र कर्तव्यः</u> यातायात सेवामा काम गर्ने चालक तथा परिचालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः—

(क) <u>चालकको काम र कर्तव्यः</u>

(१) आफ्नो जिम्मामा रहेको सवारी हिफाजत साथ चलाउने,

(२) सवारी सञ्चालन सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले दिएको आदेश तथा निर्देशन ईमान्दारीपूवक पालन गर्ने,

(३) आफूले चलाएको सवारीको धनी वा व्यवस्थापकको स्वीकृति विना त्यस्तो सवारी अरू कसैलाई चलाउन नदिने,

(४) सवारी चलाउँदाको अवस्थामा चालकले गर्न नहुने भनी निषेध गरेका कार्यहरू नगर्ने,

(५) आफू सेवारत रहेको सवारीका परिचालकहरूलाई सवारी चलाउँदाको क्रममा आवश्यकता अनुसारको काम कर्तव्यको पालन गर्न लगाउने,

((६) सवारी चलाउँदा हुन सक्ने सम्भावित दुर्घटना, सवारीको यान्त्रिक स्थिति, सडकको अवस्था ट्राफिक सङ्केत आदि नभएको कारणबाट सवारी आवागमनमा कठिनाई उत्पन्न भए त्यस सम्बन्धमा सम्बन्धित सवारी धनी वा व्यवस्थापक, विभाग वा कार्यालयमा सो को जानकारी दिने।

(ख) <u>परिचालकको काम र कर्तव्यः</u>

(१) यात्रीहरूसँग शिष्ट व्यवहार गर्ने,

(२) यात्रीहरूको सरसामानको सुरक्षाको लागि उचित प्रबन्ध गर्ने र कुनै यात्रीले सरसामान तथा माल वस्तु सवारीमा छोडि गएमा त्यस्तो सरसामान तथा माल वस्तुको धनी फेला परेमा निजलाई र फेला नपरेमा नजिकको प्रहरी वा आफू कार्यरत यातायात सेवाको जिम्मेवार व्यक्तिको जिम्मामा दिने,

(३) महिला, बृद्ध, बालक तथा अन्य अशक्त व्यक्तिहरूलाई यात्रा अवधिमा सम्भव भएसम्मको सुविधाको बन्दोवस्त गर्ने,

(४) प्रचलित कानून तथा सुरक्षाको दृष्टिकोणले निषेधित वस्तु सवारीमा राखेको थाहा हुन आएमा प्रहरीलाई सूचना दिने,

(५) सवारी निर्माता कम्पनीले निर्धारण गरेको सवारीको वजनको हदको सीमा नाघ्ने गरी सवारीमा माल वस्तु तथा सरसामानहरू राख्न नदिने,

(६) सवारीको पार्किङ्ग स्थलमा यात्री ओराल्ने र चढाउने कार्यमा आवश्यक सहयोग गर्ने,

(७) सवारी चलाउँदाको अवस्थामा हुन सक्ने सम्भावित दुर्घटना प्रति यात्री तथा चालकलाई समयमै सचेत गराउने र सवारीको यान्त्रिक स्थिति ठीक नभएमा सो को जानकारी व्यवस्थापक र सम्बन्धित कार्यालयलाई दिने,

(८) सडकको अवस्था तथा ट्राफिक सङ्केत नभएको कारणबाट सवारी आवागमनमा कठिनाई भए सो को जानकारी विभागलाई दिने ।

(९) सवारी चलाउँदाको अवस्थामा चालकलाई आवश्यक सहयोग पुर्याउने,

(१०) आफू परिचालक रहेको सवारीको सुरक्षा र हिफाजत गर्ने तथा नोक्सानी हुन नदिने,

(११) आफू सेवारत रहेको सवारी धनी वा व्यवस्थापकले दिएको सवारी सञ्चालन सम्बन्धी आदेशको पालना गर्ने।

५९. यातायात सेवामा काम गर्ने कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधाः ऐनको दफा ९३ तथा नियम ४४ बमोजिम पञ्जीकृत भएका यातायात सेवामा काम गर्ने कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रम ऐन, २०४८ र श्रम नियमावली, २०५० बमोजिम हुनेछ।

## परिच्छेद — १०

## विविध

६०. ट्राफिक संकेतः सवारी चलाउँदा सवारी चालकले ऐनको दफा १२० बमोजिम पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू अनुसूची-६३ मा उल्लेख भए बमोजिम हुनेछ।

✎६१. सवारी साधन फिर्ता गर्नु पर्नेः (१) दुर्घटनाको जाँचबुझको निमित्त ऐनको दफा १३४ बमोजिम सम्बन्धित प्रहरीले आफू समक्ष दाखिल गराएको सवारी साधन चौबीस घण्टाभित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकलाई फिर्ता गर्नु पर्नेछ।

(२) उपनिम (१) बमोजिम सवारी साधन फिर्ता नगरेमा त्यसरी फिर्ता नगरेको प्रतिदिनको लागि तीन हजार रुपैयाँका दरले प्रमुख जिल्ला अधिकारीले सम्बन्धित प्रहरी कार्यालयबाट सवारी धनी वा व्यवस्थापकलाई भराइदिनु पर्नेछ।

६२. निर्देशिका बनाउन सक्नेः (१) ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको विपरीत नहुने गरी विभागले सवारी तथा यातायात व्यवस्था

---

✎ दोस्रो संशोधनद्वारा संशोधित ।

सञ्चालनको सन्दर्भमा आवश्यकता अनुसार निर्देशिकाहरू बनाई लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निर्देशिकाको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

६३. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ।

६४. <u>खारेजी र बचाउः</u> (१) सवारी नियमावली, २०३० तथा राष्ट्रिय यातायात व्यवस्था नियमावली, २०२७ खारेज गरिएका छन् र ती नियमावलीहरू बमोजिम भए गरेका सबै काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेका मानिनेछन्।

<u>द्रष्टव्यः</u> १. सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०६१ द्वारा मूल नियमावलीको अनुसूचीको ठाउँ ठाउँ रहेका देहाय शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएकोः—

"निर्माण तथा यातायात मन्त्रालय" को सट्टा "श्रम तथा यातायात व्यवस्था मन्त्रालय"।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः—

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची—१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

<u>प्रवेश दर्ताको लागि दिइने दरखास्त</u>

श्री ..................

......................

१. दरखास्तवालाको नाम र ठेगाना (व्यक्ति, फर्म, कम्पनी) —

२. पिता वा पतिको नाम —

३. सवारीको किसिम —

४. सवारी बनाउने कम्पनीको नाम —

५. सवारी मोडेल —

६. सिलिण्डर सङ्ख्या —

७. हर्ष पावर वा सि.सि. —

८. च्यासिस नम्बर —

९. इन्जिन नम्बर —

१०. सवारी रङ —

११. सिट वजन क्षमता —

१२. पेट्रोल, डिजेल, ग्याँस वा विद्युतबाट चल्ने —

१३. रेडियो भए नभएको —

१४. खरिद गर्ने व्यक्ति, फर्म वा कम्पनीको विवरण —

१५. प्रवेश गर्ने भन्सार कार्यालय —

१६. झिकाउने ईजाजत पाएको निस्सा —

१७. सवारी खरिद भएको निस्सा र अन्य कागजातहरूको विवरण —

माथि उल्लेखित गरिए बमोजिमको सवारीको प्रवेश दर्ता गरी निस्सा प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

दरखास्तवालाको

सही

नाम थर —

उमेर —

ठेगाना —

मिति —

इति संवत् २०...... साल ........... महिना ..... गते ..... रोज का दिन शुभम्.............

अनुसूची—२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

<u>सवारी प्रवेश दर्ताको निस्सा</u>

नेपाल सरकार

गृह मन्त्रालय

....................................प्रहरी कार्यालय

......................... ।

प्रवेश दर्ता निस्सा नं.......................

मितिः..........................

निम्न विवरण भएको सवारी मिति.....................मा नेपाल प्रवेश गरी यस कार्यालयमा प्रवेश दर्ता गराएको व्यहोरा प्रमाणित गरिन्छ।

सवारीको विवरण

१. सवारी दर्ता नं. —

२. सवारीको किसिम —

३. सवारी आयात गर्ने (व्यक्ति, फर्म, कम्पनी) को नाम थर —

४. ठेगाना —

५. सवारीको इन्जिन नम्बर —

६. सवारीको चेसिस नम्बर —

७. सवारी बनाउने कम्पनीको नाम —

८. मोडेल नं. (निर्माण भएको साल) —

९. सवारीको रङ —

१०. सवारी आयात गर्ने ईजाजत पत्रको निस्सा नं.

११. अन्य —

<u>निस्सा दिने अधिकारीको</u>

सही –

नाम थर –

दर्जा –

मिति –

बोधार्थः–

श्री यातायात व्यवस्था कार्यालय,

....................................... ।

## ✾अनुसूची–३

<u>दस्तुर तालिका</u>

(क) नियम ४ को उपनियम (१) र नियम ६ को उपनियम (१) को प्रयोजनको लागि सवारी दर्ता र सरुवा दर्ता दस्तुर

| क.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | १५००/- |
| | | | सार्वजनिक | २५००/- |
| २. | मझौला सवारी | | निजी | १०००/- |
| | | | सार्वजनिक | १५००/- |
| ३. | साना सवारीः | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ८००/- |
| | | | सार्वजनिक | १४००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ३००/- |
| | | | सार्वजनिक | ५००/- |

<u>स्पष्टीकरणः</u> पर्यटक सवारी र संस्थानका सवारीहरूको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

---

✾ मिति २०७३।२।३१ को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेपाल राजपत्रको सूचना बमोजिम हेरफेर ।

(ख) नियम ५ को प्रयोजनको लागि सवारीको अस्थायी दर्ता दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | ८००/- |
| | | | सार्वजनिक | १५००/- |
| २. | मझौला सवारी | | निजी | ६००/- |
| | | | सार्वजनिक | १०००/- |
| ३. | साना सवारीः | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ५००/- |
| | | | सार्वजनिक | ८००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | २००/- |
| | | | सार्वजनिक | ३००/- |

<u>स्पष्टीकरणः</u> पर्यटक सवारी र संस्थानको सवारीहरूको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(ग) नियम ७ को उपनियम (१) को प्रयोजनको लागि विदेशमा दर्ता भएका सवारी चलाउने अनुमतिपत्र दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | १५००/- |
| २. | साना सवारी | ५००/- |

(घ) नियम ८ को उपनियम (१) को प्रयोजनको लागि दर्ता प्रमाण पत्र नवीकरण दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | २००/- |
| | | | सार्वजनिक | ८००/- |
| २. | मझौला सवारी | | निजी | ३००/- |
| | | | सार्वजनिक | ५००/- |
| ३. | साना सवारीः | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | २००/- |
| | | | सार्वजनिक | ३००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | १००/- |
| | | | सार्वजनिक | २००/- |

<u>स्पष्टीकरणः</u> पर्यटक सवारी र संस्थानको सवारीहरूको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

(ङ) नियम ९ को उपनियम (१) र नियम १० को उपनियम (१) को प्रयोजनको लागि सवारीको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | ८००/- |
| | | | सार्वजनिक | १५००/- |
| २. | मझौला सवारी | | निजी | ६००/- |
| | | | सार्वजनिक | १०००/- |
| ३. | साना सवारीः | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ५००/- |
| | | | सार्वजनिक | ८००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | २००/- |
| | | | सार्वजनिक | ३००/- |

स्पष्टीकरणः पर्यटक सवारी र संस्थानको सवारीहरूको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

(च) नियम १४ को उपनियम (१) को प्रयोजनको लागि दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर रु. ५००/-

(छ) नियम २० को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमतिपत्र दरखास्त दस्तुर रु. ५००/-

स्पष्टीकरणः एउटै दरखास्तबाट एकभन्दा बढी किसिमका सवारी चलाउन इजाजतको लागि दरखास्त दिन चाहेको हकमा जति किसिमको सवारी चलाउने इजाजतको लागि दरखास्त दिएको हो सो को छुट्टाछुट्टै दस्तुर लाग्नेछ।

| क्र.सं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | ३०००/- |
| २. | मझौला सवारी | | २५००/- |
| ३. | साना सवारी | (क) मोटर साइकल, स्कुटर बाहेकका साना सवारी | २०००/- |
| | | (ख) मोटरसाइकल, स्कुटर | १५००/- |

(ज) नियम २२ को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्ने दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी | १०००/- |
| २. | मझौला सवारी र साना सवारी | ५००/- |

<u>स्पष्टीकरण:</u> एउटै चालक अनुमतिपत्रमा एक भन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाएका व्यक्तिको हकमा निजले सबैभन्दा छुट्टाछुट्टै लिँदा लाग्ने दस्तुर जति नै लाग्नेछ।

(झ) नियम २३ को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमतिपत्रको नवीकरण दस्तुर

स्पष्टीकरण: (१) एउटै चालक अनुमतिपत्रमा एकभन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाएका हकमा सबैभन्दा बढी दस्तुर लाग्ने सवारीको दस्तुर मात्र लाग्नेछ।

(२) नवीकरण पाँच वर्षको लागि कायम रहनेछ।

(ञ) नियम २४ को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमतिपत्र प्रतिलिपि दस्तुर रु. ५००/-

(ट) नियम २६ को उपनियम (१) को प्रयोजनको लागि परिचालक अनुमतिपत्र दरखास्त दस्तुर

रु. १००/-

(ठ) नियम २८ को उपनियम (१) को प्रयोजनको लागि परिचालक अनुमतिपत्र नवीकरण दस्तुर

रु. २००/-

(ड) नियम २९ को उपनियम (१) को प्रयोजनको लागि परिचालक अनुमतिपत्र प्रतिलिपि दस्तुर रु. १००/-

(ढ) नियम ३० को उपनियम (१) तथा नियम ३१, ३२ र नियम ३४ को प्रयोजनको लागि बाटो इजाजतपत्र, बाटो परिवर्तन, पटके बाटो इजाजतपत्र र बाटो इजजातपत्रको नवीकरण दस्तुर

(१) बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत)

| क्र.सं. | दूरी (कि.मि.) | सवारीको वर्गीकरण र दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|
| | | ठूला र मझौला बस मिनिबस आदि | ठूला र मझौला ट्रक, मिनिट्रक आदि |
| १. | १ देखि ५० कि.मि. सम्म | ५००/- | ६००/- |
| २. | ५१ देखि १०० कि.मि. सम्म | ६००/- | ७००/- |
| ३. | १०१ देखि १५० कि.मि. सम्म | ८००/- | ९००/- |
| ४. | १५१ देखि २०० कि.मि. सम्म | ९००/- | ११००/- |
| ५. | २०१ देखि २५० कि.मि. सम्म | १०००/- | १२००/- |
| ६. | २५१ देखि ३०० कि.मि. सम्म | १२००/- | १३००/- |
| ७. | ३०१ देखि ३५० कि.मि. सम्म | १३००/- | १५००/- |
| ८. | ३५१ देखि ४०० कि.मि. सम्म | १४००/- | १६००/- |
| ९. | ४०१ देखि ४५० कि.मि. सम्म | १५००/- | १७००/- |
| १०. | ४५१ देखि ५०० कि.मि. सम्म | १७००/- | १९००/- |
| ११. | ५०१ देखि ५५० कि.मि. सम्म | २१००/- | २०००/- |
| १२. | ५५१ देखि ६०० कि.मि. सम्म | २२००/- | २१००/- |
| १३. | ६०१ देखि ६५० कि.मि. सम्म | २३००/- | २३००/- |
| १४. | ६५१ देखि ७०० कि.मि. सम्म | २५००/- | २४००/- |

| | | | |
|---|---|---|---|
| १५. | ७०१ कि.मि. भन्दा माथी | २८००/- | २६००/- |

(२) पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण समेत):

| क्र.सं. | दूरी | चौमासिक रकम |
|---|---|---|
| १. | १ देखि ५० कि.मि. सम्म | ४००/- |
| २. | ५१ देखि १०० कि.मि. सम्म | ५००/- |
| ३. | १०१ देखि १५० कि.मि. सम्म | ६००/- |
| ४. | १५१ देखि २५० कि.मि. सम्म | ७००/- |
| ५. | २५१ देखि ३०० कि.मि. सम्म | ८००/- |

(३) तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजतपत्र दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | दस्तुर (रुपैयाँमा |
|---|---|---|
| १. | १४ सीट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर, पावरटिलर | ५००/- |
| २. | मिटर भएको ट्याक्सी | ५००/- |
| ३. | मिटर भएको टेम्पो | ४००/- |

(४) पटके बाटो इजाजत दस्तुर प्रति ५० कि.मि. को लागि रु. १००/-

(५) काठमाडौं उपत्यकाभरिका बाटो (रुट) हरूमा सञ्चालन गर्ने ठूला तथा मझौला सार्वजनिक सवारीहरूको बाटो इजाजत दस्तुर रु. २३००/-

(६) नेपालमा कायम भएका बाटोहरूमा सञ्चालन गर्ने ठूला तथा मझौला पर्यटक सवारीहरू, संस्थानका सवारीहरू र भाडाका ट्रकहरूको राष्ट्रव्यापी बाटो इजाजत (National Permit) दस्तुर रु. १०,०००/-

(७) तोकिएको बाटो (रुट) मा अधिकार प्राप्त अधिकारीको सार्वजनिक सवारीहरूलाई प्रतिस्पर्धा गराइ बाटो इजाजतपत्र प्रदान गरेकोमा माथि उल्लेखित दस्तुरमा नघटने गरी दस्तुर निर्धारण गर्न सकिनेछ।

(ण) नियम ३८ को प्रयोजनका लागि बाटो इजाजतपत्र प्रतिलिपि दस्तुर रु. १००/-

(त) नियम ३९ को उपनियम (१) को प्रयोजनको लागि जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | दस्तुर (रुपैयाँमा |
|---|---|---|
| १. | ठूला सवारी | ३००/- |
| २. | मझौला सवारी र साना सवारी | २००/- |

(थ) नियम ४४ को उपनियम (१) को प्रयोजनको लागि सेवाको नाम पञ्जीकृत दस्तुर

| क्र.सं. | पूँजी | दस्तुर (रुपैयाँम |
|---|---|---|
| १. | रु. पन्ध्र लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. पन्ध्र लाखभन्दा बढी रु. पचास लाखभन्दा कमको लागि | २५००/- |
| ३. | रु. पचास लाखभन्दा बढी जतिसुकै भएपनि | ४०००/- |

(द) नियम ४५ को उपनियम (१) को प्रयोजनको लागि यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण दस्तुर

| क्र.सं. | पूँजी | दस्तुर (रुपैयाँम |
|---|---|---|
| १. | रु. पन्ध्र लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. पन्ध्र लाखभन्दा बढी रु. पचास लाखभन्दा कमको लागि | ३०००/- |
| ३. | रु. पचास लाखभन्दा बढी जतिसुकै भए पनि | ५०००/- |

(ध) नियम ५६ को उपनियम (१) को प्रयोजनको लागि प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन अनुमतिपत्र दस्तुर

| क्र.सं. | पूँजी | दस्तुर (रुपैयाँम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| १. | रु. दुई लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. दुई लाखभन्दा बढी पाँच लाखभन्दा कमको लागि | १५००/- |
| ३. | रु. पाँच लाखभन्दा बढी १० लाख भन्दा कमको लागि | २५००/- |
| ४. | रु. दश लाखदेखि माथि जतिसुकै भएतापनि | ४०००/- |

अनुसूची—४

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

<u>सवारी दर्ता गर्न दिइने दरखास्त</u>

श्रीमान कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय,

..............................अञ्चल

................................ ।

टिकट

मेरो/हाम्रो नाममा खरिद भएको प्राप्त भएको झिकाएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरू यसै साथ राखी पेश गरेको छु/छौं। उक्त सवारी जाँच गरी मेरो र हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम थर —

२. ठेगानाः— (क) स्थायी —

(ख) अस्थायी —

३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) —

४. सवारीमा भएको दर्ता नं (साविकको) —

५. सवारीको किसिम —

६. सवारी बनाउने कम्पनीको नाम —

७. सवारीको मोडेल नं. (निर्माण भएको साल) —

८. सिलिण्डर सङ्ख्या —

९. हर्ष पावर सि.सि. —

१०. सवारीको इन्जिन नं. —

११. सवारीको चेसिस नं. —

१२. सवारीको रङः— (क) बडिको रङ —

(ख) सिसाको रङ —

१३. प्रयोग गर्ने इन्धनको किसिम —

१४. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)

१५. सवारीको वजन क्षमताः— (क) कुल वजन —

(ख) भारवहन क्षमता —

(ग) सिट सङ्ख्या —

१६. प्रयोग —

१७. चलाउने क्षेत्र —

१८. भन्सार तिरेको निस्साः— (क) भन्सार कार्यालयको नाम —

(ख) प्रज्ञापन पत्र नं. —

(ग) रसिद नं. —

(घ) मितिः —

१९. प्रवेश दर्ता प्रमाण पत्रको निस्साः— (क) प्रवेश पत्र दिने प्रहरी कार्यालयको नाम —

(ख) प्रवेश पत्र दिएको मिति —

(ग) प्रवेश पत्र नं.

२०. झिकाउने इजाजत पाएको निस्साः— (क) निस्सा दिने कार्यालय —

(ख) निस्सा प्रमाणपत्र नं. —

(ग) मिति —

२१. अन्य प्रमाणको विवरण —

दरखास्तवालाको —

सही —

नाम थर —

ठेगाना —

मिति —

<u>कार्यालय प्रयोजनको लागि</u>

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको दर्ता नं.

दर्ता मिति —

माथि उल्लेखित सम्पूर्ण विवरणहरूका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

निरीक्षण गर्ने प्राविधिकको सही फाँटवालाको सही दर्ता गर्ने अधिकारीको सही

अनुसूची—५

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

सवारी दर्ता किताब

यातायात व्यवस्था कार्यालय

............................अञ्चल

................................ ।

| |
|---|
| सवारी दर्ता नं. — |
| सवारीको किसिम — |
| सवारीको दर्ता मिति — |

<u>सवारी दर्ता लगत (विवरण)</u>

सवारी धनीको फोटो

१ २ ३ ४ ५ ६ ७ ८ ९ १०

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरूको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको दर्ता प्र.प.को नवीकरण | | दस्तुर बुझाएको रसिद नं. र मिति | चढाउने वा फाँटवाला को दस्तखत | सवारी दर्ता नाम सारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| | | | आयतन भएको वा अन्य इन्जिनको हकमा ४ KW सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित र अधिकतम डिजाइन गति ४५ km/h सम्म भएको। |
| ७ | $L_7$ | मध्यम लघु चार पाङ्ग्रे सवारी साधन | $L_6$ वर्गमा नपर्ने ४०० के.जी. (मालवाहकको हकमा ५५० के.जी.) सम्म खाली तौल भएको र १५ KW सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित |

(ख) कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधनः

| क्र. सं. | वर्ग | उपवर्ग | प्रकार | विशेषता |
|---|---|---|---|---|
| १ | M | $M_1$ | साना यात्रुवाहक सवारी साधन | चालक बाहेक अधिकतम ८ यात्रुका लागि सिट क्षमता भएको। |
| | | $M_2$ | मझौला यात्रुवाहक सवारी साधन | चालक बाहेक ८ भन्दा बढी यात्रुका लागि सिट क्षमता भएको र अधिकतम वजन ५ टनसम्म भएको |
| | | $M_3$ | ठूला यात्रुवाहक सवारी साधन | चालक बाहेक ८ भन्दा बढी यात्रुका लागि सिट भएको र अधिकतम वजन ५ टन भन्दा बढी भएको। |
| २ | N | $N_1$ | साना मालवाहक सवारी साधन | अधिकतम वजन ३.५ टनसम्म भएको |
| | | | Class I | RM≤ 1305 kg |

| | | | | |
|---|---|---|---|---|
| | | | Class II | 1305 kg < RM ≤ 760 kg |
| | | | Class III | 1760 kg < RM |
| | | $N_2$ | मझौला मालबाहक सवारी साधन | अधिकतम वजन ३.५ टन भन्दा बढी तर १२ टनसम्म भएको |
| | | $N_3$ | ठूला मालबाहक सवारी साधन | अधिकतम वजन १२ टन भन्दा बढी भएको। |

(२) सवारी साधन उत्पादन हुने अन्य कुनै देशमा प्रचलनमा रहेको यस मापदण्ड सरहको प्रदूषण मापदण्ड र यस मापदण्डबीच कुनै भिन्नता देखिएमा सवारी साधनबाट हुने उत्सर्जनमा रहने प्रदूषण कारक तत्वहरुको अधिकतम सीमा सम्बन्धमा यस मापदण्डमा तोकिएका सीमाहरु मान्य हुनेछन् ।

४. **<u>प्रदुषण परीक्षण विधिः</u>** दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे र चार पाङ्ग्रे लघु सवारी साधनको हकमा युरो-५ र कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधनको हकमा युरो-६ मापदण्ड बमोजिमको प्रदुषण परीक्षण विधि मान्य हुनेछ ।

तर,

(१) युरोपका लागि संयुक्त राष्ट्र सङ्घीय वित्त आयोग (UNECE) बाट सिफारिस भएको समान स्तरको परीक्षण विधिलाई यस मापदण्डको परिपालना सम्बन्धी परीक्षण प्रयोजनका लागि मान्यता दिइनेछ ।

(२) उत्पादक राष्ट्रमा मान्यता दिई अभ्यासमा रहेका र सम्बन्धित यूरो मापदण्ड सरहका वा तुलनायोग्य विधिलाई समेत यस मापदण्डको परिपालना सम्बन्धी परीक्षण प्रयोजनका लागि मान्यता दिइनेछ ।

**५. सवारी साधनका प्रकार अनुमोदन परीक्षणः**

सवारी साधनको प्रकार अनुमोदनका लागि देहाय बमोजिमका परीक्षण (टाइप एप्रोभल टेस्ट) गर्नु पर्नेछः-

| क्र. सं. | परीक्षण | लागू हुने सवारी साधन वा इन्जिनको प्रकार |
|---|---|---|
| १. | पहिलो प्रकारको परीक्षण (Type I Test): | |
| | (क) प्रदूषणकारक ग्याँसहरुको परीक्षण (Gaseous Pollutants Test) | सबै |
| | (ख) पहिलो प्रकारको परीक्षण: कणजन्य पदार्थ तथा कण सङ्ख्याको मापन | सिधा इन्जेक्सन प्रणालीयुक्त सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिन |

| | | |
|---|---|---|
| | | के.जी. भन्दा बढी भएका सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधन ।<br>सबै सम्पीडन इन्जिन (Compression Ignition) जडित सवारी साधन । |
| २. | दोस्रो प्रकारको परीक्षण (Type II Test) : | |
| | (क) निष्काम गतिमा हुने उत्सर्जनको परीक्षण (Idle Emission Test) | क) सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिन जडित सवारी साधन साधन । |
| | (ख) खुला त्वरणको क्रममा निस्कने धुँवाको परीक्षण (Free Acceleration Smoke Test) | ख) सम्पीडन प्रज्वलन (Compression Ignition) इन्जिन जडित सवारी साधन। |
| ३. | तेस्रो प्रकारको परीक्षण (Type III Test): क्याङ्ककेसबाट हुने उत्सर्जन परीक्षण (Crank Case Emission Test) | सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधन। |
| ४. | चौथो प्रकारको परीक्षण (Type IV Test): वाष्पिक उत्सर्जन परीक्षण (Evaporative Emission Test) | सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधन। |

| | | |
|---|---|---|
| ५. | पाँचौ प्रकारको परीक्षण (Type V Test): प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपन (Durability of Pollution Control Devices) | सबै । |
| ६. | छैटौं प्रकारको परीक्षण (Type VI Test): कम तापक्रममा हुने परीक्षण (Low Temperature Test ) | M, $N_1$ र $N_2$ वर्गका सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधन। |
| ७. | सवारीमा रहेको निदानात्मक प्रणाली सम्बन्धी र प्रयोगको दौरानको कार्यसम्पादन अनुपात ($IUPR_m$) परीक्षण (On Board Diagnostics and $IUPR_m$) | $L_1$ र $L_2$ वर्गका बाहेक सबै सवारी साधन । |
| ८. | कार्बनडाइअक्साइड उत्सर्जन तथा इन्धन खपतको मापन ($CO_2$ Emission and Fuel Consumption) | सबै । |

६. **पहिलो प्रकारको परीक्षणः** दफा ५ बमोजिमको पहिलो प्रकारको परीक्षण (प्रदूषणकारक ग्याँसहरुको परीक्षण) मा देहाय बमोजिम हुनेछः-

(क) कूल वजन ३५०० किलोग्राम सम्म भएका कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधन मध्ये वर्ग $M_1$, $M_2$, $N_1$ र $N_2$ का २६१० किलोग्राम सम्म सन्दर्भ द्रव्यमान (Reference Mass) भएका सवारी साधनका लागि यो परीक्षण गरिनेछ । उत्पादकको अनुरोधमा वर्ग $M_1$, $M_2$, $N_1$ र $N_2$ का २८४० किलोग्राम सम्म रिफरेन्स मास भएका सवारी साधनको हकमा समेत यसै अनुसारको परीक्षण गरी प्रकार अनुमोदन गर्न सकिनेछ । यो परीक्षण च्यासिस डाइनामोमिटरमा गरिनेछ । यस परीक्षणका लागि विश्व सामञ्जस्यकृत हलुका सवारी परीक्षण कार्यक्रम (WLTP) वा सवारी उत्पादक राष्ट्रमा प्रचलनमा रहेको समानस्तरको विधि प्रयोग गरिनेछ। यस परीक्षणको अतिरिक्त पोर्टेबल इमिशन मेजरमेन्ट सिस्टम (PEMS) को प्रयोग गरी सवारी साधनको गैर चक्रीय उत्सर्जन परीक्षण (अफ साइकल इमिशन सिस्टम टेस्ट) समेत गर्नु पर्नेछ । हाइड्रोजन इन्धनबाट सञ्चालन हुने इन्जिन जडित सवारीमा NOx को उत्सर्जन मात्र मापन गरिनेछ । यस अन्तर्गत सवारी साधनमा प्रदुषणकारण ग्याँसहरुको अधिकतम सीमा देहाय बमोजिम हुनु पर्नेछः-

कूल वजन ३५०० के.जी. सम्मका सवारी साधनका लागि सीमा तालिकाः

| वर्ग | श्रेणी | सन्दर्भ द्रव्यमान | कार्वन मोनो अक्साइड | | कूल हाईड्रो कार्वन | | गैर मिथेन हाइड्रो कार्वन | | हाईड्रोकार्वन तथा नाइट्रोजनका अक्साइडहरू | | नाइट्रोजनका अक्साइडहरू | | कणजन्य पदार्थ | | कण संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | RM | CO | | THC | | NMHC | | THC+NOX | | NOx | | PM | | PN | |
| | | के.जी | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. |
| M (M1 र M2) | | सबै | १००० | ५०० | १०० | - | ६८ | - | - | १७० | ६० | ८० | ४.५ | ४.५ | $६x१०^{११}$ | $६x१०^{११}$ |
| N1 | I | RM≤१३०५ | १००० | ५०० | १०० | - | ६८ | - | - | १७० | ६० | ८० | ४.५ | ४.५ | $६x१०^{११}$ | $६x१०^{११}$ |
| | II | RM <RM१७६ | १८१० | ६३० | १३० | - | ९० | - | - | १९५ | ७५ | १०५ | ४.५ | ४.५ | $६x१०^{११}$ | $६x१०^{११}$ |
| | III | RM<१७६० | २२७० | ७४० | १६० | - | १०८ | - | - | २१५ | ८२ | १२५ | ४.५ | ४.५ | $६x१०^{११}$ | $६x१०^{११}$ |
| N2 | - | सबै | २२७० | ७४० | १६० | - | १०८ | - | - | २१५ | ८२ | १२५ | ४.५ | ४.५ | $६x१०^{११}$ | $६x१०^{११}$ |

*

*सकारात्मक प्रज्वलन (स.प्र.) इन्जिन जडित सवारीको हकमा सिधा इन्जेक्सन इन्धन प्रणालीयुक्त इन्जिनको लागि मात्र कणजन्य पदार्थ तथा कण सङ्ख्या सम्बन्धी सीमाहरु लागू हुनेछन् ।*

(ख) कूल वजन ३५०० किलोग्राम भन्दा बढी भएका सवारी साधनको लागि यो परीक्षण इन्जिन डाइनामोमिटरमा गरिनेछ । यस परीक्षणको लागि विश्व सामञ्जस्यकृत ठूला सवारी उत्सर्जन प्रमाणीकरण अन्तर्गतका स्थिर वा क्षणिक चक्र वा उत्पादक राष्ट्रमा प्रचलनमा रहेका समानस्तरका विधिहरुको प्रयोग गरिनेछ । यस परीक्षणको अतिरिक्त यस प्रकारको सवारी साधन वा इन्जिनको हकमा दफा १४ मा निर्धारित अधिकतम सीमाका आधारमा गैरचक्रीय उत्सर्जन परीक्षण (अफ साइकल इमिशन टेस्ट) (OEC Test) समेत गर्नु पर्नेछ। यस अन्तर्गत सवारी साधनमा प्रदुषणकारण ग्याँसहरुको अधिकतम सीमा देहाय बमोजिम हुनु पर्नेछः-

कूल वजन ३५०० के.जी. भन्दा बढी भएका सवारी साधनका लागि सीमा तालिकाः

| परीक्षण चक्र (प्रज्वलन प्रकार) | कार्बन मोनोअक्साइड (CO) | गैर मिथेन हाइड्रोकार्बन (NMHC) | मिथेन (CH4) | कूल हाइड्रोकार्बन (THC) | नाइट्रोजनका अक्साइडहरु (NOx) | एमोनिया (NH3) | कणजन्य पदार्थ (PM) | कण संख्या (PN) |
|---|---|---|---|---|---|---|---|---|
| | मिलिग्राम/ किलोबाट — घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा | मिलिग्राम/ किलोबाट _ घण्टा |
| वर्ल्ड हार्मोनाइज्ड ट्रान्जियन्ट साइकल WHTC (सकारात्मक प्रज्वलन) | ४००० | १६० | ५०० | - | ४६० | १० | १० | ६ x $१०_{११}$ |
| वर्ड हारम्नाइज्ड स्टेसनरीWHSC (सम्पीडन प्रज्वलन) | १५०० | - | - | १३० | ४०० | १० | १० | ५ x $१०_{११}$ |
| वर्ल्ड हाम्रोनाइज्ड साइकल WHTC (सम्पीडन प्रज्वलन) | ४००० | - | - | १६० | ४६० | १० | १० | ६ x $१०_{११}$ |

(ग) दुई पाङ्ग्रे, तीन पाङ्ग्रे वा चार पाङ्ग्रे लघु सवारी साधनको लागि यो परीक्षण च्यासिस डाइनामोमिटरमा गरिनेछ । परीक्षणका लागि विश्व सामञ्जस्यकृत मोटरसाइकल उत्सर्जन परीक्षण चक्र (WMTC) वा उत्पादक राष्ट्रमा प्रचलित परीक्षण विधिको प्रयोग गरिनेछ । यस अन्तर्गत सवारी साधनमा प्रदुषणकारण ग्याँसहरुको अधिकतम सीमा देहाय बमोजिम हुनु पर्नेछः-

| वर्ग | कार्बन मोनोअक्साइड (CO) | | हाइड्रो कार्बन (HC) | | नाइट्रोजनका अक्साइडहरु (NOx) | | गैर मिथेन हाइड्रो कार्बन (NMHC) | | कण जन्य पदार्थ (PM*) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिलि ग्राम/कि.मी. | | मिलि ग्राम/कि.मी. | | मिलि ग्राम/कि.मी. | | मिलि ग्राम/कि.मी. | | मिलि ग्राम/कि.मी. | |
| | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. | स.प्र. |
| $L_1$ वर्गका दुई पाङ्ग्रे सवारी | ५०० | - | ३५० | - | १५० | - | - | - | - | - |
| $L_3$, $L_4$ वर्गका दुई पाङ्ग्रे सवारी | १००० | ५०० | १०० | १०० | ६० | ९० | ६८ | ६८ | ४.५ | ४.५ |
| $L_2$ र $L_5$ वर्गका तीन पाङ्ग्रे सवारी | १००० | ५०० | १०० | १०० | ६० | ९० | ६८ | ६८ | ४.५ | ४.५ |
| $L_6$ र $L_7$ वर्गका लघु चार पाङ्ग्रे सवारी | १००० | ५०० | १०० | १०० | ६० | ९० | ६८ | ६८ | ४.५ | ४.५ |

** सकारात्मक प्रज्वलन इन्जिन जडित सवारीको हकमा सिधा इन्जेक्सन इन्धन प्रणालीयुक्त इन्जिनको लागि मात्र कणजन्य पदार्थ सम्बन्धी सीमाहरु लागू हुनेछन् ।*

(घ) तीन पाङ्ग्रे सवारी साधनको लागि पहिलो प्रकारको परीक्षण प्रयोजनार्थ खण्ड (ग) को तालिकामा दिइएका सीमाको सट्टामा सवारी साधन उत्पादक कम्पनी रहेको देशमा

प्रचलनमा रहे बमोजिम देहाय बमोजिमको परीक्षण विधि तथा अधिकतम सीमासमेत मान्य हुनेछन्ः-

(१) सकारात्मक प्रज्वलन इन्जिन जडित तीन पाङ्ग्रे सवारी साधनको लागिः

| वर्ग | कार्बन मोनोअक्साइड (CO) | हाइड्रो कार्बन र नाइट्रोजनका अक्साइडहरु ($HC + NO_x$) | नाइट्रोजनका अक्साइडहरु ($NO_x$) |
|---|---|---|---|
| | मिलि ग्राम/कि.मि. | मिलि ग्राम/कि.मि | मिलि ग्राम/कि.मि |
| $L_2$ र $L_5$ | ४४० | ४३५ | १३० |

(२) सम्पीडन प्रज्वलन इन्जिन जडित तीन पाङ्ग्रे सवारी साधनको लागिः

| वर्ग | कार्बन मोनोअक्साइड (CO) | हाइड्रो कार्बन र नाइट्रोजनका अक्साइडहरु ($HC + NO_x$) | नाइट्रोजनका अक्साइडहरु ($NO_x$) | कणजन्य पदार्थ PM |
|---|---|---|---|---|
| | मिलि ग्राम/कि.मि. | मिलि ग्राम/कि.मि | मिलि ग्राम/कि.मि | मिलि ग्राम/कि.मि |
| $L_2$ र $L_5$ | २२० | २०० | १६० | २५ |

७. **दोस्रो प्रकारको परीक्षणः** दफा ५ बमोजिमको दोस्रो प्रकारको परीक्षण (निष्काम उत्सर्जन वा खुल्ला त्वरण धुँवा परीक्षण) अन्तर्गत प्रदूषणकारक पदार्थ तथा सूचकको अधिकतम सीमा देहाय बमोजिम हुनु पर्नेछः-

(क) सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधनका लागि निष्काम उत्सर्जन परीक्षणका अधिकतम सीमा

| सवारी साधनको वर्ग | कार्वन मोनोअक्साइड CO | | हाईड्रो कार्वन HC | ल्याम्बडा (ईकाई विहीन अनुपात) |
|---|---|---|---|---|
| | प्रतिशत | | प्रति दश लाख भाग | |
| | निष्काम गति | उच्च निष्काम गति | निष्काम गति | |
| कम्तिमा चार पाङ्ग्रा भएका सवारी साधन (कूल वजन≤३५०० के.जी.) | ०.३ | ०.२ | २०० | १±०.०३ वा सवारी उत्पादक कम्पनीले निर्धारण गरे अनुसार |
| दुई पाङ्ग्रे सवारी | ०.५ | ०.३ | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| तीन पाङ्ग्रे सवारी साधन | ०.५ | ०.३ | ५०० | |

** सिएनजी तथा एलपीजी सञ्चालित सवारी साधनमा लागू नहुने ।*

(ख) सम्पीडन प्रज्वलन इन्जिन जडित सवारी साधनका लागि खुल्ला त्वरण धुँवा परीक्षणका सीमा

| सवारी साधनको वर्ग | धुँवाको अपारदर्शीता (प्रति मिटर) | हार्टरिज धुँवा इकाई (HSU) |
|---|---|---|
| दुई पाङ्ग्रे तथा तीन पाङ्ग्रे सवारी साधन | १.५ | ४८ |
| कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधन | ०.७ | २६ |

८. **तेस्रो प्रकारको परीक्षणः** दफा ५ बमोजिमको तेस्रो प्रकारको परीक्षण (क्र्याङ्केसबाट हुने उत्सर्जन परीक्षण) अन्तर्गत सकारात्मक प्रज्वलन इन्जिन जडित सवारी साधनको इन्जिन तथ्याङ्केसबाट कुनै उत्सर्जन भएको हुनु हुँदैन ।

९. **चौथो प्रकारको परीक्षणः** दफा ५ बमोजिमको चौथो प्रकारको परीक्षण (वाष्पिक उत्सर्जन परीक्षण) पेट्रोलबाट चल्ने इन्जिन जडित सवारीको हकमा मात्र लागू हुनेछ । दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे सवारी साधनको लागि वाष्पिक उत्सर्जनको अधिकतम सीमा प्रति परीक्षण १.५ ग्राम हुनेछ । कूल वजन ३५०० किलोग्राम सम्म भएका कम्तीमा M र N बर्गका चार पाङ्ग्रा भएका सवारी साधनको हकमा वाष्पिक उत्सर्जनको अधिकतम सीमा दुई ग्राम प्रति परीक्षण हुनेछ । यो परीक्षणमा सवारी साधनको सिल्ड हाउजिङ् इभापोरेटिभ डिटरमिनेशन (SHED) परीक्षण गरिनेछ ।

१०. **पाँचौ प्रकारको परीक्षणः** (१)दफा ५ बमोजिमको पाँचौ प्रकारको परीक्षण (प्रदूषण नियन्त्रण उपकरणको **टिकाउपनको** परीक्षण) गर्दा वास्तविक रुपमा परीक्षण-दूरी (सामान्य उपयोगी आयु-दूरी वा वर्ष) सम्म सवारी साधन चलाएर वा देहाय बमोजिम न्यूनतम दूरी सञ्चय अवधिसम्म सङ्कलित तथ्याङ्कको एक्स्ट्रापोलेसन गरी वा निश्चित ह्रास घटकको प्रयोग गरी निर्धारण गर्न सकिनेछः-

(क) प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपन (टिकाउपन दूरी / न्यूनतम दूरी सञ्चयको आधारमा):

(१) टिक्ने दूरी (कूल वजन ३५०० किलोग्रामसम्म भएका सवारी साधनका लागि)

| वर्ग | टिकाउपन, दूरी (कि.मी.) |
|---|---|
| L1 (दुई पाङ्ग्रे) | ५,५०० |

| | |
|---|---|
| $L_3$, $L_4$ (अधिकतम गति < १३० कि.मी./घण्टा): | २०,००० |
| $L_3$, $L_4$ (अधिकतम गति ≤१३० कि.मी./घण्टा): (दुई पाङ्ग्रे) | ३५,००० |
| $L_2$ (तीन पाङ्ग्रे) | ११,००० |
| $L_5$ (तीन पाङ्ग्रे): | ३५,००० |
| $L_6$ र $L_7$ चार पाङ्ग्रे लघु सवारी (अधिकतम गति < १३० कि.मी./घण्टा) | २०,००० |
| $L_6$ र $L_7$ चार पाङ्ग्रे लघु सवारी (अधिकतम गति ≥ १३० कि.मी./घण्टा) | ३५,००० |
| M र N (कूल वजन ≤ ३५०० के.जी.) | १६०,००० |

(२) न्यूनतम सञ्चय दूरी (कूल वजन ३५०० किलोग्राम भन्दा बढी भएका कम्तीमा M र N बर्गका चार पाङ्ग्रा भएका सवारी साधनका लागि)

| वर्ग | सामान्य उपयोगी आयु (दूरी-कि.मि. वा वर्ष मध्ये जुन पहिले हुन्छ) | न्यूनतम सञ्चय दूरी (कि.मि.) |
|---|---|---|
| $M_1$, $N_1$ र $M_2$ (कूल वजन <३५०० के.जी.) | १६०,००० (वा ५ वर्ष) | १६०,००० |
| M3 (कूल वजन ≤७५०० के.जी.), $N_2$, $N_3$ (कूल वजन ≤१६००० के.जी.) | ३००,००० (वा ६ वर्ष) | १८८,००० |
| $M_3$ (कूल वजन > ७५०० के.जी.) र $N_3$ (कूल वजन > १६००० के.जी.) | ७००,००० (वा ७ वर्ष) | २३३,००० |

(ख) प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपन (निश्चित ह्रास घटकको आधारमा):-

(१) कूल वजन ३५०० के.जी. सम्म भएका कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधनका लागि ह्रास घटकहरु

| प्रज्वलन प्रकार | कार्बन मोनोअक्साइड (CO) | कूल हाइड्रोकार्बन (THC) | गैर मिथेन हाइड्रोकार्बन (NMHC) | नाइट्रोजनका अक्साइडहरु ($NO_x$) | कणजन्य पदार्थ (PM) | कण संख्या (PN) |
|---|---|---|---|---|---|---|
| सकारात्मक | १.५ | १.३ | १.३ | १.६ | १.० | १.० |
| संपीडन | १.५ | - | - | १.१ | १.० | १.० |

(२) कूल वजन ३५०० के.जी. भन्दा बढी भएका कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधनका लागि ह्रास घटकहरुः

| परीक्षण चक्र | कार्वनमोनो अक्साइड CO | कूल हाईड्रो कार्वन THC | गैरमिथेन हाईड्रो कार्वन NMHC | मिथेन $CH_4$ | नाइट्रोजनका अक्साइडहरु $NO_x$ | एमोनिय $NH_3$ | कणजन्य पदार्थ PM | कण संख्या PN |
|---|---|---|---|---|---|---|---|---|
| WHTC | १.३ | १.३ | १.४ | १.४ | १.१५ | १.० | १.०५ | १.० |
| WHSC | १.३ | १.३ | - | - | १.१५ | १.० | १.०५ | १.० |

*सपीडन प्रज्वलन इन्जिनमा लागू हुने ।*

*सकारात्मक प्रज्वलन इन्जिनमा लागू हुने ।*

(३) दुई पाङ्ग्रे, तीन पाङ्ग्रे वा चार पाङ्ग्रे लघु सवारी साधनका ह्रास घटकहरुः

| वर्ग (प्रज्वलन प्रकार) | कार्वनमोनो अक्साइड CO | हाईड्रो कार्वन HC | हाईड्रो कार्वन र नाइट्रोजनका अक्साइडहरु $Hc+NO_x$ | नाइट्रोजनका अक्साइडहरु $NO_x$ | गैरमिथेन हाईड्रो कार्वन NMHC | कणजन्य पदार्थ PM |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| $L_1$ वर्गका दुई पाङ्ग्रे सवारी (स.प्र.) | १.२ | १.२ | १.२ | १.२ | १.२ | - |
| $L_3$ र $L_4$ वर्गका दुई पाङ्ग्रे सवारी (स.प्र.) | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.० |
| दुई पाङ्ग्रे सवारी (सं.प्र.) | १.३ | १.१ | - | १.१ | १.१ | १.० |
| तीन पाङ्ग्रे सवारी (स.प्र.) | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.० |
| तीन पाङ्ग्रे सवारी (सं.प्र.) | १.३ | १.१ | - | १.१ | १.१ | १.० |
| $L_6$ र $L_7$ वर्गका सकारात्मक प्रज्वलन लघु चार पाङ्ग्रे | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.० |
| $L_6$ र $L_7$ वर्गका संपीडन प्रज्वलन लघु चार पाङ्ग्रे | १.३ | १.१ | - | १.१ | १.१ | १.० |

(२) वास्तविक सडक परीक्षणको सट्टामा प्रयोगशाला परीक्षण विधि छनौट गरिएको अवस्थामा सवारीको वर्ग अनुसार परीक्षण च्यासिस डाइनामोमिटर वा इन्जिन डाइनामोमिटरमा गरिनेछ । न्यूनतम दूरी सञ्चय अवधिमा सङ्कलित प्रदूषण तथ्याङ्कको आधारमा सवारीको उपयोगी आयुको अन्त्यमा हुने प्रदूषणको मात्रा एक्स्ट्रापोलेट गर्न उत्कृष्ट फिटिङ हुने रिग्रेसन रेखा निर्धारण गर्नु पर्नेछ ।

**११. छैटौं प्रकारको परीक्षणः**

(१) दफा ५ बमोजिमको छैटौं प्रकारको परीक्षण (कम तापक्रममा हुने परीक्षण) तापक्रम २६६ K (माइनस ७.१५ डिग्री सेल्सियस) हुनेछ । यसमा देहायको सवारी साधनमा प्रदूषणकारक ग्याँसहरुको अधिकतम सीमा देहाय बमोजिम हुनु पर्नेछः-

| वर्ग | श्रेणी | कार्बन मोनोअक्साइड (CO) (ग्राम/कि.मी.) | हाइड्रो कार्वन (HC) (ग्राम/कि.मी.) |
|---|---|---|---|
| M | | १५ | १.८ |
| $N_1$ | I | १५ | १.८ |
| | II | २४ | २.७ |
| | III | ३० | ३.२ |
| $N_2$ | | ३० | ३.२ |

(२) कम तापक्रमयुक्त जलवायु नभएको देशमा उत्पादन भएको वा यस प्रकारको परीक्षण लागू नभएको देशमा उत्पादन भएको सवारी साधनको हकमा यो परीक्षण अनिवार्य हुने छैन।

**१२. सवारीमा रहेको निदानात्मक प्रणाली (OBD) सम्बन्धी परीक्षणः**

(१) दफा ५ बमोजिमको सवारीमा रहेको निदानात्मक प्रणाली सम्बन्धी परीक्षण गरिनेछ । यस अन्तर्गत प्रदूषण सम्बन्धित सूचक अधिकतम सीमा भन्दा माथि जाना साथ प्रणालीमा जोडिएको खराबी सूचक बत्ती (MIL) सक्रिय हुनु पर्नेछ र प्रणालीका लागि देहायका अधिकतम सीमा लागू हुनेछः-

(क) कूल वजन ३५०० किलोग्रामसम्म भएका सवारी साधनमा रहेको निदानात्मक प्रणालीका लागि लागू हुने सीमाः

| वर्ग | श्रेणी | सन्दर्भ द्रव्यमान (RM) | कार्वन मोनोअक्साईड CO | | गैर मिथेन हाइड्रो कार्वन NMHHC | | नाईट्रोजनका अक्साईडहरू NOx | | कणजन्य पदार्थ PM | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. | स.प्र. | सं.प्र. |
| M ($M_1$ र $M_2$) | | सबै | १९०० | १७५० | १७० | २९० | ९० | १४० | १२ | १२ |
| $N_1$ | I | RM≤१३०५ | १९०० | १७५० | १७० | २९० | ९० | १४० | १२ | १२ |
| | II | RM <RM१७६ | ३४०० | २२०० | २२५ | ३२० | ११० | १८० | १२ | १२ |
| | III | RM<१७६० | ४३०० | २५०० | २७० | ३५० | १२० | २२० | १२ | १२ |
| $N_2$ | - | सबै | ४३०० | २५०० | २७० | ३५० | १२० | २२० | १२ | १२ |

** सकारात्मक प्रज्वलन इन्जिन जडित सवारीहरुमा कणजन्य पदार्थको सीमा प्रत्यक्ष इन्जेक्सन इन्जिन जडित सवारीमा मात्र लागू हुनेछ ।*

(ख) कूल वजन ३५०० किलोग्राम भन्दा बढी भएका सवारी साधनमा रहेको निदानात्मक प्रणालीका लागि लागू हुने सीमाहरुः

| प्रज्वलन प्रकार | कार्वन मोनोअक्साइड CO | नाईट्रोजनका अक्साईडहरू $NO_x$ | कणजन्य पदार्थ PM |
|---|---|---|---|
| | मिलि ग्राम/किलोवाट घण्टा | मिलि ग्राम/किलोवाट | मिलि ग्राम/किलोवाट |
| स.प्र. | ७५०० | १२०० | - |
| सं.प्र. | - | १२०० | २५ |

(ग) दुई पाङ्ग्रे सवारी साधन तथा लघु चार पाङ्ग्रे सवारी साधनमा रहेको निदानात्मक प्रणालीका लागि लागू हुने सीमा (वर्ग $L_1$ र $L_2$ का सवारी साधनको हकमा निदानात्मक प्रणाली सम्बन्धी व्यवस्था व्यवस्था लागू हुने छैन र ती सवारी साधनका लागि देहाय बमोजिमको सिमा लागू हुनेछ :-

| सवारी साधनको इन्जिन प्रकार (प्रज्वलन प्रणाली) | कार्वन मोनोअक्साइड CO | गैर मिथेन हाइड्रो कार्वन NMHC | नाईट्रोजनका अक्साईडहरू $NO_x$ | कणजन्य पदार्थ PM |
|---|---|---|---|---|
| | मिलि ग्राम/किलोवाट घण्टा | मिलि ग्राम/किलोवाट | मिलि ग्राम/किलोवाट | मिलि ग्राम/किलोवाट |
| सकारात्मक प्रज्वलन | १९०० | २५० | ३०० | ५० |
| सम्पीडन प्रज्वलन | १९०० | ३२० | ५४० | ५० |

(घ) तीन पाङ्ग्रे सवारीहरुमा रहेको निदानात्मक प्रणालीका लागि लागू हुने सीमाहरुः

| सवारीको इन्जिन प्रकार (प्रज्वलन प्रणाली) | कार्वन मोनोअक्साइड CO | नाईट्रोजनका अक्साइडहरू $NO_x$ |
|---|---|---|
| | मिलि ग्राम/कि.मी. | मिलि ग्राम/कि.मी. |
| सकारात्मक प्रज्वलन | ८८० | ४२५ |
| संपीडन प्रज्वलन | ४४० | ३०० |

(२) सवारी साधनको निदानात्मक प्रणालीमा देहाय बमोजिमका न्यूनतम विशेषता लागू हुनेछन् :-

(क) खराबीसूचक बत्ती बलिसकेपछि सवारी साधनले यात्रा गरेको दूरीको गणना (Distance Travelled since malfunction indicator lamp (MIL) on)

(ख) निष्काशित वायु पुनःसंचरण प्रणाली (Exhaust Gas Recirculation Monitoring) को निगरानी,

(ग) उत्प्रेरक परिवर्तक (Catalytic Converter) को निगरानी (Catalytic Converter monitoring)

(घ) मिसफायर पत्ता लगाउने प्रणाली (Misfire Detection)

(ङ) अक्सिजन सेन्सरमा आएको खराबी सूचक प्रणाली । (Oxygen sensor Deterioration)

*नोटः यो सवारी साधनको निदानात्मक प्रणाली प्रावधानको न्यूनतम विशेषताको क्रमा संख्या (ग) को उत्प्रेरक परिवर्तकको निगरानी सम्बन्धी प्रावधानको कार्यान्वियन संवत् २०८५ साउन १ गते देखि हुनेछ ।*

**१३. प्रयोगको दौरानको कार्य सम्पादन अनुपात (In-Use Performance Ratio – IUPR)**

दफा ५ बमोजिमको प्रयोगको दौरानको कार्य सम्पादन अनुपातको परीक्षण गर्दा सवारी साधनमा जडान भएको निदानात्मक प्रणालीसँग सम्बन्धित अनुगमनकारी उपकरणले प्रदूषण नियन्त्रणसँग सम्बन्धित कुनै कार्यमा देखिएको खराबी सूचित गर्ने प्रभावकारिताको मापन प्रयोगको दौरानको कार्य सम्पादन अनुपात (IUPR) बाट गरिनेछ । सवारी साधन सञ्चालनमा रहेको समयमा सवारीमा जडित सबै (m) अनुगमनकारी उपकरणहरुको कार्य सम्पादन अनुपात कम्तीमा ०.१ (शुन्य दशमलव एक) हुनु पर्नेछ ।

*नोटः यो प्रयोगको दौरानको कार्य सम्पादन अनुपातको परीक्षण (IN-Use performance Ration-IU Rm) प्रावधानको कार्यान्वियन २०८५ श्रावण १ गतेदेखि लागू हुनेछ ।*

**१४. विश्व सामञ्जस्यकृत बढी हुन नहुने (World Harmonized Not-To-Exceed - WNTE) गैर चक्रीय परीक्षण सीमाः**

सामञ्जस्य बढी हुन नहुने (वर्ड हार्मोनाइज्ड नट टू एक्सिड) गैर चक्रिय परीक्षण अन्तर्गत सम्पीडन प्रज्वलन इन्जिन जडित तथा कूल वजन ३,५०० (तीन हजार पाँचसय) के.जी. भन्दा बढी भएका कम्तीमा वर्ग M र N का चार पाङ्ग्रा भएका सवारी साधनमा प्रदूषणकारक पदार्थका देहाय अनुसारका अधिकतम सीमा लागू हुनेछन्:-

| परीक्षण चक्र | कार्वन मोनोअक्साइड | कूल हाइड्रो कार्वन | नाईट्रोजनका अक्साईडहरू | कणजन्य पदार्थ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | मिलि ग्राम /कि.वाट घण्टा | | | |
| WNIE | २००० | २२० | ६०० | १६ |

**१५. संक्षिप्त शब्दावलीः**

यस मापदण्डमा प्रयोग भएका संक्षिप्त शब्दावलीको विस्तारित अर्थ अनुसूची-१ बमोजिम र यस मापदण्डसँग सम्बन्धित परीक्षण विधि तथा शब्दावली सम्बन्धी व्याख्यात्मक टिप्पणी अनुसूची - २ बमोजिम हुनेछ ।

**१६. खारेजी र बचाउः**

(१) "नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०६९" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिसम्म खोली सकिएका प्रतीतपत्र वा बैंङ्कको माध्यमबाट गरी सकिएको भुक्तानी बमोजिम नेपालमा पैठारी गरिने सवारी साधन तथा नेपालमा एसेम्बल हुने वा उत्पादन हुने सवारी साधन तथा त्यस्ता सवारी साधन एसेम्बल वा उत्पादन गर्न आवश्यक पाटपूर्जाहरु प्रयोग गरी एसेम्बल वा उत्पादन गरिएका सवारी साधनको हकमा नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०६९ को व्यवस्था लागू हुनेछ।

अनुसूची-१

(दफा १५ सँग सम्बन्धित) संक्षिप्त शब्दावलीहरुको विस्तारित अर्थ

| | |
|---|---|
| स.प्र.: | सकारात्मक प्रज्वलन (Positive Ignition) |
| सं.प्र.: | संपीडन प्रज्वलन (Compression Ignition) |
| $CH_4$: | Methane |
| CO: | Carbon monoxide |
| HC: | Hydro Carbon |
| IUPR: | In-Use Performance Ratio |
| $NH_3$: | Ammonia |
| NMHC: | Non-Methane Hydro Carbons |
| $NO_x$: | Oxides of Nitrogen |
| PM: | Particulate Matter |
| PN: | Particle Number |
| THC: | Total Hydro Carbon |
| UNECE: | United Nations Economic Commission for Europe |
| WHDC: | World Harmonized Heavy Duty Emission Certification |
| WHSC: | World Harmonized Steady Cycle |
| WHTC: | World Harmonized Transient Cycle |
| WLTP: | World Harmonized Light Duty Vehicle Test Procedure |
| WMTC: | World Harmonized Motorcycle Emissions Test Cycle |
| WNTE: | World Harmonized Not-To-Exceed |

अनुसूची - २

(दफा १५ सँग सम्बन्धित)

**व्याख्यात्मक टिप्पणी**

१. **उत्पादनको तादात्म्यता (Conformity of Production - COP)***:* यो प्रकृया उत्पादन भएको कुनै सवारी साधन वा त्यसको कुनै प्रणाली वा भाग त्यसको अनुमोदित प्रकार बमोजिमको छ भनी सक्षम अधिकारी वा अधिकारिक निकायले सुनिश्चित गर्ने प्रकृया हो । यो परीक्षण उत्पादक कम्पनीको अनुमोदित प्रकार अनुरुप सवारी साधन, त्यसको प्रणाली वा भाग लगातार उत्पादन गर्न सक्ने क्षमताको परीक्षण हो । उत्पादकको कारखानाको उत्पादन प्रणालीबाट निस्कने कुनै मोडलका ठूलो सङ्ख्याका सवारी साधन अनुमोदित प्रकार अनुरुप भएको सुनिश्चित गर्न यो परीक्षण महत्वपूर्ण हुन्छ। यस प्रकारको परीक्षणका लागि आवश्यक सवारी साधन नमूनाको सङ्ख्या, परीक्षणको आवृती तथा अन्य आवश्यक्ताहरु उत्पादक राष्ट्रको सक्षम निकायले तोके अनुसार हुन्छ ।

२. **सकारात्मक प्रज्वलन इन्जिन (Positive Ignition engine) जडित सवारी साधन** : "सकारात्मक प्रज्वलन **इन्जिन** जडित सवारी साधन" भन्नाले त्यस्तो सवारी साधनलाई जनाइन्छ, जसको इन्जिनमा इन्धन हावा मिश्रणलाई स्पार्क प्लगको माध्यबाट प्रज्वलन (ignition) गरिन्छ । यो प्रणाली विशेषगरी पेट्रोल इन्जिनहरूमा प्रयोग गरिन्छ ।

३. **सम्पीडन प्रज्वलन इन्जिन (Compression Ignition Engine) जडित सवारी साधन**: "सम्पीडन प्रज्वलन इन्जिन जडित सवारी साधन' भन्नाले त्यस्तो सवारी साधनलाई जनाइन्छ, जसको इन्जिनमा इन्धन- हावा मिश्रणलाई उच्च चाप (Compression) द्वारा तापमान बढाएर आफै प्रज्वलन गराइन्छ, यो प्रणाली डिजेल इन्जिनहरूमा प्रयोग हुन्छ, जहाँ इन्धन इन्जिनको सिलिन्डरमा चापपछि इन्जेक्ट गरिन्छ र स्वतः प्रज्वलन हुन्छ ।

४. **न्यूनतम सञ्चय दूरी (Minimum service accumulation period)**: "न्यूनतम सञ्चय दुरी" भन्नाले प्रदूषण नियन्त्रण उपकरणको प्रभावकारिता तथा टिकाउपन परीक्षण गर्नका लागि सवारी साधनले निश्चित अवधि वा दुरीसम्म सेवा (सञ्चालन) गरिसकेको हुनुपर्ने न्यूनतम दुरीलाई जनाउँछ ।

यो दुरीको अवधिमा उपकरणले कति समयसम्म प्रभावकारी रूपमा काम गर्छ भन्ने परीक्षण गरिन्छ, ताली उपकरण दीर्घकालीन रूपमा पनि वातावरणीय मापदण्डहरू पालनामा खरो उत्रियोस् भन्ने सुनिश्चित गरियोस् ।

५. **क्याङ्केस (Krankcase):** तेल भण्डारसँग आन्तरिक वा बाहिरी रूपमा ग्याँस तथा वाफ उत्सर्जन हुन सक्ने नलीहरूबाट जोडिको इन्जिन भित्र वा बाहिरको ठाउँ ।

६. **ह्रास घटक (Deterioration Factor):** सवारी साधन वा इन्जिनको उपयोगी आयुको अन्त्यमा हुने प्रत्येक प्रदूषणकारक पदार्थको उत्सर्जनको मात्रा र उपयोगी आयुको सुरुमा हुने उत्सर्जनको मात्राको अनुपात त्यस प्रदूषणकारक पदार्थको ह्रास घटक हो । सवारी साधनको उपयोगी आयुको दौरानमा सवारी साधनबाट हुने उत्सर्जनमा आउने परिवर्तनलाई ह्रास घटकले प्रतिविम्बित गर्दछ । यसको मान हिसाब गरी निकाल्न वा निश्चित मान हुने गरी तोक्न सकिन्छ । उपयोगी आयुको अन्तिम र सुरुवातमा हुने उत्सर्जनको अनुपात स्वरुप निकालिने ह्रास घटक गुणनात्मक ह्रास घटक हो । अन्तिम र सुरुवातमा हुने उत्सर्जनको फरक स्वरुप निकालिने ह्रास घटक योगात्मक ह्रास घटक हो । सुरुवातमा हुने प्रदूषणकारक पदार्थको उत्सर्जनको मात्रालाई गुणनात्मक ह्रास घटकले गुणन गर्दा आउने परिणाम त्यस पदार्थको लागि तोकिएको अधिकतम सीमा भित्र हुनु पर्छ । सुरुवातमा हुने प्रदूषणकारक पदार्थको उत्सर्जनको मात्रामा योगात्मक ह्रास घटक जोड्दा आउने परिणाम त्यस पदार्थको लागि तोकिएको **अधिकतम सीमा भित्र हुनु पर्छ ।**

७. **चालन चक्र (Driving Cycle):** परीक्षणको क्रममा इन्जिन सुरु गर्ने, सञ्चालन गर्ने तथा बन्द गर्ने र अर्को पटक इन्जिन सुरु हुने बेला सम्मको अवधि सहितका विभिन्न गतिविधि सहितको अनुक्रमलाई चालन चक्र भनिन्छ ।

८. **ग्याँसीय प्रदूषणकारक पदार्थहरु (Gaseous Pollutants):** उत्सर्जनमा रहने कार्बन मोनोअक्साइड, नाइट्रोजनका अक्साइड (नाइट्रोजन डाइअक्साइड समकक्षी मात्रा) तथा हाइड्रो कार्बनहरु (कूल हाइड्रो कार्बन, गैरमिथेन हाइड्रोकार्बन, मिथेन) ।

९. **कुल सवारी साधन वजन/अधिकतम वजन (Gross Vehicle Weight - GVW):** कुनै सवारी साधनको लागि प्राविधिक रुपमा कायम हुन सक्ने भनी उत्पादक कम्पनीले तोकेको अधिकतम वजन । यसलाई कूल सवारी साधन द्रव्यमान (Gross Vehicle Mass) पनि भनिन्छ ।

१०. **प्रयोगको दौरानको कार्य सम्पादन अनुपात (IUPR):** सवारी साधनको निदानात्मक प्रणालीमा रहेको कुनै अनुगमनकारी संयन्त्र वा त्यस्ता संयन्त्रहरुको समूहले पहिचान गर्नु पर्ने गरी प्रणालीमा उत्पन्न भएका खराबीहरुको सङ्ख्या र त्यस्ता संयन्त्र तथा संयन्त्र समूहहरुको कार्य संग सान्दर्भिक चालन चक्रको सङ्ख्या बीचको अनुपात ।

११. **ल्याम्बडा Lambda ($\lambda$):** इन्जिनको दहन कक्षमा रहेको अक्सिजनको परिमाण र इन्धनको पूर्ण दहनका लागि आवश्यक अक्सिजनको परिमाणको अनुपात वा हावा र इन्धनको वास्तविक अनुपात र पूर्ण दहनको लागि आवश्यक हावा तथा इन्धनको अनुपातबीचको अनुपात ।

१२. **खराबी (Malfunction):** नियमन गरिएको कुनै प्रदूषणकारक पदार्थको उत्सर्जन बढ्न सक्ने गरी वा सवारी साधनमा रहेको निदानात्मक प्रणालीको प्रभावकारितामा ह्रास आउने गरी इन्जिन प्रणाली वा निदानात्मक प्रणालीमा देखिने असफलता वा ह्रास ।

१३. **खरावी सुचक (Malfunction Indicator): सवारी** साधनको प्रणालीमा उत्पन्न कुनै खराबीको बारेमा चालकलाई सूचना दिने यन्त्र वा सूचक (बत्ती) ।

१४. **सवारी साधनमा रहेको निदानात्मक प्रणाली (On-Board Diagnostic (OBD) System):** सवारी साधनमा रहेको देहायका क्षमता वा विशेषता भएको प्रणालीः-

क. इन्जिनको उत्सर्जन प्रक्रियालाई असर पार्न सक्ने खराबी पत्ता लगाउने ।

ख. खराबीको उत्पन्न भएको अवस्था बारे सचेत गराउने ।

ग. कम्प्युटरको स्मृतिमा भण्डारण गरिएको सूचनाको माध्यमबाट खराबी उत्पन्न हुन सक्ने संभावित क्षेत्रहरु पहिचान गरी त्यस्तो सूचना प्रसारण गर्न सक्ने ।

१५. **गैर चक्रीय उत्सर्जन (Off Cycle Emissions - OCE):** प्रयोगशालामा आधारित परीक्षण चक्रहरुले प्रतिनिधित्व नगर्ने अवस्थाहरुमा हुने उत्सर्जनलाई गैर चक्रीय उत्सर्जन भनिन्छ ।

१६. **कणजन्य पदार्थ (Particulate Matter - PM):** सवारी साधनबाट निस्किएको उत्सर्जनलाई सफा तथा फिल्टर गरिएको डाइलुएन्ट (पातलो बनाउने पदार्थ) ले पातलो बनाई निश्चित फिल्टर माध्यमबाट प्रसारित गर्दा त्यस्तो माध्यममा संकलन हुने कार्बन, जमेको हाइड्रो कार्बन, सल्फेटहरु र ती पदार्थमा निहित पानीको संकलनलाई समग्रमा कणजन्य पदार्थ भनिन्छ ।

१७. **वास्तविक चालन चक्र परीक्षण (Real Driving Emissions (RDE) Test):** यो परीक्षण सडकमा सवारी साधन सञ्चालन गर्दा कायम हुने वास्तविक अवस्थाहरुमा हुने उत्सर्जन मापन गर्न तयार गरिएको परीक्षण हो । यस अन्तर्गत सडकमा गुडिरहेको सवारी साधनमा धूवाँ उत्सर्जन मापन प्रणाली जडान गरी वास्तविक चालन अवस्थामा उत्सर्जन हुने नाइट्रोजनका अक्साइडहरु तथा कण सङ्ख्या वा अन्य प्रदूषणकारक पदार्थको मापन गरिन्छ । यो परीक्षण प्रयोगशाला परीक्षणको पूरक परीक्षणको रुपमा गरिन्छ । प्रयोगशाला परीक्षणको क्रममा सन्तोषजनक उत्सर्जन गर्ने सवारी साधनहरुले सडकमा वास्तविक संचालन अवस्थाको क्रममा धेरै मात्रामा प्रदूषणकारक पदार्थहरुको उत्सर्जन गरेको पाइएको हुँदा वास्तविक सडक चालनको क्रममा समेत उत्सर्जनको मात्रा निर्धारित सीमा भित्र नै रहने कुरा सुनिश्चित गर्न यस किसिमको परीक्षणको सुरुवात भएको हो ।

१८. **रिफरेन्स मास (Reference Mass):** सवारी साधनमा कुनै मालसामान वा यात्रु नराखिएको अवस्थामा मापन हुने द्रव्यमानमा एक सय के.जी.को समान अङ्क थप्दा हुन आउने द्रव्यमान ।

१९. **प्रकार अनुमोदन (Type Approval - TA)**: कुनै सवारी साधन वा त्यसको कुनै प्रणाली वा भागले कुनै राष्ट्रमा प्रचलित सुरक्षा, उत्सर्जन तथा उत्पादनसंग सम्बन्धित कानूनी तथा प्रशासनिक व्यवस्थाहरुको पालना गरेको सम्बन्धमा त्यस राष्ट्रको सक्षम निकायले गर्ने प्रमाणिकरणलाई त्यस्तो सवारी साधनको मोडलको प्रकार अनुमोदन भनिन्छ । अन्तिम रुपमा तयार हुने सवारी साधनमा हुने सबै विशेषता

समावेश भएको सवारी साधनहरुको प्रोटोटाइपहरु उत्पादकले सक्षम निकायलाई निश्चित सङ्ख्यामा उपलब्ध गराउनु पर्छ । सवारी साधनको मोडलले निर्धारित कानूनी तथा प्रशासनिक व्यवस्थाहरु पालना गरेको कुरा परीक्षण मार्फत यकिन गरे पश्चात मात्र सक्षम निकायले सवारी साधनको प्रकार अनुमोदन गर्दछ ।

२०. **खाली द्रव्यमान (Unladen Mass):** खाली द्रव्यमान भन्नाले चालक, यात्रु वा मालसामानको द्रव्यमान समावेश नभएको तर चालू अवस्थामा रहेको, इन्धन ट्याङ्की ९० प्रतिशत भरिएको र आवश्यक सामान्य औजार तथा स्पेयर टायर (स्पेयर टायर राख्ने व्यवस्था भएको खण्डमा) सहितको सवारी साधनको द्रव्यमानलाई बुझाउँछ ।

२१. **विश्व सामञ्जस्यकृत ठूला सवारी साधनको उत्सर्जन प्रमाणीकरण (World Harmonized Heavy Duty Emission Certification - WHDC):** यो ठूला सवारी साधनमा जडित इन्जिनबाट हुने प्रदूषणकारक ग्याँस तथा कणजन्य पदार्थको उत्सर्जन मापन गर्नका लागि इन्जिन स्थिर चक्र वा इन्जिन क्षणिक चक्रको प्रयोग गर्ने गरी युरोपका लागि संयुक्त राष्ट्र संघीय आर्थिक आयोगको विश्व प्राविधिक नियमन श्रृंखला अन्तर्गत प्रस्ताव गरिएको परीक्षण प्रणाली हो । यस प्रणाली अन्तर्गत प्रयोग हुने परीक्षण चक्रहरु सवारी साधनको वास्तविक चालन अवस्थालाई प्रतिनिधित्व गर्ने गरी निर्माण गरिएका छन् । सवारी साधन उत्पादन गर्ने धैरे राष्ट्रहरुले यस प्रणाली अन्तर्गतका चक्रहरुलाई आ-आफ्नो प्राविधिक नियमन प्रणालीमा समावेश गरेका छन् ।

२२. **विश्व सामञ्जस्यकृत स्थिर चक्र (World Harmonized Steady Cycle - WHSC):** यो चक्र ठूला सवारी साधनमा जडित इन्जिनबाट हुने उत्सर्जनको मापन गर्न WHDC अन्तर्गत प्रस्ताव गरिएको चक्र हो । प्रत्येक चरणमा स्थिरताका आधारहरु अबलम्बन गरी इन्जिनलाई निर्धारित गति तथा टर्कमा पुग्न पर्याप्त समय दिई यस चक्रमा इन्जिन परीक्षणका गतिविधिहरुको अनुक्रम तय गरिएको छ ।

२३. **विश्व सामञ्जस्यकृत क्षणिक चक्र (World Harmonized Transient Cycle - WHTC):** यो चक्र ठूला सवारी साधनमा जडित इन्जिनबाट हुने उत्सर्जनको मापन गर्न WHDC अन्तर्गत प्रस्ताव गरिएको चक्र हो । यस चक्रमा तुलनात्मक रुपमा छिटो परिवर्तन हुने सामान्यकृत गति तथा टर्क मानहरु सहितका परीक्षण अनुक्रमको प्रयोग गरिन्छ ।

२४. **विश्व सामञ्जस्यकृत हलुका सवारी साधन परीक्षण कार्यक्रम (World Harmonized Light Vehicles Test Program - WLTP):** यस कार्यक्रम अन्तर्गत चेसिस डाइनामोमिटर प्रयोग गरी M र N वर्गका कूल वजन ३५०० के.जी. सम्म भएका हलुका सवारी साधनहरुबाट हुने उत्सर्जन र इन्धन खपत मापन गर्न यूरोपको लागि संयुक्त राष्ट्र संघीय आर्थिक आयोगबाट प्रस्तावित परीक्षण विधि समावेश गरिएका छन् ।

२५. **विश्व सामञ्जस्यकृत मोटरसाइकल उत्सर्जन परीक्षण चक्र (World Harmonized Motorcycle Emissions Test Cycle - WMTC):** यो चक्र मोटरसाइकलबाट हुने उत्सर्जन तथा इन्धन खपत मापन गर्नका लागि यूरोपको लागि संयुक्त राष्ट्र संघीय आर्थिक आयोगबाट प्रस्तावित र उत्पादक राष्ट्रहरुले प्रयोगमा ल्याएको चालन चक्र हो

२६. **विश्व सामञ्जस्यकृत बढी हुन नहुने उत्सर्जन परीक्षण (World Harmonized Not-to-Exceed Emission Test - WNTE):** यो विश्व सामञ्जस्यकृत ठूला सवारी साधन प्रमाणीकरण अन्तर्गतका स्थिर र क्षणिक चक्रहरुले प्रतिनिधित्व गर्ने भन्दा व्यापक रुपमा, सवारी साधन सञ्चालनको क्रममा कायम हुने इन्जिन र वातावरणीय अवस्थाहरुमा उत्सर्जन परीक्षणका लागि तर्जुमा गरिएको परीक्षण हो । यस परीक्षणको क्रममा इन्जिनलाई वास्तविक चालनको क्रममा आइ पर्ने अवस्थाहरु जस्तै अवस्थामा राखी परीक्षण गरिन्छ । यस अन्तर्गत परीक्षण विधिले निर्धारण गरेका नियन्त्रण क्षेत्र अनुरुप परिभाषित इन्जिन गति तथा भार विन्दूमा इन्जिनलाई सञ्चालन गरी उत्सर्जनको मात्रा मापन गरिन्छ । विश्व सामञ्जस्यकृत ठूला सवारी साधनको उत्सर्जन प्रमाणीकरण अन्तर्गत तय गरिएका प्रदूषणकारक पदार्थहरुको अधिकतम सीमामा WNTE घटकहरुको प्रयोग गरी WNTE अधिकतम सीमाहरु निर्धारण गरिन्छन् ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

# बाटो निर्धारण निर्देशिका, २०७४

स्वीकृत मितिः २०७४।१२।१६

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ७४ को व्यवस्था कार्यान्वयन गर्न यातायात व्यवस्था विभागले सार्वजनिक सवारीलाई यातायात सेवा संचालन गर्न बाटो निर्धारण कार्यलाई व्यवस्थित गरी सार्वजनिक यातायात सेवालाई प्रभाकारी र सुरक्षित बनाउने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४।१२।७ गतेको सैद्धान्तिक सहमति अनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागले "बाटो निर्धारण निर्देशिका, २०७४" जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम "बाटो निर्धारण निर्देशिका, २०७४" रहेको छ।

(ख) यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः

(क) “ऐन” भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्छ।

(ख) “नियम” भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्छ।

(ग) “बाटो (रुट)” भन्नाले यस निर्देशिका अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा संचालन गर्नका निमित्त निर्धारण गरिएको सार्वजनिक सडक वा बाटोलाई सम्झनुपर्छ।

(घ) “विभाग" भन्नाले यातायात व्यवस्था विभागलाई सम्झनुपर्छ।

(ङ) "कार्यालय” भन्नाले यातायात व्यवस्था विभाग मातहतका कार्यालयलाई सम्झनुपर्छ।

(च) "बाटो निरीक्षण तथा सिफारिस समिति" भन्नाले बाटो निर्धारण गर्ने उद्देश्यले यस निर्देशिकाको प्रकरण ७ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ।

(छ) “सडक सम्बन्धी निकाय" भन्नाले सार्वजनिक सडक निर्माण, मर्मत तथा सम्भार गर्ने केन्द्रीय, प्रादेशिक वा स्थानीय तहसंग आबद्ध सार्वजनिक निकायलाई सम्झनुपर्छ।

३. विभागले निम्न अनुसारको अवस्थामा बाटो निर्धारण प्रक्रिया शुरु गर्नु पर्नेछः

(क) ऐनको दफा १५४ (ङ) बमोजिमको यातायात व्यवस्थापन समितिको सिफारिस भएका सडकहरुमा,

(ख) सडक सम्बन्धी निकायबाट सडक निर्माण सम्पन्न भएको पत्र प्राप्त अवस्थामा,

(ग) विभागले आवश्यक ठहर गरेको अवस्थामा।

४. विभागले सडक सम्बन्धी निकायसंग नियमित रुपमा बाटो निर्धारण गर्नु पर्ने सडकहरुको विवरण माग गर्नुपर्नेछ।

५. ऐनको दफा ७४ बमोजिम बाटो निर्धारण भएपछि मात्र बाटो इजाजत दिनुपर्नेछ।

६. बाटो (रुट) निर्धारण भएपछि सो बाटोको विवरणको अभिलेख विभागमा राखी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ।

७. विभागले बाटो निर्धारण गर्नका लागि बाटोको स्थलगत निरीक्षण गरी सिफारिस गर्न देहायका सदस्यहरु भएको बाटो निर्धारण तथा सिफारिस समितिको गठन गर्नेछः

(क) सि.डी.ई. (हाइवे)/निर्देशक (प्रा.) (बरिष्ठता अनुसार) — संयोजक

(ख) सि.डी.ई. (हाइवे)/निर्देशक (प्रा.) (कनिष्ट) — सदस्य

(ग) मेकनिकल इन्जिनियर, यातायात व्यवस्था विभाग — सदस्य

(घ) अधिकृत प्रतिनिधि, ट्राफिक प्रहरी निर्देशनालय — सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सडक सम्बन्धी निकाय — सदस्य

(च) इन्जिनियर, सडक सुरक्षा शाखा, यातायात व्यवस्था विभाग — सदस्य सचिव

८. समितिले आवश्यकता अनुसार अन्य विज्ञ आमन्त्रण गर्न सक्नेछ।

९. बाटो निर्धारण तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक अध्ययन (Desk Study) गर्नेः समितिले निम्न विषयसंग सम्बन्धित कागजातहरुको अध्ययन गर्नेछः

(१) सडक सम्बन्धी विषयः सडकको वर्गीकरण, इन्जिनियरिंग डिजाईन, सडक सतहको अवस्था, सडक सुरक्षा र सूचना सम्बन्धी विषयहरु,

(२) सडकको सोल्जर, क्यरिएज वे, नाला वा ढल, सडकको दुरी, दुरी पार गर्न लाग्ने समय, बिसौनी, खाजा तथा भोजनालय, प्रहरी चौकी, स्वास्थ्य चौकी, आदिको अवस्थिति,

(३) सवारी सम्बन्धी विषयः उक्त सडकमा संचालन हुनसक्ने सवारी साधनका प्रकार, प्रकृति तथा सार्वजनिक यातायात सेवाको किसिम,

(४) आवश्यकता अनुसार अन्य विषय।

(ख) बाटोको स्थलगत निरीक्षण गर्नेः समितिले प्रारम्भिक अध्ययनका विषयहरु एकिन गर्न बाटोको स्थलगतनिरीक्षण गर्नुपर्नेछ। स्थलगत निरीक्षण गर्दा सार्वजनिक सवारी साधनमा परीक्षण यात्रा (Test Run) गर्नेछ। परीक्षण यात्रामा निम्न विषयहरुको स्थलगत टिपोट राख्नुपर्नेछः

१) यातायात संचालनसंग सम्बन्ध रख्ने बाटोमा भएका महत्वपूर्ण ठाउँको (सडकको चौडाई, घुम्ती, Longitudinal gradient, पुल, सडक सतहको प्रकार आदि) बारे,

२) अनुसूची १ मा उल्लेख भए बमोजिमको सार्वजनिक यातायात सेवा संचालनका लागि बाटोको वर्गीकरण

३) परीक्षण गरिएको बाटोमा संचालन गर्न सकिने सवारी साधनको किसिम अनुसूची २ अनुसारले एकिन गर्ने,

४) परीक्षण गरिएको बाटोमा सबै वा तोकिएका सवारी साधनहरु बाह्रै महिना वा मौसम अनुसार संचालन हुन सक्ने वा नसक्ने सम्बन्धी विवरण,

५) परीक्षण गरिएको बाटोमा सार्वजनिक यातायात सेवाको किसिम (रात्री वा दिवा) एकिन गर्ने,

६) सडक सुरक्षा सम्बन्धी विशेष थप व्यवस्था गर्नु पर्ने भएमा सो को विवरण,

७) बाटो (रुट) मा मौसम परिवर्तन (ठूलो वर्षा, कुहिरो, हिउँ पर्नु) ले गर्दा वा रातिको समयमा सवारी साधन संचालन गर्दा गति सीमित गर्नु पर्ने वा उक्त समयमा सेवा संचालनमा रोक लगाउनु पर्ने भए सो को विवरण।

(ग) सिफारिस सम्बन्धी व्यवस्थाः डेस्क अध्ययन तथा परीक्षण यात्रा (Test Run) को आधारमा समितिले देहाय बमोजिमको निर्णय गर्नेछः

१) बाटो (रुट) कायम गर्ने,

२) निश्चित शर्त सहितको बाटो (रुट) कायम गर्ने,

३) सार्वजनिक यातायात संचालनको बाटो (रुट) इजाजत दिनुपूर्व गर्नुपर्ने बाटोको सुधार गर्नुपर्ने भए सो को सिफारिस गर्ने।

(घ) समितिले प्रतिवेदनमा खुलाउनु पर्ने विषयहरुः

१) संचालन हुनसक्ने सवारीको किसिम,

२) सवारी साधनको गति, सिट वा भारवहन क्षमता सम्बन्धी,

३) निर्धारण गरिएको बाटोमा यात्रुको चापका आधारमा संचालन गर्न सकिने सवारी साधनको संख्या।

१०. सार्वजनिक सूचनाःसमितिबाट बाटो (रुट) निर्धारणको सिफारिस प्राप्त भएमा यातायात व्यवस्था विभागले बाटो कायम गरिएको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ।

११. बाटो इजाजत सम्बन्धीः कायम भएको बाटोमा यातायात सेवा संचालन गर्नका लागि बाटो इजाजत खुला गर्न सम्बन्धित कार्यालयलाई विभागले निर्देशन दिनेछ।

१२. बाटो कायम भएको अभिलेख राख्नेःयातायात व्यवस्था विभागले बाटो कायम भएपछि सोको अभिलेख विभागमा राख्नेछ।

१३. बाटोको निरीक्षण सम्बन्धी व्यवस्थाःबाटो (रुट) सिफारिस समितिले बाटो (रुट) को निरीक्षण तथा परीक्षण यात्रा (टेस्ट रन) गरी बाटो कायम गर्न सिफारिस गर्दा अनुसूची १ को बाटोको वर्गीकरण गरिनेछ।

१४. बाटोको वर्ग अनुसारको उपयुक्त सवारी साधनको सिफारिसः बाटो (रुट) सिफारिस समितिले बाटो (रुट) कायम गर्दा उक्त बाटोको लागि उपयुक्त प्रकारको सवारी साधनको अनुसूची २ बमोजिम सिफारिस गर्नेछ।

१५. बाटो कायम गर्दा सडक सम्बन्धी मापदण्ड निम्न अनुसारले पालना गर्नुपर्नेछः

(क) सडकको क्रस सेक्सन सम्बन्धी निरीक्षण तथा सिफारिस गर्दा अनुसूची ३ को मापदण्ड अनुसार गर्नुपर्नेछ।

(ख) सडक न्यूनतम अर्धव्यास तथा डिजाईन गति सम्बन्धी निरीक्षण तथा सिफारिश गर्दा अनुसूची ४ को मापदण्ड अनुसार गर्नुपर्नेछ।

(ग) सडक सम्बन्धी अन्य मापदण्ड सडक सम्बन्धी निकायले तोके बमोजिम हुनेछ।

१६. विविधः

(क) यो निर्देशिका जारी हुनुभन्दा अगाडि भएको बाटो निर्धारण सम्बन्धी परिपत्र तथा अन्य मापदण्डबाट कायम भएका बाटोहरु यसै मापदण्ड अनुसार भएको मानिने छ।

(ख) खारेजीः यस निर्देशिकामा उल्लेखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक सहमतिमा संशोधन वा खारेजी गर्न सक्नेछ।

(ग) यस निर्देशिकामा भएका विषयहरुमा द्विविधा भएमा विभागको निर्णय अन्तिम हुनेछ।

(घ) यस निर्देशिकामा उल्लेख भएका प्रावधानहरु अन्य प्रचलित ऐन तथा नियमसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची-१ः

## बाटो (रुट) को वर्गीकरण

सार्वजनिक यातायात सेवाको लागि बाटो निर्धारण तथा बाटो इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि बाटो (रुट) लाई निम्न अनुसार वर्गीकरण गरिएको छः-

(क) वर्ग- (क): बाटोको चौडाई कम्तिमा ७ मीटर (Double lane), घुम्तीको अर्धब्यास ३० मीटरभन्दा बढी, Longitudinal Gradient ५% भन्दा कम र बाटोका पुलहरू कम्तिमा ५.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

(ख) वर्ग- (ख): बाटोको चौडाई कम्तिमा ५.५ मीटर, घुम्तीको अर्धब्यास १२-३० मीटर सम्म, Longitudinal Gradient ५ देखि ७% सम्म र बाटोका पुलहरू कम्तिमा ५.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

(ग) वर्ग- (ग): बाटोको चौडाई कम्तिमा ३.५ मीटर (Single Lane), घुम्तीको अर्धब्यास १२ मीटर सम्म, Longitudinal Gradient ७% देखि १०% सम्म र बाटोका पुलहरू पनि ३.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

## अनुसूची- २
### (सार्वजनिक सवारीको वर्गीकरण)

सार्वजनिक यातायात सेवाको लागि बाटो निर्धारण तथा बाटो इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि यातायात सेवा संचालन गर्नका लागि सवारी साधनहरु निम्न अनुसार वर्गीकरण गरिएको छ:-

**क) यात्रुवाहक सवारी**

| Type of Vehicle | Engine output (Hp)/rpm | Minimum Turning Radius (m) | Vehicle Dimension (mm) | | | | Vehicle Class |
|---|---|---|---|---|---|---|---|
| | | | Max. GVW(MT) | L | Wheel Base | Width | |
| Bus (above 30 seats) | 135@2500 | 8.4 | 14.86 | 7380 | 4225 | 2560 | **V3** |
| Minibus (16- 30 seats) | 123@2400 | 8.4 | 7.49 | 8150 | 4200 | 2190 | **V2** |
| Micro-bus (upto16 seats) | 87@3800 | 5.5 | 2.6 | 4715 | 2985 | 1800 | **V1** |

**ख) मालवाहक सवारी**

| Vehicle Type | Engine output (Hp)/rpm | Minimum Turning Radius (m) | Vehicle Dimension (mm) | | | | Vehicle Class |
|---|---|---|---|---|---|---|---|
| | | | Max. GVW(MT) | L | WB | B | |
| Multi-axle Trucks.(42' semi-trailers ) | 243 hp @2000 rpm | 7 | 49 | 3250 | 8903 | 2550 | V3 |
| Truck (> 10 ton GVW) | 177hp @2500 | 11.18 | 31 | 8903 | 5580 | 2580 | V2 |
| Mini truck (5- 10 ton GVW) | 77hp @3200 | 5.8 | 5.9 | 3130 | 2500 | 1710 | V1 |
| Pick up ( < 5 ton GVW) | 63hp @3200 | 7 | 2.9 | 2540 | 3264 | 1700 | V1 |

## अनुसूची - ३

## सडकको Cross-section सम्बन्धी मापदण्ड

| Road Network | Road Type, Cross-section | | Carriageway Width(m) | Shoulder width both side(m) | Roadway width(m) |
|---|---|---|---|---|---|
| **Strategic Roads (NRS 2045/2070** | Single lane - difficult terrain or low traffic (<100 vpd) | | 3 | 0.75 | 4.5 |
| | Single lane | | 3.75 | 1.5 | 6.75 |
| | Intermediate lane | | 5.5 | 2 | 9.5 |
| | Double lane without kerbs | | 7 | 2.5 | 12 |
| **Local roads (NRRS 2068)** | District Roads | | | | |
| | Hill | Single lane - difficult terrain/low traffic (<100 vpd) | 3 | 0.75 | 4.5 |
| | | Single lane | 3.75 | 0.75 | 5.25 |
| | | Intermediate lane | 5.5 | 0.75 | 7 |
| | Terai | Single lane -low traffic (<100 vpd) | 3 | 1.5 | 6 |
| | | Single lane | 3.75 | 1.5 | 6.75 |
| | | Intermediate lane | 5.5 | 1 | 7.5 |
| | Village Roads | | | | |
| | Hill | Single lane | 3 | 0.5 | 4 |
| | Terai | Single lane | 3 | 0.75 | 4.5 |
| | | | | | |
| | | | | | |

[NRS: Nepal Road Standard; NRRS: Nepal Rural Road Standard; vpd: vehicle per day]

# अनुसूची - ४

## सडकको वर्ग अनुसार न्यूनतम अर्धव्यास तथा डिजाईन गति सम्बन्धी मापदण्ड

| Road Network | Road Class | Design Speed (kph) | Minimum Radius (m) | | | Carriageway Required At Curve Apex* (m) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | without 'e' | Max. 'e' (10%) | 'e' as per comfort criteria | Single Lane | Double Lane | Multi-Lane (n) |
| Strategic Roads (NRS 2070/ NRS 2045) | I | 120 | 1730 | 600 | 760 | | 7 | 3.5n |
| | I, II | 100 | 870 | 370 | 530 | | 7 | 3.5n |
| | I, II, III | 80 | 440 | 210 | 340 | | 7 | 3.5n |
| | I, II, III, IV | 60 | 200 | 110 | 190 | | 7.6 | (3.5+0.3)n |
| | II, III, IV | 40 | 70 | 40 | 90 | 3.75 | 7.9 | (3.5+0.45)n |
| | III, IV | 30 | 30 | 20 | 50 | 4.35 | 8.2 | (3.5+0.6)n |
| | IV | 20 | 20 | 10 | 30 | 4.65 | 8.5 | (3.5+0.75)n |

| Road Network | Road standard | Traffic (vpd) | Minimum Radius (m) | | | Carriageway Required At Curve Apex (m) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | Hilly | Terai | | Hilly | | Terai |
| | | | | | | 3 m Single Lane | Single Lane | Single Lane |
| Feeder Roads in hills (DSFR 2053) | FW tractor | < 50 | 12.5 | NA | | 4.5 | | |
| | FW earthen/ gravel | > 50 | 12.5 | 12.5 | | | 5 | 4.4 |
| | AW gravel/ bitumen | >50 | 12.5 | 12.5 | | | 5 | 4.4 |

[e: Superelevation]

## अनुसूची ५

### सवारी साधनको Max. Engine Output, Minimum Turning Radius, vehicle Dimensions सम्बन्धी तालिका

| Type of Vehicle/ Configuration | Max engine output (Hp) | Minimum Turning Radius (m) | Max speed (kph) | Maximum GVW (MT) | Vehicle Dimension (mm) | | | | Ground Clearance (mm) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | L | WB | B | H | |
| Multi-axle trucks (42' semi-trailers ) | 243 hp @ 2000 rpm | 7.0 | 86 | 49 | 8903 | 3890 | 2550 | 3332 | 272 |
| Multi-axle rigid trucks | 189 hp @ 2400 rpm | 10 | 73 | 25 | 8163 | 3880 | 3235 | 3235 | 306 |
| Trucks (two axle) | 136 hp @ 2400 rpm | 7.2 | 88 | 16.2 | 8163 | 4540 | 2434 | 3645 | 303 |
| High Capacity Bus (seats> 55) | 170 hp @ 2000 rpm | 9.2 | 95 | 12.5 | 11085 | 5820 | 2500 | 2836 | 267 |
| Bus (25-55 seats) | 132 hp @ 2800 rpm | 8.5 | 96 | 16.2 | 12000 | 6320 | 3350 | 2836 | 263 |
| Minibus (15- 25 seats) | 101 hp @ 2800 rpm | 6.2 | 107.5 | 6.52 | 6870 | 3400 | 2200 | 2865 | 276 |
| Micro-bus | 108 hp @ 3600 rpm | 6.2 | 98 | 3 | 5380 | 3110 | 1880 | 2285 | 185 |
| Three wheeler (SAFA tempo)= | 8.5 hp @ 3800 rpm | 7.0 | 45 | 1.65 | 3480 | 2270 | 1482 | 1600 | 140 |
| Cars | 86 hp @ 5400 rpm | 4.8 | 158 | 1.51 | 4275 | 2600 | 1760 | 1530 | 169 |
| 4WD | 217 hp @ 4600 rpm | 7.3 | 176 | 3.5 | 5140 | 3075 | 1995 | 1940 | 221 |
| Motorcycle | 11 hp @ 7500 rpm | | 113 | | 2095 | 1340 | 796 | 1100 | 167 |
| Average farm tractor= | 66 hp @ 2200 rpm | 3.6 | 26 | 2.5 | 4690 | 4159 | 2050 | 2810 | 445 |

Note: GVW =gross vehicle weight MT= metric tonnes WB= wheelbase L=length B= breadth H=height

hp= horse power rpm= revolutions per minute

## अनुसूची ६

## सवारी साधनको प्रकार अनुसार सडकको घुम्तीमा हुनुपर्ने न्यूनतम सडकको चौडाई

| Vehicle Type | Required carriageway width at the apex of the Horizontal Curve, Intersection Turning, Hairpin Bends | | | | Vehicle Dimension (mm) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Urban single Lane | Urban Two-way | Strategic/ Local Single Lane | Strategic/ Local Two-way | L | WB | B | H |
| Average 42' Semi-trailer Trucks | 6.8 | 11.3 | 6.8 | 11.3 | 18,034 | 3,619 | 2,519 | 3,386 |
| Average Multi-axle rigid trucks | 3 | 7 | 3 | 7 | 7,062 | 4,080 | 2,408 | 3,218 |
| Average Two-axle Trucks | 3.4 | 7.1 | 3.5 | 7.4 | 6,835 | 3,884 | 2,321 | 3,070 |
| Average High Capacity Bus | 3.9 | 8.5 | 4.0 | 8.8 | 11,524 | 5,554 | 2,547 | 2,836 |
| Average Bus | 3.1 | 6.7 | 3.3 | 6.9 | 9,113 | 4,843 | 2,480 | 2,836 |
| Average Minibus | 3.1 | 6.7 | 3.3 | 6.9 | 6,870 | 3,400 | 2,200 | 2,865 |
| Average Micro-bus | 2.6 | 5.7 | 2.8 | 5.9 | 5,380 | 3,110 | 1,880 | 2,285 |
| Average Three Wheeler (SAFA tempo) | 1.9 | 4.2 | 2.0 | 4.5 | 3,480 | 2,270 | 1,482 | 1,600 |
| Average Cars | 2.9 | 6.2 | 3.0 | 6.4 | 3,951 | 2,482 | 1,708 | 1,485 |
| Average 4WD | 2.8 | 6.0 | 2.9 | 6.3 | 4,824 | 2,896 | 1,869 | 1,896 |
| Average Motorcycles | | | | | 2,095 | 1,340 | 796 | 1,100 |
| Average Farm Tractors | 4.0 | 8.4 | 4.1 | 8.7 | 4,100 | 3,536 | 1,864 | 2,768 |

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

# कारखाना वर्कशप संचालन निर्देशिका, २०७४

स्वीकृत मितिः २०७४/१२/१६

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५९ को व्यवस्था कार्यान्वयन गर्न यातायात व्यवस्था विभागबाट अनुमति लिई संचालनमा आएका वर्कशपहरुको पूर्वाधार, जनशक्ति तथा उपकरणहरुको अनुगमन तथा निरीक्षण गरी वर्कशप संचालनमा एकरुपता ल्याई सवारी साधनहरुको यान्त्रिक समस्याबाट हुने सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागबाट यो "कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४" जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस निर्देशिकाको नाम "कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४" रहेको छ ।

२) यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः—**

(क) "वर्क सप" भन्नाले सवारी साधनहरुको पन्चर टाल्ने तथा चक्का खोलिफट, नियमित सर्भिसिङ्ग, मर्मत संभार, पाटपुर्जा फेरबदल, डेन्टपेन्ट तथा ईन्जिन ओभरहिलङ्ग आदि कार्य गर्न यस निर्देशिका अनुसार दर्ता भएका फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ ।

(ख) "ईलेक्ट्रिकल वायरिङ्ग मर्मत" भन्नाले सवारी साधनभित्रको सम्पूर्ण रुपले विभिन्न प्रयोजनका लागि प्रयोग भएका विद्युतीय प्रणाली सम्बन्धीको मर्मत तथा संभार सम्झनुपर्छ ।

(ग) "बडीको मर्मत तथा डेन्ट पेन्ट" भन्नाले सवारी साधनको बडी सम्बन्धी गरिने सम्पूर्ण मर्मत तथा संभारका साथै बडीको डेन्टपेन्ट सम्बन्धी कार्यहरुलाई सम्झनुपर्छ ।

(घ) "प्राविधिक प्रतिवेदन" भन्नाले कारखाना तथा वर्कशप दर्ता तथा संचालन गर्नका लागि यस निर्देशिकामा तोकिएको भौतिक पूर्वाधार सम्बन्धी मापदण्डको बारेमा दर्तावाल ईन्जिनियरले तयार पारेको प्रतिवेदनलाई सम्झनुपर्छ ।

(ङ) "दर्तावाल ईन्जिनियर" भन्नाले नेपाल ईन्जिनियरिंग परिषदमा दर्ता भएको सिभिल / अटोमोबाइल ईन्जिनियर वा मेकानिकल ईन्जिनियरलाई सम्झनुपर्छ ।

(च) "कारखाना" भन्नाले च्यासिस, ईन्जिन तथा अन्य पाटपुर्जा आयात गरी सवारीको बडी निर्माण तथा सवारी साधन तयार (एसेम्बल) गर्न यस निर्देशिका अनुसार दर्ता भएका फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ ।

## ३. कारखाना र वर्कशपको वर्गीकरणः

१) वर्ग (क): ४ टन भन्दा कम्ती वजन भएका सवारी साधनहरु (कार,जीप,भ्यान) को मेकानिकल मर्मत संभार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेन्टपेन्ट सम्बन्धी सेवाहरु प्रदान गर्न वर्कशपहरुलाई वर्ग (क) वर्कशप भनिनेछ ।

२) वर्ग (ख): ४ टन भन्दा बढी वजन भएका सवारी साधनहरु (ट्रक, बस, मिनिबस, मिनिट्रक तथा माइक्रोबस आदि) को मेकानिकल मर्मत संभार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेन्टपेन्ट सम्बन्धी सेवाहरु प्रदान गर्न वर्कशपहरुलाई वर्ग (ख) वर्कशप भनिनेछ ।

३) वर्ग (ग): निर्माण उपकरणहरु (रोलर, डोजर,एक्साभेटर, लोडर, क्रेन आदि) को मेकानिकल मर्मत संभार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेन्टपेन्ट सम्बन्धी सेवाहरु प्रदान गर्न वर्कशपहरुलाई वर्ग (ग) वर्कशप भनिनेछ ।

४) वर्ग (घ): मोटरसाइकल, स्कुटर तथा मोपेड आदिको मेकानिकल मर्मत संभार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेन्टपेन्ट सम्बन्धी सेवाहरु प्रदान गर्न वर्कशपहरुलाई वर्ग (घ) वर्कशप भनिनेछ ।

५) वर्ग (ङ): कुनै पनि सवारी साधनहरुको बडी विल्डिङ्ग तथा मर्मत कार्य गर्न वर्कशपहरुलाई वर्ग (ङ) वर्कशप भनिनेछ ।

६) वर्ग (च): च्यासिस आयात गरी वा निर्माण गरी ईन्जिन लगायतका अन्य पाटपुर्जा (बडी समेत) एसेम्बल गरी सवारी साधन तयार गर्न कारखानाहरुलाई वर्ग (च) वर्कशप भनिनेछ ।

४. **दर्ता सम्बन्धी व्यवस्थाः** (१)कारखाना तथा वर्कशप संचालनको अनुमतिपत्र प्राप्त गर्नको लागि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यातायात व्यवस्था विभागमा निम्न अनुसारका कागजातहरु पेश गर्नुपर्छ ।

(क) सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को अनुसूची ५९ को ढाँचा बमोजिम निवेदन सहित सञ्चालकहरुको निवेदन तथा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कम्पनी दर्ता गरेको हकमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र प्रमाणपत्र र उद्योगको दर्ताको प्रमाणपत्र वा साझेदारी वा निजी ऐन अन्तर्गत दर्ता भए उद्योग दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर / मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,

(घ) म.न.पा /उ.म.न.पा /न.पा.र गा.पा.वाट सिफारिस र सहमति पत्र,

(ङ) प्राविधिक प्रतिवेदन,

(च) काम गर्ने प्राविधिक तथा अन्य कामदार तथा कर्मचारीहरुको विवरण अनुसारको योग्यता र अनुभव खुलेको सेवा करारका कागजातहरु,

(छ) प्रयोग हुने जमीनको लालपुर्जा वा भाडा वा घर बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि,

(२) प्रकरण ४ (ङ) मा उल्लेख भएको प्राविधिक प्रतिवेदन यस निर्देशिकाको अनुसूची ३ बमोजिम हुनुपर्छ ।

५. **कारखाना र वर्कशप संचालन सम्बन्धी मापदण्डः** वर्कशप संचालन सम्बन्धी मापदण्ड वर्कशपको वर्ग बमोजिमको अनुसूची १ अनुसारको हुनुपर्छ ।

६. **कारखाना र वर्कशपले पालना गर्नुपर्ने शर्तहरुः**

(क) कर्मचारी सम्बन्धी नियुक्ति तथा सुविधा नेपाल सरकारले जारी गरेको श्रम नीति तथा कानून बमोजिम हुनुपर्छ ।

(ख) कारखाना तथा वर्कशपमा मर्मत हुने सवारी साधन बाहेक मर्मत नहुने सवारी साधन राख्न पाईने छैन ।

(ग) ६ (ख) मा उल्लेख भएका सवारी साधन नियमानुसार स्टयाप (पुर्जी) का लागि सम्बन्धित सवारी धनीलाई १५ दिन भित्र फिर्ता बुझाउनु पर्नेछ ।

(घ) कारखाना तथा वर्कशपमा कामदार/कर्मचारीको रुपमा बालबालिकालाई प्रयोग गर्न पाईने छैन ।

(ङ) कारखाना तथा वर्कशपमा ल्याइएका सवारीको सवारी धनी वा सम्बन्धित व्यक्ति सम्पर्कमा नआएमा सो सवारीको विवरण यातायात व्यवस्था विभाग वा मातहतका कार्यालय वा नजिकको ट्राफिक प्रहरी कार्यालयमा यथाशीघ्र जानकारी पठाउनु पर्नेछ ।

(च) वातावरणमा प्रतिकूल असर पार्ने प्रयोग भईसकेका ईन्जिन आयल, ग्राजी, टायर/ट्युब लगायतका सामानहरुको उचित व्यवस्थापन गर्नुपर्छ ।

(छ) कारखाना तथा वर्कशप परिसर भित्र धुम्रपान, मदीरापान र सुर्तीजन्य वस्तुको उपभोग गर्न निषेध गर्नुपर्छ ।

**७. वर्ग (ङ) (बडी बिल्डिङ्ग तथा मर्मत कार्य गर्न) वर्कशपले पालना गर्नुपर्ने शर्तहरुः**

(क) विभागबाट अनुमति प्राप्त भएको डिजाईन अनुसारको सवारीको बडी मात्र निर्माण गर्नुपर्छ ।

(ख) डिजाईनको लागि अनुमति प्राप्त गर्दा च्यासिसको किसिम अनुसारको बडीको डिजाईन तथा स्पेसिफिकेशन विभागमा पेश गर्नुपर्छ ।

(ग) पेश भएको डिजाईन तथा स्पेसिफिकेशन दर्तावाल ईन्जिनियरले तयार तथा प्रमाणित गरेको हुनुपर्छ ।

(घ) बडी निर्माणको स्पेसिफिकेशन अनुसार भए नभएको निरीक्षण विभाग वा कार्यालयको ईन्जिनियरले कम्तिमा निम्न अनुसारको अनुगमन (तीन पटक) गरी प्रमाणित गरेको हुनुपर्छः-

१. बडीको Structural Frame र Dimensions,

२. बडीको सिट संख्या, Electric Circuit तथा अन्य स्पेसिफिकेशन, र

३. बडीको निर्माण सम्पन्न प्रतिवेदन ।

(ङ) बस बडी निर्माण सम्पन्न प्रतिवेदनको आधारमा मात्र कार्यालयले सवारीको दर्ताको प्रक्रिया शुरु गर्नेछ ।

(च) बसबडीको डिजाईन विभागले जारी गरेको मापदण्ड बमोजिम हुनुपर्छ ।

**८. अनुगमन सम्बन्धी व्यवस्थाः**

१) सम्बन्धित यातायात कार्यालयले प्रत्येक वर्ष वर्कशप वा कारखानाको अनिवार्य रुपमा अनुगमन गर्नेछ ।

२) निरीक्षकले अनुगमन गर्दा अनुसूची २ (कारखाना तथा वर्कशप निरीक्षण चेकलिस्ट) अनुसारको प्रतिवेदन तयार गर्नुपर्छ ।

**९. खारेजी र बचाउः**

१) यस मापदण्ड निर्देशिकामा उल्लेखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागको सिफारिसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक सहमति लिई विभागले संशोधन वा खारेजी गर्न सक्नेछ ।

२) यस निर्देशिकामा उल्लेख भएका प्रावधानहरु अन्य नेपाल कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

३) यो निर्देशिका जारी हुनु पूर्व संचालनमा रहेका कारखाना तथा वर्कशप यसै बमोजिम संचालन भएको मानिने छ तर त्रयस्ता कारखाना तथा वर्कशपले यो निर्देशिका लागू भएको मितिबाट ६ महिना भित्र यस निर्देशिका बमोजिमका मापदण्ड पूरा गर्नुपर्ने छ र मापदण्ड पूरा गर्न नसकेका कारखाना तथा वर्कशपको दर्ता स्वतः खारेज हुनेछ

## अनुसूची — १

## (कारखाना तथा वर्कशप सम्बन्धी मापदण्ड)

*(नोटः प्राविधिक विवरण र थप उपकरणहरूको विस्तृत विवरणका लागि मूल कागजात हेर्नुहोला)*

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| वर्ग (क) | ४ वा सोभन्दा कम्ती चक्का भएका सवारी साधनहरू (कार, जीप र भ्यान ।<br>मेकानिकल मर्मत सम्भार, पन्चर टाल्ने तथा चक्का फेरबदल, नियमित सर्भिसिङ, सस्पेन्सन मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, वातानुकुलित प्रणाली मर्मत, इन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरू।<br>इलेक्ट्रिकल वायरिङ्ग मर्मत।<br>बडीको डेन्ट तथा पेन्ट। | सडकको राइट अफ वे (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>मर्मत कार्य गर्दा सवारी साधन राख्ने पर्याप्त स्थान हुनुपर्ने।<br>कम्तिमा १५ वर्ग मीटरको कार्यालय कोठा हुनुपर्ने।<br>कम्तिमा ५० वर्ग मीटरको मर्मत शेड हुनुपर्ने।<br>कम्तिमा १० थान सवारी साधन अट्न सक्ने स्थान भएको।<br>Ramp / Trench व्यवस्था भएको।<br>पर्खाल वा तारबारले घेरिएको क्षेत्र भएको।<br>कम्तिमा ४ मीटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने।<br>मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने।<br>पर्याप्त मेशिन तथा औजारहरू भएको हुनुपर्ने।<br>वातावरण विभागबाट जारी भएको फोहर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने। | Wrench sets, Various gauges<br>Files, Chisels, scrubbers, pliers, Punching tools<br>Drilling Machines, Grinding Machines<br>Welding Machines, Sawing machines<br>Hacksaw Handles and Blades<br>Two post, four post lift<br>Work Bench; Vices and Fixtures<br>Diagnostic machines: one Smoke meter and Gas analyzer<br>Complete Mechanical Tool-Box<br>Automatic Semi Automatic Tyre Changer<br>Tyre Inflator deflator<br>Wheel Balancing machine<br>Wheel Aligners<br>Voltmeter Ammeter<br>Hydraulic Jack, Air Compressor<br>Water Pump; Water tank, Oil collection tank and bins; Battery Charger<br>Engine / Gear Box Lifter<br>Service Trolley; Waste oil collection and transfer system<br>Greasing Equipment; Digital Battery Tester<br>Denting painting tools<br>And other related tools and equipment | दक्ष प्राविधिक कामदार कम्तिमा दुई जना र अर्ध दक्ष कामदार तीन जना।<br>एक जना मेकानिकल ईन्जिनियर ।<br>(दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा १५ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्ध दक्ष कामदारको रूपमा काम गरेको २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ।<br>(अर्ध दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ। |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | खानेपानी तथा शौचालयको उचित व्यवस्था भएको।<br>प्राथमिक उपचारको सामग्री (First Aid Box) भएको हुनुपर्ने।<br>अग्नि नियन्त्रण (Fire Extinguisher) (at least one or per 3500 sq. ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने।<br>अन्य नियम कानूनले यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत पुरा भएको। | | |
| वग (ख) | ४ टन भन्दा बढी वजन भएका सवारी साधनहरु (ट्रक, बस, मिनिबस, मिनिट्रक तथा माईक्रोबस आदि) को:<br>मेकानिकल मर्मत सम्भारः पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपूर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, एअर कन्डिसनिङ्ग सिस्टम मर्मत, ईन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरु।<br>ईलेक्ट्रिकल वायरिङ्ग मर्मतः ईलेक्ट्रिकल वायरिङ्ग मर्मत सम्बन्धी कार्य।<br>बडी मर्मतः बडीको मर्मत तथा डेण्ट पेण्ट। | सडकको सडक सिमा (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने।<br>कम्तिमा १५ वर्ग मिटरको कोठा हुनुपर्ने।<br>कम्तीमा १५० वर्ग मीटरको मर्मत शेड हुनु पर्ने।<br>कम्तीमा ५ थान सवारी साधन (बस, ट्रक) अट्न सक्ने स्थान भएको।<br>पर्खाल वा तारवारले घेरिएको क्षेत्र भएको।<br>कम्तिमा ७ मीटर चौडाई भएको सडकको पहुच हुनुपर्ने।<br>मुल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने।<br>पर्याप्त मेशिन तथा औजारहरु भएको। | Wrench sets<br>Various gauges<br>Files, Chisels, scrubbers, pliers, Punching tools<br>Drilling Machines<br>Grinding Machines<br>Welding Machines<br>Sawing machines<br>Hacksaw Handles and Blades<br>Two post/ four post lift<br>Work Bench<br>Vices and Fixtures<br>Diagnostic machines: one Smoke meter<br>Complete Mechanical Tool-Box<br>Automatic/Semi Automatic Tyre Changer<br>Tyre Inflator/deflator<br>Wheel Balancing machine<br>Wheel Aligners<br>Voltmeter/Ammeter<br>Hydraulic Jack<br>Air Compressor<br>Water Pump<br>Water tank, Oil collection tank and bins<br>Battery Charger<br>Engine/Gear Box Lifter | दक्ष प्राविधिक कामदारः कम्तिमा दुई जना।<br>अर्थ दक्ष कामदारः कम्तिमा तीन जना।<br>इन्जिनियरः एक जना मेकानिकलअ इन्जिनियर (आंशिक समय भए पनि)।<br>परिभाषा तथा योग्यताः<br>दक्ष कामदारः कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा नौ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्थ दक्ष कामदारको रुपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति।<br>अर्थ दक्ष कामदारः कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको तालिम प्राप्त गरेको कामदार। |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने।<br>प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनु पर्ने।<br>अग्नि नियन्त्रक (Fire Extinguisher) (at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने।<br>अन्य नियम कानूनले यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत पुरा भएको। | Service Trolley<br>Waste oil collection and transfer system<br>Greasing Equipment<br>Digital Battery Taste<br>Denting painting tools<br>and other related tools and equipment | |
| वर्ग(ग) | निर्माण उपकरणहरु (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदि) कोः मेकानिकल मर्मत सम्भारः पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, एअर कन्डिसनिङ्ग सिस्टम मर्मत, ईन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरु।<br>ईलेक्ट्रिकल वायरीङ्गमर्मत ।<br>बडीको मर्मत तथा डेण्ट पेण्ट। | सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>काठमाडौं उपत्यकाको हकमा रिंगरोड बाहिर हुनुपर्ने (यो निर्देशिका जारी हुनु भन्दा अगाडि स्थापना भई सकेको हकमा यो प्रावधान लागू हुने छैन)<br>मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने।<br>• कम्तिमा १५ वर्ग मिटरको कोठा हुनुपर्ने।<br>कम्तिमा १५० वर्ग मीटरको मर्मत बन्द टहरा हुनुपर्ने।<br>कम्तिमा ५ थान सवारी साधन अट्नसक्ने स्थान भएको।<br>पर्खाल वा तारवारले घेरिएको क्षेत्र (कम्पाउण्ड) भएको<br>कम्तीमा ७ मीटर चौडाई भएको सडकको पहुच हुनुपर्ने। | Ratchet wrench<br>Various gauges<br>Files, Chisels, scrubbers, pliers, Punching<br>Drilling Machines<br>Grinding Machines<br>Welding Machine<br>Sawing machines<br>Hacksaw Handles and Blade<br>Two post/ four post lift<br>Work Bench<br>Vices and Fixtures<br>Diagnostic Tools<br>Complete Mechanical Tool Box<br>Automatic/Semi Automatic tyre Changer<br>Tyre Inflator/deflator<br>Wheel Balancing machine<br>Wheel Aligners<br>Voltmeter/Ammete<br>Hydraulic Jack<br>Air Compressor<br>Water Pump<br>Water tank, Oil collection tank and bins<br>Battery Charger | दक्ष प्राविधिक कामदार कम्तिमा दुई जना र अर्थ दक्ष कामदार तीन जना।<br>एक जना मेकानिकल अटोमोबाईल इन्जिनियर (आंशिक समय भए पनि)<br>दक्ष कामदारः कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा नौ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्थ दक्ष कामदारको रुपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।\<br>अर्थ दक्ष कामदारः कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको तालिम प्राप्त गरेको कामदार लाई सम्झनुपर्छ ।) |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | मुल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने।<br>पर्याप्त मेशिन तथा औजारहरु भएको।<br>वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने।<br>शौचालय, खानेपानीको व्यवस्थापन भएको।<br>अग्नि नियन्त्रण (Fire Extinguisher) (at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने<br>प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने।<br>अन्य नियम कानूनले यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत। | Engine Lifter/ Gear Box Lifter<br>Fully Equipped Service Trolley<br>Waste oil collection and transfer system<br>Greasing Equipments<br>Digital Battery Tester<br>Parts Trolley<br>Dent paint facility<br>And other related neccssary tools and equipment | |
| वर्ग (घ) | मोटरसाईकल, स्कुटर तथा मोपेड आदिको:<br>मेकानिकल मर्मत संभार: पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, ईन्जिन मर्मत तथा अभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरू<br>ईलेक्ट्रिकल वायरिङ्ग मर्मत<br>बडीको मर्मत तथा डेण्ट पेण्ट | सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने<br>सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने<br>कम्तिमा १२ वर्ग मीटरको कोठा हुनुपर्ने<br>कम्तिमा ५ थान मोटरसाइकल अट्न सक्ने स्थान भएको<br>आवश्यक औजार भएको हुनुपर्ने<br>शिक्षण संस्था तथा अस्पतालसँग जोडिएको हुन नहुने<br>सवारी तथा पैदल यात्रीको आवागमनमा बाधा पुऱ्याउन नहुने | Ratchet wrench,<br>Various gauges<br>Files, Chisels, scrubbers, pliers, Punching<br>Drilling, Grinding, Welding, Sawing Machines<br>Hacksaw Handles and Blades<br>Bike/Scooter Service Lift<br>Work Bench, Vices and Fixtures<br>Complete Mechanical Tool Box<br>Automatic/Semi Automatic Tyre Changer<br>Tyre Inflator/deflator<br>Wheel Balancing machine, Wheel Aligners<br>Voltmeter/Ammeter, Air Compressor,<br>Water Pump<br>Water tank, Oil collection tank and bins<br>Battery Charger<br>Engine Lifter/Gear Box Lifter | दक्ष प्राविधिक कामदार कम्तिमा एकजना र अर्ध दक्ष कामदार एकजना<br>(दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा नौ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्ध दक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ । ( अर्ध दक्ष भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको ) |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | वातावरण विभागको मापदण्ड बमोजिम फोहोर व्यवस्थापन हुनुपर्ने<br>खानेपानी तथा शौचालयको व्यवस्था भएको हुनुपर्ने<br>प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने<br>अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) कम्तिमा १ थान वा प्रति ३५०० वर्ग फिटमा पर्याप्त राख्नुपर्ने । यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत | Fully Equipped Service Trolley<br>Waste oil collection and transfer system<br>Greasing Equipment<br>Digital Battery Tester<br>Parts Trolley<br>Dent paint Facility<br>And other related necessary tools and equipment. | |
| वर्ग (ङ) | कुनै पनि सवारी साधनहरूको: च्यासिस आयात गरी वा निर्माण गरी नयाँ बडी बनाउने वा बडी मर्मत गर्ने कार्य | सडक सीमा (Right of Way) बाहिर हुनुपर्ने।<br>काठमाडौं उपत्यकाको हकमा यस वर्गका कारखाना रिङरोड बाहिर हुनुपर्ने।<br>मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने ।<br>कम्तिमा १५ वर्ग मिटरको कोठा हुनुपर्ने।<br>कम्तिमा १५० वर्ग मिटरको मर्मत/बडी निर्माण शेड हुनुपर्ने<br>कम्तिमा ५ थान सवारी साधन अट्न सक्ने स्थान भएको।<br>पर्खाल वा तारबारले घेरिएको क्षेत्रको कम्पाउण्ड भएको।<br>कम्तिमा ७ मिटर चौडाई भएको पहुँच हुनुपर्ने। | Motorized Guillotine Sheet Shearing Machine<br>Power operated Press Brake bending machine<br>Suspension type M.I.G. Welding system<br>Gas Welding set with all the Accessories<br>Arc welding machine<br>Air Compressor with painting equipment and accessories for painting<br>Different types of power/Air operated tools like Nut runner, drilling gun<br>Drilling Machine<br>Metal cutting band-saw for cutting Aluminum sections<br>Hoist chain pulley block crane and material handling trolley<br>Dent paint facility<br>Testing Equipment<br>Portable digital paint thickness checking equipment<br>Small measuring tools | दक्ष प्राविधिक कामदार कम्तिमा दुई जना र अर्ध दक्ष कामदार तीन जना।<br>एक जना मेकानिकल/अटोमोबाईल इन्जिनियर<br>(दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा नौ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्ध दक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रामाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।<br>(अर्ध दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ। ) |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायातमा बाधा पुग्न नहुने।<br>पर्याप्त मेशिन तथा औजारहरू भएको।<br>शिक्षण संस्था तथा अस्पतालबाट कम्तीमा २०० मिटर टाढा भएको हुनुपर्ने।<br>वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहोर व्यवस्थापन हुनुपर्ने।<br>खानेपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्ने ।<br>प्रदुषण लगायतका परीक्षण उपकरणहरू हुनुपर्ने ।<br>अग्नि नियन्त्रण (Fire Extinguisher) ( at least one or per 3500 sq. ft .floor area) पर्याप्त मात्रामा राख्नुपर्ने ।<br>प्राथमिक उपचारको सामान ( Frist Aid Box) भएको हुनुपर्ने ।<br>अन्य नियम कानूनले यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत । | | |
| वर्ग च | च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पार्टपूर्जा एसेम्बल गरी सवारी साधन तयार गर्ने कार्य | सडक सीमा (Right of Way) बाहिर हुनुपर्ने।<br>काठमाडौंको हकमा रिंगरोड बाहिर हुनुपर्ने।<br>पर्खाल वा तारवारले घेरिएको क्षेत्र (कम्पाउण्ड)<br>कम्तिमा ७ मीटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने। | Ratchet wrench<br>Various gauges<br>Files, Chisels, scrubbers, pliers, Punching<br>Drilling Machines<br>Grinding Machines<br>Welding Machines<br>Sawing machines<br>Hacksaw Handles and Blades<br>Motorized Guillotine Sheet Shearing Machine<br>Power operated Press Brake bending machine<br>Suspension type M.I.G. Welding system | दक्ष प्राविधिक कामदार कम्तिमा दुई जना र अर्ध दक्ष कामदार तीन जना ।<br>एक जना मेकानिकल/अटोमोबाईल ईन्जिनियर<br>(दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा नौ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कशप तथा कारखानामा अर्ध दक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।) |

| वर्कशपको वर्ग | मर्मत कायको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानिवय संसाधन |
|---|---|---|---|---|
| | | मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायातमा बाधा पुग्न नहुने।<br>पर्याप्त मेशिन तथा औजारहरु भएको।<br>शिक्षण संस्था तथा अस्पतालबाट कम्तीमा २०० मीटर टाढा भएको हुनुपर्ने।<br>वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनु पर्ने।<br>प्रदूषण लगायतका परीक्षण उपकरणहरु हुनुपर्ने।<br>खानेपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्ने ।<br>प्रदुषण लगायतका परीक्षण उपकरणहरू हुनुपर्ने ।<br>अग्नि नियन्त्रण (Fire Extinguisher) ( at least one or per 3500 sq. ft .floor area) पर्याप्त मात्रामा राख्नुपर्ने ।<br>अन्य नियम कानूनले यस सम्बन्धमा कुनै प्रावधान भएमा सो समेत । | Gas Welding set with all the Accessories<br>Arc welding machine<br>Air Compressor with painting equipment and accessories for painting<br>Different types of power/Air operated tools like Nut runner, drilling gun<br>Drilling Machine<br>Metal cutting band-saw for cutting Aluminum sections<br>Hoist chain pulley block crane and material handling trolley<br>Assembly Line<br>Dent paint facility<br>Testing Equipment<br>Portable digital paint thickness checking equipment<br>Small measuring tools<br>Chassis dynamometer | (अर्ध दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तिमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ । ) |

।

नोट १. सबै वर्गका कारखाना तथा वर्कसपहरू अनुसूची — २ को चेकलिष्ट अनुसार यातायात व्यवस्था कार्यालयका इन्जिनियरले नविकरण गर्नु पूर्व चेकजाँच गर्नुपर्नेछ ।

२. दिई पाङ्ग्रे वा तिन पाङ्ग्रे सवारी साधनहरूको एसेम्बल गर्ने सम्बन्धी मापदण्डकोहकमा अनुमति दिने कार्यालयको प्रा विधिकले उपयुक्त देखे बमोजिम हुनेछ ।

३.	यस मापदण्डमा उल्लेख भएका  equipment/Tools हरूको प्रकार तथा संख्या वर्कशपमा गरिने कामको प्रवृत्ति अनुसार थपघट हुनसक्ने छ । यसको उपयुक्तता र कारण प्राविधिक प्रतिवेदनमा समावेश हुनुपर्नेछ ।

# अनुसूची २

## (कारखाना तथा वर्कशप अनुगमन चेकलिष्ट)

## 1. INTRODUCTION

1. Inspections must be carried out frequently and recorded annually for high risk areas such as workshops. All members of staff will be encouraged to immediately report any defects.

2. It is not a requirement to use these forms; they are provided as a guide to the type of information that should be collected at an inspection. Sections of the forms can either be deleted if not relevant to a particular workplace or sections added to make the form more comprehensive to the particular inspection.

## 2. Factory/WORKSHOP INFORMATION

| | |
|---|---|
| Name of workshop/Category | |
| Address of the Workshop | |
| Name of Proprietor | |
| Date of Registration | |
| Registration No. | |

## 3. WORKSHOP INSPECTION PARAMETER

| S/N | Requirement | Response | | Action | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | no | | |
| | A. Layout | | | | |
| 1 | Floor and parking area as per rule | | | | |
| 2 | Floor area free of obstructions | | | | |
| 3 | Floor surface not slippery | | | | |
| 4 | Floor coverings in good condition | | | | |
| | B. Health and safety information | | | | |
| 5 | Is the health and safety law poster displayed in a prominent position? | | | | |
| 6 | Are no smoking signs displayed? | | | | |
| 7 | Are safe working method statements/warning signs | | | | |
| | C General Issues | | | | |
| 8 | Its floor space clear of debris/objects | | | | |
| 9 | Is the area tidy and well kept? | | | | |
| 10 | 1st Floor surface free from spillages, in good condition and not slippery | | | | |
| 11 | Are lighting levels satisfactory for safe working practices? | | | | |
| 12 | Is the plant/equipment located in an appropriate location within the workshop? | | | | |
| 13 | Is the ventilation adequate? | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 14 | Is the temperature comfortable? | | | | |
| 15 | Are welfare facilities including wash hand basins clean and accessible? | | | | |
| 16 | Is waste stored effectively and removed frequently from thework areas? | | | | |
| 17 | Is equipment being stored correctly and not exceeding safe working loads for racking? | | | | |
| | D. Personal protective equipment | | | | |
| 18 | Is personal safety equipment like gloves, helmet, mask or safety goggles etc. stored safely and appropriately? | | | | |
| 19 | Is signage of personal protective equipment requirements displayed? | | | | |
| | E. Electrical safety | | | | |
| 20 | Are there any trailing cables, which could cause a person to trip and fall? | | | | |
| 21 | Has all portable electrical equipment been tested and labelledwith the date of the test? | | | | |
| 22 | Are there any apparent faults with any electrical equipment, including damage to cables, plugs and sockets? | | | | |
| 23 | Are extension leads etc. only used for low power equipment? | | | | |
| | F. Manual handling | | | | |
| 24 | Has manual handling been eliminated where possible or minimized so far as are reasonably practicable e. g. mechanical lifting aids – trolleys etc? | | | | |
| 25 | Are trolleys maintained? | | | | |
| 26 | Are items stored sensibly with easy access, i.e. heavy items used frequently stored on waist level shelves and heavy items used infrequently stored at low level? | | | | |
| 27 | Are steps provided for reaching heights properly designed and maintained? | | | | |
| 28 | Are all fire exit and escape routes, fire alarm points and items of firefighting Equipment clearly visible, unobstructed and appropriately indicated? | | | | |
| 29 | Are all fire escapes kept closed when not in use and never wedged Open (except when on catches activated by the fire alarm system)? | | | | |
| 30 | Are sufficient up to date fire action notices prominently displayed Throughout the area? | | | | |
| 31 | Is there excessive storage of flammable materials? | | | | |
| 32 | Are there any exposed ignition sources? | | | | |
| 33 | Is there a first aid box readily available? | | | | |
| 34 | Are sufficient up to date first-aid notices displayed Prominently through the workplace? | | | | |
| 35 | Eye wash easily accessible where necessary? | | | | |
| 36 | Is there a trained first aider available? | | | | |
| | H. Hand Tools and Equipment | | | | |
| 37 | Are machines adequately guarded/protected to prevent contact, Entanglement etc? | | | | |
| 38 | Is the equipment maintained in a good condition? | | | | |
| 39 | Is the equipment stored correctly? | | | | |
| 40 | Are emergency stops working? | | | | |
| 41 | Are tools & equipment are in sound and good working condition? | | | | |
| 42 | Are hand tools such as chisels & punches, which became mushroomed heads during use, are reconditioned or replaced as necessary? | | | | |
| 43 | Are broken or fractured tools & equipment are replaced promptly? | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 44 | Are worn or bent wrenches are replaced? | | | | |
| 45 | Are ear, eye and face protection are used at work to protect workers from noise & flying materials? | | | | |
| 46 | Is there warning signs/signage on equipment? | | | | |
| 47 | Are maintenance log being completed by staff, including vehicle checks? | | | | |
| 48 | Are the keys to vehicles/equipment being securely held? | | | | |
| | I. Chemical safety | | | | |
| 49 | Is the safety information available for all chemicals? | | | | |
| 50 | Is the safety information available for all chemicals? | | | | |
| 51 | Are chemicals labeled appropriately? | | | | |
| 52 | Are chemicals stored correctly? | | | | |
| 53 | Are flammables and corrosives stored in appropriate containers? | | | | |
| 54 | Are flammable liquid cabinets at least 3m away from any potential ignition sources? | | | | |
| 55 | Are there approved methods of chemical disposal? | | | | |
| 56 | Are gas cylinders stored correctly? | | | | |
| 57 | Are fuel/lubricants stores adequately stored and signed? | | | | |

## 4. OVERALL RECOMMENDATION AND REMARKS (IF ANY)

| |
|---|
| General Comment:<br>1…………………………………………………………………………………………………<br>2…………………………………………………………………………………………………<br>3…………………………………………………………………………………………………<br>4………………………………………………………………………………………………….. |
| Specific Comment:<br>1…………………………………………………………………………………………………<br>2………………………………………………………………………………………………….. |

Name of the Inspector:
Designation:
Date:
Name of Office:

## अनुसूची ३

### (प्राविधिक प्रतिवेदनको ढाँचा)

यो प्रतिवेदन दर्तावाला ईन्जिनियरले तयार गरेको हुनुपर्नेछ । कारखाना तथा वर्कशप दर्तागर्नका लागि पेश गर्नु पर्ने प्राविधिक प्रतिवेदनमा निम्न अनुसारको विवरण खुलाई तयार पार्नु पर्नेछ ।

१. कारखाना तथा वर्कशपको नामः

२. दर्ता गर्नु पर्ने कारखाना तथा वर्कशपको वर्गीकरणः

३. Registered engineer shall prepare the technical report as per the table below:-

| S/N (1) | Description required standard (2) | Criteria/standard (3) | Yes (4) | No (5) | Remarks (6) |
|---|---|---|---|---|---|

Explanation:

- Column (2) and column (3): This column shall contain all the requirements as per the standard on physical infrastructure, available land approach road equipment/tools human resources as mentioned in the Annex-1 (अनुसूची-१) .
- Column (4) and Column (5): These columns shall contain compliance or non-compliance of the requirementsmentioned in column (2) and column (3).
- Column (6): This column shall contain the technical justification of requirement if any.

४. Overall recommendations and remarks:

| General recommendations: |
|---|
| (क) सिफारिश गरिएको कारखाना तथा वर्कशपः ——————. <br> (ख) भौतिक पूर्वाधार, Equipment/Tools र मानवीय संसाधन सम्बन्धि भएको केफियत अनुसारको निष्कर्ष ................... |
| Specific recommendations: <br> आज मिति .................................... गते तयार पारिएको यो प्राविधिक प्रतिवेदन कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित सम्पूर्ण भौतिक पूर्वाधार, Equipment/Tools र मानवीय संसाधन सम्बन्धी मापदण्डहरु सारभूत रुपमा पूरा भएकोले यो ......................................... वर्कशप/कारखाना .................. वर्गमा दर्ता गर्नका लागि सिफारिश गर्दछु । |

हस्ताक्षरः ...........................

नामः .................................

दर्ता नं. .............................

(मेरो नेपाल ईन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्र यसै साथ संलग्न राखेको छु ।)

# ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१

स्वीकृत मिति : २०८१।१२।१४

पहिलो संशोधन मितिः २०८२।०१।३०

**प्रस्तावना :** आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा ट्याक्सी (यात्रुवाहक साना सवारी) को व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

(३) नयाँ ट्याक्सीको रुपमा दर्जाहरु हुने वा पुराना ट्याक्सीको सट्टामा दर्ता हुने सवारी र यो मापदण्ड लागू हुनुभन्दा अघि नै ट्याक्सीको रुपमा सञ्चालनमा रहेका सवारीमा यसै मापदण्ड बमोजिमका व्यवस्थाहरु लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अधिकार प्राप्त निकाय" भन्नाले सवारीको भाडा निर्धारण गर्नका लागि संघीय, प्रादेशिक वा स्थानीय कानून बमोजिम अधिकार प्राप्त निकाय सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्छ।

(ग) "जाँचपास" भन्नाले ऐन तथा नियमावली बमोजिम गरिने सवारीको यान्त्रिक स्थितिको परीक्षण सम्झनु पर्छ।

(घ) "ट्याक्सी" भन्नाले ऐनमा उल्लेख भए बमोजिमको सार्वजनिक यातायातमा प्रयोग हुने यात्रुवाहक सानो सवारी सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभाग सम्झनु पर्छ ।

(ज) "सवारी दर्ता गर्ने कार्यालय" भन्नाले सवारी दर्ताको काम गर्ने प्रदेश सरकार अन्तर्गतको यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>ट्याक्सीको वर्गीकरण र दर्ता सम्बन्धी व्यवस्था</u>

३. **ट्याक्सीको नम्बर प्लेट तथा छतमा लगाइने रङ्ग :** प्रत्येक ट्याक्सीमा इम्बोस्ड नम्बर प्लेट जडान गरिएको हुनु पर्नेछ र ट्याक्सीको छतमा पहेंलो रङ्ग लगाइएको हुनु पर्नेछ ।

४. **न्यूनतम सुरक्षा विशेषता** : ट्याक्सीमा अनुसूची-१ बमोजिमका न्यूनतम सुरक्षा विशेषताहरु अनिवार्य रुपमा हुनु पर्नेछ ।

५. **ट्याक्सीको वर्गीकरण :** आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा ट्याक्सीहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) साधारण (Ordinary) : अनुसूची-२ बमोजिमका सवारी,

(ख) विशेष (Deluxe) : अनुसूची-३ बमोजिमका सवारी,

(ग) विशिष्ट (Luxury) : अनुसूची-४ बमोजिमका सवारी।

*स्पष्टीकरण : हाल सञ्चालनमा रहेका साधारण वर्गमा पर्ने ट्याक्सीको हकमा अनुसूची-२ को व्यवस्थाले बाधा पुगेको मानिने छैन।*

६. **<u>वर्ग कायम गर्नु पर्ने :</u>** (१) नेपालमा पैठारी, उत्पादन एसेम्बल वा रुपान्तरण भएको सवारीको कुनै मोडललाई ट्याक्सीको रुपमा दर्ता गराउन वा वर्ग कायम गराउन पैठारीकर्ता (आधिकारिक विक्रेता), उत्पादक, एसेम्बलीकर्ता वा रुपान्तरणकर्ताले अनुसूची-५ को ढाँचामा तोकिए बमोजिमका कागजात संलग्न गरि विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर अनुसूची-१, अनुसूची-२, अनुसूची-३ वा अनुसूची-४ का आधारमा आवश्यक जाँचबुझ गर्दा सवारीको मोडल यो मापदण्ड बमोजिम रहेको पाइएमा विभागले सवारी मोडलको वर्ग कायम गरी अनुसूची-६ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्ने क्रममा विभागले सवारीको भौतिक निरीक्षण तथा परीक्षण गर्न, गराउन तथा आवश्यक्ता अनुसार थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको वर्ग कायम गरिएको प्रमाणपत्र सवारीको मोडलमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन नगरेसम्म सोही मोडलका सबै सवारीहरुको लागि मान्य हुनेछ। सवारीको आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता भौतिक पक्षहरुमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन गरेमा परिवर्तित मोडलको वर्ग कायमका लागि उपदफा (१) बमोजिम विभागमा निवेदन दिनु पर्नेछ। (*पहिलो संशोधनद्वारा झिकिएको।)

७. **<u>ट्याक्सीको निरीक्षण तथा दर्ता :</u>** (१) सवारी दर्ता गर्ने कार्यालयले दफा ६ को उपदफा (२) बमोजिम वर्ग कायम प्रमाणपत्र प्राप्त मोडलको सवारीलाई मात्र ट्याक्सीको रुपमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ट्याक्सी दर्ता गर्दा सवारी दर्ता गर्ने कार्यालयले सवारी दर्ता प्रमाणपत्रमा ट्याक्सीको वर्ग उल्लेख गर्नु पर्नेछ ।

(३) सवारी दर्ता गर्ने कार्यालयले ट्याक्सीको दर्ता गर्दा, जाँचपास वा सोको नवीकरण गर्दा यस मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा अनुसूची-७ को व्यवस्था बमोजिम निरीक्षण गर्नु पर्नेछ ।

८. **वर्ग सम्बन्धी सङ्केत चिन्ह :** प्रत्येक ट्याक्सीमा अनुसूची-८ मा तोकिए बमोजिमको वर्ग खुलेको सङ्केत चिन्ह टाँस्नु पर्नेछ ।

९. **छतमा राखिने सङ्केत बत्ती** : प्रत्येक ट्याक्सीको छतमा अगाडि र पछाडिबाट देखिने गरी अनुसूची-९ बमोजिमको उपलब्धता सूचक सङ्केत बत्ती राख्नु पर्नेछ।

१०. **सहायक उपकरणहरु जडान भएको हुनुपर्ने :** प्रत्येक ट्याक्सीमा अनुसूची-१० बमोजिमको सहायक उपकरणहरु अनिवार्य रुपमा जडान भएको हुनु पर्नेछ ।

११. **चालक तथा सवारीको विवरण :** प्रत्येक ट्याक्सीभित्र अनुसूची-११ बमोजिमको ढाँचामा यात्रुले देख्ने गरी चालक तथा सवारीको विवरण टाँस वा डिस्प्ले गरी राख्नु पर्नेछ ।

१२. **चालकको ड्रेस कोड :** प्रत्येक ट्याक्सी चालकले ट्याक्सी चलाउँदा अनुसूची-१२ बमोजिमको रेफ्लेक्टिभ ज्याकेट लगाएको हुनु पर्नेछ ।

१३. **ट्याक्सीको भाडा दर :**

(१) साधारण वर्गको ट्याक्सीको अधिकतम भाडादर अधिकार प्राप्त निकायले तोके बमोजिम हुनेछ

(२) विशेष वर्गको ट्याक्सीको अधिकतम भाडा दर साधारण वर्गको ट्याक्सीको भन्दा बीस प्रतिशतसम्म बढी हुन सक्नेछ ।

(३) विशिष्ट वर्गको ट्याक्सीको अधिकतम भाडा दर साधारण वर्गको ट्याक्सीको भन्दा सय प्रतिशतसम्म बढी हुन सक्नेछ ।

१४. **सञ्चालनमा रहेका ट्याक्सीको वर्ग कायम गर्न सकिने :**

(१) यो मापदण्ड लागू हुनु भन्दा अघि नै दर्ता भई ट्याक्सीको रुपमा सञ्चालनमा रहेको सवारीलाई विशेष वा विशिष्ट वर्गमा कायम गराउन चाहने सवारी धनीले सवारी दर्ता गर्ने कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गरी अनुसूची-३ वा अनुसूची-४ मा तोकिएको विशेषता तथा सुविधा भएको सवारीलाई अनुसूची-७ बमोजिम निरीक्षण गरी सवारी दर्ता गर्ने कार्यालयले विशेष वा विशिष्ट वर्गको ट्याक्सीको रुपमा सवारी दर्ता प्रमाणपत्रमा वर्ग उल्लेख गरिदिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम सुरक्षा विशेषता नभएका ट्याक्सीलाई विशेष तथा विशिष्ट वर्ग कायम गर्न सकिने छैन।

(४) यो मापदण्ड लागू हुनु भन्दा अघि नै दर्ता भई ट्याक्सीको रुपमा सञ्चालनमा रहेको सवारी उपदफा बमोजिम विशेष वा विशिष्ट वर्गमा कायम भएको अवस्थामा बाहेक स्वतः साधारण वर्गमा कायम भएको मानिनेछ ।

१५. **सञ्चालनमा रहेका ट्याक्सीको हकमा समेत लागू हुने :**

(१) यो मापदण्ड लागू हुनु भन्दा पहिले नै दर्ता भई सञ्चालनमा रहेको ट्याक्सीको हकमा समेत यो मापदण्ड लागू भएको ६ महिना भित्र सम्बन्धित सवारी धनीले दफा ९, १०, ११ र १२ मा रहेका व्यवस्थाहरुको पालना गरीसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था पालना नभएको ट्याक्सीको लागि सवारी दर्ता गर्ने कार्यालय वा अन्य अधिकार प्राप्त कार्यालयबाट जाँचपास प्रमाणपत्र तथा बाटो इजाजतपत्र जारी वा नवीकरण हुने छैन।

## परिच्छेद-३

## विविध

*१६. **मापदण्डमा संशोधन :**

(१) मन्त्रालयले आवश्यक्तानुसार यस मापदण्डमा संशोधन गर्न सक्नेछ ।

(२) यस मापदण्डमा लेखिएको कुनै कुरा ऐन तथा नियमावलीमा भएको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

*१७. **अनुसूचीमा हेरफेर :** मन्त्रालयले आवश्यक्तानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१८. **खारेजी र बचाउ :**

(१) मिटर जडित ट्याक्सीको मापदण्ड, २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड अन्तर्गत भए गरेका काम कारवाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

***(दफा ४ संग सम्बन्धित)***

<u>ट्याक्सीमा हुनुपर्ने न्यूनतम सुरक्षा विशेषताहरु</u>

(क) Anti-Lock Braking System (ABS) with Electronic Brake Force Distribution (EBD)

(ख) Driver and Co-Driver Air Bags (At least two)

(ग) High Speed Alert System

(घ) Seat Belts for all Seats (Front and Rear)

(ङ) Driver and Co-Driver Seat Belt Reminder

(च) Rear Parking Sensor or Rear View Camera

## अनुसूची-२

## (दफा ५ को खण्ड (क) संग सम्बन्धित)

साधारण ट्याक्सी (Ordinary Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण

| प्राविधिक पक्ष | आन्तरिक दहन इन्जिन जडित सवारी | विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल आधारित सवारी समेत) |
|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम / ब्याट्री अनुपात | १००० सि.सि. वा सो भन्दा माथि *(१.५% सम्म कम समेत समावेश हुने)* | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपातः ०.०१५ |
| अधिकतम इन्जिन वा मोटर शक्ति | - | ४० किलो वाट वा सो भन्दा माथि *(१.५% सम्म कम समेत समावेश हुने)** |
| अधिकतम इन्जिन वा मोटर टर्क | - | ६५ न्यूटन मिटर वा सो भन्दा माथि |
| व्हील बेस | - | २३०० मि.मि. वा सो भन्दा माथि |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) | - | १६० लिटर वा सो भन्दा माथि *(सबै सीट सिधा अवस्थामा राख्दा)* |

## अनुसूची-३

### *(दफा ५ को खण्ड (ख) संग सम्बन्धित)*

<u>विशेष ट्याक्सी (Deluxe Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण</u>

| प्राविधिक पक्ष | आन्तरिक दहन इन्जिन जडित सवारी | विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल आधारित सवारी समेत) |
|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम / ब्याट्री अनुपात | १२०० सि.सि. वा सो भन्दा माथि *(१.५% सम्म कम समेत समावेश हुने)* | ब्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपातः ०.०१९ |
| अधिकतम इन्जिन वा मोटर शक्ति | - | ५० किलोवाट वा सो भन्दा माथि *(१.५% सम्म कम समेत समावेश हुनेΛ踩* |
| अधिकतम इन्जिन वा मोटर टर्क | - | ८० न्यूटन मिटर वा सो भन्दा माथि |
| व्हील बेस | - | २५०० मि.मि. वा सो भन्दा माथि |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) | - | २०० लिटर वा सो भन्दा माथि *(सबै सीट सिधा अवस्थामा राख्दा)* |

अन्य सुविधाः

१. टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन कम्तीमा एक

२. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)

३. जाडो गर्मी सबै मौसमको लागि उपयुक्त हुने वातानुकुलन प्रणाली

नोट : सवारी निर्माता कम्पनी बाहेक अन्य पक्षले जडान गरेको डिस्प्ले समेत मान्य हुने।

## अनुसूची-४

**(दफा ५ को खण्ड (ग) संग सम्बन्धित)**

विशिष्ट ट्याक्सी (Luxury Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण

| प्राविधिक पक्ष | आन्तरिक दहन इन्जिन जडित सवारी | विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल आधारित सवारी समेत) | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम (१.५% सम्म कम समेत समावेश हुने) | २००० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपातः | ०.०२५ |
| अधिकतम इन्जिन वा मोटर शक्ति (१.५% सम्म कम समेत समावेश हुने) | - | १०० किलोवाट वा सो भन्दा माथि *(१.५% सम्म कम समेत समावेश हुने)** | |
| अधिकतम इन्जिन वा मोटर टर्क | - | १७० न्यूटन मिटर वा सो भन्दा माथि | |
| व्हील बेस | - | २७०० मि.मि. वा सो भन्दा माथि | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) *(सबै सीट सिधा अवस्थामा राख्दा)* | - | ४०० लिटर वा सो भन्दा माथि | |

अन्य सुविधा (विशिष्ट ट्याक्सी - थप विवरण) :

१. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)
२. जाडो गर्मी सबै मौसमको लागि उपयुक्त हुने हावाको गुणस्तर नियन्त्रण सहितको स्वचालित वातावरण नियन्त्रण क्षमताको वातानुकुलन प्रणाली
३. पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ
४. पछाडिको सीटमा शिर अडयाउने हेडरेष्ट
५. पछाडिको यात्रुको लागि हात अडयाउने आर्म रेष्ट हुनुपर्ने
६. अगाडि र पछाडि कप होल्डर हुनुपर्ने

| |
|---|
| ७. पछाडिको सीटका यात्रुका लागि समेत मोबाइल तथा अन्य विद्युतीय उपकरणहरु चार्ज गर्न डिसि वा एसी पावर आउटलेट<br>८. WIFI इन्टरनेट सुविधा<br>९. अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) कम्तीमा क्रमशः १००० मि.मि. र ९५० मि.मि. हुनुपर्ने (१% सम्म कम समेत समावेश हुने गरी)<br>१०. अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) कम्तीमा क्रमशः १०००० मि.मि. र ९०० मि.मि. हुनुपर्ने (१% सम्म कम समेत समावेश हुनेगरी) |
| |

*नोटः सवारी निर्माता कम्पनी बाहेक अन्य पक्षले जडान गरेको डिस्प्ले तथा WIFI इन्टरनेट सुविधा समेत मान्य हुने।*

**अनुसूची-५**

***(दफा ६ को उपदफा (१) संग सम्बन्धित)***

<u>सवारीको वर्ग कायम गराउन विभाग समक्ष दिइने निवेदनको ढाँचा</u>

| |
|---|
| हुलाक<br>टिकट |

श्रीमान महानिर्देशकज्यू,

यातायात व्यवस्था विभाग

विषयः ट्याक्सीको रुपमा प्रयोग गर्नका लागि सवारी-मोडलको वर्ग कायम गराई पाउँ।

(उत्पादक कम्पनी/एसेम्बलीकर्ता/रूपान्तरणकर्ताको नाम, ठेगाना) ले उत्पादन/एसेम्बली/रूपान्तरण गरेको निम्नानुसारको विवरण भएको सवारीको मोडललाई ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१ बमोजिम जाँचबुझ गरी ......................... (वर्गको प्रकार) वर्गमा कायम गरी पाउँ भनी (आधिकारिक विक्रेता/उत्पादक/एसेम्बलीकर्ता/रूपन्तरणकर्ता) को रुपमा सवारीको आधिकारिक स्पेसिफिकेसन म्यानुअल/ब्रोसर साथै राखी यो निवेदन पेश गरेका छौं।

सवारीको विवरणः

(क) उत्पादक/एसेम्बली कम्पनीको नाम, ठेगानाः

(ख) सवारीको मोडल/वर्षः

(ग) इन्धनः

(घ) सीट संख्याः

(ङ) व्हील बेसः

(च) सवारीको कूल भार (GVW):

(छ) इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम (IC Engine सवारीको हकमा):

(ज) ब्याट्रीमा संचित हुन सक्ने कुल उर्जा kWh मा (विद्युतीय सवारीको हकमा):

(झ) इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर, kW माः

(ञ) इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क, Nm माः

(ट) सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):

(ठ) सवारीमा रहेका सुरक्षा विशेषताः

| क्र.सं. | सुरक्षा विशेषता | भए/नभएको |
|---|---|---|
| १. | Anti-Lock Braking System (ABS) with Electronic Brake Force Distribution (EBD) | |
| २. | Driver and Co-Driver Air Bags (At least two) | |
| ३. | High Speed Alert System | |
| ४ | Seat Belts for all Seats (Front and Rear) | |
| ५. | Driver and Co-Driver Seat Belt Reminder | |
| ६. | Rear Parking Sensor or Rear View Camera | |

(ङ) सवारीमा रहेका सुविधाः

| क्र.सं. | सुविधाहरु | भएका सुविधाहरुको विवरण |
|---|---|---|
| १. | टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन | |
| २. | विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल | |
| ३. | वातानुकुलन प्रणाली | |
| ४. | पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ | |
| ५. | पछाडिको सीटमा शिर अड्याउने हेड रेष्ट | |
| ६. | पछाडिको यात्रुको लागि हाथ अड्याउने आर्मरष्ट | |
| ७. | अगाडि र पछाडि कप होल्डर | |
| ८. | पछाडिको डिसि वा एसी पावर आउटलेट | |

| | | |
|---|---|---|
| ९. | WIFI इन्टरनेट सुविधा | |
| १०. | अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) | |
| ११. | अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) | |

निवेदकको

नाम, थर :

ठेगाना :

दस्तखत :

मिति :

**अनुसूची-६**

***(दफा ६ को उपदफा (२) संग सम्बन्धित)***

<u>वर्ग कायम सम्बन्धी प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

प्रमाणपत्र नंः

आर्थिक वर्षः

**<u>ट्याक्सीको रुपमा प्रयोग हुने सवारीको वर्ग कायम गरिएको प्रमाणपत्र</u>**

(उत्पादक/एसेम्बलीकर्ता/रुपान्तरणकर्ता कम्पनीको नाम, ठेगाना) ले (वर्षमा) उत्पादन गरेको निम्नानुसारको विवरण भएको मोडल नामको सवारीलाई ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१ बमोजिम ......................... (वर्गको प्रकार) वर्गमा कायम गरी यो प्रमाणपत्र दिइएको छ।

सवारीको विवरणः

१. इन्धन :

२. सीट संख्या :

३. व्हील बेस :

४. सवारीको कूलभार (GVW) :

५. इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम (IC इन्जिन सवारीको) :

६. व्याट्रीमा संचित हुन सक्ने कूल उर्जा (विद्युतीय सवारीको) :

७. इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर :

८. इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क :

९. सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):

प्रमाणपत्र जारी गर्ने अधिकारीको

नाम, थर :

पद :

मिति :

दस्तखतः

*(यो प्रमाणपत्र उत्पादक वा एसेम्बलीकर्तालि सवारीको यस मोडलमा आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता पक्षहरुमा कुनै परिवर्तन नगरेसम्म यस मोडलका सबै सवारीहरुका लागि मान्य हुनेछ ।)*

## अनुसूची-७

## (दफा ७ को उपदफा (३) संग सम्बन्धित)

<u>सवारी दर्ता गर्ने कार्यालयले गर्ने निरीक्षणको सूची</u>

| क्र.सं. | निरीक्षणको विषय | देखिएको विवरण |
|---|---|---|
| १. | सवारीको मोडल/वर्ष | |
| २. | उत्पादक/एसेम्बलरको नाम, ठेगाना | |
| ३. | मोडलका लागि विभागबाट जारी भएको प्रमाणपत्र नं र मिति | |
| ४. | कायम भएको वर्ग | |
| ५. | विभागबाट कायम भएको वर्ग अनुसारका विशेषता सवारीमा भए/नभएको | |
| ६. | छतमा पँहेलो रङ्ग प्रयोग भए/नभएको | |
| ७. | वर्ग अनुसारको सङ्केत चिन्ह प्रयोग भए/नभएको | |
| ८. | छतमा मापदण्ड अनुसारको सङ्केत बत्ती जडान भए/नभएको | |
| ९. | प्रिन्टर सहितको डिजिटल भाडा मिटर जडान भए/नभएको | |
| १०. | डिस्पले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली जडान भए/नभएको | |
| ११. | सवारीको जाँचपास भए/नभएको : | |
| १२. | सवारीको समग्र भौतिक अवस्था ठीक भए/नभएको: | |
| १३. | इन्जिन नम्बरः | |
| १४. | च्यासिस नम्बरः | |

उपरोक्तानुसारको सवारी ट्याक्सीको रुपमा दर्ता गर्न उपयुक्त भए/नभएको बारे प्राविधिक कर्मचारीको रायः

निरीक्षण गर्ने प्राविधिक कर्मचारीको
निरीक्षण गर्ने कर्मचारीको
नाम, थर :
पद :
दस्तखत :

## अनुसूची-८

***(दफा ८ संग सम्बन्धित)***

<u>ट्याक्सीमा राखिने वर्ग खुल्ने सङ्केत चिन्हहरु</u>

साधारण (Ordinary), विशेष (Deluxe) वा विशिष्ट (Luxury) वर्गका ट्याक्सीहरुमा ८० x ८० मि.मि. को वर्गाकार पारदर्शी प्लाष्टिकभित्र रातो रङ्गमा कम्तीमा ६० मि.मि. उचाई र ८ मि.मि. मोटाईका अंग्रेजी अक्षरहरु क्रमशः "O", "D" वा "Y" लेखिएका स्टिकर टाँस्नु पर्नेछ ।

प्रत्येक ट्याक्सीमा निम्नानुसारका चार स्थानमा सवारीको वर्ग खुल्ने सङ्केत चिन्ह भएको स्टिकर टाँस्नु पर्नेछः

१. अगाडिको सिसाको चालक तर्फको माथिल्लो कुना

२. पछाडि पट्टिको दायाँ र बायाँ ढोकामा

३. पछाडिको सिसाको बायाँ तर्फको तल्लो कुनामा










विशिष्ट (Luxury) ट्याक्सीको संकेत चिन्ह

## अनुसूची-९

## (दफा ९ संग सम्बन्धित)

<u>ट्याक्सीको छतमा राखिने सङ्केत बत्ति</u>

280-320




(Rooftop Indicator Lamp Box)

(लम्बाईः २८०-३२०, चौढाईः ८०-१०० र उचाईः ९०-१०, अक्षरको उचाई कम्तीमा ६०) समेत राख्न सकिनेछ । बत्तिमा लेखिएको अंग्रेजी "TAXI" शब्द अगाडि र पछाडि दुवैतर्फबाट प्रष्ट देखिने हुनु पर्दछ ।




सवारी खाली हुँदा बल्ने हरियो सङ्केत बत्ती



सवारी खाली नहुँदा बल्ने रातो सङ्केत बत्ती




सवारी सेवामा नहुँदा (Off Duty) बल्ने सेतो सङ्केत बत्ती

## अनुसूची-१०

## (दफा १० संग सम्बन्धित)

<u>ट्याक्सीमा हुनुपर्ने अनिवार्य सहायक उपकरणहरु</u>

१. प्रिन्टर सहितको डिजिटल भाडा मिटर

२. डिस्प्ले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली

*नोटः माथि उल्लिखित डिजिटल भाडा मिटर र न्याभिगेसन प्रणाली सवारी उत्पादक कम्पनी बाहेक अन्य पक्षबाट समेत जडान हुन सक्नेछ ।*

## अनुसूची-१२
(दफा १२ संग सम्बन्धित)

टयाक्सीको चालकको ड्रेस कोड



नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

# मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन सहित)

पहिलो संशोधन तथा परिमार्जनः २०७८ (मितिः २०७८/०८/१९)

स्वीकृत मितिः २०७४/१२/१६

स्थानः काठमाडौं

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९९, ११६, ११७, १५३ को (क) (ग) र (च), १६० को २ (क) र १६४ को १ (ण), ५ र ६ एवं सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १६ का प्रावधानहरु कार्यान्वयन गर्न मालवाहक सवारी साधनहरुको वजनको निर्धारण र नियमन गरी सडक संरचनाको संरक्षण तथा यातायात व्यवस्थापनमा पर्ने असरहरुलाई न्यूनीकरण गर्ने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागद्वारा "मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४" जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४" रहेको छ।

२) यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्छ।

(ख) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्छ।

(ग) "विभाग" भन्नाले यातायात व्यवस्था विभागलाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था विभाग अन्तर्गतका सवारी परिक्षण कार्यालय सम्झनुपर्छ। *(पहिलो संशोधन)*

(ङ) "तौलपुल" भन्नाले मालवाहक सवारी साधनको कूल वजन जोख्ने प्रयोजनको लागि सडक किनारामा स्थापना गरिएको उपकरण वा यन्त्र सहितको संरचनालाई सम्झनुपर्छ।

(च) “एक्सल लोड” भन्नाले सवारी साधनको कुनै एउटा एक्सलको वजनलाई सम्झनुपर्दछ।

(छ) "पोर्टेवल (Portable) एक्सल लोड मापन उपकरण" भन्नाले मालवाहक सवारी साधनको भारवहन नियमन प्रयोजनका लागि आवश्यकता अनुसार स्थलगत रुपमा एक्सल लोड मापन गर्नका लागि प्रयोग हुने यन्त्रलाई सम्झनुपर्दछ।

(ज) "मालवाहक सवारी" भन्नाले ट्रक, मिनि ट्रक, टिपर, मिनि टिपर, ट्रेलर, सेमी ट्रेलर, टिप ट्रेलर, ट्र्याक्टर लगायतका मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सवारी सम्झनुपर्छ।

(झ) "भारवहन क्षमता" भन्नाले मालवाहक सवारीका लागि यस निर्देशिकाले अनुसूची-१ मा तोकेको कूल वजनलाई सम्झनुपर्छ। *(पहिलो संशोधन)*

(ञ) "लोडसिट" भन्नाले मालवाहक सवारीमा रहेको सबै माल सामान, सवारीका चालक, सहचालक लगायत सवारीमा सवार सबै व्यक्ति, सवारीमा रहेका मेशिनरी, औजार तथा स्पेयर पार्टस इन्धन ट्याङ्कीमा रहेको इन्धन सहितको सवारीको कूल वजन प्रमाणित हुने सम्बन्धित सरकारी निकाय वा कानून बमोजिम गठन भएका संगठित निकाय वा तौलपुल सञ्चालन अनुमति प्राप्त निजी क्षेत्रले सञ्चालन गरेको तौलपुलद्वारा प्रमाणित गरिएको तौलपुल उपकरणसंग आबद्ध कम्प्युटर प्रणालीबाट प्रिन्ट भएको पर्चालाई सम्झनुपर्छ। *(पहिलो संशोधन)*

(ट) “सम्बन्धित निकाय" भन्नाले सडक तथा यातायातका विषयमा नियमन गर्ने अधिकार सहित संघ, प्रदेश वा स्थानीय सरकार अन्तर्गत रहेका निकाय वा कानून बमोजिम त्यस्तो नियमन गर्न अधिकार प्राप्त संस्थालाई सम्झनुपर्छ। *(खण्ड ठ थप गरिएको)*

(ठ) “सडक” भन्नाले कसैको निजी भोगचलनमा नरहेको सार्वजनिक सडक सम्झनुपर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साइकल मार्ग र फुटपाथलाई समेत जनाउँछ। *(खण्ड ड थप गरिएको)*

**३. मालवाहक सवारीको तौलको निरीक्षण तथा अनुगमनः**

१) प्रत्येक मालवाहक सवारी साधन चालकले उक्त मालवाहक सवारीले बोकेको यात्री र सामान सहितको सवारीको कूल वजन खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिई मात्र सवारी साधन सञ्चालन गर्नुपर्नेछ। मालवाहक सवारीको अनुगमन गर्ने यातायात व्यवस्था विभाग वा विभाग अन्तर्गतका कार्यालय वा सम्बन्धित निकायले यस्तो प्रमाण समेतको आधारमा नियमन गर्न सक्नेछन्।

२)  भारवहन नियन्त्रण तथा अनुगमन गर्नका लागि सम्बद्ध निकायहरुले व्यक्ति वा फर्म वा कम्पनी वा संस्थाले स्थापना गरेका वा संचालन गरेका तौलपूलको उपयोग गर्न सक्नेछन्।

३)  अनुगमनको समयमा मालवाहक सवारीको चालकले देखाएको लोडसिटमा शंका लागेमा अनुगमन गर्ने कर्मचारी वा ट्राफिक प्रहरीले पुनः नजिकको तौलपूलको प्रयोग गरी कूल वजनको यकिन गर्न सक्नेछ।

४)  द्विपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय सम्झौता अनुरुपका मालबाहक सवारी साधनहरुद्वारा आयातित सामानहरुको ढुवानी गर्नका लागि भन्सार कार्यालय परिसरमा नै मालवाहक सवारीको भारवहन क्षमता अनुसार मिलान गरी मात्र ढुवानी गर्नु सम्बन्धित यातायात सेवा सञ्चालकको जिम्मेवारी हुनेछ।

५)  भारवहन नियमन गर्न पोर्टेवल एक्सललोड मापन उपकरणको समेत प्रयोग गरी समय समयमा अत्यधिक भारवहन नियन्त्रण तथा अनुगमन गरिने छ।

६)  मालवाहक सवारीले प्रस्थान बिन्दु नजिक, मध्य बिन्दु र गन्तब्य नजिकको तौलपुलमा अनिवार्य रुपमा तिन पटक तौल गराई लोडसिट साथमा राख्नु पर्नेछ। *(पहिलो संशोधन)*

## ४.  तौलपूल स्थापना तथा संचालन सम्बन्धी व्यवस्थाः

१)  भारवहन नियन्त्रण गर्नका लागि आवश्यकता अनुसार विभाग वा सम्बन्धित निकायले यस निर्देशिकामा तोकिए अनुसार सडकको किनारामा तौलपुलको स्थापना तथा सञ्चालन गर्न सक्नेछ। विभागबाट स्थापना भएका तौलपूलहरुको सञ्चालन विभाग वा विभागबाट सञ्चालन अनुमति प्राप्त व्यक्ति, संस्था, कम्पनी वा फर्मबाट यस निर्देशिकामा तोकिए बमोजिम हुनुपर्नेछ। *(पहिलो संशोधन)*

२)  मालवाहक सवारीको भारमापन प्रयोजनका लागि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सडकको किनारमा तौलपूल स्थापना तथा सञ्चालन गर्नका लागि यातायात व्यवस्था विभागबाट अनुमति लिनुपर्नेछ। विभागले अनुमति दिंदा देहाय अनुसारको विषयमा ध्यान दिने छः *(पहिलो संशोधन)*

क.  सवारीले यात्रा गर्ने दिशा तथा अन्य मूख्य वा सहायक सडक मिसिने बिन्दू समेतका आधारमा एकै सडक खण्डमा स्थापना हुने दुई तौलपुलबीच कायम हुनु पर्ने न्यूनतम दूरी।

ख.  तौलपुल स्थापना गर्न प्रस्ताव गरिएको सडक खण्डमा चल्ने वा चल्न सक्ने मालवाहक सवारीको संख्या।

ग.  तौलपुलले स्थानीय बजार वा वस्तीलाई पार्न सक्ने प्रभाव।

घ.  तौलपुल संरचना निर्माणका क्रममा सार्वजनिक सडक सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको पालना।

ङ. तौलपुल स्थापना गर्ने ठाउँको स्थानीय तहबाट प्राप्त इजाजत।

३) फर्म वा कम्पनी वा संस्थाले तौलपूल संचालन गर्नका लागि विभागमा अनुमति माग गर्दा निम्न अनुसारका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) कम्पनी वा उद्योग वा साझेदारी ऐन तथा निजी ऐन द्वारा उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि।

(ग) प्रयोग हुने जमीनको लालपूर्जा र भाडा संम्झौता सम्बन्धी कागजात।

**५. तौलपूलको गुणस्तर र व्यबस्थापनः**

१) कम्तिमा १२ चक्के मालवाहक सवारी साधनहरु सहज तरिकाले तौल गर्न सकिने र गुणस्तरीय तौलपूल जडान गरेको हुनु पर्नेछ। तौलपूलको प्रयोग गर्दा नेपाल गुणस्तर तथा नापतौल विभाग वा अधिकार प्राप्त निकायबाट प्रमाणित र आवधिक रुपमा नवीकरण गरिएको उपकरणको मात्र प्रयोग गरेको हुनुपर्नेछ। *(पहिलो संशोधन)*

२) संचालनमा ल्याईएको तौलपुल तोकिए बमोजिमको गुणस्तर नभएको वा व्यवस्थापन पक्षमा आवश्यक सुधारका लागि दिएको निर्देशन कार्यान्वयन नगरेमा यातायात व्यवस्था विभागले त्यस्तो तौलपूलको लोडसिटलाई मान्यता दिनेछैन।

**६. शुल्क र लोडसिट सम्बन्धी व्यबस्थाः**

१) दफा ४ को उपदफा (१) बमोजिम स्थापना भई सञ्चालन भएको तौलपुलमा मालबाहक सवारी तौल गरे वापत सवारीको प्रकार वा कूल वजन क्षमता अनुसार प्रति सवारी अधिकतम रू १०० (एक सय) सम्म मात्र शुल्क लिन सकिनेछ। *(पहिलो संशोधन)*

२) शुल्क सम्बन्धी कुनै विवाद भएमा विभागको निर्णय अन्तिम हुनेछ।

३) तौल सम्बन्धी विवरण खुल्ने गरी सम्बन्धित मालवाहक सवारी साधनको चालकलाई कूल वजनको तौल मापन गरेपछि तौलपुल संचालकले वा तोकिएको कर्मचारीले प्रमाणित गरी अनुसूची-२ मा उल्लेख गरिए अनुसारको लोडसिट दिनुपर्नेछ।

४) प्रकरण ६ (३) अनुसार पुनः चेक जांच गर्दा तौल फरक परेमा सम्बन्धित तौलपुल र चेकजांच गर्ने कर्मचारीलाई नियमानुसार कारवाही गरिने छ।

**७. तौलपुलहरुको अनुगमन सम्बन्धी व्यवस्थाः** सञ्चालित तौलपुलहरुको यस निर्देशिका बमोजिम अनुगमन गर्ने जिम्मेवारी विभाग, विभाग मातहतका कार्यालय वा विभागबाट सोको लागि अधिकार प्राप्त निकाय वा अधिकारीको हुनेछ। *(पहिलो संशोधन)*

८. **कर्मचारी खटाउन सकिनेः** विभागले प्रकरण ४ अनुसार संचालन भएका तौलपुलहरुमा विभाग वा सम्बन्धित यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरीलाई भारवहन नियमन गर्न खटाउन सक्नेछ।

९. **जरिवाना सम्बन्धी व्यवस्थाः** सडकमा सञ्चालन हुँदा दफा ९क को अधिकतम सीमा वा अनुसूची -१ मा उल्लिखित अधिकतम कूल वजन वा एक्जल लोड भन्दा बढी भारवहन गरेको मालवाहक सवारीलाई प्रचलित कानून अनुसारको जरिवाना गरी भार मिलाएर मात्र सवारी सञ्चालन गर्न दिइनेछ। *(पहिलो संशोधन)*

तर जरिवाना लगाउने अधिकार प्राप्त अधिकारीले भौगोलिक अवस्था, सामानको प्रकृति र सवारी साधनको तत्कालिन स्वरूप समेत विचार गरी अनुसूची-१ मा तोकिएको वजनको २.५% सम्मको अधिक वजन बोकेको मालवाहक सवारीलाई जरिवाना नगरी सवारी धनी वा चालकलाई सचेत मात्र गराई छोडिदिन सक्नेछ।

**(क) अधिकतम सीमा भन्दा बढी कुल वजन हुन नहुनेः** ***(दफा ९ क थप भएको)***

यस निर्देशिकाको अनुसूची १ बमोजिम कुनै मालवाहक सवारीको अधिकतम वजन जतिसुकै हुन आए पनि सडकमा सञ्चालन गर्दा मालवाहक सवारीको कुल वजन रिजिड ट्रकको हकमा अधिकतम ३५ टन र ट्रेलर वा सेमी ट्रेलरको हकमा अधिकतम ४९ टन भन्दा बढी हुनु हुँदैन।

**१०. बढी भार बोकेका सवारी साधनको सामान व्यवस्थापन सम्बन्धमाः**

१) तोकिएको भारवहन क्षमता भन्दा बढी भार बोकेको मालवाहक सवारीको धनीले दफा ९ अनुसारको जरिवाना बुझाउनुको अतिरिक्त बढी भएको वजन बराबरको मालसामान झारी सोको भण्डारण वा ढुवानीको व्यवस्था समेत मिलाउनुपर्नेछ। *(पहिलो संशोधन)*

२) भार छुट्टयाउन नसकिने/नमिल्ने सामानको कुलवजन तोकिएको भन्दा बढी भई ढुवानी गर्नु परेको अवस्थामा नजिकको यातायात व्यवस्था कार्यालयबाट पूर्व स्वीकृति लिएर मात्र ढुवानी गर्नुपर्नेछ।

(३) पूर्व स्वीकृति दिंदा तोकिए अनुसारको शुल्क असुल उपर गर्नुपर्नेछ।

**११. तौलपुल संचालकको कार्य सीमाः**

तौलपुलको प्रयोग मालवाहक सवारीसाधनको तौल लिने प्रयोजनका लागि मात्र हुनेछ।

**१२. तौलपूल संचालन सम्बन्धी विधिको पालनाः**

१) सडक सीमामा पर्ने गरी तौलपुल संरचना निर्माण गर्न प्रस्ताव गरिएको खण्डमा सार्वजनिक सडक सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको पालनाका लागि सडक विभाग वा मातहतको सम्बन्धित डिभिजन सडक कार्यालय र वन, वातावरण लगायत अन्य सरोकार पर्ने विषयका

हकमा तत्-तत् क्षेत्रका सम्बन्धित निकायबाट आवश्यक अनुमति लिनुपर्ने भए तौलपुल स्थापना गर्न चाहने पक्षले त्यस्तो अनुमति लिनुपर्नेछ। *(पहिलो संशोधन)*

२) तौलपुल संचालन गर्ने प्रयोजनका लागि सडक सीमा भित्र कुनै किसिमका ढाट वा तगारा राख्न पाइने छैन। तर तौलपुल व्यवस्थित गर्ने उद्देश्यले उपयुक्त स्थानमा राखिएको सूचना पाटी वा संकेत राख्न यस व्यवस्थाले बाधा पुग्ने छैन।

३) निर्दिष्ट स्थानमा राखिएको तौलपुल प्रयोग नगरी अघि बढ्ने मालवाहक सवारी साधनलाई ट्राफिक प्रहरीको सहयोगबाट अघि बढ्न नदिने गरी रोक्ने व्यवस्था गरिनेछ। त्यस्ता सवारी साधनले सोही तौलपूलको प्रयोग गर्नु पर्नेछ वा तौलपुल संचालक तथा ट्राफिक प्रहरीको सहमतिमा अघि आउने तौलपुलको प्रयोग गर्नसक्नेछ।

४) तौलपुलको संचालन चौबीसै घण्टा खुल्ला राख्नु पर्नेछ। प्रतीक्षासुची वा काबुबाहिरको परिस्थिति वाहेक १० मिनेट भित्रमा एउटा मालवाहक सवारी साधनको तौलको प्रक्रिया पुरा गरिसक्नुपर्नेछ।

५) तौलपुल सञ्चालकले मालबाहक सवारीहरुको भार नियमन सम्बन्धी सूचना तथा सन्देशमूलक बोर्डहरु तौलपुल वरिपरि प्रष्ट देखिने गरी राख्नुपर्नेछ र त्यस प्रकारका सूचना तथा सन्देशहरु समय समयमा संचार माध्यमबाट प्रचार प्रसार समेत गर्नुपर्नेछ। *(पहिलो संशोधन)*

**१३. भारवहन क्षमताः**

१) मालवाहक सवारी साधनले अधिकतम पछिल्लो प्रति एक्सल (चार पांग्रा) १०.२ मेट्रिक टनका दरले भार कायम राखी सडकमा संचालन गर्नुपर्नेछ।

२) मालवाहक सवारी साधनको अधिकतम कूल वजन वा भारवहन क्षमताको गणना, एक्सल तथा पांग्राहरुको संख्याको आधारमा अनुसूची-१ बमोजिम गर्नुपर्नेछ।

३) मालवाहक सवारी साधनको अगाडिको एक्सलको अधिकतम एक्सल लोड ६ मेट्रिक टन मानिनेछ।

४) दफा १३ को उपदफा (२) बमोजिमको तौलसंग तुलना गर्दा मालवाहक सवारीमा रहेको सबै मालसामान, सवारीका चालक, सहचालक लगायत सवारीमा सवार सबै व्यक्ति सवारीमा रहेका मेशिनरी, औजार तथा स्पेयर पार्टस इन्धन ट्याङ्कीमा रहेको इन्धन सहितको सवारीको कूल वजनलाई गणना गरिनेछ। *(पहिलो संशोधन)*

५) निर्माण सामाग्रीहरु (माटो, ढुंगा, रोडा, बालुवा) बोक्ने टिप्पर लगायतका मालवाहक सवारीको हकमा तौलपुल उपलब्ध नभएका सडक रुटमा छड्के अनुगमन प्रयोजनका लागि निम्नानुसारको सुत्र प्रयोग गरी कुल वजन निकाल्न सकिनेछः *(दफा १३ को ५ थप भएको)*

{मालवाहक सवारीको कुल वजन = सवारीको खाली वजन + सवारीमा राखिएको सामाग्रीको आयतन* सामाग्रीको घनत्व)

स्पष्टीकरणः मालवाहक सवारीको खाली वजन निर्माता कम्पनीले तयार पारेको बडीको हकमा कम्पनीले घोषणा गरे बमोजिम र निर्माता कम्पनी बाहेक अन्य पक्षले तयार पारेको बडीको हकमा सवारी दर्ता गर्ने सम्बन्धित यातायात व्यवस्था कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

सवारीको मालसामान राख्ने बक्सको ज्यामिति अनुसार सुत्र प्रयोग गरी सवारीले बोकेको सामाग्रीको आयतनको हिसाब गर्नु पर्नेछ।

अनुगमन प्रयोजनका लागि निर्माण सामाग्रीहरुको सन्दर्भ घनत्व अनुसूची ३ बमोजिम हुनेछ।

(६) (क) उपदफा (५) बमोजिमको अनुगमनको क्रममा कुनै मालवाहक सवारीको कुल वजन अनुसूची १ मा तोकिए अनुसार भन्दा बढी पाइएमा त्यस्तो सवारी धनीले दफा ९ बमोजिमको जरिवाना बुझाई बढी हुने आयतन बराबरको निर्माण सामाग्री दफा १० को उपदफा (१) बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

७) बिशेष परिस्थितिमा पेट्रोलियम पदार्थ तथा ग्यासबुलेटहरुलाई तौलपूलको प्रयोग नगरी सामग्री ढुवानी गर्न गराउन सकिनेछ। तर त्यस्ता ट्यांकर तथा बुलेटहरुलाई अनुगमन प्रयोजनका लागि सम्बन्धित निकायले जारी गरेको बिल-बिजक आवश्यक पर्नेछ।

१३. (क) सवारी दर्ता प्रमाणपत्रमा वजन सम्बन्धी विवरण उल्लेख गर्नु पर्नेः *(दफा १३ क थप भएको)*

(१) मालवाहक सवारीको सवारी दर्ता प्रमाणपत्रमा कूल वजन उल्लेख गर्दा सम्बन्धित कार्यालयले सवारी उत्पादक कम्पनीले तोकेको कूल वजन (Gross Vehicle Weight) उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कुनै मालवाहक सवारीको उत्पादक कम्पनीले तोकेको कूल वजन अनुसूची १ मा तोकिएको अधिकतम एक्जल भार अनुसार हुन आउने कूल वजन भन्दा बढी भएमा सम्बन्धित कार्यालयले अनुसूची १ अनुसार हुन आउने कूल वजन भन्दा नबढ्ने गरी त्यस्तो सवारी सडकमा सञ्चालन गर्दा कायम हुनु पर्ने कूल वजन सवारी दर्ता प्रमाणपत्रको कुनै पानामा प्रष्टसंग बुझिने गरी जनाउनु पर्नेछ।

(३) योदफा लागू हुन पूर्व दर्ता भइसकेका मालवाहक सवारीको नियमित जाँचपासको क्रममा उपदफा (२) बमोजिमको अवस्था रहेको देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो सवारीको दर्ता प्रमाणपत्रको कुनै पानामा अनुसूची (१) मा तोकिए भन्दा बढी नहुने गरी सडकमा सञ्चालन गर्दा कायम हुनु पर्ने कूल वजन उल्लेख गर्नु पर्नेछ।

(४) मालवाहक सवारीको दर्ता प्रमाणपत्रमा वजन क्षमता (payload) उल्लेख गर्दा उत्पादक कम्पनीले बडी समेत तयार गरेको सवारीको हकमा मात्र अनुसूची १ अनुसार हुने सवारीको कूल वजन (Gross Vehicle Weight) बाट उत्पादकले निर्धारण गरे अनुसारको कर्ब वजन

(Kerb Weight) घटाउँदा हुन आउने वजन उल्लेख गर्नु पर्नेछ। उत्पादक कम्पनीले च्यासिस मात्र बनाई तेस्रो पक्षले बडी निर्माण गरेको मालवाहक सवारीको हकमा स्वीकृतिप्राप्त तौलपुलमा Kerb Weight मापन गर्न लगाई मात्र कार्यालयले त्यस्तो सवारीको वजन क्षमता (payload) उल्लेख गर्न सक्नेछ। Payload खुलाउँदा कार्यालयले सवारीको Kerb Weight समेत खुलाउनु पर्नेछ।

**१४. बिबिधः**

१) यस निर्देशिकामा उल्लिखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागको सिफारिशमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्ने छ।

२) यो निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा त्यसको ब्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार विभागलाई हुनेछ।

३) तौलपूल संचालन सम्बन्धमा विभागले दिएको निर्देशन सम्बन्धित निकायहरुले पालना गर्नु पर्नेछ।

४) यस निर्देशिकामा नसमेटिएको अन्य बिषयहरुमा प्रचलित ऐन, नियम प्रतिकूल नहुने गरी विभागले दिएको निर्देशन बमोजिम हुनेछ।

५) यो निर्देशिका अन्य कुनै प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन।

**१५. खारेजी र बचाउः**[२०१]

१) मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ जारी भएसँगै मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७१ खारेज गरिएको छ।

२) मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७१ अनुसार भएगरेका कामकारवाही यसै निर्देशिका बमोजिम भएगरे सरह मानिने छ।

---

[1] *(दफा १५ थप)*

## अनुसूची-१

## (मालवाहक सवारी साधनको कुल वजन/भारवहन क्षमता)

| सि.नं. | सवारीको प्रकार | अधिकतम एक्सल भार (टन) | अधिकतम सवारीको कूल वजन (टन) |
|---|---|---|---|
| १ | दुई एक्सल (चार पांग्रा) | | १२.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (२ पांग्रा) | ६.० | |
| २ | दुई एक्सल (छ पांग्रा) | | १६.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (४ पांग्रा) | १०.२ | |
| ३ | तीन एक्सल ट्रक | | २५.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (आठ पांग्राः Tandem) | १९.० | |
| ४ | चार एक्सल ट्रक (१२ पांग्रा) | | ३१.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | लिफ्ट एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (८ पांग्रा - Tandem) | १९.० | |
| ५ | चार एक्सल (१४ पांग्रा) | | ३०.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडीका (३ एक्सल ट्राईडेमः १२ पांग्रा) | २४.० | |
| | पाँच एक्सल (१८ पांग्रा) | | ४०.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | ६.० |
| | बिचको एक्सल (४ पांग्रा) | १०.२ | १०.२ |
| | पछाडीका (३ एक्सल ट्राईडेमः १२ पांग्रा) | २४.० | २४.० |

नोटः सवारीले बोक्न पाउने अधिकतम कुल वजन निम्न अनुसारको एक्सल लोडको योगफल हुने छः-

१. सवारीको अगाडिको वा अन्य दुई पांग्रा जोड्ने एक्सलः ६ टन

२. एकल एक्सल (यदि नजिकको अर्ने एक्सल २.५ मिटर भन्दा टाढा भएमा): १०.२ टन

३. Tandem एक्सलः १९ टन

४. Tridem एक्सलः २४ टन

# अनुसूची - २

## (लोडसिटको नमुना)

| | संस्थाको नाम |
|---|---|
| मिति | स्थान------------------------------------<br><br>सडकको नाम----------------------------- |
| तौल गरेको समयः | |
| सवारीको दर्ता नं. | |
| सवारीको कूल वजनः | |
| कर्मचारीको नामः | |
| कर्मचारीको हस्ताक्षरः | |

## अनुसूची ३

## छड्के अनुगमन प्रयोजनका लागि निर्माण सामाग्रीहरुको सन्दर्भ घनत्वः

| क्र.स. | सामाग्री | घनत्व (केजी/घन मिटर) | कैफियत |
|---|---|---|---|
| १ | माटो (सुख्खा) | १६०० | दफा १३ को उपदफा ५ को संशोधित व्यवस्था अनुसार कायम गरिएको |
| २ | माटो (भिजेको) | १८०० | |
| ३ | ढुङ्गा | २२०० | |
| ४ | खुकुलो बालुवा | १४४२ | |
| ५ | सुख्खा बालुवा | १६०२ | |
| ६ | खाँदिएको बालुवा | १६८२ | |
| ७ | भिजेको बालुवा | २००० | |
| ८ | रोडा १० मिमि | १७५० | |
| ९ | रोडा १२ मिमि | १६०० | |
| १० | रोडा २० मिमि | १४५० | |
| ११ | रोडा ४० मिमि | १२०० | |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

# सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७

(वर्ग 'क' ('A') - मोटरसाइकल/स्कुटर/मोपेड र वर्ग 'ख' ('B') - कार/जिप/डेलिभरी भ्यानका लागि)

स्वीकृत मितिः २०७७/१२/१९

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४९ मा भएको व्यवस्था अनुसार सवारी चालक अनुमति पत्रको लागि लिइने परीक्षालाई वस्तुपरक, पूर्वानुमानयोग्य र व्यवस्थित बनाउन यातायात व्यवस्था विभागबाट "सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७" जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "सवारी चालक अनुमति पत्र परीक्षा संचालन कार्यविधि निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका यातायात व्यवस्था विभागले सूचना प्रकाशित गरी तोकेको मिति देखि वर्ग ’क÷ (’A’) - मोटरसाइकल/स्कुटर/मोपेड र वर्ग ’ख÷ (’B’) - कार/जिप/डेलिभरी भ्यानका लागि लिइने सवारी चालक अनुमति पत्रको परीक्षाको लागि नेपाल भर लागू हुनेछ। वर्ग ’ट÷ (’K’) - स्कुटर/मोपेडका लागि लिइने सवारी चालक अनुमति पत्रको परीक्षाको हकमा समेत यही निर्देशिका लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा—**

(क) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्छ।
(ख) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनु पर्छ।
(ग) "विभाग" भन्नाले नेपाल सरकार अन्तर्गतको यातायात व्यवस्था विभाग सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले सवारी चालक अनुमति पत्र जारी गर्ने तथा नवीकरण गर्ने यातायात व्यवस्था कार्यालयलाई सम्झनु पर्छ। सो शब्दले प्रदेश सरकार मातहत रहेका सवारी चालक अनुमति पत्र सम्बन्धी कार्य गर्ने यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालयहरुलाई समेत जनाउनेछ।

(ङ) "परीक्षा केन्द्र" भन्नाले सवारी चालक अनुमति पत्रका लागि लिइने विषयगत र प्रयोगात्मक परीक्षा सञ्चालन हुने केन्द्र सम्झनु पर्छ ।

(च) "परीक्षार्थी" भन्नाले सवारी चालक अनुमति पत्रको लागि आवेदन दिई परीक्षामा सहभागी हुने व्यक्ति सम्झनु पर्छ ।

(छ) "चालक अनुमति पत्र" भन्नाले सवारी चालक अनुमति पत्र सम्झनु पर्छ।

(ज) "विषयगत परीक्षा केन्द्र" भन्नाले सवारी चालक अनुमति पत्रको लिखित परीक्षा सञ्चालन हुने केन्द्र सम्झनु पर्दछ।

(झ) "प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot)" भन्नाले यस निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड अनुसार बनाइएको प्रयोगात्मक परीक्षा सञ्चालन हुने स्थल सम्झनु पर्छ।

(ञ) "प्राविधिक निरीक्षक" भन्नाले प्रयोगात्मक परीक्षा संचालन स्थलमा सम्बन्धित कार्यालयबाट खटिएको मेकानिकल इन्जिनियर वा मेकानिकल सुपरभाइजर सम्झनु पर्छ।

(ट) "केन्द्राध्यक्ष" भन्नाले कार्यालयले विषयगत परीक्षा केन्द्र वा प्रयोगात्मक परीक्षा सञ्चालन स्थलमा खटाएको मुख्य कर्मचारी सम्झनु पर्छ।

३. **दरखास्तवालाको योग्यता निर्धारणः** सवारी चालक अनुमति पत्रका लागि दरखास्त दिने व्यक्ति ऐनको दफा ४७ बमोजिम अयोग्य भए नभएको यकिन गरी अयोग्य नभएको व्यक्तिलाई मात्र परीक्षाको प्रवेश पत्र जारी गरी परीक्षामा सहभागी गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

४. **परीक्षाका चरणः**

१) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा गरी सवारी चालक अनुमति पत्रको लागि लिइने परीक्षा दुई चरणमा हुनेछ

२) लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थी मात्र प्रयोगात्मक परीक्षामा सहभागी हुन पाउनेछ।

३) लिखित परीक्षा र प्रयोगात्मक परीक्षामा उत्तीर्ण परीक्षार्थी मात्र सवारी चालक अनुमति पत्र प्राप्त गर्न योग्य हुनेछ।

५. **लिखित परीक्षाः**

१) लिखित परीक्षामा सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानुनी प्रावधान, ट्राफिक नियमको पालना तथा सवारी साधनको प्राविधिक पक्ष सम्बन्धी सामान्य व्यावहारिक ज्ञानका विषय समेटी पूर्णाङ्क १०० रहने गरी ४/४[2] अङ्कका जम्मा [3]२५ वटा वस्तुगत बहुउत्तर प्रश्नहरु सोधिनेछन्। (मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधित)

[2] मिति 2078/4/07 को निर्णयानुसार संशोधन गरिएको

[3] मिति 2078/4/07 को निर्णयानुसार संशोधन गरिएको

२) लिखित परीक्षा प्रयोजनका लागि विभागले ५०० वटा वस्तुगत बहुउत्तर प्रश्नको संग्रह प्रकाशन गर्नेछ र सोही संग्रहबाट मात्र सम्बन्धित कार्यालयले लिखित परीक्षाको प्रश्न पत्र तयार गर्नु पर्नेछ।

३) लिखित परीक्षाको समयावधि ३० मिनेटको हुनेछ।

४) लिखित परीक्षामा न्यूनतम [4]६० (साठी) अङ्क प्राप्त गर्ने परीक्षार्थी उत्तीर्ण हुनेछ। (मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधित)

५) सम्बन्धित कार्यालयले विद्युतीय माध्यमबाट समेत लिखित परीक्षा संचालन गर्न सक्नेछ।

**६. प्रयोगात्मक परीक्षा:** १) वर्ग 'क÷ ('A') - मोटरसाइकल/स्कुटर/मोपेड वा वर्ग 'ट÷ ('K') – स्कुटर/मोपेडको चालक अनुमति पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-१ अनुसारका चरणहरु हुनेछन्। प्रयोगात्मक परीक्षाका लागि अनुसूची-२ अनुसारको प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) हुनेछ।

२)वर्ग 'ख÷ ('B') - कार/जिप/डेलिभरी भ्यानको चालक अनुमति पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-३ अनुसारका चरणहरु हुनेछन्। प्रयोगात्मक परीक्षाका लागि अनुसूची-४ अनुसारको प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) हुनेछ।

**७. प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कनः** १) दफा ६ को उपदफा (१) अनुसार मोटरसाइकल/स्कुटर/मोपेडका लागि लिइने प्रयोगात्मक परीक्षाका विभिन्न चरणहरुको अङ्क विभाजन अनुसूची-५ बमोजिम हुनेछ। प्रयोगात्मक परीक्षामा परीक्षार्थीको प्राप्ताङ्क मूल्याङ्कन गर्दा वा परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गर्दा अनुसूची -५ मा उल्लिखित आधार अवलम्बन गर्नु पर्नेछ। परीक्षाका क्रममा कुनै तोकिएको अवस्थामा अनुत्तीर्ण घोषणा गरिएको अवस्थामा बाहेक न्यूनतम ७० अङ्क प्राप्त नगर्ने परीक्षार्थीलाई परीक्षामा अनुत्तीर्ण मानिनेछ।

२) दफा ६ को उपदफा (२) अनुसार कार/जिप/डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाका विभिन्न चरणहरुको अङ्क विभाजन अनुसूची- ६ बमोजिम हुनेछ। प्रयोगात्मक परीक्षामा परीक्षार्थीको प्राप्ताङ्क मूल्याङ्कन गर्दा वा परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गर्दा अनुसूची -६ मा उल्लिखित आधार अवलम्बन गर्नु पर्नेछ। परीक्षाका क्रममा कुनै तोकिएको अवस्थामा अनुत्तीर्ण घोषणा गरिएको अवस्थामा बाहेक न्यूनतम ७० अङ्क प्राप्त नगर्ने परीक्षार्थीलाई परीक्षामा अनुत्तीर्ण मानिनेछ।

**८. परीक्षाका बाँकी चरणहरुमा सहभागी हुन नपाउनेः** १) प्रयोगात्मक परीक्षाको कुनै चरणमा अनुसूची-५ वा अनुसूची-६ मा तोकिएको कुनै अवस्थाका कारण अनुत्तीर्ण घोषणा गरिएको कुनै परीक्षार्थीले परीक्षाका बाँकी चरणहरुमा समावेश हुन पाउने छैन।

२) प्रयोगात्मक परीक्षाको कुनै चरण सम्म पुग्दा कुनै परीक्षार्थीको तोकिएका अवस्थाहरुका कारण घटाउनुपर्ने अङ्कको योग ३० भन्दा बढी भएको खण्डमा परीक्षामा खटिएको कर्मचारीले त्यस्तो परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गरी परीक्षाको बाँकी चरणहरुमा सहभागी हुनबाट रोक्नु पर्नेछ।

[4] मिति 2078/4/07 को निर्णयानुसार संशोधन गरिएको

३) परीक्षाका सम्पूर्ण चरणहरु सम्पन्न हुनु अगावै परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गरिएको जानकारी वा संकेत दिन परीक्षामा खटिएको कर्मचारीले रातो कार्ड देखाउनुपर्नेछ। अनुत्तीर्ण भएको संकेत पाउनासाथ त्यस्तो परीक्षार्थीले सुरक्षित तरिकाले सवारी साधनलाई परीक्षा स्थलबाट बाहिर ल्याई निर्धारित स्थानमा पार्किङ गरी परीक्षा स्थल छाड्नु पर्नेछ।

**९. प्राप्ताङ्क निर्धारणः** १)प्रयोगात्मक परीक्षाको क्रममा प्रत्येक परीक्षार्थीको छुट्टा छुट्टै अङ्क मूल्याङ्कन गर्न वर्ग 'क' वा 'ट' को लागि अनुसूची-७ र वर्ग 'ख' को लागि अनुसूची-८ बमोजिमको मूल्याङ्कन फाराम प्रयोग गर्नु पर्नेछ।

२) प्रयोगात्मक परीक्षाको क्रममा तोकिएका अवस्थाहरुका कारण वा घटाउनु पर्ने अङ्कको योग ३० भन्दा बढी भई अनुत्तीर्ण भएका बाहेक अन्य परीक्षार्थीहरुको कुल घटाउनु पर्ने अङ्कको योगलाई जम्मा पूर्णाङ्क १०० बाट घटाई परीक्षामा खटिएको कर्मचारीले प्राप्ताङ्क निर्धारण गर्नु पर्नेछ।

३) परीक्षार्थीको मूल्याङ्कन फाराम प्रयोगात्मक परीक्षामा स्थलगत रुपमा खटिएर परीक्षार्थीका गतिविधि परीक्षण गर्ने कर्मचारीले वस्तुनिष्ठ तरिकाबाट भरी सहीछाप गरी केन्द्राध्यक्षबाट प्रमाणित गराउनुपर्नेछ।

**१०. प्रवेश-पत्रमा नतिजा अङ्कित गर्नेः** प्रयोगात्मक परीक्षा सम्पन्न भए[5]को दिनदेखि अधिकतम ३ (तीन) कार्य दिन भित्र केन्द्राध्यक्षले सम्बन्धित परीक्षार्थीको मूल्याङ्कन फाराम हेरी प्रवेश पत्रमा "प्रयोगात्मक परीक्षामा उत्तीर्ण" वा "प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण" भन्ने व्यहोरा अङ्कित गरी सहीछाप गर्नु पर्नेछ। (मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधित)

**११. प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीको सूची प्रकाशन गर्नु पर्नेः** प्रयोगात्मक परीक्षा सम्पन्न[6] भई परीक्षा दिई उत्तीर्ण भएका परीक्षार्थीहरुको रोल नम्बर तथा नाम थर खुलाई दुई प्रति सूची तयार गरी एक प्रति परीक्षा स्थलमा र एक प्रति कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ। सम्भव भएसम्म सो सूचीको एक प्रति कार्यालयको वेबसाइटमा समेत प्रयोगात्मक परीक्षा सम्पन्न भएको दिनदेखि अधिकतम ३ (तीन) कार्यदिन भित्र प्रकाशन गर्नु पर्नेछ। (मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधित)

**१२. परीक्षा स्थलमा सि.सि.टि.भि. क्यामेरा जडान गर्नु पर्नेः** यो निर्देशिका लागू भएको ६ महिना भित्र सम्बन्धित कार्यालयले प्रयोगात्मक परीक्षा स्थलमा परीक्षाका सबै चरण तथा गतिविधिको भिडियो खिची कम्तीमा ३० परीक्षा कार्य दिनको भिडियोको विद्युतीय अभिलेख रहने गरी सि. सि. टि. भि. क्यामेरा तथा आवश्यक हार्डवेयर तथा सफ्टवेयर सहितको प्रणाली जडान गर्नु पर्नेछ।

**१३. प्रविधिमा आधारित प्रयोगात्मक परीक्षा प्रणाली लागू गर्न सकिनेः** यस निर्देशिकामा भएका प्रावधानमा आधारित रही परीक्षार्थीका गतिविधिहरुलाई भिडियो तथा इमेज प्रोसेसिङका आधारमा विश्लेषण गरी वा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) वा अन्य उपयुक्त कम्प्युटर प्रणालीबाट परीक्षार्थीको मूल्याङ्कन

---

[5] मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधन गरिएको

[6] मिति २०७८/०४/०७ को निर्णयानुसार संशोधन गरिएको

हुने गरी स्वचालित सवारी चालक परीक्षण स्थल (Automated Driving Test Track) को संचालन गर्न सकिनेछ।

**१४. प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधनः** १) ..........................[7]

२) परीक्षा स्थलमा कार्यालयले व्यवस्था गरेको सवारी साधन उपदफा (३) वा (४) अनुसारको हुनुपर्नेछ।

३) प्रयोगात्मक परीक्षामा प्रयोग हुने मोटरसाइकल, स्कुटर वा मोपेड निम्नानुसारको हुनु पर्नेछः

क) पेट्रोलबाट चल्ने

ख) इन्जिनको विस्थापन आयतन कम्तीमा ९५ सि.सि. भएको

(ग) व्हील बेस कम्तीमा १२०० मि.मि. भएको

(घ) मोटरसाइकलको हकमा म्यानुअल ट्रान्समिशन प्रणाली भएको

(ङ) सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको

(च) सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको

(छ) बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बीमा भएको

४) प्रयोगात्मक परीक्षामा प्रयोग हुने कार, जिप वा भ्यान निम्नानुसारको हुनु पर्नेछः-

क) पेट्रोल, डिजेल वा ग्याँसबाट चल्ने
ख) इन्जिनको विस्थापन आयतन कम्तीमा ७५० सि.सि. भएको
ग) व्हील बेस कम्तीमा २३०० मि.मि. भएको
घ) लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः ३३०० मि.मि., १४५० मि.मि. र १४५० मि.मि. भएक
ङ) म्यानुअल ट्रान्समिशन प्रणाली भएको
च) सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको
छ) सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको
ज) बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बीमा भएको

**१५. सवारीको निरीक्षण गरी स्वीकृति दिने**ः दफा १४ को उपदफा ३ वा ४ अनुसारको सवारी साधनलाई निम्नानुसारका आधारमा समेत निरीक्षण गर्दा उपयुक्त पाइएको खण्डमा मात्र प्राविधिक निरीक्षकले प्रयोगात्मक परीक्षामा प्रयोग गर्न स्वीकृति दिनेछ।

क) सवारीको इन्धन आपूर्ति, ब्रेक र ट्रान्समिशन प्रणाली ठीक अवस्थामा रहेको

ख) झ्याल, सिसा, ढोकाको लक, ऐना तथा बत्तीहरु दुरुस्त अवस्थामा रहेको

---

[7] मिति २०७८/०४/०७ को निर्णयानुसार हटाइएको

ग)   टायरहरुको अवस्था ठीक रहेको

घ)  पछाडिको दृश्य देखिने रियर भ्यू क्यामेरा जडान नभएको (यदि त्यस्तो क्यामेरा जडान भएको भए परीक्षा अवधि भर डिस्प्ले स्क्रिन नदेखिने गरी बाक्लो र अपारदर्शी कागज वा कपडाले छोप्नु पर्ने)

**१६. परीक्षा स्थलको बनोट तथा ले-आउट सम्बन्धी विस्तृत विवरणः** १) वर्ग 'क ('A') वा वर्ग 'ट÷ ('K') का लागि लिइने प्रयोगात्मक परीक्षा स्थलको बनोट तथा Layout सम्बन्धी विस्तृत विवरण अनुसूची-९ मा समावेश गरिएको छ।

२) वर्ग ख ('B') का लागि लिइने प्रयोगात्मक परीक्षा स्थलको बनोट तथा Layout सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा समावेश गरिएको छ।

**१७. परीक्षा स्थलको निरीक्षणः** १) प्रयोगात्मक परीक्षा संचालन गर्नु पूर्व प्रत्येक दिन केन्द्राध्यक्षले परीक्षा स्थलको प्राविधिक निरीक्षकबाट निरीक्षण गराई परीक्षा स्थल निरीक्षण मुचुल्का तयार गर्नु पर्नेछ। प्राविधिक निरीक्षक स्वयम् केन्द्राध्यक्ष भई खटेको अवस्थामा केन्द्राध्यक्ष स्वयम्ले परीक्षा स्थलको निरीक्षण गरी मुचुल्का तयार गर्न सक्नेछ।

२) उपदफा (१) अनुसार निरीक्षण गर्दा परीक्षा स्थलमा मापदण्ड अनुसारको रेखाङ्कन प्रष्ट भए नभएको, सवारी चल्ने ट्र्याक दुरुस्त रहे नरहेको वा ट्र्याकमा कुनै बाधा व्यवधान रहे नरहेको र सि.सि.टि.वि प्रणालीले ठीकसँग काम गरे नगरेको यकीन गरी कुनै समस्या देखिएमा समाधान गर्न लगाई परीक्षा स्थल परीक्षा सञ्चालन गर्न उपयुक्त देखिए मात्र सोही व्यहोरा उपदफा (१) अनुसारको मुचुल्कामा जनाई प्रयोगात्मक परीक्षा सुरु गर्नु पर्नेछ।

**१८. अनुगमनः** १) कुनै कार्यालयले सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन गर्दा यस निर्देशिकाको पालना गरे नगरेको सम्बन्धमा विभागले वा सम्बन्धित प्रदेश सरकारको यातायात क्षेत्र हेर्ने मन्त्रालय वा निकायले नियमित अनुगमन गर्न सक्नेछ।

२) उपदफा (१) अनुसार अनुगमन गर्दा कुनै कार्यालयले सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन गर्दा यस निर्देशिकाको पालना नगरेको पाइएमा अनुगमन गर्ने अधिकारीले सम्बन्धित कार्यालयलाई निर्देशिकाको पालनामा देखिएका कमी कमजोरीहरु सच्याउन सुझाव वा निर्देशन दिन सक्नेछ।

**१९. व्याख्या गर्न सक्नेः** यस निर्देशिकाको कार्यान्वयनको क्रममा निर्देशिकामा भएको कुनै व्यवस्थाका सम्बन्धमा कुनै द्विविधा वा अस्पष्टता उत्पन्न भएमा विभागले आवश्यक व्याख्या गरी स्पष्ट पार्न सक्नेछ।

## अनुसूची — १

<u>वर्ग 'क÷ ('A') वा वर्ग 'ट÷ ('K') का लागि लिइने प्रयोगात्मक परीक्षाका चरणहरु</u>

१) घुमाउरो आठ परीक्षण (Figure 8 - Test)

२) साँघुरो फलेक (Narrow Plank Test)

३) घुम्ती परीक्षण (U-Turn Test

४) ट्राफिक संकेत परीक्षण (Traffic light Test)

५) उबड खाबड परीक्षण (Speed Breaker - Bumpy Test)

६) उकालो परीक्षण (Ramp Test (Ascending and Descending Test)

७) व्यवहारगत पक्षको समग्र परीक्षण (Behavioral Test)

# अनुसूची - २

वर्ग 'क' ('A') वा वर्ग 'ट' ('K') का लागि लिइने प्रयोगात्मक परीक्षाको Trial Spot को नक्शा



## अनुसूची - ३

<u>वर्ग 'ख÷ ('B') कार/जिप/डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाका चरणहरू</u>

१) घुमाउरो आठ परीक्षण (Figure 8- Test)

२) उबड खाबड परीक्षण (Speed Breaker Test)

३) घुम्ती परीक्षण (U-Turn Test)

४) ट्राफिक संकेत परीक्षण (Traffic light Test)

५) उकालो परीक्षण (Ramp Test (Ascending and Descending Test))

६) ग्यारेज पार्किङ्ग परीक्षण (Garage Parking Test)

७) व्यवहारगत पक्षको समग्र परीक्षण (Behavioral Test)

## अनुसूची- ४

वर्ग 'ख'('B')-कार/जिप/डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाको Trial Spot को नक्शा



# अनुसूची -५

वर्ग 'क' ('A') वा वर्ग 'ट' ('K') का लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कन आधार

| क्र.सं. | प्रयोगात्मक परीक्षाको चरण | अङ्कभार | अङ्क घटाइने अवस्था (घटाइने अङ्क) | अनुतिर्ण घोषणा गरिने अवस्था |
|---|---|---|---|---|
| १. | घुमाउरो आठ | २० | १. एक पटक सम्म अंकित रेखा छोएमा (५) ।<br>२. एक पटक सम्म खुट्टाले भुँइमा टेकेमा (५)। | १. एक पटक भन्दा बढी अंकित रेखा छोएमा ।<br>२. सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएमा ।<br>३. एक पटक भन्दा बढी खुट्टाले भुँइ टेकेमा ।<br>४. ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएमा ।<br>५. सवारीको स्टार्ट बन्द भएमा । |
| २. | साँघुरो फलेक (Narrow Plank) | १० | | १. खुट्टाले भुँइमा टेकेमा ।<br>२. फलेकको लम्बाई पार गर्न अगावै सवारी फलेकबाट बाहिर निस्केमा । |
| ३. | यू टर्न | १० | १. टर्निङ इन्डिकेटर लाइट नबालेमा (१०)। | १. अंकित रेखा छोएमा । |
| ४. | ट्राफिक संकेत | १५ | १. ट्राफिक संकेतको पालना नगरेमा (१५) । | |
| ५. | बम्प्स (उबड खाबड) | १५ | १. एक पटक सम्म खुट्टाले भुँइमा टेकेमा (५) ।<br>२. एक पटक सम्म सवारीको स्टार्ट बन्द भएमा (५) । | १. एक पटक भन्दा बढी खुट्टाले भुँइमा टेकेमा ।<br>२. एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा । |
| ६. | र्‍याम्प (उकालो) | २० | | १. तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा ।<br>२. रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेमा ।<br>३. उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा ।<br>४. एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा । |
| 7. | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | १० | १. सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरुको सामान्य निरीक्षण नगरेमा (३) ।<br>२. हेल्मेटको लक नलगाई सवारी चलाएमा (४) ।<br>३. अस्वभाविक गतिमा वा असंयमित रुपमा सवारी चलाएमा (३) । | |
| | पूर्णाङ्क | १०० | | |
| | उतीर्णाङ्क | ७० | | |

# अनुसूची -६

<u>वर्ग 'ख'('B')-कार/जिप/डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कन आधार</u>

| क्र.सं. | प्रयोगात्मक परीक्षाको चरण | अङ्कभार | अङ्क घटाइने अवस्था (घटाइने अङ्क) | अनुतिर्ण घोषणा गरिने अवस्था |
|---|---|---|---|---|
| १. | घुमाउरो आठ | २० | १. दुई पटक सम्म अंकित रेखा छोएमा (प्रत्येक पटक ५) । | १. दुई पटक भन्दा बढी अंकित रेखा छोएमा ।<br>२. सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएमा ।<br>३. ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएमा ।<br>४. अगाडि बढ्ने क्रममा सवारीलाई पछाडि तिर सारेमा । |
| २. | उबड खाबड (स्पीड ब्रेकर) | १० | १. एक पटक सम्म सवारीको स्टार्ट बन्द भएमा (५) । | १. एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा |
| ३. | यू टर्न | १० | १. टर्निङ इन्डिकेटर लाइट नबालेमा (१०) । | १. अंकित रेखा छोएमा । |
| ४. | ट्राफिक संकेत | १५ | १. ट्राफिक संकेतको पालना नगरेमा (१५) | |
| ५. | र्‍याम्प (उकालो) | १५ | | १. तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा ।<br>२. रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेमा ।<br>३. उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा ।<br>४. एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा । |
| ६. | ग्यारेज पार्किङ्ग | २० | १. सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक सम्म अगाडि सारेमा (१०) | १. सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक भन्दा बढी अगाडि सारेमा ।<br>२. अङ्कित रेखा छोएमा । |
| 7. | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | १० | १. सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरुको सामान्य निरीक्षण नगरेमा (३) ।<br>२. सीट बेल्ट नलगाई सवारी चलाएमा (४) ।<br>३. अस्वभाविक गतिमा वा असंयमित रुपमा सवारी चलाएमा (३) । | |
| पूर्णाङ्क | | १०० | | |
| उतीर्णाङ्क | | ७० | | |

## अनुसूची - ७

### वर्ग: 'क' ('A') वा वर्ग 'ट' ('K') को प्रयोगात्मक परीक्षाको मूल्याङ्कन फाराम

| परीक्षा सञ्चालन गर्ने कार्यालयको नाम, ठेगाना | |
|---|---|
| परीक्षार्थीको नाम: | परीक्षार्थीको रोल नं: |
| परीक्षा मिति: | परीक्षा स्थल: |

| क्र. सं. | परीक्षाका चरण | अङ्क घट्ने अवस्था | घटाइएको अङ्क | अनुतिर्ण घोषणा गरिएको कारण (चिन्ह लगाउने) |
|---|---|---|---|---|
| 1. | घुमाउरो आठ | एक पटक अंकित रेखा छोएको (५) | | □ एक पटक भन्दा बढी अंकित रेखा छोएको ।<br>□ सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएको ।<br>□ एक पटक भन्दा बढी खुट्टाले भुँइ टेकेको ।<br>□ ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएको ।<br>□ सवारीको स्टार्ट बन्द भएको । |
| | | एक पटक खुट्टाले भुँइमा टेकेको (५) | | |
| 2. | साँघुरो फलेक (Narrow Plank) | | | □ खुट्टाले भुँइमा टेकेको ।<br>□फलेकको लम्बाई पार गर्न अगावै सवारी फलेकबाट बाहिर निस्केको । |
| 3. | यू टर्न | टर्निङ इन्डिकेटर लाइट नबालेको (१०) | | □ अंकित रेखा छोएको |
| 4. | ट्राफिक संकेत | ट्राफिक संकेतको पालना नगरेको (१५) । | | |
| 5. | बम्प्स (उबड खाबड) | एक पटक खुट्टाले भुँइमा टेकेको (५) | | □ एक पटक भन्दा बढी खुट्टाले भुँइमा टेकेमा ।<br>□ एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा । |
| | | एक पटक सवारीको स्टार्ट बन्द भएको(५) | | |
| 6. | .याम्प (उकालो) | | | □ तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको ।<br>□ रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेको ।<br>□ उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको ।<br>□ एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएको । |
| ७. | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरुको सामान्य निरीक्षण नगरेको (३) | | |
| | | हेल्मेटको लक नलगाई सवारी चलाएको (४) | | |
| | | अस्वभाविक गतिमा वा असंयमित रुपमा सवारी चलाएको (३) । | | |
| | | जम्मा घटाइएको अङ्क (क) | | |
| | | प्राप्ताङ्क (ख)<br>=१००-(क) | | **मूल्यांकन कर्ताको:**<br>दस्तखत:<br>नाम:<br>पद: |
| | | □ उत्तीर्ण<br>□ अनुतीर्ण | | |

## अनुसूची- ८

### वर्ग 'ख'('B') को प्रयोगात्मक परीक्षाको मूल्याङ्कन फाराम

| परीक्षा सञ्चालन गर्ने कार्यालयको नाम, ठेगाना | |
|---|---|
| परीक्षार्थीको नाम: | परीक्षार्थीको रोल नं: |
| परीक्षा मिति: | परीक्षा स्थल: |

| क्र. सं. | परीक्षाका चरण | अङ्क घट्ने अवस्था | घटाइएको अङ्क | अनुत्तिर्ण घोषणा गरिएको कारण (चिन्ह लगाउने) |
|---|---|---|---|---|
| 1. | घुमाउरो आठ | पहिलो पटक अंकित रेखा छोएको (५) | | □ दुई पटक भन्दा बढी अंकित रेखा छोएको ।<br>□ सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएको ।<br>□ ठीक दिशाबाट वा ठीक तरिकाबाट '८' आकार नबनाएको ।<br>□ अगाडि बढ्ने क्रममा सवारीलाई पछाडि तिर सारेको । |
| | | दोस्रो पटक अंकित रेखा छोएको (५) | | |
| 2. | उबड खाबड (स्पीड ब्रेकर) | एक पटक सम्म सवारीको स्टार्ट बन्द भएको (५) | | □ एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएको । |
| 3. | यू टर्न | टर्निङ इन्डिकेटर लाइट नबालेको (१०) | | □ अंकित रेखा छोएको |
| 4. | ट्राफिक संकेत | ट्राफिक संकेतको पालना नगरेको(१५) | | |
| 5. | र्‍याम्प (उकालो) | | | □ तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको ।<br>□ रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेको ।<br>□ उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको ।<br>□ एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएको । |
| 6. | ग्यारेज पार्किङ | सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक अगाडि सारेको (१०) | | □ सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक भन्दा बढी अगाडि सारेको ।<br>□ अङ्कित रेखा छोएको । |
| ७. | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरुको सामान्य निरीक्षण नगरेको (३) | | |
| | | सीट बेल्ट सवारी चलाएको (४) | | |
| | | अस्वाभाविक गतिमा वा असंयमित रुपमा सवारी चलाएको (३) । | | |
| | | जम्मा घटाइएको अङ्क (क) | | |
| | | प्राप्ताङ्क (ख)<br>=१००-(क) | | **मूल्यांकन कर्ताको:**<br>दस्तखत:<br>नाम:<br>पद: |
| | | □ उत्तीर्ण<br>□ अनुत्तीर्ण | | |

## अनुसूची - ९

<u>वर्ग 'क' ('A') वा वर्ग 'ट' ('K') का लागि लिइने प्रयोगात्मक परीक्षा स्थलको बनोट तथा Layout सम्बन्धी विस्तृत विवरण</u>

1. Figure -8 Test को लागि:

| विवरण | परिमाण | विवरण | परिमाण |
|---|---|---|---|
| १) बाहिरी वृत्तहरुको भित्री ब्यास | ६ मिटर | ४) ड्र्याकको चौडाई | १.५ मिटर |
| २) भित्री वृत्तहरुको बाहिरी ब्यास | ३ मिटर | ५) प्रवेश तथा निकासको चौडाई | १.५ मिटर |
| ३) वृत्तहरुको केन्द्रबिन्दु बिचको दुरी | ४.५ मिटर | ६) पहेंलो मार्किङ्गको चौडाई | २० सेन्टिमिटर |




2. Narrow Plank Test को लागि:

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १) | Plank / ड्र्याक लम्बाई | १० मिटर |
| २) | Plank / ड्र्याक चौडाई | ५० सेन्टिमिटर |
| ३) | Plank / ड्र्याक: कंक्रिट अथवा काठबाट बनाउन सकिने छ । यसको माथिल्लो सतह जमिनको सतहबाट ५ सेन्टिमिटर अग्लो बनाई अगाडि र पछाडि छेउमा Ramp बनाईएको हुनु पर्छ । | |



Figure 2: Narrow Plank test: PCC cast in-situ slab/Wooden Plank

3.Speed Breaker (Bumpy Test) को लागि

| | | | | | |
|---|---|---|---|---|---|
| १. | Test ट्र्याक/Platform को लम्बाई | ५ मिटर | २. | Bump को चौडाई | ३० सेन्टिमिटर |
| ३. | Test ट्र्याक/Platform को चौडाई | ६ मिटर | ४. | Bump को उचाई | ५ सेन्टिमिटर |
| ५. | Bump को संख्या | ६ वटा | ६. | Bump हरु वीचको दुरी (Center to Center) | १ मिटर |
| ७. | Test ट्र्याक/Platform जमिनको सतहबाट १० सेन्टिमिटर उचाईमा कंक्रिट बनाई दुबै छेउमा Ramp सहितको हुनुपर्ने । | | | | |




*Figure 3 Bumpy Test Platform (two-wheeler)*

४. Ramp Test को लागि:

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Ramp को जम्मा लम्बाई | १५ मिटर | २ | Ramp को माथिल्लो Platform को लम्बाई | ३ मिटर |
| ३ | Ramp को उकालो तथा ओरालोको लम्बाई | ६ मिटर | ४ | Ramp को माथिल्लो Platform को उचाई | १ मिटर |
| ५ | Ramp को चौडाई | ३ मिटर | | | |
| ६ | Ramp को सम्पूर्ण लम्बाईको दुवै किनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनु पर्नेछ । | | | | |
| ७ | Ramp को सम्पूर्ण सतहमा कम्तीमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनु पर्नेछ । | | | | |




*Figure 4 Ramp Test Profile (Two Wheeler)*

## अनुसूची – १०

**वर्ग 'ख' ('B') का लागि लिइने प्रयोगात्मक परीक्षा स्थलको बनोट तथा Layout सम्बन्धी विस्तृत विवरण**

1.Figure -8 Test को लागिः

| | | | | | |
|---|---|---|---|---|---|
| १. | बाहिरी वृत्तहरुको भित्री व्यास | १२ मिटर | ४. | ट्र्याकको चौडाई | ३ मिटर |
| २. | भित्री वृत्तहरुको बाहिरी व्यास | ६ मिटर | ५. | प्रवेश तथा निकासको चौडाइ | ३ मिटर |
| ३. | वृत्तहरको केन्द्रविन्दु विचको दुरी | ९ मिटर | ६. | पहेलो मार्किङ्गको चौडाई | सेन्टिमिटर |




*Figure 5: Figure -8 Test for Four Wheeler*

2. Speed Breaker (Hump Test) को लागिः

| | | | | | |
|---|---|---|---|---|---|
| १. | Test ट्र्यकको लम्बाई | १६ मिटर | 2. | Hump को जमिन सतहमा चौडाई | ३ मिटर |
| ३. | Test ट्र्यकको चौडाई | ४ मिटर | ४. | Hump को उचाई (जमिनबाट ) | २० सेन्टिमिटर |
| ५. | Hump को संख्या | ५ वटा | ६. | Hump हरु वीचको दूरी | ४ मिटर |
| ७. | Hump हरु जमिनको सतहमा १:२:४ PCC बाट बनेको हुनु पर्नेछ । Hump हरुलाई प्रस्ट देखिने गरी गरी सेतो र कालो रंगको छड्के मार्किङ्ग गर्नु पर्नेछ । | | | | |




*Figure 6: Hump Test for Four Wheeler (small Vehicles)*




*Figure 7: Detail of the Speed Breaker (four Wheeler)*

**3. Ramp Test (साना सवारी) को लागि:**

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Ramp को जम्मा लम्बाई | २३ मिटर | २) | Ramp को माथिल्लो Platform को लम्बाई | ६ मिटर |
| ३) | Ramp को उकालो तथा ओरालोको लम्बाई | ८.५ मिटर | ४) | Ramp को माथिल्लो Platform को उचाई | १.५ मिटर |
| ५) | Ramp को चौडाई | ५ मिटर | | | |
| ६) | Ramp को सम्पूर्ण लम्बाईको दुवै किनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनुपर्ने छ । | | | | |
| ७) | Ramp को सम्पूर्ण सतहमा कम्तिमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनुपर्ने छ । | | | | |




*Figure 8: Ramp Profile for four-wheel (Small vehicles)*

4. Garage Parking Test (साना सवारी) को लागि:

| | | | | | |
|---|---|---|---|---|---|
| १. | Main ट्र्याकको लम्बाई | २० मिटर | 2. | Main ट्र्याकको चौडाई | ३ मिटर |
| ३. | Garage ट्र्याकको लम्बाई | ८.५ मिटर | ४. | Garage ट्र्याकको चौडाई | ३ मिटर |
| ५. | Main ट्र्याक र Garage ट्र्याकको मिलानको अर्ध व्यास १.५ मिटर | | | | |
| ६. | प्रशिक्षण स्थलको सतहमा पहेलो रङ्गले २० सेन्टिमिटर चौडाईको मार्किङ्ग गरेको नक्सामा देखाए जस्तै Traffic Cone राखेको हुनु पर्ने । | | | | |




*Figure 9: Garage Test Spot for small vehicle (Car)*

# बस बडी विल्डिंग मापदण्ड, २०७४

स्वीकृत मितिः २०७४/१२/१६

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ दफा १५९ मा व्यवस्था भए बमोजिम प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप दर्ता तथा संचालन सम्बन्धी कानुनी प्रावधान कार्यान्वयन गर्न सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक यातायात सेवालाई सुरक्षित एवं भरपर्दो बनाउने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार यातायात व्यवस्था विभागले 'बस बडी विल्डिंग मापदण्ड, २०७४" जारी गरेको छ ।

१. यो निर्देशिका यातायात व्यवस्था विभागले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. यो मापदण्ड "कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४" बमोजिमको वर्कशप वर्ग(ङ)को कार्यान्वयन गर्नका लागि तयार गरिएको छ ।

## 1. SCOPE OF THE GUIDELINES

These guidelines are intended to be used for the approval procedure of the body fabrication. The guidelines will be helpful for technicians as well as engineers engaged in the design and construction of the bus body in a workshop. Further, these guidelines will be used as a tool for the monitoring and approval by DoTM officials. This document will be helpful for the harmonization and standardization of bus building industries in the country. It covers mainly the following aspects of the bus body design and guidelines.

a. Categorization of buses based on the seating capacity and on minimum comfort levels and the type of operation,
b. Requirements on the various safety related features like entry / exit door, emergency exits, window frames, their locations, dimensions and designs,
c. Standardization of the floor level height, gangways and dimensions of the footsteps,
d. Requirements on the dimension of seats, seating layout, lighting and illumination,
e. Requirements for driver's workplace,
f. Requirements for the persons with disabilities.
g. Testing methods for stability and strength of the bus body structure, seat anchorages etc., including the roll over test for the full body.

The provisions of this guideline are applicable to buses with a seating capacity of 15 passengers or above including driver.

## 2. DEFINITIONS AND TERMINOLOGY

| | |
|---|---|
| Bus Body | The portion of a bus that encloses the bus's occupant space, exclusive of the bumpers, the chassis frame any structure forward and of the forward most point of the windshield mounting |
| Ladder Type Chassis | The chassis frame of the vehicle and is the main load bearing element. The general construction of ladder frame consists of side and cross members. The side and cross members are connected with special gusset sections or pressed cross member sections The junctions are riveted, bolted or welded |
| Monocoque Construction | A type of bus body structure where the body and base frame are joined together either by welding or by other methods to form an integral structure. These structural elements consist of pressed grid type of support elements and rectangular sections |
| Type I (Bus) | These types of vehicles are the high capacity vehicles designed and constructed for urban and sub urban / city transport with area for standing passengers, to allow movement of passengers associated with frequent stops.<br><br>These buses serve for Local routes and Normal bus service standard. This type is designed for the day time operation only. Comfort level may vary as per requirement such as deluxe as well as AC deluxe. |
| Type II (Bus) | These type of vehicles are those, designed and constructed for inter-urban/inter-city transport without specified area for standing passengers, but can carry standing passengers over short distance in the gangway; unless otherwise prohibited by the authority. These buses can be operated for night and day service with the standard of 'Direct Bus Service'. These buses can provide service for long, medium and short routes. These buses may have also various level of comfort class. |

| | |
|---|---|
| Type III (Bus) | These type of buses are those designed and constructed for inter-urban / inter-city transport without specified area for standing passengers, but can carry standing passengers over short distance in the gangway; unless otherwise prohibited by the authority<br><br>These type vehicles are those designed and constructed for day bus service only and with the standard of 'Normal Bus Service'. These buses can be operated for long, medium and short routes. The bus service is related to the frequent stops between origin and destination for passengers' service. These buses may be made in any type of comfort level. |
| Type IV (Bus) | These type vehicles are those designed and constructed for special purpose. Schools buses, tourist buses and other buses used by institutions to transport their staff fall in this category. These buses may be made in any type of comfort levels. |
| Low Capacity Vehicles | This type includes Micro Bus: Seating capacity of maximum 14 passengers including driver. Mini Bus: Seating capacity between 15 to 25 passengers including driver. The body of Mini buses can be fabricated at the workshops with the various comfort level. |
| High Capacity Vehicles | These are the vehicles with seating capacity more than 56 passengers including driver. It includes an articulated buses used for Bus Rapid Transit. |
| Standard bus (SB) | Bus designed for basic minimum comfort level used for 'Normal Bus Service' |
| Deluxe Bus (DLX) | A bus designed for a high comfort level and individual seats and adjustable seat backs, improved ventilation and pleasing interiors |
| A.C. Deluxe Bus (ACX) | A Deluxe Bus which is air conditioned. |
| Door | A sub system of a bus body that permits boarding and alighting of passengers. Door may or may not be with panel (hinged / sliding) for closing it. |
| Service Door | A door intended for use by passengers in the normal circumstances. |
| Double Door | A door affording two, or the equivalent of two, access passages. |
| Sliding Door | A door, which can be opened or closed only by sliding it along one or more rectilinear or approximately rectilinear rails |

| | |
|---|---|
| Power operated Service Door | A service door which is exclusively operated by energy other than muscular energy and the opening and closing of which is controlled by driver or jointly by driver and crew member. In many cases requirement conductor (crew member) control may be necessary to operate the doors |
| Emergency Door | A door intended for use as an exit by passengers in an emergency only. |
| Exit | A service door or emergency exit |
| Emergency Exit | An emergency door, emergency window or escape hatch |
| Window | An aperture in the sides of the bus to let in light and air. The window need not necessarily be glazed |
| Emergency Window | A window, intended for use as an exit by passengers in an emergency only |
| Floor or Deck | That part of the body whose upper surface supports standee passengers, the feet of seated passengers and driver, and support the seat mountings |
| Gangway | It means the space providing access to passengers from any seat or row of seats to another seat or to any access passage; it does not include: The space required to accommodate the feet of the seated passengers; The space above the surface of any step or staircase; or any space which affords access to one seat or row of seats |
| Passenger Compartment | The space intended for passenger use excluding any space by fixed appliances or luggage/storage compartments |
| Driver Compartment | The space intended for the driver's exclusive use and contains driver seat, steering wheel, controls, instruments and other devices necessary for driving or operating the vehicle |
| Unladen kerb Mass | The weight of the vehicle in running order, unoccupied and unladen but complete with fuel, coolant, lubricant, tools and spare wheel |
| Seat | A structure complete with trim, capable of accommodating one or more adult person |
| Padding | The soft and resilient material installed between the seat frame sub-assembly and trim covering |
| Individual seat | A seat designed and constructed for the accommodation of one passenger |
| Double seat | A seat designed and constructed for the accommodation of two passengers side by side. Two seats side by side and having no interconnection shall be regarded as two individual seats |
| Continuous seat | A seat designed and constructed for the accommodation of two or more passengers side by side |

| | |
|---|---|
| Driver seat | The front seat intended for the seating of the driver. |
| Passenger seat | The seat intended for seating passengers |
| Seat Cushion | The part of the seat which is arranged almost horizontally and designed to support a seated passenger. |
| Seat-back | The part of the seat that is almost vertical, designed to support the passenger's back, shoulders and, possibly his head |
| Adjustment system | The device by which the seat or its parts can be adjusted to a position suited to the seated occupant |
| Locking System | A device ensuring that the seat and its parts are maintained in the position of use |
| Anchorage | A part of the floor or of the body of a vehicle to which a seat is fixed |
| Seat Frame | Structural portion of the seat assembly. The seat frame may be constructed with springs attached to the structural frame or may support padding |
| Seat Spacing | The distance between the front of a seat squab and the back of the seat squab of the seat preceding it, measured horizontally at a height of 620 mm above the floor |
| Integrated Head Restraint | A head restraint which can only be detached from the seat or the vehicle structure by the use of tools or by partial or complete removal of the seat covering meet the present definition |
| Detachable Head Restraint | A head restraint consisting of a component separable from the seat, designed for insertion and positive retention in the seat-back structure |
| Separate Head Restraint | A head restraint consisting of a component separate from the seat, designed for insertion and/or positive retention in the structure of the vehicle |
| Cab lamp or Courtesy lamp | A lamp/lamps situated above the head of the driver lighting up the dash board area and inside of the cabin. This is meant for operation while the bus is stationary. The cab lamp shall be capable of being operated only for a momentary duration while the bus is in motion |
| Exit Lamps | A lamp/lamps to light up the running boards. They are to light up automatically when the doors for exit or entry are opened. In the absence of closable doors at the entry and exit point, the lights are to be permanently lit during night operations of the bus |
| Locker lamps | A lamp/lamps to light up the inside of the locker when the door to the locker is opened, illuminating interior of the locker |

| | |
|---|---|
| Electrical distribution panel lamp | A lamp/Lamps to light up electrical distribution panel when the cover to the distribution center is opened for checking and maintenance purposes |
| Instrument lighting lamps | A lamp/Lamps to light up individual instruments. These can be connected to a single control through a rheostat. By varying the control, the strength of the instrument lighting can be regulated by the driver while driving in the dark to avoid glare from instrument lighting |
| Control unit lamps | A lamp/Lamps are similar to instrument lighting. However, these lamps illuminate individual controls discreetly to assist driver for identifying the controls |
| Passengers area lamp | Lamps to light up the passenger area and assist passenger in identifying objects and reading the printed matter. |
| Gross Vehicle Weight | Technically permissible maximum weight, declared by the manufacture of the vehicle and certified by the testing agency. |

## 3. COMPONENTS OF BUS BODY STRUCTURE

Bus body structure is comprised of the following several structural elements. On the basis of the load bearing nature and the position of these elements these can be defined as shown in Figure 1.

**Cross Bearers:** These are structural members mounted on the chassis frame through 'U' Bolts or out rigger brackets. The cross bearers transmit the body load to the chassis and also withstand the forces induced during the normal operation of the vehicle

The vehicle shall be placed on a platform in order to be rolled over on one side (Figure 8). This side for the roll over shall be the weaker of the two sides, as brought out during design type approval stage.

The position of the vehicle on the platform shall be such that when the platform is horizontal: The axis of rotation is parallel to the longitudinal axis of the vehicle,

The axis of rotation is 0 – 200mm from the vertical step between the two levels, The axis of rotation is 0 – 100mm from the side of the tyre at the widest axle,

The axis of rotation is 0-100 mm below the 0 – 100mm horizontal sitting plane on which the tyre stands and

The difference between the height of the horizontal sitting plane and the horizontal lower plane on which impact takes place shall not be less than 800 mm.




**Figure 8 Test Setup for Rollover Test**

Means shall be provided to prevent the vehicle moving along the longitudinal axis.

The test apparatus shall prevent the tyres from sliding sideways in the direction of the roll over by means of side walls.

The test apparatus shall ensure the simultaneous lifting of the axles of the vehicles.

The vehicle shall be lifted without rocking and without dynamic effects until it rolls over. The angular velocity shall not exceed 5 degree per second (0.087 rad/sec).

High speed photography, deformable templates or other suitable means shall be used to determine that the requirement has been met. This shall be verified at not less than two positions, nominally at the front and the rear of the passenger compartment, the exact positions being at the discretion of the test agency. Template shall be fixed to substantially non-deformable parts of the structure.

**8.6 Stability Test**

Test Requirements; When the surface on which the vehicle stands were tilted to both sides in turn at an angle of 28 degrees from the horizontal the vehicle shall not overturn.

**a. Test Condition**

For the purpose of test the vehicle, the unladen vehicle with addition of:

Load equal to 75 kg (68 kg standard mass of passenger + 7kgs luggage) shall be placed on each passenger and crew seat. Where vehicle is designed to carry standee passengers a load of 75 Kg. is placed with its centre of gravity at a height of 875 mm from the floor. The load shall be uniformly distributed.

Where vehicles are designed and constructed to carry luggage on the roof, a uniformly distributed mass not less than of 150 kg/ m2 representing the luggage, shall be secured to the roof.

Alternatively a calculation method may be used to prove that the vehicle will not overturn under above mentioned conditions. The Calculation method shall be approved by the test agency. The coach builder shall establish the validity of the calculation method to the satisfaction of the Test Agency on the basis of comparative test with a similar vehicle.

**b. Test Method**

The vehicle shall be subjected to test on a tilt test rig. Height of step used to prevent the vehicle from slipping sideways on the test rig shall not be greater than two third of the distance between the surface on which the vehicle stands and part of the rim of the wheel which is nearest to the surface in the untilted position as shown in Figure 9.




**Figure 9 Test Setup for Stability Test**

**c. Acceptance Criteria**

The stability of a vehicle shall be considered to comply with the requirement if the angle at which overturning occurs is greater than 28 degrees from the horizontal.

**8.7 Joint Strength Test**

Each body panel joint shall be capable of holding the body panel to the member to which it is joined when subjected to a force of 60% of the tensile strength of the weakest joined body panel as per the test procedure given below.

**8.8 Test Procedure**

Preparation of the test specimen: If a body panel joint is 203 mms long or longer, cut a test Specimen that consists of any randomly selected 203 mm segment of the joint, together with a portion of the bus body whose dimensions, to the extent permitted by the size of the joined parts, so that the specimen's centerline is perpendicular to the joint at the midpoint of the joint segment. Where the body panel joint is not fastened continuously, select the segment so that it does not bisect a spot weld or a discrete fastener.

If a joint is less than 203 mm long, cut a test specimen with enough of the adjacent material to permit it to be held in the tension testing machine specified in the guideline.

Prepare the test specimen in accordance with the preparation procedures specified in the 1973 edition of the Annual Book of ASTM Standards.

Determination of minimum allowable strength: For purposes of determining the tensile strengths of the joined body components as follows:

- Where the mechanical properties of a material are specified ASTM standards the relative tensile strength shall be equal to the minimum tensile strength specified in the corresponding ASTM Standards.
- Where the mechanical properties of a material are not specified in the ASTM standards, its tensile strength of representative sample from the bus body outside the area of the joint shall be taken for reference.

**9. TYPE APPROVAL AND COP PROCEDURE**

**9.1 Scope**

The Type Approval Procedure specified in this guideline is applicable to buses with a seating capacity of 14 passengers or above. The requirements also apply to the following vehicles except in respect of those provisions which are not compatible with the intended use and function of these vehicles:

- Buses all types
- Minibuses
- Special purpose buses: school buses, tourist service buses etc.

The system for approval of Prototype and Conformity to Production (COP) to comply with provisions with respect to the safety, strength and technical requirements specified in the Bus body building standards provided by the automobile manufactures or body building standards practiced in the country.

**9.2 Procedure for Type Approval**

The Type Approval shall be applicable to the following provisions for which compliance is sought by the vehicle manufacturer or Bus Body Builder as the case may be:

- Complete Vehicle Type Approval

- Bus Body Type Approval as a separate unit
- Vehicle Type Approval fitted with the Bus Body which is already type approved
- Prototype Type Approval of Vehicle and other aggregates / units

### 9.3 Application for Type Approval

The application for type approval shall be submitted to the test agency by the Vehicle Manufacturer / Bus Body Builder, with the description of the vehicle type (s) or body type (s) or the vehicle type fitted with an already approved body. This application shall be accompanied by the following documents, as applicable to the provisions for which compliance is sought.

- List of provisions for which compliance is sought /to be established.
- All the relevant information specified in the format "Information on Technical Specifications" to be submitted by Bus Body Builder given at last of this guidelines.
- Copies of certificates or test reports of compliance to various provisions, which may have already been obtained from other recognized Testing Agencies.
- Copies of test reports for other models/variants, if any, which can be used for establishing compliance of the model to be type approved, with a note explaining the details.
- Copy of certificate of incorporation of the manufacturer, if not already submitted.

In case of body builders, who have adopted any type tested designs provided by the chassis manufacturers, the body builder shall provide the necessary details and drawings of the chassis manufacturer, to the test agency for their consideration.

The specification of the bus body should have the approval of the registered Automobile or Mechanical engineer before it is submitted to the DoTM for the registration of modification of body. The overall process of type approval and process of registration is shown in Figure 10.




**Figure 10 Body Fabrication and Type Approval**

**9.4 Type Approval of Safety Components / Sub-Assemblies**

Type Approval of safety components including passenger seats and seat mountings, window sub-assembly, power operated service door, door components, luggage rack assembly etc. shall be obtained.

**9.5 Methods of Establishing Compliance**

Depending upon the provision, the compliance can be established by either comparison of the values declared in the Technical Specifications with those in the provisions of regulations, or checking the fitment of part(s) on the vehicle or by testing, as applicable.

**9.6 Certificate of Compliance (Type-Approval)**

After compliance is established for all the provisions, applicable to that model/variant(s), a Certificate of Compliance consolidating all applicable provisions shall be issued by the Testing Agency. The Brief Technical Specifications as declared by the manufacturer or body fabrication workshops shall be countersigned by the testing agency and shall be attached to the certificate of compliance.

**10. TECHNICAL SPECIFICATION FORM**

(To be submitted by the Vehicle Manufacturer / Body Builder to the Test Agency)

## Table 15 Technical Specification Form

| | |
|---|---|
| **1.0** | **Details of Coach Builder** |
| 1.1 | Builder's name & address : |
| 1.2 | Telephone No. |
| 1.3 | E mail address : |
| 1.4 | Contact person : |
| 1.5 | Name of model and variants : |
| 1.6 | Type and General commercial description (s) : |
| 1.7 | Plant/(s)of manufacture : |

| | |
|---|---|
| **2.0** | **Vehicle Chassis Characteristics** |
| 2.1 | Chassis types approved for Body installation: |
| 2.2 | Type of Control (normal control/Full forward control etc.) |
| 2.3 | Wheel base (s) : |
| 2.4 | Number of Axles and wheels : |
| 2.5 | Chassis (overall drawing) : |
| 2.6 | Frame Type : |
| 2.7 | Cross sectional view : |
| 2.8 | Dimensions: length and width : |
| 2.9 | Position and arrangement of engine : |
| 2.10 | Dimension (in mm) (Specify drawing reference) : |
| 2.11 | Length mm : |
| 2.12 | Width mm : |
| 2.13 | Height (Unladen) mm : |
| 2.14 | Wheel base mm : |
| 2.15 | Wheel track mm : |
| | Front : |
| | Rear : |
| 2.16 | Body overhang mm : |
| | Front end : |
| | Rear end : |
| 2.17 | Category of vehicle |

| | |
|---|---|
| **3.0** | **Body** |
| 3.1 | Type of Body: |
| | Type I, Type II, Type III. Type IV |
| 3.2 | Comfort Category |
| | SB, DLX, ACX |
| 3.3 | Dimension drawing and photograph of the vehicle with representative body |
| | Range of vehicle dimension (Overall): |
| 3.4 | Dimension drawing of the body depicting Chassis connecting members |
| 3.5 | Material used for construction: |
| 3.5.1 | Structural materials |
| 3.5.2 | Size of the section |
| 3.6 | Method of construction: |
| 3.7 | Area for passengers |
| | For Seated passengers |
| | For Standing passengers |
| 3.8 | Number of passengers |
| | Seated passengers |
| | Standing passengers |
| 3.9 | Passenger capacity including drivers |
| 3.10 | Number of Service doors : |
| 3.11 | Number of emergency exits : |
| 3.12 | Number of escape hatches : |
| 3.13 | Volume of luggage compartments(m3) : |
| 3.15 | Area of luggage Transportation on roof (m |
| **4.0** | **Clearance** |
| 4.1 | Minimum road clearance : |
| 4.2 | Road clearance from floor (for buses) : |
| **5.0** | **Weights** |
| 5.1 | Vehicle kerb weight kg : |
| | Front axle : |
| | Rear axle : |
| | Total : |
| 5.2 | Gross vehicle weight kg : |
| 5.3 | Maximum permissible axle weights kg |
| | Front axle |

| | |
|---|---|
| | Rear axle |
| 5.4 | Reference mass kg : |
| **6.0** | **Max. stable inclination** |
| | Left : |
| | Right: |
| **7.0** | **Tyres** |
| 7.1 | No, and arrangement of wheels |
| | Front: |
| | Rear |
| | Other: |
| 7.2 | Inflation pressure - Unladen : |
| | Front: |
| | Rear |
| | Other: |
| 7.3 | Inflation pressure - laden : |
| | Front: |
| | Rear |
| | Other: |
| **8.0** | **Body Panels** |
| 8.1 | Outer panels |
| | Materials |
| | Thickness |
| 8.2 | Inner panels |
| | Materials |
| | Thickness |
| 8.3 | Roof Panels |
| | Materials |
| | Thickness |
| 8.4 | Floor panels |
| | Materials |
| | Thickness |
| 8.5 | Type of anti-slip coating |
| **9.0** | **Service doors** |
| 9.1 | Number of service doors |
| 9.2 | Position of service doors |

| | |
|---|---|
| 9.3 | Dimension of service doors |
| 9.4 | Front |
| 9.5 | Rear |
| 9.6 | Middle |

| | |
|---|---|
| **10.0** | **Emergency Exit** |
| 10.1 | Number of Emergency doors |
| 10.2 | Position of emergency doors |
| 10.3 | Dimension of emergency doors |
| **11.0** | **Emergency window** |
| 11.1 | Number of Emergency doors |
| 11.2 | Position of emergency doors |
| 11.3 | Area of emergency window |
| **12.0** | **Escape Hatch** |
| 12.1 | Number of escape hatches |
| 12.2 | Position of escape hatches |
| **13.0** | **Steps** |
| 13.1 | Height of first step |
| 13.2 | Height of other steps |
| 13.3 | Depth of steps |
| 13.4 | Width: |
| 13.5 | Heights: |
| **14.0** | **Floor** |
| 14.1 | Floor Height from the ground |
| 14.2 | Slope of the floor |
| **15.0 Gangway** | **Gangway** |
| 15.1 | Height |
| 15.2 | Width (Diameter of gauging device-lower cylinder) |
| 15.3 | Width (diameter of gauging device-upper cylinder) |
| **16.0** | **Hand Rails and Handholds** |
| 16.1 | Position (attach dimension layout) |
| 16.2 | No. of handholds |
| 16.3 | Diameter of Handholds |
| 16.4 | Type of anti-slip coating/covering |
| **17.0** | **Step-well guard** |

| | |
|---|---|
| 17.1 | Height from the floor |
| 17.2 | Projection from the side wall |
| **18.0** | **Passenger seats** |
| 18.1 | Seat layout |
| 18.2 | Seat width |
| 18.3 | Width available for one seat |
| 18.4 | Height of backrest |
| 18.5 | Width of armrest |
| 18.6 | Depth of seat cushion (base) |
| 18.7 | Seat Spacing |
| 18.8 | Seat base height |
| 18.9 | Torso angle |
| 18.10 | Seat-base thickness |
| 18.11 | Seat back thickness |
| 18.12 | Clearance space for seated passengers facing partition |
| 18.13 | Free Height over seating position |

| | |
|---|---|
| **19.0** | **Cabin Luggage Rack** |
| 19.1 | Width from side wall : |
| 19.2 | Height from Roof |
| **20.0** | **Driver Partition :** |
| 20.1 | Dimension of partition with respect to rear edge of driver seat |
| **21.0** | **Driver area** |
| 21.1 | Width from the right side wall |
| 21.2 | Distance of driver partition from the driver seat back |
| 21.3 | Distance from H-point to Roof Top |
| 21.4 | Distance between Heel Point and H-Point |
| 21.5 | Distance of H-Point from Floor |
| 21.6 | Distance of lower end of steering wheel from driver seat back |
| 21.7 | Thigh clearance of Steering Wheel |

| | |
|---|---|
| **22** | **Safety glass** |
| 22.1 | Front wind shield (laminated) |
| 22.1.1 | Make and identification |
| 22.1.2 | Type (flat/curved, clear/tinted) |

| | |
|---|---|
| 22.1.3 | Thickness mm |
| 22.1.4 | No. of pieces |
| 22.1.5 | Radius of curvature (If curved) : |
| 22.2 | Side Windows : |
| 22.2.1 | Make and identification |
| 22.2.2 | Type(flat/curved, clear/tinted, toughened) |
| 22.2.3 | Thickness mm |
| 22.2.4 | Radius of curvature (If curved) : |
| 22.3 | Rear window |
| 22.3.1 | Make and identification |
| 22.3.2 | Type(flat/curved, clear/tinted, toughened) |
| 22.3.3 | Thickness mm : |
| 22.3.4 | Radius of curvature (If curved) : |

| | |
|---|---|
| **23.0** | **Rear view mirror** |
| 23.1 | Left : |
| 23.1.1 | Name of producer : |
| 23.1.2 | Type : |
| 23.1.3 | Dimension & radius of curvature |
| 23.2 | Right: |
| 23.2.1 | Name of producer |
| 23.2.2 | Type : |
| 23.2.3 | Dimension & radius of curvature : |
| 23.3 | Inside |
| 23.3.1 | Name of producer |
| 23.3.2 | Type |
| 23.3.3 | Dimension & radius of curvature |

| | |
|---|---|
| **24.0** | **Wind Screen Wiper** |
| 24.1 | Type : |
| 24.2 | No. of wipers |
| 24.2.1 | Name of manufacturer |
| 24.2.2 | Type and identification |
| 24.2.3 | Rated voltage |
| 24.2.3 | Frequency of wiping |

| | |
|---|---|
| 24.2.0 | Wiper arm |
| 24.2.1 | Length : |
| 24.2.2 | Manufacturer and Identification |
| 24.3.0 | Wiper blade |
| 24.3.1 | Length : |
| 24.3.2 | Manufacturer and Identification |
| 24.3.3 | Wind Screen Washer |
| 24.3.4 | Name of producer : |
| 24.3.5 | Number of nozzles : |
| 24.3.6 | Spray Area |

| | |
|---|---|
| **25.0** | **Equipment for occupant's safety** |
| 25.1 | Driver Seat belt |
| 25.1.1 | Name of producer |
| 25.1.2 | Type |
| 25.1.3 | Number |
| 25.2. | Driver Seat belt anchorage |
| 25.2.1 | Name of producer : |
| 25.2.2 | Type : |
| 25.2.3 | Number : |
| 25.3.0 | Head restraint |
| 25.3.1 | Name of producer |
| 25.3.2 | Type : |
| 25.4.0 | Passenger Seat |
| 25.4.1 | Name of producer : |
| 25.4.2 | Type |
| 25.4.3 | Frame structure Material |
| 25.4.4 | Section size: |
| 25.4.5 | Pad material : |
| 25.4.6 | Upholstery |

| | |
|---|---|
| **26.0** | **Bumper** |
| 26.1 | Size: Front: |
| | Rear: |
| 26.2 | Projection |
| 27.3 | Clearance between bumper & body |
| 33.0 | Fuel filler |
| 33.1 | Aperture |
| 33.2 | Position |
| 34.0 | Fire Extinguisher |
| 34.1 | Number |
| 34.2 | Type |
| 34.3 | Capacity |
| 34.4 | Name of Producer |
| 35.0 | First Aid Equipment |
| 35.1 | Number |
| 35.2 | Contents |
| 36.0 | Towing devices |
| 36.1 | Type |
| 36.2 | Name of manufacturer |
| 36.3 | Capacity |
| 37.0 | Number Plate lamp |
| 37.1 | Name of producer |
| 37.2 | Type and Identification |
| 37.3 | Number and colour |
| 38.0 | Tail lamp |
| 38.1 | Name of producer |
| 38.2 | Type and Identification |
| 38.3 | Number and colour : |
| 39.0 | Parking lamp |
| 39.1 | Front |
| 39.1.1 | Name of producer |
| 39.1.2 | Type and identification |
| 39.1.3 | Number and colour |
| 39.2 | Rear |

| | |
|---|---|
| 39.2.1 | Name of producer |
| 39.2.2 | Type and identification |
| 39.2.3 | Number and colour |

| | |
|---|---|
| **40.0** | **Stop Lamp** |
| 40.1 | Name of producer |
| 40.2 | Type and identification |
| 40.3 | Number and colour |
| **41.0** | **Reversing Lamp** |
| 41.1 | Name of producer |
| 41.2 | Type and identification |
| 41.3 | Number and colour |
| **42.0** | **Direction indicator** |
| 42.1 | Front |
| 42.1.1 | Name of producer |
| 42.1.2 | Type and identification |
| 42.1.3 | Number and colour |
| 42.2 | Rear |
| 42.2.1 | Name of producer |
| 42.2.2 | Type and identification |
| 42.2.3 | Number and colour |
| 42.3 | Side |
| 42.3.1 | Name of producer |
| 42.3.2 | Type and identification |
| 42.3.3 | Number and colour |

| | |
|---|---|
| **43.0** | **Emergency signaling equipment** |
| 43.1 | Front |
| 43.1.1 | Name of producer |
| 43.1.2 | Type and identification |
| 43.1.3 | Number and colour |
| 43.2 | Rear |
| 43.2.1 | Name of producer |
| 43.2.2 | Type and identification |
| 43.2.3 | Number and colour |

| | |
|---|---|
| 43.3 | side |
| 43.3.1 | Name of producer |
| 43.3.2 | Type and identification |
| 43.3.3 | Number and colour |
| **44.0** | **Reflector** |
| 44.1 | Front |
| 44.1.1 | Name of producer |
| 44.1.2 | Type and identification |
| 44.1.3 | Number and colour |
| 44.1.4 | Area |
| 44.2 | Rear |
| 44.2.1 | Name of producer |
| 44.2.2 | Type and identification |
| 44.2.3 | Number and colour |
| 44.2.4 | Area |
| 44.3 | Side : |
| 44.3.1 | Name of producer : |
| 44.3.2 | Type and Identification : |
| 44.3.3 | Number and colour : |
| 44.3.4 | Area : |

| | |
|---|---|
| **45.0** | **Top light** |
| 45.1 | Name of producer : |
| 45.2 | Type and Identification : |
| 45.3 | Number and colour : |
| 46.0 | Internal Lighting & Illumination |
| 46.1 | Driver Cab lighting : |
| 46.1.1 | Type : |
| 46.1.2 | Name of producer : |
| 46.1.3 | Number : |
| 46.1.4 | illumination intensity : |
| 46 .2 | Passenger Compartment Lighting |
| 46.2.1 | Type : |
| 46.2.2 | Name of producer : |
| 46.2.3 | Number : |

| | |
|---|---|
| 46.2.4 | Illumination intensity : |
| 46.3 | Other Area Lighting |
| 46.3.1 | Type : |
| 46.3.2 | Name of producer : |
| 46.3.3 | Number : |
| 46.3.4 | Illumination intensity : |
| **47.0** | **Electrical Circuit** |
| 47.1 | Circuit Diagram (attach details): |
| 46.3.1 | Type : |
| 46.3.2 | Name of producer : |
| 46.3.3 | Number : |
| 46.3.4 | Illumination intensity : |
| **47.0** | **Electrical Circuit** |
| 47.1 | Circuit Diagram (attach details): |
| | |

| | |
|---|---|
| **48.0** | **Electrical Cables** |
| 48.1 | Name of producer : |
| 48.2 | Conductor Cross section : |
| 48.3 | Insulation Class : |
| **49.0** | **Fuse** |
| 49.1 | Type & Make : |
| 49.2 | Name of producer : |
| 49.0 | Master switch for electrical : |
| 50.1 | Type & Make : |
| 50.2 | Name of producer: |
| 50.2 | Name of producer: |

# स्कूल बस निर्देशिका, २०७४

स्वीकृत मिति: २०७४/१२/१६

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा भएको प्रावधान अनुसार शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्ने उद्देश्यले संचालनमा ल्याएका सवारी साधनहरुले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो बनाउने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागले यो "स्कूल बस निर्देशिका, २०७४" जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "स्कूल बस निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागूहुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-**

(क) "स्कूल बस" भन्नाले सामुदायिक, संस्थागत वा अन्य निकायबाट संचालित शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई संचालन गरेका सवारी साधनलाई सम्झनुपर्दछ । यो शब्दले माइक्रोबस, मिनिबस, भ्यान, समेतलाई जनाउदँछ।

(ख) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्दछ ।

(ग) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनु पर्दछ।

**३. स्कूल बसको मापदण्ड विद्यालयले आफ्ना विद्यार्थीहरुको सुरक्षित किसिमले ओसारपसार गराउन संचालन गर्ने स्कूल बस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछः-**

(१) स्कूल बसको पहिचान निम्न मापदण्ड अनुसारको हुनुपर्नेछः-

(क) स्कूल बसको बाहिरको रंग पहेलो (Golden Yellow) हुनुपर्नेछ ।

(ख) स्कूल बसको अगाडि र पछाडि "School Bus" कालो रंगले लेखिएको हुनुपर्नेछ ।

(ग) यदि बस भाडामा लिएको भए स्कूलको नाम सहित "On School Duty" लेखिएको व्यानर वा बसको अगाडि र पछाडि देखिने गरी "School Bus" लेखिएको प्लेट हुनुपर्नेछ ।

(घ) स्कूलको परिचय खुल्ने गरी १५० मि.मी. उचाइको गोल्डेन ब्राउन रंगमा स्कूलको नाम दुबैपट्टी झ्यालको लेभल भन्दा तल लेख्नुपर्नेछ । साथै स्कूलको ठेगाना र फोन नम्बर पनि उल्लेख हुनुपर्नेछ ।

(ङ) स्कूल बसमा कालो रंगमा बसको अगाडि र पछाडि निम्न बसको चिन्ह' लेखिएको हुनुपर्नेछ।




(२)  स्कूल बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) आपतकालीन ढोका (Emergency Exits): सबै स्कूल बसहरुमा पछिल्लो आधा भागको दाहिनेतिर (Emergency Exits) को व्यवस्था हुनुपर्नेछ । यसका साथै बसको पछिल्लो भागमा हुने Emergency Exit Breakable Glass को हुनुपर्नेछ । Emergency Exit को तल्लो लेभल बसको भूँई सरहको र माथिल्लो लेभल झ्यालको माथिल्लो लेभल बरावरको हुनुपर्नेछ ।

(ख) सुरक्षा: स्कूल बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा Emergency Exit हरु बन्द गर्ने व्यवस्था गरी विद्यार्थीहरुको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ ।

(ग) झ्यालको ग्रिलः स्कूल बसको झ्यालमा कम्तिमा तीनवटा Horizontal Round Metal/Round Aluminum Tube को ग्रील स्कूल बसको दुवै साइडमा लगाइएको हुनुपर्नेछ ।

(घ) प्राथमिक उपचार बाकसः स्कूल बसमा देखिने ठाँउमा प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था हुनुपर्नेछ ।

(ङ) अग्नि नियन्त्रण उपकरणः बसमा देखिने ठाँउमा अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) राखिएको हुनुपर्नेछ ।

(च) फोहरको व्यवस्थाः प्रत्येक स्कूल बसमा अनिवार्य रुपमा फोहर फ्याक्ने टोकरी राखिएको हुनुपर्नेछ ।

(छ) बसको ढोकाको चुकुल (Door Lock): बसको ढोकामा भरपर्दो चुकुल प्रणाली भएको हुनुपर्नेछ।

(ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ ।

(झ) झ्यालको सिसाः झ्यालको सिसामा कुनै पनि किसिमको रंग लेपन नगरी पारदर्शी हुनुपर्नेछ ।

(ञ) बसको प्रवेशद्वारः स्कूल बसको प्रवेशद्वारको सबैभन्दा तल्लो सिढी जमिनमाथि ३०० मि.मि. भन्दा बढी हुनुहुदैन ।

(ट) बसको सिटहरुको अवस्थाः बसको सिटहरुको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनैपनि भागबाट तिखो वा धारिलो बस्तु बाहिर निस्किएको हुनुहुदैन ।

(ठ) स्कूल ब्याग तखता: स्कूल ब्याग सुरक्षित किसिमले राख्नका लागि बस भित्र स्कूल ब्याग तखताको व्यवस्था हुनुपर्नेछ ।

(ड) बस सिटको रेखांकन (Layout): सम्पूर्ण सिटहरु अगाडि फर्किएको (Forward Facing) हुनुपर्नेछ ।चढ्ने ओर्लने सिढी (Step well) को छेउको सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ ।

४. **स्कूल बस परिचालकः** स्कूल बसमा परिचालकको व्यवस्था हुनुपर्नेछ ।

५. **सिट संख्या र बसको क्षमताः** स्कूल बसले बसको सिट संख्या अनुसार देहायको संख्यामा विद्यार्थी ओसारपसार गर्न पाउने छन्:-

(क) १२ वर्षभन्दा मुनिका विद्यार्थीलाई बसको सिट क्षमताभन्दा १.५ गुणा विद्यार्थी ओसारपसार गर्न सकिनेछ ।

(ख) १२ वर्षभन्दा माथिका विद्यार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राख्नुपर्नेछ ।

६. **स्कूल बसमा विद्यार्थीहरुको विवरणः**

(क) प्रत्येक विद्यार्थीहरुको लागि स्कूल बसको नम्बर, रुट र बिसौनी उल्लेख गरेको विद्यार्थीको तस्बीर सहितको परिचय पत्र जारी गरेको हुनुपर्नेछ ।

(ख) बस चालकले विद्यार्थीहरुको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ ।

(ग) सूचीमा विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह, रोक्नु पर्ने बिसौनी उल्लेख हुनुपर्नेछ।

(घ) बसमा बस संचालनको मार्ग तालिका तथा समय सारिणी टाँस गरेको हुनुपर्नेछ ।

७. **बसको गति सीमित हुनुपर्नेः** स्कूल बस कुनै पनि किसिमले अधिकतम ४० कि. मि. (चालिस किलोमिटर ) प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाईने छैन ।

८. **स्टप चिन्ह (Stop Sign) :** बसको परिचालकले चाहिएको बेलामा विद्यार्थीहरुलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (Stop Sign) बस भित्र राखिएको हुनुपर्नेछ ।

९. **धुम्रपान तथा मध्यपान गर्न नपाईने :** स्कूल बसमा कसैले पनि धुम्रपान तथा मध्यपान गर्न पाईने छैन।

१०. **बालश्रम निषेधः** स्कूल बस संचालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईने छैन ।

११. **स्कूल बस चालक तथा परिचालक सम्वन्धी व्यवस्थाः**

(क) स्कूल बसका चालक तथा परिचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

(ख) स्कूल बसका चालक तथा परिचालकले सम्बन्धित स्कूलले तोके बमोजिमको पोशाक र परिचय पत्र अनिवार्य लगाउनु पर्नेछ ।

**१२. विद्यालयको दायित्वः**

(क) अनुभवि चालकको व्यवस्था गर्ने ।

(ख) प्रत्येक विद्यार्थी एबं चालकलाई जान्ने गरी सामान्य ट्राफिक नियमका बारेमा समय समयमा जानकारी गराउनुपर्नेछ ।

(ग) स्कूल बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

(घ) विद्यालयले भाडाका बस लिदा नियमित रुट (बाटो) बाहेक सवारी संचालन गर्नु परेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

(ङ) विद्यालयले विद्यार्थी ओसार पसारमा प्रयोग हुने प्रत्येक स्कूल बसको यातायात व्यवस्था कार्यालयमा (दर्ता) गराई अद्यावधिक गराउनुपर्नेछ ।

(च) बस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर लेखेको हुनुपर्नेछ।

**१३. सवारी चालकको दायित्व:**

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधनसंग सम्बन्धित सबै किसिमका कागजातहरु (सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, सवारी जाचपासपत्र) साथमा राख्नुपर्नेछ ।

(ख) तोके बमोजिमको पोशाक र परिचय पत्र लगाएको हुनुपर्नेछ ।

(ग) चालकले कुनै पनि अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति बोक्न पाइने छैन।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ ।

(ङ) सडकमा सवारी चलाउदा अत्यावश्यक सेवाका सवारीसाधनलाई प्राथमिकता दिनुपर्नेछ।

(च) चालकले सदैव एकजना परिचालक साथमै लिइ हिड्नुपर्नेछ ।

(छ) चालकले कुनै अभिभावक विद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

(ज) सवारी चलाएको अवस्थामा मोबाईल वा इयरफोन (Earphone) को प्रयोग गर्न पाईने छैन ।

(झ) कुनै पनि यौनजन्य दुर्व्यवहार नगर्ने नगराउने ।

**१४. अभिभावक र विद्यार्थीको दायित्व:**

**१) अभिभावकको दायित्व:**

(क) सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

(ख) विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विद्यार्थीहरुलाई पुरयाउनु तथा ल्याउनु पर्नेछ ।

(ग) पूर्व प्राथमिक तहका विद्यार्थीहरुको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुरयाउनु तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउनु पर्नेछ ।

(घ) चालकले सवारी नियम तथा यस निर्देशिका विपरीत सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नु पर्नेछ ।

(ङ) अभिभावकले चालकसंग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुदैन ।

(च) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नु हुदैन ।

**२) विद्यार्थीहरुको दायित्व:**

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहर नगर्ने, आपसमा मिलेर वस्ने, झ्यालबाट फोहोर नफाल्ने र चालकसंग भद्र व्यवहार गर्ने दायित्व सम्बन्धित विद्यार्थीको हुनेछ ।

(ख) चालकले सवारी नियम उल्लघंन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

(ग) ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्ग दर्शकको भूमिका निर्वाह गर्ने ।

**१५. अनुगमन**: यो निर्देशिका पालना गरे नगरेको विषयमा यातायात व्यवस्था विभाग वा मातहतका कार्यालयहरु वा अधिकार प्रत्यायोजन भएका निकायहरुले अनुगमन गर्नेछन् ।

**१६. विविधः**

(क) निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिए यातायात व्यवस्था विभागको निर्णय अन्तिम हुनेछ ।

(ख) निर्देशिकामा भएको व्यवस्थाहरु उल्लङ्घन गरिएको पाईएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारवाही हुनेछ ।

(ग) यो निर्देशिका अन्य कुनै प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन ।

# सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क) मा साठी वर्ष उमेर पूरा भएको नेपाली नागरिकलाई ज्येष्ठ नागरिक भनी परिभाषा गरेको र सोही ऐनको दफा ९ को उपदफा (२) मा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको सार्वजनिक सवारीमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकलाई दुईवटा सीट सुरक्षित गरी निजलाई ५० प्रतिशत भाडा छुट दिनुपर्नेछ भन्ने व्यवस्था भएकोले,

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।१२।२४ मा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा ९ को उपदफा (२) को व्यवस्थालाई सार्वजनिक सूचना प्रकाशित गरी यथाशीघ्र कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाइ लागू गर्नु भनी परमादेश समेत जारी भएकोले,

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरू प्रति श्रद्धा, आदर र सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ जारी भएकोले ।

माथि उल्लेखित उद्देश्य एवं व्यवस्थाहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नको लागि कार्यविधि बनाउन वाञ्छनीय भएकोले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नो कार्यक्षेत्र भित्र परेको सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा प्रदान गर्न देहायको कार्यविधि बनाई लागू गरेको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो कार्यविधिको संक्षिप्त नाम "सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०" रहेको छ।

(२) यो कार्यविधि २०७० साल असोज १ गते देखि प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ सम्झनुपर्दछ।

(ग) "सार्वजनिक सवारी साधन" भन्नाले लामो, मध्यम तथा छोटो दूरीमा चल्ने बस तथा मिनी बस सम्झनुपर्दछ।

(घ) "विभाग" भन्नाले यातायात व्यवस्था विभाग सम्झनुपर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनुपर्दछ।

**३. <u>छुट र सुविधा दिनुपर्ने</u>** : (१) सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले साठी वर्ष उमेर पूरा भएको नेपाली ज्येष्ठ नागरिकका निम्ति कम्तीमा दुईवटा सीट सुरक्षित राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित गरिएको सीटमा यात्रा गर्ने कम्तीमा दुई जना ज्येष्ठ नागरिकलाई सम्बन्धित सवारी धनी वा सञ्चालकले यात्री भाडा दरमा पचास प्रतिशत छुट दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम ज्येष्ठ नागरिकलाई सुविधा प्रदान गर्दा पहिला आउनेलाई पहिलो प्राथमिकता दिने व्यवस्था सम्बन्धित सार्वजनिक सवारी साधनको धनी वा सञ्चालकले मिलाउनु पर्नेछ।

(४) यस दफा बमोजिम छुट पाउने ज्येष्ठ नागरिक बाहेकका अन्य ज्येष्ठ नागरिकलाई यात्रा गर्दा सम्भव भएसम्म सिटमा राखी यात्रा गराउनु सम्बन्धित सवारी धनी वा सञ्चालकको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम प्राप्त गर्ने छुट र सुविधाको लागि सम्बन्धित ज्येष्ठ नागरिक यात्रीको उमेर खुलेको नेपाली नागरिकताको प्रमाणपत्र वा निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र वा पेन्सनपट्टा वा महिला तथा बालबालिका कार्यालयले जारी गरेको ज्येष्ठ नागरिक परिचयपत्र वा सवारी चालक अनुमतिपत्र मध्ये कुनै एउटा प्रमाणपत्रलाई आधार मानिनेछ।

(६) यस दफा बमोजिम दिइने छुट र सुविधाका सम्बन्धमा मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको मितिदेखि लागू हुने गरी कार्यान्वयन गर्नेछ।

**४. <u>समन्वय समितिको गठन</u>** : (१) कार्यविधिको दफा ३ बमोजिम ज्येष्ठ नागरिकलाई छुट र सुविधा प्रदान गरिए नगरिएको सम्बन्धमा केन्द्रीयस्तरमा अनुगमन गर्न देहाय बमोजिम एक अनुगमन समिति रहनेछ।

(क) यातायात व्यवस्था विभाग महानिर्देशक — संयोजक

(ख) मन्त्रालयका यातायात व्यवस्था शाखाका प्रमुख — सदस्य

(ग) प्रतिनिधि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ — सदस्य

(घ) महानगरीय ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरिक्षक — सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ — सदस्य

(च) अधिकृत प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय — सदस्य

(२) संयोजकले तोकेको विभागको अधिकृत कर्मचारीले केन्द्रीय अनुगमन समितिको सचिव भई कार्य गर्नेछ।

(३) स्थानीय स्तरमा अनुगमन गर्नको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी — संयोजक

(ख) सम्बन्धित यातायात कार्यालय प्रमुख — सदस्य

(ग) जिल्ला प्रहरी कार्यालय प्रमुख — सदस्य

(घ) जिल्ला ट्राफिक कार्यालय प्रमुख — सदस्य

(ङ) नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले तोकेको सम्बन्धित जिल्लाको यातायात व्यवसायी प्रतिनिधि — सदस्य

(च) महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय — सदस्य सचिव

(४) यस दफा बमोजिम गठन भएको अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। तर एक बैठक र अर्को बैठक बीचको फरक ६ महिना भन्दा बढी हुने छैन।

**५. <u>केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> :** समग्र मुलुक भर ऐन, नियम तथा यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिकले छुट एवं सुविधा पाए नपाएको सम्बन्धमा समीक्षा गर्ने, अनुगमन गर्ने गराउने, स्थानीय अनुगमन समितिलाई आवश्यक सुझाव एवं निर्देशन दिने तथा ज्येष्ठ नागरिकलाई छुट एवं सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले गर्नुपर्ने कार्यहरूका सम्बन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार सुझाव दिनु वा सिफारिस गर्नु केन्द्रीय समन्वय समितिको प्रमुख कार्य हुनेछ।

६. **स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(१) ऐन, नियम तथा यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिकले छुट एवं सुविधा पाए नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(२) अनुगमनको सिलसिलामा ज्येष्ठ नागरिकले तोकिए बमोजिमका छुट सुविधा सहज रूपमा प्राप्त गर्न नसकेको पाइएमा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरूलाई ध्यानाकर्षण गराई कार्यान्वयन गर्ने गराउने,

(३) ज्येष्ठ नागरिकबाट छुट सुविधाका सम्बन्धमा कुनै गुनासो एवं उजुरी प्राप्त हुन आएमा सो उपर आवश्यक सुनुवाइ गरी त्यस्तो गुनासो एवं उजुरी उपर आवश्यक कारबाही गर्ने,

(४) ज्येष्ठ नागरिक र सम्बन्धित सवारी साधनको धनी वा सञ्चालकका बीच कुनै विवाद उत्पन्न भएमा मध्यस्थता गरी विवादको निरूपण गर्ने गराउने,

(५) ज्येष्ठ नागरिकको सम्मान र संरक्षणको कर्तव्यबोध प्रति सचेतना जगाउन आवश्यक व्यवस्था मिलाउने,

(६) सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई राज्यको तर्फबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा पुनरावलोकन गरी कार्यान्वयनका लागि केन्द्रीय समन्वय समिति समक्ष सिफारिस गर्ने,

(७) मन्त्रालय एवं केन्द्रीय समन्वय समितिबाट प्राप्त निर्देशन, निर्णय एवं सुझावको कार्यान्वयन गर्ने गराउने,

(८) उपरोक्त कार्यहरूका सम्बन्धमा भएका अन्य विविध काम कारबाहीहरू गर्ने गराउने।

७. **ज्येष्ठ नागरिकलाई दिइने थप सुविधा सम्बन्धमा** : ज्येष्ठ नागरिकलाई यस कार्यविधिमा उल्लेखित सुविधाका अतिरिक्त सम्बन्धित सवारी धनी वा सञ्चालकको सहमतिमा मन्त्रालयले अन्य थप सुविधा प्रदान गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

८. **छुट र सुविधा दिने दायित्व सम्बन्धित सवारी साधन धनी वा सञ्चालकको हुने** :— यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिकलाई दिइने छुट र सुविधा प्रदान गर्ने दायित्व सार्वजनिक सवारी साधनका धनी वा सञ्चालकको हुनेछ। साथै विभागले सार्वजनिक सवारी साधनको भाडा वृद्धि गर्दा भाडा वृद्धि सम्बन्धी सूचकहरूमा यस सुविधालाई समेत गणना गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

९. **<u>जरिवाना सम्बन्धी व्यवस्था</u>** : विभागबाट अनुगमन हुँदा ज्येष्ठ नागरिकका लागि आरक्षण नगरेको पाइएमा र यस कार्यविधि बमोजिमको छुट सुविधा नदिएको पाइएमा विभागले सवारी धनी वा सञ्चालकलाई ऐन तथा नियमावली अनुसार जरिवाना गर्न सक्नेछ।

१०. **<u>कार्यविधिमा हेरफेर गर्न सकिने</u>** : यस कार्यविधिमा भएका व्यवस्थाहरूलाई हेरफेर गर्नुपर्ने भएमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको परामर्शमा वा नेपाल सरकारको निर्देशनमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

# सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षास्थलमा जडित सिसिटिभी क्यामरा सञ्चालन कार्यविधि, २०६८

प्रस्तावना :

यातायात व्यवस्था कार्यालयहरूले सञ्चालन गर्ने सवारी चालक अनुमतिपत्र (लाईसेन्स) को प्रयोगात्मक परीक्षा मर्यादित र पारदर्शी बनाउन प्रयोगात्मक परीक्षास्थलमा परीक्षण मूल्याङ्कनको लागि सिसिटिभी क्यामरा जडान गरी परीक्षा प्रणालीलाई व्यवस्थित गर्न सिसिटिभी सञ्चालन कार्यविधि, २०६८ लागू गरिएको छ । यो कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "सिसिटिभी सञ्चालन कार्यविधि, २०६८" रहेको छ ।

ख) यो कार्यविधि श्रम तथा यातायात व्यवस्था मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) 'सिसिटिभी' भन्नाले 'ट्रायल स्थालमा जडित सिसिटिभी क्यामराहरू, त्यसका प्राविधिक उपकरणहरूतथाविभाग र कार्यालयमा रहेको गतिविधि नियाल्ने कम्प्युटर सिस्टम समेत' सम्झनु पर्छ ।

(ख) 'ऐन' भन्नाले 'सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (संशोधन सहित)' सम्झनु पर्छ ।

(ग) 'नियमावली' भन्नाले 'सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (संशोधन सहित)'सम्झनु पर्छ ।

(घ) 'विभाग' भन्नाले 'यातायात व्यवस्था विभाग' सम्झनु पर्छ ।

(ङ) 'कार्यालय' भन्नाले 'सम्बन्धित अञ्चल यातायात व्यवस्था कार्याल (बागमतीको हकमा या.व्य.कार्यालय सवारी चालक अनुमतिपत्र बागमती)' सम्झनु पर्छ ।

(च) 'समिति' भन्नाले ऐनको दफा १५६ अनुसार गठित परीक्षा समिति सम्झनु पर्छ ।

(छ) 'कार्यविधि निर्देशिका' भन्नाले 'यातायात व्यवस्था विभाग एवम् कार्यालयहरूबाट सम्पन्न गरिने कार्यहरूको कार्यविधि निर्देशिका २०६०' सम्झनु पर्छ।

(ज) 'अनुमतिपत्र निर्देशिका' भन्नाले 'सवारी चालक अनुमतिपत्र निर्देशिका, २०६०' सम्झनु पर्छ।

(झ) 'महानिर्देशक' भन्नाले 'यातायात व्यवस्था विभागका महानिर्देशक' सम्झनु पर्छ।

(ञ) 'तोकिएको अधिकृत' भन्नाले 'यातायात व्यवस्था विभागका महानिर्देशकबाट अधिकार प्रत्यायोजित भई तोकिएका अधिकृत' सम्झनु पर्छ।

(ट) 'कार्यालय प्रमुख' भन्नाले 'सम्बन्धित यातायात व्यवस्था कार्यालयका प्रमुख' सम्झनु पर्छ।

(ठ) 'वर्ग क' भन्नाले 'मोटरसाईकल, स्कुटर र मोपेड भनिने सवारी' सम्झनु पर्छ।

(ड) 'वर्ग ख' भन्नाले 'कार, जिप र डेलिभरी भ्यान भनिने सवारी' सम्झनु पर्छ।

(ढ) 'वर्ग ग' भन्नाले 'टेम्पो र अटोरिक्सा भनिने सवारी' सम्झनु पर्छ।

(ण) 'वर्ग घ' भन्नाले पावर टिलर भनिने सवारी सम्झनु पर्छ।

(त) 'वर्ग ङ' भन्नाले ट्रयाक्टर भनिने सवारी सम्झनु पर्छ।

(थ) 'वर्ग च' भन्नाले मिनीबस, मिनीट्रक भनिने सवारी सम्झनु पर्छ।

(द) 'वर्ग छ' भन्नाले ट्रक, बस र लहरी भनिने सवारी सम्झनु पर्छ।

**३. <u>सिसिटिभी जडान</u> :**

(१) सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको प्रत्यक्ष अनुगमन गरी प्रयोगात्मक परीक्षालाई भरपर्दो र विश्वसनीय बनाउन प्रत्येक यातायात व्यवस्था कार्यालयमा क्रमश: सिसिटिभी जडान गरिनेछ।

(२) परीक्षा प्रणालीमा रहेका मानवीय त्रुटी तथा कमजोरीलाई हटाउन समय सापेक्ष यान्त्रिकीकरण गरी प्रयोगात्मक परीक्षामा खटिने कर्मचारीलाई अझ बढी जिम्मेवार बनाई प्रयोगात्मक परीक्षामा हुन सक्ने अनियमिततालाई नियन्त्रण गरिनेछ।

(३) सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्दै परीक्षा समितिको निर्णय प्रक्रियालाई छिटो, छरितो र सहज बनाई पारदर्शिता कायम गर्न सिसिटिभी जडान र स्तरोन्नती गरिनेछ।

**४. <u>कार्यविधिको व्याख्या र बचाउ</u> :**

(१) यस कार्यविधिको व्याख्या विभागले गरे बमोजिम हुनेछ। कार्यविधिले निर्दिष्ट गरे बमोजिमको कार्य गर्दा वा सो को कार्यान्वयनको क्रममा सम्बन्धित कसैलाई कुनै किसिमको द्विविधा पर्न

गए उक्त विषय विभाग समक्ष पेश गर्नुपर्नेछ । यस निर्देशिकामा उल्लेख नभएका विषयका सम्बन्धमा ऐन, नियमावली, निर्देशिका एवं परिपत्रमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) यस कार्यविधिले थप गर्ने व्यवस्थाहरू "यातायात व्यवस्था विभाग एवं कार्यालयहरूबाट सम्पन्न गरिने कार्यहरूको कार्यविधि निर्देशिका २०६०" र 'सवारी चालक अनुमतिपत्र निर्देशिका, २०६०' मै थप भएको बुझ्नुपर्नेछ । यस कार्यविधिले थप गरेका व्यवस्थाहरू सोही निर्देशिका हरूको अभिन्न अङ्ग हुनेछन् ।

**५. आवश्यक संशोधन र थपघट गर्न सकिने** :

विभागले यस कार्यविधिमा रहेका प्रावधानहरूमा आवश्यक संशोधन तथा थपघट गर्न सक्नेछ ।

**६. कार्यविधि पालन गर्नुपर्ने** :

(१) यस कार्यविधि लागू हुँदाका बखत यातायात व्यवस्था कार्यालयहरूले सञ्चालन गर्ने प्रयोगात्मक परीक्षास्थलमा जडान गरिसकेका सिसिटिभी यसै कार्यविधि बमोजिम जडान भएको मानिने छन् ।

(२) यो कार्यविधिको प्रयोग यातायात व्यवस्था विभाग तथा यातायात व्यवस्था कार्यालय (बागमतीको हकमा यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र बागमती) का कर्मचारीहरूले गर्ने छन् । बजेट व्यवस्था भई भविष्यमा जडान हुन सक्ने थप यातायात व्यवस्था कार्यालयका प्रयोगात्मक स्थलमा समेत सिसिटिभी जडान गरी यसै कार्यविधिको प्रयोग गर्नुपर्नेछ ।

(३) यस कार्यविधि लागू भइसके पश्चात् यस कार्यविधिमा उल्लेखित प्रावधानहरू पालना गर्नुपर्ने सबै सम्बन्धित कर्मचारी तथा सेवाग्राही लगायत अन्य सरोकारवालाहरूको कर्तव्य हुनेछ । यसो नगर्ने कर्मचारीलाई विभागीय कार्यवाही हुनेछ ।

**७. प्रयोगात्मक परीक्षा र सिसिटिभी संचालन संचालन विधि** :

(१) चालक अनुमतिपत्र प्राप्त गर्नका लागि निर्देशिका बमोजिम पर्न आएका दरखास्तहरुलाई व्यवस्थित गरी परीक्षा समितिले सोही निर्देशिका बमोजिम लिखित परीक्षा संचालन गर्ने, सफल उम्मेदवारको सूची प्रकाशित गरी अन्तरवार्ता सहितको प्रयोगात्मक परीक्षाका लागि स्थान, समय र मिति निर्धारण गर्नुपर्नेछ।

(२) सिसिटिभी संचालन संयन्त्रले सिसिटिभी छायांकन क्षेत्र (Coverage Area) निर्धारण गरिदिनेछ, सोही क्षेत्र भित्र पर्ने गरी मात्र प्रयोगात्मक परीक्षाको सम्पूर्ण गतिविधि गर्नुपर्नेछ।

(३) प्रयोगात्मक परीक्षा संचालन गर्नुपूर्व सिसिटिभीको पूर्ण चेक जाँच गरी त्यसलाई चालु गराई मात्र प्रयोगात्मक परीक्षा संचालन गर्नुपर्नेछ। सिसिटिभीमा प्राविधिक वा अन्य समस्या आई कार्य नगर्ने परिस्थितिमा सिसिटिभी संचालन संयन्त्रको निर्णय लिई परीक्षा समितिले परीक्षा स्थगित गरी विभागमा समेत जानकारी गराउनुपर्नेछ।

**८. परीक्षार्थीको पहिचान हुनुपर्ने :**

(१) कुनै पनि परीक्षार्थीले प्रयोगात्मक परीक्षा दिंदा कसले दिईरहेको हो भन्ने बुझिने गरी व्यवस्थित गर्नुपर्नेछ। परीक्षार्थीलाई परीक्षाको लागि आमन्त्रित गर्दा आमन्त्रण गर्ने कर्मचारीले निजको संकेत नं लेखिएको प्ले कार्ड (प्लेट) देखाई निजलाई परीक्षाका लागि आमन्त्रित गर्नुपर्नेछ। यसरी आमन्त्रित परीक्षार्थीले सिसिटिभीले खिच्न सक्ने गरी तोकिएको ठाउँमा सवारी रोकी निर्दिष्ट विन्दुमा उभिई आफ्नो अनुहार सिसिटिभीमा देखाउनुपर्नेछ। यसका साथै देहाय बमोजिम निजको पहिचान खुल्न सक्ने अनुसूची-१ मा उल्लेख भएको ढाँचा अनुसार हुनेगरी परीक्षा दिने व्यवस्था मिलाउनुपर्नेछ।

(२) वर्ग 'क' को प्रयोगात्मक परीक्षा दिने परीक्षार्थीको हकमा सिन्थेटीक (लेखेर मेट्न मिल्ने) को कार्डमा मार्कर पेनले परीक्षार्थीको नाम र संकेत नं. ठूलो अक्षरले नेपालीमा लेखी उक्त कार्डलाई डोरीको सहायताले परीक्षार्थीको शरीरमा एप्रोन झै हुने गरी शरीरको पछाडिपट्टी बाँध्ने।

(३) वर्ग "ख" "ग" "घ" "ङ" "च" को प्रयोगात्मक परीक्षा दिने परीक्षार्थीको हकमा सिन्थेटीक (लेखेर मेट्न मिल्ने) कार्डमा मार्कर पेनले परीक्षार्थीको नाम र संकेत नं. ठूलो अक्षरले नेपालीमा लेखी सवारी साधनको अगाडि पछाडिको सिसा वा छतमा टाँस्ने वा बाँध्ने।

(४) प्रयोगात्मक परीक्षास्थलमा परीक्षा समितिका पदाधिकारी उपस्थित भई प्रयोगात्मक परीक्षा संचालन गर्नुपर्नेछ। परीक्षास्थलका सबै गतिविधिहरुप्रति परीक्षा समिति नै जिम्मेवार र उत्तरदायी हुनुपर्नेछ।

(५) कुनै पनि परीक्षार्थीले प्रयोगात्मक परीक्षा सम्पन्न गर्ने बित्तिकै अवलोकनमा रहेका अधिकार प्राप्त कर्मचारीवा कर्मचारीहरुले निज सफल वा असफल भएको निक्यौंल गरी सफल हुनेलाई हरीयो झण्डा र असफल हुनेलाई रातो झण्डा देखाई दिनुपर्नेछ।

(६) परीक्षा संग संगै परीक्षा समितिले परीक्षार्थीको प्रवेश पत्र तथा आफ्नो चेक लिष्ट (रेकर्ड) मा परीक्षार्थी

सफल वा असफल भएको चिन्ह लगाउँदै जानुपर्नेछ। यस्तो चेक लिष्ट र परीक्षा समितिको अन्तिम निर्णय परीक्षा संचालन भएको प्रत्येक दिन विभागमा उपलब्ध गराउनुपर्नेछ।

(७) परीक्षा समितिले परीक्षाफल प्रकाशन गर्दा त्यस परीक्षाको चेकलिस्ट संग सिसिटिभी रेकर्ड भिडाई सो को आधारमा निर्णय गर्नुपर्नेछ।

**९. सिसिटिभीको व्यवस्थापन** :

(१) दफा ७ को उपदफा (२) र (३) बमोजिमका काठमाडौं उपत्यकाका दुवै प्रयोगात्मक परीक्षास्थलहरुका जडान भएको सिसिटिभी क्यामराको दृष्य दुवै स्थानबाट संचारित हुँदै यातायात व्यवस्था विभाग र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र बागमतीका रहेका कम्प्युटर सर्भरहरुमा पुग्नेछ। भविष्यमा अन्य कार्यालयहरुका प्रयोगात्मक परीक्षास्थलमा जडान हुने सिसिटिभी मार्फत पनि सम्बन्धित कार्यालय र विभागको कम्प्युटर सर्भरमा दृष्य पुग्ने व्यवस्था गर्नुपर्नेछ।

(२) यातायात व्यवस्था विभागमा महानिर्देशकको कार्यकक्षमा र कार्यालयहरुमा कार्यालय प्रमुखको कार्यकक्षमा सिसिटिभी मनिटर (कम्प्युटर सर्भर) रहनेछ। परीक्षाको सम्पूर्ण गतिविधि यहीबाट निगरानी हुनेछ । प्रयोगात्मक परीक्षास्थलहरुमा हाल (Online) भएको र परीक्षा भएका (Offline Recorded) गतिविधिहरु माथि उल्लेखित दुईस्थानबाट मात्र निगरानी गर्न सकिनेछ।

(३) प्रयोगात्मक परीक्षा संचालन भएको प्रत्येक दिनको सबै गतिविधिहरु परीक्षास्थलमा रहेका सिसिटिभी क्यामराले रेकर्ड गरी यातायात व्यवस्था कार्यालयले कम्तीमा छ महिनासम्मका दृष्यहरु सुरक्षित राखी त्यसको अभिलेख समेत राख्नुपर्नेछ।

**१०. सिसिटिभी संचालन संयन्त्र** :

(१) सिसिटिभीको संचालनलाई व्यवस्थित गर्न सम्बन्धित कार्यालयका कार्यालय प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको संयन्त्र रहनेछ । सिसिटिभी सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी यस संयन्त्रमा रहनेछ।

(क) कार्यालय प्रमुख - संयोजक

(ख) स.चा.अ. शाखाका प्रशासन अधिकृत/कर्मचारी (१) - सदस्य

(ग) कार्यालयका स.चा.अ.शाखाका प्राविधिक अधिकृत/कर्मचारी (१) - सदस्य

(घ) कार्यालय प्रमुखबाट तोकिएका अन्य कर्मचारी एकजना - सदस्य

(ङ) कार्यालयका सूचना प्रविधि (कम्प्युटर) कर्मचारी एकजना -सदस्य सचिव

## ११. <u>सिसिटिभी संचालन संयन्त्रको काम, कर्तव्य र अधिकार</u> :

सिसिटिभी संचालन संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रयोगात्मक परीक्षास्थलहरुमा रहेका क्यामरा, त्यसको नेटवर्किङ तथा विभाग र कार्यालयमा रहेका सर्भरहरुको संचालन, रेखदेख र संरक्षण गर्ने ।

(ख) ट्रायलस्थलमा सिसिटिभी छायांकन स्थल क्षेत्र (Coverage Area) निर्धारण गर्ने ।

(ग) ट्रायलस्थलका सवारी रोक्ने र परीक्षार्थीको अनुहार हेर्ने निर्दिष्ट विन्दुको निर्धारण गर्ने ।

(घ) सिसिटिभीका सम्पूर्ण उपकरणहरुको संचालनमा समयानुकूल नयाँ आयाम थप गर्ने ।

(ङ) प्रत्येक परीक्षामा रेकर्ड भएका दृश्यहरुको संग्रह गरी त्यसको अभिलेख राख्ने ।

(च) सिसिटिभीले कार्य नगरी परीक्षा स्थगित गर्नुपरेमा त्यसको निर्णय गरी विभागलाई जानकारी दिने ।

(छ) प्रयोगात्मक परीक्षा सम्बन्धमा अनुसूची-२ बमोजिमको ढाँचामा पर्न आएका गुनासो, उजुरी सम्बन्धमा सिसिटिभीको अभिलेख हेरी सोको निर्णय गर्ने ।

(ज) यस संयन्त्रले गरेका निर्णयहरु उपर सम्बन्धित गुनासोकर्तालाई चित्त नबुझेमा निजको उजुरी/गुनासो, परीक्षा समितिले निर्णय तथा सिसिटिभी संचालन संयन्त्रको निर्णय समेत संलग्न गरी विभाग (सिसिटिभी अनुगमन संयन्त्र) मा पठाउने ।

(झ) प्रयोगात्मक परीक्षास्थलमा कर्मचारी, परीक्षार्थी वा अन्य कोही कसैबाट कुनै अवाञ्छित गतिविधि वा कृयाकलाप भएका पाईएमा निजलाई कारवाही गर्ने ।

(ञ) प्रत्येक महिना संयन्त्रको समिक्षा बैठक राखी आईपरेका समस्याहरु समाधान गर्ने, तथा त्यसको प्रगति विवरण तयार गरी अनुसूची-३ बमोजिमको ढाँचामा विभागमा पठाउने ।

(ट) यस कार्यविधिमा संशोधन, परिमार्जन गर्नुपर्ने देखिएमा त्यसको कारण सहित विभागमा सिफारिस गर्ने।

## १२. <u>गुनासो व्यवस्थापन पुनर्निर्णय</u> :

(१) प्रयोगात्मक परीक्षाको क्रममा नतिजा उपर चित्त नबुझि वा प्रयोगात्मक परीक्षाको क्रममा भएका कुनै क्रियाकलाप उपर (उत्तीर्ण भएका परीक्षार्थीलाई अनुत्तीर्ण भनिएको तथा अनुत्तीर्ण

भएकालाई उत्तीर्ण भनिएको भनी) सरोकारवाला कोही कसैलाई चित्त नबुझी त्यसको उजुरी गर्न चाहेमा सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिसिटिभी संचालन संयन्त्रले अनुसूची-२ अनुसारको ढाँचामा त्यस्ता उजुरी लिने व्यवस्था मिलाउनु पर्नेछ।

(२) प्राप्त उजुरी वा गुनासोलाई सिसिटिभी संचालन समयन्त्रले सिसिटिभीमा रेकर्ड भएका गतिविधिको आधारमा परीक्षा समितिसंग समेत राय लिई पहिला भएको निर्णयलाई ठिक भयो भएन भनी त्यस्ता गुनासो सम्बन्धमा निर्णय आवश्यकतानुसार पुनर्निर्णय समेत गरी सम्बन्धित गुनासोकर्तालाई त्यसको जानकारी दिनुपर्नेछ। संयन्त्रले आवश्यक ठानेमा निजलाई सिसिटिभीमा अभिलेखित दृश्य देखाई दिन सक्नेछ।

(३) सिसिटिभीमा अभिलेखित भएको अभिलेखबाट अवाञ्छित क्रियाकलापहरु भएको देखिएमा कार्यालय प्रमुखले परीक्षामा सम्मिलित कर्मचारी, परीक्षार्थी वा अन्य लाई आवश्यक कारवाही गर्ने वा कारवाहीको सिफारिस गर्न सक्नेछ।

(४) यस दफा बमोजिमका कार्यहरु ठीकसँग भए नभएको बारेमा अनुगमन गर्नका लागि विभागबाट सिसिटिभी अनुगमन संयन्त्रले समय समयमा त्यसको अनुगमन गरी आवश्यक निर्देशन दिने कार्य गर्नेछ।

**१३. <u>सिसिटिभी अनुगमन संयन्त्र</u>** :

सिसिटिभी संचालनको अनुगमन गर्न देहाय बमोजिम अनुगमन संयन्त्रको गठन हुनेछ :

(क) महानिर्देशक - संयोजक

(ख) विभागका प्रशासन हेर्ने निर्देशक - सदस्य

(ग) विभागका प्राविधिक निर्देशक - सदस्य

(घ) विभागका प्रशासन शाखाका शाखा अधिकृत - सदस्य

(ङ) विभागका मेकानिकल ईन्जिनियर - सदस्य

(च) विभागका सवारी चालक अनुमतिपत्र शाखाका अधिकृत/कर्मचारी - सदस्य

(छ) विभागका सूचना प्रविधि (कम्प्यूटर) अधिकृत/कर्मचारी - सदस्य सचिव

**१४. <u>सिसिटिभी अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार</u>** :

अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कार्यालयहरुले संचालन गर्ने प्रयोगात्मक परीक्षाको गतिविधिहरु सिसिटिभीबाट अनुगमन गरी आवश्यक निर्देशन दिने।

(२) यस कार्यविधि बमोजिम तोक्नुपर्ने ढाँचा तथा नमूनाहरु तोक्ने, त्यसको आवश्यक परिमार्जन र परिष्करण गर्ने।

(३) कार्यालयहरुबाट सिसिटिभी सम्बन्धमा माग भएका निर्देशनहरु दिने तथा यस कार्यविधिको व्यवस्थाहरुको व्याख्या गर्ने।

(४) यस कार्यविधि बमोजिम स्थापित भएका र भविष्यमा स्थापित हुने सिसिटिभी प्रणालीको केन्द्रीयस्तरबाट अनुगमन गर्ने।

(५) सिसिटिभी संचालन संयन्त्रले गरेका निर्णयहरु उपर कसैलाई चित्त नबुझी अनुगमन संयन्त्रमा निवेदन

पर्न आएमा सिसिटिभी अभिलेख हेरी त्यसको अन्तिम निर्णय दिने।

(६) यस कार्यविधिमा समय समयमा आवश्यक संशोधन परिमार्जन भएमा सम्बन्धित कार्यालयलाई त्यसको जानकारी दिने।

(७) कार्यालयहरुबाट प्राप्त हुने सिसिटिभीसम्बन्धी विवरण तथा तथ्याहरुको मासिक प्रगतिलाई अभिलेख गर्ने।

**१५. विविध** :

(१) सिसिटिभीसँग सम्बन्धित सम्पूर्ण उपकरणहरुको संरक्षण गर्नु परीक्षासँग सम्बन्धित सबै कर्मचारी, परीक्षार्थीका साथै सबै सरोकारवालाको हुनेछ। यस सम्बन्धी उपकरणहरुमा कोही कसैले नियतवस कुनै क्षति पुऱ्याएमा उक्त कार्य दण्डनीय हुनेछ।

Any beam, high or low can be tested for any type of headlamp for the purpose of measuring the luminous intensity of the headlamps. Usually the luminous intensity is measured concurrently by the headlamp tester while measuring the aim of the beam.

| Components | Reasons for Failure |
|---|---|
| Low Beam (Dipped Beam) Luminous Intensity of Each Head Lamp | 1. Less than 15000 candela or more than 30000 candela |
| High Beam Luminous Intensity of Each Head | 2. More than 100,000 candela<br>3. In case of 4 headlamps, total |

| | |
|---|---|
| Lamp | luminous intensity of all headlamps exceeds 200,000 candela |

**8. SUSPENSION PERFORMANCE**

The front wheels of the vehicle should be driven into the Suspension Tester and suspension performance measurement should be carried out as per the instructions of the tester manufacturer.

The rear wheels of the vehicle should be driven into the Suspension Tester and suspension performance measurement should be carried out as per the instructions of the tester manufacturer.

| Components | Reasons for Failure |
|---|---|
| Front Suspension Performance | 4. More than 35% imbalance in right and left suspension. |
| Rear Wheel Suspension Performance | 5. More than 35% imbalance in right and left suspension. |

**9. HORN INTENSITY**

Method of testing:

a) The sound level meter should be placed at a height of 1 m from the ground level facing the center of the vehicle's front part, at a distance of 7.5m from the front end of the vehicle.

b) The horn should be pressed fully for about 30 seconds.

c) The maximum reading of the sound level meter should be noted.

| Component | Reasons for Failure |
|---|---|
| Horn intensity | 1. The horn intensity is below 90 dB or above 112 dB |

# सवारी प्रदूषण परीक्षण निर्देशिका, २०७४

**स्वीकृत मितिः २०७४/१२/१६**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ (छ) मा भएको व्यवस्था बमोजिम सवारीको यान्त्रिक स्थिति संग सम्बन्धित उत्सर्जनलाइ नियन्त्रण गर्ने उद्देश्यले सवारीको जांचपास तथा प्राविधिक परीक्षण गर्ने कार्यलाई व्यवस्थित तथा एकरुपता ल्याउन सवारी तथा यातायात व्यवस्था नियामवली, २०५४ को नियम ६२ (१) ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागले " सवारी उत्सर्जन परीक्षण निर्देशिका, २०७४" जारी गरेको छ । यो निर्देशिका सबै प्रकारका इन्धन (पेट्रोल, डिजेल, सी. एन. जी., एल. पी. जी.) बाट चल्ने सवारी साधनको परीक्षणको लागि हुने छ ।

१. यो निर्देशिका यातायात व्यवस्था विभागबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. सार्वजनिक तथा निजी सवारीको प्रदूषण परीक्षण तथा अनुगमन गर्ने प्रयोजनका लागि मापदण्ड निम्न अनुसारको हुने छः

## 1. Diesel Emission:

Before performing the proper emission test by connecting the smoke meter to the vehicle, it should be ensured through visual inspection that the emission control system is complete and properly connected and there are no leaks in the exhaust system.

### 1.1 Visual Pre-Test Checks:

i. With the engine off condition: engine oil level, water coolant level, condition of cam shaft belt should be checked.
ii. With the engine running: engine warning light, engine oil pressure, engine temperature and any obvious engine defects should be checked.
iii. The engine should be warmed before smoke test by normal driving and not by idling or half throttling.
iv. The emission test should not be performed when the oil level is well over the dipstick "Full" mark or the oil level is below the minimum level and engine purge is necessary.

v. When the vehicle is producing excessively black smoke such that it is liable to damage the smoke meter, the vehicle should be failed without carrying out the normal smoke test.

### 1.2 Emission Test:

Before starting the emission test it should be made sure that the emission control system is complete and properly connected and there are no leaks in the exhaust system.

i. With the engine at normal operating temperature, the engine speed should be raised slowly to 2500rpm or half the engine manufacturer's recommended governed speed whichever is less and held for 20 seconds to purge the exhaust system. If the engine emits any unusual noises, the test should be abandoned. The engine rpm should be slowly raised to its maximum. If the governor does not operate within the manufacturer's recommended rpm setting, the test should be discontinued.

ii. The smoke meter should be connected to the vehicle as per the smoke meter manufacturer's instructions. The accelerometer should be depressed firmly from the idling position to the maximum fuel delivery position. The first reading is to be ignored. The operation should be repeated for the second time and if the second reading is less than 70% of the acceptable limit, the test is ended. If the second reading is more than 70% of the acceptable limit the operation should be repeated for the third time. The average of the second and third reading should be tested against the acceptable limit. If the average so found is not within the limit the test can be repeated for maximum of three more times and the average of the last two readings should be compared against the acceptable limit.

iii. When the engine is at correct operating temperature and is correctly purged but the first three readings are above 95% HSU, the emission test may be aborted.

iv. Where the engine speed of a vehicle is limited when it is stationary the smoke test may be carried out at the restricted rpm.

| Components | Reasons for Failure |
|---|---|
| Preliminary Inspection | 1. Engine oil level too high or too low, coolant level too low<br>2. Apparent engine defects<br>3. The maximum attainable engine speed is less than 90% of the |

| | |
|---|---|
| | maximum speed specified by the manufacturer.<br>4. The Emission Control System is leaking, incomplete or incorrectly assembled<br>5. The exhaust smoke is excessively black and is likely to cause nuisance to other road users |
| Exhaust Smoke | 6. Smoke meter reading in HSU of k- coefficient is not in accordance with that prescribed in the emission standard. |

**2. Emission from Spark Ignition Engines:**

i. It should be ensured by visual inspection that the emission control system is complete and properly connected and there are no leaks in the exhaust system.

ii. Emission test is not carried out if the oil warning light is on when the engine is running or oil level is below the minimum level or the oil level is above the maximum level.

iii. With the engine at normal operating temperature, the gas analyzer should be connected as per the manufacturer's instructions.

**2.1 For Vehicles with Mechanical Air Fuel Mixing System:**

The exhaust analyzer should be connected to the vehicle with the engine at normal operating temperature and the engine speed at normal idling. The readings for HC and CO should be noted.

**2.2 For Vehicles with Electronic Air Fuel Mixing System:**

The exhaust analyzer should be connected to the vehicle with the engine at normal operating temperature. The engine speed should be raised to approximately 2500 rpm and maintained there for 180 seconds. The readings for HC and CO should be noted.

For LPG operated vehicles: The HC reading should be divided by Propane/Hexane equivalent factor (PEF) marked on the test equipment.

| Components | Reasons for Failure |
|---|---|
| Preliminary Checks | 1. Exhaust system is leaking |

| | |
|---|---|
| | 2. The Emission Control System is leaking, incomplete or incorrectly assembled<br>3. Engine Idle Speed incorrect (not within ±100 rpm or +10% of manufacture's specified idling speed whichever is greater) |
| Exhaust Smoke | 4. The carbon monoxide (CO) or hydrocarbon (HC) volumetric level is higher than the maximum permissible limit prescribed in the standard. |

# सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४

**स्वीकृत मितिः २०७४/१२/१६**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५९ मा प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप सञ्चालन गर्न अनुमति लिनुपर्ने व्यवस्था भए अनुसार सवारी चालक प्रशिक्षण केन्द्र संचालन गर्दा अनुमति लिने र दिने प्रक्रियामा एकरुपता ल्याई प्रभावकारी अनुगमन गर्नको लागि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७४/१२/७ गतेको सैद्धान्तिक सहमति अनुसार यातायात व्यवस्था विभागबाट "सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०६९" लाई संसोधन गरी यो निर्देशिका जारी गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

(१) यो निर्देशिकाको नाम "सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४” रहने छ।

(२) यो निर्देशिका यातायात व्यवस्था विभागले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः-

(क) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्छ।

(ख) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्छ ।

(ग) "विभाग" भन्नाले यातायात व्यवस्था विभागलाई सम्झनुपर्छ।

(घ) “कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "प्रशिक्षण केन्द्र" भन्नाले सवारी चालक तयार गर्ने उद्देश्य राखी यस निर्देशिका बमोजिम दर्ता भएका सैद्धान्तिक तथा प्रयोगात्मक तालिम दिने फर्म, संस्था वा कम्पनीलाई सम्झनुपर्छ ।

(च) "प्रशिक्षण" भन्नाले सवारी चालक अनुमति पत्रप्राप्त गर्नका लागि विभागले तोकेको पाठ्यक्रम अनुसारको सैद्धान्तिक ज्ञान तथा प्रयोगात्मक सीप सिकाईने कार्यलाई सम्झनुपर्छ ।

(छ) "प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot)" भन्नाले यस निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड अनुसार बनाइएको प्रयोगात्मक प्रशिक्षण स्थललाई सम्झनुपर्छ ।

(ज) "सडक सम्बन्धी निकाय" भन्नाले प्रशिक्षण केन्द्र दर्ता भएको स्थान वा प्रयोगात्मक प्रशिक्षण गरिने सार्वजनिक सडक संग सम्बन्धित निकायलाई सम्झनुपर्छ ।

(झ) "सम्बन्धित कार्यालय" भन्नाले प्रशिक्षण केन्द्र दर्ता भएको यातायात व्यवस्था कार्यालयलाई सम्झनुपर्छ ।

(ञ) “प्राविधिक प्रतिवेदन” भन्नाले सवारी चालक प्रशिक्षण केन्द्र दर्ता तथा संचालन गर्नका लागि यस निर्देशिकामा तोकिएको भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड पूरा भएको प्रमाणित गरी दर्तावाल इन्जिनियरले अनुसूची (८) अनुसार तयार पारेको प्रतिवेदनलाई सम्झनु पर्छ ।

(ट) “दर्तावाल इन्जिनियर” भन्नाले नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको सिभिल/ अटोमोबाइल इन्जिनियर वा मेकानिकल इन्जिनियरलाई सम्झनु पर्छ ।

(ठ) "Heavy Equipment" भन्नाले मोबाइल क्रेन, डोजर, बिटुमिन Distributor, एक्स्क्याभेटर, फोर्कलिफ्ट ट्रक, मोटर ग्रेडर, चिप्स स्प्रेडर, पाईल ड्राइभर, लोडर, रोड मार्किङ मेशिन, रोलर, ब्रिज इन्सपेक्सन इक्विपमेन्ट, पटहोल प्याचर लगायतका अर्थमुभर तथा अन्य निर्माण उपकरणलाई सम्झनु पर्छ ।

**३. प्रशिक्षण केन्द्रको वर्गीकरण**

(क) **वर्ग "क" (मोटरसाइकल तथा स्कुटर चालक प्रशिक्षण केन्द्र):** यस निर्देशिकाको अनुसूची ६ मा तोकिएको पाठ्यक्रम अनुसार दुई पाङ्ग्रे सवारी साधनहरू जस्तैः मोटरसाइकल, स्कूटर तथा मोपेड चालकहरूका लागि सैद्धान्तिक तथा प्रयोगात्मक तालिम प्रदान गर्ने प्रशिक्षण केन्द्रलाई वर्ग "क" (मोटरसाइकल तथा स्कूटर चालक प्रशिक्षण केन्द्र) प्रशिक्षण केन्द्र भनिनेछ

(ख) **वर्ग "ख" (तीन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी साधन चालक प्रशिक्षण केन्द्र):** यस निर्देशिकाको अनुसूची ५ मा तोकिएको पाठ्यक्रम अनुसार तीन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी साधनहरू जस्तैः टेम्पो, कार, जीप तथा भ्यान चालकहरूका लागि सैद्धान्तिक तथा प्रयोगात्मक तालिम प्रदान गर्ने प्रशिक्षण केन्द्रलाई वर्ग "ख" (तीन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी साधन चालक प्रशिक्षण केन्द्र) प्रशिक्षण केन्द्र भनिनेछ

(ग) **वर्ग "ग" (ठूला तथा मझौला सवारी चालक प्रशिक्षण केन्द्र):** यस निर्देशिकाको अनुसूची ५ मा तोकिएको पाठ्यक्रम अनुसार ठूला सवारी (ट्रक तथा बस) र मझौला सवारी (मिनिबस तथा मिनिट्रक तथा माइक्रोबस) चालकहरूका लागि सैद्धान्तिक तथा प्रयोगात्मक तालिम प्रदान गर्ने प्रशिक्षण केन्द्रलाई वर्ग "ग" (ठूला तथा मझौला सवारी चालक प्रशिक्षण केन्द्र) प्रशिक्षण केन्द्र भनिनेछ ।

(घ) **वर्ग "घ" (Heavy Equipment चालक प्रशिक्षण केन्द्र):** यस निर्देशिकाको प्रकरण ३ (घ) अनुसारको सवारी (जस्तैः Heavy Equipment जस्तैः roller, dozer, excavator, loader, crane तथा अन्य निर्माण कार्यमा प्रयोग हुने सवारी) चालक अनुमतिको लागि लिइने परिक्षाको लागि सैद्धान्तिक तथा प्रयोगात्मक तालिम प्रदान गर्ने प्रशिक्षण केन्द्रलाई वर्ग "घ" (Heavy Equipment चालक प्रशिक्षण केन्द्र) प्रशिक्षण केन्द्र भनिनेछ।

## ४ प्रशिक्षण केन्द्र दर्ता

(१) प्रशिक्षण केन्द्र दर्ता गर्दा एक वा एक भन्दा बढी वर्गको लागि दर्ता वा वर्ग थप पनि गर्न सकिनेछ

(२) प्रशिक्षण केन्द्र दर्ता गर्दा निम्न बमोजिमका कागजात पेश गर्नुपर्ने छ

(क) सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को अनुसूची ५९ को ढाँचामा निवेदन र निवेदक तथा संचालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) कम्पनी दर्ता गरेको हकमा दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र उद्योगको हकमा दर्ताको प्रमाणपत्र वा साझेदारी वा निजी ऐन अन्तर्गत दर्ता भए उद्योग दर्ता प्रमाणपत्र ।

(ग) स्थायी लेखा नम्बर / मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि ।

(घ) म न पा / उ म न पा / न पा / गा पा बाट सिफारिस पत्र, साँध संधियारको सर्जमिन मुचुल्का अनिवार्य पेश गर्नुपर्ने ।

(ङ) काम गर्ने प्राविधिक तथा अन्य कामदार तथा कर्मचारीहरूको विवरण अनुसारको योग्यता र अनुभव खुलेको रोजगार सम्झौता पत्र सहितका कागजातहरू ।

(च) प्रशिक्षण केन्द्रको लागि प्रयोग हुने कार्यालय भवन, कक्षाकोठा र प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) बनाउन आवश्यक पर्ने जमिनको लालपुर्जा/ भाडा वा घर बहाल सम्झौता सम्बन्धी कागजात

(छ) प्रशिक्षणको लागि प्रयोग हुने सवारी साधनको सवारी दर्ता प्रमाणपत्र सहितका कागजातको प्रतिलिपि

(ज) यस निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड पूरा भएको प्राविधिक प्रतिवेदन

(झ) सवारी साधन प्रशिक्षण केन्द्रको नाममा नभएमा भाडामा लिने सवारी साधनको सवारी धनीसंग कम्तिमा एक वर्ष अवधिको लागि सवारी प्रयोग सकिने सम्झौता पत्र

**५ प्रशिक्षण केन्द्रबाट जारी हुने प्रमाणपत्र**

(१) प्रशिक्षण केन्द्रबाट यस निर्देशिकाको प्रकरण ३ बमोजिम जुन वर्गमा दर्ता भएको हो सोही वर्गको प्रमाणपत्र मात्र जारी गर्नुपर्नेछ ।

(२) प्रशिक्षण केन्द्रबाट जारी गरिने प्रमाण पत्रको ढांचा यस निर्देशिकाको अनुसूची १ मा उल्लेख भए अनुसारको हुनेछ ।

**६. प्रशिक्षण केन्द्रको ठाउँसारी गर्दा जानकारी दिनुपर्नेः**

(१) कुनैपनि प्रशिक्षण केन्द्र अनुमति पाएको स्थानबाट अन्य स्थानमा सार्नु परेमा सोको पूर्व-स्वीकृति सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट लिनुपर्नेछ । ठाउँसारीको अनुमति नलिई सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न पाइने छैन ।

(२) प्रशिक्षण केन्द्रले शाखा खोल्न पाइने छैन ।

**७. प्रशिक्षण केन्द्र दर्ता गर्दा प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को लागि निम्न शर्तहरू पालना गर्नुपर्नेछः**

**(क)** एउटा प्रयोगात्मक स्थल (Trial Spot) मा **एक मात्र** प्रशिक्षण केन्द्र दर्ता हुनेछ।

**(ख)** एउटा प्रयोगात्मक स्थल देखाई एकभन्दा बढी प्रशिक्षण केन्द्र यसअघि दर्ता भइसकेको भए, जसको नाममा उल्लेखित प्रयोगात्मक स्थल निर्माण र जग्गा सम्झौता भएको छ, **सोही संस्थाको मात्र प्रशिक्षण केन्द्र कायम राखी** दर्ता गरिनेछ र अन्य प्रशिक्षण केन्द्रको दर्ता खारेज हुनेछ ।

**(ग)** प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) मा निम्न किसिमका परीक्षणहरूको पूर्वाधार निर्माण गरी रेखांकन गरेको हुनुपर्नेछ :

१) Figure 8- Test (अङ्ग्रेजी अक्षर '८' आकारको परीक्षण)

२) Narrow Plank Test (साँघुरो फलेक परीक्षण - वर्ग “क” को लागि मात्र)

३) U-Turn Test (यु-टर्न परीक्षण)

४) Traffic Light Test (ट्राफिक लाइट परीक्षण)

५) Speed Breaker (Bumpy Test) (स्पिड ब्रेकर / उबडखाबड सडक परीक्षण)

६) Ramp Test (ascending and descending Test) (उकालो र ओरालो परीक्षण)

(७) Garage Parking Test (ग्यारेज पार्किङ परीक्षण - वर्ग “ख” र वर्ग “ग” को लागि)

**(घ)** वर्ग “ख” को प्रयोगात्मक परीक्षाको लागि न्यूनतम लम्बाई ३३९५ मि. मि., चौडाई १४९० मि. मि. र उचाई १४७५ मि. मि. भएको सवारीलाई प्रयोग गरिनेछ ।

(ङ) वर्ग “घ” (Heavy Equipment को चालक) को प्रयोगात्मक परीक्षाको लागि निम्न अनुसारले गर्नुपर्नेछः-

१) यस प्रकारको चालक अनुमति पत्रको लागि मौखिक र प्रयोगात्मक परीक्षा मात्र हुनेछ

२) यस प्रकारको चालक अनुमति पत्रको लागि परीक्षण स्थल परीक्षा समितिले तोके अनुसार हुनेछ

३) आवश्यकता परेमा परीक्षा समितिले सम्बन्धित Heavy Equipment सम्बन्धी विज्ञलाई परीक्षामा आमन्त्रित गर्न सक्नेछ

४) Heavy Equipment सवारी चालक अनुमति पत्रको लागि स्वीकृत प्राप्त प्रशिक्षण केन्द्रबाट कम्तिमा तीस घण्टा (पन्ध्र दिनको अवधी) को तालिम प्राप्त गरेको प्रमाण पत्र वा हेभी इक्युपमेन्ट संचालन गर्ने गराउने पूर्ण सरकारी संस्था बाट कम्तिमा एक वर्ष अवधिको काम गरेको सिफारिश पत्र पेश गर्नुपर्नेछ

५) मौखिक परीक्षाः प्रशिक्षार्थीलाई Heavy Equipment को बारेमा आधारभूत ज्ञानको बारेमा सोधिनेछ

- Heavy Equipment को इन्जिन तथा अन्य भागको बारेमा जानकारी र पहिचान
- Heavy Equipment को प्रकार र कामको प्रकृति सम्बन्धी,
- Heavy Equipment को सञ्चालन तथा सामान्य मर्मत सम्बन्धी
- सवारी चालक सम्बन्धी ऐन तथा नियम सम्बन्धी,
- निर्माण स्थलमा गर्नुपर्ने सडक सुरक्षा सम्बन्धी ।

**६) प्रयोगात्मक परीक्षाः प्रशिक्षार्थीले Heavy Equipment इन्जिन स्टार्ट गरी निम्न अनुसारको प्रयोगात्मक परीक्षा दिनुपर्नेछ**

- Heavy Equipment स्टार्ट गरी कम्तिमा ५० मिटर अगाडि र पछाडि(ब्याक) चलाउने,
- Heavy Equipment को प्रयोग गरी कम्तिमा १५ मिनेट भित्र तीन पटक दोहोरो कार्य सम्पन्न गर्ने (जस्तैः Roller ले कम्प्याक्सन; Dozer ले माटो हटाउने; Excavator ले माटो खनेर लोड तथा अनलोड गर्ने आदि

(च) प्रयोगात्मक प्रशिक्षण स्थलको मापदण्ड तथा Layout **अनुसूची-२, अनुसूची-३ र अनुसूची-४** मा उल्लेख भए अनुसारको ढाँचाको हुनुपर्नेछ ।

**८. प्रशिक्षण केन्द्रले प्रशिक्षण प्रयोजनका लागि प्रयोग गर्ने सवारी साधनहरूको मापदण्ड निम्न अनुसारको हुनेछः**

(१) दुई (२) पाङ्ग्रे सवारी साधन (मोटरसाइकल तथा स्कुटर) को लागि

(क) मोटरसाइकल कम्तिमा १२४ सी.सी. र स्कुटर कम्तिमा ९६ सी.सी. क्षमताको हुनुपर्नेछ ।

(ख) सवारी साधनको स्वरूप परिवर्तन (Modification) गर्न पाइने छैन ।

(ग) सवारीको अगाडिपट्टि सम्बन्धित प्रशिक्षण केन्द्रको नाम अनिवार्य राख्नुपर्नेछ ।

(घ) पछाडिपट्टिको नम्बर प्लेटसँगै कम्तिमा ८" × ६" (८ इन्च बाइ ६ इन्च) को 'L' त्रिकोणात्मक संकेत राख्नुपर्नेछ ।

(ङ) नियमित कर तिरेको तथा नवीकरण गरेको कागजात हुनुपर्नेछ।

(च) अवधि सहितको तेस्रो पक्ष बीमा (Third-Party Insurance) अनिवार्य रूपमा गरिएको हुनुपर्नेछ ।

(२) तीन पाङ्ग्रे वा चार पाङ्ग्रे र अन्य सवारी

(क) सवारी साधनको क्षमता सम्बन्धमाः

१) चार पाङ्ग्रे सवारी साधन कम्तिमा ७९६ सी.सी. क्षमताको हुनुपर्नेछ ।

२) विद्युतीय तीन पाङ्ग्रे सवारी साधन कम्तिमा १००० वाट क्षमताको हुनुपर्नेछ ।

३) पेट्रोलबाट चल्ने तीन पाङ्ग्रे सवारी साधन कम्तिमा २०० सी.सी. क्षमताको हुनुपर्नेछ ।

(ख) सवारी साधनको अगाडि र पछाडि कम्तिमा १' × ०.५' (१ फिट बाइ ०.५ फिट) को संकेत 'L' त्रिकोणात्मक प्लेटमा स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

(ग) सवारी साधनमा Seat Belt दुरुस्त अवस्थामा भएको हुनुपर्नेछ ।

(घ) सम्बन्धित सवारी साधनको नियमित मर्मत सम्भार गरी चालु अवस्थामा राखेको हुनुपर्नेछ ।

(ङ) अवधि सहितको तेस्रो पक्ष बीमा (Third-Party Insurance) अनिवार्य रूपमा गरिएको हुनुपर्नेछ ।

(च) १० वर्षभन्दा पुराना सवारी साधन प्रशिक्षण कार्यमा प्रयोग गर्न पाइने छैन ।

(छ) सवारी साधनमा डबल ब्रेक (Double Brake) र डबल क्लच (Double Clutch) राखेको हुनुपर्नेछ ।

(ज) प्रशिक्षण प्रयोजनको सवारी साधनको बायाँपट्टि सम्बन्धित प्रशिक्षण केन्द्रको नाम, टेलिफोन तथा ठेगाना स्पष्ट बुझिने गरी लेखिएको हुनुपर्नेछ ।

**९. प्रशिक्षणको लागि प्रयोग हुने सवारी साधनः**

(१) प्रकरण ८ अनुसारको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

(२) प्रशिक्षण केन्द्र दर्ता गर्ने बेला पेश गरेको विवरणमा उल्लेख भएका सवारी साधन मात्र प्रयोग गर्नुपर्नेछ । विवरण बाहेकका अन्य सवारी साधन प्रयोग गर्नु परेमा सम्बन्धित यातायात व्यवस्था कार्यालयको दर्ता किताबको विवरण अद्यावधिक गराई स्वीकृति लिनुपर्नेछ ।

**१०. प्रशिक्षण केन्द्रको भौतिक पूर्वाधार तथा मानवीय संसाधन सम्बन्धी मापदण्डः**

(१) प्रशिक्षण केन्द्रहरूले देहाय बमोजिमको भौतिक पूर्वाधार तथा मानवीय संसाधन सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

| क.स. | प्रशिक्षण केन्द्रको प्रकार | भौतिक पूर्वाधार तथा Layout को मापदण्ड | मानवीय संसाधन |
|---|---|---|---|
| १ | वर्ग "क" (दुई पाङ्ग्रे सवारी साधन चालक प्रशिक्षण केन्द्र) | • प्रशिक्षण प्रयोजनका लागि कम्तिमा पाँच वटा मोटरसाइकल वा स्कुटर हुनुपर्ने ।<br>• सडक सीमा भन्दा बाहिर हुनुपर्ने ।<br>• प्रयोगात्मक तालिमको लागि प्रयोग हुने सवारी साधनको संख्या<br>• को आधारमा पार्किङ गर्न पर्याप्त स्थान हुनुपर्ने ।<br>• सैद्धान्तिक ज्ञानको प्रशिक्षण गराउनका लागि कम्तिमा १८ वर्ग मिटर क्षेत्रफल भएको कक्षाकोठा हुनुपर्ने । प्रशिक्षणको लागि दृश्य-श्रव्य (Audio-Visual) शिक्षण सामग्रीको जडान भएको हुनुपर्ने ।<br>• प्रशासनिक तथा व्यवस्थापकीय प्रयोजनका लागि कम्तिमा १५ वर्ग मिटरको एउटा कोठा हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को लागि कम्तिमा ५५० वर्ग मिटर क्षेत्रफल भएको जग्गामा अनुसूची-२ मा उल्लेख भएको नाप अनुसारको Layout हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को वरिपरि पर्खाल वा तारवारको कम्पाउण्ड भएको हुनुपर्ने ।<br>• सबै किसिमका सडक/ट्राफिक संकेतहरू हुनुपर्ने ।<br>• प्रशिक्षण केन्द्रको ढल तथा फोहोरको उचित व्यवस्थापन भएको हुनुपर्ने । | • कम्तिमा २ जना प्रशिक्षक हुनुपर्ने।<br>•प्रशिक्षकले प्रशिक्षण दिनुपर्ने वर्गको सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्ष सवारी चलाएको तथा प्रशिक्षण सम्बन्धी अनुभव भएको हुनुपर्ने। |

| | | | |
|---|---|---|---|
| | | • महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्ने ।<br>• प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने ।<br>• पिउने पानीको उचित व्यवस्था हुनुपर्ने ।<br>• अग्नि नियन्त्रण (Fire Extinguisher) को व्यवस्था हुनुपर्ने । | |
| २ | वर्ग "ख" (तीन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी साधन चालक प्रशिक्षण केन्द्र) | • प्रशिक्षण प्रयोजनका लागि कम्तिमा तीन वटा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन हुनुपर्ने।<br>• सडक सीमा भन्दा बाहिर हुनुपर्ने ।<br>• प्रशिक्षण केन्द्रको प्रयोगात्मक प्रशिक्षण स्थलमा जानको लागि कम्तिमा ४.० मिटर चौडा भएको बाटो हुनुपर्ने।<br>• प्रयोगात्मक तालिमको लागि प्रयोग हुने सवारी साधनको संख्याको आधारमा पार्किङ गर्न पर्याप्त स्थान हुनुपर्ने ।<br>• सैद्धान्तिक ज्ञानको प्रशिक्षण गराउनका लागि कम्तिमा १८ वर्ग मिटरको कक्षाकोठा हुनुपर्ने । प्रशिक्षणको लागि दृश्य-श्रव्य (Audio-Visual) शिक्षण सामग्री जडान भएको हुनुपर्ने ।<br>• प्रशासनिक तथा व्यवस्थापकीय प्रयोजनका लागि कम्तिमा १५ वर्ग मिटरको एउटा कोठा हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को लागि कम्तिमा १२८० वर्ग मिटर क्षेत्रफल भएको जग्गामा | • प्रशिक्षक ४ जना र मेकानिक एक जना गरी जम्मा ५ जना जनशक्ति हुनुपर्ने ।<br>• प्रशिक्षकले प्रशिक्षण दिनुपर्ने वर्गको सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्ष सवारी चलाएको वा प्रशिक्षण सम्बन्धी अनुभव प्राप्त गरेको हुनुपर्ने;<br>• मेकानिकले — कम्तिमा डिप्लोमा (Diploma) तहको अटोमोवाइल वा मेकानिकल इन्जिनियरिङ |

| | | | |
|---|---|---|---|
| | | अनुसूची-३ मा उल्लेख भएको नाप अनुसारको Layout हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) वरिपरि पर्खाल वा तारवारको कम्पाउण्ड भएको हुनुपर्ने<br>• सबै किसिमका सडक/ट्राफिक संकेतहरू भएको हुनुपर्ने ।<br>• प्रशिक्षण केन्द्रको ढल तथा फोहोरको उचित व्यवस्थापन भएको हुनुपर्ने ।<br>• महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्ने ।<br>• प्राथमिक उपचारको सामग्री (First Aid Box) भएको हुनुपर्ने ।<br>• पिउने पानीको उचित व्यवस्था हुनुपर्ने ।<br>• Fire Extinguisher (अग्नि नियन्त्रण उपकरण)<br>को व्यवस्था हुनुपर्ने । | विषय उत्तीर्ण गरेको हुनुपर्ने । |
| ३ | वर्ग "ग" (ठूला तथा मझौला सवारी साधन चालक प्रशिक्षण केन्द्र) | • प्रशिक्षण प्रयोजनका लागि कम्तिमा दुई वटा ठूला सवारी साधन हुनुपर्ने ।<br>• सडक सीमा भन्दा बाहिर हुनुपर्ने ।<br>• प्रशिक्षण केन्द्रको प्रयोगात्मक प्रशिक्षण स्थलमा जानको लागि कम्तिमा ५.० मिटर चौडा भएको बाटो हुनुपर्ने।<br>• प्रयोगात्मक तालिमको लागि प्रयोग हुने सवारी साधनको संख्याको आधारमा पार्किङ गर्न पर्याप्त स्थान हुनुपर्ने ।<br>• सैद्धान्तिक ज्ञानको प्रशिक्षण गराउनका लागि कम्तिमा १८ वर्ग मिटरको कक्षाकोठा हुनुपर्ने । प्रशिक्षणको लागि दृश्य-श्रव्य (Audio-Visual) | • प्रशिक्षक ४ जना र मेकानिक एक जना गरी जम्मा ५ जना जनशक्ति हुनुपर्ने ।<br>• प्रशिक्षकले प्रशिक्षण दिनुपर्ने वर्गको सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्ष सवारी चलाएको वा प्रशिक्षण |

| | | | |
|---|---|---|---|
| | | शिक्षण सामग्रीको जडान भएको हुनुपर्ने ।<br>• प्रशासनिक तथा व्यवस्थापकीय प्रयोजनका लागि कम्तिमा १५ वर्ग मिटरको एउटा कोठा हुनुपर्दछ ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को लागि कम्तिमा १५५० वर्ग मिटर क्षेत्रफल भएको जग्गामा अनुसूची-४ मा उल्लेख भएको नाप अनुसारको Layout हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) वरिपरि पर्खाल वा तारवारको कम्पाउण्ड भएको हुनुपर्ने ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को प्रवेश मार्ग वा द्वारका कारणले सार्वजनिक सडकमा आवागमनलाई बाधा पुग्न नहुने ।<br>• सबै किसिमका सडक/ट्राफिक संकेतहरू हुनुपर्ने।<br>• प्रशिक्षण केन्द्रको ढल तथा फोहोरको उचित व्यवस्थापन भएको हुनुपर्ने ।<br>• महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्ने ।<br>• प्राथमिक उपचारको सामग्री (First Aid Box) भएको हुनुपर्ने ।<br>• पिउने पानीको उचित व्यवस्था हुनुपर्ने ।<br>• Fire Extinguisher (अग्नि नियन्त्रण उपकरण) को व्यवस्था हुनुपर्ने । | सम्बन्धी अनुभव प्राप्त गरेको हुनुपर्ने;<br>• मेकानिकले कम्तिमा डिप्लोमा (Diploma) तहको अटोमोवाइल वा मेकानिकल इन्जिनियरिङ विषय उत्तीर्ण गरेको हुनुपर्ने;<br>• आंशिक रूपमा प्राविधिक प्रशिक्षण दिनका लागि एक जना मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक (Bachelor's Degree) उत्तीर्ण गरेको इन्जिनियर हुनुपर्ने । |
| ४ | वर्ग “घ” (Heavy Equipment चालक प्रशिक्षण केन्द्र) | • प्रशिक्षण प्रयोजनका लागि कम्तिमा एउटा Heavy Equipment हुनुपर्ने ।<br>• सडक सीमा भन्दा बाहिर हुनुपर्ने । | प्रशिक्षक ४ जना र मेकानिक एक गरी जम्मा ५ जना जनशक्ति हुनुपर्ने । |

| | | | |
|---|---|---|---|
| | | • प्रयोगात्मक तालिमको लागि प्रयोग हुने सवारी साधनको संख्याको आधारमा पार्किङ गर्न पर्याप्त स्थान हुनुपर्ने ।<br>• सैद्धान्तिक ज्ञानको प्रशिक्षण गराउनका लागि कम्तिमा १८ वर्ग मिटरको कक्षाकोठा हुनुपर्ने । प्रशिक्षणको लागि दृश्य-श्रव्य शिक्षण सामग्रीको जडान भएको हुनुपर्ने ।<br>• प्रशासनिक तथा व्यवस्थापकीय प्रयोजनका लागि कम्तिमा १५ वर्ग मिटरको एउटा कोठा हुनुपर्दछ ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot वरिपरि पर्खाल वा तारवारको कम्पाउण्ड भएको हुनुपर्ने ।<br>• Heavy Equipment चालक प्रशिक्षण केन्द्रको प्रयोगात्मक प्रशिक्षण स्थल सम्बन्धित उपकरणको आवश्यकता अनुसारको हुनुपर्दछ ।<br>• प्रयोगात्मक प्रशिक्षण स्थल (Trial Spot) को प्रवेश मार्ग वा द्वारका कारणले सार्वजनिक सडकमा आवागमनलाई बाधा पुग्न नहुने ।<br>• सबै किसिमका सडक/ट्राफिक संकेतहरू पर्याप्त मात्रामा भएको हुनुपर्ने ।<br>• प्रशिक्षण केन्द्रको ढल तथा फोहोरको उचित व्यवस्थापन भएको हुनुपर्ने ।<br>• महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्ने ।<br>• प्राथमिक उपचारको सामग्री (First Aid Box) भएको हुनुपर्ने ।<br>• पिउने पानीको व्यवस्था हुनुपर्ने ।<br>• Fire Extinguisher (अग्नि नियन्त्रण उपकरण) को व्यवस्था हुनुपर्ने । | प्रशिक्षकले प्रशिक्षण दिनुपर्ने वर्गको सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्ष सवारी चलाएको वा प्रशिक्षण सम्बन्धी अनुभव प्राप्त गरेको हुनुपर्ने ।<br>मेकानिकले कम्तिमा डिप्लोमा (Diploma) तहको अटोमोवाइल वा मेकानिकल इन्जिनियरिङ विषय उत्तीर्ण गरेको हुनुपर्ने।<br>आंशिक रूपमा प्राविधिक प्रशिक्षण दिनका लागि एक जना मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक (Bachelor's Degree) उत्तीर्ण गरेको हुनुपर्ने । |

(२) प्रकरण १० (१) को मापदण्डमा उल्लेख भएका भौतिक पूर्वाधार, प्रयोगात्मक प्रशिक्षणको Layout तथा मानवीय संसाधन पर्याप्त भए नभएको प्राविधिक प्रतिवेदन यस निर्देशिकाको अनुसूची-८ बमोजिम हुनुपर्दछ ।

**११. प्रशिक्षण केन्द्रले पालना गर्नुपर्ने सर्तहरूः**

(१) यस निर्देशिकाको प्रकरण ८ मा उल्लेखित प्रावधान पूरा भएको सवारी साधन हुनुपर्ने।

(२) सवारी चालक प्रशिक्षण केन्द्रले प्रत्येक शिक्षार्थीको प्रशिक्षण अवधिको हाजिरीको अभिलेख राख्नुपर्दछ र सम्बन्धित यातायात व्यवस्था कार्यालयले माग गरेमा पेश गर्नुपर्नेछ।

(३) प्रशिक्षण केन्द्रको आफ्नो परिसरमा कम्तिमा १५ कार्य दिनको सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण सम्पन्न भएपछि मात्र शिक्षार्थीलाई सार्वजनिक सडकमा प्रयोगात्मक प्रशिक्षण गराउन पाइनेछ ।

(४) प्रयोगात्मक प्रशिक्षणको लागि प्रशिक्षण केन्द्रका प्रशिक्षक अगाडिको सिट (Seat) मा बस्नुपर्नेछ ।

(५) सिकारु सवारीको गति २० कि.मी. प्रति घण्टा भन्दा कम हुनुपर्दछ ।

(६) सार्वजनिक सडकमा प्रशिक्षण वा अभ्यास गराउँदा सम्बन्धित यातायात व्यवस्था कार्यालयले तोकेको सार्वजनिक सडकमा तोकेको समयमा मात्र अभ्यास गर्न पाइनेछ।

(७) प्रशिक्षकहरूले अनिवार्य रूपमा परिचय पत्र र Safety ज्याकेट (हाफ/फुल) लगाएको हुनुपर्दछ ।

(८) प्रशिक्षण केन्द्रले प्रशिक्षण शुल्क सबैले देख्ने सूचनापाटीमा टाँस गरी सार्वजनिक गरेको हुनुपर्दछ ।

**१२ सार्वजनिक सडकमा प्रयोगात्मक प्रशिक्षण वा अभ्यास गर्ने सीमांकन तथा मार्किङ् गर्नु पर्ने**

(क) सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट प्रयोगात्मक प्रशिक्षण तथा अभ्यासका लागि तोकिएका सडक-खण्डमा पहेलो रङ्गको सीमांकन तथा मार्किङ गर्नु पर्नेछ

(ख) सार्वजनिक सडकमा सीमांकन तथा मार्किङ गर्दा सम्बन्धित यातायात व्यवस्था कार्यालय, सडक सम्बन्धी निकाय तथा ट्राफिक प्रहरीको समन्वयमा गरिने छ

**१३. यातायात व्यवस्था कार्यालयले परीक्षा संचालनको लागि प्रयोग गरिने प्रयोगात्मक परीक्षा स्थल (Trial Spot) को लागि निम्न अनुसारका अतिरिक्त मापदण्ड हुनुपर्नेछः**

(१) परीक्षार्थीको लागि प्रतीक्षालयको व्यवस्था (लाइनमा उभिएर पालो पर्खने छाना भएको टहरा)

(२) परीक्षार्थीको लागि पिउने पानी तथा उचित शौचालयको व्यवस्था

(३) परीक्षा संचालन गर्नको लागि उपयुक्त फर्निचर सहितको टहरा हुनुपर्ने

(४) CCTV क्यामेराको जडान गरेको हुनुपर्ने

(५) अन्य विभागले तोके बमोजिमका सर्तहरू

**१४.** **अनुगमन सम्बन्धी व्यवस्थाः** विभाग तथा कार्यालयले सवारी चालक प्रशिक्षण केन्द्रहरूको नियमित तथा आकस्मिक रूपमा अनुगमन गर्न सक्नेछन् । अनुगमन गर्दा अनुसूची-७ अनुसार गरिने छ ।

**१५.** **नवीकरणः** दर्ता भएका प्रशिक्षण केन्द्रहरू ऐन तथा नियममा भएको व्यवस्था अनुसार नवीकरण गर्नुपर्नेछ । प्रशिक्षण केन्द्रको नवीकरण गर्दा यस निर्देशिकामा तोकिएको मापदण्ड तथा वार्षिक गतिविधि सम्बन्धी विस्तृत विवरण तयार गरी सम्बन्धित यातायात कार्यालयमा बुझाउनुपर्नेछ

**१६.** **कारवाही तथा जरिवानाः** यस मापदण्ड निर्देशिकामा उल्लेखित विषयको विपरीत कुनै कार्य भए गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियम बमोजिमको कारवाही तथा जरिवाना गरिने छ ।

१७. यो निर्देशिका जारी हुनुभन्दा अगाडि दर्ता भएका प्रशिक्षण केन्द्रहरूको नवीकरण गर्दा यस निर्देशिकामा भएका मापदण्डहरू पूरा गरेको हुनुपर्नेछ । पूरा नगरेका सवारी चालक प्रशिक्षण केन्द्रहरूको हकमा बढीमा ६ महिनासम्मको अवधि दिई मापदण्ड पूरा गरेमा नवीकरण गरिने छ ।

**१८.** **खारेजी र बचाऊः**

(क) यस निर्देशिकामा उल्लेखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागको सिफारिसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक स्वीकृति लिई आवश्यकता अनुसार विभागले संशोधन वा खारेजी गर्न सक्ने छ ।

(ख) सवारी चालक प्रशिक्षण केन्द्र सम्बन्धी मापदण्ड, २०६९ खारेज गरिएको छ र यस अघि सो मापदण्ड बमोजिम भए गरेका कामहरू यसै निर्देशिका अनुसार भएको मानिनेछ ।

**अनुसूची १**

**(प्रशिक्षण केन्द्रबाट जारी गरिने प्रमाण पत्रको नमूना)**

कम्पनी दर्ता नं. / उद्योग दर्ता नं.
यातायात व्यवस्था कार्यालय दर्ता नं.
अनुमति प्राप्त गरेको वर्ग:

फोटो

**प्रशिक्षण केन्द्रको नाम**

श्री ........................ को छोरा/छोरी श्री/ .............................. ले यस सवारी चालक प्रशिक्षण केन्द्रमा मिति ............ देखि मिति ........................ सम्म जम्मा .................... घण्टा/दिनको सैद्धान्तिक तथा व्यवहारिक तालिम प्राप्त गर्नु भएकाले यो प्रमाण पत्र प्रदान गरिएको छ।

यस प्रशिक्षण केन्द्रमा तालिम गर्दाको समयमा उहाँको चरित्र उत्तम / असल / ठीकै थियो।

यो प्रशिक्षण केन्द्र उंहाको सफलताको कामना गर्दछ ।

प्रशिक्षण लिएको वर्ग:

| | |
|---|---|
| मोटरसाइकल | |
| स्कूटर | |
| कार | |
| अन्य | |

मिति
......................

प्रशिक्षक
हस्ताक्षर:
नाम:

प्रशिक्षण केन्द्र प्रमुख
हस्ताक्षर:
नाम:

अनुसूची- २

(दुई पाङ्ग्रे सवारीको प्रयोगात्मक प्रशिक्षण स्थलको बनोट तथा **Layout**)

१.**Figure -8 Test** को लागिः

| | | | | | |
|---|---|---|---|---|---|
| १) | बाहिरी बृत्तहरुको भित्रि ब्यास | ६ मिटर | ४) | ट्र्याकको चौडाई | १.५ मिटर |
| २) | भित्रि बृत्तहरुको बाहिरी ब्यास | ३ मिटर | ५) | प्रवेश तथा निकासको चौडाई | १.५ मिटर |
| ३) | बृत्तहरुको केन्द्रबिन्दु बिचको दुरी | ४.५ मिटर | ६) | पहेलो मार्किंगको चौडाई | २० सेन्टिमिटर |




*Figure 1: Figure-8 Test: Marking on the ground by yellow colour*

२.**Narrow Plank Test को लागिः**

| | | |
|---|---|---|
| १) | Plank /ट्र्याक लम्बाई | १० मिटर |
| २) | Plank /ट्र्याक चौडाई | ५० सेन्टिमिटर |
| ३) | Plank /ट्र्याक: कंक्रिट अथवा काठबाट बनाउन सकिने छ। यसको माथिल्लो सतह जमिनको सतहबाट ५ सेन्टिमिटर अग्लो बनाई अगाडी र पछाडी छेउमा Ramp बनाईएको हुनु पर्छ। | |




Figure 2: Narrow Plank test: PCC cast in-situ slab/Wooden Plank

## ३. Speed Breaker (Bumpy Test) को लागिः

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Test ट्र्याक/Platform को लम्बाई | ५ मिटर | २) | Bump को चौडाई | ३० सेन्टिमिटर |
| ३) | Test ट्र्याक/Platform को चौडाई | २ मिटर | ४) | Bump को उचाई | ५ सेन्टिमिटर |
| ५) | Bump को संख्या | ६ वटा | ६) | Bump हरु बिचको दुरी (Center to Center) | १ मिटर |
| ७) | Test ट्र्याक/Platform जमिनको सतहबाट १० सेन्टिमिटर उचाईमा कंक्रिटको बनाई दुबै छेउमा Ramp सहितको हुनुपर्ने | | | | |



Bumpy Test (sectional view) platform for Motorcycle/scooter

*Figure 3 Bumpy Test Platform (two-wheeler)*

४. **Ramp Test को लागिः**

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Ramp को जम्मा लम्बाई | १५ मिटर | २) | Ramp को माथिल्लो Platform को लम्बाई | ३ मिटर |
| ३) | Ramp को उकालो तथा ओरालोको लम्बाई | ६ मिटर | ४) | Ramp को माथिल्लो Platform को उचाई | १ मिटर |
| ५) | Ramp को चौडाई | ३ मिटर | | | |
| ६) | Ramp को सम्पूर्ण लम्बाईको दुबैकिनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनुपर्ने छ। | | | | |
| ७) | Ramp को सम्पूर्ण सतहमा कम्तिमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनुपर्ने छ। | | | | |




*Figure 4 Ramp Test Profile (Two Wheeler)*

### ५ दुईपाङ्ग्रे सवारीको प्रयोगात्मक प्रशिक्षण स्थलको पूर्णस्वरूपको Layout

| | |
|---|---|
| १ | प्रशिक्षण प्रयोजनका लागि जग्गाको आकार अनुसार Test हरूको अनुक्रम फरक पार्न सकिने छ । |
| २ | प्रशिक्षणको प्रयोजनको लागि Test हरूका बिचको दूरी (Spacing) कम गर्न सकिने छ । |
| ३ | कार्यालयले सवारी चालक अनुमति पत्रको लागि प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा Layout र Test हरूका बिचको दूरी (Spacing) कम या बढी राख्न पाइने छैन । |
| ४ | ट्राफिक लाइट पोलको स्थान Zebra Crossing भन्दा पछाडि राखेको हुनु पर्दछ । |




*Figure 5 Overall Layout Plan for Trial Test (Two Wheeler)*

# अनुसूची — ३

## चार पाङ्ग्रे (साना सवारी) को प्रयोगात्मक प्रशिक्षण स्थलको बनोट तथा Layout

### १ चार पाङ्ग्रे (साना सवारी) को प्रयोगात्मक प्रशिक्षण स्थलको पूर्ण स्वरूपको Layout

| | |
|---|---|
| १ | प्रशिक्षण प्रयोजनका लागि जग्गाको आकार अनुसार Test हरुको अनुक्रम फरक पार्न सकिने छ । |
| २ | प्रशिक्षणको प्रयोजनको लागि Test हरुका बीचको दुरी (Spacing) कम गर्न सकिने छ । तथापी कार्यालयले सवारी चालक अनुमति पत्रको लागि प्रयोगात्मक परीक्षा संचालन गर्दा Layout र Test हरुका बीचको दुरी (Spacing) कम या बढी राख्न पाईने छैन । |
| ३ | ट्राफिक लाईट पोलको स्थान Zebra Crossing भन्दा पछाडि राखेको हुनु पर्नेछ । |

### २ चार पाङ्ग्रे (साना सवारी) को प्रयोगात्मक प्रशिक्षणको लागि Figure -8 test

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बाहिरी वृत्तहरुको भित्री व्यास | १२ मिटर | ४ | ट्र्याकको चौडाई | ३ मिटर |
| २ | भित्री वृत्तहरुको बाहिरी व्यास | ६ मिटर | ५ | प्रवेश तथा निकासको चौडाई | ३मिटर |
| ३ | वृत्तहरुको केन्द्रबिन्दु विचको दुरी | ९ मिटर | ६ | पहिलो मार्किंगको चौडाई | २० सेन्टिमिटर |




*Figure 6: Overall Layout of Trial Spot (Four-wheelers)*




*Figure 7: Figure -8 Test for Four Wheeler*

### १. Speed Breaker (Hump Test) को लागि:

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Test ट्र्याकको लम्बाई | १६ मिटर | २) | Hump को जमिन सतहमा चौडाई | १ मिटर |
| ३) | Test ट्र्याक को चौडाई | ४ मिटर | ४) | Hump को उचाई ( जमिन बाट ) | १० सेन्टिमिटर |
| ५) | Hump को संख्या | ५ वटा | ६) | Hump हरु बिचको दुरी | ४ मिटर |
| ७) | Hump हरु जमिनको सतहमा १:२:४ PCC बाट बनाएको हुनुपर्ने छ । Hump हरुलाई प्रस्ट देखिने गरी सेतो र कालो रंगको छड्के मार्किंग गर्नुपर्ने छ । | | | | |




*Figure 8: Hump Test for Four Wheeler (small Vehicles)*




*Figure 9: Detail of the Speed Breaker (four Wheeler)*

२. **Ramp Test (साना सवारी) को लागि:**

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Ramp को जम्मा लम्बाई | २३ मिटर | २) | Ramp को माथिल्लो Platform को लम्बाई | ६ मिटर |
| ३) | Ramp को उकालो तथा ओरालोको लम्बाई | ८.५ मिटर | ४) | Ramp को माथिल्लो Platform को उचाई | १.५ मिटर |

| | | |
|---|---|---|
| ५) | Ramp को चौडाई | ५ मिटर |
| ६) | Ramp को सम्पूर्ण लम्बाईको दुबै किनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनुपर्ने छ। | |
| ७) | Ramp को सम्पूर्ण सतहमा कम्तिमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनुपर्ने छ। | |




*Figure 10 : Ramp Profile for four-wheel (Small vehicles)*

३. Garage Parking Test (साना सवारी) को लागि

| | | | | | |
|---|---|---|---|---|---|
| १) | Main ट्र्याकको लम्बाई | २० मिटर | २) | Main ट्र्याकको चौडाई | ३ मिटर |
| ३) | Garage ट्र्याकको लम्बाई | ८.५ मिटर | ४) | Garage ट्र्याकको चौडाई | ३ मिटर |
| ५) | Main ट्र्याक र Garage ट्र्याकको मिलानको अर्ध ब्यास १.५ मिटर | | | | |
| ६) | प्रशिक्षण स्थलको सतहमा पंहेलो रंगले २० सेन्टिमिटर चौडाइको मार्किंग गरेको नक्शामा देखाए जस्तै **Traffic Cone** राखेको हुनु पर्ने । | | | | |




***Figure 11 : Garage Test Spot for small vehicle (Car)***

## अनुसूची — ४

**चार पाङ्ग्रे (मझौला तथा ठुला सवारी) को प्रयोगात्मक प्रशिक्षण स्थलको बनोट तथा Layout**

**१ चार पाङ्ग्रे सवारी (मझौला तथा ठुला) को प्रयोगात्मक प्रशिक्षण स्थलको मापदण्ड निम्न विवरण अनुसार हुने । अन्य विवरणहरू (बनोट र Overall Layout) को मापदण्ड अनुसूची -२ अनुसार हुनेछ ।**

**२. Figure – 8 Test को लागि मापदण्डः**

| क्र. स. | विवरण | मझौला सवारी | ठूला सवारी |
|---|---|---|---|
| १ | बाहिरी वृत्तहरुको भित्री व्यास | १६ मिटर | १८ मिटर |
| २ | भित्री वृत्तहरुको बाहिरी व्यास | ८ मिटर | ८ मिटर |
| ३ | वृत्तहरुको केन्द्रविन्दु विचको दुरी | १२ मिटर | १३ मिटर |
| ४ | ट्र्याकको चौडाई | ४ मिटर | ५ मिटर |
| ५ | प्रवेश तथा निकासको चौडाई | ४ मिटर | ५ मिटर |
| ६ | पहेंलो मार्किङ्गको चौडाई | २० सेन्टिमिटर | २० सेन्टिमिटर |

**3. Ramp Test (मझौला तथा ठुला सवारी) को लागि**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Ramp को जम्मा लम्बाई | २३ मिटर | २ | Ramp को माथिल्लो platform | ६ मिटर |
| ३ | Ramp को उकालो तथा ओरालोको लम्बाई | ८.५ मिटर | ४ | Ramp को माथिल्लो Platfrom को उचाई | १.५ मिटर |
| ५ | Ramp को चौडाई | ५ मिटर | ६ | Ramp को सम्पूर्ण लम्बाईको दुवै किनारामा ७० सेन्टिमिटर उचाईको steel pipe Railing राखिएको हुनुपर्ने छ । | |
| ७ | Ramp को सम्पूर्ण सतहामा कम्तिमा १० सेन्टिमिटर उचाईको १:२:४PCC गरिएको हुनुपर्ने छ । | | | | |
| ८ | Ramp को उकालो तथा ओरालोको स्लोपमा फरक नपर्नेगरी माथिल्लो Platform को लम्बाई ६ मि.देखि १० मि. सम्म बनाउन सकिनेछ । | | | | |

**४. U-Turn सम्बन्धि मापदण्ड**

**भित्रि अर्धवृत्तको बाहिरी अर्धव्यासः** ३००० मि.मि. (३ मिटर) **बाहिरी अर्ध वृत्तहरुको भित्रि अर्धव्यास क्रमशः**

- **मझौला सवारीको लागिः** ७५०० मि.मि. (७.५ मिटर)
- **ठुला सवारीको लागिः** ८५०० मि.मि. (८.५ मिटर) हुनुपर्नेछ ।

**५. Garage Parking Test (मझौला तथा ठुला सवारी) को लागि**

| क्र.स. | विवरण | मझौला सवारी | ठूला सवारी |
|---|---|---|---|
| १ | Main ट्र्याकको लम्बाई | २० मिटर | २० मिटर |
| २ | Garage ट्र्याकको लम्बाई | ८.५ मिटर | ८.५ मिटर |
| ३ | Main ट्र्याकको चौडाई | ४ मिटर | ५ मिटर |
| ४ | Garage ट्र्याकको चौडाई | ४ मिटर | ५ मिटर |
| ५ | Main ट्र्याक र Garage ट्र्याको मिलानको अर्ध ब्यास | २ मिटर | २.५ मिटर |
| ६ | प्रशिक्षण स्थलको सतहमा पहेलो रंगले २० सेन्टिमिटर चौडाइको मार्किङ गरेको गरी नक्शामा देखाए जस्तै Traffic Cone | | |

## अनुसूची ५
## (चालक प्रशिक्षण संचालनको पाठ्यक्रमः चार पाङ्ग्रे सवारी)

यातायात व्यवस्था कार्यालयद्वारा चार पाङ्ग्रे सवारी साधन (क्रेन, रोडरोलर, डोजर, लोडर बाहेक) को सवारी चालक अनुमतिपत्र प्राप्त गर्न चाहनेको लागि संचालन गरिने परीक्षामा देहाय बमोजिमका विषय समावेश गरिएको छ यसैकारण चालक प्रशिक्षण केन्द्रले सवारी चालकको लागि संचालन गर्ने प्रशिक्षणमा देहाय बमोजिमको विषयमा प्रशिक्षार्थीलाई जानकारी गराउनु पर्दछ

### १ सैद्धान्तिक

### १.१ सवारी साधन तथा संचालन सम्बन्धी शिक्षा (अनुमानित समय : २ घण्टा)

| **विषय** | **समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी** |
|---|---|
| १) सवारी साधन | * सवारी साधनको परिचय<br>* सवारी साधनका किसिम<br>* अटोमोबाइल इन्जिनको सामान्य जानकारी |
| २) सवारी नियन्त्रण | **क. खुट्टाको नियन्त्रण**<br>• गोडाले लगाउने ब्रेकको नियन्त्रण<br>• एक्सीलेटरको नियन्त्रण<br>• क्लचमा नियन्त्रण<br>**ख. हातको नियन्त्रण**<br>• स्टेरिङ्ग<br>• हाते ब्रेक<br>• हर्न<br>• लाईट<br>• वाईपर<br>• इग्निशन स्विच<br>• स्टार्टर<br>• डिपर<br>• संकेत<br>**ग. अन्य नियन्त्रण**<br>• दायाँ र बायाँको टाढा हेर्ने ऐना<br>• ड्यास बोर्डका उपकरण<br>• अगाडिको सिसा |

| | |
|---|---|
| ३) ड्राइभिङ्ग सुरु गर्नु भन्दा अगाडि | **क. चालक सीटमा बस्नु अघिः**<br>• पानीको मात्रा<br>• टायरको अवस्था<br>• साइड लाइटको अवस्था<br>**ख. चालक सीटमा बसे पछिः**<br>• दायाँ बायाँको ऐना<br>• पछाडि हेर्ने ऐना<br>• सिट वेल्ट<br>• सङ्केतको अवस्था<br>• इन्धनको अवस्था<br>• ड्यास वोर्डका अन्य सङ्केत |
| ४) ड्राइभिङ्ग सुरु गरे पछि | • चलाउनु अगाडि लिनु पर्ने सावधानी<br>• चलाउँदाको अवस्थामा लिनु पर्ने सावधानी<br>• स्टेरिङ्ग नियन्त्रण<br>• गियर परिवर्तन<br>• एक्सीलेटर बढाउने र घटाउने<br>• अकस्मात एक्सीलेटर बढाउने र घटाउने<br>• ब्रेक लगाउने र रोक्ने<br>• ट्राफिक र सडकको अवस्था<br>• अन्य सडक प्रयोगकर्ता बारेमा जानकारी<br>• पार्किङ<br>• पछाडि फर्काउने (ब्याक गर्ने) |
| ५) सडकमा रहँदा | • अन्य सवारी र सडक प्रयोगकर्ताको अवस्थाको अन्दाज गर्ने<br>• अन्य सडक प्रयोगकर्ता अनुसार आफ्नो सवारीको स्थान मिलाउने |
| ६) चौबाटोमा चलाउँदा | • लिनु पर्ने सावधानी<br>• दायाँ बायाँ र पछाडि हेर्ने ऐनाको प्रयोग<br>• साइड लाइटको ठीक प्रयोग<br>• ट्राफिक बत्ती इशाराको पालना<br>• आफ्नो र अरु सवारीको स्थितीको जानकारी<br>• गती नियन्त्रण<br>• हेर्ने र अगाडि बढ्ने<br>• परसम्मको हेराई |

| | |
|---|---|
| | • सडक क्रस गर्ने पैदलयात्रुको मानसिकता |
| ७) मोडाउदै अगाडि बढाउने | • दायाँ वा बायाँ मोडाउने<br>• "यु" टर्न गर्ने<br>• तीन विन्दुको टर्न<br>• पाँच विन्दुको टर्न |
| ८) पछाडि फर्काउने | • ब्याक गियरको प्रयोग<br>• सिटमा बसेर ब्याक गियर समात्ने तरिका<br>• गती नियन्त्रण<br>• स्टेरिङ्गमा नियन्त्रण<br>• "S" वेन्डमा ब्याक गर्ने |
| ९) पार्किङ्ग | • समानान्तर पार्किङ्ग,<br>• कोण पार्किङ्ग,<br>• समकोण पार्किङ्ग,<br>• उकालोमा पार्किङ्ग,<br>• ओरालोमा पार्किङ्ग,<br>• सामान्य त्रुटी सच्याउने |
| १०) विभिन्न अवस्थाको ड्राइभिङ्ग | • रातीमा<br>• दिनमा<br>• पानी परेको बेलामा<br>• पानी वा हिलोमा<br>• बाक्लो हुस्सुमा<br>• चिप्लो बाटोमा |

## १.२ ट्राफिक शिक्षा (प्रशिक्षणको अनुमानित समयः२ घण्टा)

| **विषय** | **समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी** |
|---|---|
| १ यातायातसंगसम्बन्धित नियम कानून | **क. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४**<br>• सवारी दर्ता र नम्बर<br>• नामसारी<br>• ब्लु बुक<br>• सवारी कर र नविकरण<br>• जाँचपास |

| | |
|---|---|
| | • प्रदुषण जाँच<br>• विमा<br>• सवारी चालक अनुमतिपत्र<br>• सवारी चालकले पालना गर्नु पर्ने शर्त<br>• दण्ड जरिवाना<br>• सवारी र चालक अनुमतिपत्रको नविकरण<br>**ख. सवारी साधन कर ऐन, २०३१**<br>**ग. मुलुकी ऐन, २०२१**<br>• ज्यान सम्बन्धी महल<br>• किर्ते सम्बन्धी महल |
| २) हातबाट संचालित सङ्केत | सवारी साधनमा रहेका सङ्केत |
| ३) ट्राफिक चिन्ह | विभिन्न चिन्हको बारेमा जानकारी<br>• प्रतिबन्धात्मक चिन्ह (३० वटा)<br>• सचेतात्मक (४३ वटा)<br>• सूचनामूलक (१८ वटा |
| ४) ट्राफिक प्रहरीको इशारा | ट्राफिक प्रहरीले प्रयोग गर्ने इशारा<br>• हाते इशारा<br>• सिठ्ठीको इशारा |
| ५) अटोमेटिक ट्राफिक चिन्ह | क. ट्राफिक बत्ती<br>• रातो<br>• पहेंलो<br>• हरियो<br>ख. पैदल यात्रीको लागि बत्ती<br>• रातो<br>• हरियो<br>ग. हाते बत्ती |
| ६) सडक मार्किङको जानकारी | • लेन लाइन<br>• जेब्रा क्रसिङ्ग<br>• स्टप<br>• दायाँ मोड<br>• बायाँ मोड |
| ७) राजमार्ग तथा शहरी सडकमा सवारीको गति सम्बन्धी जानकारी | • गती सीमित गर्ने सङ्केत<br>• सङ्केतको पालना |

| | |
|---|---|
| ८) पार्किङ | • पार्किङ्ग गर्न हुने स्थल<br>• पार्किङ्ग गर्न नहुने स्थल<br>• पार्किङ्ग गर्दा विचार गर्नु पर्ने कुरा |
| ९) डिफेन्सिभ ड्राइभिङ्ग (Defensive Driving) | • आफु बचेर ड्राइभिङ्ग गर्ने |
| १०) निश्चित सवारीलाई प्राथमिकता | **आपत्कालिन सवारीः**<br>• दमकल<br>• एम्बुलेन्स<br>• शव वाहन<br>• प्रहरीको सवारी<br>• विशिष्ट व्यक्तिको सवारी |
| ११) निश्चित सडक प्रयोगकर्तालाई प्राथमिकता | • वृद्ध वृद्धा<br>• बालबालिका<br>• महिला<br>• अपाङ्ग<br>• सेतो लठ्ठी लिएकाहरू<br>• बिरामी |
| १२ ) चालकको जिम्मेवारी | • सडक अनुशासनको महत्व<br>• पैदल यात्री प्रतिको व्यवहार<br>• अरु सवारी चालक प्रतिको व्यवहार<br>• ट्राफिक प्रहरी, प्रहरी वा अन्य अधिकार प्राप्त र पैदल यात्रीको सङ्केतको पालना<br>• आपत्कालिन अवस्था<br>• असल आचरणको आवश्यकता |

## १.३ सवारीको सुरक्षा तथा मर्मत सम्भार (प्रशिक्षणको अनुमानित समयः १ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) आफ्नो सवारी साधनको सुरक्षा | • सुरक्षित पार्किङ्ग<br>• गियर र हाते ब्रेकको प्रयोग<br>• सवारी लक<br>• अन्य सवारीबाट बचावट |
| २) विमा | • बिमाको फाइदा<br>• सवारीको बिमा<br>• चालकको बिमा<br>• यात्रुको बिमा |

| | |
|---|---|
| | • सवारीले क्षति पुऱ्याउने जन धनको बिमा |
| ३) बिग्रिएका सवारी साधनको मर्मत | • वर्कशपको पहिचान<br>• वर्कशपसम्म लाने व्यवस्था<br>• पाटुपूर्जाको उपलब्धता<br>• दक्ष जनशक्तिको उपलब्धता |
| ४) सर्भिसिङ्ग | • नियमित सर्भिसिङ्गको फाइदा<br>• सर्भिसिङ्ग नगर्दाको हानी नोक्सानी<br>• दूरी तथा समयावधि अनुसार सर्भिसिङ्ग |

## १.४. सवारीको यान्त्रिक बनावट (प्रशिक्षणको अनुमानित समयः २ घण्टा)

| **विषय** | **समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी** |
|---|---|
| १) सवारीको बनावट | क. कम पाङ्ग्रे सवारी<br>• दुई पाङ्ग्रे<br>• तीन पाङ्ग्रे<br>ख. चार पाङ्ग्रे सवारी<br>• हलुका वा साना<br>• मझौला<br>• भारी<br>ग. नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९ |
| ३) इन्जिन | **इन्जिनका प्रकार**<br>• डिजेल<br>• पेट्रोल<br>• सोलार<br>• ब्याट्री<br>• हाइब्रिड |
| ३) इन्धन प्रणाली<br>(Fuel System) | • इन्धन रहने ट्यां<br>• इन्जेक्सन पम्प<br>• एयर लक<br>• आयल ब्लक |
| ४) इन्जिन चिस्याउने प्रणाली<br>(Cooling System) | • इन्जिन चिस्याउनुको आवश्यकता |

| | |
|---|---|
| | • रेडिएटर<br>• वाटर पम्प<br>• फ्यान बेल्ट<br>• रेडिएटरमा पानी थप्ने<br>• सामान्य मर्मत |
| ५) लुब्रिकेसन प्रणाली<br>(Lubrication System) | • इन्जिन र च्यासिसमा यसको आवश्यकता<br>• ल्युब आयलको किसिम<br>• आयल थप्ने तरिका<br>• सामान्य मर्मत |
| ६) ट्रान्समिसन प्रणाली<br>(Transmission System) | **क. क्लच**<br>• बनावट, कार्य, आवश्यकता<br>**ख. गियर बक्स**<br>• बनावट, कार्य, आवश्यकता, पार्टहरू<br>**ग. प्रोपेलर स्याफ्ट**<br>• बनावट, कार्य, आवश्यकता, ज्वाइन्ट, वेरिङ्ग, लुब्रिकेटिङ्ग पार्ट<br>**घ. डिफरेन्सियल**<br>• बनावट, कार्य, आवश्यकता, आवाज |
| ७) सस्पेन्सन प्रणाली<br>(Suspension System) | • बनावट<br>• कार्य<br>• आवश्यकता<br>• स्प्रिङ्ग<br>• शक एब्जर्बर<br>• पार्टहरू |
| | • बनावट<br>• कार्य<br>• आवश्यकता |
| ८) स्टेरिङ्ग प्रणाली (Steering System) | • डाई<br>• पार्टहरू |
| ९) ब्रेक प्रणाली<br>(Brake System) | • बनावट<br>• कार्य<br>• आवश्यकता |

| | |
|---|---|
| | • हाईडोलिक ब्रेक<br>• एयर ब्रेक<br>• ब्रेक मिलाउने<br>• जोडाई |
| १०) विद्युतीय प्रणाली<br>(Electrical System) | **क. ब्याट्री**<br>• कार्य<br>• आवश्यकता<br>• स्थिती<br><br>**ख. डाईनामोमिटर**<br>**ग. सेल्फ मोटर**<br>**घ. स्टार्टर मोटर**<br>**ङ. लाईट तथा एम्पियरमिटरमा चार्ज भए नभएको जाँच गर्ने** |
| ११) चक्का | • चक्कामा आउने खराबी<br>• पञ्चर टाल्ने<br>• बनाउने<br>• चक्का मिलाउने |
| १२) ड्यास बोर्ड (Dash Board) | • देखिने मिटरको कार्य<br>• आवश्यकता<br>• हेर्ने तरिका |
| १३) आपत्कालिन अवस्थामा सामान्य मर्मत सम्भार | • बोल्ट खोल्ने<br>• ब्याट्री खोल्ने<br>• चार्ज गराउने<br>• फिट गर्ने |

## १.५. दुर्घटना व्यवस्थापन (प्रशिक्षणको अनुमानित समयः १ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) आफ्नो सवारी दुर्घटना भएमा | • आफ्नो उद्धार गर्ने<br>• घाइतेको उद्धार गर्ने |

| | |
|---|---|
| | • घाइतेको प्राथमिक उपचार गर्ने<br>• नजिकको प्रहरीलाई खबर गर्ने<br>• अस्पताल लाने व्यवस्था मिलाउने<br>• सवारी साधन छाडेर नभाग्ने<br>• कानुनी कार्यमा स्थानीय प्रहरी र प्रशासनलाई सहयोग गर्ने<br>• पीडितलाई विमा रकम भुक्तानीमा सहयोग गर्ने<br>• कानुनी कारवाही पछि आफ्नो सवारी साधन मर्मतको लागी वर्कशप लाने |
| २) अरुको सवारी साधन दुर्घटना भएमा | • घाइतेको उद्धारमा सहयोग गर्ने<br>• घाइतेको प्राथमिक उपचारमा सहयोग गर्ने<br>• नजिकैको प्रहरीमा खबर गर्ने<br>• घाइतेहरूलाई अस्पताल लैजान सहयोग गर्ने |

## १.६. प्राथमिक उपचार (प्रशिक्षणको अनुमानित समयः १ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) प्राथमिक उपचार | • परिचय<br>• गर्नु पर्ने सामान्य कार्यहरू |
| ३) मानव शरीर | **क. सामान्य बनावट**<br>**ख. प्रमुख अंगको कार्य**<br>• मुटु<br>• फोक्सो<br>• कलेजो<br>• मृगौला<br>• टाउको<br>• आँखा<br>• कान<br>• मुख<br>• आन्द्रा<br>• हाँड<br>• रगत |
| ४) ड्रेसिङ्ग र बैण्डेज | • परिचय<br>• किसिम<br>• आवश्यकता<br>• * लगाउने तरिका |
| ५) रक्त सञ्चार | • रगतको महत्व<br>• रक्त संचारको सामान्य जानकारी |

| | |
|---|---|
| | • रगत समूहको जानकारी<br>• रगत दिनु पर्ने अवस्था<br>• *ब्लड बैङ्कको काम |
| ६) घाउ र रक्तस्राव | • **घाउः**<br>• परिचय<br>• किसिम<br>• ध्यान दिनुपर्ने कुरा<br>• घाउबाट रगत जाने अवस्था<br>• रोकथामका उपाय<br>• प्राथमिक उपचार |
| ७) विशेष ठाउँमा रक्तस्राव | • रक्तश्राव<br>• शरीरका भित्री अङ्गमा रक्तश्राव<br>• टाउकोमा रक्तश्राव<br>• रक्तश्रावको अवस्थामा प्राथमिक उपचार |
| ८) शक | • शक हुने अवस्था<br>• शकका लक्षण<br>• प्राथमिक उपचार |
| ९) श्वास-प्रश्वास | • श्वास प्रश्वासका अङ्गहरू<br>• श्वास प्रश्वास रोकिने अवस्था<br>• कृत्रिम श्वास प्रश्वासको तरिका |
| १०) हाडमा चोट लाग्ने | • हाँडको चोट थाहा पाउने तरिका<br>• प्राथमिक उपचार |
| ११) पोल्ने (जलन) | • पोलेको अवस्थामा प्राथमिक उपचार |
| १२) बेहोस वा अचेत | • बेहोस हुँदा ध्यान दिनुपर्ने विषय<br>• बेहोस हुदाको अवस्थामा प्राथमिक उपचार |
| १३) विषादी | • विषादीको किसिम<br>• मानव शरीरलाई हानी गर्ने विषादी<br>• विषादी शरीर भित्र पसेको अवस्थामा गरिने प्राथमिक उपचार |

## १.७. सवारी चालकको आचरण (प्रशिक्षणको अनुमानित समयः २ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) व्यक्तिगत आचरण | • मादक पदार्थ खाएर गाडी चलाउन नहुने |

| | |
|---|---|
| | • लागु औषध सेवन गर्न नहुने<br>• शारीरिक स्वस्थता कायम गर्ने<br>• रिस, आवेग र पूर्वाग्रह माथि नियन्त्रण गर्ने<br>• सवारी चालक अनुमतिपत्र साथमा राख्ने<br>• ट्राफिक नियमहरूको पालना गर्ने<br>• स्टेरिङ्गमा रहेको वेला अन्यत्र ध्यान मोड्ने काम नगर्ने<br>• चलाउदा मोबाइल फोनको प्रयोग नगर्ने |
| २) व्यावसायिक सवारी चालकमा आवश्यक व्यवहार | • यात्री र कर्मचारीसँग राम्रो व्यवहार गर्ने<br>• महिला, वृद्ध, अपाङ्ग तथा बालबालिकालाई मद्दत गर्ने<br>• यात्रा गरिरहेका यात्री र चढ्न खोज्ने यात्रीलाई ओर्लन उक्लनामा सहयोग गर्ने<br>• तोकिएको समय भन्दा बढी समय सवारी नचलाउने<br>• मर्यादित पोशाक लगाउने<br>• परिचयपत्र लगाउने<br>• समयको पालना गर्ने<br>• विना इजाजत र कागजपत्र विनाका सवारी साधन संचालन नगर्ने<br>• विमा नभएका सवारी साधन नचलाउने<br>• गैरकानुनी मालवस्तु सवारी साधनमा नराख्ने<br>• दुर्घटना भएको अवस्थामा नजिकैको प्रहरी इकाईमा छिटो खबर गर्ने<br>• दुर्घटनाको अनुसन्धानमा संलग्न प्रहरीलाई आवश्यक सहयोग गर्ने |

## २. ड्राइभिङ्ग अभ्यास

### २.१ परीक्षण गरिने शिप र ज्ञान

यातायात व्यवस्था कार्यालयले सवारी चालकको क्षमता परीक्षणको लागि परीक्षा दिने व्यक्तिमा देहाय बमोजिमका शिप र ज्ञानको अवस्थाको परीक्षण गर्ने छ। त्यसैकारण चालक प्रशिक्षण केन्द्रले सवारी चालकको प्रशिक्षण संचालन गर्दा सोही अनुसार व्यावहारिक शिप ज्ञान प्रदान गर्ने गरी गर्नु पर्दछ।

(क) इन्जिन सुचारु गर्नु भन्दा अगाडि लिनु पर्ने सावधानीका उपायहरू अपनाउन सक्ने,

(ख) सवारी साधन चलाउन सुरु गर्दा, सवारी अगाडि बढाई रहँदा वा ओभर टेक गर्न मार्ग परिवर्तन गर्दा वा दायाँ तर्फ लाग्दा वा रोक्दा संकेत गर्नु भन्दा अगाडि सवारी साधनमा रहेको टाढा हेर्ने ऐनाको उपयुक्त ढंगले प्रयोग गर्ने,

(ग) बायाँ र दायाँ कुना तर्फ सुरक्षित र सजिलो गरी मोडने,

(घ) आकस्मिक वा अन्य आवश्यक अवस्थामा सवारी साधन रोक्ने, आवश्यक अवस्थामा उपयुक्त संकेतको प्रयोग गरी सडकको उपयुक्त स्थानमा सुरक्षित रुपमा रोक्ने,

(ङ) सवारी साधन चलाउँदा अन्य क्रियाकलापबाट ध्यान भंग हुन नदिने र प्रिजेन्स अफ माइन्ड प्रदर्शन गर्ने,

(च) ट्राफिक चिन्ह वा ट्राफिक बत्ती वा ट्राफिक प्रहरी वा प्रहरीले गरेको सङ्केतको ठीक ढंगले शिघ्र पालना गर्ने र अरु सडक प्रयोगकर्ताले दिएको संकेतको पालना ठीक ढंगले गर्ने,

(छ) पैदल यात्रीले बाटो क्रस गर्ने ठाउँमा उपयुक्त व्यवहार प्रदर्शन गर्ने,

(ज) सवारी साधनमा रहेका हाते वा विद्युतीय सङ्केतहरूको स्पष्ट र बिना गल्ती ठीक समयमा ठीक सङ्केतको प्रयोग गर्ने,

(झ) ट्राफिक र सडकको अवस्था अनुसार सवारी साधनको गतीलाई सन्तुलत राख्ने,

(ञ) ठाडो उकालोमा ह्यान्ड ब्रेक वा एक्सीलेटर र गोडामा रहेको ब्रेकको प्रयोग गरी सवारी साधनलाई पछाडि सर्न नदिई रोक्न र पुनः संचालन गर्न सक्ने,

(ट) ओरालोमा जाँदा तल्ला गियरमा शिघ्र परिवर्तन गर्न सक्ने,

(ठ) पछाडिको गियर प्रयोग गरी सवारी साधनलाई सीमित चौडाईको सडकमा दायाँ वा बायाँ तर्फबाट फर्काउँदा पूर्ण नियन्त्रणमा ठीक तरिकाले फर्काउने,

(ड) ट्राफिक अवस्थाले माग गरेको वेला उच्च गियरबाट तल्लो गियरमा शिघ्र परिवर्तन गर्न सक्ने,

(ढ) सवारी साधनमा रहेका एक्सीलेटर, क्लच, गियर, ब्रेक (हाते र गोडा), स्टेरिङ्ग र हर्नको ठीक ढंगले प्रयोग गर्ने,

(ण) आवश्यक परेको वा भएको अवस्थामा स्टेरिङ्ग, सहज गियरको परिवर्तन र ब्रेकको प्रयोग गरी सवारी साधनमा साधारण नियन्त्रण कायम गर्ने।

### २.२ परीक्षणको तरिका (अभ्यासको अनुमानित समयः ३० घण्टा)

यातायात व्यवस्था कार्यालयले देहाय बमोजिमको तरिकाद्वारा उल्लेखित शिप र ज्ञानको परीक्षण गर्ने हुनाले चालक प्रशिक्षण केन्द्रले सोही अनुसारको अभ्यास गराउनु पर्दछ।

(क) चलाउनु पूर्वको सावधानी र सुरक्षा परीक्षण

(ख) चित्र आँठमा परीक्षण

(ग) स्पिड ब्रेकर परीक्षण

(घ) ट्राफिक संङ्केतको परीक्षण

(ङ) Ramp परीक्षण

(च) ग्यारेज पार्किङ्ग परीक्षण

(छ) सवारीको गति, गियर परिवर्तन र समयको परीक्षण

## अनुसूची ६

## (सवारी प्रशिक्षण संचालनको पाठ्यक्रमः दुई पाङ्ग्रे सवारी साधन)

यातायात व्यवस्था कार्यालयले दुई पाङ्ग्रे सवारी साधन (मोटर साइकल वा स्कुटर) को सवारी चालक अनुमतिपत्र प्राप्त गर्न चाहनेको लागि संचालन गर्ने परीक्षामा देहाय बमोजिमका विषय समावेश गरिएको हुन्छ। त्यसैकारण चालक प्रशिक्षण केन्द्रहरूले सवारी चालकको लागि संचालन गर्ने प्रशिक्षणमा देहाय बमोजिमको विषयमा प्रशिक्षार्थीलाई जानकारी दिनुपर्दछ।

### १. सैद्धान्तिक

### १.१ सवारी साधन तथा संचालन सम्बन्धी शिक्षा (अनुमानित समय : २ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) सवारी साधन | • सवारी साधनको परिचय<br>• सवारी साधनका किसिम<br>• अटोमोबाइल ईन्जिनको सामान्य जानकारी |
| २) सवारी नियन्त्रण | **क. खुट्टाको नियन्त्रण**<br>• खुट्टाले लगाउने ब्रेकको नियन्त्रण<br>• एक्सीलेटरको नियन्त्रण<br>• क्लचमा नियन्त्रण<br>**ख. हातको नियन्त्रण**<br>• ह्यान्डल<br>• हाते ब्रेक<br>• हर्न<br>• लाईट<br>• इग्निसन स्विच<br>• स्टार्टर<br>• डिपर<br>• संकेत<br>**ग. अन्य नियन्त्रण**<br>• दायाँ र बायाँको ऐना<br>• ड्यास बोर्डका उपकरण |
| ३) ड्राईभिङ्ग शुरु गर्नु भन्दा अगाडि | **क. चालक सीटमा बस्नु अघि**<br>• टायरको अवस्था<br>• साइड लाइटको अवस्था<br>• हेल्मेट, जुत्ता र पन्जाको प्रयोग |

| | |
|---|---|
| | **ख. चालक सीटमा बसे पछि**<br>• दायाँ बायाँको ऐना<br>• सङ्केतको अवस्था<br>• इन्धनको अवस्था |
| ४) ड्राईभिङ्ग शुरु गरे पछि | • चलाउनु अगाडि लिनु पर्ने सावधानी<br>• चलाउँदाको अवस्थामा लिनु पर्ने सावधानी<br>• ह्यान्डल नियन्त्रण<br>• गियर परिवर्तन<br>• एक्सीलेटर बढाउने र घटाउने<br>• अकस्मात एक्सीलेटर बढाउने र घटाउने<br>• ब्रेक लगाउने र रोक्ने<br>• ट्राफिक र सडकको अवस्था<br>• अन्य सडक प्रयोगकर्ता बारेमा जानकारी<br>• पार्किंग |
| ५) सडकमा रहँदा | • अन्य सवारी र सडक प्रयोगकर्ताको अवस्थाको अन्दाज गर्ने<br>• अन्य सडक प्रयोगकर्ता अनुसार आफ्नो सवारीको स्थान मिलाउने |
| ६) चौबाटोमा चलाउँदा | • लिनु पर्ने सावधानी<br>• दायाँ र बायाँ हेर्ने ऐनाको प्रयोग<br>• साइड लाइटको ठीक प्रयोग<br>• ट्राफिक बत्ती वा इसाराको पालना<br>• आफ्नो र अरु सवारीको स्थितीको जानकारी<br>• गती नियन्त्रण<br>• हेर्ने र अगाडि बढ्ने<br>• परसम्मको हेराई<br>• सडकक्रस गर्ने पैदल यात्रुको मानशिकता |
| ७) मोडाउँदै अगाडि बढाउने | • दायाँ वा बायाँ मोडाउने<br>• "यु" टर्न गर्ने<br>• तीन विन्दुको टर्न<br>• * पाँच विन्दुको टर्न |
| ८) पार्किङ्ग | • समानान्तर पार्किङ्ग<br>• कोण पार्किङ्ग<br>• समकोण पार्किङ्ग |

| | |
|---|---|
| | • उकालोमा पार्किङ्ग<br>• ओरालोमा पार्किङ्ग<br>• सामान्य त्रुटीहरू सच्याउने |
| ९) विभिन्न अवस्थाको ड्राइभिङ्ग | • रातीमा<br>• दिनमा<br>• पानी परेको वेलामा<br>• पानी वा हिलोमा<br>• चिप्लो बाटोमा<br>• बाक्लो हुस्सुमा |

## १.२ ट्राफिक शिक्षा (प्रशिक्षणको अनुमानित समयः २ घण्टा)

| विषय | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) यातायातसंग सम्बन्धित नियम कानुन | **क. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४**<br>• सवारी दर्ता र नम्बर<br>• नामसारी<br>• ब्लु बुक<br>• सवारी कर र नविकरण<br>• विमा<br>• सवारी चालक अनुमतिपत्र<br>• सवारी चालकले पालना गर्नु पर्ने शर्त<br>• दण्ड जरिवाना<br>• सवारी र चालक अनुमतिपत्रको नविकरण<br>**ख. सवारी साधन कर ऐन, २०३१**<br>**ग. मुलुकी ऐन, २०२०**<br>• ज्यान सम्बन्धी महल<br>• कीर्ते सम्बन्धी महल |
| २) हातबाट संचालित संकेत | सवारी साधनमा रहेका संकेत |
| ३) ट्राफिक चिन्ह | **विभिन्न चिन्हको बारेमा जानकारी**<br>• प्रतिबन्धात्मक चिन्ह (३० वटा)<br>• सचेतात्मक (४३ वटा)<br>• सूचनामूलक (१८ वटा) |
| ४) ट्राफिक प्रहरीको इशारा | **ट्राफिक प्रहरीले प्रयोग गर्ने इशारा**<br>• हाते इशारा |

| | |
|---|---|
| | • सिठ्ठीको इशारा |
| ५) अटोमेटिक ट्राफिक चिन्ह | **क. ट्राफिक बत्ती**<br>• रातो<br>• पहेंलो<br>• हरियो<br>**ख. पैदल यात्रीको लागि बत्ती**<br>• रातो<br>• हरियो<br>**ग. हाते बत्ती** |
| ६) सडक मार्किङ्गको जानकारी | • लेन लाइन<br>• जेब्रा क्रसिङ्ग<br>• स्टप<br>• दायाँ मोड<br>• बायाँ मोड |
| ७) राजमार्ग तथा शहरी सडकमा सवारीको गती सम्बन्धी जानकारी | • गती सिमित गर्ने सङ्केत<br>• सङ्केतको पालना |
| ८) पार्किङ्ग | • पार्किङ्ग गर्न हुने स्थल<br>• पार्किङ्ग गर्न नहुने स्थल<br>• पार्किङ्ग गर्दा विचार गर्नु पर्ने कुरा |
| १०) निश्चित सवारीलाई प्राथमिकता | **आपत्कालिन सवारी**<br>• दमकल<br>• एम्बुलेन्स<br>• शव वाहन<br>• प्रहरीको सवारी<br>• विशिष्ट व्यक्तिको सवारी |
| ११) निश्चित सडक प्रयोगकर्तालाई प्राथमिकता | • वृद्ध वृद्धा<br>• बालबालिका<br>• महिला<br>• अपाङ्ग<br>• सेतो लठ्ठी लिएकाहरू<br>• बिरामी |

### १.३ दुर्घटना व्यवस्थापन (प्रशिक्षणको अनुमानित समयः १ घण्टा)

| विषय | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) आफ्नो सवारी साधन दुर्घटना भएमा | • आफ्नो उद्धार गर्ने<br>• घाइतेको उद्धार गर्ने<br>• घाइतेको प्राथमिक उपचार गर्ने<br>•<br>• नजिकको प्रहरीलाई खबर गर्ने<br>• अस्पताल लाने व्यवस्था मिलाउने<br>• सवारी साधन छाडेर नभाग्ने<br>• कानुनी कार्यमा स्थानीय प्रहरी र प्रशासनलाई सहयोग गर्ने<br>• पीडितलाई विमा रकम भुक्तानीमा सहयोग गर्ने<br>• कानुनी कारबाही पछि आफ्नो सवारी साधन मर्मतको लागि वर्कशप लाने |
| २) अरुको सवारी साधन दुर्घटना भएमा | • घाइतेको उद्धारमा सहयोग गर्ने<br>• घाइतेको प्राथमिक उपचारमा सहयोग गर्ने<br>• नजिकको प्रहरीमा खबर गर्ने<br>• घाइतेहरूलाई अस्पताल लैजान सहयोग गर्ने |

### १.४ प्राथमिक उपचार (प्रशिक्षणको अनुमानित समयः १ घण्टा)

| **विषय** | समावेश गर्नु पर्ने मुख्य मुख्य जानकारी |
|---|---|
| १) प्राथमिक उपचार | • परिचय<br>• गर्नु पर्ने सामान्य कार्यहरू |
| ३) मानव शरीर | **क. सामान्य बनावट**<br>**ख. प्रमुख अंगको कार्य**<br>• मुटु<br>• फोक्सो<br>• कलेजो<br>• मृगौला<br>• टाउको<br>• आँखा |

| | |
|---|---|
| | • कान<br>• मुख<br>• आन्द्रा<br>• हाँड<br>• रगत |
| ४) ड्रेसिङ्ग र बैण्डेज | • परिचय<br>• किसिम<br>• आवश्यकता<br>• लगाउने तरिका |
| ५) रक्त संचार | • रगतको महत्व<br>• रगत संचारको सामान्य जानकारी<br>• रगत समूहको जानकारी<br>• रगत दिनु पर्ने अवस्था<br>• रक्त दान<br>• ब्लड बैङ्कको भूमिका |
| ६) घाउ र रक्तश्राव | • **घाउ**<br>• परिचय<br>• किसिम<br>• ध्यान पुर्याउनु पर्ने कुरा<br>• घाउबाट रगत जाने अवस्था<br>• रोकथामका उपाय<br>• प्राथमिक उपचार |
| ७) विशेष ठाउँमा रक्तश्राव | • रक्तश्राव<br>• शरीरका भित्री अंगमा रक्तश्राव<br>• टाउकोमा रक्तश्राव<br>• रक्तश्रावको अवस्थामा प्राथमिक उपचार |
| ८) श्वास प्रश्वास | • श्वास प्रश्वासका अंगहरु<br>• श्वास प्रश्वास रोकिने अवस्था<br>• कृतिम श्वास प्रश्वासका तरिका |
| ९) हाँडमा चोट लाग्ने | • हाँडको चोट थाहा पाउने तरिका<br>• प्राथमिक उपचार |
| १०) पोल्ने (जलन) | • *पोलेको अवस्थामा प्राथमिक उपचार |
| ११) बेहोस वा अचेत | • बेहोस हुँदा ध्यान दिनु पर्ने विषय<br>• बेहोस हुदाको अवस्थामा प्राथमिक उपचार |
| १२) विषादी | • विषादीको किसिम |

| | |
|---|---|
| | • मानव शरीरलाई हानी गर्ने विषादी<br>• विषादी शरीर भित्र पसेको अवस्थामा गरिने प्राथमिक उपचार |

## २. ड्राइभिङ्ग अभ्यास

### २.१ परीक्षण गरिने सिप र ज्ञान

यातयात व्यवस्था कार्यालयले दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल वा स्कुटर) को अनुमतिपत्र प्राप्त गर्न चाहनेको लागि संचालन गर्ने क्षमता परीक्षणको परीक्षा दिने व्यक्तिमा देहाय बमोजिमका सिप र ज्ञानको अवस्थाको परीक्षण गर्ने छ। त्यसैकारण चालक प्रशिक्षण केन्द्रले सवारी चालकको प्रशिक्षण गर्दा प्रशिक्षार्थीमा सोहि अनुसार व्यवहारिक सिप र ज्ञान प्रदान गर्ने गरी गर्नु पर्दछ।

**(क)** इन्जिन सुचारु गर्नु भन्दा अगाडि लिनु पर्ने सावधानीका उपाय अपनाउन सक्ने

**(ख)** बायाँ र दायाँ कुना तर्फ सुरक्षित र सजिलो गरी मोडने

**(ग)** आकस्मिक वा अन्य आवश्यक अवस्थामा सवारी साधन रोक्ने, आवश्यक अवस्थामा उपयुक्त संकेतको प्रयोग गरी सडकको उपयुक्त स्थानमा सुरक्षित रुपमा रोक्ने

**(घ)** सवारी साधन चलाउदा अन्य क्रियाकलापबाट ध्यान भंग हुन नदिने र प्रिजेन्स अफ माइन्ड प्रदर्शन गर्ने

**(ङ)** ट्राफिक चिन्ह वा ट्राफिक बत्ती वा ट्राफिक प्रहरी वा प्रहरीले गरेको सङ्केतको ठीक ढंगले शिघ्र पालना गर्ने र अरु सडक प्रयोगकर्ताले दिएको सङ्केतको पालना ठीक ढंगले गर्ने

**(च)** पैदल यात्रीले बाटो क्रस गर्ने ठाँउमा उपयुक्त व्यवहार प्रदर्शन गर्ने

**(छ)** सवारी साधनमा रहेका विद्युतीय सङ्केतहरूको स्पष्ट र बिना गल्ती ठीक समयमा ठीक सङ्केतको प्रयोग गर्ने

**(ज)** ट्राफिक र सडकको अवस्था अनुसार सवारी साधनको गतीलाई सन्तुलित राख्ने

**(झ)** ठाडो उकालोमा ह्यान्ड ब्रेक वा थ्रोटल र गोडामा रहेको ब्रेकको प्रयोग गरी सवारी साधनलाई पछाडि सर्न नदिई रोक्न र पुनः संचालन गर्न सक्ने

**(ञ)** ओरालोमा जाँदा तल्ला गियरमा शिघ्र परिवर्तन गर्न सक्ने

**(ट)** ट्राफिक अवस्थाले माग गरेको बेला उच्च गियरबाट तल्लो गियरमा शिघ्र परिवर्तन गर्न सक्ने र

**(ठ)** सवारी साधनमा रहेका एक्सिलेटर, क्लच, गियर, ब्रेकहरू र हर्नको ठीक ढंगले प्रयोग गर्न सक्ने

*नोटः गियर नभएका दुई पाङ्ग्रे सवारी साधन चालकको लागि गरिने परीक्षणमा गियरको उपयोगको विषय समावेश गरिने छैन*

## २.२ परीक्षणको तरिका (अभ्यासको अनुमानित समयः २० घण्टा)

चालकमा उल्लेखित सिप र ज्ञानको अवस्थाको परीक्षणको लागि यातायात व्यवस्था कार्यालयले देहाय बमोजिमको सात विभिन्न विधि अवलम्बन गर्ने हुनाले चालक प्रशिक्षण केन्द्रले सोही अनुसार अभ्यास गराउनु पर्दछ

**(क)** चलाउनु पूर्वको सावधानी र सुरक्षा परीक्षण

**(ख)** चित्र आँखामा परीक्षण

**(ग)** साँघुरो काठमा परीक्षण

**(घ)** ट्राफिक सङ्केतको परीक्षण

**(ङ)** उबड खाबडको परीक्षण

**(च)** Ramp परीक्षण

**(छ)** सवारीको गति, गियर परिवर्तन र समयको परीक्षण

**(ज)** सार्वजनिक सवारी साधन चुन्ने चालकको लागि आचार-संहिता सम्बन्धी जानकारी गराउने।

**अनुसूची ७**

(सवारी प्रशिक्षण केन्द्रको अनुगमन चेकलिस्ट)

**1. Introduction**

a) Inspections must be undertaken formally and recorded as per this checklist.

b) This checklist provides a guide to the inspection, additional information of the field observation could be recorded on the separate sheet.

**2. Driving School Information**

| | |
|---|---|
| Name of Driving School/Category | |
| Address of the Driving School | |
| Name of Proprietor | |
| Registration No./ Date of Registration | |

**3. Driving Inspection Parameters**

| S/N | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | **A. Layout (floor of the trial center)** | | | | |
| 1 | Floor and parking area as per rule | | | | |
| 2 | Floor area free of obstructions | | | | |
| 3 | Floor surface not slippery | | | | |
| 4 | Floor coverings in good condition | | | | |
| | **B. Health and safety information** | | | | |
| 5 | Is the health and safety law poster displayed in a prominent position? | | | | |
| 6 | Are no smoking signs displayed? | | | | |
| 7 | Are safe Driving method statements/warning signs clearly visible? | | | | |
| | **C. Space for Theoretical Class and Office** | | | | |
| 8 | Is the floor space clear of debris/objects? | | | | |
| 9 | Is the area tidy and well kept? | | | | |
| 12 | Is the ventilation adequate? | | | | |
| 13 | Is the temperature comfortable? | | | | |

| S/N | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | **D. Personal protective equipment** | | | | |
| 17 | Is personal safety equipment like safety jackets, gloves, helmet, mask or safety goggles etc. stored safely and appropriately? | | | | |
| 18 | Is signage of personal protective equipment requirements displayed? | | | | |
| | **E. Electrical safety** | | | | |
| 19 | Are there any trailing cables, which could cause a person to trip and fall? | | | | |
| 22 | Are there any apparent faults with any electrical equipment, including damage to cables, plugs and sockets? | | | | |
| 23 | Are extension leads etc. only used for low power equipment? | | | | |
| | **G. Emergency procedures** | | | | |
| 28 | Are all fire exit and escape routes, fire alarm points and items of firefighting equipment clearly visible, unobstructed and appropriately indicated? | | | | |
| 29 | Are all fire escapes kept closed when not in use and never wedged open (except when on catches activated by the fire alarm system)? | | | | |
| 30 | Are sufficient up to date fire action notices prominently displayed throughout the area? | | | | |
| 31 | Is there excessive storage of flammable materials? | | | | |
| 33 | Is there a first aid box readily available? | | | | |
| 34 | Are sufficient up to date first-aid notices displayed prominently through the workplace? | | | | |
| 35 | Eye wash easily accessible where necessary? | | | | |
| 36 | Is there a trained first aider available? | | | | |
| | **H. Vehicles and Equipment** | | | | |
| 37 | Are trial vehicle adequately guarded/protected to prevent contact? | | | | |
| 38 | Is the vehicle maintained in a good condition? | | | | |
| 39 | Are the vehicles parked correctly? | | | | |
| 46 | Is there warning signs/signage on vehicle used for trail practice? | | | | |

| S/N | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| 48 | Are the keys to vehicles/equipments being securely held? | | | | |
| 57 | Are fuel/lubricants stores adequately stored and signed? | | | | |
| | **I. Driving Tests and respective Standards** | | | | |
| | 8 – Test | | | | |
| | Traffic Light Test | | | | |
| | Plank Test | | | | |
| | U-Turn Test | | | | |
| | Speed breaker (Bump)Test | | | | |
| | Ramp test | | | | |
| | Garage Parking Test | | | | |
| | **J. Access to the trail Center and Parking Facility** | | | | |
| | Distance to the access to public road (name of the Road) | | | | |
| | Width of Road | | | | |
| | Average number of visitors at a time | | | | |
| | Parking space for four wheel (number) | | | | |
| | Parking of two wheelers (number) | | | | |
| | Other space available | | | | |

**4. OVERALL RECOMMENDATION AND REMARKS (IF ANY)**

**General Comment:**

1.................................................................................................................

2.................................................................................................................

3.................................................................................................................

4.................................................................................................................

**Specific Comment:**

1. Human Resources available:- ..........................................................................................................

2. Physical Facilities:- ..........................................................................................................

**Name of the Inspector :**

**Designation:**

**Date:**

**Name of Office:**

# अनुसूची ८

(सवारी प्रशिक्षण केन्द्र दर्ता गर्दा पेश गर्नु पर्ने प्राविधिक प्रतिवेदनको ढांचा )

यो प्रतिदेदन दर्तावाल इन्जिनियरले तयार गरेको हुनुपर्नेछ । सवारी चालक प्रशिक्षण केन्द्र दर्ता गर्नको लागि पेश गर्नुपर्ने प्राविधिक प्रतिवेदनमा निम्न अनुसारका विवरण खुलाई तयार पार्नु पर्नेछ:-

१. सवारी चालक प्रशिक्षण केन्द्रको नाम:

२. दर्ता गर्नुपर्ने सवारी चालक प्रशिक्षण केन्द्रको वर्गीकरण:

३. Registered engineer shall prepare the technical report as per the table below:-

| S/N (1) | Description required standard (2) | Criteria/standard (3) | Yes (4) | No (5) | Remarks (6) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

Explanation:

- **Column (2) and column (3):** This column shall contain all the requirements as per the standard on physical infrastructure, available land approach road, layout of trial center and human resources as mentioned in the Clause 10 (1) of this directives.
- **Column (4) and Column (5):** These columns shall contain compliance or non-compliance of the requirements mentioned in column (2) and column (3).
- **Column (6):** This column shall contain the technical justification of requirement if any.

४. Overall recommendations and remarks:

| |
|---|
| **General recommendations:**<br>(क) सिफारिस गरिएको सवारी चालक प्रशिक्षण केन्द्र: ........<br>(ख) भौतिक पूर्वाधार, प्रयोगात्मक प्रशिक्षण स्थलको रेखांकन (Layout) र मानवीय संसाधन सम्बन्धी भएका मापदण्डमा कैफियत अनुसारको निष्कर्ष: ............... |
| Specific recommendations:<br>आज मिति ............................ गते तयार पारिएको यो प्राविधिक प्रतिवेदन, सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ मा उल्लेखित सम्पूर्ण भौतिक पूर्वाधार, प्रयोगात्मक प्रशिक्षण स्थलको रेखांकनको Layout र मानवीय संसाधन सम्बन्धी मापदण्डहरु सारभूत रुपमा पूरा भएकोले यो ..................................(सवारी चालक प्रशिक्षण केन्द्र) ............. वर्गमा दर्ता गर्न सिफारिस गर्दछु । |

हस्ताक्षर: ..................................

नाम: ..............................................

दर्ता नं. .........................

(मेरो नेपाल इन्जिनियरिंग परिषदमा दर्ता भएको प्रमाण-पत्र यसै साथ संलग्न राखेको छु )

**“यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (सशोधित)”**

## परिच्छेद - १: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

यस निर्देशिकाको नाम **“यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (सशोधित)”** रहेको छ ।

यो निर्देशिका यातायात व्यवस्था विभागले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. निर्देशिकाको प्रयोग :

यस निर्देशिकाको कार्यान्वयन यातायात व्यवस्था विभाग र यस अन्तर्गतका कार्यालयहरूले गर्नेछन् ।

३. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

“ऐन” भन्नाले “सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (संशोधन सहित)” सम्झनुपर्छ ।

“नियमावली” भन्नाले “सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (संशोधन सहित)” सम्झनुपर्छ ।

“विभाग” भन्नाले “यातायात व्यवस्था विभाग”सम्झनुपर्छ ।

“कार्यालय” भन्नाले “यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (साना/ठूला सवारी), यातायात व्यवस्था कार्यालय (मोटरसाइकल), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), सवारी परीक्षण कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय” समेतलाई सम्झनुपर्छ ।

“प्रदूषण मापदण्ड” भन्नाले “नेपाल सरकारले जारी गरेको नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (संशोधन सहित)” सम्झनुपर्छ ।

“परीक्षा समिति” भन्नाले “ऐनको दफा १५६ अनुसार गठित परीक्षा समिति” सम्झनुपर्छ ।

“निर्देशिका” भन्नाले” यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (सशोधित)” सम्झनुपर्छ ।

“महानिर्देशक” भन्नाले “यातायात व्यवस्था विभागका महानिर्देशक” सम्झनुपर्छ ।

“कार्यालय प्रमुख” भन्नाले “यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (साना/ठूला सवारी), यातायात व्यवस्था कार्यालय (मोटरसाइकल), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), सवारी परीक्षण कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय प्रमुख” लाई सम्झनुपर्छ ।

"फाँटवाला" भन्नाले "यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (साना/ठूला सवारी), यातायात व्यवस्था कार्यालय (मोटरसाइकल), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), सवारी परीक्षण कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय" बाट सम्पन्न गरिने कार्यहरूका लागि सम्बन्धित शाखा र फाँटको जिम्मेवारी दिई कार्य गर्न तोकिएका शाखा अधिकृत/लेखा अधिकृत/मेकानिकल/सिभिल/कम्प्यूटर इन्जिनियर/कम्प्यूटर अधिकृत/ना.सु./खरिदार/लेखापाल/सहलेखापाल/मेकानिकल सुपरभाइजर/सिनियर मेकानिक्स/मेकानिक्स/जुनियर मेकानिक्स एवं अन्य राजपत्रअनङ्कित कर्मचारीहरू" समेत सम्झनुपर्छ ।

"लिलामका सवारी" भन्नाले "प्रचलित नेपाल कानुनबमोजिम बढाबढ वा घटाघट गरी बिक्री गरेको सवारी" लाई जनाउँछ ।

४. निर्देशिकाको व्याख्या :

निर्देशिका कार्यान्वयनका सिलसिलामा कुनै द्विविधा भएमा सोको व्याख्या यातायात व्यवस्था विभागले गरे बमोजिम हुनेछ ।

५. बाझिएमा गर्ने :

निर्देशिकामा उल्लिखित व्यवस्था ऐन एवं नियमावलीमा उल्लिखित व्यवस्थासँग बाझिएमा ऐन एवं नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

निर्देशिकामा उल्लिखित व्यवस्थासँग साबिकमा भएका परिपत्रहरू बाझिन गएमा यस निर्देशिकाको व्यवस्था नै लागू गर्नुपर्नेछ ।

६. संशोधन र थपघट गर्न सकिने :

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक स्वीकृति लिई यातायात व्यवस्था विभागले यस निर्देशिकामा हेरफेर गर्न सक्नेछ ।

७. निर्देशिकाको पालना गर्नुपर्नेः

यस निर्देशिका बमोजिम गर्नुपर्ने कार्यहरू सम्पादन नगर्ने कर्मचारीहरूमाथि देहाय बमोजिम कारवाही हुनेछ :

१. पहिलो पटक निर्देशिकाको पालना नगर्ने कर्मचारीलाई विषयको गाम्भीर्यता हेरी कार्यालय प्रमुख/महानिर्देशकले सचेत गराउनेछ ।

२. दोस्रोपटक निर्देशिकाको पालना नगर्ने कर्मचारीलाई कार्यालय प्रमुख/ महानिर्देशकले प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्नेछ ।

# परिच्छेद-२

# विभागका कर्मचारीहरूको जिम्मेवारी, कार्यविधि, कार्यप्रवाह एवं अभिलेख व्यवस्थापन

८. विभागमा कार्यरत कर्मचारीहरूको जिम्मेवारी

महानिर्देशकको जिम्मेवारी :

- विभागमा आफूअन्तर्गतका अधिकृत तथा सहायक कर्मचारीहरूको जिम्मेवारी तोक्ने,
- आफूमा निहित अधिकार निर्देशकहरूलाई प्रत्यायोजन गर्ने, प्रत्यायोजित अधिकार अन्तर्गत भएका कामको अनुगमन गर्ने,
- विभागका विभिन्न शाखाहरू र निर्देशकहरूबीच समन्वय गर्ने,
- मातहतका कार्यालयहरूको कार्यसम्पादन सम्बन्धमा अनुगमन, मूल्याङ्कन, निरीक्षण गर्ने/गराउने,
- सवारी तथा यातायात व्यवस्थापन सम्बन्धमा नीति तथा कार्ययोजना प्रस्ताव गर्ने, स्वीकृत भएपछि कार्यान्वयन गर्ने/गराउने,
- अधिकार प्रत्यायोजन भएकोमा बाहेक पेस भएका निम्नलिखित कार्यका सम्बन्धमा निर्णय गर्ने :
  - प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति प्रदान गर्ने र नवीकरण गर्ने,
  - विभिन्न व्यवसाय दर्ता गर्नुपूर्व वा सो सम्बन्धमा माग गरिएको विभागीय राय उपलब्ध गराउने,
  - यातायात सेवा पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने,
  - यातायात व्यवसायीको संघसंस्था दर्ता गर्नुपूर्व माग गरिएको विभागीय राय प्रतिक्रिया उपलब्ध गराउने,
  - सार्वजनिक सवारी सञ्चालन गर्न रुट कायम तथा सोको भाडादर निर्धारण गर्ने,
  - नयाँ सवारी साधन नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधित हुने समेत) अनुसार भए नभएको एवं सडकमा चल्न सक्ने क्षमताको भए नभएको एकिन गरी स्वीकृति प्रदान गर्ने,
- मातहतका कार्यालयहरूलाई खर्च गर्ने अख्तियारी प्रदान गर्ने,
- सूचना प्रविधिको माध्यमबाट यातायात सेवालाई सरल, सहज र प्रभावकारी बनाउन पहल गर्ने/गराउने,

- यातायात व्यवस्था विभाग र अन्तर्गतका कार्यालयहरूमा प्रयोग भइरहेको सूचना प्रविधि प्रणालीलाई समयसापेक्ष आधुनिकीकरण गर्दै जाने व्यवस्था गर्ने/गराउने,
- यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, सडक विभाग लगायत सम्बन्धित सरोकारवाला निकायहरूबीच समन्वय गरी यातायात व्यवस्थापनलाई चुस्त, दुरुस्त बनाउन पहल गर्ने/गराउने,
- जल यातायात व्यवस्थापन सम्बन्धी काम गर्ने,
- प्रचलित कानुनमा महानिर्देशकको जिम्मेवारी भनी उल्लेख भएका अन्य कुराहरू गर्ने,
- प्रचलित कानून बमोजिम विभागले कार्यान्वयन गर्ने भनी जिम्मेवारी तोकेमा सोको कार्यान्वयन गर्ने/गराउने ।

### निर्देशक (जनशक्ति व्यवस्थापन शाखा) को जिम्मेवारी

जनशक्ति व्यवस्थापन शाखाका निर्देशकको जिम्मेवारी देहायबमोजिम हुनेछ :

- कर्मचारी प्रशासनसम्बन्धी कार्यहरूगर्ने/गराउने,
- जिन्सी व्यवस्थापन सम्बन्धी कार्यहरूगर्ने/गराउने,
- विभागमा कार्यरत रा.प.अनं. प्रथम श्रेणीसम्मका कर्मचारीहरूको कार्य विभाजन, जिम्मेवारी तथा विभागीय कारवाही सम्बन्धी काम गर्ने/गराउने,
- विभाग मातहत कार्यरत रा.प.अनं. प्रथम श्रेणीसम्मका कर्मचारीहरूको सरुवा, काज सरुवा, काज स्वीकृति, बिदा स्वीकृति सम्बन्धी काम प्रचलित कानुन बमोजिम गर्ने/गराउने,
- विभागमा उपलब्ध सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,
- अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,
- कर्मचारी विवरण अद्यावधिक गर्ने, सवारी साधन प्रयोग गर्ने कर्मचारीको विवरण अद्यावधिक राख्ने कार्य गर्ने/गराउने,
- सवारी साधनहरूको मर्मत खर्चको विवरण राख्ने/राख्न लगाउने,
- विभागको सरसफाइ तथा भौतिक अवस्था व्यवस्थापनको कार्य गर्ने/गराउने,
- विभागका कर्मचारीहरूको हाजिरी अद्यावधिकरूपमा राख्ने व्यवस्था गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूको स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीहरूको अभिलेख अद्यावधिक राख्ने व्यवस्था मिलाउने,
- नियमानुसार विभाग तथा अन्तर्गत कार्यालयहरूको जिन्सी निरीक्षण गर्ने/गराउने,
- कार्यालय निरीक्षणको कार्ययोजना बनाई आवश्यकता अनुसार आलोपालो गरी कर्मचारी खटाउने,
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, मन्त्रालय लगायतका निर्देशनहरू समयमै कार्यान्वयनमा ल्याउने; आवश्यकता अनुसार समयसीमा भित्रै पत्राचार गर्ने तथा यस्ता कामको अभिलेख राख्ने/राख्न लगाउने,
- विभागीय कारवाही सम्बन्धी कार्यहरू गर्ने,

निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने; पुरस्कार, सरुवा, बढुवा तथा अन्य आवश्यक कारबाही गर्न सिफारिस गर्ने व्यवस्था मिलाउने,

विभागबाट बाहिर पठाउने पत्रहरूका लागि हुलाक कार्यालयहरूसँग सम्झौता गरी सहज, सरल र समयमै पुऱ्याउने व्यवस्था गर्ने ।

आफ्नो शाखासँग सम्बन्धित गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

नागरिक वडापत्र ९ऋष्तष्शभल ऋजबचतभच० को व्यवस्था र कार्यान्वयन गर्ने/गराउने,

तालुक निकायबाट भएका नीतिनिर्देशन बमोजिम कार्यहरू गर्ने/गराउने,

विभाग र अन्तर्गतका कार्यालयहरूमा भएका गुनासा तथा उजुरीका सम्बन्धमा कारवाही गरी महानिर्देशक समक्ष पेस गर्ने,

वार्षिक कार्यक्रम तर्जुमा गरी/गराई स्वीकृतिका लागि पेस गर्ने,

महानिर्देशकको जिम्मेवारीमा तोकिएकामध्ये अधिकार प्रत्यायोजन भएकामा सो बमोजिम गर्ने,

महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएकामा सो बमोजिम कार्य गर्ने/गराउने ।

निर्देशक (प्रा.) (सवारी दर्ता, वर्कसप र सवारी परीक्षण व्यवस्थापन शाखा) को जिम्मेवारी

सवारी दर्ता, वर्कसप र सवारी परीक्षण व्यवस्थापन शाखाका निर्देशकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

नेपालमा उत्पादन हुने सवारी र विदेशबाट पैठारी हुने सवारी साधन नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) अनुरूप भएको प्रमाणपत्र जारी गर्ने/गराउने,

नेपालमा उत्पादन भएको वा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७ बमोजिम आयात हुने नयाँ सवारी साधनको सडकमा चल्न सक्ने क्षमताको प्रमाणपत्र (Road Worthiness Certificate) माग भएकामा सोका लागि गठित समितिको संयोजन गरी सोमा भएको निर्णय कार्यान्वयन गर्ने/गराउने,

:गतिषब्हभि तथा फरक प्रकृतिका जस्तै पेट्रोल, डिजेल र ीएन् बाहेक अन्य इन्धन, इनर्जीबाट चल्ने सवारी साधन दर्ता तथा स्वीकृति सम्बन्धी कार्य गर्ने/गराउने,

नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र रहेका भनी निर्णय भएका विभिन्न सवारी साधनहरूको भन्सार नाका परिवर्तन गर्ने वा थप गर्ने वा आयातकर्ता परिवर्तन सम्बन्धी आवश्यक निर्णय गर्ने,

नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र रहेका भनी निर्णय भइसकेका मोडलका सवारी साधनहरू राजदूतावास, राष्ट्रिय वा अन्तराष्ट्रिय सङ्संस्थाबाट प्रमाणित गरिदिन अनुरोध भइ आएमा प्रमाणित गर्ने/गराउने,

मालवाहक सवारीको भारवहन क्षमता र सडक सुरक्षाका लागि तौलपुल सम्बन्धी कार्यविधिको निर्माण तथा कार्यान्वयन र अनुगमन सम्बन्धी कामहरू गर्ने/गराउने,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ अनुरूप स्पेसिफिकेसन सम्बन्धी कार्य गर्ने,

कुनै सरकारी निकाय वा अर्धसरकारी निकायले खरिद गर्ने सवारी साधन वा लिलाम गर्नुपर्ने सवारी साधनका बारेमा प्राविधिक सहयोगका लागि अनुरोध भइ आएमा खटनपटन गर्ने/गराउने,

जल यातायात व्यवस्थापनसम्बन्धी विवरण सङ्कलन, मापदण्ड निर्धारण, सञ्चालन अनुमति एवं दर्ता सम्बन्धी प्रारम्भिक काम गर्ने/गराउने,

विभाग मातहत रहेका सवारी परीक्षण कार्यालयहरूको कार्यसम्पादनका विषयमा नियमन गर्ने तथा सुधार गर्ने विषयमा सिफारिस गर्ने; प्रविधिमैत्री सेवाको प्रवर्द्धन गर्न आवश्यक कार्य गर्ने,

वर्कसप, प्रशिक्षण केन्द्र, भारवहन नियन्त्रण, तौलपुल, प्रदूषण जाँचपास, सवारी जाँचपास आदि सार्वजनिक सवारी सम्बन्धी मापदण्ड तयार गरी निर्णयका लागि सिफारिस गर्ने,

कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा प्राविधिक पक्षमा भएका कमी कमजोरी तथा गुनासाहरूका सम्बन्धमा कारवाही गरी अन्तिम स्वीकृतिका लागि महानिर्देशकसमक्ष पेसगर्ने,

सार्वजनिक सवारी सञ्चालनमा प्रभाव पार्ने तŒवहरूको बजार मूल्यमा वार्षिक रूपमा उतारचढाव भएको देखिएमा, पेट्रोलियम पदार्थको मूल्यमा भएको घटबढ वा नेपाल सरकारलाई भाडा समायोजन गर्न मनासिव लागि आदेश प्राप्त भएमा उक्त भाडादरको पुनरावलोकन गर्ने व्यवस्था मिलाउने,

कुनै सङ्संस्थाबाट सार्वजनिक सवारी सञ्चालनका लागि रूट माग भएमा, स्थानीय निकाय तथा कुनै निकाय वा परियोजनाबाट बाटो निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण गरेको जानकारी प्राप्त भएमा तत्तत् रूटमा सवारी चलाउन भाडा तथा रुट कायम गर्ने/गराउने,

यातायात व्यवस्था कार्यालयहरूबाट कुनै काम गर्ने सिलसिलामा ऐन, नियम, निर्देशिकामा उल्लेख नभएका प्राविधिक विषयमा निर्देशन माग गरेमा सोको निराकरणका लागि निर्देशन गर्ने/गराउने,

आफ्नो मातहत कर्मचारीलाई कार्य विवरणसहितको जिम्मेवारी तोक्ने,

महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएकामा सोबमोजिम कार्य गर्ने/गराउने ।

### निर्देशक (सवारी तथा सवारी चालक नियमन शाखा) को जिम्मेवारी

सवारी तथा सवारी चालक नियमन शाखाका निर्देशकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

- स्वीकृत बजेटका आधारमा वार्षिक रूपमा सवारी अनुगमन कार्ययोजना तयार गरी स्वीकृत गराई कार्यान्वयनमा ल्याउने,
- सवारी साधनको आवश्यकता अनुसार अनुगमन गरी/गराई सोको प्रतिवेदन तयार गरी अभिलेख राख्ने र प्रतिवेदनका आधारमा आवश्यक सुधारका लागि पहल गर्ने/गराउने,
- सार्वजनिक सवारी साधनहरूको भाडा निर्धारण समितिको सदस्यकारूपमा कार्य गर्ने,
- सवारी साधन कर ऐन, २०३१ को दफा ११ (च) बमोजिमकर छुटका लागि सिफारिस गर्न महानिर्देशक समक्ष पेस गर्ने,
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५९ बमोजिम अनुमति दिन निर्णय गर्ने,
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ बमोजिम यातायात सेवा पञ्जीकरण तथा नवीकरण गर्ने,
- सवारी चालक अनुमतिपत्रको प्रश्नपत्र निर्माण, सुरक्षित हस्तान्तरण र परीक्षालाई मर्यादित बनाउन आवश्यक अनुगमनको व्यवस्थापन गर्ने/गराउने,
- सवारी तथा यातायात व्यवस्था ऐन र नियमावलीमा भएका कारवाही सम्बन्धी प्रावधानहरू अन्तर्गतका निकाय वा कुनै सरकारी निकाय वा नेपाल प्रहरीलाई हस्तान्तरण गर्ने विषयमा सूची तयार पारी निर्णयका लागि पेस गर्ने,
- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक (ट्रायल) परीक्षाको आकस्मिक अनुगमन गर्ने/गराउने,
- अन्तर्गत कार्यालयहरूबाट सञ्चालन हुने सवारी चालक अनुमतिपत्र वितरण प्रक्रियाको विवरण अद्यावधिक गर्ने/गराउने,
- सवारी चालक अनुमतिपत्र वितरणको कामलाई बढी भरपर्दो र पारदर्शी बनाउने कामको निरन्तर अनुगमन र सुधारका लागि पहल गर्ने/गराउने,
- संस्था दर्ता ऐन, २०३४ अन्तर्गत राय माग भई आउने विषयमा राय पठाउन निर्णयका लागि पेस गर्ने,
- आफ्नो शाखासँग सम्बन्धित गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आफ्नो मातहत कर्मचारीलाई कार्यविवरण सहितको जिम्मेवारी तोक्ने,
- महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएबमोजिम कार्य गर्ने/गराउने ।

### निर्देशक (योजना, कार्यक्रम अनुगमन तथा सूचना प्रविधि शाखा) को जिम्मेवारी

योजना, कार्यक्रम अनुगमन तथा सूचना प्रविधि शाखाका निर्देशकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

- स्वीकृत वार्षिक बजेटका आधारमा विभाग र अन्तर्गतका कार्यालयहरूको कार्यक्रम तयार गरी स्वीकृतिका लागि पेस गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम बमोजिम समयमै अन्तर्गतका कार्यालयहरूलाई अख्तियारी पठाउने व्यवस्था मिलाउने,

- स्वीकृत कार्यक्रमअनुसार कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार गरी स्वीकृत गराउने,
- विभाग तथा अन्तर्गतका कार्यालयहरू समेतको कार्यक्रम कार्यान्वयनको समीक्षा तथा अनुगमनको व्यवस्था मिलाउने,
- आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट तथा कार्यक्रम मागका लागि पूर्वतयारी गर्ने । विभाग र अर्न्तगतका कार्यालयहरूसँग अन्तरक्रिया तथा छलफल गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने; स्वीकृत भएको वार्षिक कार्यक्रम विभाग मातहतका शाखाहरूसँग सम्बन्धित कार्यक्रमहरू तत्तत् शाखाहरूबाट गर्ने गराउने; तत्तत् शाखाहरूबाट स्वीकृत कार्यक्रम बमोजिम कार्यसम्पादन भए नभएको नियमन गर्ने र महानिर्देशक समक्ष सिफारिस गर्ने,
- विभागबाट तयार हुने सबै प्रगति प्रतिवेदन यथासमय तयार गरी तालुक निकायमा पठाउने व्यवस्था मिलाउने,
- वैदेशिक सहयोग सम्बन्धी कामको समन्वय गर्ने,
- स्वीकृत कार्यक्रम अन्तर्गत रही यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक सूचना (रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि) को उपयोग गर्ने कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गर्ने,
- आफ्नो शाखासम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- यातायात व्यवस्थापनलाई सूचना प्रविधियुक्त बनाई, सूचना प्रविधिकै माध्यमबाट नियमन गर्ने व्यवस्था मिलाउने,
- यातायात सेवाका सम्बन्धमा नीति विश्लेषण तथा अनुसन्धान र विकास ९च७ऋ० सम्बन्धी कार्य गर्ने,
- हाल सञ्चालनमा रहेका VRS, DLRS र EDLVRS प्रणालीहरूको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- सवारी तथा सवारी चालक अनुमतिपत्रको सम्पूर्ण कागजी अभिलेखलाई कम्प्यूटर प्रविष्टी गर्न व्यवस्था मिलाउने,
- यातायात व्यवस्थापन, सवारी दर्ता, सवारी चालक अनुमतिपत्रसँग सम्बन्धित सफ्टवेयरहरूको सुरक्षा प्रणालीको भरपर्दो व्यवस्था मिलाउने,
- विभाग तथा अन्तर्गतका कार्यालयहरूका लागि आवश्यक पर्ने मालसामानहरू जस्तै स्मार्ट कार्ड, इ-बिल, बिलबुक, मेसिनरी उपकरण लगायतका सामानहरूको समयमै आवश्यकता पहिचान गरी खरिदएकाइ समक्ष उपलब्ध गराउने,
- विभाग र अन्तर्गतका कार्यालयहरूका कर्मचारीहरूलाई आवश्यकता अनुसारको गोष्ठी, सेमिनार, वर्कसप, तालिम आदि सम्बन्धी कार्य गर्ने,
- विभाग र मातहतका कार्यालयहरू तथा ट्रायल सेन्टरहरुमा सि.सि.टि.भी. राख्ने व्यवस्था मिलाउने तथा सि.सि.टि.भी.को अनुगमन आवश्यकता अनुसार विभागबाट गर्ने व्यवस्था मिलाउने,
- यातायात सेवासँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने, वार्षिक प्रगति प्रतिवेदन र बुलेटिन प्रकाशन गर्ने,

- विभागको वेभसासाइट नियमितरूपमा ग्उमबतभ गर्ने,
- विभाग र कार्यालयहरूको अचल सम्पत्तिको विवरण सङ्कलन गरी लगत अद्यावधिक गर्ने,
- चौमासिक/अर्धवार्षिक/वार्षिक समीक्षाका लागि आवश्यक तयारी गर्ने,
- विभाग तथा कार्यालयहरूको स्वीकृत वार्षिक कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन पेस गर्ने,
- महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएकामा सोबमोजिम कार्य गर्ने/ गराउने ।

### सिनियर डिभिजनल इन्जिनियर (सडक सुरक्षा तथा यातायात सुदृढीकरण शाखा) को जिम्मेवारी

सडक सुरक्षा तथा यातायात सुदृढीकरण शाखाका सिनियर डिभिजनल इन्जियिनरको जिम्मेवारी देहायबमोजिम हुनेछ :-

- विभाग अन्तर्गत विभिन्न दातृ निकायको सहयोगमा सञ्चालित आयोजनाहरुमा विभागको तर्फबाट सम्पर्क व्यक्तिको रुपमा काम गर्ने,
- बाटो निर्धारण तथा अध्ययन कार्यदलको संयोजक/सदस्य भई काम गर्ने,
- सार्वजनिक सडकमा आवश्यक पर्ने रिफ्रेस सेन्टर, तौलपुल र सडक सुरक्षासम्बन्धी अन्य पूर्वाधारको अवलोकन गर्ने र कैफियत देखिएको विषयमा सुधार गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- राष्ट्रिय राजमार्गअन्तर्गत सञ्चालन हुने सार्वजनिक यातायातका रुटहरूको अभिलेख अद्यावधिक गर्ने,
- सडक सुरक्षासँग सम्बन्धित ट्राफिक सङ्केतहरू निर्माणका लागि सडक विभाग र ट्राफिक प्रहरीसँग समन्वय गर्ने,
- सडक दुर्घटना न्यूनीकरणसम्बन्धी अध्ययन गरी कार्ययोजना निर्माण गर्न पेस गर्ने,
- सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- विभाग तथा अन्तर्गतका कार्यालयहरूमा निर्माण हुने भौतिक संरचना (भवन, कम्पाउन्डवाल, ट्रायल सेन्टर समेत) को ड्रईङ, डिजाइनिङ तथा लागत अनुमान तयार गर्ने/गराउने,
- राष्ट्रिय राजमार्ग एवं रणनीतिक राजमार्गहरूले समेट्ने भौगोलिक क्षेत्र र जनसङ्ख्याका आधारमा तत्तत् राजमार्गमा सञ्चालन हुने सार्वजनिक यातायातको सङ्ख्या, किसिम, समय, सडकको मापदण्ड, गति, वजन निर्धारणसम्बन्धी अध्ययन, अनुसन्धान गरी मापदण्ड सिफारिस गर्ने,
- राष्ट्रिय राजमार्गहरूको सडक सुरक्षासम्बन्धी ट्राफिक सङ्केत, सडक सूचना राख्ने बिन्दुहरूको पहिचान गरी सिफारिस गर्ने,
- मातहत कर्मचारीलाई कार्यविवरण सहितको जिम्मेवारी तोक्ने,
- महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएकोमा सो बमोजिम कार्य गर्ने/ गराउने ।

### उपसचिव, लेखा (आर्थिक प्रशासन शाखा) को जिम्मेवारी

आर्थिक प्रशासन शाखाका उपसचिवको जिम्मेवारी देहायबमोजिम हुनेछ :

- वार्षिक बजेट तर्जुमाका लागि विवरण सङ्कलन गर्ने एवं पुस्ट्याइँ तयार गर्ने,
- स्वीकृत बजेट निकासाका लागि कारवाही गर्ने,
- बजेट खर्च गर्ने अख्तियारी तथा बाँडफाँड योजना शाखाबाट प्राप्त भएपछि विभाग मातहतका कार्यालयहरूका निम्ति अख्तियारी तथा बाँडफाँडपत्र तयार गर्ने,
- विभागको केन्द्रीय विनियोजन, राजश्व धरौटी र बेरुजुको हिसाब तयार गर्ने साथै बेरुजु फछ्र्यौटको लागि आवश्यक कार्य गर्ने/गराउने,
- विभागमा विनियोजित रकमको निकासा प्राप्त गरी नियमानुसार खर्च गर्ने, अभिलेख राख्ने र फाँटवारी बनाउने तथा लेखापरीक्षण सम्बन्धी कार्य गर्ने/गराउने,
- विभागीय प्रमुखलाई आर्थिक प्रशासन सम्बन्धमा रायसुझाव उपलब्ध गराउने,
- प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली बमोजिम आर्थिक प्रशासन शाखाले गर्नुपर्ने सबै कार्य गर्ने/गराउने,
- आफ्नो शाखासँग सम्बन्धित गुनासो व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- राजश्व सङ्कलनमा बैंकिङ प्रविधिको उपयोगलाई प्रभावकारी बनाउँदै लैजाने र विस्तार गर्ने,
- आफ्नो मातहत कर्मचारीलाई कार्यविवरण सहितको जिम्मेवारी तोक्ने,
- महानिर्देशकबाट अधिकार प्रत्यायोजन र निर्देशन भएकामा सोबमोजिम कार्य गर्ने/गराउने ।

### विभागका फाँटवालाको जिम्मेवारी

विभागका फाँटवालाको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

- आ-आफ्नो फाँटको कार्यसँग सम्बन्धित कागजात बुझिलिई सुरक्षितसँग फाइल गरी राख्ने,
- निर्णय गराउनुपर्ने विषयमा आफ्नो रायसहित शाखा प्रमुख समक्ष पेस गर्ने,
- निर्णय भएको व्यहोरा र त्यससँग सम्बन्धित कागजात रहेको फाइल पञ्जिका बनाई सुरक्षित र व्यवस्थित तवरले राख्ने,
- आ-आफ्नो फाँटका फाइलहरूलाई पञ्जिका बनाई अद्यावधिक गर्ने,
- सम्बन्धित विषयका पूर्व पत्र एवं फाइल तुरुन्तै पेस गर्न सक्ने गरी व्यवस्थित गरी राख्ने,
- आ-आफ्नो फाँट सम्बन्धी आइपर्ने अन्य कार्यहरू गर्ने/गराउने ।

## ९. विभागबाट सम्पन्न गरिने कार्यको कार्यविधि एवं कार्यप्रवाह

### बाटो निर्धारण/कायम गर्ने :

सडक सम्बन्धी निकायबाट सडक निर्माण सम्पन्न भए पश्चात् सार्वजनिक यातायात सेवा सञ्चालन गर्नको लागि बाटो निर्धारण/कायम गर्दा विभागबाट स्वीकृत "बाटो निर्धारण निर्देशिका, २०७४" बमोजिम गरिनेछ ।

सार्वजनिक सवारीको भाडादर निर्धारण तथा विवरण अद्यावधिक गर्ने

सार्वजनिक सवारीको सञ्चालनमा प्रभाव पार्ने तत्वहरूमध्ये पेट्रोलियम पदार्थको बजार मूल्यमा भएको परिवर्तन; वार्षिक रूपमा सार्वजनिक सवारीको सञ्चालनमा प्रभाव पार्ने अन्य तŒवहरूको उल्लेखनीय उतारचढाव भएको देखिएमा वा नेपाल सरकारलाई भाडा समायोजन गर्न मनासिव लागी आदेश प्राप्त भएमा यातायात व्यवस्था विभागले तपसिल बमोजिमको समिति गठन गरी भाडादरको समायोजन गराउन सक्नेछ :

निर्देशक (प्रा.), यातायात व्यवस्था विभाग – संयोजक
सि.डि.ई., यातायात व्यवस्था विभाग – सदस्य
निर्देशक (प्र.), यातायात व्यवस्था विभाग – सदस्य
मेकानिकल इन्जिनियर, यातायात व्यवस्था विभाग – सदस्य

सार्वजनिक सवारीको भाडादर समायोजन गर्नका लागि सो सँग सम्बन्धित सरोकारवाला यातायात व्यवसायी, उपभोक्ता समुहका प्रतिनिधि लगायतका प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

गठित समितिले पेट्रोलियम पदार्थमा भएको मूल्यको परिवर्तन, भाडादरका अन्य सूचकहरूमा भएको परिवर्तनलाई आधार मानी सोको बजार अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन दिनुपर्नेछ ।

भाडादरको हिसाब गर्दा तपसिल बमोजिमका सूचकहरूलाई मुख्य आधारका रूपमा लिनुपर्नेछ :

- सार्वजनिक सवारी साधनको बुक भ्याल्यु (बजार सर्भेक्षणबाट विवरण लिने),
- सार्वजनिक सवारीमा काम गर्ने कामदारको तलब लगायतका प्रशासनिक खर्च (सम्बन्धित व्यवसायीले कर कार्यालयमा बुझाएको विवरणलाई आधार लिने),
- नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व तथा दस्तुरहरू,
- सवारीको मर्मत सम्बन्धी खर्चहरू (बजार सर्भेक्षणबाट विवरण लिने),
- सवारीको बीमा बापतको रकम,
- ब्याट्री, इन्धन, टायर, लुब्रिकेन्ट (बजार सर्भेक्षणबाट विवरण लिने),
- ह्रासकट्टी ९क्तबतभ ष्लिभ :भतजयम०,
- ओभरहेड सम्बन्धी खर्चहरू (कर कार्यालयमा बुझाएको विवरणलाई आधार लिने),
- सवारी सञ्चालन गरेबापत सञ्चालकले पाउनुपर्ने मुनाफा,
- सवारी साधनको बुक भ्यालुको आधारमा चलन चल्तीको व्याजदर ।

समितिले दिएको प्रतिवेदनका आधारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक स्वीकृति लिई महानिर्देशकले आवश्यक निर्णय दिनुपर्नेछ ।

निर्णयानुसार समायोजित भाडादर सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिनेछ ।

सो निर्णयको पालना गर्नु सम्बन्धित सबैंको कर्तव्य हुनेछ ।

## आयात हुने एवं नेपालमै उत्पादन हुने सवारी साधन प्रदूषण मापदण्ड अनुरूप भएको प्रमाणपत्र जारी गर्ने

नेपालमा सञ्चालन र दर्ता गर्नका निम्ति आयात हुने वा नेपालमै उत्पादन हुने नयाँ सवारी साधन नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (यसपछि संशोधन भए सा समेत) अनुसार भएको सिफारिस⁄प्रमाणित गरिपाउन दिएको निवेदनसाथ टेक्निकल स्पेसिफिकेसन, टेस्ट रिपोर्ट COP (Conformity of Production), TA (Type Aproval) र क्याटलग छ⁄छैन

सम्बन्धित फाँटवाला, इन्जिनियर वा प्राविधिक निर्देशकले प्रारम्भिक जाँच गर्नुपर्छ। तत्पश्चात् प्राविधिक निर्देशक, शाखा अधिकृत तथा मेकानिकल इन्जिनियर रहेको समितिले जाँच गरी प्रतिवेदन पेस गर्नु पर्नेछ। प्रतिवेदनउपर महानिर्देशकले निर्णय दिनुपर्नेछ। निर्णयअनुसार उक्त सवारी नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (यसपछि संशोधन भए सो समेत) भित्र रहे नरहेको व्यहोराको जानकारी सम्बन्धित भन्सार कार्यालय, सम्बन्धित कार्यालय तथा निवेदकलाई दिनुपर्नेछ र सो निर्णय एवं सम्बन्धित कागजात सुरक्षित राख्ने जिम्मेवारी प्राविधिक निर्देशक वा मे.इ. को हुनेछ। यस सम्बन्धमा निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र यस्तो प्रमाणपत्र दिइसक्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

प्रदूषण प्रमाणपत्र लिन आउँदा चाहिने कागजपत्रहरू :

- निवेदन
- सवारीको प्रदूषण जाँचको नतिजा सहितको त्थउभ ब्उउचयखबा प्रमाणपत्र,
- सवारीको प्रदूषण जाँच सहितको ऋयलाष्कष्तथ या एचयमगअतष्यल को प्रमाणपत्र,
- सवारीको स्पेसिफिकेसन,
- निर्माता कम्पनी सँगको डिलरसिपको सम्झौतापत्र,
- कम्पनी दर्ता सम्बन्धी अन्य कागजपत्र,

उल्लिखित कागजपत्र सहितको निवेदन प्राविधिक शाखाका मेकानिलक इन्जिनियरले प्रारम्भिक अध्ययन गरी प्रदूषण निरीक्षण समिति समक्ष पेस गर्ने। प्रदूषण निरीक्षण समिति तपसिल बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| निर्देशक (प्राविधिक सेवा), यातायात व्यवस्था विभाग | – संयोजक |
| निर्देशक (प्रशासन सेवा), यातायात व्यवस्था विभाग | – सदस्य |
| शाखा अधिकृत, यातायात व्यवस्था विभाग | – सदस्य |
| मेकानिकल इन्जिनियर, यातायात व्यवस्था विभाग | – सदस्य |

समितिको बैठक सार्वजनिक बिदाको दिनबाहेकप्रत्येक महिनाको १ गते र १५ गते बस्नेछ। सो दिन बिदा परे बिदाको भोलिपल्ट बस्नेछ।

महानिर्देशकले समितिमा आवश्यकता अनुसार सदस्य थप गर्न सक्नेछ।

पेस भएका प्रमाणपत्र तथा कागजातको आधिकारिकताको पुस्ट्याइँको सम्पूर्ण जिम्मेवारी सम्बन्धित आयातकर्ताको हुनेछ । पेस भएका कागजातको आधिकारिकताका विषयमा

विभागलाई शङ्का लागेमा सम्बन्धित निर्माता कम्पनीसँग सोधपुछ गरी नक्कली वा फर्जी कागजात भएको प्रमाणित भएमा प्रमाणपत्र खारेज गरी अन्य आवश्यक कानुनी कारवाही गर्न सकिनेछ । प्रदूषण निरीक्षण समितिले दिएको प्रतिवेदनसाथ संलग्न राखी सम्बन्धित शाखाको फाँटवालाले प्राविधिक निर्देशक समक्ष पेस गर्नुपर्नेछ । प्राविधिक निर्देशकले पेस गरेको उक्त प्रतिवेदन उपर महानिर्देशकले निर्णय दिनुपर्नेछ। निर्णय अनुसार उक्त सवारी नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (यसपछि संशोधन भए सोसमेत) भित्र रहेको पत्र जारी गर्नुपर्नेछ र सोको जानकारी सम्बन्धित भन्सार कार्यालय, यातायात व्यवस्था कार्यालय तथा निवेदकलाई दिनुपर्नेछ र उक्त निर्णय एवं कागजात सम्बन्धित शाखामा सुरक्षित राख्नुपर्नेछ ।

## सवारी साधन सडकमा चलाउन योग्य भएको (Road Worthiness Certificate) प्रमाणपत्र दिने:

नेपालमा उत्पादन भएको वा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७ बमोजिम नेपालमा आयात हुने कुनै फरक किसिमको सवारी साधनको च्यबम ध्यचतजष्लभकक त्भकत गर्न आएमा उक्त सवारीको निरीक्षण गरी प्रतिवेदन दिन विभागले तपसिल बमोजिमको प्राविधिक समिति गठन गर्नेछ :

निर्देशक (प्रा.), यातायात व्यवस्था विभाग – संयोजक
शाखा अधिकृत, यातायात व्यवस्था विभाग – सदस्य
मेकानिकल इन्जिनियर, यातायात व्यवस्था विभाग – सदस्य

महानिर्देशकले समितिमा आवश्यकताअनुसार सदस्य थप गर्न सक्नेछ ।

**Road Worthiness Test** प्रमाणपत्र लिन आउँदा चाहिने कागजपत्रहरू :

- निवेदन,
- सवारीको भन्सार प्रज्ञापन पत्र र भन्सार तिरेको रसिद,
- सवारी प्रदूषण मापदण्ड, २०६९(यसपछि संशोधन भए सोसमेत) भित्र रहेको प्रमाणपत्र,
- सवारीको स्पेसिफिकेसन,
- सवारीसँग सम्बन्धित अन्य कुनै कागजात भए सोसमेत ।

गठित समितिले उक्त सवारी साधनलाई फरक प्रकृतिका सडकहरूमा समेत चलाउन लगाई यान्त्रिक परीक्षण आवश्यक परेमा परीक्षण गराई उपलब्ध कागजातमा छानबिन/जाँचबुझ गरी योग्य देखिएमा सडकमा चलाउन सक्षमताको प्रमाणपत्र दिन सिफारिससहितको प्रतिवेदन पेस गर्नुपर्नेछ । महानिर्देशकले सो प्रतिवेदनका आधारमा आवश्यक निर्णय दिनुपर्नेछ ।

प्रतिवेदनले सर्तसहित सिफारिस गरेमा सर्तको पालना गर्ने गरी प्रमाणपत्र जारी गर्न सकिनेछ ।

मध्यम गतिका पेट्रोल, डिजेल तथा विद्युत्बाट चल्ने रिक्सा, ट्याक्टर, पावरटिलर तथा तीनपाङ्ग्रे सवारी र सडक सुरक्षा तथा यातायात व्यवस्थापनका हिसाबले संवेदनशील देखिएका सवारी साधनलाई काठमाडौं, पोखरालगायतका ट्राफिक चाप बढी भएका तराई, पहाडी तथा हिमाली क्षेत्रहरूमा सार्वजनिक सवारीका रूपमा सञ्चालन गर्ने गरी स्वीकृति दिइनेछैन ।

सो निर्णय र सम्बन्धित कागजात सुरक्षित राख्ने जिम्मेवारी प्राविधिक निर्देशक वा फाँटवालाको हुनेछ । यस सम्बन्धमा निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति परेमा बाहेक १५ दिनभित्र प्रमाणपत्र दिइसक्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

फरक प्रकृतिका सवारी साधन दर्ता गर्न स्वीकृति दिने :

यातायात व्यवस्था कार्यालयहरूबाट साधारणतया दर्ता गरिने सवारी साधनबाहेक (जस्तै : पेट्रोल, डिजेल, ीएन बाहेक अन्य इन्धन वा इजर्नीबाट चल्ने सवारी साधन;छ चक्काभन्दा बढीका सवारी साधन ९ःगतिष बहभि०, सवारी साधनमा जडान गर्नुपर्ने विभिन्न किसिमका उपकरण इत्यादि) फरक स्वरूप, क्षमता, प्रयोग, उद्देश्यका लागि दर्ता गर्न वा परिवर्तन गर्न कुनै व्यक्ति, सङ्संस्था तथा कार्यालयहरूबाट अनुरोध भई आएमा प्राविधिक शाखाबाट आवश्यक जाँचबुझ तथा विश्लेषण गरी केही समयका लागि वा सधैंका लागि दर्ता र
स्वीकृतिका लागि सिफारिस वा निर्देशन दिन सकिनेछ । उक्त स्वीकृति प्रदान गर्नुअघि सम्बन्धित निर्माता कम्पनीले दिएका कागजात वा अन्य मनासिव सिफारिसहरू माग गर्नुपर्नेछ ।

कार्यालयहरूलाई प्राविधिक निर्देशन दिने :

यातायात व्यवस्था कार्यालयहरूले कुनै काम गर्ने सिलसिलामा ऐन, नियम, निर्देशिकामा उल्लेख नभएका प्राविधिक विषयमा निर्देशन माग गर्नुपरेमा सोको विस्तृत विवरण खुलाई विभागमा निर्देशन माग गर्न सकिनेछ ।

निर्देशन माग गर्दा ऐन, नियम वा निर्देशिकाको कुन प्रकरण तथा बुँदामा निर्देशन माग गर्नुपरेको हो सो समेत खुलाई पठाउने र विकल्पहरू उल्लेख गरी कुन विकल्प प्रयोग गर्दा उपयुक्त हुन्छ सोको राय समेत लेखिपठाउनुपर्नेछ ।

निर्देशनका लागि माग भई आएका विषयमा प्राविधिक शाखाबाट ऐन, नियम र निर्देशिकासँग तुलनात्मक रूपमा अध्ययन तथा विश्लेषण गरी कारणसहितको विकल्पको सिफारिस गरी महानिर्देशक समक्ष पेस गर्नुपर्नेछ ।

महानिर्देशकबाट निर्णय गराई पन्ध्र दिनभित्र यस सम्बन्धमा निर्देशन दिई सक्नुपर्नेछ ।

निर्देशन मागको ढाँचा :

विषयको सङ्क्षिप्त व्यहोरा,

- निर्देशन माग गर्नुपर्नाको कारण,
- यसका विकल्पको प्रस्तुति,
- विद्यमान कानुनमा भएको व्यवस्था र,
- कार्यालयको राय ।

## यातायात सेवाको नाम पञ्जीकृत गर्नेसम्बन्धी कार्यविधि

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४४ को उपनियम (१) अनुसूची-४७ बमोजिमको दरखास्त साथ निम्नलिखित कागजात सम्बन्धित फाँटवालाले छ/छैन हेर्नुपर्दछ :

- सञ्चालन गर्न खोजेको यातायात सेवा सहकारी, फर्म वा कम्पनी दर्ता भएको प्रमाणपत्र,
- सञ्चालन गर्न खोजेको यातायात सेवाको प्रबन्धपत्र र नियमावली,
- सहकारी, फर्म वा कम्पनीका प्रोपाइटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र,
- सञ्चालन गर्न खोजेको यातायात सेवाअन्तरगत रहेका सवारीको दर्ताको प्रमाणपत्र, सवारी कर तिरेको निस्सा, जाँचपास, तेस्रो पक्ष बीमा, आयकर दर्ता प्रमाणपत्र,
- सञ्चालन गर्न खोजेको यातायात सेवा यसअघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर बुझाएको प्रमाण,
- सेवा पञ्जीकृत गर्ने यातायात सेवा वा सञ्चालकहरूको नाममा रहेको कम्पनीको हकमा कम्तीमा पाँचवटा सवारी साधन हुनुपर्नेछ । थप सवारी साधनको हकमा सेयर सदस्यहरुका सवारी साधनहरु प्रमाणित सेयर लगतको विवरण पेश गरे पछि पञ्जिकरण सूचीमा थप गरिनेछ वा रित पूर्वकको करार संझौता आधिकारीक निकायबाट प्रमाणित गरी पेश गरेमा करारनामामा उल्लेखित सवारी साधन करार अवधिभर पञ्जिकरण गरिनेछ । यसरी करारनामाबाट पञ्जिकृत भएका सार्वजनिक सवारी अनिवार्य रुपमा पञ्जिकृत भएकै संस्थाबाट सञ्चालित हुनुपर्नेछ,
- सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत काम गर्ने चालक, परिचालकलाई दिइएको नियुक्ति पत्र (नियमावलीको अनुसूची-६२ बमोजिमको नियुक्ति) को प्रतिलिपि र अन्य कर्मचारीहरूको विवरण,
- सेवा पञ्जीकृत गर्दा तोकिए बमोजिमको राजश्व दस्तुर बुझाएको रसिद पेस गर्नुपर्नेछ । एक पटक सेवा पञ्जीकृत भईसकेको कम्पनीमा थप सवारी साधन पञ्जीकृत गर्दा लाग्ने दर्ता शुल्क पुनः बुझाउनुपर्नेछ ,
- कार्यालय रहेको घर जग्गाको लालपूर्जा वा भाडामा लिएको भए सोको सम्झौता

समेत पेस गर्नुपर्नेछ ।

उपर्युक्त व्यहोराका कागजात संलग्न भएपछि फाँटवाला कर्मचारीले कागजात अध्ययन गरी सम्बन्धित अधिकृत समक्ष कारवाही अघि बढाउन पेस गर्नुपर्नेछ,

फाँटवालाले पेस गरेको व्यहोरा जाँच गरी उपयुक्त देखिएमा सेवाको नाम पञ्जीकृत गर्न र सेवा सञ्चालन गर्न स्वीकृति/अनुमति दिन निर्णयका लागि टिप्पणी साथ पेस गर्नुपर्नेछ,

पञ्जीकृत यातायात सेवाले कुन प्रकृतिको कति वटा सवारी साधन मार्फत यातायात सेवा सञ्चालन गर्ने हो, सो विषय स्पष्ट उल्लेख गर्नुपर्दछ । पञ्जीकृत प्रमाणपत्रको पछाडि ती सवारी साधनको दर्ता नम्बर समेत राखी अधिकृतले प्रमाणित गर्नुपर्दछ,

यातायात सेवा पञ्जीकृत गर्दाको सङ्ख्यामा थप गरी सवारी साधन सञ्चालन गर्नुपर्ने भएमा सो थप गर्न निवेदन माग गरी उल्लिखित प्रमाणपत्रमा सो सवारी नम्बर थप गरी प्रमाणित गरिदिने व्यवस्था गर्नुपर्नेछ,

निर्देशकले पेस भएको व्यहोरा ठीक देखिए स्वीकृति दिनुपर्नेछ,

स्वीकृतिको निर्णय पश्चात् अनुमति प्रदान गरिएको प्रमाणपत्रमा र कार्यालयमा रहेको किताबमा विवरणहरू भर्नुपर्नेछ,

कार्यालयको विवरण, प्रमाणपत्र र सेवा पञ्जीकृत गरिएका सवारी साधनको विवरणसहित प्रमाणित गरी सम्बन्धित निवेदकलाई उपलब्ध गराउनुपर्नेछ, यस सम्बन्धी फाइल र रजिस्टर (किताव) सुरक्षित राख्ने,

सरकारी तथा अर्धसरकारी निकायले सार्वजनिक यातायात सेवा सञ्चालन गरेमा यातायात सेवाको पञ्जीकरण गर्नुपर्नेछ ।

पञ्जीकृत यातायात सेवा नवीकरण गर्ने

नवीकरणका लागि सम्बन्धित फाँटवालाले हेर्नुपर्ने कागजात :

१. विभागबाट यसअघि दर्ता भएको वा अघिल्लो पटक नवीकरण भएको प्रमाणपत्र,

२. लेखापरीक्षण प्रतिवेदन र प्रचलित कानुनअनुसार कर बुझाएको प्रमाण,

३. नवीकरणवापतको राजश्व र नवीकरण गर्नका निम्ति निवेदन,

फाँटवालाले नं. (१) मा लेखिएका कुराहरू भिडान गरी नवीकरणका लागि पेस गर्नुपर्नेछ ।

निर्देशकले प्राप्त कागजातका आधारमा निर्णय गर्नु पर्नेछ ।

नवीकरणवापतको राजश्व दस्तुर बुझाएको रसिदसमेत संलग्न राखी नवीकरणको व्यहोरा विभागको अभिलेख (फाइल तथा किताव) मा जनाई नवीकरण प्रमाणित गर्नपेस गर्नुपर्नेछ ।

नवीकरणका लागि पेस हुन आएको सेवा पञ्जीकरणको प्रमाणपत्र नवीकरण गरी प्रमाणित गरिदिने र सो पश्चात् फाँटवालाले सम्बन्धित निवेदकलाई नवीकरणको सक्कलै प्रमाणपत्र उपलब्ध गराई रेकर्ड सुरक्षित राख्नुपर्नेछ ।

## सवारी चालक प्रशिक्षण केन्द्रसञ्चालन गर्न अनुमतिपत्र दिने :

- ऐनको दफा १५९ बमोजिम सवारी चालक प्रशिक्षण केन्द्रसञ्चालन गर्न अनुमति दिनका लागि विभागबाट स्वीकृत “सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४” मा उल्लेखित प्रावधान अनुसार दर्ता गरी सोही अनुरुपको अनुमति दिइनेछ ।
- **“सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४”** माउल्लेख भए बमोजिमका कागजात सलग्न राखी फाइलबनाई फाँटवालाले सम्बन्धित अधिकृतसमक्ष कारवाही अघि बढाउन पेस गर्नुपर्छ ।
- फाँटवालाले पेस गरेको व्यहोरा जाँच गरी उपयुक्त देखिएमा अनुमति दिन स्वीकृति वा निर्णयका लागि सम्बन्धित अधिकृतले कार्यालय प्रमुखसमक्ष टिप्पणी फाइलबनाई पेस गर्नुपर्छ ।
- स्वीकृति दिनुपूर्व सञ्चालकले पेस गरेको व्यहोरा ठीक भए/नभएको जाँच गरी प्रतिवेदन सलग्न छ/छैन हेरी नभएको भए स्थलगत निरीक्षण गर्न पठाउनुपर्नेछ।
- कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन भएको अवस्थामा स्थलगत निरीक्षण प्रतिवेदन समेत हेरी व्यहोरा ठीक देखिए स्वीकृतिको निर्णय गर्नुपर्छ।
- **“सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४”** मा उल्लेख भएका प्रावधानहरु तथा भौतिक पूर्वाधार र जनशक्ति सम्बन्धी मापदण्ड बमोजिम भए/नभएको एकिन गरी प्रमाणपत्र जारी गर्नुपर्नेछ ।
- तोकिएको राजश्व तिरेको रसिद सलग्न भएपछि स्वीकृतिको निर्णयपश्चात् अनुमति प्रदान गरिएको प्रमाणपत्रमा र कार्यालयको अभिलेखमा सुरक्षित राख्नुपर्नेछ।
- यसरी तयार भएको कागजातमा कार्यालय प्रमुख र सम्बन्धित अधिकृतले दस्तखत गर्नुपर्छ ।
- प्रमाणित भएको प्रमाणपत्र सम्बन्धित निवेदकलाई उपलब्ध गराई सो फाइल तथा ढड्डा सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित फाँटवालाको हुनेछ।

## सवारी चालक प्रशिक्षण केन्द्रको नवीकरणसम्बन्धी कार्यविधि

नवीकरण गर्दा सम्बन्धित फाँटवालाले निम्नलिखित कागजात छ/छैन हेर्नुपर्नेछः

१. विभाग वा कार्यालयबाट यसअघि दर्ता भएको वा अघिल्लो वर्ष नवीकरण भएको प्रमाण,

२. प्रचलित काननन‌अनुसार कर बुझाएको प्रमाण,

३. लेखापरीक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणपत्र,

४. संस्थाको गत आ.व.को कामको विवरण,

५. नवीकरण गर्नका निम्ति निवेदन र प्राविधिक प्रतिवेदन,

६. नवीकरण बापत तोकिए बमोजिमको राजश्व तिरेको रसिद ।

फाँटवालाले नं. (१) मा लेखिएका कुराहरू भिडान गरी नवीकरणका लागि अधिकृत समक्ष पेस गर्नुपर्नेछ।

यातायात व्यवस्था विभागले लागु गरेको सवारी प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड बमोजिम भए/नभएको समेत एकिन गरी स्थलगत प्राविधिक प्रतिवेदन समेत संलग्न गर्नुपर्नेछ।

यसरी पेस भएकामा नवीकरणको निर्णय हुन कार्यालय प्रमुख समक्ष टिप्पणी साथ सम्बन्धित शाखा अधिकृतले सोही दिन पेस गर्नुपर्नेछ।

अधिकार प्राप्त अधिकारीले निर्णय दिनुपर्नेछ।

निर्णय भई आएपछि सम्बन्धित फाँटवालाले नवीकरणबापतको राजश्व दस्तुर तिरेको रसिद संलग्न गरीनवीकरणको व्यहोराको अभिलेख (फाइल तथा किताब) मा जनाई नवीकरण प्रमाणित गर्नुपर्नेछ।

नवीकरण भएपश्चात् फाँटवालाले सम्बन्धित निवेदकलाई नवीकरणको सक्कलै प्रमाणपत्र उपलब्ध गराई सोसम्बन्धि रेकर्ड फाइल सुरक्षित राख्नुपर्नेछ।

कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमतिपत्र दिने

ऐनको दफा १५९ बमोजिम कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति लिन विभागबाट स्वीकृत "कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४" अनुसारको प्रकृया पुरा गर्नुपर्नेछ।

**"कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४"**मा उल्लेख भएका कागजात सलग्न राखी फाइल बनाई फाँटवालाले सोही दिन सम्बन्धित शाखाअधिकृत समक्ष कारवाही अघि बढाउन पेस गर्नुपर्नेछ।

विभागले कारखाना वा वर्कसप सञ्चालनका लागि तोकिएको मापदण्डअनुसार आवश्यक पर्ने जनशक्ति एवं मेसिनरी औजार छ/छैन खुलाउनुपर्नेछ।

फाँटवालाले पेस गरेको व्यहोरा जाँच गरी उपयुक्त देखिएमा अनुमति दिन स्वीकृति वा निर्णयका लागि तोकिए बमोजिमको राजश्व तिरेको रसिदसमेत सलग्न राखी सम्बन्धित अधिकृतले निर्देश कसमक्ष टिप्पणी फाइल बनाई पेस गर्नुपर्नेछ।

निर्देशकले व्यहोरा ठीक देखिए स्वीकृतिको निर्णय गर्नुपर्नेछ।

दस्तखत प्रमाणित भएको प्रमाणपत्र सम्बन्धित निवेदकलाई उपलब्ध गराउने र यस सम्बन्धी फाइलपञ्जिका बनाई रजिस्टरमा (किताब) समेत सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित फाँटवालाको हुनेछ।

कारखाना वा वर्कसपको नवीकरण सम्बन्धी कार्यविधि

नवीकरण गर्दा सम्बन्धित फाँटवालाले निवेदनका साथमा निम्नलिखित कागजात छ/छैन हेर्नुपर्नेछ :

१. विभागबाट यसअघि दर्ता भएको वा अघिल्लो वर्ष नवीकरण भएको प्रमाण,
२. प्रचलित कानुनअनुसार कर बुझाएको प्रमाण,
३. लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,
४. संस्थाको गत आ.व.को कामको विवरण,
५. नवीकरणगर्नका निम्ति निवेदन र
६. नवीकरणबापत तोकिएबमोजिमको राजश्व तिरेको रसिद ।

फाँटवालाले नं. (१) मा लेखिएका कुराहरू भिडान गरी नवीकरणका लागि अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।

यसरी पेस भएको कागजात चेकजाँच गरी यातायात व्यवस्था विभागले लागु गरेको कारखाना वा वर्कसप सञ्चालन सम्बन्धी मापदण्ड बमोजिम सञ्चालन भए/नभएको एकिन गरी प्राविधिक प्रतिवेदन समेत संलग्न गर्नुपर्नेछ ।

निर्देशकले व्यहोरा ठीक देखिए स्वीकृतिको निर्णय गर्नुपर्नेछ ।

सम्बन्धित अधिकृतले प्रमाणित गरिदिने र सोपश्चात् फाँटवालाले सम्बन्धित निवेदकलाई नवीकरणको सक्कलै प्रमाणपत्र उपलब्ध गराई सोसम्बन्धी रेकर्ड फाइल सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित फाँटवालाको हुनेछ।

प्रशिक्षण केन्द्र वा वर्कसप वा यातायात सेवा सञ्चालन सम्बन्धी व्यवसाय दर्ता सम्बन्धमा राय प्रतिक्रिया दिने

व्यवसाय दर्ता गर्ने वा अन्य कुनै सरकारी निकायबाट सो व्यवसाय सम्बन्धमा विभागको राय प्रतिक्रिया माग भई आएमा सम्बन्धित फाँटवालाले निम्नलिखित कुराहरू छ/छैन रुजु/भिडान गरी रायसाथ निर्णयका लागि निर्देशकसमक्ष पेस गर्नुपर्नेछ :

- संस्थाको प्रबन्धपत्र र नियमावली,
- संस्थासम्बन्धी अन्य विवरण (उद्देश्य र कार्य खुलेको विवरण) ।

निर्देशकले निर्णयका लागि आफ्नो रायसहित महानिर्देशक समक्ष पेस गर्नुपर्नेछ । निर्णयका लागि प्राप्त टिप्पणीमा महानिर्देशकले निर्णय दिनु पर्नेछ ।

महानिर्देशकबाट भएको निर्णयको जानकारी सम्बन्धित अधिकृतल सम्बन्धित कार्यालयमा पठाउने र फाँटवालाले प्राप्त कागजात र निर्णयको व्यहोरा सुरक्षित राख्नुपर्नेछ ।

यातायात व्यवसायी सङ्संस्था दर्ता सम्बन्धमा राय प्रतिक्रिया उपलब्ध गराउने

जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयको तर्फबाट यातायात सम्बन्धी कुनै सङ्संस्थाको दर्ता सम्बन्धमा राय प्रतिक्रिया माग भई आएमा सो संस्थाको

प्रस्तावित विधान छ,/छैन हेरी फाँटवालाले निर्णयका लागि पेस गर्नुपर्नेछ। यसरी पेस गरेपछि सम्बन्धित अधिकृतले अध्ययन गरी सवारी तथा यातायात व्यवस्था ऐन, नियम र नेपाल सरकारको तत्कालीन नीति प्रतिकूल छ/छैन हेरी विभागका तर्फबाट आवश्यक प्रतिक्रियाको मस्यौदा तयार गरी निर्देशक समक्ष पेस गर्नुपर्नेछ,

निर्देशकले विभागको राय प्रतिक्रिया सम्बन्धमा आफ्नो रायसहित महानिर्देशक समक्ष पेस गर्नुपर्नेछ।

महानिर्देशकबाट भएको निर्णयबमोजिमको व्यहोरा खुलाई सम्बन्धित निकायलाई राय प्रतिक्रिया पठाउने तथा प्राप्त कागजात र निर्णय फाइलफाँटवालाले सुरक्षित राख्नुपर्नेछ।

कार्यालयबाट माग भएको निर्देशन सम्बन्धमा

सम्बन्धित कार्यालयको किटानी रायसहितको पत्र वा व्यवसायीको निवेदन प्राप्त भएपछि फाँटवालाले अधिकृतसमक्ष पेस गर्नुपर्नेछ। अधिकृतले सम्बन्धित कागजातको अध्ययन गरी रायसाथ निर्देशक समक्ष पेस गर्नुपर्नेछ। निर्देशकले आफ्नो रायसहित निर्णयका लागि महानिर्देशक समक्ष पेस गर्नुपर्नेछ । महानिर्देशकबाट निर्णय भएपश्चात् निर्णयको व्यहोरा सम्बन्धित कार्यालयलाई र आवश्यकता अनुसार सम्बन्धित व्यवसायीलाई जानकारी गराउन पत्राचार गरी सोसँग सम्बन्धित कागजात र अभिलेख फाँटवालाले सुरक्षित राख्नुपर्नेछ।

सवारी सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने र उपलब्ध गराउने

कुनै व्यक्ति वा संस्थाले सवारी दर्ताएवं यातायातसँग सम्बन्धित तथ्याङ्क माग गरेमा सम्बन्धित फाँटवालाले शाखा प्रमुखको स्वीकृति लिई उपलब्ध गराउनुपर्दछ। यस्तो विवरण अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ।

१०. विभागको अभिलेख व्यवस्थापन

सबै शाखाबाट भएका नीतिगत निर्णयहरू अनिवार्य रूपमा फाईलिङ्ग गर्ने जिम्मा सम्बन्धित शाखाका अधिकृत कर्मचारीको हुनेछ।

प्रत्येक शाखाले आफ्नो शाखासँग सम्बन्धित नीतिगत निर्णयहरू विभागको ध्भदकष्तभ मा राख्न क्त शाखामा अनिवार्य पठाउनुपर्नेछ।

नीतिगत निर्णयको एकप्रति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता र विभागका सूचना अधिकारीलाई अनिवार्य रूपमा बुझाउनुपर्दछ।

शाखाका सम्बन्धित निर्देशकको जिम्मामा रहने कागजात

सवारी तथा यातायात व्यवस्था सम्बन्धमा नेपाल सरकारले गरेका नीतिगत निर्णय विभागमा प्राप्त सक्कल कागजात,

यातायात तथा सवारी व्यवस्था सम्बन्धमा नेपाल सरकारले स्वीकृत गरेका विभिन्न अवधिका योजना तथा कार्यक्रमको सक्कल प्रति,

विदेशी मुलुकसँग भएका यातायातसँग सम्बन्धित सम्झौताको विभागमा प्राप्त सक्कल प्रति,

गोप्य जनिएका मध्ये महानिर्देशक आफैंले राख्नुपर्ने ठहऱ्याएका फाइल तथा कागजात,

महानिर्देशकले गरिदिएको अधिकार प्रत्यायोजनको कार्यालय प्रति,

महानिर्देशकको हालसाबिक हुँदा भएको बरबुझारथका कागजात,

विभागका अधिकृत कर्मचारीसम्मको जिम्मेवारी तोकिएको कार्यविभाजन सम्बन्धी फाइल,

महानिर्देशकको अध्यक्षतामा भएका बैठकको माइन्युट,

कार्यालयलाई दिइएको खर्च गर्ने अख्तियारीको एक प्रति,

कार्यसम्पादन सम्झौताको सक्कलै प्रति,

महानिर्देशकले आवश्यक सम्झेका अन्य कुराहरू ।

निर्देशक (प्रशासन) को जिम्मामा रहने कागजात

विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,

कार्यालयहरूको विकास कार्यक्रम तथा योजनाको लक्ष्य र प्रगतिको फाइल,

कार्यालय निरीक्षणमा दिइएका निर्देशनको व्यहोरा,

विभागमा आफूअन्तर्गत कार्यरत राजपत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जम्मेवारी तोकिएको कागजात र बरबुझारथका कागजात,

महानिर्देशकले निर्देशक (प्रशासन) को जिम्मा रहने भनी तोकिदिएका कागजात,

कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा भएको कमीकमजोरी तथा गुनासा/उजुरी सम्बन्धमा भएको कारवाही सम्बन्धी कागजात,

विभाग र अन्तर्गत कार्यालयहरूको स्वीकृत दरबन्दी विवरणको सक्कलै प्रति,

विभाग र अन्तर्गत कार्यालयहरूको स्वीकृत सङ्गठन संरचनाको सक्कलै प्रति,

विभागीय कारवाही सम्बन्धी विवरणको सक्कल प्रति,

कार्यसम्पादन मूल्याङ्कनका प्रतिहरू,

विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएको कागजात र बरबुझारथको कागजात,

माथि उल्लेख भएका कागजात मध्येबाट निर्देशकले उचित ठानेका कागजात अन्तर्गतका अधिकृत कर्मचारीलाई जिम्मेवारी तोकिदिन सक्नेछ ।

निर्देशक (योजना) को जिम्मामा रहने कागजात

विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,

कार्यालयहरूको विकास कार्यक्रम तथा योजनाको लक्ष्य र प्रगतिको फाइल,

- कार्यालय निरीक्षणमा दिईएका निर्देशनको व्यहोरा,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएको कागजात र बरबुझारथका कागजात,
- महानिर्देशकले निर्देशक (योजना) को जिम्मा रहने भनी तोकिदिएकाकागजात,
- कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा भएका कमीकमजोरी तथा गुनासा/ उजुरी सम्बन्धमा भएका कारवाहीसम्बन्धी कागजात,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएको कागजात र बरबुझारथको कागजात,
- वार्षिक स्वीकृत कार्यक्रमका सक्कलै कागजात,
- विगत वर्षहरूका स्वीकृत कार्यक्रमका सक्कलै कागजात,
- कार्यक्रम संशोधनसम्बन्धी सक्कलै कागजात, केन्द्रीय निकायहरूबाट प्राप्त भएका योजनासँग सम्बन्धित निर्देशन एवं नीतिहरू,
- वैदेशिक सङ्संस्थासँग भएका सम्झौताको सक्कलै प्रति,
- विभाग र अन्तर्गत कार्यालयहरूको अचल सम्पत्तिको विवरणसँग सम्बन्धित कागजात,
- यातायात व्यवस्थापनसँग सम्बन्धित तथ्यांङ्कहरूको सङ्कलित अभिलेख,
- सूचना प्रविधिसँग सम्बन्धित उपयुक्त ठहरिएका कागजात र सफ्टवेयर,
- माथि उल्लेख भएका कागजात मध्येबाट निर्देशकले उचित ठानेका कागजात अन्तर्गतका अधिकृत कर्मचारीलाई जिम्मेवारी तोकी दिन सक्नेछ ।

निर्देशक (सवारी) को जिम्मामा रहने कागजात

- विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,
- कार्यालयहरूको विकास कार्यक्रम तथा योजनाको लक्ष्य र प्रगतिको फाइल,
- कार्यालय निरीक्षणमा दिइएका निर्देशनको व्यहोरा,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएका कागजात र बरबुझारथका कागजात,
- महानिर्देशकले निर्देशक (सवारी) को जिम्मा रहने भनी तोकिदिएकाकागजात,
- कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा भएका कमीकमजोरी तथा गुनासा/ उजुरी सम्बन्धमा भएको कारवाही सम्बन्धी कागजात,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएका कागजात र बरबुझारथको कागजात,
- सेवा पञ्जीकरण, प्रशिक्षण केन्द्र, वर्कसप तथा कारखाना दर्ता/नवीकरणसम्बन्धी अभिलेख,
- सवारी चालक अनुमतिपत्र सम्बन्धी विभागीय निर्देशन एवं नीतिगत निर्णयहरू,
- माथि उल्लेख भएका कागजातमध्येबाट निर्देशकले उचित ठानेका कागजात अन्तर्गतका अधिकृत कर्मचारीलाई जिम्मेवारी तोकी दिन सक्नेछ ।

निर्देशक (प्राविधिक) को जिम्मामा रहने कागजात

- विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,
- कार्यालयहरूको कार्यक्रम, लक्ष्य र प्रगतिको फाइल,
- कार्यालय निरीक्षणमा दिइएका निर्देशनको व्यहोरा,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएका कागजात र बरबुझारथका कागजात,
- महानिर्देशकले निर्देशक (प्राविधिक) को जिम्मा रहने भनी तोकी दिएका कागजात,
- कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा प्राविधिक पक्षमा भएका कमीकमजोरी तथा गुनासा/उजुरी सम्बन्धमा भएका कारवाही सम्बन्धी कागजात,
- नेपालमा उत्पादन वा एसेम्बल भएको सवारीको रोर्ड वर्दिनेस कमिटीले गरेका सिफारिस र सोउपर भएको विभागीय निर्णयसम्बन्धी कागजात,
- नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र परे/नपेको छानबिन गर्ने समितिको सिफारिस र सोउपर भएको विभागीय निर्णय सम्बन्धी कागजात,
- माथि उल्लेख भएका कागजातमध्येबाट निर्देशकले उचित ठानेका कागजात अन्तर्गतका अधिकृत कर्मचारीलाई जिम्मेवारी तोकी दिन सक्नेछ ।

सिनियर डिभिजनल ईन्जियिनरको जिम्मामा रहने कागजात

- विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,
- कार्यालयहरूको कार्यक्रम, लक्ष्य र प्रगतिको फाइल,
- कार्यालय निरीक्षणमा दिइएका निर्देशनको व्यहोरा,
- विभागमा आफूअन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएको कागजात र बरबुझारथका कागजात,
- महानिर्देशकले सि.डि.इ. को जिम्मा रहने भनी तोकिदिएका कागजात,
- कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा प्राविधिक पक्षमा भएका कमीकमजोरी तथा गुनासा/उजुरी सम्बन्धमा भएका कारवाही सम्बन्धी कागजात,
- दातृ निकायको सहयोगमा सञ्चालन भएका आयोजनाहरुसँग सम्बन्धित सम्पूर्ण कागजात,
- सडक सुरक्षासँग सम्बन्धित निर्णय एवं कागजात,
- माथि उल्लेख भएका कागजातमध्येबाट सि.डि.इ.ले उचित ठानेका कागजात अन्तर्गतका इन्जिनियरलाई जिम्मेवारी तोकी दिनसक्नेछ ।

उपसचिव (लेखा) को जिम्मामा रहने कागजात

- विभागीय नीति निर्देशन र परिपत्रहरूको एक प्रति,
- कार्यालयहरूको विकास कार्यक्रम तथा योजनाको लक्ष्य र प्रगतिको फाइल,

विभागमा आफू र अन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएको कागजात र बरबुझारथका कागजात,

महानिर्देशकले उपसचिव (लेखा) को जिम्मा रहने भनी तोकीदिएकाकागजात,

कार्यालयहरूको कार्यसम्पादनको सिलसिलामा भएका कमीकमजोरी तथा गुनासा/उजुरी सम्बन्धमा भएका कारवाहीसम्बन्धी कागजात,

विभागमा आफू अन्तर्गत कार्यरत रापत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको जिम्मेवारी तोकिएका कागजात र बरबुझारथका कागजात,

स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीसम्बन्धी कागजात,

विनियोजन, राजश्व असुली विवरण, बेरुजुको अभिलेख, धरौटीको विवरणसँग सम्बन्धित कागजात,

विभाग र अन्तर्गत कार्यालयहरूको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन,

आर्थिक प्रशासनसम्बन्धी विभागीय निर्देशन एवं नीतिगत निर्णयहरू,

माथि उल्लेख भएका कागजातमध्येबाटउपसचिव (लेखा) ले उचित ठानेका कागजात अन्तर्गतका लेखा अधिकृतलाई जिम्मेवारी तोकी दिन सक्नेछ ।

शाखा अधिकृत/मेकानिकल इन्जिनियरको जिम्मामा रहने कागजात

विभागबाट गरिने परिपत्रको निर्णयसम्बन्धी फाइलहरू,

निर्देशकहरूले जिम्मा दिएका कागजात ।

लेखा अधिकृतको जिम्मामा रहने कागजात

आर्थिक प्रशासन सम्बन्धी विभागमा रहनुपर्ने सम्पूर्ण कागजात,

उपसचिव (लेखा)ले जिम्मा दिएका कागजात ।

कम्प्युटर इन्जिनियरको जिम्मामा रहने कागजात

VRS, DLRS, EDLVRS, Embossed Number Plate र Personalization Center सँग सम्बन्धित कागजात,

VRS, DLRS र EDLVRS सँग सम्बन्धित हार्डवेयर र सफ्टवेयर,

Personalization Center सँग सम्बन्धित हार्डवेयर र सफ्टवेयर,

Embossed Number सँग सम्बन्धित सफ्टवेयर,

सवारी चालक अनुमतिपत्र र सवारी साधनसम्बन्धी हालसम्म भएका सबै तथ्याङ्कहरूको द्यबअप ग्उ सहितको विवरण,

VRS, DLRS र EDLVRSसँग सम्बन्धित सर्भर, नेटवर्किङ, द्यबअप ग्उ सहितको विवरण,

- CCTV र सोसम्बन्धी विभागले निर्णय गरेबमोजिमको अवधिसम्मको अद्यावधिक विवरण,
- यातायात सेवासँग सम्बन्धित सूचना प्रविधिसम्बन्धी सबै अभिलेख ९ब्चअजष्खभ०।

फाँटवालाको जिम्मामा रहने कागजात

- विभागमा रहेका आफ्नो फाँटसँग सम्बन्धित विषयका निर्णय फाइलहरू,
- विभागबाट जारी गरिएका परिपत्रहरूको फाइल,
- कारवाहीको लागि विभागमा प्राप्त भएका पत्रहरू र विभागबाट पत्राचार भएका पञ्जिका सहितका फाइलहरू ।

लेखापालको जिम्मामा रहने कागजात

- राजश्व बुझेका नगदी रसिदहरू,
- महालेखा परीक्षकको ढाँचामा खडा गरिएका राजश्व लेखासम्बन्धी लेजरहरू,
- लेखापरीक्षणका प्रतिवेदनहरू,
- लेखापरीक्षणबाट कायम भएका बेरुजु तथाबेरुजु फछ्यौट सम्बन्धी कागजात,
- पारित तलबी प्रतिवेदन; विभाग र मातहतका कार्यालयहरूको राजश्व सम्बन्धी अद्यावधिक अभिलेख,
- खर्च सम्बन्धी कागजात तथा लेजरहरू ।

अन्य

उल्लिखित कुनै पनि  कर्मचारीको सरुवा, बढुवा वा काज तथा सेवा निवृत्त भई विभागबाट रमाना लिई वा अवकाश लिई जाने अवस्थामा आफ्नो जिम्मामा रहेका कागजात तोकिएको कर्मचारीलाई बुझाई अकर्णनामा सहिछाप गर्नुपर्नेछ । सम्बन्धित शाखाका अधिकृतस्तरका कर्मचारीले तत्काल बुझि भरपाई दिनुपर्नेछ ।

# परिच्छेद -३

## कार्यालयबाट सम्पन्न गरिने सवारी दर्ता तथा यातायात व्यवस्थापन सम्बन्धी कार्यविधि

यातायात व्यवस्था विभागअन्तर्गत यातायात व्यवस्था कार्यालय, सवारी, मोटरसाइकल, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, सवारी परीक्षण कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय गरी ६ प्रकारका कार्यालयहरू रहेका छन् । कार्यालयको कार्य प्रकृतिका आधारमा सम्पादन हुने कार्यहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

11. यातायात व्यवस्था कार्यालय, सवारी र मोटरसाइकलबाट हुने कार्य र उक्त कार्यसम्पादन गर्ने कार्यविधि

11.1. सवारी दर्ता सम्बन्धमा

विदेशमा उत्पादन भई पैठारी गर्न चाहने फर्म वा कम्पनीले त्यस्तो सवारी नेपालभित्र पैठारी गरी दर्ता गर्न आउन ुअघि विभागबाट नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र रहेको भनी प्रमाणित गराएको हुनुपर्नेछ । नेपालमा उत्पादन हुने सवारीमा जडान हुने इन्जिन नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र रहेको विभागबाट प्रमाणित गराउनुपर्नेछ । विदेशबाट पैठारी भएका वा स्वदेशमै उत्पादित सवारी सडकमा चल्न सक्ने क्षमताको प्रमाणपत्र (Road Worthiness Certificate) विभागबाट प्राप्त गरेको हुनुपर्नेछ ।

सवारी दर्ताका प्रकार

१. नयाँ सवारी दर्ता

२.अस्थायी दर्ता

३.सरुवा दर्ता

४.हेरफेर दर्ता

५.लिलाम दर्ता

६.पुनः दर्ता

### ११.१.१. नयाँ सवारी दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को अनुसूची-४ को ढाँचामा निवेदन फाराम भरी रु. १०।- को टिकट टाँसीपेस गर्नुपर्नेछ ।

निवेदन साथ देहायका कागजात तथा थप कुरा संलग्न हुनुपर्नेछ

- सम्बन्धित सवारी नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) भित्र रहेको भनी विभागले प्रमाणित गरिदिएको पत्र,

- सक्कल भन्सार प्रज्ञापनपत्र र भन्सार महसुल तिरेको रसिद (सक्कल प्रज्ञापन पत्र कार्यालयमा नै रहनेछ),
- सवारी आयातकर्ता फर्म वा कम्पनीको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको कागजात, कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि,
- दर्ताका लागि आएका सवारीहरूको च्यासिस नम्बर, इन्जिन नम्बर र सम्पूर्ण भौतिक अवस्था देखिने सवारी साधनको फोटो,
- दर्ताका बखत सम्बन्धित सवारी साधन यातायात व्यवस्था कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्नेछ ।
- सवारी साधनको बीमा गरेको कागजात,
- पैठारी भएका सवारीहरूको आर्थिक ऐन बमोजिम लाग्ने सडक निर्माण तथा सम्भार दस्तुर, सवारी कर, आयकर आदि दरबन्दी अनुसारको रकम भुक्तानी गर्नुपर्नेछ ।
- सवारी आयातकर्ताले जुन दरबन्दी अनुसारको महसुल भुक्तानी गरी सवारी आयात गरेको छ सोही दरबन्दी अनुसारको सवारी दर्ता गर्नुपर्छ । यसरी दर्ता गर्दा नियमावलीको नियम १७ र १८ बमोजिमको वर्गीकरण र स्तर बमोजिम हुने गरी दर्ता गर्नुपर्नेछ । भन्सार प्रज्ञापनपत्र बमोजिम विवरण र सवारी दर्ता गर्नुपर्ने विवरणमा अमिल्दो देखिएमा सम्बन्धित भन्सार कार्यालयसँग बुझी स्पष्ट भई आएपछि मात्र दर्ता गर्नुपर्नेछ ।
- कार्यालयमा दर्ता हुन आउने सवारीका लागि सम्बन्धित कार्यालयको प्राविधिक शाखाबाट प्राविधिक परीक्षण गरी प्राविधिक विवरण ठीक देखिएमा लाग्ने सबै राजश्व (कर तथा दस्तुर) बुझाउन पठाउनुपर्नेछ । प्राविधिक प्रतिवेदन सहित राजश्व दाखिला भई आएपछि सवारी दर्तासम्बन्धी अन्य कारवाही सम्बन्धित फाँटबाट गर्नुपर्नेछ । यसरी दर्ताका लागि प्राप्त भएका विवरणलाई सम्बन्धित फाँटका फाँटवालाले क्रमानुसार ँष्चकत ञ्ञ्कभ ँष्चकत क्भचखभ द्यबकष्क मा जाँच गरी कार्यालयमा राख्नुपर्ने रेकर्डहरू खडा गरी दर्तायोग्य देखिएमा सिफारिस सहित सम्बन्धित अधिकृत वा कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।
- कार्यालयमा दर्ता हुन आउने सवारीले आवश्यक सबै कागजात पूरा गरी ल्याएको छ र प्राविधिक परीक्षणबाट पनि ठीक देखिएको छ भने त्यस्ता सवारीहरूमा लाग्ने कर तथा दस्तुरहरू लिई ढड्डामा सम्पूर्ण विवरण भरी दर्ता गरी सवारी धनीलाई सवारी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।
- कुनै वित्तीय संस्थाबाट ऋण लगानी गरी दर्ता हुन आउने सवारीका हकमा सम्बन्धित वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र (स्थायी लेखा नम्बर) तथा ऋणी संस्था भए सोको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र आयकरको प्रमाणपत्र (स्थायी लेखा नम्बर) तथा व्यक्ति भए नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राख्नुपर्नेछ ।

- ढड्डाको बीचमा कुनै नम्बर खाली नराखी सिलसिलेवार रूपमा सम्बन्धित सवारीको दर्ता किताब (ढड्डा) को पाना तथा फाइलमा रहने कार्डमा समेत सवारी दर्ता प्रमाणपत्रको सिलसिलेवार नम्बर उल्लेख गरी राख्नुपर्नेछ ।
- दर्ताको निर्णय र दर्ता प्रमाणपत्र प्रमाणित गर्ने कार्य कार्यालय प्रमुख वा निजबाट अधिकार प्रत्यायोजन भएको अधिकृत कर्मचारीबाट हुनुपर्नेछ ।
- भन्सार प्रज्ञापन पत्र जारी भएको मितिले पन्ध्र दिनभित्रमा दर्ताका लागि आवश्यक कागजात सहित पेस गर्नुपर्नेछ । सो अवधि नाघी दर्ता गर्न पेस गरेमा ऐनको दफा १६०
(२) (ख) बमोजिम जरिवाना लिएर मात्र दर्ता गरिदिनुपर्नेछ ।
- जसको नाममा भन्सार प्रज्ञापनपत्र वा भ्याट बिल छ सुरुमा त्यसैका नाममा सवारी दर्ता गर्नुपर्नेछ ।
- सवारी दर्ता गर्दा भन्सार प्रज्ञापन पत्रमा उल्लिखित किसिम, वर्गीकरण र विवरण अनुसार भए/नभएको कुरा चेकजाँच गर्नुपर्नेछ । सवारी अनिवार्य रूपमा सम्बन्धित कार्यालयमा लगी सवारीको निरीक्षण गर्ने र प्रज्ञापनपत्र तथा प्राविधिक प्रतिवेदन मेल खाएमा मात्र सवारी दर्ता गर्नुपर्नेछ । सो अनुसार नभएमा भन्सार कार्यालयमा पत्राचार गरी एकिन आएपछि मात्र सवारी दर्ता गर्नुपर्नेछ ।
- सवारी दर्ता गराउन सवारी धनी स्वयम् उपस्थित हुनुपर्नेछ । सो सम्भव नभएमा रित पूर्वकको मन्जुरनामा वा वारिसनामा प्राप्त व्यक्ति आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल तथा नक्कल लिई उपस्थित हुनुपर्नेछ ।
- सवारी दर्ता गर्दा भन्सार प्रज्ञापनपत्रमा कुनै विवरण स्पष्ट नभएमा वा कुनै प्रकारको शङ्का लागेमा सम्बन्धित भन्सार कार्यालयमा सम्पर्क गरी सो स्पष्ट भएपछि मात्र दर्ता गर्नुपर्नेछ । साथै सवारी दर्ता रेकर्ड तथा सवारी दर्ता प्रमाणपत्रको भन्सारको निस्सा महल वा खरिद भई आएका संस्था वा कम्पनीको विवरण महलमा भन्सार कार्यालयको नाम, प्रज्ञापन पत्र नं., मिति तथा रसिद नं. समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
- सवारीको दर्ता गर्दा सवारीको प्रयोग अनुसारको नम्बर प्लेट र सो प्लेटमा प्रयोग गरिने सङ्केत नं. ऐनको अनुसूची-२ मा भएको व्यवस्थाअनुसार स्पष्टरूपमा तोक्नुपर्नेछ । साथै सवारी दर्ता प्रमाणपत्रको कैफियत महलभन्दा अगाडि निर्देशन महलमा उल्लेख गरिएका निर्देशनहरू सवारीधनीलाई जानकारी गराई सहीछाप गराई राख्नुपर्नेछ ।
- ऐनमा व्यवस्था गरिए बमोजिम सवारी दर्ता गर्नका लागि इन्कार गरिएको अवस्थामा बाहेक सवारी दर्ता गरिसके पछि उक्त सवारीको लगत (विवरण) दर्ता किताबमा, दर्ता फाराममा र सवारी दर्ता प्रमाणपत्रमा सम्बन्धित फाँटवालाले अनिवार्य रूपमा सबै विवरण ठीक दुरुस्तरूपमा उल्लेख गरी सवारी व्यक्तिगत नाममा भए त्यसमा फोटोसमेत टाँस्ने र सोमा अख्तियारवाला कर्मचारीले प्रमाणित गर्नुपर्नेछ । सवारी कुनै कार्यालय, सङ्संस्था वा फर्मको नाममा भए त्यसको छापसमेत ती अभिलेखमा लगाउन लगाई सोमा दर्ता गर्ने अधिकारीले प्रमाणित गरी कार्यालयको छापसमेत लगाई सवारी

धनीलाई प्रमाणपत्र दिनुपर्नेछ। साथै सवारीधनीको दस्तखतको महलमा स्पष्टरूपमा सवारी धनी वा वारेसबाट दर्ता भएको भए निजको दस्तखतसमेत गराउनुपर्नेछ । सवारी कुनै वित्तीय संस्थाको नाममा भई ऋणी तोकिएकामा निजको आधिकारिक प्रतिनिधि समेतको विवरण अभिलेख र सवारी दर्ता किताबमा उल्लेख गर्नुपर्नेछ।

सवारीको वर्गीकरण तथा किसिम एवं रङ्ग, सिट क्षमता निर्धारण गर्दा उक्त सवारीको क्याटलग, स्पेसिफिकेसन, भन्सार प्रज्ञापनपत्रमा उल्लिखित विवरण, सवारीको स्वरूप एवं आकृतिसमेतको आधारमा प्राविधिकबाट प्रतिवेदन लिई सो अनुसार उल्लिखित विषय कायम गर्नुपर्नेछ।

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रदूषण परीक्षणको व्यवस्था लागू गरेको क्षेत्रमा दर्ता हुने सबै प्रकारका सवारीको प्रदूषण जाँच गरी प्रदूषण मापदण्डभित्र रहेको पाइएमा मात्र सवारी दर्ता गरिनेछ।

ग्यासबाट सञ्चालन हुने सवारी दर्ता गर्दा उक्त सवारीमा प्रयोग हुने ग्यास सिलिन्डर जुन देशमा उत्पादन हुन्छ उक्त देशको आधिकारिक निकायबाट सो सिलिन्डर ग्यासबाट चल्ने सवारीमा प्रयोग गर्न सकिने भनी प्रमाणित भएको हुनुपर्नेछ र सोको ओरिजिनल टेस्ट प्रमाणपत्र समेत ग्यास सवारीसाथ कार्यालयमा पेस गर्नुपर्नेछ। सो अनुसार नभई खाना पकाउने ग्याससिलिन्डर वा अन्य अनधिकृत ग्याससिलिन्डर राखी सञ्चालन गर्ने गरी कुनै पनि ग्यासबाट सञ्चालन हुने सवारी दर्ता गरिने छैन।

ग्यास सवारीमा प्रयोग गर्न पाउने सिलिन्डरको निर्माण कम्पनीले उल्लेख गरेको रेफरेन्स नम्बरलाई सवारी दर्ता किताब (ढड्डा) मा र सवारी दर्ता प्रमाणपत्रमा समेत उल्लेख गरिदिनुपर्नेछ। उक्त सिलिन्डरलाई फेरबदल गर्नुपरेमा कार्यालयको स्वीकृति लिएर मात्र फेरबदल गर्नुपर्नेछ।

हालसम्म दर्ता भई सञ्चालनमा रहेका ग्यास सवारीहरूले उल्लेख भए बमोजिम ओरिजिनल टेस्ट प्रमाणपत्र प्राप्त सिलिन्डर प्रयोग गरेका छन्/छैनन् भन्ने विषयमा कार्यालयले ट्राफिक प्रहरीको सहयोग लिई निरीक्षण गरी नभएको पाइएमा ऐनको दफा १६० (३) बमोजिम जरिवाना गर्ने व्यवस्था गर्नुपर्छ। तथा यस्ता सवारीहरूको जाँचपास तथा बाटो इजाजतपत्र नवीकरण गर्नुहुँदैन।

काठमाडौँ उपत्यकाभित्र, पोखरा उपत्यकाभित्र तथा लुम्बिनी गुरुयोजना लागु भएको क्षेत्रभित्र सञ्चालन हुने गरी कुनै पनि डिजेलबाट सञ्चालित ट्याक्सी दर्ता गरिने छैन ।

सवारी निर्माता कम्पनीले सवारीका सम्बन्धमा तोकिएको सवारीको विस्तृत विवरण (Specification) विपरीत हुने गरी कुनै पनि सवारी दर्ता गर्नुहुँदैन । यस्तै सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण बमोजिम सवारी रहे नरहेको जाँचबुझ गरेरमात्र सवारी दर्ता गर्नुपर्दछ । सवारी निर्माता कम्पनीले जारी गरेको सक्कल (Original) विस्तृत विवरणलाई मात्र मान्यता दिनुपर्नेछ।

कार्यालयमा दर्ता हुन आउने सबै सवारीहरू दर्ता गर्ने कार्य सम्पन्न भएपछि सम्बन्धित फाँटवाला कर्मचारीले सो दर्ताको फाइलस्रेस्ता जिम्मेवारीका साथ खोजिएको बेला भेटिने गरी सुरक्षितसाथ राख्न लगाउनुपर्नेछ। सो नगरी निजको लापरवाही वा हेलचेक्रयाइँबाट फाइल हराएमा वा नभेटिएमा निज फाँटवाला कर्मचारीलाई निजामती सेवा ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

सार्वजनिक सवारी साधन दर्ता गर्दाको अवस्थामा उक्त सवारी साधनको आयु उत्पादन वर्षले २० वर्ष मात्र हुनेछ। २० वर्षको गणना उत्पादन मितिबाट गरिनेछ। सवारीको उत्पादन वर्ष निर्धारण गर्दा निम्न बमोजिम गर्नपर्नेछ।

क) उत्पादन वर्ष र शुरुदर्ता मिति पनि खुलेका सवारी साधनको हकमा उत्पादन वर्षले २० वर्ष पुग्ने सालको डिसेम्बर महिना वा शुरु दर्ता मिति जुन अघि हुन्छ त्यसैलाई आधार मानि २० वर्ष पुगे नपुगेको गणना गर्ने।

ख) उत्पादन वर्ष नखुलेको तर शुरु दर्ता मिति मात्र खुलेका सवारीका हकमा शुरु दर्ता मितिले गणना गरी २० वर्ष पुगे नपुगेको एकिन गर्ने।

ग) शुरु दर्ता भै नसकेका भन्सार कार्यालय र राजस्व अनुसन्धान विभाग जस्ता निकायले लिलाम गरेका सवारीका हकमा उत्पादन वर्षले २० वर्ष पुग्ने सालको डिसेम्बर महिनाका आधारमा २० वर्ष पुगे नपुगेको एकिन गर्ने।

कुटनीतिक नियोगका नाममा सवारी साधन दर्ता गर्नु परेमा परराष्ट्र मन्त्रालयको सिफारिसका आधारमा मात्र गर्नुपर्नेछ। कुटनैतिक नियोग, परियोजना र अन्य निकाय (सरकारी एवं गैरसरकारी संघ, संस्था) ले शुरु उत्पादन मितिले १५ वर्ष नाघेका पुराना सवारी साधनको Scrap गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा सम्बन्धित मन्त्रालयको सिफारिश सहित पैठारी गर्दाको प्रज्ञापन पत्र र क्ष्गतथ द्दभफउतष्यल को पत्र सहित सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गर्ने र सम्बन्धित यातायात व्यवस्था कार्यालयले राजश्वहरु छुटको लागि अर्थ मन्त्रालयमा कागजात सहित पठाउने र उक्त सवारी साधन अर्थ मन्त्रालयको स्वीकृतिमा नियमानुसार क्अचबउ गर्ने।

नेपालमा बडी ९द्ययमथ० बनाउने गरी सवारीको च्यासिसमात्र आयात गरी दर्ता गर्दा उक्त सवारीको च्यासिसको ओरिजिनल लम्बाइ र बडीको अधिकतम लम्बाइ समेत किटान गरी दर्ता किताब (ढड्डा) मा र सवारी दर्ता प्रमाणपत्रमा समेत जनाई राख्नुपर्नेछ। उक्त अधिकतम लम्बाइ भन्दा बढी हुने गरी पछि सेफ्टीपाता राखी बडी थप गर्न पाईने छैन । नेपालमा बडी बनाई सार्वजनिक सवारीहरू तथा अन्य सवारीहरू दर्ता गर्दा भ्याट बील अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

सवारीको च्यासीस आयात गरी दर्ता भएको सवारीको बडी बनाउँदा विभागबाट स्वीकृत “कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका,२०७४” र “बस बडी बिल्डिङ्ग मापदण्ड, २०७४” मा भएका प्रावधान अनुसारको प्रकृयामा दर्ता गर्नुपर्नेछ।

- सवारी साधनहरू पत्रु गर्दा असुल गर्नुपर्ने कर, शुल्क र जरिवाना लिनुपर्ने भए असुल गरी पत्रु गर्नुपर्नेछ ।
- सरकारी तथा सरकारी स्वामित्वमा रहेका सङ्संस्थाहरूका सवारी साधनहरू लिलाम बिक्री गर्दा २० वर्ष पुगेका सवारी साधनहरूको हकमा नामसारी दर्ता हुने छैन । उक्त सवारी साधनहरू नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, शुल्क, जरिवाना बुझाई लगतकट्टा गरिसकेपछि मात्र पत्रुमा लिलाम बिक्री गर्नुपर्नेछ ।
- इन्जिन नम्बर वा चेसिस नम्बर दुबैमा वा कुनै एकमा रिपन्च/रफपन्च गरेको कैफियत देखिएमा सो सवारी साधन दर्ता नगरी पत्र ुगर्नुपर्नेछ ।
- सुरु दर्ता गर्दा फाइल खडा गरी फाइलका विवरणहरू कम्प्युटर प्रविष्टी गर्नुपर्नेछ । सवारी धनीले चाहेमा फायलको प्रतिलिपी दिन सकिनेछ ।
- ट्रयाक्टर तथा ट्रली र सो मा भार बहन गर्न सक्ने क्षमतालाई जोडी ४ टनभन्दा बढी वजन भएमा निजीमा दर्ता नगर्ने ।
- यात्रुवाहक सवारी साधनको क्षमता चालक सहितको कुल सिट संख्या सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गर्नुपर्नेछ ।
- मालवहक सवारी साधनको भारवहन क्षमता "मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४" को अनुसची-१ मा उल्लेख भए अनुसारको कुल भारवहन क्षमता एकिन गरी सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गर्नुपर्नेछ ।

११.१.२. अस्थायी दर्तासम्बन्धी व्यवस्था

कुनै पनि सवारी साधन कुनै निश्चित समय एवं प्रयोजनका लागि अस्थायी दर्ता गर्नुपर्ने भएमा निम्न लिखित प्रकिया अवलम्बन गर्नुपर्नेछ :

- कुनै सवारी साधन कुनै परियोजनामा निश्चित अवधिका लागि सञ्चालन हुने र अवधि समाप्त भएपछि सो सवारी साधन सम्बन्धित मुलुकमै फिर्ता लग्ने विषय उल्लेख गरी परियोजना प्रमुख स्वयम्ले सम्बन्धित कार्यालयमा अनुरोध गरेमा अस्थायी दर्तासम्बन्धी प्रक्रिया अगाडि बढाइनेछ ।
- आयोजनामा कार्यरत कम्पनीका लागि रातो पृष्ठभूमिमा सेतो अक्षर लेखिएको निजी नम्बर प्लेट प्रदान गर्नुपर्नेछ ।
- उक्त नम्बर प्लेटमा सर्वप्रथम प्रदेशको सङ्केत राख्ने, त्यसपछि लट नम्बर राख्ने अनि अस्थायी दर्ता बुझाउन "अ" अक्षर राख्ने र त्यसपछि योजना जनाउने "यो" राख्ने अनि मात्र सवारी दर्ता सङ्ख्या क्रमशः राख्दै जाने ४ अङ्कसम्म क्रमश राख्दै जाने, पाँचौंअङ्कमा जानुपर्ने अवस्था आएमा १ अङ्क माथिको अङ्क राख्ने, जस्तै : बा १ अ यो ।
- नम्बर प्लेट र अक्षरको साइजको सम्बन्धमा प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

- आर्थिक अध्यादेश र अर्थ मन्त्रालयको निर्णयानुसार भए/गरेका कार्य गर्नुपर्नेछ।
- यस्ता सवारीको दर्ताको छुट्टै रेकर्ड राख्नुपर्नेछ।
- अस्थायी दर्ता भएका सवारी साधन आयोजना समाप्त भएपछि अनिवार्य रूपमा फिर्ता लैजानुपर्ने र सो विषय सवारी दर्ता किताबमानै स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। फिर्ता नलगेमा अवधि पुगे पश्चात् नविकरण नगरी सम्बन्धित आयोजना/परियोजनालाई जानकारी गराउनुपर्नेछ।
- अस्थायी दर्ता हुने सवारी साधनबाट अस्थायी दर्ता भएकोआर्थिक वर्षको सडक सम्भार दस्तुरका अतिरिक्त सवारीकरसमेतअसुल गर्नुपर्नेछ।
- त्यस्तो सवारीको अवधिसहितको तेस्रो पक्ष बीमा अनिवार्य रूपमा भएको हुनुपर्नेछ।

११.१.३. सरुवा दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया

- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को अनुसूची-४ को ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी पेस गर्नुपर्नेछ।
- निवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :
  - सवारी दर्ता रहेको कार्यालयबाट सरुवा सहमति पठाइएको पत्रसाथ भन्सार प्रज्ञापनपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा संलग्न गरी पठाउनुपर्नेछ।
  - उत्पादन मितिले १५ वर्ष पुगेका जुनसुकै प्रकारका सवारी साधनहरू सरुवा दर्ता गरिने छैन तर काठमाडौं उपत्यकाबाट बाहिर सरुवा दर्ता भई जाने सवारी साधनलाई यो प्रावधान लागु हुने छैन,
  - सुरु दर्ता गर्ने वा यसअघि दर्ता भएको कार्यालयबाट दिइएको सक्कलै सहमतिपत्र व्यक्तिको हातमा नदिई सुरक्षाका लागि लाहाछाप लगाई सिलगरी हुलाकको द्रुतसेवा मार्फत पठाउनुपर्ने र प्राप्त सहमति पत्रमा कुनै शङ्का लागेमा फोनबाट सम्बन्धित सही गर्ने अधिकृतसँग रुजु गरेर मात्र त्यस्ता सवारी दर्ता गर्ने/नगर्ने सम्बन्धमा दर्ता गर्ने अधिकारीले आवश्यक निर्णय लिनुपर्नेछ। फोनमा बुझेको विषय कुन पदाधिकारीले कुन पदाधिकारी सँग बुझेको हो सोको विवरण फोन नम्बर सहित फाइलमा उल्लेख गर्नुपर्नेछ।
  - सरुवा सहमति माग गर्ने सवारीधनीले पेस गरेको कागजातमा कुनै कैफियत देखिएमा सोको पूर्ण जिम्मेवारी उक्त सवारी धनी समेतले लिनुपर्नेछ।
  - सहमति दिने कार्यालयमा भएका सवारी दर्तासम्बन्धी सवारी दर्ता किताब (ढड्डा), सवारी दर्ता कार्ड, सुरु दर्ता निवेदन आदि सवारीसँग सम्बन्धित सबै कागजातको प्रमाणित प्रतिलिपि सरुवा सहमतिपत्र साथ संलग्न गरी पठाउनुपर्नेछ।
  - चालु आ.व.सम्मको सवारी साधन कर तिरेको प्रमाण (सार्वजनिक सवारी भए चालु आ.व. सम्मको सवारी आयकर समेत तिरेको प्रमाण) संलग्न हुनुपर्नेछ।

- सवारी धनी व्यक्ति भए नागरिकताको प्रमाणपत्र र सङ्संस्था, फर्म वा कम्पनी भए अद्यावधिक नवीकरण भएको दर्ता प्रमाणपत्र तथा आयकर दर्ता एवं मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि एवं करचुक्ता प्रमाणपत्र समेत संलग्न हुनुपर्नेछ।

- सरुवा दर्ताका लागि सम्बन्धित सवारी साधन कार्यालयमा अनिवार्यरूपमा ल्याउनुपर्नेछ। एक कार्यालयबाट जारी भएको प्राविधिक प्रतिवेदनका आधारमा अर्को कार्यालयमा सवारी दर्ता गर्नुहुँदैन।
- लिलामको प्रक्रियाबाट आएका कुनै पनि सवारी काठमाडौँ उपत्यकाभित्र सरुवा दर्ताहुने छैन र अन्य कार्यालयहरूले सरुवा सहमति पठाउनु समेत हुँदैन,
- सरुवा सहमति प्राप्त भई सरुवा दर्ता गर्दा सोको रेकर्ड अनुसूची ५ बमोजिमको ढाँचामा खडा गरी प्रमाणित गरी राख्ने व्यवस्था गर्नुपर्नेछ।
- सवारी साधनको रेकर्ड बुझ्नका लागि सुरुमा जसका नामबाट सवारी दर्ता भएको हो उसैका नाममा देखिने गरी दर्ता नम्बर कायमै राख्नुपर्ने हुँदा एकपटक दिइएको दर्ता नम्बरलाई परिवर्तन गर्नुहुँदैन। सरुवा सहमति लिई गएको सवारीको दर्ता नम्बर अन्य कसैलाई नदिई कैफियत जनाई खाली नै राख्ने र अन्य कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएपछि लगतकट्टा जनाउनुपर्नेछ। अन्य कार्यालयबाट सहमति लिई सरुवा दर्ता हुन आउने सवारीलाई समेत नयाँसरह प्राप्त हुने नम्बर नै प्रदान गर्नुपर्नेछ।
- सरुवा सहमति दिई पठाएको सवारीको अनुसूची-६ बमोजिमको ढाँचामा रेकर्ड खडा गरी प्रमाणित गरी राख्ने तथा सवारीको ढड्डा तथा फाइलमा रहेको दर्ता कार्डमा सबैले सजिलै बुझ्न र देख्न सक्ने गरी सहमति गएको कार्यालय र मिति समेतको व्यहोरा अनिवार्य रूपमा जनाई अधिकृतबाट प्रमाणित गराई राख्नुपर्नेछ।
- सरुवा सहमतिबाट सवारी दर्ता गरेपछि सोको लगतकट्टाका लागि सम्बन्धित कार्यालयमा तत्कालै लेखि पठाउनुपर्नेछ। यसरी लगतकट्टाको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले सम्बन्धित सवारीको लगत तुरुन्त कट्टा गरी रेकर्ड अद्यावधिक गर्नुपर्नेछ।
- सरुवा सहमति लिई गएको सवारीको नम्बर उक्त सवारी सम्बन्धित कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएपछि लगतकट्टा जनाई राख्नुपर्नेछ। यसरी लगत कट्टा जनाइएको नम्बर अन्य कसैलाई नदिई खाली नम्बर नै कायम राख्नुपर्नेछ।
- सरुवा सहमति लिई गएको ३५ दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता नगरेमा वा सम्बन्धित कार्यालयबाट सरुवा सहमति फिर्ता ल्याई सहमति रद्द गराउन चाहेमा ऐनको दफा १६० (३) बमोजिम जरिवाना गरेर मात्र आवश्यक कारवाही गर्नुपर्नेछ।सरुवा सहमति भई गएका सवारी साधनहरू सम्बन्धित कार्यालयमा दर्ता

हुन नसकी सहमति फिर्ता भई आएमा साबिकको नम्बरमा पुनः दर्ता गर्नुपरेमा प्राविधिक चेकजाँच समेतका आधारमा सहमति रद्दगरी पुनः दर्ता कायम गर्नुपर्नेछ ।

सरुवा सहमति लिई गइसकेको सवारीको सम्बन्धित कार्यालयमा दर्ता गरी नयाँ दर्ता प्रमाणपत्र नलिएको अवस्थामा पुरानै सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिदिन हुँदैन । सरुवा सहमति पठाउना साथ सोको विवरण ढड्डा एवं कम्प्युटरमा जनाउने कर्तव्य सरुवा सहमति पठाउने कार्यालयको रहनेछ ।

सरुवा दर्ता हुन आउने सवारीको निवेदन पेस हुन आएमा कार्यालय प्रमुख वा शाखा अधिकृतबाट तोक आदेस भएपछि प्राविधिक शाखामा गई सवारीको प्राविधिक परीक्षण गराउनुपर्नेछ । प्राविधिक शाखाबाट सवारीको प्राविधिक परीक्षण गरी ठीक देखिएमा प्रचलित काननवमोजिम लाग्ने सवारी साधन कर तथा दस्तुरहरू दाखिला गर्न पठाउनुपर्नेछ । सबै राजश्व दाखिला र प्राविधिक प्रतिवेदन प्राप्त भएपछि सो सम्बन्धी अन्य कारवाही अगाडि बढाउनुपर्नेछ । सम्बन्धित फाँटले यसरी दर्ता हुन आउने सवारीहरूलाई क्रमबद्ध रूपमा First Come First Serve basis मा कार्यालयमा राख्नुपर्ने रेकर्ड खडा गरी दर्ता प्रमाणित गर्नका लागि सिफारिस सहित सम्बन्धित फाँट प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।

सरुवा दर्ता हुन आउने सवारीका सम्बन्धमा सहमति दिई पठाउने कार्यालयमा सहमति पत्रमा दस्तखत गर्ने सम्बन्धित कर्मचारीसँग फोन, फ्याक्सएवं इमेलमार्फत सम्पर्क गरी बुझ्ने र सम्बन्धित कार्यालयबाट एकिन पत्र प्राप्त भएपछि मात्र सहमति दर्ता गर्नुपर्नेछ ।

सरुवा सहमतिपत्र पठाउँदा सक्कल सहमतिपत्रमा सम्बन्धितफाँटवाला कर्मचारीको नाम, पद, फोन नम्बर र मिति उल्लेख गरी अनिवार्य रूपमा पूरा दस्तखत भएको हुनुपर्नेछ ।

सार्वजनिक सवारी साधनहरूको सरुवा दर्ता गर्दा सङ्गीतसम्बन्धी रोयल्टी चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

### ११.१.४. हेरफेर दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया

उत्पादन वर्षले १५ वर्ष पूरा भएका सार्वजनिक सवारीहरूलाई निजी तथा अन्य नम्बरमा दर्ता गर्ने गरी हेरफेर दर्ता गर्नुहुँदैन ।

लिलामबाट आएका कुनै पनि सवारी काठमाडौं उपत्यकामा हेरफेर दर्ता र नामसारी गर्नुहुँदैन । यस्तै उत्पादन वर्षले २० (बीस) वर्ष पूरा भएका लिलामबाट आएका सवारीको हेरफेर दर्ता तथा नामसारी गर्नुहुँदैन । त्यस्ता सवारीको नियमानुसार लगतकट्टा गर्नुपर्नेछ ।

ऐनमा व्यवस्था भएबमोजिम सवारीको किसिममा दस्तुर लिई हेरफेर गर्न स्वीकृति दिँदा मालवाहक सवारीलाई यात्रुवाहक सवारीमा हेरफेर गर्न स्वीकृति दिइने छैन, तर एक प्रकारको मालवाहक सवारीलाई अर्को प्रकारको मालवाहक सवारीमा हेरफेर दर्ता गर्न

स्वीकृति दिन सकिनेछ। मालवाहक सवारी साधनलाई यात्रुवाहक तथा यात्रुवाहक सवारी साधनलाई मालवाहक सवारीमा हेरफेर दर्ता गरिने छैन।

- सवारीमा कुनै हेरफेर गर्न तोकिएको ढाँचाको फर्म भरी निवेदन दिएपछि उक्त सवारीको विस्तृतरूपमा प्राविधिक परीक्षण गरी सो सवारीलाई मागबमोजिम हेरफेर गर्न सकिने/नसकिने हाल परिणत गरिने किसिमबाट सो सवारी सञ्चालन गर्न योग्य हुने/नहुने तथा आवश्यक कागजपत्रसमेतजाँचबुझ गरी प्राविधिकको रायसिफारिस अनिवार्यरूपमा लिई सोका आधारमा हेरफेर गर्न आवश्यक दस्तुर लिई अनुमति प्रदान गर्नुपर्नेछ। यसरी स्वीकृति दिइएको विवरण अभिलेख तथा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरी अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।
- सवारीमा हेरफेर वा संशोधनसम्बन्धी कारवाही सवारी दर्ता रहेको कार्यालयबाट मात्र गर्नुपर्नेछ।
- सवारीको इन्जिन, च्यासिस तथा अन्य मुख्य पार्टपुर्जा काम नलाग्ने भई अर्को जडान गर्नुपरेमा सोको कारणसहितको निवेदन परेपछि कारण मनासिव लागेमा ऐनको दफा ३९ को परिधिभित्र रही हेरफेर गर्न स्वीकृति दिनुपर्नेछ। यसरी फेरिने इन्जिन, च्यासिस तथा अन्य पार्टपूर्जा सम्बन्धित सवारी साधनको आयातकर्ता कम्पनीमार्फत भन्सार आयात गर्न स्वीकृति दिने र सोको भन्सार प्रज्ञापनपत्र र महसुल बुझाएको रसिद एवं सवारीसमेत चेक गरी ऐनको दफा २३ बमोजिम तोकिएको मापदण्डको अधीनमा रही सवारीमा त्यस्तो सामान हेरफेर गर्दा उक्त सवारी सञ्चालन प्रक्रियामा कुनै प्राविधिक कठिनाइ नपर्ने देखिएमा कानुनबमोजिम लाग्ने दस्तुर लिई हेरफेर कायम गरिदिनुपर्नेछ तर सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण (Specification) विपरीत हुने गरी हेरफेर गर्न स्वीकृति दिइनेछैन।
- हेरफेर गर्न स्वीकृति दिई हेरफेर गरिसकेपछि उक्त सवारीको साबिक इन्जिन/च्यासिस काम नलाग्ने गरी बिग्रिएको भएमा सोको नम्बरलाई प्राविधिकको रोहवरमा नष्ट गर्न लगाई त्यसको विवरणमा जनाउनुपर्नेछ।
- कुनै सवारी प्राविधिक जाँचको सिलसिलामा आउँदा कुनै विवरण फरक पर्न गएको भेटिएमा केकति कारणबाट फरक पर्न गएको हो बझ्भी एकिन गर्नुपर्नेछ। विवरणमा फरक परेकामा स्वीकृति लिई भन्सार प्रज्ञापनपत्रबाट आयात भईस्रेस्तामा मिलान गर्न छुट भएकामा सोही व्यहोरा खुलाई सवारी दर्ता प्रमाणपत्र, सवारी दर्ता किताब (ढड्डा) र फाइलमा जनाई प्रमाणित गर्नुपर्नेछ। स्वीकृति नलिई हेरफेर गरेको भेटिएमा ऐनबमोजिम जरिवाना गरी कायम गर्न मिल्नेजतिको हकमा सोहीबमोजिम कायम गरी नमिल्ने भएमा सवारी दर्ता बदर गर्नुपर्नेछ।
- कुनै सवारीको दुर्घटना वा अन्य कारणबाट इन्जिन वा च्यासिसमा भएको प्लेट हराएमा, नासिएमा वा त्यसमा उल्लिखित नम्बर माटो वा खियाले खाई वा अन्य कुनै प्राकृतिक कारणबाट नबुझिने भएमा उक्त सवारी चेकजाँच गरी त्यस सवारीमा उक्त इन्जिन वा

च्यासिस साबिकदेखि नै रहे/नरहेको, हाल कुनै किसिमले फेरबदल भए/ नभएको भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ र प्राविधिक परीक्षण गरी साबिक देखिकै यथास्थितिमा रहेको हो भन्ने लागेमा सोको फोटो खिची विभागबाट उपलब्ध भएको नमुना अनुसारको २ वटा प्लेट (इस्यु नम्बर प्लेट) बनाउन लगाई सो प्लेट सवारीमा राखी सोको फोटो खिच्ने र उक्त फोटो एवं अर्को प्लेट सवारी दर्तासम्बन्धी फाइलएवं अभिलेखमा राखी सवारी दर्ता प्रमाणपत्रमा समेत सोको कैफियत जनाई प्रमाणित गरिदिनुपर्नेछ।

- कुनै सवारीको किसिम, इन्जिन, च्यासिस, रङ्ग, सिट, बडी निर्माण वा अन्य विवरण हेरफेर गर्न विभागबाट स्वीकृति प्राप्त वर्कसप बाटमात्र गर्ने गरी स्वीकृति दिनुपर्नेछ। यसरी स्वीकृति दिएको वर्कसपको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र आदि अद्यावधिक र नवीकरण भएको हुनुपर्नेछ। उक्त कार्य गर्न स्वीकृति दिँदा सो व्यहोरा सवारीधनीलाई कार्यालयले जानकारी गराउनुपर्नेछ।
- सवारीको किसिम, इन्जिन, च्यासिसमा हेरफेर गर्दा वा कुनै प्रकारको संशोधन गर्नुपर्दा सवारीधनी आफैँ उपस्थित भई रीतपूर्वकको निवेदन दिनुपर्ने र सवारीधनी आफैँ उपस्थित हुन नसकेमा रीतपूर्वकको मन्जुरिनामा प्राप्त व्यक्तिको परिचयपत्र वा नागरिकताको प्रमाणपत्रको फोटोकपी पेसगर्न लगाउनुपर्नेछ। साथै यस्तो फेरबदल वा संशोधन गर्न स्वीकृति दिँदा सवारीका अन्य कागजपत्र सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, जाँचपास, कर तिरेको प्रमाणपत्र, भन्सार प्रज्ञापन पत्र ९च्भाभचभलअभ लFदभच समेत उल्लेख भएको), भ्याट बिल आदि नियमित भए/नभएको हेरी नियमित गर्न लगाएरमात्र स्वीकृति दिनुपर्नेछ।
- सवारीमा हेरफेर वा संशोधन गर्दा तोकिए बमोजिम हेरफेर दस्तुर तिरेको नगदी रसिद पेस हुनुपर्नेछ।
- सवारीको नम्बर प्लेटमा परिवर्तन गर्न हेरफेर दर्ता गर्दा वा सवारीको मुख्य पार्टपुर्जा परिवर्तन गर्नुपरेमा उक्त सवारीले बुझाउनुपर्ने सवारी साधन कर, सवारी दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, आयकर, बाटो इजाजत, सङ्गित सम्बन्धी रोयल्टीको चुक्ता प्रमाणपत्र, जाँचपास नियमित रूपमा लिए/नलिएको तथा नवीकरण गराए/नगराएको समेत हेरी सोअनुरूप नभएको भए सो गराएरमात्र हेरफेर गर्न स्वीकृति दिनुपर्नेछ।
- कुनै आयोग, नियोग वा विशिष्ट व्यक्तिहरूले प्रयोग गर्ने सरकारी सवारी साधनको नम्बरप्लेट परिवर्तन गरी निजी नम्बर प्लेट स्थायी रूपमा राख्नुपर्ने भएमा गृहमन्त्रालयको स्वीकृतिपत्र पेस गर्नुपर्नेछ।
- कुटनीतिक नम्बर प्लेटबाट भन्सार सुविधा प्राप्त नहुने व्यक्ति वा संस्थाको नाममा हेरफेर दर्ता गर्दा भन्सार महसुल बुझाएको निस्सा र सम्बन्धित नियोग एवं परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा मात्र गर्नुपर्नेछ।

- निजीमा दर्ता भएका ट्र्याक्टर तथा ट्रलीहरुले अधिकतम कुल भारवहन क्षमता ४ टन भन्दा कम हुने गरी ट्रली बनाई जडान गर्न सक्छ भने सोही अनुसारको ट्रली जडान गर्न स्वीकृति दिने ।

## ११.१.५. लिलाम दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया

१. लिलाममा विक्रि भएको भनी उल्लेख भएका, भन्सार प्रज्ञापनपत्रमा लिलाम भनी उल्लेख भएका वा कुनै पनि सरकारी निकाय वा सङ्गठित संस्थाबाट बढाबढका प्रक्रियाबाट व्यक्तिको नाममा आएका सवारी साधनलाई सामान्यतया लिलामका सवारी भनेर बुझिन्छ ।

२. भन्सार कार्यालय एवं राजश्व अनुसन्धान कार्यालयहरूबाट भन्सार चोरी पैठारीअन्तर्गतका सवारीहरू आउने गर्दछन् भने अन्य सरकारी कार्यालयहरूबट पुरानो भई काम नलाग्ने अवस्थाका सवारीहरू आउने गर्दछन । त्यसैगरी वित्तीय संस्थाहरूबाट समयमा ऋण नतिरेको कारणबाट लिलाम भएका सवारीहरू आउने गर्दछन् । जेजसरी आएका लिलामका सवारीहरू भए पनि सबै लिलामका सवारीलाई एकै वर्गमा राखी कारवाही अगाडि वढाउनुपर्दछ ।

३. लिलामको सूचना निकाल्दा नै सम्बन्धित निकायले लिलाम गरिने सवारी साधन दर्ता वा स्क्रयाप के प्रयोजनका लागि लिलाम गरिने हो सोको स्पष्ट व्यहोरा सूचनामा नै उल्लेख गर्नुपर्नेछ । लिलामीको सुरु प्रक्रियादेखिनै सम्भव भएसम्म सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्राविधिक प्रतिनिधिको उपस्थित हुनुपर्नेछ । जुन कार्यालयमा दर्ता भएको सवारी साधन हो सोही क्षेत्रको कार्यालय वा संस्थाले मात्र त्यस्ता सवारीको लिलामी प्रक्रिया अगाडि बढाउनुपर्नेछ । जुन कार्यालयबाट लिलाम भएको हो सोही क्षेत्रको यातायात व्यवस्था कार्यालयमा मात्र (साविक वाग्मती अञ्चलमा दर्ता भएको सवारी साधनको हकमा लिलामी भएको सवारी साधन यातायात व्यवस्था कार्यालय, नारायणीमा) लिलामी दर्ताको कार्य गर्नुपर्नेछ ।

४. लिलामीबाट एक पटक दर्ता भएको सवारी साधनको पुनः लिलामी भएमा त्यस्ता सवारी साधन नियमानुसार स्क्रयाप गर्नुपर्नेछ । पुनः लिलामी भएको सवारी साधनको दर्ता गरिनेछैन ।

५. लिलाम गरिएको सवारी दर्ता गर्दा ऐनको दफा १२ बमोजिम जुन प्रयोजनका लागि आयात भएको हो सोही प्रयोजना अनुसार प्रयोग गर्ने गरि दर्ता गर्नुपर्नेछ ।

लिलामका सवारीहरू दर्ता गर्न आउँदा निम्नलिखित कागजात संलग्न हुनुपर्दछ :

- तोकिएको ढाँचामा निवेदन फाराम भरी रु.१०। को टिकट टाँसी कार्यालयमा निवेदन दिने
- सवारी लिलाम गर्ने निकायले न्यूनतम मूल्यनिर्धारण गरी लिलामकालागि प्रकाशन गरेको सक्कलै सूचना,

- लिलाम गर्ने संस्थाले सम्बन्धित कार्यालयलाई सवारी दर्ता गरिदिन भनी लेखेको पत्र समावेश गर्ने,
- सम्बन्धित व्यक्तिले लिलाम सकार गरेको रकम खुलेको पत्र वा कागजात र लिलाम सम्बन्धी निर्णयको प्रतिलिपि संलग्न गर्ने,
- लिलाम गर्ने निकायले लिलाम गरेको सवारीको च्यासिस नम्बर, इन्जिन नम्बर, मोडेल, सिट, रङ, कम्पनी लगायत अन्य आवश्यक कुराहरू खुलाई दिएको पत्र राख्ने,
- लिलाम गर्ने निकायले प्रमाणित गरेको लिलाम गरेको सवारीको च्यासिस नम्बर, इन्जिन नम्बर र बडी समेटको फोटो राख्ने,
- लिलाम सकार गर्ने व्यक्तिले आफूले सकार गरेको रकम बुझाएको रसिद वा भौचर को प्रतिलिपि राख्ने,
- माथि उल्लेख भएका सबै कागजात संलग्न गरी निवेदन प्राप्त भए पश्चात् पुनःसवारी लिलाम गर्ने कार्यालयबाट एकिन माग गरे पश्चात् सम्बन्धित कार्यालयबाट एकिन गरी पठाएको पत्र राख्ने ।

माथि उल्लेख भएका सबै कागजात संलग्न गरी निवेदन प्राप्त भएपश्चात् सवारी दर्ताकै प्रक्रिया अपनाई सवारी परीक्षण गर्दा ठीक, दुरुस्त सञ्चालन योग्य देखिएमा उक्त सवारी दर्ता गर्नुपर्नेछ । यसरी दर्ता गर्दा लाग्ने कर, सडक सुधार दस्तुर लगायतका लाग्ने दस्तुर लिई दर्ता गर्नुपर्नेछ । लिलामी हुने सवारी पूर्व अवस्थामा नियमानुसार दर्ता भएको र सडक सम्भार दस्तुर तिरि सकेको भए पुनः सो दस्तुर तिर्नुपर्नेछैन ।

## ११.१.६. पुन दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया

पुनः दर्ता भन्नाले नवीकरण फेल भएको ५ वर्ष नाघि सकेका सवारी साधनको पुनः दर्ता गर्ने कार्यलाई बुझिन्छ । पुनः दर्ता गर्दा देहाय बमोजिम गर्नुपर्दछ :

१. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गराउनुपर्दछ ।
२. सम्बन्धित यातायात व्यवस्था कार्यालयमा आफ्नो सवारी परीक्षणका लागि ल्याउनुपर्ने हुन्छ ।
३. पुनः दर्ता गर्दा ऐनको दफा ३५ बमोजिम नवीकरण शुल्क र प्रचलित कानुन बमोजिम लाग्ने सवारी करसहितका अन्य दस्तुरहरू असुल गर्नुपर्नेछ ।
४. सवारी परीक्षण गर्दा उपयुक्त देखिएमा मात्र यस्ता सवारी पुनः दर्ता गरिनेछ ।
५. सवारी साधनको बीमा गरिएको हुनुपर्दछ ।

## ११.१.७. विदेशी नागरिकले सवारी दर्ता गर्दा अवलम्वन गर्नुपर्ने विषयहरू

क) निजको म्याद बहाल रहेको भिसा (भारतीय नागरिकबाहेक),

ख) सम्बन्धित दूतावासको नो अब्जेक्सन पत्र,

ग) नेपालमा कुनै पेसा व्यवसाय गरेको प्रमाण, घ)

बसोवास गरेको स्थानीय तहको सिफारिस,

ङ) भारतीय नागरिकको हकमा दूतावासले दिएको रजिस्ट्रेसन पत्र,

### ११.१.८. सवारी नामसारी गर्दा अवलम्बनगर्नुपर्ने विषयहरू

सवारी धनीले आफ्नो सवारी बिक्री वा नामसारी गर्नुपरेमा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुर तिरी सवारी बिक्री गर्ने तथा खरिद गर्ने दुबै पक्षको रोहवरमा निम्नानुसारको प्रक्रियापूरा गरेको हुनुपर्नेछ :

१. नियमावलीको अनुसूची-१२को ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. सम्बन्धित सवारी साधन कार्यालयमा अनिवार्यरूपले ल्याउनुपर्नेछ । साथै सवारी सुरु दर्ता हुँदाको फोटो प्रमाणित नगरिएकाको हकमा पहिलो पटक नामसारी गर्दा इन्जिन र च्यासिसको फोटो खिची सम्बन्धित फाइलमा अद्यावधिक गर्नुपर्नेछ ।

३. सवारीधनीको मृत्यु भई मृतकको नामबाट हकवालाको नाममा नामसारी गर्दा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणितपत्र साथै मृतकको सबभन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित स्थानीय तहको किटानी सिफारिसपत्र ल्याउनुपर्नेछ ।

४. सवारीको नामसारी गर्दा खरिदकर्ता तथा विक्रीकर्ता दुबै कार्यालयमा उपस्थित हुनुपर्नेछ । यसरी नामसारी गर्न आउँदा सवारी खरिद विक्री गर्ने दुबैको नागरिकताको सक्कल र नक्कल साथै ल्याउनुपर्नेछ । सवारी खरिद गर्नेको तीन प्रति पासपोर्ट साइजको हालसालै खिचेको फोटो ल्याउनुपर्नेछ ।

५. सवारी बिक्री गर्ने सवारी धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भई सो नामसारी हुने मितिभन्दा अगाडि सवारी धनी कार्यालयमा उपस्थित भई सम्बन्धित स्रेस्ता एवं नामसारी फारममा ल्याप्चे सही छापसहित सनाखत गर्न कार्यालयमा निवेदन दिएकामा सो निवेदन मनासिब लागी सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकता सहितको कागजात हेरी सो व्यहोरा प्रमाणित गरिदिएको अवस्थामा सोही सनाखतको आधारमा सनाखतको मितिले ३५ (पैंतीस) दिनभित्र नामसारी गर्न सकिने व्यवस्था कार्यालयले गर्न सक्नेछ ।

६. कुनै सवारी धनी बिरामी परी अस्पतालमा रहेको, अशक्त वा वृद्ध भई नामसारीका लागि सनाखत गर्न कार्यालयमा उपस्थित हुन नसक्ने अवस्था परी अशक्त व्यक्ति भएकै ठाउँमा गई सनाखत गरिदिन सम्बन्धित सवारी धनीको हकवाला वा खरिदकर्ताले अनुरोध गरेमा कार्यालय प्रमुखले कार्यालयको कार्यबोझ हेरी एकजना अधिकृत कर्मचारीलाई सम्बन्धित ठाउँमा (आफ्नो कार्य क्षेत्रभित्र मात्र) डोरखटाई सनाखत गराउन सक्नेछ। यसरी सनाखतबाट गरिएको नामसारीमा लिनेदिने दुबै पक्षको मञ्जुरी छ पछि कुनै उजुरबाजुर गरिने छैन भन्ने कागज गराएर मात्र नामसारी गरिदिनुपर्नेछ । यस्तो कागजातमा साबिक सवारीधनीको नजिकको हकवालालाई साक्षीको रूपमा अनिवार्य रूपमा राख्नुपर्नेछ ।

७. प्रचलित कानुनबमोजिम सवारीधनी हिरासत वा जेलचलान भएको अवस्थामा हिरासतमा राख्ने निकाय वा जेलरबाट लिखित डोरका लागि अनुरोधपत्र पेस भएपछि कार्यालय प्रमुखले डोर खटाउन सक्नेछ ।

८. सार्वजनिक सवारी साधनका हकमा नामसारी गर्दा सङ्गीतसम्बन्धी रोयल्टी तिरेको चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । तर आफ्नो सार्वजनिक सवारीमा सङ्गीत नबजाउने भनी कार्यालयमा सही सनाखत गर्ने सवारी धनीका हकमा यो प्रावधान लागू हुने छैन ।

९. भन्सार सुविधामा आयात भएका सवारीहरू नामसारी गर्नुपर्दा भन्सार तिरेको निस्सा अनिवार्य रूपमा लिनुपर्नेछ ।

१०. कुनै एक कुटनीतिक नियोगको नाममा दर्ता भएका सवारी साधन अन्य कुनै कुटनीतिक नियोगको नाममा दर्ता, नामसारी गर्नुपर्दा परराष्ट्र मन्त्रालयको सिफारिसपत्र लिनुपर्नेछ । कुटनीतिक नियोगको नामबाट विदेशी व्यक्तिका नाममा दर्ता, नामसारी गर्नुपर्दा परराष्ट्र मन्त्रालयको पत्र, सम्बन्धित व्यक्तिको पासपोर्ट, नेपालमा बस्न पाउने कम्तीमा ६ महिना अवधि किटान भएको भिसासमेत संलग्न हुनुपर्नेछ ।

११. कुटनीतिक नम्बर प्लेटबाट भन्सार सुविधा प्राप्त नहुने व्यक्ति, संस्थाका नाममा नामसारी गर्दा भन्सार महसुल बुझाएको निस्सा र सम्बन्धित नियोगको सिफारिसमा मात्र दर्ता, नामसारी गर्नुपर्नेछ ।

१२. सवारीको नामसारी गर्दा जाँचपास प्रमाणपत्र, बाटो इजाजतपत्र, प्रदूषण परीक्षण प्रमाणपत्र, बीमा, चालु आ.व.सम्मको सवारी साधन कर, सवारी साधन आयकर दाखिला भएको विषयसमेत हेरी सो अद्यावधिक भएमा मात्र नामसारी गर्नुपर्नेछ ।

१३. नाबालकको नाममा नामसारी हुन आएमा नाबालकको जन्मदर्ता प्रमाणपत्र, संरक्षकको नागरिकताको प्रमाणपत्र तथा दुबैको पासपोर्ट साइजको फोटो तीन/तीन प्रति लिई नामसारी गर्नुपर्नेछ, तर संरक्षक तोक्दा कार्यालय प्रमुखले पत्याएको माथवर व्यक्ति वा संस्थालाई तोक्न सक्नेछ ।

१४. सवारी जुन कार्यालयमा दर्ता रहेको छ सोही कार्यालयले मात्र नामसारी गर्नुपर्नेछ । एक कार्यालयमा दर्ता रहेको सवारी अन्य कार्यालयबाट नामसारी गर्नुहुँदैन ।

१५. सवारी आयातकर्ता कम्पनीले सवारी विक्री गरी बिल काटेको मितिले १५ दिनभित्र सम्बन्धित खरिदकर्ता व्यक्ति वा संस्थाको नाममा नामसारी गरि सक्नुपर्नेछ । उक्त म्यादभित्र नामसारी नगरेमा ऐनको दफा १६० (३) बमोजिम जरिवाना असुल गरी नामसारी गरिदिनुपर्नेछ ।

१६. सवारी दर्ता भएको कार्यालयमा कुनै कारणवश सवारी विक्री गर्ने व्यक्ति उपस्थित हुन नसकेमा सवारी सञ्चालनमा रहेको क्षेत्रको कार्यालयमा उपस्थित भई दर्ता नामसारी गर्ने अधिकारीको रोहवरमा विक्रिको (नामसारी फाराम) कागजातमा विक्री गरेको सही सनाखत गरेको प्रमाणित गरी सवारी दर्ता भएको कार्यालयमा लेखिपठाएमा त्यसको

आधारमा दर्ता भएको कार्यालयले अन्य कुराको हकमा नियमानुसार गरी ३५ दिनभित्र नामसारी गरिदिन सक्नेछ ।

१७. कुनै सवारी साधन सङ्संस्था, कम्पनी, कार्यालय वा निकायले खरिद वा बिक्री गर्ने भएमा ती निकायको छापसहितको पत्र, प्रतिनिधि तोकिएको पत्र, प्रतिनिधि भएर आउने व्यक्तिको परिचयपत्र वा नागरिकताको सक्कल/नक्कल र उक्त सङ्संस्था, कम्पनी, कार्यालय वा निकाय भए दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । यसरी पेस हुने कागजात अद्यावधिक नवीकरण भएको हुनुपर्नेछ । साथै उक्त सवारी कुनै बिक्रेता वा अधिकृत एजेन्ट वा डिलरसँग किनेको भएमा बिक्रेताले दिएको छापसहितको बिल भर्पाइसमेत पेस गर्नुपर्नेछ ।

१८. कुनै सवारी साधन कुनै सरकारी कार्यालय, निकाय, संस्था, कुटनीतिक नियोग, अन्य कुटनीतिक सुविधाप्राप्त वा भन्सार महसुल पूरै वा आंशिक सुविधाप्राप्त व्यक्ति वा संस्थाको नाममा दर्ता भएमा तिनको नामबाट अरूको नाममा कुनै किसिमले नामसारी वा हक हस्तान्तरण गर्नुपरेमा सो सवारीको भन्सार महसुल तिरेको प्रमाणपत्र वा भन्सार महसुल क्लियरेन्स सम्बन्धी पत्र नेपाल सरकारको निर्णय वा भन्सार विभाग वा सम्बन्धित भन्सार कार्यालयको निस्सा वा पत्रसमेत पेस गर्नुपर्नेछ ।

१९. कुनै विदेशी नागरिकका नाममा दर्ता कायम रहेको सवारी साधन सो व्यक्तिका नामबाट अन्य नेपाली नागरिकका नाममा नामसारी गर्नुपरेमा बिक्रीगर्ने विदेशी नागरिकको पासपोर्ट वा परिचयपत्रको सक्कल/नक्कल, हालसालै खिचेको पासपोर्ट साइजको ४ प्रति फोटो लिई नियमानुसार गरी नामसारी गरिदिनुपर्नेछ ।

२०. सवारी नामसारी गर्नका लागि कहीँकतैबाट रोक्का भएको हुनुहुँदैन । साथै कुनै प्रकारले स्वामित्व सम्बन्धी विवाद परी आधिकारिक निकायबाट उजुरी प्राप्त भएको वा मुद्दाको कारवाही चलिरहेका सवारीको हकमा सोको अन्तिम टुङ्गो लागेपछि मात्र सवारी नामसारी गर्नुपर्नेछ ।

२१. सवारीको नामसारी गर्नका लागि अनिवार्यरूपमा प्राविधिक परीक्षण गराई सो सवारी अभिलेख बमोजिम दुरुस्त भएमामात्र नामसारी गर्नुपर्नेछ । सवारी नामसारी गर्ने सिलसिलामा प्राविधिक परीक्षण गर्दा उक्त सवारीमा कुनै यान्त्रिक खराबी देखिई सञ्चालनयोग्य नभएको पाइएमा सो सवारी मर्मतसुधार गरी सञ्चालनयोग्य नबनुन्जेल सम्मका लागि सवारी दर्ता प्रमाणपत्र कार्यालयमै खिची सो व्यहोराको जानकारी स्थानीय ट्राफिक प्रहरी कार्यालयलाई दिई सोको निस्सा सम्बन्धित सवारी धनीलाई कार्यालयले दिनुपर्नेछ र सो सवारी मर्मतसम्भार भई आएपछि नामसारी योग्य देखिएमा नामसारी गरिदिनुपर्नेछ ।

२२. सवारी नामसारी गर्दा सवारी दर्ता प्रमाणपत्र नवीकरण भए/नभएको, भाडाको सवारीको हकमा बाटो इजाजतपत्र लिई नियमितरूपमा नवीकरण भए/नभएको, भाडाका सवारीले आयकर तिरेको/नतिरेको, जाँचपास प्रमाणपत्र भए/नभएको तथा सवारी साधन कर

हालसम्मको तिरेको/नतिरेको हेरी ठीक भएमा सोको निस्सासमेत पेस गर्न लगाएर मात्र नामसारी गर्नुपर्नेछ ।

२३. कुनै सवारी नाबालकका नाममा नामसारी दर्ता वा निजको नामबाट अरूका नाममा नामसारी गर्नुपरेमा ऐनमा व्यवस्था भएबमोजिम निजको संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, दुबैजनाको ३ प्रति पासपोर्ट साइजको फोटो, नाबालकको जन्म दर्ता प्रमाणपत्रसमेत संलग्न राखी त्यस्तो संरक्षकको रोहवरमा निजको सनाखतसमेत गराई नामसारी गरिदिनुपर्नेछ ।

२४. ऐनमा व्यवस्था भएबमोजिम ट्याक्टर बाहेक अन्य ठूला तथा मझौला सवारी व्यक्तिको नाममा वा ऐनबमोजिम सङ्गठित संस्था नभएको वा कानुनबमोजिम फर्म वा कम्पनीकारूपमा नियमानुसार दर्ता कायम नभएको संस्थाको नाममा निजी नम्बर प्लेटमा नामसारी गर्नुहुँदैन । दर्ता भएको सवारी साधनले आफ्नो फर्ममा उल्लेख भएको उद्देश्यविपरीत हुने गरी सवारी साधन सञ्चालन गर्न/गराउन पाइने छैन ।

२५. सवारी नामसारी गर्ने अधिकारीले नामसारी गरिसकेपछि सोको विवरण सवारी दर्ता अभिलेख तथा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरी त्यसमा व्यक्तिको भए व्यक्तिको तीनपुस्ते विवरण र फोटोसमेत टाँस्ने र फर्म, कार्यालय वा संस्थाको नाममा भए सो संस्थाको ठेगानासहितको सम्पूर्ण विवरण उल्लेख गरी सो संस्थाको आधिकारिक छाप लगाउन लगाई त्यसमा प्रमाणित गरी कार्यालयको छाप समेत लगाई सवारी धनीलाई सवारी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

२६. प्रत्येक दिन कार्यालयबाट नामसारी गरिएका सवारीहरूको अभिलेख यसै निर्देशिकाको अनुसूची-७ बमोजिमको ढाँचामा कार्यालयमा रेकर्ड खडा गरी राख्नु सम्बन्धित फाँटवाला एवं प्रमाणित गर्ने अधिकृतको जिम्मेवारी हुनेछ ।

२७. ट्याक्टर र पावर टेलरजस्ता सवारीको नामसारी गर्नुपरेमा उपभोक्ताको नाममा नामसारी भएको ५ वर्ष पूरा भएपछि मात्र अन्यमा नामसारी गर्नुपर्नेछ । ५ वर्ष नपुगी नामसारी गर्नुपरेमा लाग्ने भन्सार पुनः तिरेर आएपछि मात्र नामसारी गर्न सकिनेछ । काठमाडौँ उपत्यकाको हकमा त्यस्ता ट्याक्टर वा पावर टेलरहरूको नामसारी हुनेछैन ।

२८. सवारी धनी देशबाहिर वा भित्र बसोबास गरी सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा निजको प्रचलित कानुन बमोजिम जारी भएको अधिकृत वारेसनामा पेस गरेपछि मात्र सवारी साधन विक्री वा नामसारी गर्नसकिनेछ । स्वदेश भित्रको हकमा सम्बन्धित अदालतबाट जारी भएको अधिकृत वारेसनामा हुनुपर्ने तथा विदेशमा रहेको सवारीधनीका हकमा विदेशस्थित नेपाली राजदूतावास, नियोग, महावाणिज्य दूतावासबाट जारी भएको आधिकारिक अधिकृत वारेसनामा पेस गर्नुपर्नेछ ।

२९. कम्पनी वा कानुन वमोजिम स्थापना भएको संस्थाको नाममा रहेका सवारी साधनहरूको विक्रीभई नामसारी गर्दा सम्बन्धित कम्पनी वा संस्थाको कार्यकारी समितिको निर्णयको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । सम्बन्धित संस्था खारेज भई अस्तिŒवमा

नरहेको अवस्थामा तत्तत् संस्थाका सवारी साधनहरू खारेज हुँदाका बखत भएको निर्णय बमोजिम हुनेछ ।

३०. विदेशी नागरिकले नामसारी गर्दा अवलम्वन गर्नुपर्ने विषयहरू क) निजको म्याद बहाल रहेको भिसा (भारतीय नागरिकबाहेक), ख) सम्बन्धित दूतावासको नो अब्जेक्सन पत्र,
ग) नेपालमा कुनै पेसा व्यवसाय गरेको प्रमाण, घ) बसोवास गरेको स्थानीय तहको सिफारिस,
ङ) भारतीय नागरिकको हकमा दूतावासले दिएको रजिस्ट्रेसन पत्र,

३१. भन्सार छुट (आंशिक वा पूर्ण) मा आयात भएका सवारी साधन दर्ता तथा नामसारी गर्दा अवलम्बन गर्नुपर्ने विषय

क) भन्सार नलाग्ने व्यक्ति वा संस्थाबाट भन्सार लाग्ने व्यक्ति वा संस्थाको नाममा कुनै पनि सवारी साधन दर्ता वा नामसारी गर्दा भन्सार विभागबाट सवारी साधनको हाल कायम गरिएको भन्सार महसुल असुल गरिएको सक्कलै निस्सा,
ख) भन्सार नलाग्ने भएमा सो पुष्टि हुने प्रमाण,
ग) कुटनीतिक नियोगको सवारी साधन भएमा परराष्ट्र मन्त्रालयको सिफारिस पत्र,
घ) सडक सम्भार दस्तुर, दर्ताशुल्क, सवारीकर लगायतका रकम भुक्तान भएको प्रमाण,
ङ) भन्सार नलाग्ने सवारी साधन निजी संस्था वा फर्मको नाममा नामसारी हुने भएमा सम्बन्धित निकायको सिफारिस पत्र ।

जाँचपास (प्राविधिक निरीक्षण/परीक्षण)

भाडाका सवारीहरूको जाँचपास प्रत्येक ६/६ महिनामा गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यसरी जाँचपास गर्दा निम्नानुसारको प्रक्रियाअवलम्बन गर्नुपर्नेछ :

- नियमावलीको अनुसूची-४० को ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी कार्यालयमा निवेदन दिनुपर्नेछ ।
- सबै सार्वजनिक सवारी साधनहरू, शैक्षिक संस्थाका सवारी साधनहरूको प्रत्येक ६/६ महिनामा अनिवार्य रूपमा सवारी जाँचपास गराउनुपर्नेछ ।
- बाटो इजाजतपत्र जारी हुनुअगावै प्राविधिक निरीक्षण गराई जाँचपासको प्रमाणपत्र लिएको हुनुपर्नेछ ।
- जाँचपासका लागि सम्बन्धित सवारी साधन अनिवार्य रूपले कार्यालयमा ल्याउनुपर्नेछ ।
- यसरी जारी भएको जाँचपास प्रमाणपत्रको म्याद ६ महिना सम्मको रहनेछ र सो अवधि भुक्तान भएको ७ (सात) दिनभित्र पुनः जाँचपास गराउनु पर्नेछ ।
- जाँचपास गरिने सवारी साधन प्रदूषण परीक्षणको व्यवस्था लागु भइसकेको क्षेत्रका हकमा प्रदूषण परीक्षण गराई हरियो स्टिकर प्राप्त गरेको हुनुपर्नेछ ।

- जाँचपास गर्नु अगावै अनिवार्य रूपमा सवारी साधनको बीमा गरेको प्रमाण पेस गर्नुपर्नेछ ।
- सवारी जाँचपास गर्दा सवारीको भौतिक अवस्था, सबै यान्त्रिक स्थिति एवं रङरोगन, मर्मत सम्भार समेतको परीक्षण गरेर भौतिक, यान्त्रिक लगायतका अवस्था ठीक देखिएमा त्यसमा यात्रा गर्ने यात्रु वर्गको सुरक्षा र सुविधालाई समेत ध्यानमा राखी उपयुक्त देखिए मात्र त्यस्ता सवारी साधनलाई जाँचपासको प्रमाण पत्र दिनुपर्नेछ ।
- सवारी परीक्षण गर्दा जाँचपासका लागि उपयुक्त नदेखिएका सवारी साधनहरूको छुट्टै लगत खडा गरी राख्नुपर्नेछ ।
- जाँचपासका लागि आउने सवारीको क्रमानुसार First Come First Serve Basis मा कार्यालयका प्राविधिक कर्मचारीबाट तत्काल प्रारम्भिक परीक्षण गरी सोको नतिजा वरिष्ठ प्राविधिक कर्मचारीसमक्ष पेस गर्नुपर्नेछ ।
- परीक्षणबाट उपयुक्त देखिएमा सवारीको प्राविधिक फाँटमा राख्नुपर्ने रेकर्ड राखी कार्यसम्पन्न भएपछि सम्बन्धित सवारी साधनको जाँचपास गर्नुपर्नेछ ।
- जाँचपास गर्न उपयुक्त नठहरिएका सवारी साधनमा गर्नुपर्ने सुधार र मर्मतको स्पष्ट जानकारी सवारी धनी वा जाँचपास गराउन आउने वारेसलाई गराई पहिलो पटक ७ दिनसम्म म्याद दिई सुधार वा मर्मत गराई ल्याउन लिखित जानकारी गराई पठाउनुपर्नेछ ।
- जाँचपासमा उत्तीर्ण नभएका सवारी साधन तोकिएको अवधिभित्र सवारीमा सुधार तथा मर्मत नगराई सडकमा चलाएमा सो सवारीको बाटो इजाजत पत्र खिची वा खिच्न लगाई कार्यालयमा राखी उक्त सवारीलाई सुधार एवं मर्मत गराई ल्याउन पुनः आवश्यक समय दिई पठाउनुपर्नेछ ।
- प्रदूषण जाँच लागु भएको क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनहरूको जाँचपास सम्बन्धित कार्यालयमा मात्र गर्नुपर्नेछ ।
- जाँचपास हुने सवारीको पहिले जाँचपास भए/नभएको, भएको भए कुन कार्यालयबाट के कति अवधिको लागि भएको हो सो हेर्नुपर्नेछ । साथै पहिले जाँचपास गराएको प्रमाणपत्र, सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजत प्रमाणपत्र इत्यादि पेस गर्न लगाई प्रमाणपत्र नियमित भए/नभएको हेरी, नियमित भए मात्र जाँचपास गर्नुपर्नेछ । नयाँ जाँचपास प्रमाणपत्र दिँदा पुरानो प्रमाणपत्र अनिवार्य रूपमा खिच्नुपर्नेछ ।
- सवारीको जाँचपास गर्दा उक्त सवारी आफ्नो कार्यालय भएको स्थानसम्मको रुट भएको हुनुपर्नेछ । आफ्नो कार्यालय भएको स्थानसम्मको रुट नभएको सवारी साधन भएमा कार्यालयसम्म आउने पटके रुट लिएको हुनुपर्नेछ ।

- सवारीको जाँचपास गर्दा प्राविधिकले विभागबाट स्वीकृत "मझौला तथा साना सवारी निरिक्षण मापदण्ड, २०७४" र "मझौला तथा साना सवारी परिक्षण मापदण्ड, २०७४" अनुसारको मापदण्ड र प्रकृया अवलम्वन गर्नुपर्नेछ।
- पहिलो पटक जाँचपासको लागि आउने सवारी साधनका हकमा दर्ताको अवधि र जाँचपास गर्न ल्याउँदाको समय फरक देखिएमा सवारी स्टकमा रहेको वा सार्वजनिक रूपमा प्रयोग भएको एकिन गरी जाँचपास गर्नुपर्नेछ । यस्ता सवारी साधनहरू सार्वजनिक रूपबाट प्रयोग भएको एकिन भएमा प्रचलित कानुन बमोजिम उपल्लो हदको जरिवाना गरी जाँचपास गर्नुपर्नेछ।
- यात्रुवाहक सवारीको हकमा यात्रुवर्गको सुविधालाई समेत ध्यानमा राखी जाँचपास गर्नुपर्नेछ। आरक्षणका लागि सवारी साधनको सिटमा स्पष्ट व्यवस्था भएको हुनुपर्नेछ । यात्रुवाहक सवारी साधनमा फोहर राख्ने डस्टबिनको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ।
- स्कूल बसको जाँचपास गर्दा विभागबाट स्वीकृत "स्कूल बस निर्देशिका, २०७४" अनुसारको प्रावधानका साथै "मझौला तथा साना सवारी निरिक्षण मापदण्ड, २०७४" र "मझौला तथा साना सवारी परिक्षण मापदण्ड, २०७४" अनुसारको मापदण्ड तथा प्रकृया अवलम्वन गर्नुपर्नेछ।
- कुनै पनि यात्रुवाहक सार्वजनिक सवारी साधनमा स्पष्ट सबैले देख्ने गरी भाडादर राखिएको हुनुपर्नेछ।
- रात्री बस, स्तरीय डिलक्स बस, सुपर डिलक्स बस, स्तरीय जीप माइक्रो बस तथा मिनी बस सेवामा सञ्चालन हुने सवारीहरुको जाँचपास गर्दा प्रकरण ११.३.१७ का अतिरिक्त अनुसूची- १८, अनुसूची-१९, अनुसूची-२० र अनुसूची-२१ बमोजिमको मापदण्ड समेतको पालना गर्नुपर्नेछ।

### प्रदूषण परीक्षणका लागि आवश्यक पर्ने कुराहरू

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा सञ्चालन हुने सवारीहरूमध्ये सार्वजनिक सवारी साधनहरूको प्रत्येक ६/६ महिनामा र निजी तथा अन्य सवारीहरूको प्रत्येक वर्ष तथा दुईपाङ्ग्रे सवारीहरूको नामसारी हुँदाका बखत अनिवार्य रूपमा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (पछि संशोधन हुनेसमेत) अन्तर्गत रहे/नरहेको सम्बन्धमा प्रदूषण जाँच गराउनु पर्नेछ। साथै प्रदूषण जाँच गराउदा कानून वमोजिमको दस्तुर लिई देहाय बमोजिम गर्नुपर्नेछ :

- प्रदूषण जाँचका लागि रु.१०।- को टिकट टाँसी तोकिएको ढाँचामा सवारी समेत साथै ल्याई निवेदन दिनुपर्नेछ।
- यसरी निवेदन प्राप्त भएपछि प्रदूषण जाँच गर्न खटिएका प्राविधिक कर्मचारीले क्रमबद्ध रूपमा ँप्चकत ऋगफभ ँप्चकत क्भचखभ द्यबकष्क मा प्रदूषण जाँच गरी सोको नजिता सहित प्राविधिक कर्मचारी समक्ष पेस गर्नुपर्नेछ।

- सवारीको प्रदूषण जाँचको नतिजा अनुसार पास भएका सवारीलाई हरियो तथा पास नभएका सवारीलाई बढीमा सात दिनको अवधि तोकि मर्मत गर्न पठाउनुपर्नेछ । हरियो स्टिकरको सुरक्षा गर्नु सम्बन्धित सवारीधनी एवं सवारी चालकको जिम्मेवारी हुनेछ ।
- प्रदूषण जाँचमा फेल भएका सवारी साधन आवश्यक मर्मत सुधारका लागि ग्यारेजमा लैजाने कार्य बाहेक अन्य कुनै पनि सार्वजनिक स्थलमा सञ्चालन गर्न पाइने छैन ।
- विभाग वा कार्यालयबाट सडकमा गुडिरहेको सवारीको आकस्मिक प्रदूषण जाँच सम्वन्धमा निरीक्षण गर्दा तोकिएको प्रदूषण मापदण्डभित्र नरहेका सवारीलाई तुरुन्त जरिवाना गरी आवश्यक मर्मत सुधार गरी कार्यालयमा प्रदूषण जाँच गराउन ल्याउन आदेश दिनुपर्नेछ ।
- प्रदूषण जाँचका लागि आएका सवारीहरूको एकमुष्ट दर्ता तथा प्रदूषण मापदण्डभित्र रहेका र प्रदूषण मापदण्डभित्र नरहेका सवारीहरूको छुट्टाछुट्टै रेकर्ड खडा गरी राख्नुपर्नेछ ।
- प्रदूषण जाँच गरी कार्यालयमा राख्नुपर्ने सबै रेकर्डहरू तयार भएपछि सवारी साधनलाई प्रदूषण जाँचको हरियो स्टिकर प्रमाणित गरिदिनुपर्नेछ ।
- प्रदूषण जाँचपास गर्ने कर्मचारीको पहिचानका लागि हरियो स्टिकरमा दस्तखत भएको हुनुपर्नेछ र प्रदूषणको रेकर्ड तथा प्रदूषण जाँच गर्ने कर्मचारीको पहिचान खुल्ने अभिलेख कार्यालयमा सुरक्षित राख्नुपर्नेछ ।
- सवारी साधनको प्रदूषण जाँच नगरी हरियो स्टिकर दिने कर्मचारीलाई विभागीय कारवाहीको दायरामा ल्याइनेछ ।

### बाटो इजाजतपत्र सम्बन्धमा

भाडाका सार्वजनिक सवारी साधनहरूले बाटो इजाजत नलिई सवारी साधन सञ्चालन गर्नुहुँदैन । बाटो इजाजतपत्र लिन निम्नानुसारको प्रक्रिया पूरा गर्नुपर्नेछ :

१. नियमावलीको अनुसूची-३२ मा तोकिएको ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी पेस गर्नुपर्नेछ ।

२. बाटो इजाजत पत्र माग गर्दा नवीकरण म्याद भएको सवारी दर्ता प्रमाणपत्र र सोको प्रमाणित प्रतिलिपि, जाँचपासको प्रमाणपत्र र सोको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ, ।

३. नियमावलीको अनुसूची-३ बमोजिम लाग्ने बाटो इजाजत दस्तुर बुझाएको नगदी रसिद संलग्न हुनुपर्नेछ, ।

४. बाटो अनुमति लिने सवारी साधनले अवधि सहितको बीमा (सवारी साधन, मजदुर, यात्रु, यात्रीगुन्टा तथा तेस्रोपक्ष) गरेको बीमा पोलिसीको सक्कल र प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।

५. पहिले अर्को कार्यालयबाट बाटो इजाजतपत्र लिइ राखेको भए सो कार्यालयबाट हालको कार्यालयमा दर्ता गर्नको लागि दिएको सहमतिपत्र र साबिकको बाटो इजाजतपत्र समेत पेस हुनुपर्नेछ। साबिकको कार्यालयले बाटो इजाजतपत्र खिची सोको विवरण र व्यहोरा खुलाई सहमति पत्र मात्र दिएको भएमा सोको आधारमा पनि बाटो इजाजतको सरुवा दर्ता गर्न सकिनेछ। बाटो इजाजतको सरुवा दर्ता भएपछि सोको व्यहोरा उल्लेख गरी साबिक कार्यालयमा लगतकट्टाको लागि लेखिपठाउनु पर्नेछ।

६. बाटो इजाजतपत्र लिनका लागि सवारी धनी वा निज उपस्थित हुन नसक्ने भएमा रीतपूर्वकको मन्जुरिनामा प्राप्त व्यक्ति वा वारेसनामा र सो प्राप्त गर्ने व्यक्तिको नागरिकता वा परिचयपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

७. जाँचपास गराएको ७ दिनभित्र बाटो इजाजतपत्र लिई सक्नुपर्नेछ। सो नभएमा ऐन बमोजिम जरिवाना गरेर मात्र बाटो इजाजतपत्र दिनुपर्नेछ।

८. रात्रीसेवामा सञ्चालन भइरहेको सवारी दिवासेवामा सञ्चालन गर्न सम्बन्धित सवारी धनीले बाटो इजाजतपत्र माग गरेमा दर्ता भएको कार्यालय वा सो कार्यालयको सहमतिबाट अन्य कार्यालयले बाटो इजाजतपत्र जारी गर्न सक्नेछ तर यसरी दिवा सेवामा बाटो इजाजतपत्र जारी गरिसकेपछि सम्बन्धित कार्यालय र विभागलाई अविलम्ब जानकारी दिनुपर्नेछ।

९. बाटो इजाजतपत्र दिँदा आफ्नो क्षेत्रभित्रको वा आफ्नो क्षेत्रबाट सुरु हुने बाटाका लागिमात्र बाटो इजाजतपत्र दिनुपर्नेछ। आफ्नो क्षेत्रबाट सुरु भई अन्य क्षेत्रमा अन्त्य हुने बाटाको इजाजतपत्र जारी गर्दा सम्बन्धित यातायात व्यवस्था कार्यालयहरूको बाटो अनुमति जारी गर्न सहमति अनिवार्य रूपमा लिनुपर्नेछ र त्यस्तो अनुमतिको अभिलेख कार्यालयमा अद्यावधिक गरी राख्नुपर्नेछ।

१०. यात्रुवाहक सवारी साधनको बाटो अनुमति दिँदा विभागबाट कायम भएको एउटा बाटामा मात्र सञ्चालन गर्न पाउने गरी बाटो इजाजत दिनुपर्नेछ। यसरी बाटो इजाजत दिँदा विभागबाट स्वीकृत "बाटो निर्धारण निर्देशिका, २०७४"मा उल्लेख भएको मापदण्ड अनुसार गर्नुपर्नेछ।

११. मालवाहक सवारी (ट्रक, ट्याङ्कर, लहरी, भ्यान आदि) लाई बहुबाटो इजाजतपत्र दिँदा कुनै एक बाटो आफ्नो क्षेत्रबाट सुरु हुने भएमा मात्र बाटो इजाजत दिनुपर्नेछ। बहुबाटो इजाजतपत्र जारी गर्दा तत्तत् सार्वजनिक सडकको मापदण्ड, विभागबाट स्वीकृत "बाटो निर्धारण निर्देशिका, २०७४" मा उल्लेख भएको मापदण्ड अनुसार गर्नुपर्नेछ विभागबाट स्थायीरूपमा बाटो तथा भाडादर कायम नभएका नयाँ बाटाहरूमा बाटो इजाजतपत्र दिनुपरेमा सम्बन्धित सडक कार्यालयको परामर्श लिई यातायात व्यवस्थापन समितिबाट अस्थायी बाटो तथा भाडा कायम भएको प्रमाणका आधारमा समय किटान गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयहरूबाट अस्थायी बाटो इजाजतपत्र दिन सकिनेछ । यसरी दिइएको बाटो इजाजतपत्रको जानकारी विभागमा समेत दिनुपर्नेछ।

१२. एक क्षेत्रमा सञ्चालन भइरहेको सार्वजनिक सवारीलाई अन्य क्षेत्रमा सञ्चालन गर्ने गरी बाटो इजाजतपत्रको सहमति लिई आउँदा बीचमा पर्ने क्षेत्रको लागि पटके बाटो इजाजतपत्र लिई आउनुपर्नेछ। यसरी बाटो इजाजतपत्रको सहमति लिई आउँदा
साबिक अञ्चलको बाटो इजाजतपत्रका लागि लाग्ने राजश्व दस्तुर चुक्ता गरी
साबिक बाटो इजाजतपत्रको लगतकट्टा समेत गराई सहमति लिई आउनुपर्नेछ।

१३. बाटो इजाजतपत्र दिँदा सा`सम्बन्धी दर्ता किताबमा सबै व्यहोरा खुलाई विवरण उतार गरी त्यसमा सम्बन्धित फाँटवाला तथा अधिकृत कर्मचारीले अनिवार्य रूपमा प्रमाणित गरी राख्नुपर्नेछ।

१४. यात्रुवाहक सवारीलाई बहुबाटो प्रयोग गर्ने गरी बाटो ईजाजत दिनुहुँदैन। बाटो इजाजत दिँदा प्रस्थान बिन्दुबाट अन्तिम बिन्दुसम्म एक मात्र बाटामा सञ्चालन गर्ने गरी बाटो इजाजत दिनुपर्नेछ।

१५. आफ्नो क्षेत्रभित्र विभागले कायम गरेको बाटोका विवरण सम्बन्धित कार्यालय तथा बाटो अनुमति दिने फाँटले ठीक दुरुस्त तरिकाले राख्नुपर्दछ।

१६. बाटो इजाजत प्रदान गर्दा बाटो इजाजतपत्रमा बाटाको सुरु र अन्त्य हुने स्थानको नाममात्र उल्लेख नगरी सवारी चल्ने बाटोको बीचमा पर्ने प्रमुख स्थानहरूको नाम पनि अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ। जस्तैः भक्तपुरदेखि रत्नपार्कको बाटो इजाजतपत्र दिँदा कोटेश्वर-थापाथली-सिंहदरबार-सहिदगेट-रत्नपार्क भन्ने उल्लेख गर्नुपर्नेछ।

१७. उत्पादन वर्षले पाँचवर्ष पुराना बस तथा मिनीबसहरूलाई सार्वजनिक सवारीका रूपमा काठमाडौं उपत्यकामा सञ्चालन गर्ने गरी दर्ता वा सरुवा दर्ता गर्नुहुँदैन।

१८. काठमाडौँ उपत्यकाबाहेक अन्य कार्यालयमा दर्ता भएका ट्याक्सी, टेम्पो र माइक्रोबसलाई काठमाडौँ उपत्यकाको चक्रपथभित्र सञ्चालन गर्ने गरी बाटो इजाजतपत्र तथा पटके बाटो इजाजतपत्र समेत दिनुहुँदैन।

१९. रात्रीसेवामा सञ्चालन हुने बसहरूलाई सवारी परीक्षण कार्यालयबाट प्राप्त सहमतिका आधारमा सुरुमा उत्पादन मितिले ५(पाँच) वर्षसम्म तथा सवारीको यान्त्रिक तथा प्राविधिक स्थितिको प्रत्येक वर्ष परीक्षण गरी रात्रीसेवामा सञ्चालन योग्य देखिएमा मात्र थप तीन वर्षसम्म सञ्चालन गर्न दिनुपर्नेछ।

२०. १४ सिटसम्मका भाडाका साना सवारी साधनहरूलाई बाटो इजाजत दिँदा निश्चित बाटो अनुमति वा आफ्नो क्षेत्रका दुई जिल्लाको लागि बाटो अनुमति दिन सकिनेछ। तर कुनै यात्रुवाहक सवारीले (१४ सीट सम्म) माथि उल्लिखित दुईमध्ये कुनै एक मात्र बाटो इजाजतको अनुमति पाउने छन्। काठमाडौं उपत्यका भित्र सञ्चालन हुने भाडाका ट्याक्सीहरूका हकमा दुई जिल्ला भन्नाले उपत्यकाभित्रलाई जनाउनेछ

।

२१. सार्वजनिक सवारीका रूपमा सुरुदर्ता कायम भएको मितिदेखि सवारी साधनले बाटो अनुमति नै नलिई सवारी सञ्चालन गरेमा त्यस्ता सवारी साधनहरूको दर्ता मितिदेखि हालसम्मको नियमानुसारको बाटो अनुमतिको शुल्क र जरिवाना लिई बाटो अनुमति दिनुपर्नेछ । उपरोक्तानुसार शुल्क लिँदा हाल सो सवारी जुन बाटामा सञ्चालन भएको छ (अनुगमन समेतको प्रमाणलाई आधार लिने), सोही बाटाका लागि तोकिएको दरका आधारमा शुल्क लिनुपर्नेछ ।

२२. यातायात व्यवस्था सेवा कार्यालयले कुनै पनि बाटो इजाजतपत्रको प्रतिलिपि दिने वा बाटो इजाजतपत्रको सहमति दिने कार्य गर्नुहुँदैन ।

२३. यातायात व्यवस्था सेवा कार्यालयले कुनै यात्रुवाहक सार्वजनिक सवारीलाई नयाँ बाटो इजाजत पत्र जारी गर्नुहुँदैन । तर मालवाहक सवारी साधनको हकमा भने यो व्यवस्था लागु हुनेछैन ।

२४. ५ सिट र सोभन्दा कम क्षमताका भाडाका सवारीहरू (मिटर जडित ट्याक्सी, टेम्पो तथा मालवाहक पिकअप) लाई निश्चित क्षेत्रको रुट दिने (जस्तै : मिटरवाला भाडाका सवारी साधनको हकमा काठमाडौँ उपत्यका, पोखरा उपत्यका आदि) गर्नुपर्छ ।

२५. विद्युतीय तीन पाङ्ग्रे अटोरिक्सा तथा ट्राइसाइकलहरूलाई राष्ट्रिय राजमार्ग र मूल सडकहरूमा सञ्चालन गर्न नपाउने गरी सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरूसँग सिफारिस लिएर मात्र नगर/गाउँ क्षेत्रमा सञ्चालन गर्न पाउने गरी बाटो इजाजतपत्र जारी गर्नुपर्नेछ ।

२६. ८ सिट देखि १४ सिटसम्मका जीप प्रकृतिका सवारी साधनलाई सुरुबिन्दु र गन्तव्य बिन्दु तोकी २५० कि.मि. दूरीभित्रको रुटमा र माइक्रोबसको हकमा ३०० कि.मि. दूरीभित्रको गन्तव्य स्थान तोकि मात्र रुट इजाजत पत्र जारी गर्नुपर्नेछ ।

२७. यो कार्यविधि निर्देशिका लागू भएपछि दर्ता हुने कुनै प्रकारका सार्वजनिक सवारी साधनहरूको पञ्जीकरण नभई रुट इजाजत जारी गरिनेछैन ।

२८. सङ्गीतसम्बन्धी रोयल्टी चुक्ता गरेको प्रमाण पेस गर्नुपर्नेछ । तर आफ्नो सार्वजनिक सवारी साधनमा संगीत नबजाउने भनी कार्यालयमा सही सनाखत गर्ने सवारीधनीको हकमा यो प्रावधान लागू हुने छैन ।

२९. पर्यटक सवारी साधनहरूले समेत सार्वजनिक सवारी साधनसरह सवारी जाँचपास र रुट इजाजत लिनुपर्नेछ ।

३०. विद्यालयले भाडाका बस लिदा नियमित रुट (बाटो) बाहेक सवारी संचालन गर्नुपरेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

बाटो परिवर्तन तथा बाटो थप गर्नका लागि आवश्यक पर्ने कुराहरू

१. नियमावलीको अनुसूची-३३ मा तोकिएको ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी पेस गर्नुपर्नेछ ।

२. पहिला लिएको बाटो इजाजतपत्रको सक्कल प्रति पेस हुनुपर्नेछ ।

३. बाटो अनुमति लिएको सवारी साधनले अनुमति लिएको अवधि (चार महिना) पूरा नभई सोही सवारीको पुनः बाटो परिवर्तन गरिने छैन ।

४. बाटो परिवर्तन वा बाटो थप गर्नका लागि कहीँकतैबाट रोक्का नभएको हुनुपर्नेछ ।

५. बाटो परिवर्तन गर्न वा साबिक बाटामा बाटो थप गर्न सवारी धनी वा व्यवस्थापक आफैँ उपस्थित हुनुपर्नेछ । सो सम्भव नभएमा रीतपूर्वकको मन्जुरीनामा र सो प्राप्त गर्ने व्यक्तिको नागरिकता वा परिचय पत्र पेस हुनुपर्नेछ ।

६. रात्रीसेवाको बसको हकमा सवारी परीक्षण कार्यालयबाट बाटो परिवर्तन गर्न स्वीकृति दिई लेखिएको पत्र पेस हुनुपर्नेछ ।

७. बाटो परिवर्तन गरिने सवारीको साबिकको बाटो इजाजतपत्र, सवारी दर्ता प्रमाणपत्र एवं जाँचपास प्रमाणपत्र अद्यावधिक रूपमा नवीकरण गराएको हुनुपर्नेछ ।

८. तोकिएको बाटो इजाजत दस्तुर बुझाएको बैंक भौचर वा रसिद एवं तेस्रो पक्ष बीमाको प्रमाण पेस हुनुपर्नेछ ।

९. चालु आ.व.सम्मको सम्बन्धित सवारीको सवारी साधन कर र सवारी साधन आयकर चुक्ता भएको हुनुपर्नेछ ।

१०. नवीकरण गर्न पाउने सहुलियतको अवधि (इजाजतपत्रमा बहाल म्याद भुक्तान भएको मितिले १५ दिनभित्र) साबिक बाटो कट्टा गरी अर्को बाटो परिवर्तन गर्न आएमा सो अवधिमा साबिकको बाटोको नवीकरण दस्तुर लाग्ने छैन । तर म्याद नाघी आएमा नवीकरण दस्तुर समेत लाग्नेछ । म्याद गणना गर्दा साबिकमा बहाल रहेको अन्तिम म्याददेखि नै गणना गरी सो मितिले ४ महिना अर्थात एक सय बीस दिन पुग्ने दिनसम्म गणना गर्नुपर्नेछ ।

११. बाटो इजाजतपत्रको म्याद समाप्त भएको मितिले १५ दिनसम्म नवीकरण दस्तुर मात्र लिई त्यसभन्दा पछाडि ३० दिनसम्म अर्थात सुरु मितिबाट ४५ दिनसम्म दोब्बर दस्तुर लगाई नवीकरण गर्नुपर्नेछ । त्यस पछाडि सुरुदेखि पहिलो ४ महिनासम्म नवीकरण फेल भएको अवस्थामा ३ चरण बाटो इजाजत दस्तुर र जरिवाना र त्यस पछाडि प्रत्येक ४ महिनाका लागि १ चरण थप गरी बाटो नवीकरण दस्तुर लिई बाटो इजाजतपत्रको नवीकरण गर्नुपर्नेछ ।

१२. निश्चित अवधिका लागि बाटो इजाजतपत्र लिई वा नवीकरण गराइसकेपछि उक्त बाटो परिवर्तन वा थपका लागि निवेदन पर्न आएमा साबिक बाटाका लागि दस्तुर बुझाएको मितिले ४ महिनासम्म (एक सय बीस दिन) को अवधि नै कायम रहने गरीमात्र थप गरिएको बाटोको इजाजतपत्रको अवधि कायम गर्नुपर्नेछ तर थप वा परिवर्तन गरिएको बाटाको भने नियमावली बमोजिम लाग्ने पूरै बाटो इजाजत दस्तुर लिनुपर्नेछ ।

१३. बाटो परिवर्तन वा थप भएमा सम्बन्धित सवारीको बाटो इजाजतपत्र दर्ता किताब ( ढड्डा) मा समेत स्पष्टरूपमा जनाई अधिकृतले प्रमाणित गरी राख्नुपर्नेछ ।

**बाटो इजाजतपत्र स्थगित गर्न र बाटो कट्टा गर्नका लागि आवश्यक पर्ने कुराहरू :**

१. नियमावलीको अनुसूची-३७ मा तोकिएको ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी पेस गर्नुपर्नेछ ।

२. चालु आ.व.सम्मका सवारी साधन कर, सवारी साधन आयकर, सङ्गीत रोयल्टी चुक्ता प्रमाणपत्र पेस गरेको हुनुपर्नेछ ।

३. स्थगन वा लगतकट्टा गर्न आएको मितिसम्मको बाटो इजाजत र अन्य दस्तुर चुक्ता गरेको हुनुपर्नेछ ।

४. बाटो इजाजतपत्रको सक्कल पेस गर्नुपर्नेछ ।

५. जुन अवधि वा म्यादसम्मका लागि बाटो इजाजतपत्र लिइएको छ सोही म्यादभित्र र सो सम्भव नभएमा बाटो इजाजतपत्र नवीकरण गराउन दिइएको सहुलियतको म्याद (१५दिन) भित्रैमा बाटो कट्टा वा स्थगितका लागि निवेदन दिइसक्नुपर्नेछ । सो अवधिपछि निवेदन परेमा हालको अवधिसम्मको नवीकरण दस्तुर लिएरमात्र बाटो स्थगित वा कट्टा गर्नुपर्नेछ ।

६. बाटो स्थगित वा लगतकट्टा गर्न दिएको मितिसम्मका लागि बाटो इजाजतपत्रको राजश्व (दस्तुर) बुझाइसकेको हुनुपर्नेछ । बाटो इजाजतपत्र नवीकरण गर्ने सहुलियत म्यादको मितिभित्र स्थगन वा लगतकट्टा गर्न आएमा स्थगन वा लगतकट्टा गरिदिनुपर्नेछ ।

७. सवारी ४ महिनाभन्दा बढी अवधिका लागि चल्न नसक्ने भएको अवस्थामा मात्र बाटो स्थगित गर्न सकिनेछ ।

८. बाटो इजाजतपत्र स्थगित राख्दा सो बाटो इजाजतपत्र प्राप्त सवारी घटीमा चार महिना वा सोभन्दा बढी अवधिसम्म चल्न नसक्ने भन्ने प्रमाण र स्थगनबाट फुकुवा गर्दा सवारी मर्मत गरी तयार भई चल्न सक्ने भन्ने प्रमाण सवारी बनाएको वर्कसप (विभागमा दर्ता भएको) बाट प्राप्त गरी पेस गर्नुपर्नेछ,

९. स्थगित रहेको सवारीको बाटो इजाजत फुकुवा गर्दा सवारीको प्राविधिक निरीक्षण तथा परीक्षण गराउन ल्याउनुपर्नेछ ।

१०. बाटो इजाजतको स्थगन वा लगतकट्टा गर्दा बाटो इजाजतपत्र र दर्ता किताबमा स्पष्ट व्यहोरा उल्लेख गरी बाटो इजाजतपत्रको सक्कलै खिची अधिकृतबाट प्रमाणित गर्नुपर्नेछ । यस्तै बाटो इजाजतपत्र स्थगन गराउँदा सक्कलै जाँचपास प्रमाणपत्र समेत अनिवार्य रूपमा कार्यालयमा खिची राख्नुपर्नेछ । रात्रीसेवाको हकमा बाटोइजाजतपत्र स्थगन वा लगतकट्टा गर्दा विभाग वा सवारी परीक्षण कार्यालयलाई समेत जानकारी दिनुपर्नेछ ।

११. बाटो इजाजतको सरुवा सहमति पठाए पश्चात् सम्बन्धित कार्यालयले बाटो इजाजत दर्ता गरेको जानकारी प्राप्त भएपछि साबिकको कार्यालयले बाटो इजाजतको लगतकट्टा गर्नुपर्नेछ ।

**बाटो इजाजतपत्र नामसारी गर्नका लागि आवश्यक विषय**

सवारी साधन नामसारी भए पश्चात् सवारी दर्ता प्रमाणपत्रको आधारमा रुट इजाजत पत्र र अन्य प्रमाणपत्रहरु सोही आधारमा परिवर्तन हुनेछन् ।

बाटो इजाजतपत्र नवीकरण गर्नका लागि आवश्यक पर्ने कुराहरू

- नियमावलीको अनुसूची-३६ मा तोकिएको ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसीपेस गर्नुपर्नेछ ।
- तोकिएको बाटो इजाजत दस्तुर बुझाएको रसिद पेस गर्नुपर्नेछ ।
- चालु आ.व.सम्मको सवारी साधन कर तथा सवारी साधन आयकर चुक्ता गरेको हुनुपर्नेछ ।
- सवारी दर्ता प्रमाणपत्र तथा जाँचपास प्रमाणपत्र अद्यावधिक भएको हुनुपर्नेछ ।
- बीमा (सवारी, मजदुर, यात्रु, यात्रुगुन्टा तथा तेस्रो पक्ष) गराएको बीमा पोलिसी अद्यावधिक भएको हुनुपर्नेछ ।
- नवीकरण गराउन बाटो इजाजत पत्रको सक्कलै पेस गर्नुपर्नेछ ।
- रात्रीसेवाको बसको हकमा वर्षको १ पटक सवारी निरीक्षण गराउन ल्याएको वा सो अनुसार रात्रीसेवाको गुणस्तर कायम रहेको प्रमाण पेस गरेको हुनुपर्नेछ । साथै त्यस्ता रात्रीसेवाका बसहरू उत्पादन भएको मितिले ५ वर्षको हुनुपर्नेछ । तर विभागबाट गुणस्तर जाँच गरी म्याद थप गरिदिएमा ८ वर्षसम्म नवीकरण गर्न सकिनेछ ।
- नवीकरण गर्नका लागि कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।
- प्रदूषण परीक्षण नगराई सवारी सञ्चालन गर्न नपाइने गरी तोकिएको क्षेत्रको बाटामा सञ्चालन हुने सवारीका हकमा प्रदूषण परीक्षण गराएको प्रमाण पेस गर्नुपर्नेछ । साथै कुनै निश्चित किसिमको सवारीको हकमा कुनै यन्त्र जडान गरे/ नगरेको हेर्नुपर्ने वा कुनै प्रकारको अन्य मापदण्डमा रहे/नरहेको कुनै अन्य प्रकारको प्रमाण पेस हुनुपर्नेछ भनी तोकिएको अवस्थामा सो समेत हेरेर मात्र नवीकरण गर्नुपर्नेछ ।

- नवीकरण गराएको अवधि र दस्तुर समेतको विवरण सम्बन्धित सवारीको बाटो इजाजत दर्ता किताब (ढड्डा) मा जनाई त्यसमा अनिवार्यरूपमा अधिकृतले प्रमाणित गर्नुपर्नेछ ।
- एकपटकमा चार महिनाका लागि नवीकरण गर्नुपर्ने भएतापनि त्यो अवधिसम्मको बीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधिसम्म बीमा वा जाँचपासले भेट्छ त्यस अवधिसम्मका लागिमात्र बीमा अवधिभर समेत लेखि नवीकरण प्रमाणित गर्नुपर्नेछ । यसका लागि चार महिनाकै दस्तुर लिने र सो अवधिभित्र बीमा वा जाँचपासको नवीकरण अद्यावधिक गराई ल्याएपछि पुनः सोही दस्तुरका आधारमा बाँकी अवधि थप गरी नवीकरण प्रमाणित गर्नुपर्नेछ । यस्तोमा दोहोरो दस्तुर लिइने छैन ।
- नवीकरण म्याद कायम गर्दा साबिकमा जुन मिति कायम गरिएको छ सो मितिबाट गणना गरी चार महिना अर्थात १२० दिनमा नबढ्ने गरी नवीकरण गर्नुपर्नेछ । अन्तिम अवधि तोक्दा यो मितिले चार महिना वा मसान्त भन्ने जस्ता कुरा उल्लेख नगरी गते वा दिन नै तोक्ने व्यवस्था गर्नुपर्नेछ ।
- बाटो इजाजतपत्र नवीकरण नगरी खारेज भई ऐनको दफा ८५ बमोजिम पुनः बाटो इजाजतपत्र दिनुपरेमा जति अवधि वा चरण फेल भएको हो त्यसमा सो बहाल रहेको अन्तिम मितिबाट पहिलो चार महिनाका लागि तीन चरण र जरिवाना त्यसपछि प्रत्येक चार महिनाका लागि एक चरण गणना गरी सो अनुसार दस्तुर लिई पुन : बाटो इजाजतपत्र जारी गर्नुपर्नेछ ।

**प्रमाणपत्रहरूको प्रतिलिपिसम्बन्धी कार्यका लागि आवश्यक पर्ने कुराहरू**

सवारी दर्ता किताब, बाटो इजाजतपत्र र जाँचपास प्रमाणपत्रको प्रतिलिपि लिन निम्नानुसार गर्नुपर्नेछ :

- नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा निवेदन फाराम भरी रु.१०।- को टिकट टाँसी पेस गर्नुपर्नेछ ।
- सवारी धनी आफै उपस्थित हुनुपर्नेछ । सो सम्भव नभएमा रीतपूर्वकको मन्जुरीनामा वारेसनामा पत्र र सो प्राप्त गर्ने व्यक्तिको परिचय पत्र वा नागरिकताको प्रमाणपत्रको सक्कल र नक्कल हुनुपर्नेछ ।
- सवारी धनीको नागरिकताको सक्कल, नक्कल र फोटो टाँस गर्नुपर्ने प्रमाणपत्रका हकमा २ प्रति फोटो समेत पेस गर्नुपर्नेछ ।
- सवारीको आवधिक सवारी साधन कर तिरेको प्रमाणपत्र संलग्न हुनुपर्नेछ ।
- सार्वजनिक सवारी भएमा बाटो इजाजतपत्र तथा सवारी जाँचपास प्रमाणपत्रको सक्कल र नक्कल ।

- सम्बन्धित ट्राफिक कार्यालयबाट उक्त नम्बरको सवारी कुनै कारवाहीमा नपरेको भन्ने सिफारिस पत्र ।
- उक्त अवधिसम्मको सवारी साधन कर लगायत दस्तुर बुझाएको नगदी रसिद ।
- प्रमाणपत्रहरूको प्रतिलिपि दिँदा कार्यालयमा रहेको अभिलेख तथा प्रतिलिपि प्रमाणपत्रमा प्रतिलिपि दिएको कारण कैफियतमा खुलाई प्रमाणित गरिदिनुपर्नेछ ।
- दर्ता प्रमाणपत्रको प्रतिलिपि दिँदा सवारी साधन कर, प्रदूषण, बाटो इजाजत नवीकरण, जाँचपासको रेकर्ड अद्यावधिक भए मात्र जारी गरिने सवारी दर्ता प्रमाणपत्रको सिरियल नम्बर, सवारी दर्ता कार्ड तथा ढड्डामा अनिवार्य रूपले उल्लेख गरी मात्र प्रतिलिपि दिनुपर्नेछ ।
- प्रमाणपत्रहरूको प्रतिलिपि दिँदा सम्बन्धित कार्यालयबाट मात्र दिनुपर्नेछ ।
- म्याद नाघी आएमा १५ दिन भित्र प्रचतिल कानून बमोजिम तोकिएको जरिवाना लिई प्रमाणपत्रहरुको प्रतिलिपि पुन जारी गरिनेछ ।

सवारी दर्ता प्रमाणपत्रको नवीकरणका लागि पेस गर्नुपर्ने कागजात

- नवीकरण गर्दा सक्कल सवारी दर्ता प्रमाणपत्र र सवारी साधन कर दाखिलाको प्रमाण समेत पेस गर्नुपर्नेछ ।
- कुटनीतिक नियोगका सवारीको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्दा परराष्ट्र मन्त्रालयको सिफारिस पत्र आवश्यक पर्नेछ । उक्त निकायको सवारी नवीकरण गर्दा लाग्ने राजश्व सम्बन्धमा आर्थिक ऐन वा परराष्ट्र मन्त्रालयबाट सिफारिस भए बमोजिम हुनेछ ।
- कुनै पनि सवारी दर्ता प्रमाण पत्र नवीकरण गर्दा सो सवारीको अवधि सहितको तेस्रो पक्ष बीमाको कागजात अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।
- भाडाको सवारीको हकमा बाटो इजाजतपत्र, जाँचपास प्रमाणपत्र (प्राविधिक परीक्षण), प्रदूषण परीक्षण प्रमाणपत्र, सङ्गीत रोयल्टी चुक्ता प्रमाणपत्र अद्यावधिक भएको भए मात्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ ।
- सवारी नवीकरणका लागि सवारी साधन कर, वार्षिक सवारी आयकर (भाडाको सवारीका हकमा) लगायत सबै कर तथा नवीकरण दस्तुर दाखिला गरी ल्याएपछि मात्र नवीकरण गर्नुपर्नेछ ।
- पिकअपका रूपमा दर्ता भएका सवारीहरूमा सिट थप गर्न सक्ने, बडी एङ्गल राखी सफटप वा हार्डटप थप गर्न सक्ने सम्भावनालाई विचार गरी यस्ता सवारी साधनहरू नवीकरण गर्नुपूर्व अनिवार्य रूपमा सवारी साधन उपस्थित गराई प्राविधिक निरीक्षण तथा परीक्षण गराएर मात्र नवीकरण गर्न सकिनेछ ।
- सार्वजनिक सवारीका हकमा बाटो इजाजत पत्र तथा जाँचपास प्रमाणपत्र र तिनको नियमित रूपमा नवीकरण भए/नभएको हेरेर सो ठीक भएमा मात्र सवारी दर्ता

प्रमाणपत्र नवीकरण गरिदिनुपर्नेछ। साथै कुनै सवारीको हकमा नवीकरण गराउँदा पेस गर्नुपर्ने अन्य कागजात तोकिएमा सो समेत हेरेर मात्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

सवारी दर्ता प्रमाणपत्रको नवीकरण अवधि कायम गर्दा ऐनको दफा ३५ मा उल्लिखित पुनः दर्ता गर्ने अवस्थामा बाहेक अन्य कुनै अवस्थामा (५ वर्षभित्र नवीकरण गर्न आउनेलाई) सवारी दर्ता प्रमाणपत्रमा उल्लिखित म्याद समाप्त भएको मितिदेखि नै गणना गरी म्याद कायम गर्नुपर्नेछ।

सङ्गठित संस्थाको नाममा दर्ता भएका निजी नम्बर प्लेटका ठूला तथा मझौला सवारीहरूको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्दा उक्त सङ्गठित संस्था नियमित रूपमा कायम रहे/नरहेको सोको आयकर दर्ता प्रमाणपत्र नवीकरण भए/नभएको सो समेत हेरी सोको प्रमाणपत्र पेस गर्न लगाएर मात्र नवीकरण गरिदिनु पर्नेछ। साथै पर्यटक प्लेटका सवारीहरूको हकमा पनि सोही अनुसारको कागजपत्र पेस गर्न लगाएर मात्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ।

साबिकमा कुनै ऐनले निजी नम्बर प्लेटमा दर्ता हुन नपाउने व्यवस्था गरेको संस्थाको नाममा कुनै ठूला वा मझौला सवारी दर्ता भइरहेको भए सो सवारी त्यस्तो व्यक्ति वा संस्थाको नाममा निजी नम्बर प्लेटमै रहने गरी उक्त सवारीको दर्ता प्रमाणपत्र नवीकरण गर्नुहुँदैन।

ऐनको दफा ३५ मा व्यवस्था भएबमोजिम पुनः दर्ता हुने सवारीका हकमा सवारीको प्राविधिक निरीक्षण र परीक्षण गराई सो सवारी अभिलेख अनुसार ठीक/दुरुस्त र सञ्चालन योग्य भएमा मात्र पुनः दर्ता नवीकरण गर्नुपर्नेछ।

कुटनीतिक नम्बरमा दर्ता रहेका सवारीहरू काठमाडौँ उपत्यका बाहेक अन्य कार्यालयहरूले नवीकरण गर्नुहुँदैन।

### राजश्व असुली र दाखिला सम्बन्धी व्यवस्था

अन्य कार्यालयमा दर्ता भएका सवारीहरूको सवारी साधन कर दाखिला हुन आएमा सम्बन्धित सवारीको सवारी दर्ता प्रमाणपत्र, सवारी साधन करबुक वा अघिल्लो वर्ष कर तिरेको नगदी रसिदको प्रमाण समेतका आधारमा मात्र सवारी साधन कर दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ। यसरी सवारी साधन कर दाखिला गर्नुअघि सवारीधनीसँग सवारी साधन करबुक नभएमा अघिल्लो वर्षसम्म सवारी साधन कर बुझाएको नगदी रसिदको रातो प्रति सक्कलै हेरेर मात्र सवारी साधन कर असुल गर्नुपर्नेछ। पटके इजाजत दिँदा असुल भएको राजश्व रकम बाहेक अन्य कुनै प्रकारको राजश्व, शुल्क र जरिवाना नगदमा लिनुहुँदैन। बैंकमा दाखिला भएको भौचर पेस गर्नुपर्नेछ।

- सवारी साधन कर दाखिलाको नगदी रसिदमा सवारी नम्बर, रकम र मिति समेत उल्लेख गर्नुपर्नेछ ।
- लेखा फाँटले प्रत्येक दिन जम्मा भएको राजश्व रकम सोही दिन बैंकमा दाखिला गर्नुपर्नेछ । दाखिला गर्न नभ्याएको राजश्वको रकम भोलिपल्ट अनिवार्य रूपमा बैंक दाखिला गर्नुपर्नेछ । नगद बाहेक बैंकमा दाखिला गरेको भौचर लिई कार्यालय समयभित्र आएका सवारीधनीलाई सोही दिन कार्यालयको रेकर्डमा दाखिला जनाई नगदी रसिद काटी दिनुपर्नेछ । तर बैंक काउन्टरमार्फत राजश्व असुलीको व्यवस्था भएका कार्यालयहरूमा बैंकमार्फत मात्र नगदी रसिद काट्नुपर्नेछ ।
- लेखा फाँटले दैनिक कारोबारका लागि काटिएका नगदी रसिदहरू सोही दिन महालेखापरीक्षकबाट तोकिएको ढाँचामा कार्यालय प्रमुख र लेखा प्रमुखबाट प्रमाणित गराई रेकर्ड अद्यावधिक बनाई राख्नुपर्नेछ । यस्तै सवारी साधन कर तथा अन्य रकम दाखिला गर्ने सवारी साधनको नम्बर स्पष्ट हुने गरी रेकर्ड मेत खडा गरी राख्नुपर्नेछ ।
- सम्बन्धित फाँटबाट सवारी साधन करको हिसाव भई आएपछि मात्र राजश्व बुझ्ने वा बैंकिङ कारोबार भएको ठाउँमा पनि लाग्ने राजश्व एकिन गरे पश्चात् मात्र बैंकमा भौचर वा नगद बुझ्ने  र सो बैंक भौचरको आधारमा लेखा फाँटमा सो को रुजु गरी रसिद काट्ने एवं अभिलेख राख्ने व्यवस्था गर्नुपर्नेछ ।
- लेखा शाखामा दैनिक असुल भएको राजश्व रकम राख्न पाइने छैन । पटके बाहेकको सम्पूर्ण राजश्व रकम बैंक मार्फत असुल उपर गर्ने व्यवस्था लेखा प्रमुख र कार्यालय प्रमुखले गराउनुपर्नेछ । विनियोजित बजेटको नगद रकमका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- लेखा प्रमुखले सवारीधनीले बैंक दाखिला गरेको रकम र कार्यालयबाट बैंक दाखिला भएको रकमको समेत प्रत्येक महिना बैंक दाखिला रकमको चःक्ष्व बाट स्टेटमेन्ट निकाली बैंक भौचरहरूसँग भिडाई हिसाब मिलान गरी राख्नुपर्नेछ । यसरी भिडाई हेर्दा कुनै फरक देखिन आएमा बैंकसँग सम्पर्क राखी हिसाब दुरुस्त गरी राख्नुपर्नेछ ।
- बैंक दाखिला गरेको भौचरमा दाखिला गर्ने सवारी धनी र वारेसको नाम, ठेगाना, सम्पर्क गर्न सकिने फोन नम्बर र सवारी नम्बर समेत स्पष्ट रूपमा उल्लेख गरी बैंक दाखिला गर्ने सवारी धनी वा वारेसको दस्तखत समेत गरेको छ, छैन हेरी लेखा फाँटले नभरेको भए भर्न लगाई दस्तखत समेत गर्न लगाउनुपर्नेछ ।
- बैंक दाखिला भएको रकमको दोस्रो प्रति भौचर कार्यालयमा प्राप्त भएपछि कार्यालयले चःक्ष्व सँग भिडान गरी आम्दानी जनाई नगदी रसिद काट्ने व्यवस्था मिलाउनुपर्नेछ ।

- सवारी साधन कर सबै सवारीधनीले प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा सवारी दर्ता किताब नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाइसक्नुपर्नेछ । सो म्यादभित्र सवारी साधन कर नबुझाउने सवारी धनीसँग म्याद नाघेको पहिलो तीस

दिनसम्मलाई सवारी साधन कर रकमको पाँच प्रतिशतका दरले, त्यसपछिको पैंतालीस दिनसम्मलाई कर रकमको दस प्रतिशतका दरले र त्यसपछि आर्थिक वर्षको अन्यसम्मलाई बीस प्रतिशतसम्मका दरले जरिवाना समेत लिई सवारी साधन कर दाखिला गराउनुपर्नेछ। आर्थिक वर्ष भुक्तान भइसक्दा पनि सवारी साधन कर दाखिला नगर्ने सवारीधनीहरूसँग सवारी साधन करमा बत्तीस प्रतिशतका दरले जरिवानासमेत लिई सवारी साधन कर असुल गर्नुपर्नेछ। यस सम्बन्धमा प्रचलित आर्थिक ऐनले अन्यथा तोकेमा सोही बमोजिम हुनेछ।

कार्यालयले सवारी साधन कर छुटका लागि विभागमा सिफारिस गरी पठाउँदा देहायबमोजिम भएमात्र सिफारिस गरी पठाउनुपर्नेछ :

- सवारी बिग्रिई चलाउन नपाएको मितिमा नै सवारीधनीले कार्यालयमा आई सवारी स्थगनका लागि निवेदन दिएको हुनुपर्नेछ र कार्यालयले पनि सोही मितिमा प्राविधिकबाट उक्त सवारीको भौतिक परीक्षण गराई चल्न नसक्ने अवस्थामा रहेको भन्ने प्रमाणित गरेको हुनुपर्नेछ।
- सवारी साधन कर छुट हुनुपर्ने अवधिमा सवारी सडकमा चलेको छैन भन्ने सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस पत्र संलग्न हुनुपर्नेछ।
- कर छुटका लागि सिफारिस गर्दा सवारीको प्रदूषण परीक्षण, जाँचपास, बाटो इजाजतपत्र, सवारी दर्ता प्रमाणपत्र आदिको म्याद बहाल रहेको समेत खुलाई पठाउनुपर्नेछ।
- सम्बन्धित सवारी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न भएको हुनुपर्नेछ।
- सवारीमा के कस्तो मर्मत गर्नु परी कुन मितिदेखि कुन मितिसम्म सवारी चल्न नसक्ने अवस्थामा रहेको हो भन्ने विभागमा दर्ता रहेको वर्कसपबाट प्रमाणित भएको सक्कल पत्र पेस गर्नुपर्नेछ।
- सवारीलाई के कति अवधिको के कति सवारी साधन कर छुट दिनुपर्ने हो वा होइन भन्ने कार्यालयको स्पष्ट राय ठहर सहित सिफारिस गर्नुपर्नेछ।

बैंक काउन्टर भएका कार्यालयहरूमा बैंकबाट राजश्व असुली भएको दैनिक विस्तृत विवरण चक्ष्क बाट रिपोर्ट प्राप्त गरी सोही आधारमा आम्दानी र दाखिला समेत लेखा शाखाबाट भिडान गरी दुरुस्त राख्नुपर्नेछ। यसरी भिडान गर्दा बैंक विवरण र चक्ष्क को विवरणमा समेत भिडान गर्नुपर्नेछ।

### बीमा सम्बन्धी व्यवस्था

सवारी धनी वा व्यवस्थापकलाई बीमा बापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि बीमित रकम नपाइने हुनाले अनिवार्य रूपमा सम्बन्धित बीमा कम्पनीसँग सो रकम बराबरको बीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घटना बापतको

क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ । कार्यालयमा बीमा पोलिसी कागजात पेस नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरू प्रदान गरिने छैन ।

- बीमा कम्पनीहरूबाट प्रत्येक महिनामा काटिएको रसिद बमोजिमको बीमा पोलिसीको प्रतिलिपि कार्यालयमा राख्ने व्यवस्था कार्यालय प्रमुखले मिलाउनुपर्नेछ ।
- प्रत्येक सवारीले ऐन र नियमावलीले तोकेबमोजिमका दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा गरेको हुनुपर्नेछ ।
- सवारीको दर्ता, नामसारी वा बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित ढड्डामा बीमाको बहाल अवधि जनाउनुपर्नेछ ।

## जरिवाना सम्बन्धी व्यवस्था

- सवारी तथा यातायात व्यवस्था ऐन र नियमावली बमोजिम लाग्ने जरिवाना निर्धारण गर्दा सवारीको किसिम एवं कानुन उलङ्घनको मात्रा समेतलाई विचार गरी स्पष्ट मापदण्ड तयार गरी जरिवानामा एकरूपता हुने गरी निर्धारण गर्नुपर्नेछ ।
- ऐनको कुनै दफा उलङ्घन गरेबापत हुने जरिवाना स्पष्ट रूपमा नतोकिएको अवस्थामा ऐनको दफा १६० को उपदफा ३ बमोजिम जरिवाना गर्नुपर्नेछ ।
- जरिवाना तोक्दा अधिकारप्राप्त अधिकारी (कार्यालय प्रमुख) र निजबाट अधिकार प्रत्यायोजन भएको कर्मचारी बाहेक अन्यले जरिवाना तोक्नहुदैन । अधिकार प्रत्यायोजन भएको अवस्थामा बाहेक त्यस्ता कुनै जरिवाना गर्नुपर्ने अवस्था आएमा कार्यालय प्रमुखबाट अनिवार्य रूपमा समर्थन गराउनुपर्नेछ ।
- ट्राफिक प्रहरी वा यातायात निरीक्षकबाट जरिवानाका लागि पठाइएका पुर्जीहरू अनुसार जरिवाना दाखिला हुन आएमा सोही दिन तोकिएको प्रक्रिया पुऱ्याई कार्यालय समयभित्र नगदी रसिद काट्ने व्यवस्था मिलाउनुपर्नेछ ।
- सरुवा सहमति लिई गएको सवारी साधन सम्बन्धित कार्यालयमा दर्ता नभई सहमति लिई गएकै कार्यालयमा सक्कल सहमति पत्र र संलग्न कागजातसहित फिर्ता ल्याएमा ऐनको दफा १६० को ३ बमोजिम जरिवाना लिई आवश्यक जाँचबुझ गरेर मात्र सहमति रद्द गरी दर्ता कायम गर्नुपर्नेछ ।

## सवारीको लगतकट्टा

कुनै सवारी काम नलाग्ने गरी नासिएमा, कानुनबमोजिम विदेश लगिएमा, नभेटिने गरी हराएमा र सवारीधनीले आफ्नो सवारीको लगतकट्टा गरिदिन माग गरी निवेदन दिएमा लगतकट्टा गर्ने आर्थिक वर्षसम्म लाग्ने सवारी करलगायत सबै प्रकारका दस्तुर असुल गरी उक्त सवारीको च्यासिस र इन्जिनको नम्बर प्राविधिकको रोहवरमा पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गर्ने वा सो सवारीको चेसिस र इन्जिनको नम्बर काटी सोको टुक्रा पेस गर्न लगाई लगतकट्टा गर्न सकिनेछ । तर कुनै सवारी काम नलाग्ने गरी नासिएमा वा

नभेटिने गरी हराएमा सम्बन्धित प्रहरी कार्यालयको सर्जमिन मुचुल्का, स्थलगत प्रतिवेदन, सवारीधनीको स्वघोषणा पत्र र बीमा गरेको संस्थाको पत्रसहितको सिफारिस तथा कानून बमोजिम बिदेश लगिएमा सो पुष्टि हुने कागजात पेस गरेमा सोको आधारमा त्यस्ता सवारीको लगतकट्टा गर्न बाधा पर्ने छैन । यसरी हराई नष्ट भएका सार्वजनिक सवारी साधनहरूमध्ये छुट सुविधा उपलब्ध हुने सवारी साधनको हकमा सो छुट सुविधा लगतकट्टा गरेपछि पाइने छैन ।

यातायात क्षेत्रको अनुगमन

यातायात व्यवस्था कार्यालयहरूले कम्तिमा महिनाको दुई पटक वा सोभन्दा वढी आवश्यकता अनुसार आफ्नो क्षेत्रको यातायात सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा अनुगमन गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा सम्बन्धित क्षेत्रको ट्राफिक प्रहरी र सम्भव भएसम्म उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सङ्संस्थाका प्रतिनिधिहरू समेत समावेश गर्नुपर्नेछ । यसरी गरिएको अनुगमनबाट प्राप्त हुन आएको नतिजाको जानकारी विभाग र
सन्चार माध्यमहरूलाई पनि गराउनुपर्नेछ । अनुगमन गर्दा तलका विषयमा केन्द्रित भई गर्नुपर्नेछ :

१. जुन प्रयोजनका लागि सवारी दर्ता भएको हो सोही प्रयोजनमा प्रयोग भए/नभएको,
२ यान्त्रिक शक्तिबाट चल्ने सबै प्रकारका सवारीहरू दर्ता हुनैपर्ने व्यवस्था भएकाले सवारी दर्ता गरी चलाए/नचलाएको,
३. विदेशमा दर्ता भएका सवारीहरू नेपालभित्र अनुमति लिएर सञ्चालन गरे/नगरेको,
४. सवारीको रङ, सिट, स्वरूप, इन्जिन वा च्यासिस आदिमा हेरफेर गरे/नगरेको,
५. चालकको सवारी चालक अनुमतिपत्र भए/नभएको,
६. सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, जाँचपास, बाटो इजाजतपत्र आदिको नवीकरण भए/नभएको,
७. भाडाका सवारीको बाटो इजाजतपत्र भए/नभएको,
८. तोकिए बमोजिमको भाडाभन्दा बढी भाडा लिए/नलिएको र टिकट जारी गरे/नगरेको,
९. तोकिएभन्दा बढी यात्रु वा मालसमान बोके/नबोकेको,
१०. आवागमनमा बाधा पुग्ने गरी मालसमान वा सवारी राखे/नराखेको,
११. बाटो अनुशासन पालना गरे/नगरेको,
१२. चालक, परिचालकको परिचयपत्र भए/नभएको,
१३. बालश्रम प्रयोग गरे/नगरेको,
१४. भाडामा छुट सुविधा पाउने व्यवस्था भए/नभएको,
१५. यात्रुवाहक सार्वजनिक सवारीमा रूफ क्यारियर हटाए/नहटाएको,

१६. यात्रुहरूसँगको व्यवहार राम्रो भए/नभएको,
१७. अश्लील एवं नकारात्मक Quotation लेखेको,
१८. स्वीकृति बेगर विज्ञापन राखेको,
१९. यात्रुवाहकले व्यावसायिक मालसामान बोकेको,
२०. मालवाहक सवारीले यात्रु ओसारपसार गरेको,
२१. सवारीको अवस्था मझौला तथा साना सवारी परीक्षण तथा निरीक्षण निर्देशिका २०७४ बमोजिम भए नभएको,
२२. नेपाल सरकारबाट समय समयमा भएका आदेशहरूको पालना भए/नभएको ।

कारखाना वा वर्कसपसम्बन्धी कार्य

कारखाना तथा वर्कसपको निरीक्षण तथा अनुगमन गर्ने कार्य विभागले जारी गरेको "कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४" मा उल्लेखित मापदण्ड बमोजिमको प्रक्रियाअनुसार गर्नुपर्नेछ । सो सम्बन्धमा समय समयमा भएका विभागीय निर्देशन नुसारका कार्य समेत गर्नुपर्नेछ ।

अन्य

कार्यालयले आफ्नो कार्यालयमा हालसम्म दर्ता भएका सवारीहरूको दर्ता किताब ( ढड्डा) तथा फाइलहरू के कति छन् तिनीहरूको अनुसूची-४ बमोजिमको ढाँचामा छुट्टै रेकर्ड खडा गरी लगत राख्नुपर्नेछ ।

कार्यालयमा रहेका हरेक ढड्डाहरू सम्बन्धित फाँट प्रमुखको रोहवरमा फाँटका फाँटवालाहरूलाई बुझाई अभिलेख ठीक/दुरुस्त राख्ने व्यवस्था मिलाउनुपर्नेछ । कार्यालयबाट कुनै कर्मचारी सरुवा भई गएमा निजबाट अनिवार्य रूपमा उल्लिखित ढड्डाहरू कार्यालय प्रमुखबाट तोकिएको कर्मचारीलाई बुझाई बरबुझारथ गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

कुनै सवारी साधनको फाइल वा कुनै रेकर्ड फेला नपरेमा सबै सम्भावनाहरूलाई विचार गरी सोको खोजी गर्नुपर्नेछ । यसरी खोजी गर्दा पनि फेला नपरेमा फाइलमात्र फेला नपरेको भए सम्बन्धित दर्ता किताबका आधारमा र फाइल तथा दर्ता किताब दुबै नभएमा सम्बन्धित सवारी धनीसँग रहेको सक्कल सवारी दर्ता प्रमाणपत्र, सक्कलै कर बुक वा कर बुझाएको निस्साको सक्कल प्रति, लिलाम
सकारबाट आएको भए लिलाम गर्ने सम्बन्धित निकायको सिफारिसपत्र तथा कम्पनीमार्फत आयात भई आएको भए सम्बन्धित कम्पनीको सिफारिस पत्र र
सक्कल प्रज्ञापन पत्र वा भन्सारबाट आयात भई आएको सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित भई आएपछि मात्र सो समेत संलग्न राखी सवारी साधन जाँच गर्ने प्राविधिक कर्मचारीबाट सवारी जाँच गराई निजहरूको राय लिई

सम्बन्धित सवारीधनीसँग पछि अन्यथा ठहरिन गएमा कानुन बमोजिम सहन बुझाउन मञ्जुर छु भन्ने कागज गराई सो सवारीको रेकर्ड फाइल खडा गरी दर्ता किताबमा जनाई सम्बन्धित अधिकृतबाट प्रमाणित गराई राख्ने व्यवस्था गर्नुपर्नेछ ।

सवारीको फाइल, दर्ता किताब, सवारी दर्ता प्रमाणपत्र, कर दाखिला गरेका निस्सासमेत फेला नपरेको सवारीको हकमा सवारी धनी बसोबास गर्ने स्थानीय निकाय, प्रहरी कार्यालयबाट उक्त सवारी निजकै हकभोगको हो, कुनै कारणबाट रोक्का रहेको छैन र निजको नामबाट सवारी धनी प्रमाणपत्र जारी भएमा केही फरक पर्ने छैन भन्ने लिखित सिफारिस भई आएमा माथि उल्लिखित अन्य प्रमाण तथा प्रक्रिया समेत पुऱ्याएर मात्र सोको रेकर्ड खडा गरी आवश्यक प्रमाणपत्रहरू जारी गर्ने व्यवस्था गर्नुपर्नेछ ।

सवारी दर्ता किताब, सवारीको रेकर्ड फाइल तथा अन्य महŒवपूर्ण कागजात जस्तै प्रज्ञापन पत्र, सवारी दर्ता प्रमाणपत्र, सवारी साधन करबुक, नगदी रसिद आदि सम्बन्धित फाँटमा काम गर्ने कर्मचारीको जिम्मा रहने गरी लिखितरूपमा जिम्मेवारी दिने, एकभन्दा बढी कर्मचारी भएमा कर्मचारीहरूको सङ्ख्या एवं फाइल तथा अन्य रेकर्डहरूको सङ्ख्याको आधारमा दामासाहीले फाइल लिखितरूपले जिम्मा दिने व्यवस्था मिलाउनुपर्नेछ ।

कर्मचारीहरू सरुवा, बढुवा भई वा काजमा अन्यत्र जाने भएमा अनिवार्यरूपले बरबुझारथको अकर्ण बनाई कार्यालय प्रमुखबाट प्रमाणित गरिदिने/लिने व्यवस्था गरी एकप्रति फाइल खडा गरी राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

मोडेल (उत्पादन वर्ष) खुल्न नसकेका सवारीहरूको सम्बन्धित निर्माता कम्पनीको स्थानीय डिलरसँग पत्राचार गरी मोडेलबारे (उत्पादन वर्ष) खुलाउनुपर्नेछ। यसरी पत्राचार गर्दा नेपालको मुख्य डिलरसँग विभागमार्फत पत्राचार गरी उत्पादन वर्ष खुलाउनुपर्नेछ । यसरी मोडल वर्ष खुलेर आएको सन्दर्भमा अधिकार प्राप्त अधिकारीलाई शङ्का लागेमा सवारीको च्यासिस नम्बरका आधारमा थप अनुसन्धान गरी एकिन गर्नुपर्नेछ ।

कुनै सवारीको ओरिजिनल इन्जिन नम्बर वा चेसिस नम्बरमध्ये कुनै एक खियाले खाई नबुझिने भई सवारीधनीले इन्जिन नम्बर तथा चेसिस नम्बर कायम गराउन ल्याएमा ओरिजिनल नम्बरको कुनै भाग वा सङ्केत मौजुद छ भने त्यसको फोटो खिची राखी दर्ता प्रमाणपत्रमा रहेको नम्बर कार्यालयबाट कायम गरिदिनुपर्नेछ । चेसिस नम्बर नभएको वा रफपन्च भएको, इन्जिन नम्बर नभएको वा रफपन्च भएको, इन्जिन नम्बर र चेसिस नम्बर दुवै नभएको वा रफपन्च भएको र एक ठाउँको इन्जिन नं. चेसिस नं. मेटाई अर्को ठाउँमा पन्च गरिएको पाइएमा त्यस्ता सवारीका सम्बन्धमा सवारीका सबै कागजात कार्यालयको राय/ठहरसहित विभागमा पठाई सो सम्बन्धमा विभागबाट हुने निर्देशन बमोजिम गर्नुपर्नेछ ।

ऐन तथा नियमावली बमोजिम जारी भएका सबै किसिमका प्रमाणपत्रहरूको नवीकरण गराउनुपर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टै त्यस्ता प्रमाणपत्रहरू नवीकरण गर्न ल्याएमा जरिवाना नलिई नवीकरण  गरिदिनुपर्नेछ। साथै दर्ता तथा नामसारीको हकमा पनि सोही बमोजिम गर्नुपर्नेछ। तर चैत्र मसान्त तथा असार मसान्तका दिनमा सार्वजनिक बिदा परेमा भने उक्त सुविधा पाइनेछैन।

प्रत्येक कार्यालयहरूले कार्यालयमा आउने सेवाग्राहीलाई यस निर्देशिकामा उल्लिखित समयभित्र सेवा दिई पठाउने उचित प्रबन्ध गर्नुपर्नेछ।

कार्यालयमा सबैले देख्न सक्ने स्थानमा अनुसूची-९ बमोजिमको ढाँचामा नागरिक बडापत्रको व्यवस्था अनिवार्य गर्नुपर्दछ।

ऐनको दफा ८१ बमोजिम पटके बाटो इजाजतपत्र दिँदा सवारीको गन्तव्यस्थलको दूरी, कार्य र आउन जान लाग्न सक्ने समय समेतलाई विचार गरी बढीमा सात दिनसम्मकोमात्र पटके इजाजत दिनुपर्नेछ। पटके इजाजतपत्रबाट नियमित यात्रु सेवा सञ्चालन गर्न पाइनेछैन।

स्टकमा रहेको सवारी साधन भ्याट बिल जारी नगरी सञ्चालन गर्नुहुँदैन। त्यस्ता सवारी साधन सञ्चालन भएको पाइएमा त्यस्ता सवारी दर्ता भएको मितिदेखिको सवारी कर असुल गरिनेछ।

कार्यालयबाट सम्पादन भएका कामहरूमध्ये सेवाग्राहीहरूले नक्कली कागजात पेस गरी कार्यालयका पदाधिकारीहरू समेतलाई झुक्याई सवारी दर्ता, नामसारी दर्ता, सरुवा दर्ता, लिलाम दर्ता, जाँचपास, बाटो इजाजत पत्र, सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी, सवारी कर तथा नविकरण, सवारी चालक अनुमतिपत्र (नेपालीकरण, नविकरण, प्रतिलिपी, वर्ग थप गराएमा) प्राप्त गरेमा एक तहमाथिको पदाधिकारीबाट जाँचबुझ गराई गलत मनसायबाट कार्यसम्पादन गराएको ठहर भएमा सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउनुपर्नेछ
।

# परिच्छेद-४

# सवारी चालक अनुमतिपत्र वितरणसम्बन्धी कार्यविधि

## दरखास्त सङ्कलन र स्वीकृति

### कार्यतालिका बनाउने

कार्यालयहरूले सवारी चालक अनुमतिपत्र सम्बन्धी दरखास्त सङ्कलनदेखि वितरणसम्मका कामकारवाहीलाई पारदर्शी तरिकाले व्यवस्थित एवं नियमित गर्न अद्यावधिक कार्यतालिका बनाई विभागमा मासिक वा त्रैमासिक रूपमा पठाउनुपर्नेछ। उक्त कार्यतालिका आफ्नो कार्यालयको वेभसाइटमा समेत अनिवार्य रूपमा राख्नुपर्नेछ। विभागले सवारी चालक अनुमतिपत्रको लागि इलष्लिभ ब्उउष्अिबतष्यल क्थकतभ लागू गरेमा सोही बमोजिम हुनेछ।

### सवारी चालक अनुमतिपत्र प्राप्त गर्न दरखास्त दिने व्यक्तिको अयोग्यता

- मझौला तथा ठूला सवारीका निम्ति २१ वर्ष नपुगेको व्यक्ति,
- साना सवारीका निम्ति १८ वर्ष नपुगेको व्यक्ति,
- मोटरसाइकल तथा त्यस्तै अन्य सानो २ पाङ्ग्रे सवारीका हकमा १६ वर्ष उमेर नपुगेको व्यक्ति,
- छारे रोग भएको वा बौलाएको वा एकाएक रिँगटा लाग्ने वा मुर्छा हुने किसिमको रोग भएको व्यक्ति,
- देख्ने शक्ति कमजोर भई चस्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति,
- साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति,
- रातो, हरियो, पहेँलो इत्यादि रङहरू तुरुन्त छुट्याउन नसक्ने (Colour Blind) दृष्टिदोष भएको व्यक्ति,
- रतन्धो भएको व्यक्ति,
- दुबै आँखा नभएको व्यक्ति,
- हातखुट्टा शक्तिहीन भई काम दिन नसक्ने भएको व्यक्ति,
- साधारण लेखपढ गर्न नजान्ने व्यक्ति,
- अपाङ्गका निमित्त खास किसिमले बनेको सवारीका निमित्त यो खण्डको बन्देज लागू हुने छैन।
- ठूलो र मझौला सार्वजनिक सवारीको लागि ६० वर्ष उमेर पूरा भएको कुनै पनि व्यक्ति,

सानो सवारी चलाएको २ वर्ष पूरा नभएसम्म मझौला र ठूलो सवारी चलाउन चालक अनुमतिपत्र दिइने छैन । निर्माण सामग्रीहरूका हकमा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

चालक अनुमतिपत्रका लागि दरखास्त

चालक अनुमतिपत्र लिन चाहने तथा माथि बुँदा नं. १२.२ बमोजिम अयोग्य नभएको व्यक्तिले अनुसूची-१९ को ढाँचामा देहायका कागजात संलग्न राखी सम्बन्धित कार्यालयमा अनलाइनमार्फत दरखास्त दिनुपर्नेछ । अनलाइन फाराम भरिसकेपछि तोकिएको मितिमा कार्यालयमा सम्पर्क राख्नुपर्नेछ :

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र,
- निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यताप्राप्त चिकित्सकले नियमावलीको अनुसूची-१८ बमोजिमको ढाँचामा प्रमाणित गरेको निरोगिताको प्रमाणपत्र,
- आफूले चलाउन चाहेको सवारीका सम्बन्धमा विभाग वा कार्यालयमा दर्ता भएका सवारी चालक प्रशिक्षण केन्द्रबाट प्राप्त प्रमाणपत्र,
- गैर नेपाली नागरिकहरूले आफ्नो पासपोर्टको प्रतिलिपि, कम्तिमा ६ महिना म्याद भएको भिसा र नेपालमा बस्नुपर्नाको यथोचित कारणसमेत खुलाई सम्बन्धित स्थानीय तहले प्रमाणित गरिदिएको सक्कल पत्र ।

दरखास्त फाराम छानबिन र स्वीकृति

चालक अनुमतिपत्र प्राप्त गर्नका लागि पर्न आएका दरखास्त फाराममा उल्लेखित विवरणहरू तथा दरखास्तसाथ पेस गरेका कागजात देहाय बमोजिम हेर्नुपर्नेछ :

- नेपाली नागरिकताको प्रमाणपत्र,
- नेपाली नागरिकताको प्रमाणपत्रअनुसार निवेदकले चाहेको वर्गको सवारी साधनअनुसारको उमेर नपुगेको वा निर्धारित उमेरको हद नाघेको छ/छैन,
- सवारी चालक प्रशिक्षण केन्द्रको प्रमाणपत्र पेस गरेको छ/छैन,
- वर्ग थपका लागि दरखास्त दिएको भए सवारी चालक अनुमतिपत्रको बहाल अवधि छ/छैन,
- दरखास्तवालाको स्थायी ठेगाना र हाल बसोबास गरिरहेको ठेगाना एवं भएसम्म घरको ब्लक नम्बर र फोन नम्बर (भएसम्म मोबाइल नं.) समेत स्पष्ट उल्लेख भएको छ/छैन,
- जुन प्रदेशबाट चालक अनुमतिपत्र लिएको हो, नवीकरण सोही प्रदेशबाट गराउनुपर्नेछ । तर बसाइँसराइ भई आएको हकमा बसाइँसराइको प्रमाणपत्र पेस गरेपछि यो बन्देज लागु हुने छैन । सरकारी कर्मचारीहरूका हकमा कार्यरत कार्यालयको सिफारिसमा कार्यरत रहेको प्रदेशबाट नवीकरण गर्न पाइनेछ ।

Biometric Details Capture

1. अनलाइन फाराम भरी आएका दरखास्तवालाको दरखास्त फाराम रुजु भइसकेपछि First Come First Basis आधारमा Biometric Detail Capture गर्ने । Biometric Details Captutre गर्दा सेवाग्राहीको फोटो प्रस्ट बुझिने गरी खिची दरखास्तवालाको दस्तखत र औँठा छाप समेत भलतचथ गर्ने । अनलाइन फाराममा कुनै विवरण सच्याउनुपर्ने भएमा

   सच्याउनुपर्नेछ ।
2. Biometric Details ऋबउतगचभ गरिसकेपछि निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यताप्राप्त चिकित्सकले नियमावलीको अनुसूची-१८ बमोजिमको ढाँचामा स्वास्थ्य परीक्षण गरी सफ्टवयरमा समेत भलतचथ गर्ने । कार्यालयमा नै रहने गरी चिकित्सकको व्यवस्था नभएको अवस्थामा दरखास्तवालाले नियमावलीको अनुसूची (१८) बमोजिमको ढाँचामा पेस गरेको निरोगिताको प्रमाणपत्रको आधारमा Biometric Details Capture गर्ने कर्मचारीले नै चिकित्सकको नाम र Nepal Medical Council नम्बर उल्लेख गरी सफ्टवेयरमा भलतचथ गर्ने । दरखास्तवालाले पेस गरेको निरोगिताको प्रमाणपत्र सम्बन्धमा सम्बन्धित दरखास्तवाला नै जवाफदेही हुनेछ ।
3. स्वास्थ्य परीक्षण पश्चात् दखास्तवालाले तोकिए बमोजिमको दरखास्त दस्तुर बुझाउनुपर्नेछ,
4. तोकिएको दरखास्त दस्तुर बुझाइ सकेपछि दरखास्तवालालाई कार्यालयले प्रवेशपत्र उपलब्ध गराउनुपर्नेछ ।

दरखास्तवाला नामावलीको प्रकाशन

दरखास्त लिइसकेपछि स्वीकृत दरखास्तवालाको नामावली कार्यालयले सोही दिन प्रकाशित गर्नुपर्नेछ । नामावली प्रकाशित गर्दा First Come First Basis का आधारमा लिखित परीक्षा दिने समय, मिति र स्थानसमेत उल्लेख गरी दरखास्तवालाले परीक्षा दिन चाहेको सवारीको वर्गसमेत उल्लेख गरी नामावली प्रकाशित गर्नुपर्नेछ । सवारी चालक अनुमतिको कार्य मात्र सञ्चालन गर्ने कार्यालयले दैनिक रूपमा लिखित एवं प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने गरी नामावली प्रकाशित गर्नुपर्नेछ भने सवारी सम्बन्धी समेत सेवा प्रदान गर्ने कार्यालयले दरखास्त लिएको एक हप्ताभित्र लिखित एवं प्रयोगात्मक परीक्षा सम्पन्न गर्ने गरी नामावली प्रकाशित गर्नुपर्नेछ ।

परीक्षार्थीको योग्यताको परीक्षण

लिखित परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी भाषा हुनेछ । अङ्ग्रेजी भाषामा परीक्षा दिन चाहने परीक्षार्थीले दरखास्त दिँदाका बखत नै कार्यालयमा यसका सम्बन्धमा निवेदन दिनुपर्नेछ । सो आधारमा कार्यालयले निजलाई अङ्ग्रेजी माध्यममा परीक्षा दिने व्यवस्था मिलाउनुपर्नेछ ।

- सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन एवं प्रश्नपत्र निर्माणमा संलग्न रहने व्यक्तिहरूले पाउने पारिश्रमिक तोकिएबमोजिम (अनुसूची-१० बमोजिम) हुनेछ ।

प्रश्नपत्रको निर्माण

- लिखित परीक्षाका लागि परिमार्जित प्रश्नपत्रहरू तयार गर्न विभागमा एक प्रश्न पत्र भण्डार सफ्टवयर (Question Bank Generator Software) रहनेछ ।
- उक्त सफ्टवयरमा विभागले तयार गरेका प्रश्नपत्रहरू प्रविष्ट गरिनेछ । विभागले उक्त सफ्टवयरको पासवर्ड गोप्य रूपमा कार्यालय प्रमुखलाई उपलब्ध गराउनेछ ।
- पासवर्ड प्राप्त भएपछि कार्यालय प्रमुखले त्यसलाई गोप्यरूपमा सुरक्षित राखी आफैँले वा केन्द्राध्यक्षलाई उपलब्ध गराई लिखित परीक्षाकै दिन उक्त परीक्षा सञ्चालन हुनुभन्दा आधा घण्टा अगाडि सफ्टवयरबाट प्रिन्ट गर्नुपर्नेछ । प्रश्नपत्र सफ्टवयरबाट प्रिन्ट गर्ने कार्य परीक्षा सञ्चालन हुनु भन्दा अघिल्लो दिन नै गर्नु पर्ने भएमा परीक्षार्थीको सङ्ख्याको आधारमा प्रिन्ट गरी सिलबन्दी गराई समेत राख्न सकिनेछ र परीक्षा हुने दिन परीक्षा सञ्चालनमा संलग्न हुने कर्मचारीहरूको रोहवरमा मुचुल्का खडा गरी सिल खोल्नुपर्नेछ ।
- प्रश्नपत्र भण्डार ९त्तगभकतष्यल द्यबलप० मा रहने प्रश्नपत्रहरूको निर्माण विभागले उपयुक्त ठानेका विशेषज्ञहरूद्वारा गराउनेछ । प्रश्नपत्रहरूको सेटको अन्तिम छनौट गर्ने अधिकार विभागका महानिर्देशकमा रहनेछ ।

लिखित परीक्षा सञ्चालन

- पहिले कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेका ट्र्याक्टर तथा पावरटिलरको सवारी चालक अनुमतिपत्रका लागि दरखास्त दिने दरखास्तवाला बाहेक अन्य दरखास्तवालाको योग्यता परीक्षण गर्न सर्वप्रथम लिखित परीक्षा लिइनेछ । पहिले कुनै सवारी चालक अनुमतिपत्र प्राप्त गरिसकेका व्यक्तिहरूले थप सवारीका लागि अनुमतिपत्र प्राप्त गर्न लिखित परीक्षा दिनुपर्ने छैन । तर टयाक्टर तथा पावर टिलरको सवारी चालक अनुमति प्राप्त चालकले अन्य वर्गका साधन थप गर्न चाहेमा लिखित परीक्षा दिनुपर्नेछ ।
- लिखित परीक्षा लिने व्यवस्था सम्बन्धित समितिको अध्यक्षले मिलाउनेछ ।
- समितिको अध्यक्ष स्वयम् वा निजले तोकेको व्यक्तिले परीक्षा केन्द्रको केन्द्राध्यक्ष भई परीक्षा सञ्चालन गर्नु/गराउनुपर्नेछ ।
- परीक्षा समितिले तोकेको मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन गरिनेछ ।
- परीक्षा केन्द्रको व्यवस्थापन, सहायक केन्द्राध्यक्ष र परीक्षा निरीक्षकहरूको आवश्यकता अनुसारको व्यवस्था केन्द्राध्यक्षले गर्नुपर्नेछ ।

लिखित परीक्षा सुरु हुनुभन्दा १५ मिनेट पहिले नै परीक्षार्थीहरू परीक्षा हलमा प्रवेश गर्ने व्यवस्था गरी निजहरूको हाजिर खडा गरी राख्नुपर्नेछ ।

परीक्षार्थीहरूलाई प्रश्नपत्र वितरण गर्नुपूर्व निजहरूको परीक्षा प्रवेशपत्रको जाँच गरिनेछ ।

परीक्षा सञ्चालनको घण्टी बजिसकेपछि मात्र परीक्षार्थीहरूलाई प्रश्नपत्र वितरण गरिनेछ ।

लिखित परीक्षाको समय अवधि तीस मिनेटको हुनेछ ।

कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेशपत्र ल्याउन छुटाएको व्यहोरा जनाई निवेदन दिएमा केन्द्राध्यक्षले निजले पेस गरेको दरखास्त फाराम अनुसार निजको फोटो तथा विवरणहरूको जाँचबुझ गरी लिखित परीक्षामा सम्मिलित हुने अनुमति दिन सक्नेछ ।

लिखित परीक्षामा वस्तुगत बहुउत्तरका २० प्रश्न हुनेछन् । प्रत्येक प्रश्नको अङ्कभार ५ हुनेछ । कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरेका परिक्षार्थी मात्र उर्त्तीण हुनेछन् ।

लिखित परीक्षाको पाठ्यक्रम सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका २०७४ बमोजिम हुनेछ ।

परीक्षार्थीहरूलाई परीक्षा दिन परीक्षा केन्द्रमा बसाउँदा परीक्षार्थीहरूले एक आपसमा सरसल्लाह गर्न नसक्ने गरी आसन (सिट प्लान) को व्यवस्था मिलाउनुपर्नेछ ।

परीक्षास्थलमा परीक्षार्थीहरूको नाम, थर तथा रोल नं. निजहरूले परीक्षा दिन बस्ने रोलक्रम अनुसार देखिने गरी राख्नुपर्नेछ ।

परीक्षार्थीको प्रवेशपत्र र उत्तरपुस्तिकामा लेखेको नाम, थर, दस्तखत तथा फोटो आदि नभिड्ने भनी सम्बन्धित निरीक्षकले पेस गरेमा केन्द्राध्यक्षले जाँची हेरी नभिड्ने ठहऱ्याएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न सक्नेछ ।

परीक्षा सुरु भएपछि परीक्षा समाप्त गरी उत्तरपुस्तिका नबुझाएसम्म कुनै परीक्षार्थीलाई परीक्षा केन्द्रबाट बाहिर जाने अनुमति दिइनेछैन ।

परीक्षार्थीहरूले परीक्षाकेन्द्रमा कुनै पुस्तक, कापी, चिट, टिपोट, मोबाइल सेट, तथा अन्य असम्बन्धित वस्तु ल्याउन पाउने छैन ।

केन्द्राध्यक्षले खटाए बमोजिम परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरूले परीक्षा सञ्चालनका लागि सहयोग गर्नुपर्नेछ ।

परीक्षा केन्द्रमा परीक्षा सञ्चालनका लागि खटिएका कर्मचारीहरूको हाजिरी प्रमाणित गरी राख्नुपर्नेछ ।

उत्तरपुस्तिकाको निर्देशित स्थानहरूमा खुलाउनुपर्ने विवरणहरू परीक्षार्थीलाई अनिवार्यरूपले लेख्न लगाउनुपर्नेछ ।

- कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा अनियमितता गरेको पाइएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थीलाई केन्द्रबाट निस्कासन गर्न सक्नेछ। यसरी निस्कासित व्यक्तिले १ वर्षसम्म परीक्षामा संलग्न हुन नपाउने गरी केन्द्राध्यक्षले निर्णय गर्न सक्नेछ।
- परीक्षा सञ्चालनका लागि खटिएका कसैले परीक्षा सञ्चालनमा असहयोग गरेमा वा कुनै परीक्षार्थीलाई अनुचित फाइदा पुऱ्याउने कार्य गरेमा त्यस्ता व्यक्तिहरूलाई केन्द्राध्यक्षले तत्काल परीक्षाकेन्द्रबाट निस्कासन गरी सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गरी पठाउनुपर्नेछ।
- परीक्षा सुरु भएको समयले ५ मिनेटपछि सम्म आउने परीक्षार्थीलाई केद्राध्यक्षको अनुमतिले परीक्षामा बस्न दिनसकिनेछ।
- लिखित परीक्षाको समय समाप्त भएको घण्टी लागेपछि सबै परीक्षार्थीहरूबाट उत्तर पुस्तिका तुरुन्त सङ्कलन गर्नुपर्नेछ।
- सङ्कलन गरिएको उत्तर पुस्तिकामा परीक्षार्थीको रोल नं., नाम, थर र वतन रुजु गरी सङ्ख्या समेत गन्ती गरी भिडाउनुपर्नेछ।
- उक्त उत्तरपु स्तिकाहरू समितिका सदस्यहरूको रोहवरमा सिलबन्दी गरी समितिका अध्यक्षको जिम्मामा सुरक्षित राख्नुपर्नेछ।

### उत्तरपुस्तिका परीक्षण

लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण लगायतका कार्यहरू देहायबमोजिम गर्नुपर्नेछ :

- उत्तरपुस्तिका सङ्कलन गरिसकेपछि केन्द्राध्यक्षले तोकिएको "की" को प्रयोग गर्न लगाई परीक्षा सञ्चालनमा खटिएका कार्यालयका कर्मचारीलाई उत्तरपुस्तिका परीक्षण गर्न लगाउनुपर्नेछ।
- उत्तरपुस्तिका परीक्षणकर्ताले परीक्षण गरी अङ्क चढाई आफ्नो नाम र पद लेखी दस्तखतसमेत गरी उत्तर पुस्तिका केन्द्राध्यक्षलाई गोप्य रुमपा बुझाउनुपर्नेछ।

### उत्तरपुस्तिका रुजु गर्ने

उत्तरपुस्तिका रुजु गर्नका लागि केन्द्राध्यक्षले परीक्षामा खटिएका कर्मचारीलाई नै खटाई देहाय बमोजिम गोप्यरूपमा रुजु गर्नुपर्नेछ :

- परीक्षार्थीले लेखेको सबै उत्तर परीक्षण गरी अङ्क दिएको छ/छैन,
- प्रश्नपत्रमा तोकिएअनुसार सबै प्रश्नहरूको उत्तर ठीक दिएको छ/छैन,
- परीक्षकले दिएका सबै अङ्कहरू ठीकसँग जोडिएका छन्/छैनन्।

उत्तर तालिकामा उल्लेख गरिएको उत्तर भिडाई ठीक बेठीक के हो निश्चित गरी रुजुकर्ताको नाम, पद र दस्तखत उल्लेख भएको हुनुपर्नेछ।

### नतिजा प्रकाशन

उत्तरपुस्तिकाहरू परीक्षण तथा रुजुपश्चात् केन्द्राध्यक्षले परीक्षामा सम्मिलित परीक्षार्थीको कुल, उत्तीर्ण, अनुतिर्ण र अनुपस्थित भएकाको सङ्ख्यात्मक विवरण, उत्तरपुस्तिका परीक्षण

गर्ने र रुजु गर्ने कर्मचारीको नाम, पद र मितिसमेत उल्लेख गरी परीक्षामा खटिएका कर्मचारीहरूको उपस्थितिमा माइन्युट समेत तयार गरी परीक्षा समितिलाई सिफारिस गर्नुपर्नेछ। यसरी प्राप्त नतिजाको आधारमा परीक्षा समितिले परीक्षाको नतिजा प्रकाशित गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीको रोल नम्बर क्रमानुसार नतिजा प्रकाशित गरी कार्यालयको सूचनापाटी र वेभसाइटमा समेत अनिवार्य रूपमा राख्ने व्यवस्था गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा नै प्रयोगात्मक परीक्षा हुने मिति, समय र स्थान समेत अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

लिखित परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीले नतिजा प्रकाशन भएको ७ दिन भित्र पुनर्योग लागि परीक्षा दस्तुर सरहको शुल्क तिरी निवेदन दिन सक्नेछन्। त्यसरी निवेदन प्राप्त भएमा कार्यालयले दुई दिन भित्र निवेदनको टुङ्गो लगाईसक्नुपर्नेछ।

### वर्ग थप र पुनः प्रयोगात्मक परीक्षा

कुनै एक वर्गको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले अर्को वर्ग थप गर्न चाहेमा कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिई प्रयोगात्मक परीक्षा दिनुपर्नेछ। एक पटक प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीले लिखित परीक्षा उत्तीर्ण भएको ९० दिनभित्र पुनः दुई पटक तोकिएको दस्तुर तिरी प्रयोगात्मक परीक्षा दिन पाउनेछ। तर लिखित परीक्षा दिन नपर्ने सवारीको हकमा यो सुविधा लागु हुने छैन।

### प्रयोगात्मक परीक्षा र अन्तिम नतिजा प्रकाशन

लिखित परीक्षाबाट उत्तीर्ण भएका, वर्ग थप र पुनः प्रयोगात्मक परीक्षाका लागि आवेदन दिएका परीक्षार्थीहरूलाई कार्यालयले तोकेबमोजिमको स्थान, समय र मितिमा प्रयोगात्मक परीक्षा लिइनेछ।

- प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा परीक्षार्थीको चेकलिस्टमा भएको सि.नं. समेत सवारी साधनमा देखिने गरी लेख्नुपर्नेछ। प्रयोगात्मक परीक्षाको सबै मापदण्ड पूरा गरेका परीक्षार्थीलाई सिसिटिभीमा देखिने गरी हरियो झन्डा र मापदण्ड पूरा नगरेकालाई रातो झन्डा देखाउनुपर्नेछ। मापदण्ड पूरा गरेको परीक्षार्थीलाई विशेषज्ञ टोलीको प्रमुखले परीक्षार्थीको प्रवेशपत्रमा उत्तीर्ण उल्लेख गरी दस्तखतसमेत गरी प्रवेशपत्र दिनुपर्नेछ।
- प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका परिक्षार्थीले उत्तीर्ण भएको आर्थिक वर्षभित्र सवारी चालक अनुमतिपत्र दस्तुर नबुझाएमा सवारी चालक अनुमतिपत्र दिईने छैन।
- प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको मितिले आर्थिक वर्षभित्र राजश्व नबुझाएमा निजले पुनः नयाँ प्रक्रियाबाट सवारी चालक अनुमतिपत्र लिनुपर्नेछ।

- प्रयोगात्मक परीक्षा संचालन गर्नका निमित्त ट्रायल स्पट, परीक्षामा प्रयोग हुने सवारी साधन, परीक्षाको विधि तथा अन्य मापदण्डहरु विभागबाट स्वीकृत "सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४" बमोजिम हुनेछ ।

### प्रयोगात्मक परीक्षा सञ्चालन

टोलीले सम्पूर्ण सदस्यको उपस्थितिमा अनिवार्य रूपमा परीक्षार्थीको कुल सङ्ख्या, प्रयोगात्मक परीक्षामा उपस्थित सङ्ख्या, अनुस्थित सङ्ख्या, उत्तीर्ण र अनुत्तीर्ण सङ्ख्या

समेत उल्लेख गरी फिल्डमा नै माइन्युट तयार गरी परीक्षार्थीको हाजिरी समेत संलग्न राखी परीक्षा समितिलाई सिफारिस सहित प्रतिवेदन पेस गर्नुपर्नेछ । विशेषज्ञ टोलीले पेस गरेको प्रतिवेदनका आधारमा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशित गर्नेछ । उक्त नतिजा कार्यालयको वेभसाइटमा समेत अनिवार्य राखी समितिबाट सिफारिस भएका योग्य परीक्षार्थीहरूको विवरण अधिकार प्राप्त अधिकारी वा निजले तोकेको अधिकारीले नतिजा

स्वीकृत गर्नुपर्नेछ । नियमावलीको अनुसूची-३ (च१) (अनुसूची-२२) बमोजिम लाग्ने दस्तुर बुझाएपछि तोकिएको ढाँचा र समयमा सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण गरिनेछ । प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने निवेदकहरूको नतिजा कार्यालयमा कम्प्युटर इन्ट्री गराई रुजु गरी प्रमाणित (Approve) गर्नुपर्नेछ । प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएको

सङ्ख्या र व्यक्तिभन्दा फरकसङ्ख्या र व्यक्ति इन्ट्री भई गएमा सोको सम्पूर्ण जिम्मेवारी प्रमाणित (Approve) गर्ने पदाधिकारीको हुनेछ । प्रमाणित (Approve) गर्ने पदाधिकारी अधिकृत स्तरको हुनुपर्नेछ ।

साधारणतया नियमित रूपमा लिइने सवारी बाहेक फरक प्रकृतिका सवारीहरूको प्रयोगात्मक परीक्षाका सन्दर्भमा ऐन अनुसार गठित परीक्षा समितिले विशेषज्ञ टोली गठन गरी उक्त टोलीले प्रयोगात्मक परीक्षाको Modality तयार गरी सो अनुसार परीक्षा लिई दिएको प्रतिवेदनका आधारमा परीक्षाफल प्रकाशित गर्न सक्नेछ ।

### सवारी चालक अनुमतिपत्रको अभिलेख व्यवस्थापन

कार्यालयबाट दैनिक रूपमा जारी भएका सवारी चालक अनुमतिपत्रको एकमुष्ट रूपमा नाम, सवारी चालक अनुमतिपत्र नम्बर, वर्ग समेत उल्लेख भएको विवरण सफ्टवयरबाट प्रिन्ट गरी सुरक्षित रूपमा फाइलिङ गरी राख्नुपर्नेछ ।

### चालक अनुमतिपत्रको नवीकरण

- चालक अनुमतिपत्रको म्याद नाघेको ३ महिना (९० दिन) भित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराइ सक्नुपर्नेछ ।
- कार्यालयमा नवीकरणका लागि आउने सवारी चालकलाई कार्यालयमा भएको अभिलेख (ढड्डा प्रिन्ट) उपलब्ध गराउनुपर्नेछ ।

कार्यालयमा भएको सवारी चालकको अभिलेखमा कुनै विवरण फरक परेमा सच्याउन लगाई Biometric Details Capture (फोटो खिच्ने, दस्तखत र औँठा

छाप दिने)गराउनुपर्नेछ ।

अन्य कार्यालयको सवारी चालक अनुमतिपत्र नवीकरणका लागि आएमा सवारी चालक अनुमतिपत्रमा उल्लिखित जारी मिति, अन्तिम मिति र वर्ग फरक परेमा सम्बन्धित कार्यालयबाट सच्याउन लगाई नवीकरण गर्ने प्रक्रिया अगाडि बढाउने र सम्बन्धित कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्रमा उल्लिखित विवरण फरक परेमा कार्यालय प्रमुखबाट निर्णय गराई अद्यावधिक गराउनुपर्नेछ ।

Biometric Details Captutre गराउँदा सेवाग्राहीको फोटो प्रस्ट बुझिने गरी खिची सामान्य रूपमा कुनै विवरण फरक परेमा उक्त विवरण सच्याउनुपर्नेछ ।

Biometric Details Capture गरिसकेपछि निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यताप्राप्त चिकित्सकले नियमावलीको अनुसूची-१८ बमोजिमको ढाँचामा स्वास्थ्य परीक्षण गरी सफ्टवेयरमा समेत भ्लतचथ गर्नु पर्नेछ । कार्यालयमा नै रहने गरी चिकित्सकको व्यवस्था नभएको अवस्थामा दरखास्तवालाले नियमावलीको अनुसूची-१८ बमोजिमको ढाँचामा पेस गरेको निरोगिताको प्रमाणपत्रको आधारमा द्यष्कभतचष्अ म्भतबषकि ऋबउतगचभ गर्ने कर्मचारीले नै चिकित्सकको नाम र Nepal Medical Council नम्बर उल्लेख गरी सफ्टवेयरमा भ्लतचथ गर्नुपर्नेछ । दरखास्तावालाले पेस गरेको निरोगिताको प्रमाणपत्र सम्बन्धमा सम्बन्धित दरखास्तावाला नै जवाफदेही हुनुपर्नेछ ।

स्वास्थ्य परीक्षण पश्चात् अधिकार प्राप्त अधिकारी वा निजले तोकेको अधिकारीले सवारी चालकको व्यक्तिगत विवरण नाम, थर, ठेगाना, जारी मिति, अन्तिम मिति, वर्ग र रक्त समूह समेत रुजु गरी स्वीकृत गर्नुपर्नेछ । दुरुस्त देखिएमा मात्र विवरण स्वीकृत गर्नुपर्छ । सो बमोजिम नभएमा सच्याई स्वीकृत गर्नुपर्छ ।

अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीले नवीकरणका लागि स्वीकृति प्रदान गरिसकेपछि तोकिए बमोजिमको नवीकरण दस्तुर बुझाउनुपर्नेछ ।

चालक अनुमतिपत्रको बहाल अवधि समाप्त भएको ३ महिना (९० दिन) भित्र पनि नवीकरण नगराएमा सो मिति समाप्त भएको एक वर्षसम्म १००%, दुई वर्षसम्म २००%, तीन वर्षमा ३००%, चार वर्षमा ४००% र पाँच वर्षमा ५००% थप जरिवाना र दस्तुरसमेत लिई त्यस्तो चालक अनुमतिपत्र नवीकरण गरिदिनुपर्छ, साथै जरिवाना सम्बन्धी प्रावधान प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ,

जरिवाना समेत तिरेर नविकरण गर्नुपर्ने म्याद समाप्त भएको पाँच वर्षसम्म पनि नवीकरण नगराएको चालक अनुमतिपत्र स्वतः रद्ध हुनेछ र यस्तो अनुमतिपत्रको नवीकरण गरिने छैन । यसरी नवीकरण नभएको अनुमतिपत्रको लगत दर्ता

किताबबाट कट्टा गरिनेछ। रद्ध भइसकेको सम्बन्धमा पुनः नयाँ प्रक्रियाअनुसार गर्नुपर्नेछ।

कार्यालयबाट दैनिक रूपमा नवीकरण भएका सवारी चालक अनुमतिपत्रको एकमुष्ट सफ्टवयरबाट प्रिन्ट गरिराख्नु पर्नेछ।

सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा निम्न लिखित आधारमा गरिनेछ

ऐनको दफा ५२ बमोजिम सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा देहायबमोजिमका कागजातपेस गर्नुपर्नेछ :

1. नेपालीकरण गर्दा विदेशी सवारी चालक अनुमतिपत्रको व्यहोरा प्रमाणित गरेको सम्बन्धित राजदूतावासको सिफारिसपत्रको आधिकारिकता एकिन गरी वा अन्य कुनै माध्यमबाट एकिन गरेर मात्र नेपालीकरण गर्ने,

2. भारतीय सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा भारतीय सवारी चालक अनुमतिपत्रमा चिप्स भएको स्मार्ट कार्डलाई मात्र नेपालीकरण गर्ने,

3. नेपालीकरण गर्दा विदेशी सवारी चालक अनुमतिपत्रमा भएको ऋबतभनयचथ अनुसार निवेदकले माग गरेका ऋबतभनयचथ मात्र नेपालीकरण गर्ने,

4. विदेशबाट जारी भएका सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्दा सम्बन्धित देशको दूतावासबाट भएको सिफारिस अनिवार्य संलग्न राख्ने,

5. नेपालीकरण शाखामा काम गर्ने कर्मचारीहरूलाई ३०/३० दिनमा शाखा परिवर्तन गर्ने,

6. नेपाली सवारी चालक अनुमतिपत्र जारी भइसकेका निवेदकहरूको हकमा नेपालीकरण गरिने छैन।

१२.१८.१. नेपाली नागरिकका हकमा पेस गर्नुपर्ने कागजात

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- सवारी चालक अनुमतिपत्र जारी भएको देशमा उक्त अवधिमा बसेको प्रमाणका रूपमा सम्बन्धित मुलुकको भिसाका साथै सवारी चालक अनुमतिपत्र प्राप्त गरेको देशमा उक्त अवधिमा बसेका अन्य प्रमाण,
- सक्कल राहदानी,
- सवारी चालक अनुमतिपत्रको सक्कल,
- सवारी चालक अनुमतिपत्र अङ्ग्रेजी भाषाबाहेक अन्य भाषामा भए आधिकारिक निकायबाट अनुवाद गरिएको पत्र,
- सम्बन्धित दूतावासबाट सिफारिस सहित चालक अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।

१२.१८.२. विदेशी नागरिकका हकमा पेस गर्नुपर्ने कागजात

- सवारी चालक अनुमतिपत्रको सक्कल,

- सवारी चालक अनुमतिपत्र अङ्ग्रेजी भाषाबाहेक अन्य भाषामा भए आधिकारिक निकायबाट अनुवाद गरिएको पत्र,
- कम्तीमा ६ महिना भिसाको म्याद भएको राहदानी,
- नेपालमा बस्नुपर्ने कारणसहितको कार्यरत सम्बन्धित संस्थाको सिफारिसपत्र, नेपालमा कुनै पेसा व्यवसाय गरी बसेको भए पेसा वा व्यसाय गरिबसेको खुल्ने कागजात, संस्थाको VAT वा PAN दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र पत्र,
- सम्बन्धित दूतावासबाट सिफारिससहित चालक अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

१२.१८.३. कुटनीतिक नागरिकका हकमा पेस गर्नुपर्ने कागजात

- सम्बन्धित मुलुकको भिसाको म्याद भएको राहदानी,
- सम्बन्धित दूतावासको सिफारिसपत्र,
- नेपालको परराष्ट्र मन्त्रालयको सिफारिस पत्र,
- सवारी चालक अनुमतिपत्रको सक्कल ।

- पेस भएका कागजात छानबिन गरी कार्यालय प्रमुखबाट स्वीकृत भए पश्चात Biometric Details Capture एवं स्वास्थ्य परीक्षण गराइसकेपछि तोकिएको परीक्षा दस्तुर र चालक अनुमतिपत्र दस्तुर लिई विदेशी सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्न सकिनेछ । कुटनीतिक व्यक्तिका हकमा परराष्ट्र मन्त्रालयबाट निशुल्क उपलब्ध गराइदिनुहुन भनी सिफारिस भएमा कुनै दस्तुर नलिई नेपालीकरण गर्न सकिनेछ ।
- विदेशी सवारी चलाउन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले नेपालीकरणका लागि पेस गरेको सम्पूर्ण कागजातका आधिकारिकताका सम्बन्धमा निवेदक नै पूर्ण रूपमा जिम्मेवारी हुनुपर्नेछ । अन्तर्राष्ट्रिय मान्यता प्राप्त सवारी चालक प्रमाणपत्र वाहकको काम, कर्तव्य र जिम्मेवारी नेपालभरिको हकमा नेपाली सवारी चालक अनुमतिपत्र वाहक अनुसारको हुनेछ ।

चालक अनुमतिपत्र खारेज गर्न सक्ने

- कुनै चालकको ऐनको दफा ४७ बमोजिमको कुनै अयोग्यता प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ ।
- यसरी आदेश प्राप्त भएको मितिले ७ दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनुपर्नेछ ।
- चालकको मृत्यु भएमा ।
- स्वेच्छाले खारेज गर्न चाहेमा ।

कानुन बमोजिम चालक अनुमतिपत्र नवीकरण गर्न पाउने हदम्याद समाप्त भएपछि ती सवारी चालक अनुमतिपत्र खारेज हुनेछन् ।

चालक अनुमतिपत्रको प्रतिलिपि दिने

चालक अनुमतिपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा, चालक अनुमतिपत्रमा भएको चिप्स उप्किएमा वा कुनै कारणबाट नासिएर प्रतिलिपि लिन आएमा निजलाई कार्यालयमा भएको अभिलेख प्रिन्ट गरी दिइनेछ । अनुमतिपत्र हराएकाको हकमा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिसपत्र समेत संलग्न गर्नुपर्नेछ ।

कार्यालयमा भएको सवारी चालकको अभिलेखमा कुनै विवरण फरक परेमा सच्याई Biometric Details Capture गराउने (फोटो खिच्ने, दस्तखत र औँठा छाप दिने) गर्नुपर्दछ ।

ज्ष्क्भतचष्अ स्भतबषकि ऋबउतगतचभ गराउँदा सेवाग्राहीको फोटो प्रस्ट बुझिने गरी खिच्नुपर्छ ।

Biometric Details Capture गरिसकेपछि अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीले सवारी चालकको व्यक्तिगत विवरण नाम, थर, ठेगाना, जारी मिति, अन्तिम मिति, वर्ग र ब्लड ग्रुप समेत रुजु गरी स्वीकृत गर्नुपर्नेछ ।

अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीले प्रतिलिपिका लागि स्वीकृति प्रदान गरिसकेपछि तोकिए बमोजिमको प्रतिलिपि दस्तुर बुझाउनुपर्नेछ ।

सवारी चालक अनुमतिपत्रको प्रतिलिपि सुरु सवारी चालक अनुमतिपत्र जारी गर्ने कार्यालयले मात्र प्रदान गर्नेछ ।

चालकको मृत्युको सूचना दिनुपर्ने

सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा मृत्यु भएको मितिले ३५ दिनभित्र त्यस्तो मृतकको नजिकको नातेदारले मृत्यु दर्ता प्रमाणपत्र लिई त्यसको प्रतिलिपि त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयमा बुझाउनुपर्नेछ ।

उपर्युक्त बमोजिम मृत्युका बारेमा जानकारी दिँदा मृतकको चालक अनुमतिपत्र समेत कार्यालयमा बुझाई दिनुपर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि अनुसूची २० बमोजिम चालक अनुमतिपत्र दर्ताबाट निजको लगतकट्टा गरि दिनुपर्नेछ ।

गोपनीयता कायम गर्ने

निर्देशिका बमोजिम सञ्चालन हुने लिखित परीक्षा एवं प्रयोगात्मक परीक्षाको मूल्याङ्कनमा आवश्यक गोपनीयता कायम गरिराख्ने दायित्व सो कार्यमा संलग्न सबै पदाधिकारीहरूको हुनेछ । आवश्यक गोपनीयता कायम रहे/नरहेको निगरानी गर्ने प्रमुख दायित्व समितिका अध्यक्षको हुनेछ ।

कार्य व्यवस्थित गर्न सक्ने

कार्यालयको कार्यबोझ, स्थानीय आवश्यकता र सर्वसाधारणमा पुऱ्याउनुपर्ने सेवालाई समेत विचार गरी निर्देशिका बमोजिम लिइनुपर्ने परीक्षाहरू सम्पन्न गर्ने समय सीमाको निर्धारण परीक्षा समितिले गर्न सक्नेछ ।

सुरक्षा व्यवस्था

परीक्षा केन्द्रको सुरक्षाका लागि समितिले परीक्षा सञ्चालन सम्बन्धमा आवश्यकता अनुसार सुरक्षा व्यवस्था मिलाउनुपर्नेछ ।

परीक्षाका कागजात सुरक्षित राख्नुपर्ने

लिखित परीक्षामा असफल परीक्षार्थीहरूको उत्तरपुस्तिका नतिजा प्रकाशन भएको मितिले ३ महिनासम्म तथा सफल भएका परीक्षार्थीहरूको उत्तरपुस्तिका तथा प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी कागजात १ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

परीक्षा समिति सम्बन्धी निर्णय

सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १५६ बमोजिम रहने तीन सदस्यीय परीक्षा समितिले गर्नुपर्ने सिफारिस सम्बन्धी निर्णय गर्दा सबै सदस्य अनिवार्य उपस्थित भई सर्वसम्मत सिफारिस गर्नुपर्नेछ ।

चालक अनुमतिपत्रमा राख्नुपर्ने कोड नम्बर

चालक अनुमतिपत्रको नम्बरको अगाडि निम्नानुसार कार्यालयहरूले निम्नानुसारका कोड नं. समेत रहने गरी कम्तीमा ६ अङ्कको नम्बर हुने गरी सवारी चालक अनुमतिपत्र नम्बर प्रदान गर्ने :

| | | |
|---|---|---|
| मेची : ०१ | कोशी : ०२ | सगरमाथा : ०३ |
| जनकपुर : ०४ | नारायणी : ०५ | वागमती : ०६ |
| लुम्बिनी : ०७ | गण्डकी : ०८ | राप्ती : ०९ |
| भेरी : १० | सेती : ११ | महाकाली : १२ |
| धौलागिरि : १३ | कर्णाली : १४ | |

| | | |
|---|---|---|
| मेची :०१-०१-००००००१ | कोशी :०१-०२-००००००१ | सगरमाथा:०१-०३ -००००००१ |
| जनकपुर:०१-०४-००००००१ | नारायणी:०१-०५-००००००१ | वागमती:०१-०६-००००००१ |
| बागमती,जगाती:०२-०६-००००००१ | वागमती,ठूलो भऱ्याङ:०३-०६-००००००१ | वागमती,चाबहिल: ०४ - ०६ -००००००१ |
| गण्डकी:०१-०८-००००००१ | लुम्बिनी:०१-०७-००००००१ | राप्ती:०१-०९ -००००००१ |
| भेरी:०१-१०-००००००१ | सेती:०१-११-००००००१ | महाकाली :०१-१२-००००००१ |
| धौलागिरि:०१-१३-००००००१ | कर्णाली:०१-१४-००००००१ | |

स्मार्ट कार्ड लागु भएपछिको नयाँ कोड नम्बर निम्नानुसार हुनेछ :

सङ्घीय संरचनाअनुसार सवारी तथा यातायात व्यवस्था ऐन परिमार्जन भई सङ्घीय सवारी तथा यातायात व्यवस्था ऐन जारी भएपछि माथि उल्लिखित कोड नम्बरमा परिमार्जन गरी प्रदेश अनुसारको कोड नम्बर लागू गर्न यातायात व्यवस्था विभागले निर्देशन गर्नेछ ।

सवारी चालक अनुमतिपत्रको वर्ग

| | | | | | |
|---|---|---|---|---|---|
| A | मोटरसाइकल | H | रोड लोलर, डोजर | J2 | ब्याक्हो लोडर |
| B | कार, जिप, डेलिभरी भ्यान | H1 | डोजर | J3 | ग्रेडर |
| C | टेम्पो, अटोरिक्सा, | H2 | रोड रोलर | J4 | फोर्कलिफ्ट |
| C1 | इरिक्सा | I | क्रेन, फायर ब्रिगेड, लोडर | J5 | अन्य |
| D | पावर टिलर | I1 | क्रेन | K | स्कुटर, मोपेड |
| E | टयाक्टर | I2 | फायर ब्रिगेड | K1 | अपांगता भएका व्यक्ति |
| F | मिनीबस, मिनीट्रक | I3 | लोडर | | |
| G | बस, ट्रक , लरी | J1 | एक्साभेटर | | |

# परिच्छेद-५

## कार्यालयका कर्मचारीहरूको जिम्मेवारी, कार्यप्रवाह एवं अभिलेख व्यवस्थापन

### कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको जिम्मेवारी

#### कार्यालय प्रमुखको जिम्मेवारी

- उपलब्ध कर्मचारी सङ्ख्या र कार्यालयको कार्यबोझ एकिन गरी प्रत्येक कर्मचारीहरूलाई कार्यविवरण सहित फाँट तोकी अनिवार्य रूपमा जिम्मेवारी दिने,
- आवश्यकता अनुसार मातहतका कर्मचारीहरूलाई अधिकार प्रत्यायोजन गर्ने,
- आफू समक्ष निर्णयका लागि पेस हुन आएका विषयमा सोको गाम्भीर्यलाई मनन गरी सकेसम्म सोही दिन निर्णय दिने। सोही दिन निर्णय दिन नसकिने भएमा कारणसहित निर्णय गरिने समयका बारेमा जानकारी दिने,
- कार्यालयमा भएका रेकर्डहरू जिम्मेवारी तोकी व्यवस्थित राख्ने प्रबन्ध मिलाउने,
- कार्यालयमा सम्पादन गरिएका सम्पूर्ण कार्यहरूका सम्बन्धमा मासिक/चौमासिक/वार्षिक प्रगति प्रतिवेदनहरू निर्धारित समयमै विभागमा उपलब्ध गराउने,
- आफ्नो क्षेत्राधिकारभित्रको सवारी तथा यातायात सम्बन्धी विषयमा विद्यमान स्थिति र गरिनुपर्ने सुधारका सम्बन्धमा विभागमा समय समयमा प्रतिवेदन पेसगर्ने,
- आफ्नो क्षेत्रभित्रको यातायात व्यवस्थापन सम्बन्धमा ट्राफिक प्रहरी, स्थानीय प्रशासन, स्थानीय निकायहरू एवं यातायात व्यवसायीहरूसँग समन्वय राखी आवश्यकता अनुसारको कार्य गर्ने।
- चालक अनुमतिपत्र सम्बन्धी कार्यका सम्बन्धमा :
  - सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालनको कार्यतालिका तयार गरी आफ्नो कार्यालय र विभागको वेभसाइटमा राख्ने व्यवस्था मिलाउने,
  - कार्यालयमा प्रयोग भएका सम्पूर्ण ग्कभच तथा सोको एबककधयचम सुरक्षित ढङ्गले प्रयोग गर्ने व्यवस्था मिलाउने। सोको सम्पूर्ण जिम्मेवारी कार्यालय प्रमुख
    स्वयम्को हुनेछ।
  - परीक्षा समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,
  - विभागबाट प्राप्त प्रश्नपत्रहरू तथा प्रश्नपत्र न्भलभचबतयच क्यातधबचभ को पासवर्ड सुरक्षित राखी आवश्यकता अनुसार प्रयोगमा ल्याउने,
  - कार्यतालिका अनुसार लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालनको व्यवस्था मिलाउने,

- लिखित परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष लगायत जिम्मेवारी तोकी आवश्यकता अनुसार कर्मचारी खटाउने,
- केन्द्राध्यक्षबाट सिफारिस भए बमोजिमको लिखित परीक्षाको नतिजा परीक्षा समितिबाट निर्णय गराई प्रयोगात्मक परीक्षा सञ्चालनको मिति तोक्ने,
- प्रयोगात्मक परीक्षा सञ्चालनका लागि आवश्यकता अनुसार विशेषज्ञ कर्मचारी खटाउने,
- विशेषज्ञ समितिले दिएको सिफारिस अनुसार परीक्षा समितिबाट निर्णय गराई सफ्टवेयरमा उक्त नतिजा प्रविष्ट गर्ने, स्वीकृत गर्ने वा गर्न लगाउने,
- सवारी चालक अनुमतिपत्र जारी गर्ने,
- सवारी चालक अनुमतिपत्रको नवीकरण गर्ने,
- सवारी चालक अनुमतिपत्रको प्रतिलिपि जारी गर्ने,
- विदेशबाट जारी भएका सवारी चालक अनुमतिपत्रको प्रक्रिया पुऱ्याई नेपालीकरण गर्ने,
- कार्यालयबाट दैनिक रूपमा जारी भएका, नवीकरण भएका, प्रतिलिपि प्रदान गरिएका र नेपालीकरण गरिएका सवारी चालक अनुमतिपत्रको अभिलेख राख्ने/राख्न लगाउने,
- कार्यालयबाट जारी भई सो अनुसार विभागबाट प्रिन्ट भई प्राप्त भएका सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) सुरक्षित रूपमा राख्ने र वितरण गर्ने व्यवस्था मिलाउने,
- लिखित र प्रयोगात्मक परीक्षाको नतिजा कार्यालयको वेभसाइटमा राख्ने व्यवस्था मिलाउने,
- विभागबाट EDLVRS System sf] Admin Password प्राप्त गरी सुरक्षित एवं गोपनीय तवरले प्रयोग गर्ने,
- कर्मचारीको जिम्मेवारीअनुसार ग्कभच निर्माण गर्ने, Role Assign गर्ने र सोको अभिलेख राख्ने/राख्न लगाउने,
- कर्मचारीलाई ब्ककष्नल गरिएको च्यभि अनुसार कार्य गरे/नगरेको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने,
- क्थकतभm मा देखिएको कुनै समस्या कार्यालयस्तरबाट समाधान गर्न नसकिएमा कार्यालय प्रमुखले निर्णय गरी विभागमा समाधानका लागि लेखि पठाउने,
- लिखित एवं प्रयोगात्मक परीक्षाको नतिजा सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाउने,
- प्रयोगात्मकस्थल र प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधनको यान्त्रिक अवस्था, सिसिटिभी तथा नेटवर्किङ्गको नियमित रूपमा अनुगमन गरी दुरुस्त अवस्थामा राख्ने/राख्न लगाउने,

कार्यालयमा भएका सवारी चालक अनुमतिपत्रका पुराना अभिलेख क्थकतभ मा भ्लतचथगर्न लगाई रुजुसमेत गराउने,

पुराना ढड्डा र रजिस्टरमा भएका अभिलेखमा कुनै फेरबदल गर्न नसकिने गरी सुरक्षित किसिमले राख्ने व्यवस्था मिलाउने,

कार्यालयमा रहेका नयाँ तथा पुराना सबै अभिलेख चुस्तदुरुस्त रूपमा राख्ने र राख्न लगाउने,

आफू मातहतका सहायक र कार्यालय सहयोगीलाई अनिवार्य रूपमा ढड्डा तथा फाइल बुझ्न लगाउने र कर्मचारीको सरुवा हुँदा अनिवार्य रूपमा बरबुझारथको व्यवस्था गर्न लगाउने,

सवारी चालक अनुमतिपत्रमा भएको जारी मिति, अन्तिम मिति र वर्ग फरक परेमा कार्यालयमा भएको अभिलेखबमोजिम निर्णय गरी क्थकतभ मा अद्यावधिक गर्न लगाउने ।

सवारी साधन सम्बन्धमा

अधिकार प्रत्यायोजन गरिएकामा बाहेक सवारी दर्ता गर्ने,

सवारी साधनको नामसारी गर्ने, सवारी साधनको दर्ता हेरफेर गर्ने, प्रतिलिपि दिने, नवीकरण प्रमाणित गर्ने, कर सङ्कलन गर्ने व्यवस्था मिलाउने,

कार्यालयबाट सवारी सरुवा सहमति दिएको व्यहोरा प्रमाणित गर्ने,

यातायात व्यवस्थापन समितिको बैठक समय समयमा आयोजना गरी सोको दुरुस्त अभिलेख राख्ने र भएका निर्णयहरू सूचना पाटीमा टाँस्न लगाउने,

बाटो इजाजतपत्र प्रदान गर्ने, नवीकरण गर्ने,

ऐन/नियम बमोजिम जरिवाना तोक्ने,

लिलामका सवारी साधनहरू दर्ता प्रयोजनका लागि अन्तिम निर्णय कार्यालय प्रमुख स्वयम्ले गर्नुपर्नेछ ।

सवारी साधनको जाँचपास र प्रदूषण परीक्षण भएको व्यहोरा प्रमाणित गर्ने,

अस्थायी बाटो कायम गर्नुपर्ने भएमा यातायात व्यवस्थापन समितिको बैठक राखी निर्णय गराउने ।

कार्यालयमा प्राप्त राजश्वको म.ले.प. फारामहरूको ढाँचामा अभिलेखहरू राखी प्रमाणित गर्ने र सोको आवधिक प्रतिवेदनहरू तयार गराई प्रमाणित गरी विभाग तथा अन्य सम्बन्धित निकायहरूलाई उपलब्ध गराउने । कार्यालयमा नगद सङ्कलन गरिएको राजश्व सम्भव भएसम्म सोही दिन र सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्न लगाउने । System बाट देखिएको राजश्व र बैंकमा जम्मा भएको राजश्वको दैनिक रूपमा भिडान गरी प्रमाणित गर्ने,

आफ्नो जिम्मामा रहेका कागजात तथा फाइल जिम्मेवारीबाट अलग हुँदा हालवाला कार्यालय प्रमुखलाई अकर्ण बनाई बरबुझारथ गर्ने । आफू कुनै कारणले लामो

समयका लागि कार्यालयमा अनुपस्थित रहँदा त्यस्ता कागजात निमित्त भई काम गर्ने कर्मचारीलाई जिम्मा दिई जाने । कार्यालयमा भएका कागजात फाँटमा काम गर्ने कर्मचारीलाई बुझ्न लगाउने,

- कार्यालयमा नियमित रूपमा स्टाफ बैठक राख्ने, कार्यालयबाट प्रदान गरिने सेवाका सम्बन्धमा सार्वजनिक रूपमा देखिने गरी नागरिक बडापत्र राख्ने, सूचना अधिकारी तोक्ने, गुनासो सुनुवाइ संयन्त्र बनाई समस्या एवं गुनासो व्यवस्थापन गर्ने । कार्यालयको सरसफाइ एवं कार्यालयमा आवश्यकता अनुसार पालोपहरा एवं सुरक्षाको प्रबन्ध मिलाउने,
- आवश्यक सुरक्षा व्यवस्था मिलाउने । जिन्सी सामग्रीको विवरण अद्यावधिक रूपमा राख्ने व्यवस्था मिलाउने,
- कार्यालयबाट प्रदान गरिने सेवा सम्भव भएसम्म एकद्वार प्रणालीबाट प्रदान हुने गरी कार्यालय विन्यास गर्ने ।
- प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसपलाई तोकिएको मापदण्डअनुसार सञ्चालन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने र नियमित रूपमा अनुगमन समेत गर्ने,
- कम्तीमा महिनाको २ पटक सवारी अनुगमन गरी विभागमा प्रतिवेदन समेत पठाउने,
- कार्यालयमा दैनिक रूपमा दाखिला भएको राजश्वको सम्बन्धमा राजश्वको शीर्षक सफ्टवयरसँग भिडान गर्ने,
- कार्यालयमा दाखिला भएको राजश्व र बैंकमा दाखिला भएको राजश्व कम्तीमा साप्ताहिक रूपमा मिलान गर्न लगाउने,
- कार्यालयमा रहेका नयाँ तथा पुराना सबै अभिलेख चुस्त दुरुस्त राख्ने र राख्न लगाउने,
- आफूमातहतका सहायक र कार्यालय सहयोगीलाई अनिवार्य रूपमा ढड्डा तथा फाइल बुझ्न लगाउने र कर्मचारीको सरुवा हुँदा अनिवार्य रूपमा बरबुझारथको व्यवस्था गर्न लगाउने,
- सवारी साधन दर्ता, सवारी चालक अनुमतिपत्र र राजश्वसँग सम्बन्धित विवरण विभागमा महिनाको ३ गते भित्र अनिवार्य रूपमा प्रमाणित गरी पठाउने ।

कार्यालयमा कार्यरत शाखा अधिकृतको जिम्मेवारी :

- कार्यालय प्रमुखको जिम्मेवारीभित्रका कार्यहरूमध्ये कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन गरी सुम्पिएको जिम्मेवारी अनुसार काम गर्ने,
- आफ्नो मातहतका कर्मचारीहरूले गरेको कार्य सम्पादनको समय समयमा निरीक्षण एवं अनुगमन गर्ने,
- कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन नभएका विषयमा फाँटवालाबाट पेस हुन आएका कागजात आफ्नो राय साथ कार्यालय प्रमुख समक्ष सोही दिन पेस गर्ने,

- कार्यालय प्रमुखबाट सुम्पिएका कागजात सुरक्षित राख्ने,
- कार्यालयमा रहेको सेवा केन्द्रमा तोकिएको पालोमा अनिवार्य उपस्थित भई कर चेकजाँच र प्रमाणित गर्ने,
- कार्यालयमा रहेका काउन्टर, टोकन, कर प्रिन्ट, बैंक आदि तोकिएकै समयमा खोल्ने र प्रभावकारी सेवा वितरण गर्ने व्यवस्था मिलाउने,
- सूचना अधिकारी तथा गुनासो सुनुवाइको कार्य गर्ने, कार्यालयमा एकभन्दा बढी शाखा अधिकृत भएमा सबैभन्दा जेष्ठ शाखा अधिकृत सूचना अधिकारी हुने,
- कार्यालय प्रमुखबाट समय समयमा सुम्पिएको जिम्मेवारी एवं निर्देशन बमोजिमका कार्य सम्पन्न गर्ने ।

सवारी दर्ता तथा नामसारी शाखामा कार्यरत फाँटवालाको जिम्मेवारी :

- सवारी दर्ता एवं नामसारीका लागि फाँटमा पेस हुन आएका प्राविधिक प्रतिवेदन सहित समावेश भएका कागजात फाँटवालाले चेक गरी आवश्यक दर्ता दस्तुर, सडक सुधार दस्तुर तथा सवारी साधन कर दाखिला गर्न कार्यालय हाता भित्र रहेको बैकमा रुजु गरी पठाउनुपर्नेछ । तोकिएको सबै दस्तुर तथा कर दाखिला भई आएपछि सवारी दर्ता प्रमाणित गर्नका लागि कार्यालयको तर्फबाट तयार गर्नुपर्ने आवश्यक सम्पूर्ण कागजात तयार गरी फाँटवालाले कार्यालय प्रमुख वा सोका लागि अधिकार प्रत्यायोजन भएको कर्मचारी समक्ष सोही दिनमै पेस गर्नुपर्नेछ ।
- यसरी निर्णय भएका कागजात मध्ये सवारीको दर्ता प्रमाणित फाइल तथा दर्ता रजिस्टर समेत उक्त कार्य गर्ने फाँटवालाले आफ्नो जिम्मामा राखी सवारी दर्ता प्रमाणपत्रमा आवश्यक स्थानहरूमा छापसमेत लगाई सम्बन्धित सवारीधनीलाई तत्काल बुझाउनुपर्नेछ ।
- शाखामा कार्यरत फाँटवालाले आफ्नो जिम्मामा रहने फाइल तथा ढड्डाहरूमा पञ्जिका बनाई सुरक्षित साथ राख्नुपर्नेछ ।
- सवारी दर्ता प्रमाणपत्र नवीकरण/प्रतिलिपिका लागि पर्न आएका निवेदनहरूको लाग्ने दस्तुर एवं सवारी साधन कर दाखिला गर्न लगाई फाँटवालाले सोही दिन कार्यालय प्रमुख वा कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भएको कर्मचारी समक्ष नवीकरण/प्रतिलिपि प्रमाणितका लागि पेस गर्नुपर्नेछ । प्रतिलिपिका लागि माग भएका निवेदन साथ अनिवार्य रूपमा ट्राफिक प्रहरीको सिफारिस पत्र राख्नुपर्नेछ । काठमाडौं उपत्यकाको हकमा ट्राफिक प्रहरी महाशाखा रामशाहपथको सिफारिसपत्र अनिवार्य रूपमा पेस गराउनुपर्नेछ ।
- सवारी धनी प्रमाणपत्रहरू नवीकरण सम्बन्धी निवेदन तथा सोसँग सम्बन्धित कागजात फाँटवालाले सम्बन्धित सवारीको फाइलमा संलग्न गरी राख्नुपर्नेछ र सोको पञ्जिकामा समेत जनाई राख्नुपर्नेछ ।

- प्रत्येक महिनामा कार्यालयबाट सम्पन्न गरिएका कार्यहरूको मासिक प्रगति प्रतिवेदन महिना भुक्तान भएको २ दिन भित्र विभागमा पठाउन पेस गर्नुपर्नेछ ।
- कार्यालयमा नयाँ दर्ता भएका तथा पहिले दर्ता भइसकेका सवारीहरू मध्ये कार्यालय प्रमुखले जिम्मा दिएका सवारीका फाइलमा संलग्न कागजातको पंजिका अनिवार्य रूपमा तयार गरी फाइलसाथ राख्नुपर्नेछ ।

बाटो इजाजतपत्र शाखामा कार्यरत फाँटवालाको जिम्मेवारी :

- निवेदकबाट पर्न आएको निवेदन सम्बन्धमा फाँटवालाले प्राप्त सवारीधनी प्रमाणपत्र, चालु आर्थिक वर्षसम्मको सवारी साधनकर दाखिला गरेको प्रमाणपत्र एवं जाँचपास प्रमाणपत्र, बीमा, कर प्रिन्ट, यातायात व्यवस्था विभागमा पञ्जीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, सङ्गीत रोयल्टी चुक्ता प्रमाणपत्र लगायतका कागजातको रुजु गरी निर्णयका लागि कार्यालय प्रमुख वा कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भएको कर्मचारी समक्ष सोही दिन पेस गर्नुपर्नेछ ।
- बाटो इजाजत पाउने गरी निर्णय भएकामा फाँटवालाले लाग्ने राजश्व दस्तुर बुझाउन लगाई कार्यालयमा खडा गरी राख्नुपर्ने रेकर्डहरू राखी निवेदकलाई सोही दिन बाटो इजाजतपत्र दिई पठाउनुपर्नेछ ।
- बाटो इजाजत नपाउने गरी निर्णय भएकामा फाँटवालाले सो निर्णयको व्यहोरा निवेदकलाई तत्काल जानकारी गराउनुपर्नेछ,
- बाटो इजाजतपत्र नवीकरण गर्न आउने निवेदकहरूको निवेदन, सक्कल इजाजतपत्र, सवारीधनी प्रमाणपत्र, चालु आर्थिक वर्षसम्मको सवारी साधन कर दाखिला गरेको प्रमाणपत्र एवं जाँचपास प्रमाणपत्र लगायतका कागजातको फाँटवालाले रुजु गरी ठीक भएमा निर्णयका लागि कार्यालय प्रमुख वा कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन भएको कर्मचारी समक्ष सोही दिन पेस गर्नुपर्नेछ । निर्णय भई आएपछि लाग्ने राजश्व दस्तुर बुझाउन लगाई सोही दिन नवीकरण गरी पठाउनुपर्नेछ । जरिवाना लाग्ने भएमा सम्बन्धित अधिकारीले निवेदकको निवेदनमै जरिवाना रकम उल्लेख गर्नुपर्नेछ ।
- कार्यालयबाट जारी भएका बाटो इजाजतपत्र सम्बन्धी रेकर्ड किताब तथा दरखास्त निवेदनहरू फाइलमा सिलसिलेवार रूपमा खोजेको बखत भेटिने गरी फाइल गरी पञ्जिका समेत खडा गरी आफ्नो जिम्मामा राख्नुपर्नेछ ।
- आफ्नो क्षेत्रभित्र कायम भएका स्थायी तथा अस्थायी रूटहरूको अद्यावधिक अभिलेख राख्ने ।

प्राविधिक शाखामा कार्यरत फाँटवालाको जिम्मेवारी :

- निवेदकले पेस गरेको कागजातको आधार तथा प्रयोजनका आधारमा कार्यालयमा रहेको रेकड र्अनुसार सवारीको सबै विवरणहरू ठीक भए/नभएको प्राविधिक शाखाका फाँटवालाले सोही दिन सवारीको भौतिक परीक्षण गरी मे. ई. भए निजसँग समेत प्रमाणित गराई सवारी दर्तासम्बन्धी अन्य कार्यका लागि प्राविधिक प्रतिवेदन सहित सवारी दर्ता फाँटमा पठाउनुपर्नेछ ।

- जाँचपासका लागि प्राप्त हुने सवारीहरूको क्रमानुसार सोही दिन सवारीको भौतिक परीक्षण गरी प्रतिवेदन तयार गरी कार्यालय प्रमुख/मे.इ.समक्ष पेस गर्नुपर्नेछ । कार्यालय प्रमुख/मे.इ.बाट जाँचपास प्रमाणित भएपछि सम्बन्धित सवारीधनीलाई तत्काल जाँचपास प्रमाणपत्र दिई पठाउनुपर्नेछ ।
- प्रदूषण परीक्षणका लागि प्राप्त हुने सवारीहरूको क्रमानुसार सोही दिन प्रदूषण परीक्षण गरी सोही दिन प्रतिवेदन तयार गरी कार्यालय प्रमुख/मे.इ.समक्ष पेस गर्नुपर्नेछ । कार्यालय प्रमुख/मे.इ.बाट प्रदूषण परीक्षण प्रमाणित भएपछि सम्बन्धित सवारीधनीलाई तत्काल प्रदूषण परीक्षणको स्टीकर दिई पठाउनुपर्नेछ ।
- प्रत्येक दिन प्राविधिक परीक्षण, प्रदूषण चेक जाँच र जाँचपासका लागि आएका सवारी साधनहरूको विवरण तयार गरी पास, फेल भएको विवरण समेत देखिने गरी चुस्त, दुरुस्त अभिलेख राख्ने र प्रत्येक दिन सोको जानकारी मे.इ.र कार्यालय प्रमुखलाई उपलब्ध गराउनुपर्नेछ ।
- प्राविधिक शाखामा रहने प्राविधिक परीक्षण, जाँचपास एवं प्रदुषण परीक्षण सम्बन्धी निवेदन, दस्तुर बुझाएको भौचर एवं सो सम्बन्धमा खडा भएका सम्पूर्ण रेकर्ड रजिस्टरहरू प्राविधिक शाखामा कार्यरत फाँटवालाले आफ्नो जिम्मामा राख्नुपर्नेछ ।

लेखा शाखामा कार्यरत लेखा अधिकृत/लेखापाल/स.ले.पा. एवं सो शाखामा काम गर्ने अन्य कर्मचारीहरूको जिम्मेवारी :

- सवारी साधनहरूका दस्तुरहरू एवं सवारी साधन कर लगायतका राजश्व दस्तुर बुझाउन आउने व्यक्तिहरूसँग राजश्व रकमको हिसाब गरी राजश्व रकम बुझिलिई सोको प्रमाण दिई पठाउनुपर्नेछ । लेखा शाखामा जम्मा भएको नगद रकम सोही दिन बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ ।
- दैनिक भौचर म.ले.प.फा.नं. १०८ को ढाँचामा खडा भएको लेखा रजिस्टरमा सोही दिन पोस्टिङ्ग गरी लेखा प्रमुख तथा कार्यालय प्रमुख समेतबाट अनिवार्य रूपमा प्रमाणित गराई राख्नुपर्नेछ ।
- कार्यालयमा प्रत्येक महिना दाखिला भएको राजश्वका सम्बन्धमा राजश्वको शीर्षक अनुसार नियमानुसारको मासिक प्रतिवेदन तयार गरी बैंक स्टेटमेन्टसँग भिडाई कार्यालय प्रमुखबाट प्रमाणित गराई सम्बन्धित निकायमा प्रत्येक महिनाको ३ गते भित्र उपलब्ध गराइसक्नुपर्नेछ ।
- कार्यालयमा जम्मा भएका भौचर तथा सवारी धनी आफैँले बैंक दाखिला गरी ल्याएको भौचर अनुसार रकम जम्मा गर्ने सवारीको नम्बर, मिति, रकम र रसिद/बैंक भौचर नम्बर समेत स्पष्ट खुल्ने विवरण दैनिक तयार गरी राख्नुपर्नेछ ।

- सवारी धनी आफैँले बैंक दाखिला गरी ल्याएको बैंक भौचरको दोस्रो प्रति आफैँले बैंकमा गई सङ्कलन गरी ल्याई कार्यालयको रेकर्डसँग प्रत्येक दिन अनिवार्य रूपमा भिडाई राख्नुपर्नेछ। रेकर्ड नभिडेका बैंक भौचरहरूको सम्बन्धमा सम्बन्धित बैंक तथा सवारी धनीसँग तत्काल सम्पर्क गरी हिसाब मिलान गरी राख्नुपर्नेछ।

चालक अनुमतिपत्र (लाइसेन्स) शाखामा कार्यरत फाँटवाला कर्मचारीहरूको जिम्मेवारी :

- दरखास्तवालाले चालक अनुमतिपत्र माग गरी अनलाइन निवेदन दिएमा पेस भएका कागजात रुजु गरी द्यष्कभतचष्अ म्भतबषकि ऋबउतगचभ गर्न पठाउने,
- तोकिएको परीक्षा दस्तुर लिने,
- लिखित परीक्षाको कार्यक्रम तोकी प्रवेशपत्र सम्बन्धित व्यक्तिलाई सोही दिन दिने,
- परीक्षा समितिको निर्णयानुसार चालक अनुमतिपत्र पाउने ठहरिएका व्यक्तिहरूको चालक अनुमतिपत्र र सोसम्बन्धी कार्यालयमा राख्नुपर्ने सम्पूर्ण अभिलेखहरू तयार गरी कार्यालय प्रमुख/अधिकार प्रत्योजन भएको कर्मचारीबाट प्रमाणित गराई स्वीकृत कार्यतालिका अनुसार सम्बन्धित व्यक्तिलाई चालक अनुमतिपत्र दिने,
- चालक अनुमतिपत्र नवीकरण/प्रतिलिपिका लागि आउने सवारी चालकको कार्यालयमा भएको अभिलेख र निजको सवारी चालक अनुमतिपत्र भिडाई पेस गर्ने,
- तोकिए बमोजिमको नवीकरण र प्रतिलिपि बापतको दस्तुर लिने,
- विभागबाट प्रिन्ट भई स्मार्ट कार्ड प्राप्त भएपछि सोको रुजु गरी बुझिलिने र सम्बन्धित सवारी चालकलाई वितरण गरी सोको अभिलेख अनिवार्य रूपमा राख्ने,
- साबिकमा रहेका ढड्डा तथा रजिस्टरहरूलाई सिलसिलेवार नम्बर मिलाई व्यवस्थित गरी राख्ने,

चालक अनुमतिपत्र (लाइसेन्स) शाखामा कार्यरत कम्प्युटर अपरेटरको जिम्मेवारी

- आफूलाई प्राप्त भएको User र Password गोप्य एवं सुरक्षित तवरले प्रयोग गर्ने र सोको प्रयोगको सम्बन्धमा सम्पूर्ण जिम्मेवारी लिने,
- आफ्नो Password समय समयमा परिवर्तन गरी सोको सुरक्षा गर्ने,
- नयाँ सवारी चालक अनुमतिपत्र लिन आएका दरखास्तवालाहरूको Biometric म्भतबषकि Capture गर्ने, फोटो प्रस्टसँग बुझिने गरी खिच्ने, व्यक्तिगत विवरण सही किसिमले Entry गर्ने,
- दरखास्तवालाको कुनै विवरण फरक परेमा सोको जिम्मेवारी लिने,
- लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा Entry गर्दा चेकलिस्टसँग कुनै पनि विवरण फरक नपार्ने,
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्न र प्रतिलिपि लिन आएका सवारी चाकललाई ढड्डा प्रिन्ट गरेर दिने, सवारी चालक अनुमतिपत्रमा उल्लेख भएको वर्ग

र System मा भएको वर्ग भिडान नभएमा यसको जानकारी आफूभन्दा माथिको कर्मचारीलाई जानकारी गराई निर्णयानुसार गर्ने ।

चिकित्सकको जिम्मेवारी

नयाँ सवारी चालक अनुमतिपत्रको दरखास्त दिन आउने, वर्ग थप र नवीकरण गर्न आउने दरखास्तवाला/सवारी चालकलाई निम्नबमोजिम निरोगिताको परीक्षण गरी चालक अनुमतिपत्र प्राप्त गर्न योग्य भएमा सफ्टवयरमा जनाउने :

- छारे रोग नभएको वा नबौलाएको वा एकाएक रिङ्गटा लाग्ने वा मुर्छा हुने किसिमको रोग नभएको,
- आँखाको देख्ने शक्ति कमजोर भई चस्मा प्रयोग गर्दा सामान्य तवरले देख्ने शक्ति ठीक भएको,
- साधारण ध्वनिसङ्केत, आवाज सुन्न सक्ने गरी बहिरो नभएको,
- रातो, हरियो, पहेँलो इत्यादि रङ्गहरू तुरुन्त छुट्याउन नसक्ने गरी (Colour Blind) दृष्टिदोष नभएको,
- रतन्धो नभएको,
- दुवै हात खुट्टा शक्तिहीन नभएको,
- दुवै आँखा भएको,

शारीरिक रूपमा कमजोर देखिएका अङ्गहरूको चेकजाँच गरी सवारी चलाउने अङ्गहरू सवारी चालकको लागि सक्षम देखिएमा चालक अनुमतिपत्र लिने प्रक्रियामा निवेदकलाई सोही व्यहोराको सिफारिस कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।

## कार्यालयहरूबाट गरिने सेवाप्रवाह

सवारी दर्ता फाँट :

(क) सवारी दर्ता :

- सुरुदर्ताका लागि निर्देशिकाको परिच्छेद-३ को प्रकरण ११.१.१, सरुवा दर्ताको लागि प्रकरण ११.१.३ र हेरफेर दर्ताको लागि प्रकरण ११.१.४ बमोजिमका सम्पूर्ण कागजातसहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुख/शाखा अधिकृतले सवारीको प्राविधिक परीक्षणका लागि तत्काल प्राविधिक शाखामा पठाउने,
- प्राविधिक शाखाले सोही दिन सवारीको भौतिक परीक्षण गरी प्राविधिक विवरण ठीक भएमा च्यासिस नम्बर र इन्जिन नम्बरको फोटो समेत प्रमाणित गरी सवारी ठीक भएको व्यहोरा प्रमाणित गरी सम्बन्धित फाँटमा पठाउने । यसरी सवारी परीक्षण गर्दा प्राविधिक रूपमा उपयुक्त नदेखिएमा दर्ता गर्न नसकिने व्यहोरा उल्लेख गरी फिर्ता पठाउने,
- सवारी दर्ता फाँटका फाँटवालाले पेस भएका कागजात रुजु भिडान गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने राजश्व (कर, दस्तुर) को बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउने,

- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्ड फाइल, सवारी दर्ता रजिस्टर र सवारी दर्ता किताबमा भर्नुपर्ने विवरणहरू भरी सवारी दर्ता प्रमाणपत्र समेत तयार गरी कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्ने ।
- सवारी दर्ता गर्दा सम्बन्धित सवारीको तेस्रोपक्ष बीमा अनिवार्य रूपमा गरिएको हुनुपर्नेछ ।
- कार्यालय प्रमुख वा निजले प्रत्यायोजन गरेको अधिकार बमोजिम अधिकृतले कागजात परीक्षण गरी दर्ता गरिदिनु पर्नेछ ।
- दर्ता प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्ड फाइल तथा दर्ता रजिस्टरसमेत आफ्नो जिम्मामा सुरक्षित राखी सवारी दर्ता प्रमाणपत्रमा कार्यालयको छाप लगाई सवारीधनीलाई सवारी दर्ता किताब बुझाउनुपर्नेछ ।

(ख) <u>सवारी नामसारी</u> :

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.६ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि नामसारी गर्न ल्याएको सवारीको प्राविधिक परीक्षणका लागि अनिवार्य रूपमा प्राविधिक शाखामा पठाउने,
- प्राविधिक शाखाले नामसारी गर्न ल्याएको सवारीको तत्काल भौतिक परीक्षण गरी प्राविधिक विवरण ठीक भएमा सो प्रमाणित गरी अन्य कार्यका लागि सम्बन्धित फाँटमा पठाउने,
- फाँटवालाले पेस भएका कागजात रुजु भिडान गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने राजश्व (कर, दस्तुर) को बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउने,
- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा भएको रेकर्ड फाइल र सवारी दर्ता रजिस्टरमा विक्री गर्ने र खरिद गर्नेको विवरणहरू भरी निजहरूलाई दस्तखत गराई सवारीधनीलाई दिइ पठाउनुपर्ने तथा सवारी दर्ता प्रमाणपत्रमा नामसारीका महलमा आवश्यक विवरणहरू भरी कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।
- कुनै सवारी धनी आँफू उपस्थित हुन नसकेमा अधिकृत वारेसनामाका आधारमा वारेस प्राप्त व्यक्ति वा विदेशमा बसोबास गरिरहेको सवारी धनी भए सम्बन्धित देशमा भएको नेपाली दूतावास/नियोग/महावाणिज्य दूतावासबाट प्रमाणित सक्कलै मञ्जुरीनामाका आधारमा नामसारी गर्न सकिनेछ ।
- कुनै पनि सवारी नामसारी गर्नुपूर्व उक्त सवारीको नामसारी रोक्का गर्न अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता अनुसन्धान गर्ने निकायहरूबाट लेखी आए/नआएको समेत हेरी नआएको भए नामसारी गर्नुपर्नेछ,
- सवारी नामसारी गर्दा सम्बन्धित सवारीको तेस्रो पक्ष बीमा अनिवार्य रूपमा गरिएको हुनुपर्नेछ ।

- यदि कुनै सवारी धनी अशक्त, अपाङ्ग र कारागारमा बन्दी अवस्थामा रहेको अवस्थामा कुनै सवारीको नामसारी गर्नुपरेमा सवारी विक्री गर्ने व्यक्तिले तोकिएको दस्तुर सहित निवेदन गरेमा कार्यालय प्रमुखको आदेशले डोर खटाउन सक्नेछ । डोरमा खटिई जाने कर्मचारीले सम्बन्धित व्यक्तिलाई आवश्यक कागजातमा सहीछाप गराई प्रमाणित गरी नामसारीका लागि कार्यालयमा पेस गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख वा निजले प्रत्यायोजन गरेको अधिकार बमोजिम अधिकृतले कागजात परीक्षण गरी सवारी विक्री गर्ने र खरिद गर्ने व्यक्तिको उपस्थितिमा सवारी नामसारी गरिदिनु पर्नेछ ।
- नामसारी प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्ड फाइल पञ्जिका बनाई दर्ता रजिस्टर समेत आफ्नो जिम्मामा सुरक्षित राखी सवारी दर्ता प्रमाणपत्रमा कार्यालयको छाप लगाई सोही दिन सवारीधनी (खरिदकर्ता) लाई बुझाई दिनुपर्नेछ ।

(ग) <u>सवारी दर्ता प्रमाणपत्र नवीकरण</u> :

- निर्देशिकाको परिच्छेद-३ को प्रकरण ११.१०/११.११ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले नवीकरणका लागि नियमानुसार लाग्ने सवारी कर, नवीकरण दस्तुर आदि राजश्व बुझाउन लगाउने,
- फाँटवालाले पेस भएका कागजात रुजु भिडान गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने राजश्व (कर, दस्तुर) को बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउने,
- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा भएको रेकर्ड फाइल र सवारी दर्ता रजिस्टरमा आवश्यक विवरणहरू भरी तथा सवारी धनीलाई दिई पठाउनुपर्ने सवारी दर्ता प्रमाणपत्रमा नवीकरण गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको कर्मचारीले कागजात परीक्षण गरी सवारी दर्ता किताबमा नवीकरण गरिदिनु पर्नेछ ।
- सवारी नवीकरण गर्दा सम्बन्धित सवारीको तेस्रो पक्ष बीमा अनिवार्य रूपमा गरिएको हुनुपर्नेछ ।
- नवीकरण प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्ड फाइल तथा दर्ता रजिस्टरसमेत आफ्नो जिम्मामा सुरक्षित राखी सवारी दर्ता प्रमाणपत्रमा कार्यालयको छाप लगाई सवारीधनीलाई बुझाई पठाउनु पर्नेछ ।

(घ) <u>सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि</u> :

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.९ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुख/शाखा अधिकृतले प्रतिलिपिका लागि सम्बन्धित सवारी दर्ता फाँटमा पठाउनुपर्नेछ ।

- सवारी दर्ता किताब हराएको वा नासिएको भए ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन गर्नुपर्नेछ ।
- सवारी दर्ता किताब झुत्रो भएको वा नबुझिने भई प्रतिलिपि लिनुपर्ने भएमा सम्बन्धित सवारीधनीले आफ्नो झुत्रो सवारी दर्ता किताब समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।
- सवारी फाँटका फाँटवालाले पेस भएका कागजात रुजु भिडान गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने सवारी कर, प्रतिलिपि दस्तुर लगायतका राजश्व बुझाउन बैंकमा जम्मा गरेको भौचरपेस गरी रसिद काट्न लगाउनुपर्नेछ ।
- सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि जारी गर्नुपूर्व उक्त सवारीको सवारी कर लगायत लाग्ने सम्पूर्ण राजश्व तिरेको हुनुपर्नेछ ।
- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा भएको रेकर्ड फाइल र सवारी दर्ता रजिस्टरमा भएका विवरणहरू सवारी दर्ता प्रमाणपत्रमा भरी तथा सवारीको रेकर्ड फाइल र सवारी दर्ता रजिस्टरमा समेत प्रतिलिपि जारी भएको व्यहोरा जनाई, सवारी दर्ता प्रमाणपत्रको सिलसिलेवार नम्बर ढड्डामा जनाई कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको कर्मचारीले कागजात परीक्षण गरी सवारी दर्ता किताबको प्रतिलिपि जारी गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको कर्मचारीले पेस भएका कागजात हेरी जाँचीसवारी दर्ता रजिस्टर र रेकर्ड फाइलमा प्रतिलिपि दिएको व्यहोरा प्रमाणित गर्नुका साथै सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गर्नुपर्नेछ ।
- सवारी दर्ता प्रमाणपत्र प्रतिलिपि प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्ड फाइल तथा दर्ता रजिस्टर समेत आफ्नो जिम्मामा सुरक्षित राखी सवारी दर्ता प्रमाणपत्रमा कार्यालयको छाप लगाई सवारीधनीलाई बुझाई पठाउनुपर्नेछ ।

### सवारीको जाँचपास (प्राविधिक परीक्षण)

(क) सवारीको जाँचपास

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.२ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले सवारीको प्राविधिक परीक्षण गर्न सम्बन्धित शाखामा पठाउने,
- सवारी जाँचपास फाँटका फाँटवालाले पेस भएका कागजातको रुजु भिडान गरी कार्यालयमा ल्याएको सवारीको भौतिक परीक्षण गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने राजश्व जाँचपास दस्तुर बुझाउन बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउने,

- कार्यालयमा जाँचपासका लागि ल्याएको सवारी साधनको भौतिक परीक्षण गर्दा जाँचपास गर्न उपयुक्त नदेखिएमा त्यस्ता फेल भएका सवारी साधनको रेकर्ड सवारी परीक्षण गर्ने प्राविधिक शाखाका फाँटवालाले आफ्नो जिम्मामा सुरक्षित रजिस्टरमा जनाई राख्नुपर्नेछ। जाँचपासमा फेल भएका सवारी साधनहरूलाई सवारी मर्मत गरी जाँचपास गर्न ल्याउन लगाउने गरी फिर्ता पठाउने,
- नियमानुसार लाग्ने सम्पुर्ण राजश्व रकम दाखिला भई आएपछि कार्यालय प्रमुख वा अधिकार प्रत्यायोजन भएका अधिकृतले आफूसमक्ष पेस भएका कागजात हेरी जाँचपास कायम रहने मितिसमेत तोकी जाँचपास प्रमाणपत्र प्रमाणित गरिदिनुपर्नेछ । यसरी जाँचपास प्रमाणपत्र जारी गर्दा सोको अभिलेख कार्यालयको रेकर्डमा समेत राख्नुपर्नेछ ।
- जाँचपासका लागि सार्वजनिक सवारीको भौतिक परीक्षण गर्दा उक्त सवारीको प्रयोजन (रात्री, डिलक्स, सुपर डिलक्स, स्तरीय सेवा इत्यादि) अनुसार छ/छैन सोसमेत निरिक्षण गर्नुपर्दछ। सोअनुसार नदेखिएमा उक्त सेवाबाट हटाउन सिफारिस गर्नुपर्नेछ ।
- जाँचपास प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले जाँचपासको सम्पूर्ण विवरण कार्यालयमा राख्नुपर्ने रेकर्ड रजिस्टरमा उतार गरी आफ्नो जिम्मामा सुरक्षित राखी जाँचपास प्रमाणपत्र र सवारी दर्ता प्रमाणपत्रमा जनाई कार्यालयको छाप लगाई तत्काल सवारीधनीलाई बुझाउनुपर्नेछ।

(ख) <u>सवारीको जाँचपासको प्रतिलिपि</u> :

- सवारी जाँचपासको प्रमाणपत्र हराएको वा नासिएको भए ट्राफिक प्रहरी कार्यालयको सिफारिससहित सम्बन्धित सवारीधनीले निवेदन गर्नुपर्नेछ।
- सवारी जाँचपासको प्रमाणपत्र झुत्रो भएको वा नबुझिने भई प्रतिलिपि लिनुपर्ने भएमा सम्बन्धित सवारी धनीले आफ्नो झुत्रो सवारी जाँचपास प्रमाणपत्रसमेत संलग्न गरी निवेदन दिनुपर्नेछ।
- प्रकरण १ र २ बमोजिम प्रतिलिपि माग गरेमा नियमानुसार लाग्ने राजश्व लिई सम्बन्धित सवारी धनीलाई सवारी जाँचपासको प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

सवारीको प्रदूषण परीक्षण

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.३ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुख/मेकानिकल इन्जिनियरले सवारी प्रदूषण परीक्षण गर्न सम्बन्धित शाखामा पठाउने,
- सवारी प्रदूषण परीक्षण फाँटका फाँटवालाले पेस भएका कागजातको रुजु भिडान गरी तोकिएको दस्तुर बुझाउन लगाउनुपर्नेछ।

- कार्यालयमा प्रदूषण परीक्षणका लागि ल्याएको सवारी साधनको प्रदूषण परीक्षण गर्दा निर्धारित मापदण्डभित्र नपरेको सवारी साधनको रेकर्ड सवारी प्रदूषण परीक्षण गर्ने फाँटवालाले आफ्नो जिम्मामा सुरक्षित रजिस्टरमा जनाई राख्नुपर्नेछ । यस्ता फेल भएका सवारी साधनहरूलाई बढीमा ७ दिनको समय दिई आवश्यक सुधार गरी ल्याउने कबुलियत गराई पठाउनुपर्नेछ ।
- प्रदूषण मापदण्डभित्र परेको सवारीका सम्बन्धमा फाँटवालाले सवारीधनीलाई हरियो स्टिकरमा म्याद र विवरण उल्लेख गरी सवारी दर्ता प्रमाणपत्रको प्रदूषण परीक्षणको महलमा समेत आवश्यक विवरणहरू भरी प्रदूषण परीक्षणको स्टीकर कार्यालय प्रमुख/मे.इ.समक्ष पेस गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख/मेकानिकल इन्जिनियरले आफूसमक्ष पेस भएका कागजात हेरी जाँचीसवारी दर्ता प्रमाणपत्र र प्रदूषण परीक्षण स्टीकरमा समेत प्रमाणित गरी दिनुपर्नेछ,
- प्रदूषण परीक्षण प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले प्रदूषण परीक्षणको सम्पूर्ण विवरण कार्यालयको रेकर्ड रजिस्टरमा स्टीकरको सिलसिलेवार नम्बर सिलसिलेवार रूपमा उतार गरी अनिवार्य रूपमाआफ्नो जिम्मामा सुरक्षित राखी सवारी दर्ता प्रमाणपत्रमा कार्यालयको छाप लगाई तत्काल प्रदूषण परीक्षणको स्टीकर सम्बन्धित सवारीमा टाँस गरिदिनुपर्नेछ ।

### बाटो इजाजतपत्र

(क) नयाँ बाटो इजाजतपत्र

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.४ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले बाटो इजाजतपत्र सम्बन्धी आवश्यक कार्यका लागि तत्काल सम्बन्धित फाँटमा पठाउनुपर्नेछ ।
- बाटो इजाजतपत्र फाँटका फाँटवालाले पेस भएका कागजातहरूको रुजु भिडान गरी सम्बन्धित सवारी धनीलाई नियमानुसार लाग्ने राजश्व (कर, दस्तुर) को बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउनुपर्नेछ ।
- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा राख्नुपर्ने आवश्यक रेकर्ड तथा सवारी धनीलाई दिनुपर्ने बाटो इजाजतपत्र समेतमा भर्नुपर्ने विवरणहरू भरी कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।
- सम्बन्धित फाँटवालाले कागजात परीक्षण गरी सिफारिस सहित बाटो इजाजतपत्र प्रमाणितका लागि कार्यालय प्रमुख वा कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन गरेको अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।
- कार्यालय प्रमुख वा कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन गरेको अधिकृतले आफू समक्ष पेस भएका कागजात हेरी जाँची ठीक भएमा बाटो इजाजतपत्र जारी गरिदिनुपर्नेछ ।

- बाटो इजाजतपत्र प्रमाणित भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने कागजातको रेकर्ड तथा बाटो इजाजतपत्र दर्ता रजिस्टर समेत आफ्नो जिम्मामा सुरक्षित राखी बाटो इजाजतपत्रमा कार्यालयको छाप लगाई सवारीधनीलाई बुझाई पठाउनुपर्नेछ ।
- कार्यालयमा पटके बाटो इजाजतपत्र माग गर्न जुनसुकै बखत पनि आउन सक्ने सार्वजनिक सवारीहरूलाई नियमानुसार लाग्ने दस्तुर लिई बाटो इजाजत दिने व्यवस्थाका लागि फाँटका कर्मचारीहरूमध्ये आलोपालो गरी चौबिसै घण्टा कार्यालयमा उपस्थित रहने व्यवस्था गरी पटके बाटो इजाजतपत्र तत्काल जारी हुने व्यवस्था कार्यालय प्रमुखले मिलाई राख्नुपर्नेछ ।
- पटके बाटो इजाजतपत्रको लागि कार्यालय प्रमुखले आवश्यक रसिदहरू छपाई, रसिद नियन्त्रण खातामा अभिलेख जनाई रसिदमा कि.मि. र रकम समेतका विवरण अनिवार्य रूपमा भर्न लगाई रसिद जारी गर्नुपर्नेछ ।
- रुट इजाजतपत्र लिएका सार्वजनिक सवारी साधनहरूलाई मात्र पटके बाटो इजाजत पत्र जारी गर्नुपर्नेछ । तर नयाँ दर्ता हुन आउने वा भएका सार्वजनिक सवारी साधनहरूलाई एक पटकका लागि व्यहोरा उल्लेख गरी निर्धारित स्थानसम्म जान पटके बाटो इजाजतपत्र दिन सकिनेछ ।
- विदेशमा दर्ता भई नेपाल प्रवेश गर्न चाहने सवारीहरूलाई नियमानुसार लाग्ने दस्तुर लिई तत्काल अस्थायी (पटके) बाटो इजाजत जारी गर्ने व्यवस्था कार्यालय प्रमुखले मिलाउनुपर्नेछ ।

(ख) बाटो इजाजतपत्र नवीकरण र प्रतिलिपि :

- निर्देशिकाको परिच्छेद ३ को प्रकरण ११.८ बमोजिमका सम्पूर्ण कागजात सहितको निवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले बाटो इजाजतपत्रको नवीकरणका लागि आवश्यक कार्य गर्न तत्काल सम्बन्धित फाँटमा पठाउनुपर्नेछ ।
- बाटो इजाजतपत्र फाँटका फाँटवालाले पेस भएका कागजात रुजु भिडान गरी सम्बन्धित सवारीधनीलाई नियमानुसार लाग्ने राजश्व (कर, दस्तुर) बैङ्कमा जम्मा गरेको भौचर पेस गरी रसिद काट्न लगाउने,
- नियमानुसार लाग्ने सम्पूर्ण राजश्व रकम दाखिला भई आएपछि फाँटवालाले कार्यालयमा राख्नुपर्ने आवश्यक रेकर्ड तथा सवारी धनीलाई दिनुपर्ने बाटो इजाजतपत्र समेतमा भर्नुपर्ने विवरणहरू भरी कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।
- सम्बन्धित फाँटवालाले कागजात परीक्षण गरी सिफारिस सहित बाटो इजाजतपत्र नवीकरणका लागि कार्यालय प्रमुख वा कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन गरेको अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।

कार्यालय प्रमुख वा कार्यालय प्रमुखले अधिकार प्रत्यायोजन गरेको अधिकृतले आफूसमक्ष पेस भएका कागजात हेरी जाँची ठीक भएमा बाटो इजाजतपत्र नवीकरण गरिदिनुपर्नेछ ।

बाटो इजाजतपत्र नवीकरण भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने कागजातको रेकर्ड तथा बाटो इजाजतपत्र दर्ता रजिस्टर समेत आफ्नो जिम्मामा सुरक्षित राखी बाटो इजाजतपत्रमा नवीकरणको व्यहोरा जनाई कार्यालयको छाप लगाई सवारीधनीलाई बुझाई दिनुपर्नेछ,

बाटो इजाजतपत्रको प्रमाणपत्र हराएको वा नासिएको भए ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन गर्नुपर्नेछ ।

बाटो इजाजतपत्रको प्रमाणपत्र झुत्रो भएको वा नबुझिने भई प्रतिलिपि लिनुपर्ने भएमा सम्बन्धित सवारीधनीले आफ्नो झुत्रो सवारी दर्ता किताब समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।

प्रकरण ७ र ८ बमोजिम प्रतिलिपि माग गरेमा नियमानुसार लाग्ने राजश्व लिई, सम्पूर्ण कर, राजश्व, जरिवाना असुल गरी, सङ्गीत रोयल्टी चुक्त प्रमाणपत्र पेस भएपछि सम्बन्धित सवारीधनीलाई बाटो इजाजतपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

सवारी चालक अनुमतिपत्र

(क) नयाँ सवारी चालक अनुमतिपत्र

१ निर्देशिकाको परिच्छेद ४ को प्रकरण १२.३ बमोजिमका सम्पूर्ण कागजात सहितको नयाँ चालक अनुमतिपत्रका लागि निवेदन पर्न आएमा सम्बन्धित फाँटवालाले सफ्टवेयरमा निवेदन दर्ता गर्न सफ्टवेयरमा तोकिएबमोजिम व्यक्ति उपस्थित भई दर्ताको प्रक्रियामा सामेल हुनुपर्नेछ । यसरी दर्ता भइसकेपछि उक्त सवारी चालक अनुमतिपत्रको परीक्षाको मिति र समय कार्यालय प्रमुखले तोकी सोको जानकारी सम्बन्धित परीक्षार्थीलाई दिई निजलाई प्रवेशपत्र समेत दिनुपर्नेछ ।

२. तोकिएको मितिमा लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ । लिखित परीक्षा समाप्त भएको सामान्यतया ३ दिन भित्र सो परीक्षाको नतिजा कार्यालयको वेभसाइट र सूचनापाटीमा टाँस गर्नुपर्नेछ । लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा प्रयोगात्मक परीक्षाको मिति, समय र स्थान समेत तोक्नुपर्नेछ ।

३. लिखित परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरूको तोकिएको समयभित्र प्रयोगात्मक परीक्षा लिइसक्नुपर्नेछ ।

प्रयोगात्मक परीक्षा सम्पन्न भएको ३ दिनभित्र सोको नतिजा कार्यालयको वेभसाइट र सूचनापाटीमा टाँस गर्नुपर्नेछ ।

प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका निवेदकहरूलाई परीक्षाफल प्रकाशित भएपछि ट्रायल परीक्षामा उत्तीर्ण भएको मितिले सो आर्थिक वर्षभित्र सवारी चालक अनुमतिपत्रका लागि लाग्ने दस्तुर दाखिला गर्न लगाउनु पर्नेछ । परीक्षाको राजस्व दाखिला गर्न नभ्याउने भएमा प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको २० गतेदेखि ऐ. मसान्तसम्म सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा संचालन नगर्न सकिनेछ

।

राजश्व दाखिला भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्डहरू आफ्नो जिम्मामा सुरक्षित राखी नियमानुसार चालक अनुमतिपत्र दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) सवारी चालक अनुमतिपत्रमा वर्ग थप गर्नेः

सवारी चालक अनुमति पत्र लिइसकेको व्यक्तिले आफ्नो सवारी चालक अनुमतिपत्रमा वर्ग थप गर्न चाहेमा निर्देशिकाको परिच्छेद ४ को प्रकरण १२.१३ बमोजिम कुन वर्ग थप गर्न चाहेको हो सो व्यहोरा खुलाई निवेदन दिनुपर्नेछ ।

सम्बन्धित फाँटवालाले सफ्टवेयरमा निवेदन दर्ता गर्न सफ्टवेयरमा तोकिए बमोजिम व्यक्ति उपस्थित भई दर्ताको प्रक्रियामा सामेल हुनुपर्नेछ । यसरी दर्ता भइसकेपछि उक्त सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको मिति र समय कार्यालय प्रमुखले तोकि सोको जानकारी सम्बन्धित परीक्षार्थीलाई दिई निजलाई प्रवेशपत्र समेत दिनुपर्नेछ ।

कार्यालयले तोकेको समयमा प्रयोगात्मक परीक्षा लिनुपर्नेछ ।

प्रयोगात्मक परीक्षा सम्पन्न भएको ३ दिन भित्र सोको नतिजा कार्यालयको वेभसाइट र सूचनापाटीमा टाँस गर्नुपर्नेछ ।

प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका निवेदकहरूलाई परीक्षाफल प्रकाशित भएपछि ट्रायल परीक्षामा उत्तीर्ण भएको मितिले सो आर्थिक वर्षभित्र सवारी चालक अनुमतिपत्रका लागि लाग्ने दस्तुर दाखिला गर्न लगाउनुपर्नेछ ।

राजश्व दाखिला भई आएपछि सम्बन्धित फाँटवालाले कार्यालयमा राख्नुपर्ने रेकर्डहरू आफ्नो जिम्मामा सुरक्षित राखी नियमानुसार चालक अनुमतिपत्र दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) सवारी चालक अनुमतिपत्र नवीकरण तथा प्रतिलिपिः

चालक अनुमतिपत्र नवीकरण तथा प्रतिलिपिका लागि निवेदन प्राप्त भएमा अभिलेख एकिन गरी लाग्ने दस्तुर लिई नवीकरण तथा प्रतिलिपि जारी गर्नुपर्नेछ ।

जुन कार्यालयबाट सवारी चालक अनुमतिपत्र जारी भएको हो सोही कार्यालयबाट मात्र प्रतिलिपि जारी गर्ने कार्य गर्नुपर्नेछ ।

## कार्यालयको अभिलेख व्यवस्थापन

### कार्यालयहरूको अभिलेख जिम्मेवारीको विवरण

(क) कार्यालय प्रमुखको जिम्मामा रहनुपर्ने कागजातः

दर्ता हुन आउने सम्पूर्ण सवारीहरूको सक्कल भन्सार प्रज्ञापनपत्र र रसिद,

विभागबाट प्राप्त भएका निर्णय फाइल, निर्देशन सम्बन्धी पत्र र परिपत्रहरू,

गोप्य जनिएका कागजात एवं फाइलहरूमध्ये कार्यालय प्रमुख आफैँले राख्नुपर्ने ठहऱ्याएका कागजात एवं फाइल,

कार्यालयका कर्मचारीहरूको कार्य विभाजन, बरबुझारथ तथा अधिकार प्रत्यायोजन भएका कागजात,

यातायात व्यवस्थापन समितिको माइन्युट, कार्यालयको स्टाफ मिटिङ्ग र अन्य मिटिङ्गका माइन्युटहरू र कार्यालयको निरीक्षण पुस्तिका,

उजुरी पेटिकामा परेको उजुरी र कार्यालयमा अन्य तवरबाट प्राप्त उजुरी निवेदन तथा त्यसको कार्यान्वयन स्थितिको विवरण,

सवारी चालक अनुमतिपत्रका लागि लिइने लिखित परीक्षाका प्रश्नपत्रहरू,

कार्यालयले गरेको अनुगमन सम्बन्धी विवरण,

मासिक, चौमासिक तथा वार्षिक प्रगति विवरणहरू,

कार्यालयको दरबन्दी तथा सङ्गठन संरचनासम्बन्धी विवरणहरू,

कर्मचारीहरूलाई गरिएको विभागीय कारवाही सम्बन्धी विवरण,

सवारी चालक अनुमतिपत्र परीक्षा समितिबाट भएको परीक्षाको नतिजा सम्बन्धी निर्णय माइन्युट बुक,

अन्य आवश्यक कागजात ।

(ख) शाखा अधिकृतको जिम्मामा रहने कागजात :

उप सचिव कार्यालय प्रमुख भएका कार्यालयहरूमा कार्यालय प्रमुखले आफ्नै जिम्मामा राख्न तोकिएका उपर्युक्त कागजात मध्ये लिखित रूपमा तोकी जिम्मामा दिएका कागजात,

लिलाम भएका सवारीहरूको नामसारीका लागि लिलाम गर्ने निकायबाट दर्ता नामसारीका लागि लेखिएका पत्रका प्रतिलिपि,

सवारीको नामसारी, सरुवा दर्ताका लागि दिइएको सरुवा सहमति तथा अन्य कार्यालयबाट सरुवा सहमति लिई दर्ता हुन आउने सवारीहरूको अभिलेख रजिस्टर,

सवारी दर्ता तथा नामसारी सम्बन्धी भएका विभिन्न निर्णयका प्रतिलिपि र परिपत्रहरू,

बाटो इजाजतसम्बन्धी भएका विभिन्न निर्णयका प्रतिलिपि र परिपत्रहरू ।

(ग) सवारी दर्ता तथा नामसारी फाँटका फाँटवालाको जिम्मामा रहने कागजात :

सवारी दर्ताको लागि पेस भएका कागजात र सोको अद्यावधिक विवरण समावेश भएका सवारीका फाइलहरूमध्ये आफ्नो फाँटमा दर्ता भएका सवारीका फाइलहरू र सोको ढड्डा तथा रजिस्टरहरू, कुन कुन कर्मचारीहरूको जिम्मामा के के कागजात रहने भनी कार्यालय प्रमुखले तोकि दिएका सवारीका कागजात,

फाँटको प्रयोगका लागि बुझिलिएका सवारी दर्ता प्रमाणपत्र,

- सवारी दर्ता, नामसारी, रोक्का, कारवाही आदिसँग सम्बन्धित विभिन्न कागजात र पत्रहरू,
- सवारी दर्ता तथा नामसारी सम्बन्धी भएका विभिन्न निर्णयका प्रतिलिपि र परिपत्रहरू ।

(घ) बाटो इजाजत फाँटका फाँटवालाको जिम्मामा रहने कागजात :

- बाटो इजाजतका लागि प्राप्त निवेदन र सोसँग संलग्न गरिएका कागजात,
- बाटो इजाजतपत्र जारी गर्दा खडा भएका रजिस्टर (ढड्डा),
- फाँटमा प्रयोगका लागि स्टोर शाखाबाट बुझिलिएको बाटो इजाजत प्रमाणपत्र,
- बाटो इजाजत सम्बन्धी भएका विभिन्न निर्णयका प्रतिलिपि र परिपत्रहरू,
- स्थायी र अस्थायी रुटहरूका सम्पूर्ण विवरणहरू ।

(ङ) प्राविधिक शाखाका फाँटवालाको जिम्मामा रहने कागजात :

- सवारीको प्राविधिक परीक्षण, जाँचपास र प्रदूषण परीक्षण गराउन पेस भएका कागजात,
- सवारीको प्राविधिक परीक्षण, जाँचपास र प्रदूषण परीक्षण गर्दा कार्यालयबाट खडा भएका रेकर्ड एवं रजिस्टरहरू,
- सवारीको प्राविधिक परीक्षण, जाँचपास र प्रदूषण परीक्षण सम्बन्धी भएका विभिन्न निर्णयका प्रतिलिपि र परिपत्रहरू,
- पत्रु गरिएका सवारी साधनका इन्जिन र च्यासिस नम्बर भएको काटिएका प्लेटहरू र फोटोहरू,
- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन एवं व्यवस्थापनसँग सम्बन्धित निर्णयका प्रतिलिपि र परिपत्रहरू ।

(च) लेखा शाखामा कार्यरत फाँटवालाको जिम्मामा रहने कागजात :

- लेखाशाखाबाट काटिएका नगदी रसिदहरूका कार्यालय प्रति,
- महालेखापरीक्षकको ढाँचामा खडा गरिएका राजश्व लेखासम्बन्धी लेजरहरू,
- विभाग र मातहत कार्यालयका लेखापरीक्षण प्रतिवेदनहरू,
- कायम भएका बेरुजु तथा बेरुजु फछ्र्यौट सम्बन्धी कागजात,
- कार्यालयको खर्चसम्बन्धी कागजात तथा लेजरहरू,
- लेखा शाखाको प्रयोगका लागि स्टोर शाखाबाट प्राप्त नगदी रसिदहरू,
- मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरू,
- कर एवं दस्तुरहरू तिरेको रसिद सच्याउँदाको माइन्युट र निवेदन सहितको विवरण,
- लेखा शाखासँग सम्बन्धित विभिन्न निर्णयको प्रतिलिपिहरू तथा परिपत्रहरू ।

(छ) सवारी चालक अनुमतिपत्र शाखामा कार्यरत फाँटवालाको जिम्मामा रहने कागजात :

- लिखित परीक्षाको उत्तरपुस्तिका समेतका कागजात,

- प्रयोगात्मक परीक्षाको चेकलिस्ट (पासफेलको विवरण),
- परीक्षा समितिबाट निर्णय भई नतिजा प्रकाशन भएको लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजाको विवरण,
- सवारी चालक अनुमतिपत्र वितरण गर्दा खडा गरिएका पुराना रेकर्ड ढड्डाहरू,
- विभागबाट बुझिलिएका स्मार्ट कार्ड लाइसेन्स सम्बन्धित व्यक्तिहरूलाई बुझाएको भरपाइ सहितको रजिस्टर,
- ट्राफिक प्रहरी कार्यालयबाट कारवाहीका लागि प्राप्त भएका सवारी चालक अनुमतिपत्रहरू ।

कागजात धुल्याउने सम्बन्धमा

कहिल्यै नधुल्याई सुरक्षित राख्नुपर्ने कागजात

- सवारी साधनसँग सम्बन्धित भन्सार प्रज्ञापनपत्र र रसिद,
- बाटो इजाजत प्रदान गर्दा खडा गरिएको ढड्डा,
- प्राविधिक परीक्षणको रेकर्ड खडा गरिएको रजिस्टर,
- सवारीको रेकर्ड फाइलमा भएका सो सवारी सम्बन्धी नामसारी, सरुवा सहमतिपत्र, सवारी साधन करका अद्यावधिक विवरण र सोलाई पुष्टि गर्ने अन्य कागजात,
- सवारीको दर्ता किताब (ढड्डा),
- सवारीका दस्तुरहरू तथा सवारी साधन करको लेखा शाखाबाट खडा भएका विवरण एवं महालेखापरीक्षकको ढाँचामा तयार भएका लेखाका लेजरहरू,
- सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने निवेदकहरूको व्यक्तिगत विवरण तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी दर्ता तथा नवीकरण ढड्डा ।

सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ को प्रक्रिया पुऱ्याई देहायका कागजात देहायको समय पश्चात् धुल्याउनु पर्नेछ

- बाटो इजाजतपत्रको लागि पेस भएका निवेदनहरू र सो साथ संलग्न कागजात बाटो इजाजतपत्रको म्याद समाप्त भएको मिति पछि धुल्याउनु पर्नेछ तर सोको लागि ती कागजातको अन्तिम लेखापरीक्षण भई फरफारक भएको हुनुपर्नेछ ।
- राजश्वका स्रेस्ताहरूमध्ये नगदी रसिद (म.ले.प.फा.नं. ११) अन्तिम लेखापरीक्षण भई फरफारक भएको मितिले ३ वर्षपछि धुल्याउनुपर्नेछ ।
- सार्वजनिक सवारीको ६/६ महिनामा गरिने प्राविधिक जाँचपासका लागि प्राप्त निवेदन र सोसाथ संलग्न कागजात जाँचपासको म्याद समाप्त भएको मितिपछि धुल्याउनु पर्नेछ तर सोका लागि ती कागजातको अन्तिम लेखापरीक्षण भई फरफारक भएको हुनुपर्नेछ ।
- सार्वजनिक सवारीको ६/६ महिनामा गरिने प्राविधिक जाँचपासको रजिस्टर र एकएक वर्षमा गरिने प्रदूषण परीक्षणको रजिस्टर १० वर्षपछि धुल्याउनु पर्नेछ ।

- सवारी चालक अनुमतिपत्रका लागि प्राप्त भएका निवेदनमध्ये परीक्षामा अनुत्तीर्ण भई सवारी चालक अनुमतिपत्र नपाएका निवेदकहरूको निवेदन, परीक्षाका उत्तरपुस्तिकाहरू परीक्षाको नतिजा प्रकाशित भएको मितिले ३ महिनापश्चात् एवं सफल परीक्षार्थीहरूको उत्तरपुस्तिका, परीक्षाको मूल्याङ्कन सम्बन्धी कागजात तथा नवीकरणका लागि परेका दरखास्त फारामहरू कार्य सम्पन्न भएको ३ वर्ष पश्चात् धुल्याउनुपर्नेछ ।
- प्रदूषण परीक्षण शाखामा प्रदूषण परीक्षणका लागि परेका निवेदनहरू एक वर्ष पश्चात् अन्तिम लेखापरीक्षण भई फरफारक भएपछि धुल्याउनु पर्नेछ ।
- सवारी दर्ता नवीकरण गर्न परेका निवेदनहरू सम्बन्धित सवारीको दर्ता किताब तथा अन्य रेकर्डमा जनाएपछि नियमानुसार अन्तिम लेखा परीक्षण गराई फरफारक भएको १ वर्ष पछिमात्र धुल्याउनुपर्नेछ,
- जाँचपास, बाटो इजाजत र प्रदूषण जाँच गरेको अभिलेख राखिएको ढड्डा ५ वर्ष पश्चात् धुल्याउनु पर्नेछ,

# परिच्छेद - ६
# अनुसूचीहरू

अनुसूची- १

१. सवारी दर्ता तथा नामसारी गर्न आउने सेवाग्राहीलाई प्रदान गरिने सेवाप्रवाह तालिका (फ्लो चार्ट)



अनुसूची - २

२. सवारी जाँचपास तथा प्रदूषण जाँच गर्न आउने सेवाग्राहीलाई प्रदान गरिने सेवाप्रवाह तालिका (फ्लो चार्ट)



अनुसूची - ३

३. सवारी प्रमाणपत्रहरूनवीकरण गर्न आउने सेवाग्राहीलाई प्रदान गरिने सेवाप्रवाह तालिका (फ्लो चार्ट)



अनुसूची - ४

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय........................

४. फाइल कायम रहेको सवारी साधनको रेकर्ड उतार

| सि.नं. | सवारी नं. | सवारी धनीको नाम, थर, ठेगाना | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची - ५

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय........................

५. सहमतिबाट दर्ता भएका सवारी साधनहरूको लगतकट्टा रजिस्टर

| क.सं. | सहमति पठाउने कार्यालयको नाम, ठेगाना | सहमति पत्रको च.नं. | च्यासिस नं. | इन्जिन नं. | साबिक सवारी नं. | हालको सवारी नं. | यस कार्यालयको च.नं. मिति | फाँट नं. | फाँटवाला | प्रमाणित गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची - ६

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय........................

६. सहमति भई जाने रजिस्टर

| क्र.सं. | साबिक सवारी नं. | सवारीको किसिम | च्यासिस नं. | इन्जिन नं. | सहमति भई गएको कार्यालय | मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची - ७

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## यातायात व्यवस्था विभाग

७. सवारी नामसारी गर्दा रेकर्ड कायम राख्ने रजिस्टरको नमुना

| क.सं. | सवारी नं. | विक्रेता | क्रेता | मिति | प्रमाणित गर्ने | प्रदूषण जाँचपास मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची - ८

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## यातायात व्यवस्था विभाग

८. नवीकरण गरिएको सवारीको विवरण

| क.सं. | सवारी नं. | सवारी धनीको नाम | नवीकरण गरिएको मिति | नवीकरणबहाल रहने मिति | सवारी कर बुझाएको आ.व., रकम र रसिद नं. | नवीकरण गर्ने कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची - ९

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

९. प्रदान गरिने प्रमुख सेवा र कार्यहरूको विवरण

| क.सं. | प्रदान गरिने सेवा, कामको विवरण | पेस गर्ने सम्बन्धित कर्मचारी | सम्बन्धित शाखा अधिकृत | अन्तिम निर्णय दिने अधिकारी | पेस गर्नुपर्ने कागजात | काम सम्पन्न गर्न लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

यसबमोजिम सेवा उपलब्ध नभएमा वा कुनै समस्या परेमा गुनासो/उजुरी सुन्ने कर्मचारीको

नाम :

पद :

फोन नं. :

अनुसूची- १०

१०. पारिश्रमिक खर्च दररेट सूची

**चालक अनुमति पत्र सम्बन्धी परीक्षा संचालनमा संलग्न रहने पदाधिकारीहरुले पाउने खाजा खर्चको दररेट :**

१. **लिखित परीक्षा संचालनका लागि :**

| | | |
|---|---|---|
| (क) | केन्द्राध्यक्ष | रु. ३००।- |
| (ख) | सहायक केन्द्राध्यक्षहरु | रु. २००।- |
| (ग) | निरीक्षकहरु | रु. १२०।- |
| (घ) | सुरक्षाका लागि खटिने प्रहरी कमाण्डरहरु | रु. १५०।- |
| (ङ) | सुरक्षाका लागि खटिने प्रहरी जवानहरु | रु. ९०।- |
| (च) | सवारी चालक | रु. ११०।- |
| (छ) | परिचर तथा ज्यामी (अफिस भन्दा वाहिरको ल्याई काम गराउनु परेमा मात्र) | रु. १००।- |
| | कार्यालयबाटै खटाएमा २ घण्टा सम्मको खाजा खर्च वापत | रु. २५।- |
| | २ घण्टा भन्दा बढी काम लगाउनु पर्ने भएमा खाना खर्च वापत | रु. ५०।- |

२. उत्तर पुस्तिका परीक्षण गर्ने व्यक्तिलाई खाजा खर्च प्रति उत्तर पुस्तिका रु. ५।- का दरले तथा उत्तर पुस्तिका पुन : परीक्षण गर्ने व्यक्तिलाई रु. २। प्रति उत्तर पुस्तिका खाजा खर्च दिने ।

३. **प्रयोगात्मक परीक्षा संचालनका लागि :**
प्रयोगात्मक परीक्षामा लिने कार्यमा संलग्न समितिका अध्यक्ष तथा सदस्यहरु तथा दक्षका रुपमा आमन्त्रण गरिएका व्यक्ति समेतलाई प्रति व्यक्ति रु. १५०।-

४. **अन्तरवार्ताका लागि :** ( मिति ०६०।११।१८ को निर्णयवाट खारेज )

५. सवै प्रकारका परीक्षा संचालन तथा नतिजा प्रकाशनका लागि समितिको अध्यक्षले खटाइए बमोजिम कार्य गर्ने सहयोगी कर्मचारीहरुलाई :
- (क) २ घण्टा सम्मको कार्य भएमा खाजा खर्च वापत प्रति कर्मचारी रु. २५।-
- (ख) २ घण्टा भन्दा बढी कार्य गराउन आवश्यक भएमा खाना खर्च वापत प्रति कर्मचारी रु. ५०।-

६. प्रश्न पत्र भण्डार (Question Bank) का लागि प्रश्न पत्र तयार गर्ने पदाधिकारीहरुको खाजा खर्च :

| | | |
|---|---|---|
| (क) | प्रति सेट प्रश्न पत्रको | रु. १५००।- |
| (ख) | कम्प्युटर अप्रेटर र प्रश्न पत्र परिमार्जन गर्ने व्यक्तिलाई | |
| | २ घण्टाको कार्यबोझ भएमा खाजा खर्च वापत | रु. २५।- |
| | २ घण्टा भन्दा बढी भएमा खाना खर्च वापत | रु ५०।- |

*नोट : उपर्युक्त कार्यहरु एकै दिनमा सम्पन्न गर्दा एक भन्दा बढी कार्यका लागि संलग्न रहने व्यक्ति वा कर्मचारीले कुनै एक कार्यको मात्र पारिश्रमिक पाउने छन् ।*

## अनुसूची -११

११. कार्यालयहरूले लिने दस्तुर

सालबसाली आर्थिक ऐनमा तोकिएबमोजिम दरबन्दीको दस्तुर/शुल्क असुलउपर गर्नुपर्नेछ।

## अनुसूची - १२

१२. सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन करको विवरण

सालबसाली आर्थिक ऐनमा तोकिएबमोजिम दरबन्दीको दस्तुर/शुल्क असुलउपर गर्नुपर्नेछ।

(अनुसूची- १३)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
यातायात व्यवस्था कार्यालय................

13. सवारी दर्ताको विवरण आ.व. .....................

| क्र.सं. | सवारीको किसिम | | | (................. मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक नयाँ सवारी दर्ताको विवरण) | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | निजी | भाडा | संस्थान | पर्यटन | सरकारी | कुटनीतिक | जम्मा | सरुवा सहमति+ | हेरफेर दर्ता + | लगत कट्टा - | कूल जम्मा | नामसारी | नवीकरण | रुट इजाजत | जाँचपास | प्रतिलिपि | प्रदूषण | |
| १ | बस | दिवा | डिलक्स | | | | | | | | | | | | | | | | | | |
| | | | सामान्य | | | | | | | | | | | | | | | | | | |
| | | रात्री | डिलक्स | | | | | | | | | | | | | | | | | | |
| | | | सामान्य | | | | | | | | | | | | | | | | | | |
| २ | मिनिबस | | स्तरीय | | | | | | | | | | | | | | | | | | |
| | | | सामान्य | | | | | | | | | | | | | | | | | | |
| ३ | माइक्रो | | स्तरीय | | | | | | | | | | | | | | | | | | |
| | | | सामान्य | | | | | | | | | | | | | | | | | | |
| ४ | जिप | | स्तरीय | | | | | | | | | | | | | | | | | | |
| | | | सामान्य | | | | | | | | | | | | | | | | | | |
| ५ | कार | | | | | | | | | | | | | | | | | | | | |
| | ईलेक्ट्रिक कार | | | | | | | | | | | | | | | | | | | | |
| ६ | ट्याक्सी | | | | | | | | | | | | | | | | | | | | |
| ७ | भ्यान | | | | | | | | | | | | | | | | | | | | |
| ८ | पिकअप | | | | | | | | | | | | | | | | | | | | |
| ९ | ट्याक्टर | | | | | | | | | | | | | | | | | | | | |
| १० | पावर टिलर | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | एम्बुलेन्स | | | | | | | | | | | | | | | | | | |
| १२ | दमकल | | | | | | | | | | | | | | | | | | |
| १३ | शववाहन | | | | | | | | | | | | | | | | | | |
| क्र.सं. | सवारीको किसिम | (................ मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक नयाँ सवारी दर्ताको विवरण) | | | | | | | | | | | | | | | | | |
| | | निजी | भाडा | संस्थान | पर्यटन | सरकारी | कुटनीतिक | जम्मा | सरुवा सहमति+ | हेरफेर दर्ता + | लगत कट्टा - | कूल जम्मा | नामसारी | नवीकरण | रुट इजाजत | जाँचपास | प्रतिलिपि | प्रदूषण | |
| १४ | टेम्पो | | | | | | | | | | | | | | | | | | |
| | डिजल टेम्पो | | | | | | | | | | | | | | | | | | |
| | ग्यास टेम्पो | | | | | | | | | | | | | | | | | | |
| | ब्याट्री टेम्पो | | | | | | | | | | | | | | | | | | |
| १५ | इ-रिक्सा | | | | | | | | | | | | | | | | | | |
| १६ | मोटरसाइकल | | | | | | | | | | | | | | | | | | |
| १७ | स्कुटर | | | | | | | | | | | | | | | | | | |
| | इ-स्कुटर | | | | | | | | | | | | | | | | | | |
| १८ | मोपेड | | | | | | | | | | | | | | | | | | |
| १९ | ट्रक | | | | | | | | | | | | | | | | | | |
| २० | मिनिट्रक | | | | | | | | | | | | | | | | | | |
| २१ | टिपर | | | | | | | | | | | | | | | | | | |
| २२ | ट्यांकर | | | | | | | | | | | | | | | | | | |
| २३ | क्रेन | | | | | | | | | | | | | | | | | | |
| २४ | डोजर | | | | | | | | | | | | | | | | | | |
| २५ | डम्फर | | | | | | | | | | | | | | | | | | |
| २६ | एस्काभेटर | | | | | | | | | | | | | | | | | | |
| २७ | लोडर | | | | | | | | | | | | | | | | | | |
| २८ | ब्याकहो लोडर | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | फोर्क लिफ्ट | | | | | | | | | | | | | | | | | |
| ३० | रोलर | | | | | | | | | | | | | | | | | |
| ३१ | अन्य | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | |

(अनुसूची–१४)

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय................

14।राजश्व सङ्कलनको विवरण आ.व. .....................

राजश्व सङ्कलनविवरण (................) महिना/चौमासिक/अर्धवार्षिक/वार्षिक

| क.सं. | शीर्षक | सवारी साधन कर (११४५१) | सवारी इजाजत र स.चा.अ.प. दस्तुर (११६२१) | सडक निर्माण तथा सम्भार दस्तुर (११४५४) | यातायात क्षेत्रको आय (१४२२५) | व्यवसाय कर (११११११) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | गत महिनासम्मको | | | | | | |
| २ | यस ............. महिनाको | | | | | | |
| | जम्मा | | | | | | |

(अनुसूची–१५)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
यातयात व्यवस्था कार्यालय................
सवारी चालक अनुमतिपत्रको विवरण आ.व. ....................

15।सवारी चालक अनुमतिपत्र वितरणको विवरण (................) महिना/चौमासिक/अर्धवार्षिक/वार्षिक

| क.सं. | विवरण | मोटरसाइकल | कार, जिप, डेलिभरी भ्यान | टेम्पो, अटोरिक्सा | पावर टिलर | ट्याक्टर | मिनिबस, मिनिट्रक | ट्रक, बस, लहरी | रोडरोलर, डोजर | क्रेन, दमकल, लोडर | अन्य | स्कुटर, मोपेड | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | A | B | C | D | E | F | G | H | I | J | k | | |
| १ | फाराम दर्ता | | | | | | | | | | | | | |
| २ | लिखित परीक्षामा उपस्थिति | | | | | | | | | | | | | |
| ३ | लिखित परीक्षामा उत्तीर्णसङ्ख्या | | | | | | | | | | | | | |
| ४ | प्रयोगात्मक परीक्षामा उपस्थिति | | | | | | | | | | | | | |
| ५ | प्रयोगात्मक परीक्षामा उत्तीर्णसङ्ख्या | | | | | | | | | | | | | |
| ६ | नयाँ स.चा.अ.प जारी सङ्ख्या | | | | | | | | | | | | | |
| ७ | स.चा.अ.प.थप | | | | | | | | | | | | | |
| ८ | प्रतिलिपि | | | | | | | | | | | | | |
| ९ | नवीकरण | | | | | | | | | | | | | |
| १० | नेपालीकरण | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |

अनुसूची-१६

यातायात व्यवस्था विभाग र अन्तर्गतको विद्यमान सङ्गठन चार्ट (तालिका)



## अनुसूची-१७

### यातायात व्यवस्था विभाग र कार्यालयहरूको दरबन्दी विवरण

| क. सं. | कार्यालयको नाम | रापत्राङ्कित | | | | | | राजपत्र अनङ्कितश्रेणी | | | | ह.स.चा | का.स. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | | द्वितीय | | तृतीय | | प्रथम | | द्वितीय | | | | |
| | | प्र. | प्रा. | प्र | प्रा. | प्र. | प्रा | प्र. | प्रा. | प्र. | प्रा. | | | |
| 1 | यातायात व्यवस्था विभाग | ६ | | ४ | २ | ८ | ७ | ७ | ५ | ३ | १ | ५ | ८ | ५२ |
| 2 | यातायात व्यवस्था कार्यालय, मेची | | | १ | | ४ | १ | ७ | ४ | ४ | | | ५ | २६ |
| 3 | यातायात व्यवस्था कार्यालय, कोशी सवारी | | | १ | | ५ | १ | ९ | ३ | ५ | | | ४ | २८ |
| 4 | यातायात व्यवस्था कार्यालय, स.चा.अ.प, कोशी | | | १ | | ३ | १ | ७ | ३ | ७ | | | ३ | २५ |
| 5 | यातायात व्यवस्था कार्यालय, सगरमाथा | | | १ | | २ | १ | ६ | २ | ४ | | | ४ | २० |
| 6 | यातायात व्यवस्था कार्यालय, जनकपुर | | | १ | | २ | १ | ६ | ४ | ४ | | | ६ | २४ |
| 7 | यातायात व्यवस्था कार्यालय,नारायणी सवारी | | | १ | | १० | २ | १३ | ४ | ८ | | | ७ | ४५ |
| 8 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प., नारायणी | | | १ | | ३ | १ | ७ | ३ | ७ | | | ३ | २५ |
| 9 | यातायात व्यवस्था कार्यालय, वागमती, साना/ ठूला | | | १ | | १३ | ४ | १९ | ९ | ६ | १ | १ | ८ | ६२ |
| 10 | यातायात व्यवस्था कार्यालय,मोटरसाइकल, वागमती | | | १ | | ९ | ३ | १७ | ८ | ८ | | १ | ८ | ५५ |
| 11 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प.,एकान्तकुना | | | १ | | ६ | २ | ११ | ६ | ७ | | ० | ५ | ३८ |
| 12 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प.,सूर्यविनायक | | | १ | | ४ | २ | १० | २ | ७ | | | | २६ |
| 13 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प.,चाबहिल | | | १ | | ४ | २ | १० | २ | ७ | | | | २६ |
| 14 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प.,कलङ्की | | | १ | | ४ | २ | १० | २ | ७ | | | | २६ |
| 15 | सवारी परीक्षण कार्यालय, टेकू | | | | १ | | २ | २ | ५ | १ | | १ | २ | १४ |
| 16 | यातायात व्यवस्था कार्यालय,गण्डकी सवारी | | | १ | | ४ | १ | ८ | ४ | ४ | | | ५ | २७ |
| 17 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प.,गण्डकी | | | १ | | ३ | १ | ७ | ४ | ७ | | | ३ | २६ |
| 18 | यातायात व्यवस्था कार्यालय, धौलागिरि | | | १ | | १ | १ | ५ | २ | २ | | | २ | १४ |
| 19 | यातायात व्यवस्था कार्यालय,लुम्बिनी सवारी | | | १ | | ५ | १ | १० | ३ | ३ | | | ५ | २८ |
| 20 | यातायात व्यवस्था कार्यालय,स.चा.अ.प, लुम्बिनी | | | १ | | ३ | १ | ७ | ३ | ७ | | | ३ | २५ |
| 21 | यातायात व्यवस्था कार्यालय, राप्ती | | | १ | | २ | १ | ६ | २ | ६ | | | ४ | २२ |
| 22 | यातायात व्यवस्था कार्यालय, भेरी | | | १ | | ४ | १ | ७ | ४ | ४ | | | ५ | २६ |

| क्र. सं. | कार्यालयको नाम | रापत्राङ्कित | | | | | | राजपत्र अनङ्कितश्रेणी | | | | ह.स.चा | का.स. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | | द्वितीय | | तृतीय | | प्रथम | | द्वितीय | | | | |
| | | प्र. | प्रा. | प्र | प्रा. | प्र. | प्रा | प्र. | प्रा. | प्र. | प्रा. | | | |
| 23 | यातायात व्यवस्था कार्यालय, कर्णाली | | | १ | | १ | | ३ | २ | २ | | | २ | ११ |
| 24 | यातायात व्यवस्था कार्यालय,सेती | | | १ | | २ | १ | ६ | ३ | ४ | | | ४ | २१ |
| 25 | यातायात व्यवस्था कार्यालय, महाकाली | | | १ | | १ | १ | ५ | २ | ४ | | | ४ | १८ |
| 26 | यातायात व्यवस्था सेवा कार्यालय, इलाम | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 27 | यातायात व्यवस्था सेवा कार्यालय, विराटनगर | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 28 | यातायात व्यवस्था सेवा कार्यालय, गाईघाट | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 29 | यातायात व्यवस्था सेवा कार्यालय, बर्दिबास | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 30 | यातायात व्यवस्था सेवा कार्यालय, गौर | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 31 | यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 32 | यातायात व्यवस्था सेवा कार्यालय, भरतपुर | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 33 | यातायात व्यवस्था सेवा कार्यालय, सानो भऱ्याङ्ग | | | | | १ | | ३ | १ | ३ | | | २ | १० |
| 34 | यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी | | | | | १ | | ३ | १ | २ | | | २ | ९ |
| 35 | यातायात व्यवस्था सेवा कार्यालय, डुम्रे | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 36 | यातायात व्यवस्था सेवा कार्यालय, भइरहेवा | | | | | १ | | १ | १ | २ | | | २ | ७ |
| 37 | यातायात व्यवस्था सेवा कार्यालय, पाल्पा | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 38 | यातायात व्यवस्था सेवा कार्यालय, भालुबाङ्ग | | | | | १ | | १ | १ | २ | | | २ | ७ |
| 39 | यातायात व्यवस्था सेवा कार्यालय, सुर्खेत | | | | | १ | | २ | १ | २ | | | २ | ८ |
| 40 | यातायात व्यवस्था सेवा कार्यालय, दिपायल | | | | | १ | | १ | १ | २ | | | २ | ७ |
| 41 | यातायात व्यवस्था सेवा कार्यालय, डडेल्धुरा | | | | | १ | | १ | १ | २ | | | २ | ७ |
| | जम्मा | २ | ० | २७ | ३ | ११९ | ४१ | २३५ | १०७ | १६१ | २ | ८ | १३२ | ८३७ |
| | कूल जम्मा | २ | | ३० | | १६० | | ३४२ | | १६३ | | ८ | १३२ | |

(अनुसूची–१८)

रात्री बस सेवाको मापदण्ड

१. गाडी नं. .................... २. मोडल नं. ....................३. च्यासिस नं. ................................

४. उत्पादन वर्ष :- .................................... ५. इन्जिन नम्बर : - ....................................

६. माग गरेको रुट :- ..........................................................................................

| क्र.सं. | विवरण | भएको/नभएको | हुनुपर्ने |
|---|---|---|---|
| १ | सिट आरामदायी लचकदार | | आरादायी, लचकदार हुनुपर्ने |
| २ | चालकसहित सिटसङ्या | | बढीमा ४० सिट |
| ३ | सिट कति डिग्रीसम्म फोल्डिङ हुन्छ। | | ३० डिग्री देखि ४५ डिग्रीसम्म |
| ४ | एक सिटको लम्बाइ | | “१६” देखि “१९” सम्म |
| ५ | सिटको चौडाइ | | “१६” देखि “१९” सम्म |
| ६ | सिटको उचाइ | | “१६” देखि “१९” सम्म |
| ७ | पिठ्यूँको अडेसको उचाइ | | “२२” देखि “२६” सम्म |
| ८ | सिटको पङ्तिबाट लेग प्लेसको दुरी | | कम्तिमा “१३” सम्म |
| ९ | सिटको पङ्तिबाट बीचबाटोको चौडाइ | | कम्तिमा “१४” सम्म |
| १० | बसको भित्र भागको उचाइ | | कम्तिमा “६६” सम्म |
| ११ | सिट पङ्तिबाट २/२ छ/छैन | | २ × २ हुनुपर्ने। |
| १२ | सङ्कटकालीन ढोकाको व्यवस्था छ/छैन | | भएको हुनुपर्ने। |
| १३ | सक अब्जरभरको अस्था केकस्तो छ | | ठिक हुनुपर्ने। |
| १४ | झ्यालमा लक, सिसाको अवस्था ठिक छ/छैन | | ठिक हुनुपर्ने। |
| १५ | अगाडिको टायर रिसोलिङ भएको/नभएको | | नभएको हुनुपर्ने। |
| १६ | लिफ स्प्रिङ वेल्डिङ भएको/नभएको | | नभएको हुनुपर्ने। |
| १७ | ब्रेकको अवस्था ठिक छ/छैन | | ठिक हुनुपर्ने। |
| १८ | छतको क्यारियरको साइज | | बसको कुल लम्बाइको आधा। |
| १९ | आगो निभाउने यन्त्र छ/छैन | | हुनुपर्ने। |
| २० | प्राथमिक उपचारको व्यवस्था छ/छैन | | हुनुपर्ने। |
| २१ | यान्त्रिक जाँचपास फाराममा उल्लेख भएको मापदन्डहरू ठिक छ/छैन | | हुनुपर्ने। |

२२. अन्य केही भए :

सवारी जाँच गर्ने :-

प्राविधिक दृष्टिकोणबाट उक्त बस रात्री सेवामा सन्चालन गर्न दिन उपयुक्त छ/छैन।

............................

मेकानिकल इन्जिनियर

(अनुसूची-१९)

स्तरीय डिलक्स बसको मापदण्ड फाराम

१. गाडी नं. ................ २. मोडल नं. ..............३. च्यासिस नं. .................................

४. उत्पादन वर्ष :- ............ ५. इन्जिन नम्बर : - ....................................

६. माग गरेको रुट :- ..................................................................................

| क्र.सं. | विवरण | विभागले निर्धारण गरेको मापदण्ड | सवारीमा भएको विवरण |
|---|---|---|---|
| १ | सिटको अवस्था | सिट आरामदायी हुनुपर्ने | |
| २ | सिट २×२ अनिवार्य फोल्डिङ्ग | सिट पङ्क्तिबाट २×२ मा ३०-९० डिग्री सम्मको फोल्डिङ्ग हुनपर्ने । | |
| ३ | एक सिटको लम्बाइ | १७"-२०" | |
| ४ | एक सिटको चौडाइ | १७"-२०" | |
| ५ | सिटको उचाइ | फ्रेममा १४"-१६"र सिट राख्दा १९" सम्म हुनुपर्ने । | |
| ६ | लेगप्लेस | कम्तिमा १३" हुनु पर्ने र सिटको चौडाइ १८" भएमा १२"सम्म हुने । | |
| ७ | पिठ्युको अडेसको उचाइ | २८"-३०"सम्म हुने । | |
| ८ | बसको भित्री भागको उचाइ | कम्तिमा ७०"-(महेन्द्र र पृथ्वी राजमार्गमा) अन्य पहाडी बाटोमा कम्तिमा६६"हुनुपर्ने । | |
| ९ | झ्याल र ढोकामा लक र शिसाको अवस्था | दुरुस्त हुनु पर्ने । | |
| १० | अगाडिको टायर रिसोलिङ्ग भएको/नभएको | अगाडिको टायर रिसोलिङ्ग नभएको हुनुपर्ने । | |
| ११ | छत क्यारियरको साइज | क्यारियरको छतको लम्बाइ बढीमा १०" र उचाइ ९" हुनुपर्ने । | |
| १२ | प्राथमिक उपचारको व्यवस्था | हुनुपर्ने । | |
| १३ | बसको भित्री भागमा सामान राख्ने | र्‍याकको व्यवस्था हुनुपर्ने । | |
| १४ | बत्ती, पङ्खा र स्वीचको व्यवस्था हुनुपर्ने | प्रत्येक सिटको माथि बत्ती, पंखा र स्वीचको व्यवस्था हुनुपर्ने । | |
| १५ | यात्रुहरूको मनोरञ्चनको व्यवस्था | यात्रुहरूको मनोरञ्जनका लागि भिडियो, अडियो र समसामयिक पत्रपत्रिकाको अनिवार्य व्यवस्था हुनुपर्ने । | |
| १६ | सवारीको सरसफाई र रङरोगनको व्यवस्था | सवारीको सरसफाई र रंगरोगन दुरुस्त हुनुपर्ने । | |
| १७ | सिट कभर, खोल र पर्दा | प्रत्येक सिटमा सफा सिट खोल र झ्यालमा सफा पर्दा हुनुपर्ने । | |

द्रष्टव्य :

क. सि.नं. १४ मा उल्लेखित मापदण्ड दिवा सेवालाई बत्ती र पहाडी क्षेत्रमा सञ्चालन हुने डिलक्स सेवालाई पङ्खा अनिवार्य नहुने ।

ख. पछाडी सिट फोल्डिङ्ग नभएको भए सो सिटमा यात्रा गर्ने यात्रुलाई २०% बढी भाडा तिर्नु नपर्ने भन्ने सूचना प्रष्ट रुपमा बस तथा सूचना पाटीमा उल्लेख हुनुपर्ने ।

ग. विभागले तोकेको मापदण्ड अनुसार भए नेपाल सरकारले तोकेको भाडा दरमा २०% बढाएर भाडा लिन पाउने ।

घ. अन्य केही कैफियत भए :-

सवारी जाँच गर्ने :-

प्राविधिक दृष्टिकोणबाट उक्त बस रात्री सेवामा सन्चालन गर्न दिन उपयुक्त छ/छैन ।

............................

मेकानिकल इन्जिनियर

(अनुसूची-२०)

20।सुपर डिलक्स बसको मापदण्ड फाराम

१. गाडी नं. ................ २. मोडल नं. ............ ३. च्यासिस नं. .......................................

४. उत्पादन वर्ष :- .......................                    ५. इन्जिन नम्बरः-...................................

६. माग गरेको रुट :- ........................................................................................................

| क्र.सं | विवरण | सुपर डिलक्सका लागि मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | सिटको अवस्था | सिट आरामदायी हुनुपर्ने | |
| २ | सिट २×२ अनिवार्य फोल्डिङ्ग | सिट पंक्तिबाट २×२ मा ३०-९० डिग्री सम्मको फोल्डिङ्ग हुनपर्ने । | |
| ३ | एक सिटको लम्बाइ | १७"-२०" | |
| ४ | एक सिटको चौडाइ | १७"-२०" | |
| ५ | सिटको उचाइ | फ्रेममा १४"-१६"र सिट राख्दा १९" सम्म हुनुपर्ने । | |
| ६ | लेगप्लेस | कम्तिमा १३" हुनु पर्ने र सिटको चौडाई १८" भएमा १२"सम्म हुने । | |
| ७ | पिठ्युको अडेसको उचाइ | २८"-३०"सम्म हुने । | |
| ८ | बसको भित्री भागको उचाइ | कम्तिमा७०"(राष्ट्रिय राजमार्गमा) अन्य पहाडी बाटोमा कम्तिमा६६"हुनु पर्ने । | |
| ९ | झ्याल र ढोकामा लक र शिसाको अवस्था | दुरुस्त हुनु पर्ने । | |
| १० | अगाडिको टायर रिसोलिङ्ग भएको ⁄नभएको | अगाडिको टायर रिसोलिङ्ग नभएको हुनुपर्ने । | |
| ११ | प्राथमिक उपचारको साथै बामन थैलीको व्यवस्था | हुनुपर्ने । | |
| १२ | बसको भित्री भागमा सामान राख्ने | र्‍याकको व्यवस्था हुनुपर्ने । | |
| १३ | बत्ती, पंखा र स्वीचको व्यवस्थाका साथैMobile Charger हुनुपर्ने | प्रत्येक सिटको माथि बत्ती, पंखा र स्वीचको साथै Mobile Charger को व्यवस्था हुनुपर्ने । | |
| १४ | यात्रुहरूको मनोरञ्जन तथा अन्य सुविधाको व्यवस्था | यात्रुहरूको मनोरञ्जनको लागि भिडियो, अडियो र समसामयिक पत्रपत्रिका, खानेपानीको अनिवार्य व्यवस्था हुनुपर्ने | |
| १५ | सवारीको सरसफाई र रंग रोगनको व्यवस्था | सवारीको सरसफाई र रंग रोगन दुरुस्त हुनुपर्ने । | |
| १६ | आगो निभाउने यन्त्र तथा ब्क्भ को व्यवस्था | हुनुपर्ने । | |
| १७ | यात्रुको झिटी गुन्टा राख्ने क्भउवचबतभ अकउबचतकभलत | हुनुपर्ने । | |
| १८ | आपतकालिन झ्याल र ढोका हुनुपर्ने | हुनुपर्ने । | |
| १९ | बस पूर्णरुपमा वातानुकुलित हुनुपर्ने | हुनुपर्ने । | |

| | | | |
|---|---|---|---|
| २०. | बसको झ्यालहरू खोल्न नमिल्ने ँष्हअथवाब्च त्नजतहुनुपर्ने । | हुनुपर्ने । | |
| २१ | बसको ढोकाहरू भित्र र बाहिरबाट ज्थमचबगष्अिर्बाथि खोल्न मिल्ने हुनुपर्ने | हुनुपर्ने । | |
| २२ | म्चषखभच र ऋयफउबचतकभलत मा एउटा मात्र सिट हुनुपर्ने | हुनुपर्ने । | |
| २३ | क्भउभचबतभ भलनष्लभ যच ब्च अयलमष्तष्यष्लन | हुनुपर्ने । | |

२२. अन्य केही भए :

सवारी जाँच गर्ने :-

प्राविधिक दृष्टिकोणबाट उक्त बस रात्री सेवामा सन्चालन गर्न दिन उपयुक्त छ/छैन ।

............................
मेकानिकल इन्जिनियर

(अनुसूची-२१)

द्धज्ञ जीप, माइक्रोबस तथा मिनीबस स्तरीय सेवा सम्बन्धी

१. सवारी दर्ता नं. .............. २.मोडल नं................३.च्यासिस नं. ................................

४. उत्पादन वर्ष :- ............. ५. ईन्जिन नम्बर : - ......................................

६. सञ्चालन गर्ने रुट :- ..........................................................................................

| क्र.सं. | विवरण | भएको/नभएको | हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | चालक सहित सिट संख्या | | सवारी दर्ता प्रमाणपत्रमा उल्लेख भए अनुसार हुनुपर्ने | |
| २ | सिटहरु कम्पनीबाट जडित अवस्थामा छ/छैन | | कम्पनीबाट जडित अवस्थामा सिटहरु हुनुपर्ने | |
| ३ | एक सिटको चौडाई | | कम्तिमा १७" हुनुपर्ने | |
| ४ | एक सिटको उचाई | | १६'' देखि १९" सम्म हुनुपर्ने | |
| ५ | पिठ्यूँको अडेसको उचाई | | कम्तिमा २२" (हेड रेष्ट बाहेक) हुनुपर्ने | |
| ६ | लेग प्लेस | | कम्तिमा ११ " हुनुपर्ने | |
| ७ | सवारीको भित्री भागको उचाई | | कम्पनीले निर्धारण गरे अनुसार माइक्रोबसको १३४५ मि.मि. मिनिबस ६४ इन्च हुनुपर्ने | |
| ८ | झ्याल, ढोककाको सिशा लकको अवस्था | | दुरुस्त हुनुपर्ने | |
| ९ | अगाडिको टायर रिसोलिङ्ग भएको/नभएको | | नभएको हुनुपर्ने | |
| १० | ब्रेकको अवस्था ठिक छ/छैन | | ठिक हुनुपर्ने | |
| ११ | प्राथमिक उपचारको व्यवस्था छ/छैन | | व्यवस्था हुनु पर्ने | |

| | | | | |
|---|---|---|---|---|
| १२ | आगो निभाउने यन्त्र छ/छैन | | दुरुस्त हुनुपर्ने | |
| १३ | रङ्ग रोगन दुरुस्त छ/छैन | | दुरुस्त हुनुपर्ने | |
| १४ | झ्यालमा पर्दाको अवस्था छ/छैन | | व्यवस्था हुनुपर्ने | |
| १५ | यात्रुहरुको लागि मनोरञ्जनको लागि म्यूजिक सिस्टम तथा पत्रपत्रिकाको व्यवस्था छ/छैन | | व्यवस्था हुनुपर्ने | |
| १६ | अन्य केही भए | | | |

सवारी जाँच गर्ने :-

प्राविधिक दृष्टिकोणबाट उक्त बस रात्री सेवामा सन्चालन गर्न
दिन उपयुक्त छ/छैन । मेकानिकल इन्जिनियर :-

# खण्ड दुई–परिपत्र

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

## (प्रशासन शाखा)

फोन ४४७४९२१ (ए
४४७४७६८ (महानि
४४७४७६७ (निर्देश
४४७४९२२ (फ्या
Email: trans@dotm.gov.n
Website : www.dotm.gov
मीनभवन, काठमाण्डौ।

पत्र संख्या :-२०७७/०७८
चलानी नं. : प्रा. ३२४

मिति: २०७७/०९/०४

श्री कन्सुलर सेवा विभाग,
त्रिपुरेश्वर, काठमाण्डौ ।

**विषयः कुटनितिक नियोगको सवारी लिलामी/स्क्राप सम्बन्धमा ।**

प्रस्तु विषयमा, तहाँ विभागको च.नं. CSCEXM77250811, मिति २०७७/०८/२५ को पत्रबाट विषयको अवगत भयो । विदेशी कूटनीतिक नियोगहरुको सवारीको लिलाम तथा धुल्याउने /Scrap गर्ने सम्बन्धमा तपसिल बमोजिमको व्यवस्था रहेको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

१. उत्पादन वर्षले २० वर्ष कटेका सवारीहरुको दर्ता तथा नामसारी नहुने ।
२. आर्थिक ऐन,२०७७ बमोजिम कूटनीतिक निकायबाट गरेको सवारी साधनको विक्रीलाई लिलाम गरे सरह मनिने व्यवस्था छ । लिलाम भएका सवारी साधनहरु काठमाण्डौ उपत्यका भित्रको प्रदेश यातायात व्यवस्था कार्यालयहरुमा दर्ता एवम् सञ्चालन नहुने तर उपत्यका बाहिरको अन्य प्रदेश यातायात व्यवस्था कार्यालयहरुमा भने दर्ता एवम् सञ्चालन गर्न सक्ने छ ।
३. कुटनीतिक नियोगहरुको सवारीहरुको Scrap को लागि परराष्ट्र मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयद्वारा गरेको निर्णयको पत्रको आधारमा यस विभागबाट सम्बन्धित यातायात कार्यालयहरुमा सिफारिस गरिने व्यवस्था रहेको छ ।

(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इञ्जिनियर

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाण्डौ ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्या: २०८२/०८३
चलानी नं: 600

मिति:२०८२/१२/०५

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

**बिषय: आधिकारीक निकायको विवरण उपलब्ध गराई दिने सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा, विगत केही वर्षदेखि नेपालमा विद्युतीय सवारी साधनको आयात वृद्धि हुदै गएको कुरा सर्वविदित नै छ। विद्युतीय सवारीको आयात वृद्धिले पेट्रोलियम पदार्थ आयातमा कमी हुने तथा नेपालमै उत्पादित स्वच्छ जलविद्युत उर्जाको खपतलाई बढाउने जस्ता सकारात्मक पक्ष देखिएको छ । नेपालमा आयात हुने सवारीसाधन उत्पादक देशमा परिपालना हुने सडक सुरक्षाको न्यूनतम मापदण्ड पुरा गरेको एकिन गर्न सवारीलाई आधिकारिक निकायवाट जाँच गरी Type Approval (TA) तथा Conformity of Production (COP) प्राप्त गर्नुपर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ। नेपालमा आयात हुने सवारीको समेत उत्पादक कम्पनीबट जारी भएको TA तथा COP लाई आधार बनाएर आयातको स्वीकृति दिइदै आएको छ।

छिमेकी मुलुक चीनवाट आयात हुने सवारीसाधनको आयातकर्ता नेपाली कम्पनीहरुले उत्पादक कम्पनीबाट प्राप्त गरेको विभिन्न किसिमको TA तथा COP सम्बन्धी कागजातहरु यस बिभागमा पेश गर्ने गरेका छन्। यस विभागमा प्राप्त हुने यस्ता कागजातहरु आधिकारिक टेस्टिङ ऐजेन्सीहबाट जारी भए/ नभएको एकिन गर्न यस बिभागलाई अत्यन्त कठिन भएको अवस्था छ।

तसर्थ, तहाँ मनत्रालयले चीनमा उत्पादित सवारीसाधन चीनको सडकमा संचालन गर्न वा विदेशी बजारमा निर्यात गर्न पालना गर्नुपर्ने मापदण्ड तथा सो मापदण्ड पुरा गरेको एकिन गर्ने आधिकारिक टेस्टिङ एजेन्सीको सुची उपलब्ध गराउने सम्बन्धमा चीनको राजदूतावास मार्फत आवश्यक सहजिकरण गरिदिनको लागि अनुरोध गरिन्छ ।

२०८२/१२/०५

(राजिव पोखरेल)
महानिर्देशक

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।


पत्र संख्या :- २०८०/०८१
चलानी नं. :- प्रा.६२३

मितिः २०८०।०९।०५

श्री नेपाल ट्रक यातायात व्यवसायी महासंघ
काठमाडौं ।

विषयः <u>मालवाहक सवारीको भारवहन नियमन सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा, त्यस महासंघको मिति २०८०।०९।०३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्रमा उठाइएको देहाय अनुसारको विषयमा यस विभागको ध्यानाकर्षण भएको छ ।

"मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशीका, २०७४ (संशोधन सहित) को कार्यान्वयनको सन्दर्भमा सोही निर्देशिकाको अनुसूची १ र ३ मा भएको व्यवस्था भन्दा फरक किसिमले सबै ट्रकलाई ३५ टन र ट्रेलर/सेमी ट्रेलरलाई ४९ टन भारवहन गरी सडकमा सञ्चालन हुन पाउने" ।

<u>उपरोक्त सम्बन्धमा यस विभागको धारणा देहाय अनुसार रहेको व्यहोरा अनुरोध छः</u>

- कुनै मालवाहक सवारीमा रहेका एक्जल तथा चक्काको संख्याको आधारमा उक्त सवारीले वहन गर्न सक्ने अधिकतम कुल वजन उपरोक्त निर्देशिकाको अनुसूची १ मा तोकिए अनुसार हुने ।
- तौलपुल नभएका स्थानमा छड्के अनुगमन प्रयोजनका लागि निर्माण सामाग्री बोकेका टिपर लगायतका मालवाहक सवारीको निर्देशिकाको दफा १३ को उपदफ (५) बमोजिमको कुल वजनको हिसाब गर्नका लागि अनुसूची -३ मा उल्लिखित सन्दर्भ घनत्वहरुको प्रयोग हुने।
- मालवाहक सवारीले एक्जल वा चक्काको संख्या अनुसार वहन गर्न पाउने अधिकतम कुल वजनका सम्बन्धमा निर्देशिकाको अनुसूची १ एक मात्र प्राथमिक आधारको रुपमा रहने ।
- रिजिड ट्रकको हकमा ३५ टन र ट्रेलर/सेमी ट्रेलरको हकमा ४९ टन भन्दा बढी कुल वजन नहुने भनी निर्देशिकाको दफा ९(क) मा गरिएको व्यवस्थाको अर्थ सबै ट्रक वा ट्रेलर/सेमी ट्रेलरले निरपेक्ष रुपमा क्रमशः ३५ टन र ४९ टन सम्मको कुल वजन वहन गर्न पाउने भन्ने नहुने ।
- कुनै मालवाहक सवारीको हकमा अनुसूची -१ बमोजिम हुन आउने अधिकतम वजन ट्रकको हकमा ३५ टन र ट्रेलर/सेमी ट्रेलरको हकमा ४९ टन भन्दा बढी हुन आएमा त्यस्ता ट्रक वा ट्रेलर/सेमी ट्रेलरले क्रमशः ३५ टन र ४९ टन सम्म मात्र कुल भार हुने गरी गुड्न पाउने व्यवस्था निर्देशिकाले गरेको । उदाहरणका लागि अनुसूची -१ बमोजिम कुनै ट्रकको अधिकतम वजन ३० टन हुन आएको खण्डमा सो ट्रक मालवहन गरी सडकमा गुड्दा त्यसको वजन ३० टन भन्दा बढी हुन नहुने ।
  तर अनुसूची १ बमोजिम कायम भएको अधिकतम वजन ४० टन भएमा दफा ९ (क) को विशेष व्यवस्थाले गर्दा उक्त ट्रकले ३५ टन भन्दा बढी कुल वजन हुने गरी गुड्न नपाउने ।
- अनुसूची १ का आधारमा सवारीको अधिकतम कुल वजन निर्धारण हुने तर त्यस्तो वजन समेत दफा ९ (क) का सीमाभन्दा बढी हुन नहुने ।

प्रथमतः मालवाहक सवारीको अधिकतम कुल वजन निर्धारण गर्ने आधार अनुसूची -१ नै हुने र अनुसूची १ बाट निर्धारण हुन आएको वजन दफा ९ (क) का सीमा भन्दा बढी भएको अवस्थामा मात्र दफा ९ (क) आकर्षित हुने ।

(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

<u>बोधार्थः</u>

श्री प्रहरी प्रधान कार्यालय, कार्य विभाग, नक्साल, काठमाडौं ।

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाण्डौ ।

फोनः ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website: www.dotm.gov.np

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- प्रा.७०३

मितिः २०८२/०८/१५

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय,, गण्डकी प्रदेश,पोखरा, कास्की।
श्री उधोग, पर्यटन तथा यातायात मन्त्रालय लुम्बिनी प्रदेश,राप्ती उपत्यका (देउखुरी) दाङ।
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

**विषयः सार्वजनिक सवारीको बाटो ईजाजात सम्वन्धमा।**

प्रस्तुत विषयमा २०८१ श्रावन ३२ गते माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू (संघ) को अध्यक्षतामा बसेको संघ, प्रदेश तथा स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन-२०७७ को दफा २२ अनुसारको विषयगत समितिको बैठकवाट भएको निर्णय अनुसार "अन्तरप्रदेश जाँचपास तथा रुट ईजाजत पत्र जारी गर्ने जिम्मेवारी संघीय सरकारको क्षेत्राधिकार भएकोले प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट आफ्ना प्रदेशभित्र सञ्चालन हुने सवारीको जाँचपास तथा रुट ईजाजत मात्र जारी गर्ने" निर्णय भएको कुरा तहाँ जानकारी नै होला।

कतिपय यातायात कार्यालयहरुले आफ्ना क्षेत्राधिकार भन्दा बाहिर रुट ईजाजत जारी गर्दा काठमाडौ उपत्यकामा व्यापक ट्राफिक जामको समस्या देखिएको, साना सवारी चल्न सक्ने कम चौडाईका बाटोमा समेत बढी सिट भएका सवारीलाई बाटो ईजाजत दिँदा दूर्घटना समेत बढेको देखिएको सन्दर्भमा अब उपरान्त यातायात व्यवस्था कार्यालयहरुबाट तपशिल अनुसार हुनेगरि मात्र बाटो ईजाजत जारी हुने व्यवस्थाका लागि सहजिकरण हुन अनुरोध गरिन्छ।

**तपशिलः**

१. यातायात व्यवस्था कार्यालयहरुले नियमानुसार कायम भएका प्रदेशभित्रका वाटोमा मात्र रुट ईजाजत पत्र जारी गर्ने। अन्तरप्रदेशीय रुपमा संचालन हुने सवारीको हकमा यातायात व्यवस्था विभाग अन्तर्गतका सवारी परीक्षण कार्यालयहरुले मात्र रुट ईजाजत जारी गर्ने।
२. स्थानीय बाटोमा संचालन हुने स्थानीय सार्वजनिक यातायातको सवारीको बाटो ईजाजत जारी गर्दा प्रदेश र स्थानीय तहबीच समन्वय हुनुपर्ने।
३. काठमाडौ उपत्यका बाहिरवाट उपत्यका प्रवेश गर्ने सार्वजनिक यात्रुवाहक सवारीसाधनले कलंकी –सितापाईला हुदै बसपार्कसम्म मात्र आउन र जान पाउने। काठमाडौ उपत्यका बाहिरवाट बनेपासम्म चल्ने सार्वजनिक यात्रुवाहक सवारीसाधनले कलंकी-सातदोवाटो- कोटेश्वर हुदै बनेपासम्म आउन र जान पाउने।
४. यसको प्रतिकूल हुने गरि यसभन्दा अघि बाटो ईजाजत जारी गरिएको भएमा सो समेतलाई यसै अनुसार तत्काल सच्याउनुपर्ने।

**बोधार्थ**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथ, काठमाडौं ।
श्री सवारी परिक्षण कार्यालय, सबै ।
श्री यातायात व्यवसायी राष्ट्रिय महासंघ, काठमाडौं ।

..............................
कृष्ण कुमार यादव
(मेकानिकल इन्जिनियर)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नं.: प्रा.९८०

मितिः २०८२।१०।०७

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश
विरेन्द्रनगर, सुर्खेत ।

विषयः स्थानीय रुटमा चल्ने सवारीको व्यवस्थापन सम्वन्धमा।

प्रस्तुत विषयमा, श्री जिल्ला प्रशासन कार्यालय, जुम्लाको च.नं. ११२९ मिति २०८२/९/२१ को पत्र तथा भैरवनाथ यातायात प्रा.लि. जुम्लाको ज्ञापनपत्र मार्फत जुम्ला जिल्लाको स्थानीय रुटमा चल्ने साना तथा तीन पाङ्ग्रे सवारीसाधनले वाटो ईजाजत नपाएको गुनासोको सम्वन्धमा यातायात व्यवस्थापन कार्यबिधि निर्देशिका-२०६० (संशोधन) को बुँदा नं. ११.४.२० मा १४ सीट सम्मका भाडाका साना सवारीसाधनलाई आफ्ना क्षेत्रका दुई जिल्लाका लागि वाटो ईजाजत दिन सकिने तथा बुँदा नं. ११.४.२४ मा पाँच सिट वा सो भन्दा कम क्षमताका भाडाका सवारीलाई निश्चित क्षेत्र तोकि रुट ईजाजत दिन सकिने व्यवस्था रहेको देखिएकोले नेपालको संविधान, प्रचलित कानून, तथा प्रदेश कानून समेतलाई बिचार गरी स्थानीयतहहरूसंग समन्वयको आधारमा सम्वन्धित यातायात व्यवस्था कार्यालयवाट वाटो ईजाजत प्रदान गर्न सकिने भएकाले स्थानीय रुटमा चल्ने साना तथा तीन पाङ्ग्रे सवारी साधनलाई वाटो ईजाजत प्रदान गर्ने कार्यमा आवश्यक सहजिकरण गरिदिनु हुन बिभागको मिति २०८२/१०/०७ को निर्णयानुसार अनुरोध गरिन्छ ।

(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

बोधार्थः

श्री जिल्ला प्रशासन कार्यालय, जुम्ला।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नं.: प्रा.९८१

मितिः २०८२।१०।०७

श्री यातायात व्यवस्था तथा संचार मन्त्रालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री श्रीम रोजगार तथा यातायात मन्त्रायलय, वागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री सवारी परीक्षण कार्यालय, सवै।

**विषयः भारतीय सवारीको पटके वाटो ईजाजत सम्वन्धमा।**

प्रस्तुत विषयमा, विदेशमा दर्ता रहेका सवारी साधन प्रचलित कानून विपरीत अनाधिकृत रुपमा नेपालमा संचालन हुने गरेकोले सो को कडा नियमन गरि पाउन यस विभागमा परेको निवेदन/गुनासोको सम्बन्धमा नेपालमा सवारी तथा यातायात व्यबस्था ऐन-२०४९ को दफा २९, ३० र ८१ साथै सवारी तथा यातायात व्यवस्था नियमावली-२०५४ को दफा ३२ मा रहेको व्यवस्था तथा प्रदेशको सम्बन्धित ऐन समेतको आधारमा तपशिल अनुसार हुने व्यवस्था मिलाउनको लागि मातहतका यातायात व्यवस्था कार्यालयहरुलाई आवश्यक निर्देशन हुनको लागि मिति २०८२।१०।०७ को निर्णयानुसार अनुरोध गरिन्छ ।

**तपशिलः**

१. यात्रूवाहक सवारीलाई नियमन गर्न नेपाल भारत वीच सन २०१४ मा भएको सम्झौता अनुसार संचालित सवारी वाहेकका विदेशी सवारीले नेपालमा नियमित यातायात सेवा संचालन गर्ने अनुमति नपाउने।
२. विदेशमा दर्ता रहेको जुनसुकै सवारीले नेपालको वाटो प्रयोग गर्दा ऐनको दफा ३० तथा दफा ८१ मा भएको व्यवस्था अनुसार यातायात व्यवस्था कार्यालय वा सवारी परीक्षण कार्यालयवाट पटके वाटो अनुमति लिनुपर्ने।
३. प्रदेश अन्तरगतका यातायात कार्यालयहरुले सम्वन्धित प्रदेश भित्रको रुट कायम भएको वाटोमा मात्र तथा सवारी परीक्षण कार्यालयहरुले दुई वा सो भन्दा वढी प्रदेश भित्रको गन्तव्य सम्म जान र आउन पाउने गरि पटके वाटो ईजाजत दिन सकिने।
४. यसरी दिईने पटके वाटो ईजाजात वढीमा सात दिनको लागि हुने तर विशेष अवस्थामा समय थप गर्नु पर्ने भएमा ऐनको दफा-३० विपरीत नहुने गरि समय अवधि थप गर्न सकिने।
५. प्रदेश भित्रको गन्त्व्यसम्म जान र आउनको लागि माँग भएको पटके वाटो ईजाजत वापतको शुल्क प्रदेश कानूनमा व्यवस्था भए अनुसार हुने। दूई वा सो भन्दा वढी प्रदेशको वाटो प्रयोग गरि गन्तव्य सम्म जाने र आउने सवारीको पटके वाटो ईजाजात वापतको शुल्क सवारी तथा यातायात व्यवस्था नियमावली-२०५४ (नियम-३२) अनुसार हुने।

(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

**बोधार्थः**

श्री प्रहरी प्रधान कार्यालय, कार्य विभाग, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा, नक्साल, काठमाडौः— यसै अनुसार आवश्यक नियमनको व्यबस्था मिलाउनकोलागि अनुरोध गरिन्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।

पत्र संख्याः २०८१/०८२
चलानी नं: प्रा.१०६९

मितिः २०८१।१०।११

श्री यातायात व्यवस्था तथा संचार मन्त्रालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री श्रीम रोजगार तथा यातायात मन्त्रायलय, वागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषयः मालवाहक सवारीको भारवहन सम्बन्धमा ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६(३) मा मालवाहक सवारीको दर्ताको प्रमाणपत्रमा कुल वजन (GVW/GCW), भारवहन क्षमता तथा भाररहित वजन समेत छुट्टाछुट्टै रुपमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन) को बुँदा नं.१३ (क) २ तथा अनुसूची-१ मा भएको व्यवस्था अनुसार सडकमा संचालन गर्दा कायम हुनुपर्ने कुल वजन समेत प्रष्टसँग बुझिने गरी जनाउनुपर्ने व्यवस्था रहेको विदितै छ । यातायात व्यवस्था विभागबाट यस विषयमा पटक-पटक परिपत्र समेत भएको छ ।

हालका दिनमा मालवाहक सवारी साधनहरुको Over Weight का कारण पुल र सडकको अवस्था विग्रेका कारण विभिन्न समस्या हुनुको साथै अधिक भारवहन कै कारण सडक दूर्घटनाहरु पनि बढेको भन्ने जनगुनासो प्राप्त भएका सन्दर्भमा तहाँ मन्त्रालय मातहतका यातायात व्यवस्था कार्यालयहरुबाट जारी हुने सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजत पत्र तथा जाँचपास प्रमाणपत्र समेतमा स्पष्ट रुपमा सवारीको कुल वजन (GVW) तथा भारवहन क्षमता (Carrying Capacity) उल्लेख गर्ने र सोको अनुगमन समेत हुने व्यवस्थाको लागि आदेशानुसार अनुरोध गरिन्छ ।

..............................
(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

बोधार्थः

| | |
|---|---|
| श्री प्रहरी प्रधान कार्यालय, नक्सालः | तहाँ मातहतका ट्राफिक प्रहरी कार्यालयहरुबाट हुने सडक अनुगमनको क्रममा उपरोक्त अनुसार हुने गरी नियमन तथा नियन्त्रणको व्यवस्थाको लागि अनुरोध छ । |
| श्री सवारी परीक्षण कार्यालय, सबैः | तहाँ कार्यालयहरुबाट जारी हुने अन्तरप्रदेशीय बाटो इजाजत पत्र तथा जाँचपास प्रमाणपत्रमा समेत सोही अनुसार गर्न/गराउनका लागि । |
| श्री नेपाल ट्रक व्यवसायी राष्ट्रिय महासंघः | उल्लिखित निर्देशिकाको ३ (१) मा व्यवस्था भए अनुसार सवारीको कुल वजन खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिई मात्र सवारी साधन संचालन गर्ने व्यवस्था हुन। |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

(मीनभवन, काठमाडौं)

फोनः ४४७४९२१
फ्याक्सः ४४७४९२२
इ-मेलः trans@dotm.gov.np
वेभ साइटः www.dotm.gov.np

प.सं.: २०८०।८१
च.नं.: प्रा. १२३३

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाण्डौं

मितिः २०८१।०२।१७

विषयः भारवहन सम्बन्धी कानूनी प्रावधान कार्यान्वयन सम्बन्धमा ।

श्री यातायात व्यवस्था कार्यालय, सबै

प्रस्तुत विषयमा मालवाहक सवारीहरुको अधिक वजनका कारण सडकमा पुग्ने क्षति तथा यातायात व्यवस्थापनमा पर्ने असरहरुलाई न्यूनीकरण गर्ने उदेश्यका साथ **"मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४"** कार्यान्वयनमा ल्याइएकोमा तोकिए भन्दा बढी वजन भएका मालवाहक सवारीहरु सडकमा गुडिरहेका र त्यस्ता सवारीहरुको अधिक भार बराबरको मालसामान नझारी, जरिवाना मात्र गरी सडकमा गुड्न दिंदा भारवहन नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुन नसकेको प्रति यस विभागको ध्यानाकर्षण गराउँदै कानूनसम्मत भारवहन नियमन कार्यान्वयन गराउन अनुरोध गर्दै नेपाल ट्रक यातायात व्यवसायी महासंघबाट यस विभाग समक्ष अनुरोध भइआएकोमा उपरोक्त निर्देशिकामा भएका अन्य व्यवस्थाहरुका साथै देहायका बुँदाहरुमा समेत ध्यान दिई भारवहन नियमन सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न, गराउन हुन अनुरोध छ ।

१. बढी भार बराबरको मालसामान झार्न लगाउनु पर्नेः निर्देशिकाको अनुसूची-१ मा उल्लिखित अधिकतम कुल वजन वा एक्जल लोड वा दफा ९को अधिकतम सीमा भन्दा बढी भारवहन गरेका मालवाहक सवारीलाई जरिवानाको अतिरिक्त बढी भार बराबरको मालसामान झार्न लगाएर मात्र अगाडि बढ्न दिनु पर्ने र त्यसरी झारिएको सामानको व्यवस्थापन समेत सम्बन्धित सवारीधनीले नै गर्नु पर्ने । (निर्देशिकाको दफा ९ र १०)

२. उत्पादक कम्पनीले तोकेकै अधारमा मात्र कुल सवारी वजन कायम नहुनेः सवारी उत्पादक कम्पनीले तोके अनुसार सवारी दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुल सवारी वजन निर्देशकाको अनुसूची-१ वा दफा ९क मा तोकिएको वजनको अधिकतम सीमा भन्दा बढी भएमा निर्देशिकामा तोकिए अनुसार हुने गरी मात्र वजन कायम गरी सवारी सडकमा सञ्चालन गर्न पाइनेछ । उत्पादक कम्पनीले निर्धारण गरेको कुल वजनका आधारमा निर्देशिकाको व्यवस्था विपरित बढी वजन हुने गरी सवारी सञ्चालन गर्न पाइने छैन । कुनै सवारीको हकमा उत्पादक कम्पनीले तोकेको कुल सवारी वजन निर्देशिकामा त्यस्तो सवारीको लागि तोकिएको अधिकतम वजन भन्दा बढी भएमा सवारी दर्ता गर्दाका बखत वा नियमित जाँचपास गर्ने समयमा सम्बिन्धित यातायात व्यवस्था कार्यालयले सवारी दर्ता प्रमाणपत्रको कुनै पानामा त्यस्तो सवारीको निर्देशिका बमोजिम हुन आउने कुल अधिकतम वजन प्रष्ट रुपमा जनाउनु पर्नेछ ।(दफा १३क)

(क्रमशः)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

(मीनभवन, काठमाडौं)

फोनः ४४७४९२१
फ्याक्सः ४४७४९२२
इ-मेलः trans@dotm.gov.np
वेभ साइटः www.dotm.gov.np

प.सं.: २०८०।८१
च.नं.: प्रा. १२३३

३. <u>कुल सवारी वजन सम्बन्धी विशेष सीमाहरुः</u> कुनै मालवाहक सवारीको कुल अधिकतम एक्जल लोड वा कुल सवारी वजन निर्धारणको लागि अनुसूची-१ लाई आधार मानिनेछ तर नेपालमा सञ्चालन हुने रिजिड ट्रकको हकमा कुल वजन ३५ टन र ट्रेलर वा सेमी ट्रेलरको हकमा कुल वजन ४९ टन भन्दा बढी हुनु हुँदैन । (दफा ९क)

पुनश्चः अनुसूची -१ सम्बन्धी व्यवस्थाको सचित्र विवरण यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

..................................

संजय कुमार थिङ्ग
(मेकानिकल इन्जिनियर)

<u>बोधार्थ तथा सहकार्यार्थः</u>
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं
श्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, बालकुमारी, ललितपुर
श्री सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपाल, बालाजु, काठमाडौं
श्री नेपाल ट्रक यातायात व्यवसायी महासंघ, सानेपा, काठमाडौं
श्री नेपाल फ्राइट पर्वाडर्स एशोसियसन, कालोपुल, काठमाडौं
श्री आई.एम.ई. मोटर्स प्रा.लि., पानीपोखरी, काठमाडौं
श्री ओम्नी मोटर्स प्रा.लि., नक्साल, काठमाडौं
श्री दुगढ ब्रदर्स एण्ड सन्स प्रा.लि., काठमाडौं
श्री बतास एम.ए.डब्लु. कमर्सियल भेइकल्स प्रा.लि., टङ्गाल चोक, काठमाडौं
श्री स्पार्क अटोमोटिभ्स प्रा.लि., कमलादी, काठमाडौं
श्री सिप्रदी ट्रेडिङ्ग प्रा.लि., नैकाप, चन्द्रागिरि, काठमाडौं

## <u>निर्देशिकाको अनुसूची-१ मा रहेको व्यवस्थाको सार संक्षेप देहाय अनुसार रहेको छः</u>

| क्र.सं. | एक्जलको प्रकार (चक्का संख्या) | अधिकतम एक्जल वजन (टन) |
|---|---|---|
| १ | Single Axle (२) | ६ |
| २ | Single Axle (४) | १०.२ |
| ३ | Double Axle (Tandem) (८) | १९ |
| ४ | Triple Axle (Tridem) (१२) | २४ |

उदाहरणका लागि उपरोक्त व्यवस्था अनुसार मालवाहक सवारीहरुको अधिकतम कुल वजन देहाय अनुसार गणना गर्न सकिन्छ:-

| अगाडिको एक्जलको प्रकार (चक्का संख्या) | बीच वा पछाडिको एक्जलको प्रकार (चक्का संख्या) अनुसार हुने अधिकतम कुल वजन | | | | | |
|---|---|---|---|---|---|---|
| | Single (२) | Single (४) | Double (Tandem) (८) | Triple (Tridem) (१२) | Triple (single + Tandem) (२+८) | Quadruple (Single + Tridem) (४+१२) |
| Single (२) | १२ टन  अगाडि ६ पछाडि ६ | १६.२ टन  अगाडि ६ पछाडि १०.२ | २५ टन  अगाडि ६ पछाडि १९ | ३० टन  अगाडि ६ पछाडि २४ | ३१ टन  अगाडि ६ बीच ६ पछाडि १९ | ४०.२ टन  अगाडि ६ बीच १०.२ पछाडि २४ |

<u>कुल सवारी वजन सम्बन्धी विशेष सीमाहरु:</u> कुनै मालवाहक सवारीको कुल अधिकतम एक्जल लोड वा कुल सवारी वजन निर्धारणको लागि अनुसूची-१ लाई आधार मानिनेछ तर नेपालमा सञ्चालन हुने रिजिड ट्रकको हकमा कुल वजन ३५ टन र ट्रेलर वा सेमी ट्रेलरको हकमा कुल वजन ४९ टन भन्दा बढी हुनु हुँदैन । (दफा ९क)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नं: प्रा.१४९२

मितिः२०८३/०१/०२

श्री भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौ।

विषयः खुलाई पठाईएको सम्वन्धमा।

तहाँ विभागको च.नं. वेरुजु /४६ मिति २०८२।१२।२६ को आवश्यक सहजिकरण गरिदिने विषयको पत्र मार्फत जडित मोटरको पिक पावर यकिन गर्ने सन्दर्भमा अपनाईने गरेको कानूनी प्रकृया, पैठारीकर्ताको तर्फवाट प्रस्तुत हुने Conformity of production (COP), Type Approval Certificate जस्ता कागजातहरुको आधिकारिकता, विद्युतीय बाहेकका नेपालमा पैठरी हुने अन्य सवारीसाधनको हकमा ईन्जिन क्षमता एकिन गर्न अपनाईने प्रकृयाको विषयमा खुलाई पठाईदिने व्यवस्थाका लागि अनुरोध भई आएको सन्दर्भमा यस विभागको राय प्रतिकृया तपशिल अनुसार रहेको व्यहोरा विभागको मिति २०८२/१२/३० को निर्णयअनुसार अनुरोध गरिन्छ।

तपशिलः

१. यातायात व्यवस्थापन कार्यविधि निर्देशिका-२०६०(संसोधन सहित) मा विभागवाट सम्पादन गरिने कार्यहरु अन्तर्गत बुँदा नं. ९.३ मा डिजेल/पेट्रोलवाट संचालन हुने वाहेकका फरक प्रकृतिका सवारीसाधन आयात तथा दर्ता गर्नको लागि निर्माता कम्पनिले दिएको कागजात तथा अन्य मनासिव सिफारिसको आधारमा आवश्यक जाँचबुझ तथा विश्लेष्ण गरि केहि समयकालागि वा सधैंका लागि दर्ता र स्वीकृतिका लागि सिफारिस वा निर्देशन दिन सकिने कुरा उल्लिखित भएको र सोही आधारमा यातायात व्यवस्था विभागवाट विधूतीय सवारी साधन आयातकोलागि स्वीकृति प्रदान गर्ने तथा आयात भई आएका सवारीसाधनको प्रत्येक मोडलको लागि विभाग अन्तर्गतका सवारी परीक्षण कार्यालयहरुवाट सडक सक्षमता परीक्षण समेत गर्न लगाई यातायात व्यवस्था कार्यालयहरुलाई दर्ताकोलागि पठाउदै आएको कुरा जानकारी गराईन्छ।

२. सवारी तथा यातायात व्यवस्था ऐनको दफा ३९मा निर्माता कम्पनिले सवारीको वनौटको सम्वन्धमा निर्धारण गरेको विस्तृत विवरणमा परिवर्तन गर्नेगरि कुनै किसिमको स्वीकृति दिन नमिल्ने कुरा उल्लेख भएकोले नेपालमा पैठारी हुने कुनै उत्पादकको कुनै खास मोडलका सवारीसाधनलाई नेपालमा आयातको स्वीकृति दिनु पूर्व यस विभागवाट सम्वन्धित सवारीको आयातकर्ता मार्फत आधिकारिक निकायले/उत्पादकले जारी गरेको सो सवारीको प्रकार अनुमोदन (TA), उत्पादनको तदात्मयता प्रमाणपत्र(COP) तथा COP लाई पुष्टि गर्ने गरि सवारी उत्पादनको वखत गरिएको प्राविधिक परीक्षण प्रतिवेदन(Test Report) समेत पेश गर्न लगाईन्छ।

३. तँहा विभागको पत्रमा उल्लिखित श्री महालेखा परीक्षकको कार्यालयवाट जारी भएको पत्रको सम्वन्धमा आयातकर्ता फर्म/कम्पनिले नेपालमा आयात हुने कुनै मोडेलका सवारीको उत्पादक कम्पनिले आधिकारिक रुपमा जाँच गराई जारी गरिएको प्रकार अनुमोदन (TA) तथा उत्पादकवाट जारी भएको सवारी उत्पादनको तदात्मयता (Conformity of production) सम्वन्धि कागजातहरु पेश गर्ने गरेको छ।विधूतीय सवारीको हकमा मोटरको Pick Power तथा Rated Power खुल्ने गरि गरिएको टेस्ट सम्बन्धि कागजात समेत पेश गर्न अनिवार्य गरिएको छ।

४. उत्पादकवाट उत्पादित कुनै मोडेलका सवारी सडकमा गुड्न सुरक्षित र सक्षम रहेको प्रमाणपत्र सवारी साधनको परीक्षण गर्ने निकायले जारी गर्ने गर्छ भने अनुमोदित प्रकार अनुसारको सवारी उत्पादनलाई निरन्तरता दिने जिम्मेवारी उत्पादकसंग

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

रहेको हुन्छ। तसर्थ, उत्पादकले आधिकारिक रुपमा जारी गरेको कागजातलाई यस विभागले अध्ययन गरेर सोको आधारमा यकिन गरि आयातको स्वीकृति दिने गर्छ र आयात भएको कुनै मोडलको सवारी सडकमा चल्न सक्षम भएको सिफारिस भई आएमा सडक सक्षमताको प्रमाणपत्र समेत जारी गर्छ। मोटर क्षमता लगायत अन्य Technical parameters कोलागि उत्पादकवाट जारी भएका कागजातलाई नै आधिकारिक मानिन्छ। आयातकर्ताहरुद्वारा भारतबाट आयात हुने सवारीको हकमा Automotive Research Association of India (ARAI) तथा International Centre for Automotive Technology (ICAT) जस्ता निकायले जारि गरेको Type Approval प्रमाणपत्र पेश गर्ने गरिन्छ भने चीनको हकमा CNAS (China National Accreditation Service) वाट accreditation Testing centers जस्तै , CATARC (China Automotive Technology and Research Cente) वाट जारि भएको type approval certificate पेश गरिन्छ। केही निर्माताहरुले UNECE को Guideline अनुसार सवारीको परीक्षण गर्ने IDIADA Automotive Technology , TUV (Technical Inspection Association) र STA (Swedish Transport Agency) जस्ता Testing Agency को प्रमाणपत्रहरु समेत पेश गर्ने गरेका छन्।

५. पैठारिकर्ता/आयातकर्ताले पेश गर्ने कागजातहरुको अध्ययन गरि सिफारिस गर्ने काम यस बिभागवाट हुन्छ तर कागजातको आधिकारिकताको सम्बन्धमा आयातकर्ता स्वयं जिम्मेवार हुने कानूनी प्रावधान छ। पेश भएको कागजातमा कैफियत देखिएमा सिफारिस पत्र खारेज गरि अन्य आवश्यक कानूनी कारवाही गर्न सकिने प्रावधान समेत रहेको छ।

६. सवारीसाधनको ईन्जिन क्षमता (CC) वा मोटरको अधिकतम क्षमता (Pick power) को स्वतन्त्र मापन प्राविधिक रुपमा जटिल विषय भएको,नेपालमा डिजेल/पेट्रोलवाट संचालन हुने सवारीको ईन्जिन क्षमता अथवा विधूतीय सवारीको मोटर क्षमता परीक्षण गर्ने संयन्त्र नभएको, उत्पादकले आफ्ना प्रयोगशालामा पटक-पटक परीक्षण गरि Technical Parameter हरु तय गर्ने गरेका कारण सवारी तथा यातायात व्यवस्था ऐन-२०४९ लागु भएयता नै उत्पादक कम्पनिले पेश गरेको कागजातलाई नै यस विभागले आधिकारिक रुपमा लिईदै आएको छ।

..........................
(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नं.: प्रा.१७०७

मिति :- २०८३।०१।२९

श्री भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं।

विषय: थप प्रष्ट पारिएको सम्बन्धमा ।

तहाँ विभागको च.नं. बेरुजु/४६ मिति २०८२/१२/२६ को आवश्यक सहजिकरण गरिदिने विषयको पत्रको जवाफ यस अघि पठाइसकिएको सन्दर्भमा थप प्रष्ट पार्न भनी अनुरोध भई आएकोमा यस विभागद्वारा यस अघि गरिएका पत्राचारहरु मार्फत विघुतीय वा अन्य सवारीको हकमा कानूनले तोके बमोजिम पैठारी गर्न अपनाइने गरेको प्रक्रिया बारेमा स्पष्ट पारिसकेको व्यहोरा अनुरोध गर्छु । सो विषयको सन्दर्भमा तहाँ विभागद्वारा अझै स्पष्ट पारिदिनको लागि बुँदा सहित आएको विषयको सन्दर्भमा तपसिल बमोजिम स्पष्ट पार्न चाहन्छु ।

सवारी उत्पादक कम्पनीले कुनै एक मोडेलको गाडी उत्पादन गर्नु पूर्व धेरै प्रक्रियाहरु पूरा गर्नुपर्ने हुन्छ। सर्व प्रथम सवारी उत्पादक कम्पनीले सम्बन्धित देशको कानूनहरु बमोजिम सबै कार्य पुरा गरि सके पछि उत्पादन गर्न खोजिएको सवारीको इन्जिनियरिङ्ग डिजाइन गरी सो डिजाइन अनुसारको गाडीको Prototype को उत्पादन गरिन्छ । यसरी उत्पादन गरिएको Prototype को डिजाइन र Prototype दुबैको स्वीकृतिको लागि सरकारले तोकेको सरकारी निकायमा सवारीको Type Approval Test को लागि आवेदन गरिन्छ । यसरी गरिएको आवेदनको आधारमा सरकारी निकायको अधिकार प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायबाट अधिकार प्राप्त निकायले तोकेको क्रमश: सरकारी वा निजी क्षेत्रको तेश्रो पक्षको सवारी परीक्षणको लागि मान्यता वा स्वीकृति प्राप्त (Licence) ल्यावमा Test को लागि पठाउँछ र सो Testing Lab ले तोकेको मापदण्ड अधिनमा रही सवारीको Test गर्ने कार्य गरिन्छ । यसरी Prototype को Test गर्दा निजले गरेको इन्जिनियरिङ्ग डिजाइन अनुसार नै हुन गएमा सो परिक्षण गर्ने ल्यावले Vehicle Type Approval Test Report जारी गर्दछ । मुख्य गरी सबै देशमा यही विधि मार्फत Vehicle Type Approval Test हुने हो तर ती देशहरुको Testing Standard भने फरक फरक हुन सक्छन् ।

चीनमा उत्पादन हुने सवारीको हकमा पनि यसै विधिद्वारा सवारीको Vehicle Type Approval Test Report जारी हुने हो । चिनमा उत्पादन हुने सवारी साधनको हकमा चीन सरकारका सवारी साधन उत्पादन तथा सञ्चालन सम्बन्धी नियमन गर्ने CNAS, CCC, MIIT,MEE CMA जस्ता सरकारी निकायहरु छन् जसले सरकारी वा निजी क्षेत्रका Vehicle Type Approval Test गर्न सक्ने पूर्वाधार को आधारमा Vehicle Type Approval Test Lab को स्वीकृति वा Accreditation दिएका हुन्छन् । ती तेश्रो पक्षका निकायहरु (Testing Labs) बाट गरिएका Type Approval Test Report भएमा मात्र आयातको लागि पैठारी कर्ताको आवेदन कारवाहीको लागि अगाडी बढ्ने गर्दछ ।

हरेक देशको सवारी उत्पादन गरेका वा पैठारी भई आएकाको हकमा सवारीको जाँच गर्ने विधिहरु वा मापदण्डहरु फरक फरक हुने गर्दछ । मुख्य गरी धेरै जसो देशले ISO Standard लाई नै आधार मानेर आफ्नो देशको सवारी जाँचको मापदण्डहरु बनाउने गरिएको देखिन्छ । UNECE, ISO EV, Bharat Standard, China Standard (GB, GB/T), Euro Standard जस्ता मापदण्डहरु यसका उदाहरण हुन । यसरी नै चीनले Guobiao/GB (National Standard) लाई आफ्नो देश भित्र उत्पादन हुने सवारीको Type Approval Test र Conformity of Production जारी गर्ने कार्यको लागि सवारीको परिक्षण वा जाँच गर्ने एउटा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाण्डौं

पत्र संख्या: २०८२/०८३
चलानी नं.: प्रा.१७०७

मापदण्ड हो। चीनमा निर्माण हुने सवारी साधनले GB Standard ले तोकिए बमोजिम सवारीको Type Approval Test गर्नु पर्ने हुन्छ । यो मापदण्ड डिजल पेट्रोल र विद्युतीय शक्तिबाट सञ्चालन हुने सबै प्रकारका सवारीहरुले अपनाउनु पर्ने हुन्छ। GB/T 18488 को मापदण्ड मुख्य गरी विद्युतीय सवारीको हकमा त्यसमा पनि Motor System सँग सम्बन्धित मापदण्ड हो । यसले मुलतः traction of motors, e-drive systems, Motor performance, Motor efficiency, Controller जस्ता मोटरसँग संलग्न सम्पुर्ण प्रणालीहरुको Test Standard निर्धारण गरेको छ । यो GB Standard जस्तो बाध्यकारी छैन यसलाई तदर्थ रुपमा पनि लिने गरिएको छ।

पछिल्लो समयमा यातायात व्यवस्था विभागद्वारा सवारी आयात कर्ताहरुसँग Whole Vehicle Type Approval Test Report सँगै Motor Type Approval Test Report र Battery Type Approval Test Report समेत छुट्टा-छुट्टै माग गर्ने गरिएको छ । चीनमा बनेको सवारी साधनहरुको सम्बन्धमा यसरी माग गरे अनुसार पेश हुन आएको Motor Type Approval Test Report नै GB/T 18488 मापदण्ड भित्रको कागजात हुन् । विभागले सोही Test Report मा उल्लेख गरिएका Data , Graph, Chart मा उल्लेख गरिएका मोटरको विवरणलाई Whole Vehicle Type Approval Test Report मा उल्लेख गरिएको विवरणसँग तुलना गरेर जाँच गरि सोको आधारमा आयात सिफारिस गर्ने हो वा हैन निर्णय गर्ने गरिन्छ । साथै Euro Standard हकमा EU-EV Regulation No. 85 ले Motor Drive Train को बारेमा गरिएको Test Report संलग्न हुने हुनाले सोही Report र Whole Vehicle Type Approval Test Report सँग गरिएको कागजातको जाँच एवम् परिक्षणको आधारमा सवारी आयातको लागि सिफारिस गर्न मिल्ने हो वा हैन सोको निर्णय गर्ने गरिएको व्यहोरा अनुरोध छ ।

.......................
(मणिराम भुषाल)
निर्देशक (प्रा.)

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।

पत्र संख्या :- २०७४।०७५
चलानी नं. :- ११६६

मिति : २०७४।०८।१०

विषय : **टेम्पोको संचालन सम्बन्धमा ।**

श्री यातायात व्यवस्था कार्यालय, सबै ।

प्रस्तुत विषयमा, इ-रिक्सा, ट्राइसइकल, टेम्पोहरु राष्ट्रिय राजमार्ग भएर संचालन गर्न नपाउने गरी यस विभागबाट विभिन्न मितिमा परिपत्र भएकोमा विभिन्न टेम्पोसँग सरोकार राख्ने आयातकर्ताहरुले उक्त परिपत्रका सम्बन्धमा विमती राखी Speed Limit बढी भएको, Kerb Weight बढी भएको र राजमार्गमा चल्नका लागि सुरक्षाको दृष्टिकोणले पनि उपयुक्त रहेको टेम्पो नियमानुसार संचालन गर्न पाउँ भनी निवेदनहरु प्राप्त भएकोमा इ-रिक्सा तथा ट्राइसाइकलहरुका सन्दर्भमा यस अघि भएको परिपत्रलाई यथावत राखी तपसिल बमोजिमका शर्तहरुको पालना गर्ने पेट्रोलबाट संचालित टेम्पोलाई नियमानुसार काठमाडौं उपत्यका, पोखरा उपत्यका र उच्च पहाडी तथा हिमाली भू-बनोट भएका क्षेत्रहरु बाहेकका सडकहरुमा संचालन गर्न दिने गरी दर्ता तथा रुट इजाजत दिने व्यवस्थाका लागि यस विभागको मिति २०७४।०८।१० को निर्णयानुसार अनुरोध गरिन्छ ।

**शर्तहरु :**

१. सवारीको Maximum Speed Limit कम्तिमा ५५ कि.मि. प्रतिघण्टा भएको हुनु पर्ने ।
२. टेम्पोको Minimum Kerb Weight 300 kg भएको हुनुपर्ने ।
३. सवारीको Body Full Furnished भएको हुनुपर्ने ।
४. काठमाडौं उपत्यका, पोखरा उपत्यका र उच्च पहाडी तथा हिमाली भू-वनोट भएका क्षेत्रमा बाहेकका क्षेत्रमा मात्र संचालन गर्नुपर्ने ।
५. Dedicated र Service Lane भनी छुट्याइएका राजमार्गमा Service Lane को भाग मात्र प्रयोग गर्नुपर्ने ।
६. शहरी क्षेत्रमा Maximum Speed Limit ४० km/hr मा मात्र संचालन गर्नुपर्ने ।
७. Speed Limit, Kerb Weight र उक्त सवारीको Specification का सन्दर्भमा कुनै शंका लागेमा यातायात व्यवस्था विभागले चेकजाँच गरी मात्र स्वीकृति दिन सक्ने ।

(मोहन प्रसाद भट्टराई)
मेकानिकल इन्जिनियर

**बोधार्थ :**
श्री प्रहरी प्रधान कार्यालय, कार्य विभाग
ट्राफिक निर्देशनालय, नक्साल काठमाडौं ।

श्री हंसराज हुलासचन्द प्रा.लि., नक्साल ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।

पत्र संख्याः २०८१/०८२
चलानी नं: प्रा.१९२६

मिति:२०८२/०३/१२

श्री जिल्ला प्रशासन कार्यालय, सबै

विषयः मालबाहक सवारीको भारबहन नियमन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा सवारी तथा यातायात व्यबस्था ऐन २०४९ को दफा १६(३)अनुसार सवारी दर्ताको प्रमाणपत्र (Blue Book) मा सवारीको कुल बजन (GVW/GCW), भारबहन क्षमता र भाररहित बजन समेत छुट्टाछुट्टै रुपमा स्पष्ट हुनेगरि उल्लेख गर्नुपर्ने व्यवस्था छ। मालबाहक सवारीको भारबहन नियमन सम्बन्धी निर्देशिका २०७४ (संसोधित) समेतमा सडकमा सञ्चालन हुने मालबाहक सवारीले कुल बजन (बहन गरेको भार) खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिई संचालन गर्नुपर्ने, सम्बन्धित निकायले सवारी अनुगमन गर्दा यस्तो प्रमाणको आधारमा नियमन गर्न सक्ने, भारबहन अनुगमन तथा नियन्त्रण गर्ने निकायले कुनै ब्यक्ति फर्म कम्पनि वा संस्थाले संचालन गरेको तौलपुल समेतको प्रयोग गर्न सक्ने जस्ता ब्यबस्था रहेका छन्।

हालका दिनहरुमा मालबाहक सवारी साधनहरुले क्षमताभन्दा बढी भारबहन गरेका कारण पुल भत्किने, सडकको अबस्था बिग्रने लगायतका समस्या हुनुको साथै अधिक भारबहन कै कारण सडक दुर्घटनाहरु पनि बढेको भन्ने जनगुनासाहरु समेत प्राप्त भएको सन्दर्भमा सडकमा संचालन हुने सवारीसाधनले क्षमताभन्दा बढी भारबहन गर्न नपाउने गरि कडाईका साथ अनुगमन गरिदिनकालागि तँहा जिल्ला स्थित सम्पूर्ण नियमनकारी निकायलाई निर्देशन एवं समन्वय हुन अनुरोध गरिन्छ। साथै टुक्राउन नमिल्ने समान बोकेको कारण क्षमताभन्दा बढी तौल हुन जाने सवारीले भारबहन नियमन सम्बन्धि निर्देशिका २०७४ (संसोधित) को बुदा नं. १०(२) अनुसारको पूर्ब स्वीकृति लिईएको एकिन गरेर मात्र संचालन गर्न दिने तथा अन्यको हकमा बुदा नं.(९) तथा (१०) को (१) मा ब्यबस्था भए अनुसार प्रचलित कानुन अनुसारको जरिबाना र भार समेत मिलान गरेर मात्र सवारी संचालन गर्न दिने व्यवस्थाको लागि अनुरोध गरिन्छ।

२०८२।३।१२
..................
राजिव पोखरेल
महानिर्देशक

बोधार्थ
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
श्री यातायात ब्यबसायी राष्टीय महासंघ, बालकुमारी, ललितपुर ।
श्री नेपाल ट्रक ब्यबसायी राष्टीय महासंघ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
# यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नं: प्रा.१९५०

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

मितिः२०८३/०२/२९

श्री यातायात व्यवस्था तथा संचार मन्त्रालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रायलय, वागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषयः ट्रक/ट्रयाङ्करहरुको ब्लु बुकमा बोक्न पाउने भारवहन क्षमता (Permissible GVW) स्पष्ट लेख्ने सम्बन्धमा ।

उपरोक्त विषयमा, यातायात व्यवस्था ऐन, २०४९ को दफा १६ को उपदफा ३ बमोजिम मालवाहक सवारी साधनहरुको लागि ब्लु बुकमा उल्लेख गरिने वजनहरु मध्ये भारवहन क्षमता छुट्टै रुपमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने प्रावधान रहेको र कुल वजन मात्र लेखिंदा सो ट्रक/ट्रयाङ्करले अनुमति पाएको भारवहन क्षमता सम्बन्धमा दुविधा परेको देखिएकोले सबै मालवाहक सवारीको ब्लु बुकमा मालवाहक सवारी साधनहरुको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन सहित) को अनूसुची-१ बमोजिम प्रति एक्सल टन, Tandem, Tridem को भारवहन क्षमता जोडि आएको मान प्रत्येक ट्रक/ट्रयाङ्करहरुमा Permissible GVW भनी स्पष्ट रुपमा ब्लु बुकमा उल्लेख गरी (तर निर्देशिकाको दफा ९ बमोजिम रिजिड ट्रकको हकमा अधिकतम ३५ टन र ट्रेलर वा सेमी ट्रेलरको हकमा अधिकतम ४९ टन भन्दा बढी हुनु नहुने) स्पष्ट हुने गरी लेख्ने र यस अघि जारी भइसकेको ब्लु बुकहरुमा पनि सोही अनुरुप Permissible GVW थप्ने व्यवस्थाका लागि सबै यातायात व्यवस्था कार्यालयहरुलाई पत्राचार हुन निर्देशानुसार अनुरोध छ ।

.....................
(मणिराम भुषाल)
निर्देशक (प्रा.)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(यातायात व्यवस्था शाखा)

URL : www.mopit.gov.np
E-mail : info@ mopit.gov.np
फोन नं. ४२११९८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं, नेपाल।

प.सं. ७.२(यातायात)-०७४/७५
च.नं. १०८

यातायात ... दर्ता नं. 6S 6S मिति 2/29

मितिः- २०७५/०२/१७

श्री यातायात व्यवस्था विभाग,
मीनभवन, काठमाडौं ।

विषयः- Cross Border यातायात सञ्चालन सम्बन्धमा ।

प्रस्तुत बिषयमा Nepal-India Motor Vehicle Agreement अनुसार Cross Border मार्गहरुमा यातायात सेवा सञ्चालन गर्ने सम्बन्धमा यातायात व्यवस्था विभागलाई निम्न बमोजिम निर्देशन दिने भनी नेपाल सरकार (सचिव-स्तर) को मिति २०७५/०२/१५ को निर्णयानुसार अनुरोध छ ।

१. मन्त्रालयले विगतमा मिति २०७४/०१/२१ को नेपाल सरकार (सचिव-स्तर) निर्णयानुसार दिएको निर्देशन एवं Authorized Operator छनौट गर्दा नेपाल-भारत Motor Vehicle Agreement अन्तर्गतका सबै मापदण्डहरु पूरा गरी मात्र यातायात व्यवस्था विभागले छनौट गरी निर्णयको प्रतिलिपि, लोकप्रिय राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक गरेको सूचनाको Cutting प्रतिलिपि, सिफारिस सहित यस मन्त्रालयमा पेश गर्नुपर्नेछ । (मिति २०७४/०१/२१ सचिव-स्तरको निर्णय र २०७४/०१/२४ को पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ ।)

२. Nepal-India Motor Vehicle Agreement अनुरुपका हालका मार्गहरु र भविष्यमा दुई मुलुकहरु बीच आपसी स्वीकृतिमा तय गरिएका Cross Border मार्गहरुमा अन्य कसै व्यक्ति वा फर्म वा कम्पनी वा आधिकारिक कम्पनीले पूनः हाल चलिरहेकै मार्गहरुमा समेत यातायात सञ्चालन गर्न चाहेमा कसैको एकाधिकार नहुने गरी प्रतिस्पर्धात्मक रुपले हाल चलिरहेका वा तय भई चल्न बाँकी रहेका मार्गहरु वा भविष्यमा दुई मुलुकहरु बीच आपसी स्वीकृतिमा तय गरिएका Cross Border मार्गहरुमा समेत यातायात व्यवस्था विभागबाट लोकप्रिय राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरी अन्यलाई समेत बस सेवा सञ्चालन गर्न दिन Authorized Operator छनौट गर्नुपर्ने ।

३. Nepal-India Motor Vehicle Agreement अनुसार दुई मुलुकहरु बीच आपसी स्वीकृतिमा तय गरिएका निम्न बमोजिमका Cross Border मार्गहरुमा व्यक्ति वा फर्म वा कम्पनी वा आधिकारिक कम्पनीले यातायात सञ्चालन गर्न चाहेमा कसैको एकाधिकार नहुने गरी बस सेवा सञ्चालन गर्न ईच्छुकले निवेदन दिन आएमा पनि प्रतिस्पर्धात्मक रुपले Authorized Operator छनौट गर्न लोकप्रिय राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्न अनुरोध गरिएको छ ।

- काठमाण्डौ- पटना- बोधगया
- महेन्द्रनगर- दिल्ली
- सिलगुडी- काकडभिट्टा- काठमाण्डौ

# नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## (यातायात व्यवस्था शाखा)

URL : www.mopit.gov.np
E-mail : info@ mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं, नेपाल।

प.सं. ७.२(यातायात)-०७४/७५
च.नं.

- नेपालगञ्ज- रुपेडिया- बरेली- मोरादाबाद- हरिद्वार
- नेपालगञ्ज- रुपेडिया- लखनउ
- नेपालगञ्ज- रुपेडिया- दिल्ली
- काठमाण्डौ- सुनौली- गोरखपुर
- काठमाण्डौ- भैरहवा- सुनौली- गोरखपुर- लखनउ- दिल्ली
- काठमाण्डौ- भैरहवा- सुनौली- अजमगढ- बनारसी
- पोखरा- भैरहवा- सुनौली- गोरखपुर- लखनउ- दिल्ली

.......................................
(गौतम कुमार गुप्ता)
मेकानिकल इन्जिनियर

<u>बोधार्थः</u>

१. माननीय मन्त्रीज्यूको सचिवालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
२. श्रीमान् सचिवज्यूः सादर अवगतार्थ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(यातायात व्यवस्था शाखा)

URL : www.mopit.gov.np
E-mail : info@ mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल।

प.सं. ७.२(यातायात)-०७३/७४
च.नं. १४१

मितिः २०७४/०१/२४

विषयः- **निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री यातायात व्यवस्था विभाग ,

काठमाडौ ।

प्रस्तुत विषयमा नेपाल र भारतका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, आर्थिक एवम् पर्यटकीय धरोहरको रुपमा रहेका शहरहरुमा यात्रीहरुको सर्वोत्तम हितलाई मध्यनजर राखी आवतजावत गर्न सहजता प्रदान गर्ने उद्देश्यले नेपाल भारतबीच २५ नोभेम्बर , २०१४ मा Cross Border बस सञ्चालन गर्न Nepal India Motor Vehicle Agreement भएको र उक्त सम्झौतालाई प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ बमोजिम "स्वच्छ प्रतिष्पर्धात्मक ढंगबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणालीअर्न्गत यातायात सेवा सञ्चाल गर्ने गरी इजाजत प्रदान गरिने छैन" भन्ने समेतको व्यवस्था रहेको छ । उक्त सम्झौता बमोजिम यातायात व्यवस्था विभागलाई Competent Authority को रुपमा तोकीएकोले उक्त सम्झौता र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को मर्म अनुरुप Cross Border यातायात सञ्चालन गर्न सक्ने योग्यत्तम प्रतिष्पर्धीहरु यातायात व्यवस्था विभागले लोकप्रिय राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना आव्हान गरी बस सञ्चालन गर्न इच्छुक व्यक्ति वा कानून बमोजिम दर्ता भएको कम्पनी वा सहकारीमा दर्ता भएका सहकारी वा यातायात व्यवसायीहरुबाट निवेदन लिई प्रति रुट दस्तुर रु.१०,०००।- (अक्षरुपी रु.दश हजार मात्र) (प्रति रुट जति सवारी भए पनि) लिई विभागले दर्ता हुन आएका निवेदनहरु माँग बमोजिम रुट सञ्चालन गर्न र सो सम्बन्धी सम्पूर्ण कारवाही निरुपण हुन देहाय बमोजिमका मापदण्ड कार्यान्वयन गर्नुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।०१।२१ निर्णयानुसार अनुरोध गरिन्छ ।

देहायका मापदण्ड / प्रकृया अपनाई Authorized Operator छनौट गर्न निर्देशन दिईएको छ ।

१. प्रतिष्पर्धामा विभिन्न नगरपालिकाहरुबाट कम्पनी दर्ता गराई सञ्चालन हुने सार्वजनिक नगरपालिकाको सार्वजनिक सवारी साधन लगायत साझा यातायात समेतलाई संलग्न गराउनु पर्नेछ ।

२. कुनै एउटै रुटमा पनि विभिन्न व्यक्ति वा Firm वा Company को यात्री सेवा यातायात सञ्चालनार्थ निवेदन दिन सक्नेछन र एउटै रुटमा ती सबैले स्वच्छ र प्रतिष्पर्धात्मक रुपमा सेवा सञ्चालन गर्न पाउनेछन । एकै रुटमा एउटाले आईतबार चलाउछ भने अर्कोले मंगलबार आदि ढंगबाट चलाउने गरी Authorized Operator छनौट गनु पर्नेछ।

३. सञ्चालन हुने सवारी साधन आरामदायी सुपर डिलक्स वा डिलक्स स्तरको हुनु पर्नेछ।

४. सवारी साधन Airconditioning- A/C (वतानुकुलित) हुनु पर्नेछ।

५. पिउने पानी, खाजा, र प्राथमिक उपचारको व्यवस्था अनिवार्यरुपमा भएको हुनु पर्नेछ।

क्रमश.......

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(यातायात व्यवस्था शाखा)

URL : www.mopit.gov.np
E-mail : info@ mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५०
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल

प.सं. ७.२(यातायात)-०७३/७४
च.नं.

६. सवारी साधनमा Fire Extinguisher को अनिवार्य व्यवस्था हुनु पर्नेछ।

७. सवारी साधनमा Metal Axe को अनिवार्य व्यवस्था हुनु पर्नेछ।

८. सवारी साधनमा अनिवार्य Emergency Window हुनु पर्नेछ।

९. Third Party सहितको Comprehensive Insurance गरेको सवारी साधन हुनु पर्नेछ।

१०. (Origin / Final Destination) सहितको Tourism Bronchure यात्रुहरुको जानकारीका लागि सवारी साधन साथ राखी सञ्चालन गर्नु पर्नेछ।

११. Passenger List सवारी साधनको साथमा राख्नु पर्नेछ र अध्यागमन एवम् भन्सारमा दिनु पर्नेछ।

१२. बीमा सहित 2 Sets Crew (दुई चालक र दुई सहचालक) को व्यवस्था गरिएको हुनु पर्नेछ र ६ घण्टा एक सेट Crew ले सञ्चालन गरी सकेपछि अर्को सेटलाई पालो दिन अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

१३. तोकिएको मापदण्ड अनुरुप सवारीका जाँचपास गर्नु पर्नेछ। यस्तो जाँचपास विभागबाट सम्पन्न गर्नु पर्नेछ।

१४. बाटो इजाजत पत्रको स्वीकृती र भाडादर विभागबाट कायम गरी मात्र बस सञ्चालन गर्नु पर्नेछ।

१५. यात्रु बीमाका प्रत्याभूती हुने गरी टिकट जारी गर्नु पर्नेछ।

१६. चालक। सहचालकका पोशाक र सेतो पञ्जाका व्यवस्था गर्नु पर्नेछ।

साथै, विगतमा त्यस विभागबाट सिधै भारतीय राजदूताबास तथा पछिल्ला समयमा पररष्ट्र मन्त्रालय पत्राचार गरी यस मन्त्रालयको गरिमा र मर्यादा उलंघन भएको हुँदा अब आइन्दा विभागले Authorized Operator छनौट गरी यस मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले परराष्ट्र मन्त्रलयमा पत्राचार गर्नेछ। कुनै संस्था वा व्यक्ति वा फर्म वा कम्पनी को एकाधिकार नरहने गरी Nepal India Motor vehicle Agreement, Agreement को Protocol (A) र Protocol (B), Agreement को Article बमोजिमका Form-A, Form-B र Form-C एवम् Annexure तथा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को मर्म अनुरुप छनौट गर्नु पर्नेछ।

(सुनीलकुमार झा)
शाखा अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौं ।

फोन: ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website: www.dotm.gov.np

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- प्रा.७०२

मिति: २०८२/०८/१५

श्री भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं।

**विषय: विधुतीय सवारीको जाँचपास सम्वन्धमा।**

तहाँ विभागको च.नं. वेरुजु /४१ मिति २०८२।०८।०५ को पत्र मार्फत विधूतीय सवारीको जाँचपासको विषयमा आवश्यक सहजिकरण गरिदिन अनुरोध भई आएको सम्वन्धमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली-२०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका-२०६०(संसोधन सहित)मा यातायात व्यवस्था विभागको काम कर्तव्य र अधिकारको वारेमा उल्लेख भएको अनुरोध गरिन्छ।

यातायात व्यवस्थापन कार्यविधि निर्देशिका-२०६०(संसोधन सहित) मा विभागवाट सम्पादन गरिने कार्यहरु अन्तर्गत बुँदा नं. ९.३ मा डिजेल/पेट्रोलवाट संचालन हुने वाहेकका फरक प्रकृतिका सवारीसाधन आयात तथा दर्ता गर्नको लागि निर्माता कम्पनिले दिएको कागजात तथा अन्य मनासिव सिफारिसको आधारमा आवश्यक जाँचवुझ तथा विश्लेष्ण गरि केहि समयकालागि वा सधैंका लागि दर्ता र स्वीकृतिका लागि सिफारिस वा निर्देशन दिन सकिने कुरा समेत उल्लिखित भएको र सोही आधारमा यातायात व्यवस्था विभागवाट विधूतीय सवारी साधन आयातकोलागि स्वीकृति प्रदान गर्ने तथा आयात भई आएका सवारीसाधनको प्रत्येक मोडलको लागि विभाग अन्तर्गतका सवारी परीक्षण कार्यालयहरुवाट सडक सक्षमता परीक्षण समेत गर्न लगाई यातायात व्यवस्था कार्यालयहरुलाई दर्ताकोलागि पठाउदै आएको कुरा जानकारी गराईन्छ।

सवारी तथा यातायात व्यवस्था ऐनको दफा ३९मा निर्माता कम्पनिले सवारीको वनौटको सम्वन्धमा निर्धारण गरेको विस्तृत विवरणमा परिवर्तन गर्नेगरि कुनै किसिमको स्वीकृति दिन नमिल्ने कुरा उल्लेख भएकोले नेपालमा पैठारी हुने कुनै उत्पादकको कुनै खास मोडलका सवारीसाधनलाई नेपालमा आयातको स्वीकृति दिनु पूर्व यस विभागवाट सम्वन्धित सवारी उत्पादकले जारी गरेको सो सवारीको प्रकार अनुमोदन (TA), उत्पादनको तदात्मयता प्रमाणपत्र (COP) तथा COP लाई पुष्टि गर्ने गरि सवारी उत्पादनको वखत गरिएको प्राविधिक परीक्षण प्रतिवेदन(Test Report) समेत पेश गर्न लगाईन्छ। सवारी उत्पादकले नेपालका लागि आफ्ना आधिकारिक विक्रेता मार्फत पेश गरेको कागजात लाई नै यस विभागले आधिकारिक कागजात मानि आयातको स्वीकृति दिदै आएको तथा पेश गरिएको कागजातमा कुनै कैफियत देखिएमा सम्वन्धित आयातकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेगरि अनुवन्ध समेत गरिएको हुन्छ।

तँहा विभागको पत्रमा उल्लिखित श्री महालेखा परीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याईएको वेरुजुको सम्वन्धमा सवारीसाधनको ईन्जिन क्षमता (CC) वा मोटर अधिकतम क्षमता (Pick power) को स्वतन्त्र मापन प्राविधिक रुपमा जटिल र खर्चिलो विषय भएकोले विधूतीय सवारीको भन्सार दरकोलागि मोटरको अधिकतम क्षमता (Pick Power) लाई आधार बनाईएको विषयमा पुनर्विचार गर्नुपर्ने देखिन्छ। दीर्घकालमा, भारतको Automotive Research Association of India (ARAI) तथा International Centre for Automotive Technology (ICAT) जस्ता स्वतन्त्र निकाय स्थापना गरेर पनि यी र यस्तै किसिमको अन्य परीक्षण गर्न सम्भव हुने देखिन्छ। हालका लागि, मोटर क्षमता घोषणा गरिएको भन्दा फरक परेको भनि औंल्याईएका सवारीको मोटरलाई आकस्मिक जाँचकालागि यस्ता निकायमा पठाउन समेत सकिन्छ। नेपालमा डिजेल/पेट्रोलवाट संचालन हुने सवारीको ईन्जिन क्षमता अथवा विधूतीय सवारीको मोटर क्षमता परीक्षण गर्ने संयन्त्र समेत नभएको कारण सवारी तथा यातायात व्यवस्था ऐन-२०४९ लागु भएयता नै उत्पादक कम्पनिले पेश गरेको कागजातलाई नै यस विभागले मुख्य आधारको रुपमा लिईदै आएको व्यहोरा समेत जानकारीको लागि आदेश अनुसार अनुरोध छ।

(ई. कृष्ण कुमार यादव)
मेकानिकल इन्जिनियर